# शिक्षक निर्देशिका: मेरो नेपाली

**(कक्षा ३)**

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी भक्तपुर

| | |
|---|---|
| प्रकाशक : | नेपाल सरकार<br>शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय<br>पाठ्यक्रम विकास केन्द्र<br>सानोठिमी, भक्तपुर |


| | |
|---|---|
| © सर्वाधिकार : | पाठ्यक्रम विकास केन्द्र |


| | |
|---|---|
| प्रकाशन वर्ष: | वि.सं. २०७७ |
| मुद्रण : | सोपान प्रेस प्रा.लि.<br>डिल्लीबजार, कालिकास्थान, काठमाडौं<br>फोनः ०१-४४४२२०६ |
| वितरकः | मकालु प्रकाशन गृह<br>डिल्लीबजार, कालिकास्थान, काठमाडौं<br>फोनः ०१-४४३५१४८ |
| मूल्यः | रु ४४५।- |

# प्राक्कथन

विद्यालय शिक्षामा आारभूत तहको प्रारम्भिक चरण घरायसी वातावरणबाट विद्यालयको वातावरणमा समायोजन भई औपचारिक शिक्षाको थालनी गर्ने तह हो । आधारभूत शिक्षा (कक्षा १–३) को उद्देश्य बालबालिकालाई आधारभूत साक्षरता, गणितीय ज्ञान तथा सिप र जीवनोपयोगी सिपहरूका साथै व्यक्तिगत स्वास्थ्य तथा सरसफाइसम्बन्धी बानीको विकास गर्ने अवसर प्रदान गर्नु हो । आधारभूत शिक्षाका माध्यमबाट बालबालिकाहरूले आधारभूत भाषिक, गणितीय तथा सञ्चार सिपको विकास र प्रयोग गर्न सक्छन् । यस तहमा विद्यार्थीमा अनुशासन, सदाचार र स्वावलम्बन जस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास गर्नु अपेक्षित हुन्छ । यस्तै विज्ञान, वातावरण, सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञानको विकास, शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी र जीवनोपयोगी सिपको विकास तथा कला तथा सौन्दर्यप्रति अभिरुचि र सिर्जनात्मकताको विकास पनि यस तहका बालबालिकाका सिकाइका अनिवार्य पक्ष हुन् । यस तहको सिकाइमा बालबालिकाहरूले आफ्नो परिवेशसँग परिचित भई विभिन्न जातजाति, भाषा, धर्म, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास गर्न सक्छन् । यस पक्षलाई दृष्टिगत गरी राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को मार्गदर्शनमा रही विकास गरिएको आधारभूत तहको एकीकृत पाठ्यक्रमका आधारमा विकसित कक्षा १ को हाम्रो सेरोफेरो विषयक्षेत्रको पाठ्य तथा कार्यपुस्तकमा समावेश भएका विषयवस्तुको सिकाइ सहजीकरण गर्न यो शिक्षक निर्देशिका विकास गरिएको छ । एकीकृत पाठ्यक्रमले विषयक्षेत्रगत आधारमा विषयवस्तुको छनोट गरेकाले पाठ्य तथा कार्यपुस्तकमा पनि विषयक्षेत्रगत आधारमै पाठहरू विकास गरिएको छ । यस निर्देशिकामा पाठ्य तथा कार्यपुस्तकमा रहेका १० ओटा विषयक्षेत्रअन्तर्गत रहेका पाठ तथा अभ्यासको सहजीकरणका सम्भावित क्रियाकलाप प्रस्तुत गरिएको छ । यसमा प्रस्तुत गरिएका सहजीकरण योजना, सिकाइ क्रियाकलापका आधार, शिक्षणका विधि तथा क्रियाकलाप र विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कनका उपाय शिक्षकका लागि नमुना रणनीति मात्र हुन् । विषय क्षेत्रअनुसारका पाठहरूको सहजीकरण गर्न शिक्षकले कक्षामा जानुपूर्व पाठ्यक्रम, पाठ्यक्रम कार्यान्वयन मार्गदर्शन र पाठ्य तथा कार्यपुस्तक अध्ययन गरेर, अरू जानकार शिक्षकसँग छलफल गरेर, शैक्षणिक सामग्री तयार गरेर र शिक्षण सिकाइ योजना तयार पारेर आफूलाई अद्यावधिक गर्नुपर्छ । शिक्षकले कक्षाकोठाको सङ्गठनलाई प्रभावकारी बनाएर बालबालिकालाई सिकाइप्रति उत्प्रेरित गरेर सिक्ने अवसर प्रदान गर्न यो निर्देशिका सहयोगी हुने अपेक्षा गरिएको छ ।

यस निर्देशिकाको लेखन कार्य सहप्राध्यापक साधुराम अर्याल, श्री ईश्वरकुमार घिमिरे, श्री हेमराज खतिवडा र श्री सुमन अधिकारी सिलवालको समूहबाट भएको हो । यसको थप परिमार्जन डा. बालचन्द्र लुइटेल, श्री मेदिनबहादुर लामिछाने, श्री माधवप्रसाद अधिकारी, श्री मन्जु कार्की, श्री प्रमिला बखती, श्री रेनुका पाण्डे भुसाल र श्री सरस्वती भट्टराईबाट भएको हो । यसको विषयवस्तु सम्पादन श्री खिलनारायण श्रेष्ठ र श्री युवराज अधिकारीबाट, भाषा सम्पादन श्री गणेशप्रसाद भट्टराई, श्री चिनाकुमारी निरौलाबाट र लेआउट डिजाइन श्री सन्तोषकुमार दाहालबाट भएको हो । उहाँहरूलगायत यस निर्देशिकाको विकास तथा परिमार्जन कार्यमा संलग्न सबैप्रति पाठ्यक्रम विकास केन्द्र धन्यवाद प्रकट गर्दछ ।

यस निर्देशिकालाई सकेसम्म कक्षा वातावरणमा प्रयोग हुने गरी व्यावहारिक बनाउने प्रयास गरिएको छ तापनि सहजीकरणका क्रममा अन्य क्रियाकलापहरू थप्न र स्थानीय तहमा सान्दर्भिक विषयवस्तु थप गरी स्थानीयकरण गर्न वा अनुकूलन गर्न पनि सकिन्छ । यसको प्रयोगलाई प्रभावकारी बनाई बालबालिकालाई गुणस्तरीय शिक्षाको अवसर सुनिश्चित गर्ने कार्यमा सम्बद्ध शिक्षक तथा सरोकारवालाबाट सक्रिय योगदानको अपेक्षा गरिएको छ । यसमा सुधार तथा परिमार्जन गर्दै अझ प्रभावकारी बनाउन पाठ्यक्रम प्रयोगकर्तालगायत सम्बद्ध सबैको रचनात्मक सुझावको अपेक्षा गरिएको छ ।

वि.सं. २०७७

पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

# विषयसूची


| क्र.सं. | विषयवस्तु | पृष्ठ |
|---|---|---|
| १. | शिक्षक निर्देशिका प्रयोग गर्दा ध्यान पुऱ्याउनुपर्ने पक्ष | १ |
| २. | भाषितक तत्त्वको परिचय | २ |
| ३. | म र मेरो परिवार | २० |
| ४. | मेरो दैनिक जीवन | ५१ |
| ५. | हाम्रो समुदाय | ८७ |
| ६. | विषयक्षेत्रः मेरो विद्यालय | १२१ |
| ७. | हाम्रो वातावरण | १५९ |
| ८. | मेरो सिर्जना | २२३ |
| ९. | रुचि र बानी | २५७ |
| १०. | हाम्रो संस्कृति | २९० |
| ११. | सञ्चार प्रविधि र बजार | ३२३ |
| १२. | हाम्रा क्रियाकलाप | ३५४ |
| १३. | हाम्रो वरपरको संसार | ३८५ |

# शिक्षक निर्देशिका प्रयोग गर्दा ध्यान पुऱ्याउनुपर्ने पक्ष

नेपाली विषयको कक्षा तीनको यो शिक्षक निर्देशिका प्रयोग गर्नुपूर्व पृष्ठभूमि खण्डमा दिइएका सबै बुँदाअध्ययन गर्नुहोस् ।

१. नेपाली विषयको कक्षा १-३ को पाठ्यक्रम तथा पाठ्यसामग्री विकास गर्दा चारओटा भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) तथा आठओटा भाषिक तत्त्व (ध्वनि सचेतीकरण, श्रव्यदृश्य बोध, लेख्यवर्ण सचेतीकरण, शब्दभण्डार, पठन प्रवाह, बोध, लेखाइ र कार्यमूलक व्याकरण) को सन्तुलित समायोजन गरिएकाले यसमा भाषिक सिप एवम् भाषिक तत्त्वगत परिचयसमेतलाई ध्यान दिँदै सिकाइ सहजीकरण गर्नुहोस्।

२. पाठ्यक्रममा समावेश गरिएका व्यवहारकुशल सिप अध्ययन गरी यस निर्देशिकामा दिइएअनुसारका विषयक्षेत्र र क्रियाकलापसँग अन्तरसन्बन्धित गरी सिकाइ सहजीकरण गर्नुहोस्।

३. कक्षाकोठाको बसाइ व्यवस्थापन, क्रमिक सिकाइ रणनीतिको उपयोग र सुधारात्मक सिकाइ सहजीकरणको अभिलेख व्यवस्थापनसहित कक्षामा सिकाइ सहजीकरण गर्नुहोस् ।

४. नेपाली विषय शिक्षणका लागि पाठ्य तथा कार्यपुस्तकमा कक्षा २/३ का लागि उपयुक्त हुने सीमित शब्दहरूमात्र प्रयोग भएका छन्, थप शब्द सिकाइका लागि पाठ्यक्रम कार्यान्वयन निर्देशिका र अन्य विषयमा मिल्दा विषयक्षेत्रका शब्दहरूसमेत अध्ययन गरी एकीकृत अवधाराणाअनुसारको सिकाइ योजना निर्माण गर्नुहोस् ।

५. नेपाली विषयको पाठ्यक्रम तथा विद्यार्थी कार्यपुस्तक बहुविषयक विषयक्षेत्रका आधारमा विकास गरिएकाले हरेक विषयक्षेत्रमा एकीकरण गर्न सकिने विषयवस्तु पहिचान गरी कक्षा शिक्षण वा शिक्षक समूहबाट सिकाइ योजना वा दैनिक पाठयोजना निर्माण गरी उपयोग गर्नुहोस्। एकीकृत अवधारणाअनुसार तयार भएका सिकाइ क्षेत्रका मिल्दा विषयक्षेत्रहरू निम्नअनुसार छन् । सिकाइ योजना तयार गर्दा अन्य विषयका सिकाइसँग जोडिएका विषयक्षेत्रसमेत हेरी सिकाइ क्रियाकलाप योजना बनाउनुपर्ने छ ।

कक्षा ३

| विषय/सिकाइक्षेत्र<br>विषयक्षेत्र | मेरो नेपाली | मेरो अङ्ग्रेजी | मेरो गणित | हाम्रो सेरोफेरो |
|---|---|---|---|---|
| म र मेरो परिवार (Me and my family) | √ | √ | | √ |
| मेरो दैनिक जीवन (My daily life) | √ | √ | √ | √ |
| हाम्रो समुदाय (Our community) | √ | | √ | √ |
| मेरो विद्यालय (My school) | √ | √ | | √ |
| हाम्रो वातावरण (Our environment) | √ | √ | | √ |
| मेरो सिर्जना (My creation) | √ | | √ | √ |
| हाम्रो संस्कृति (Our culture) | √ | √ | | √ |
| सञ्चार प्रविधि र बजार (Communication technology and market) | √ | √ | √ | √ |
| हाम्रो वरपरको संसार (Our immediate world) | √ | | | √ |
| रुचि र बानी (Hobbies and interests) | √ | √ | | |
| हाम्रा क्रियाकलाप (Our activities) | √ | | | |

# भाषिक तत्त्वको परिचय

## ध्वनि सचेतीकरण

### परिचय

उच्चारित शब्दमा प्रयोग हुने ध्वनिको सुनाइ, पहिचान र प्रस्तुतीकरणलाई ध्वनि सचेतीकरण भनिन्छ। शब्दमा रहेका ध्वनिको सुनाइ र पहिचान गर्दै ध्वनि जोड्ने, छुट्याउने, थप्ने र परिवर्तन गर्ने कार्यहरूलाई ध्वनि सचेतीकरण सम्बद्ध क्रियाकलापहरूमा समावेश गरिन्छ। यसमा एकाग्रता, ध्वनिको प्रयोगका लागि पूर्वतयारी तथा ध्वनिको संश्लेषण तथा विश्लेषण जस्ता पक्षले विशेष महत्त्व राख्छन्। प्रारम्भिक कक्षाका लागि ध्वनि सचेतीकरण सम्बद्ध क्रियाकलापहरूमा स्वर, व्यञ्जन र मात्राका आधारमा शब्दमा रहेका ध्वनिहरूको उच्चारण, जोडाइ र छुट्याइ आधारभूत पक्षहरू हुन्। त्यसैगरी यस्ता कक्षाहरूमा ध्वनि सचेतीकरणमा साधारण तथा लययुक्त ध्वनि पहिचान, एक ध्वनिका स्थानमा अर्को ध्वनि राखी ध्वनि प्रतिस्थापन, जटिल ध्वनि र अक्षरलाई छुट्याएर उच्चारण, प्रत्ययपरक ध्वनिलाई परिवर्तन गरी उच्चारण, जोडेमोडेका शब्दका ध्वनि, अक्षर र रूप छुट्याइ जस्ता विषयक्षेत्रका रूपमा समेटिन्छ। ध्वनि सचेतीकरणको उपयोग कथ्य भाषाका आधारमा गरिन्छ। यसर्थ सर्वप्रथम परिचित सन्दर्भमा प्रयुक्त प्रचलित शब्दको पहिचान, उच्चारण र गणना गरी त्यसका आधारमा शब्दमा रहेका ध्वनि सचेतीकरण सम्बद्ध क्रियाकलाप गर्नुपर्दछ । त्यसपछि क्रमशः लेख्य भाषाको उपयोग वा अभ्यास गर्नु सान्दर्भिक हुन्छ ।

## ध्वनि सचेतीकरण शिक्षणका सम्भावित क्रियाकलाप

### (क) चित्र र चित्रकथा

(अ) बालबालिकाहरूलाई चित्रपत्ती देखाई नामकरण गर्न लगाउने। चित्रपत्तीमा घर, रुख, पोखरी, खरायो, हात्ती, कुकुर, बिरालो, गाई, बाख्रा, भैँसी, भेडा जस्ता परिचित पात्र, स्थान वा सन्दर्भको उपयोग गर्नुपर्दछ।

(आ) पूर्वज्ञानका आधारमा परिचित सन्दर्भ वा चित्रको वर्णन, समस्या, प्रभाव वा चित्रमा देखाइएको समस्याभन्दा भिन्न परिवेशको अनुमान जस्ता क्रियाकलाप गराई परिचत शब्द, वाक्य र सन्दर्भ वर्णनको अभ्यास गराउनुपर्दछ। बालबालिकाहरूलाई वाक्यमा शब्दको पहिचान, गणना र उच्चारणको अभ्यास गराउने र यस क्रममा कक्षामा रहेका दोस्रो भाषी विद्यार्थीलाई समेत विशेष प्राथमिकता दिनुपर्छ।

(इ) विद्यार्थीलाई चित्रकथा देखाई पात्र, परिवेश र सन्दर्भ वर्णन गराई अनुमान सम्बद्ध क्रियाकलाप पनि गराउनु राम्रो हुन्छ।

## (ख) लयबोध

(अ) स्थानीय लोकलयमा आधारित बालगीत वा कविता सङ्कलन गरी त्यसका आधारमा निम्नानुसारका क्रियाकलाप गराउनुपर्दछ :

- शिक्षकले ताली बजाउँदै गति, यति र लय हालेर गाउने र विद्यार्थीलाई सुन्न अभिप्रेरित गर्ने
- विद्यार्थीलाई ताली बजाउन सिकाउने। ताली बजाउँदै आफूले गाउने र विद्यार्थीलाई सँगसँगै गाउन लगाउने
- विद्यार्थी र शिक्षक मिलेर गाइसकेपछि विद्यार्थीलाई मात्रै गाउन लगाउने
- गीत वा कविता हाउभाउसहित लयबद्ध रूपमा वाचन गर्दा अंश अंशको वाचन गर्दै पूर्ण गीत वा कविता वाचन गर्ने र आवश्यकताअनुसार लयबद्ध वाचन दोहोऱ्याउने
- गीत वा कवितामा भएका कठिन शब्दको परिचय गराई गीत वा कविताको सरल भाषामा आशय र सन्दर्भ पनि बताउने
- विद्यार्थीलाई गीत वा कविताका हरफमा आधारित भएर स्वतन्त्र रूपमा पटक पटक एकल वाचन गर्ने अभ्यास गराउने
- अभ्यासका क्रममा आवश्यक पर्ने विद्यार्थीलाई लयबद्ध वाचनमा सहयोग गर्ने र सिकिसकेका विद्यार्थीका लागि मिल्दाजुल्दा लयमा आधारित भई अतिरिक्त अभ्यास पनि गराउने

(आ) यस क्रियाकलापमा गराइने लयबोध शब्दगत रूपमा नभई लयबद्ध वाचनका रूपमा प्रस्तुत गर्नुपर्ने भएकाले बालगीत वा कविता छनोट गर्दा सकेसम्म अनुप्रास मिलेका परिचित शब्द प्रयोग भएका गीत वा कविता छनोटमा विशेष ध्यान दिनुपर्छ।

## (ग) शब्दका सुरुको ध्वनि पहिचान

(अ) सर्वप्रथम विद्यार्थीलाई शब्दको उच्चारण गर्न लगाई विद्यार्थीहरूलाई अनुवाचन गर्न लगाउनुपर्छ। त्यसपछि सुरुको ध्वनिलाई जोड दिँदै उच्चारण गर्ने अभ्यास गराउने, जस्तै : अब /अ/, अफ /अ/, अलि /अ/। यस्तो अभ्यासलाई पटक पटक दोहोऱ्याउने। त्यसपछि जुन ध्वनि सिकाउने हो, त्यो ध्वनि सुरुमा आउने शब्दहरूको सूची बनाई सूचीका आधारमा शब्दपत्ती निर्माण गरी ती शब्दहरू उच्चारण गर्दा सुरुमा कुन ध्वनि आयो, भनिदिने, जस्तै : अनार /अ/, अमला /अ/, असल /अ/।

(आ) बालबालिकालाई शब्दको सुरुको ध्वनि पहिचान गर्ने अभ्यासमा असजिलो महसुस गरेका छन् भने नमुना प्रदर्शन र अभ्यास सम्बद्ध क्रियाकलाप पुनः गराउने। दिइएका शब्दको सुरुको ध्वनि छुट्टिने गरी फरक देखाउने, जस्तै : अमला, बल : /अ//ब/।

## (घ) शब्दका अन्त्यमा रहेका ध्वनि पहिचान

(अ) सर्वप्रथम शब्दहरू सङ्कलग गर्ने, जस्तै : गाई, तराई, सलाई आदि। ती शब्दहरूको शब्दपत्ती वा शब्दचित्रपत्ती पनि तयार पारी प्रदर्शन गर्ने। /गा//इ/, /त//रा/ /इ/, /स//ला//इ शब्दहरूलाई उच्चारण गर्नुहोस् र विद्यार्थीहरूलाई अनुवाचन गर्न लगाउने। त्यसपछि अन्त्यमा

रहेको ध्वनिलाई जोड दिँदै उच्चारण गर्ने अभ्यास गराउने, जस्तै : गाई /इ/, तराई /इ/। त्यसपछि जुन ध्वनि सिकाउने हो, त्यो ध्वनि अन्त्यमा आउने शब्दहरूको सूची बनाई ती शब्दहरू उच्चारण गर्दा अन्त्यमा कुन ध्वनि आयो बताइदिने, जस्तै : मलाई /इ/, मिठाई /इ/।

### (ङ) ध्वनि पहिचान तथा अक्षर जोडाइ र छुट्याइ

(अ) यस क्रियाकलापमा नमुना शब्द उच्चारण गरी ध्यानपूर्वक सुन्न लगाउनुपर्दछ। यस क्रममा बालबालिकालाई शब्दको ध्वनि पहिचान गर्न शब्दसूची तयार पारी सूचीमा रहेका शब्दहरूको शब्दपत्ती वा शब्दचित्रपत्ती पनि बनाउने

(आ) विद्यार्थीहरूलाई शब्द उच्चारण गरी सुनाउने, जस्तै : आशा, आवाज, आपत् शब्दलाई एकपछि अर्को गर्दै छुट्याउने र जोड्ने क्रियाकलाप गराउने, जस्तै : /आ//सा/ = आशा, /आ/ /बाज्/ = आवाज, /आ/ /पत्/ = आपत्।

### (च) वर्ण थपी शब्द निर्माण

(अ) कतिपय शब्दमा समान वर्ण वा ध्वनि थप्दा नयाँ शब्द बन्छन्। ध्वनि सचेतीकरणका क्रममा यस्ता शब्दको पहिचान र उच्चारण गराउनुपर्छ।

: वर्णका आधारमा ध्वनि थप्ने : क वर्ण सुरुमा राखी प, फ, र, ल थप्ने (कप, कफ, कर, कल)।

: ल वर्ण अन्त्यमा राखी का, ता, पा, छा थप्ने (काल, ताल, पाल, छाल)।

शब्दमा ध्वनि थप्ने : त वर्ण सुरुमा राखी राई, राजु, ताइ, बेला थप्ने (तराई, तराजु, तताई, तबेला)

: लम ध्वनि अन्त्यमा राखी क, म थप्ने (कलम, मलम)

: रायो शब्द अन्त्यमा राखी क, ख, ज, ह, ... थप्ने (करायो, खरायो, जरायो, हरायो।

: गायो शब्द अन्त्यमा राखी ब, भ, म थप्ने (बगायो, भगायो, मगायो)

(आ) उल्लिखित शब्दहरूका आधारमा सुरु र अन्त्यमा समान ध्वनि भएका शब्दहरू पहिचान, उच्चारण र जोडा मिलाउने अभ्यासलाई पटक पटक गराउने। यस क्रममा समान र असमान ध्वनि भएका शब्दहरूलाई छ्यासमिस गरी राखेर मिल्दाजुल्दा शब्दहरूलाई समूहबद्ध गर्ने अभ्यास पनि गराउने।

## श्रव्यदृश्यबोध

### परिचय

श्रव्य र दृश्य सामग्रीका आधारका नाम र मुख्य मुख्य विषयवस्तु वर्णन गर्ने अभ्यासात्मक क्रियाकलाप श्रव्यदृश्यबोध हो। यसमा प्रचलित आकृति, रङ र सङ्केत चिह्नको प्रयोग, हाउभाउ र अभिनयसहितको मौखिक प्रस्तुति र त्यसको अनुकरण, संवेगात्मक अभिव्यक्ति (आश्चर्य, उमङ्ग, उत्सुकता, घृणा, चिन्ता,

हर्ष) र प्रतिक्रिया, अनुमान, कल्पना र समस्या पहिचानसहित मौखिक वर्णन गर्ने क्रियाकलाप यसअन्तर्गत गराइन्छ। यसमा निम्न पक्षसम्बद्ध क्रियाकलाप गराउनुपर्छ :

- दृश्य वस्तुको नाम उच्चारण गर्न
- प्रचलित आकृति, रङ र सङ्केत चिह्नको पहिचान गर्न
- दृश्य सामग्रीका आधारमा मुख्य मुख्य विषयवस्तु पहिचान गर्न
- श्रव्यदृश्य सामग्रीका आधारमा हाउभाउ र अभिनयसहित मौखिक प्रस्तुति गर्न
- अनुमान र समस्या पहिचानसहित मौखिक वर्णन गर्न
- दिइएका चित्रका आधारमा वर्णन गर्न
- श्रव्यदृश्य सामग्रीका बारेमा कुराकानी, छलफल र प्रश्नोत्तर गर्न
- दुई दृश्य अवस्थाको सम्बन्ध पहिचान गरी तुलना गर्न
- दुईओटा दृश्यहरूको समानता र भिन्नता पहिचान गर्न
- श्रव्यदृश्य सामग्रीबाट सूचना तथा जानकारी लिन र दिन
- दिइएका सामग्रीका आधारमा विषयवस्तुको बोध गरी हाउभाउसहित वर्णन गर्न
- दुई दृश्य अवस्थाको तुलना गरी मौखिक तथा लिखित वर्णन गर्न

## लेख्यवर्ण सचेतीकरण

### परिचय

वर्ण भनेको ध्वनिको सङ्केत हो। कुनै ध्वनि सुनेर त्यसलाई सङ्केत चिह्नमा उतार्न सकिन्छ वा कुनै सङ्केत चिह्न हेरेर त्यसलाई जनाउने आवाज निकाल्न सकिन्छ भने त्यो वर्ण हुन्छ। वर्ण लेख्य र औच्चार्य गरी दुई प्रकारका हुन्छन्। औच्चार्य वर्ण भनेका उच्चारण मात्र गरिने वर्ण हुन् भने लेख्यवर्ण भनेका ध्वनि प्रतीकमा उतार्न सकिने वर्ण हुन्। लेख्यवर्ण सचेतीकरण भनेको ध्वनिले प्रतिनिधित्व गर्ने वर्ण वा अक्षरको सङ्केतलाई चिनाउनु हो। यो ध्वनि र वर्णको पहिचान तथा तिनका बिचको सम्बन्धको ज्ञान हो। भाषाका ध्वनिहरू र ती ध्वनिहरूको प्रतिनिधित्व गर्ने सम्बन्धित भाषाका वर्णहरूको सम्बन्धको सिकाइ लेख्यवर्ण सचेतीकरण हो। लेख्यवर्णको सचेततापूर्ण चिनारीपछि मात्र भाषामा पढाइको वास्तविक सुरुआत हुन्छ। लेख्यवर्ण सचेतीकरणले वर्ण वा चिह्नलाई चिनेर ध्वनिमा परिणत गर्न र वर्णलाई सही तरिकाले लेख्न र वर्ण वर्णबिचको भिन्नता छुट्याउन सघाउँछ।

प्रत्येक ध्वनि र तिनले प्रतिनिधित्व गर्ने सङ्केतबिचको सम्बन्ध बुझ्नुलाई नै वर्ण अथवा मात्रा चिनारी भनिन्छ, उदाहरणका लागि /अ/ध्वनिको सङ्केत 'अ' हो भनी पहिचान गर्न सक्नु नै वर्ण चिनारी हो। तसर्थ ध्वनि र सङ्केतबिचको सम्बन्धको ज्ञान नै वर्ण चिनारीको आधार हो। ध्वनिलाई छापामा परिणत गरेर बालबालिकालाई वर्ण चिनाइन्छ। वर्ण/मात्रा चिनारीलाई सरल प्रकृतिका ध्वनिबाट क्रमशः जटिलतातिर लैजानुपर्छ। ध्वनि सचेतीकरण जस्तै वर्ण/मात्रा चिनारी पनि भाषा शिक्षणको एक प्रभावशाली तत्त्व हो। अक्षरको ध्वनि सङ्केत पहिचान गर्न, वर्ण पहिचान गर्न र क्रम मिलाएर वा नमिलाई वर्ण चिन्न वर्ण/मात्रा चिनारीको शिक्षण आवश्यक हुन्छ। वर्ण/मात्रा चिनाउँदा क्रमैसँग स्वर वर्ण, स्वर वर्णको सङ्केत, व्यञ्जन वर्ण, त्यसको सङ्केत बाह्रखरी र त्यसपछि शब्द निर्माण सिकाउँदै जानुपर्छ।

## लेख्यवर्ण सचेतीकरण शिक्षणका सम्भावित क्रियाकलाप

### (क) चित्र पहिचान र शब्द उच्चारण

(अ) कलम, खरायो, गमला, घर, ङ्याउराको चित्र र अनार, आगो, इनार, ईशा, उखुको चित्र बनाई एउटा टेबलमा कलम, खरायो, गमला, घर, ङ्याउराको चित्र र अर्को टेबलमा अनार, आगो, इनार, ईशा, उखुको चित्र राखी क, ख, ग, घ, ङ, अ, आ, इ, ई, उ लेखिएका वर्णपत्ती पनि तयार गर्ने र चित्र पहिचान गर्दै शब्द उच्चारणको अभ्यास गराउने।

### (ख) स्वर र व्यञ्जन वर्णको पहिचान र उच्चारण

(अ) यसका लागि भौतिक वस्तु जनाउने र कक्षामा देखाउन सकिने वस्तु भएमा भौतिक वस्तु नै देखाई त्यसको नाम भन्न लगाई वर्णको उच्चारण तथा चिनारी गराउने, जस्तै : कलम हातमा लिने र यो के हो भनी सोध्ने। बालबालिकाले कलम भनेपछि यसको सुरुमा के आउँछ भनी सोध्ने। बालबालिकालाई क भन्न उत्प्रेरित गर्ने। यस क्रममा सही उच्चारण सिकाउने। त्यसपछि कलम लेखिएको शब्दपत्ती देखाएर कलम भनी उच्चारण गर्दै बालबालिकालाई पनि उच्चारण गर्न लगाउने।

(आ) अब शब्दका सुरु, बिच र अन्त्यमा क भएका कमल, दमकल, चक जस्ता शब्दका शब्दपत्ती र चित्रपत्ती वा शब्दचित्रपत्ती देखाई क वर्णको प्रशस्त अभ्यास गराउने। यसरी नै अन्य वर्णको पनि अभ्यास गराउने। भौतिक वस्तु देखाउन सकिने अवस्था नभएमा चित्र वा प्रतिमूर्ति देखाएर नाम बताउँदै विद्यार्थीलाई पटक पटक भन्ने ।

### (ग) वर्णको सङ्केतन र विसङ्केतन

(अ) शिक्षकले वर्णपत्ती वा वर्णतालिका देखाई स्वर र व्यञ्जन वर्ण चिनाउँदै उच्चारण अभ्यास गराउने ।

(आ) वर्णलाई सङ्केत गर्ने काठ वा रबरका क्युब वा वर्णपत्ती देखाउँदै तिनमा लेखिएका वर्ण उच्चारण गरी चिनाउने र वर्णका थोप्ले पत्ती दिएर बालबालिकालाई क्रमशः थोप्ला जोडी अक्षर बनाउन लगाउने। यसका लागि वर्ण पहिचनअन्तर्गत पुस्तकमा दिइएका वर्ण थोप्ला जोडेर लेख्ने र स्वतन्त्र लेखनका अभ्यास गराउने।

(इ) शिक्षकले बिरालो, रुख, आँप जस्ता आकृतिका विभिन्न ठाउँमा स्वर मात्र, व्यञ्जन मात्र वा स्वर र व्यञ्जन वर्ण लेखी वर्णलाई क्रमशः जोडेर आकृति बनाउन लगाउने।

(ई) वर्णको चिनारीपछि बालबालिकाले चिनिसकेका वर्णबाट शब्द बनाई लेख्न लगाउने, जस्तै : आई, आए, कलम, कमल, एक आदि।

(उ) वर्णको चिनारीपछि शिक्षकले मात्रा तालिका प्रस्तुत गरी वर्णमा मात्रा जोडेर हिज्जेसहित उच्चारणको लेखन गर्न लगाउने। यस क्रममा वर्णपत्ती, मात्रापत्तीको उपयोग गर्दै कुनै एक वर्णको बाह्रखरीको पहिचान र उच्चारण र लेखन गराउने, जस्तै : क आकार का ।

(ऊ) मात्रापछि सबै वर्णका पछाडि बाह्रखरी मात्रा लगाएर मात्रा चिनारी गराउने, जस्तै :

क, का, कि, की, कु, कू, के, कै, को, कौ, कं, कः

ख, खा, खि, खी, खु, खू, खे, खै, खो, खौ, खं, खः

(ऋ) मात्रासहितका बाह्रखरीका थोप्ले अक्षर दिई त्यसमाथिका थोप्ला जोडेर क, का, कि, की, कु, कू, के, कै, को, कौ, कं, कः लेख्ने प्रशस्त अभ्यास गराउने। साथै बाह्रखरी देखाएर त्यसको उच्चारण गर्न पनि लगाउने।

## (घ) व्यञ्जन वर्णमा मात्रा जोडाइ

(अ) अक्षर चिनारी (व्यञ्जन वर्ण) को क्रियाकलाप गरिसकेपछि शिक्षकले व्यञ्जन वर्ण र मात्राको सङ्केत चिह्न देखाएर मूल अक्षर के हो भनेर सोध्ने, जस्तै : 'क' को अक्षरपत्ती देखाएर बालबालिकालाई 'क' उच्चारण गरेर सुनाउने।यसैगरी 'आ' को सङ्केत चिह्न ' ा ' देखाएर यसको मूल अक्षर 'आ' हो भन्दै उच्चारण गरेर सुनाउने। अन्य अक्षरपत्ती र स्वरको सङ्केत चिह्न देखाएर बालबालिकालाई उच्चारण गर्न लगाउन सक्नुहुने छ।

(आ) स्वर वर्णको सङ्केत चिह्न उदाहरणका लागि 'ा' र पढिसकेको व्यञ्जन वर्ण जोडेर मात्रापत्ती प्रयोग गरी शिक्षकले बालबालिकालाई वर्णमा मात्रा जोड्ने अभ्यास गराउने।

(इ) अक्षरसँग मात्राको सङ्केत जोडिँदाको ध्वनि उच्चारण गरेर सुनाउने। उच्चारण गर्दा शिक्षक र बालबालिकालाई सँगै उच्चारण गर्ने, बालबालिकालाई एकल वा समूहमा उच्चारण गर्न लगाउने ।

(ई) व्यञ्जन वर्ण र स्वर वर्णको मिश्रण प्रक्रिया सिकेपछि बालबालिकालाई बाह्रखरी चार्टमा अभ्यास गराउने।

## (ङ) शब्द पहिचान, उच्चारण र लेखन

(अ) शब्दपत्तीमा छमछम, थरथर, खलबल, घरघर, झटपट, दलदल जस्ता शब्द देखाई वर्ण चिनेर उच्चारण गर्न र लेख्न सक्ने बालबालिकालाई लेख्न पनि लगाउने।

(आ) यस्ता क्रियाकलाप गर्दा पहिले बालबालिकाले चिनिसकेका शब्दमा कुनै वर्ण राखेर अभ्यास गराउने, जस्तै : क वर्ण सिकाउन कलम, कप।

(इ) चिनेका शब्दमा अभ्यास गराइसकेपछि अपरिचित शब्दमा वर्ण राखेर अभ्यास गराउने।

(ई) बालबालिकालाई मात्रा नलागेका केही शब्दका सूची देखाई वर्ण भन्न लगाउने, जस्तै मकल म.क.ल.

(उ) वर्णमा मात्रा लागेका केही शब्द देखाई तिनका वर्णलाई छुट्याएर उच्चारण गर्न लगाउने र साथमा बाह्रखरी तालिकाको उपयोग गर्दै वर्ण र मात्रा पनि चिनाउने, जस्तै : कुबेला : कु. बे. ला.

(ऊ) बालबालिकाले बाह्रखरी चिनेपछि बाह्रखरीबाट केही शब्द बनाई तिनका वर्ण छुट्याउन लगाउने, जस्तै : मेरो = मे.रो, मलाई = म.ला.ई.

(ऋ) बालबालिकाले बाह्रखरी चिनेपछि बाह्रखरीबाट केही रूप दिई तिनका रूप जोड्न लगाउनुहोस्, जस्तै : /मे.रो.= मेरो, म.ला.ई.= मलाई

(ए) शिक्षकले शैक्षणिक पाटीमा छुट्टाछुट्टै बाकसहरूमा वर्ण लेख्ने र त्यसपछि जोडेर लेख्ने अभ्यास गराउने।

(ऐ) शब्दबाट अक्षरहरू टुक्र्याउन लगाउने, जस्तै : ‘सखर’ लाई ‘स+ख+र’ भन्न लगाउनुहोस् र मात्राका आधारमा शब्दहरूको समूह छुट्याउन लगाउने, जस्तै : ‘काका’ र ‘मामा’ लाई एकातिर राख्ने ‘तिल’ र ‘खिर’ लाई अर्कातिर छुट्याई तोकिएको मात्रा सुरु, मध्य वा अन्त्यमा आउने शब्द लेख्न र पढ्न लगाउने।

**(च) आधा वर्ण पहिचान**

(अ) आधा अक्षरहरूलाई चार्ट वा स्लाइडमा प्रस्तुत गर्दै समूहमा विभाजन गरी लेख्यवर्ण चिनारी, पढाइ र लेखाइको अभ्यास गराउने।

- सग्ला अक्षरबाट ठाडो धर्को झिकेर बन्ने आधा अक्षर, जस्तै : ख बाट ख्, ग बाट ग्, च बाट च्, ज बाट ज् आदि।
- सग्ला अक्षरको दाहिनेपट्टिको पखेटा काटेर बन्ने आधा अक्षर, जस्तै : क बाट क्, फ बाट फ्, ह बाट ह् आदि।
- आधा अक्षर र ‘र’ वर्ण जोडिँदा देब्रेपट्टि खुट्टा थपेर बन्ने आधा अक्षर, जस्तै : च्र, प्र, आदि।
- आधा अक्षर र ‘र’ वर्ण जोडिँदा तल कागपाती चिह्न झुन्ड्याएर र अक्षरसँग जोडिएर बन्ने आधा अक्षर, (ट वर्गका अक्षरमा) जस्तै : ट्र, ठ्र, ड्र, आदि।
- डिको माथि रेफ चिह्न दिएर र छोटो बाङ्गो रेखा प्रयोग गरी आधा ‘र’ दुई किसिमले लेखिन्छ, जस्तै : पिर्का, भर्‍याङ

(आ) सबैले प्रस्टसँग देख्ने गरी आधा वर्ण प्रयोग भएका वर्ण सङ्केतको पत्ती देखाई ध्वनि उच्चारण गरी सुनाउने। विद्यार्थी मात्रैलाई पनि उच्चारणको अभ्यास गराउने।

(इ) उक्त आधा अक्षरको सङ्केत चिह्नलाई ठुलो अक्षरमा बोर्डमा लेख्ने र बालबालिकालाई सङ्केत देखाउँदै पटक पटक ध्वनिको उच्चारण गर्ने अभ्यास गराउने।

(ई) शिक्षकले पालैपालो आधा अक्षर प्रयोग भएका वर्ण सङ्केतहरू लेखेर देखाई विद्यार्थीलाई पनि लेख्न लगाउने अभ्यास गराउने। यसका लागि पुस्तकमा दिइएका आधा अक्षरका वर्णका पाठहरूको उपयोग गर्ने ।

(उ) चार्ट वा स्लाइडमा प्रस्तुत गरी जोडेमोडेका वर्णहरूको लेखाइका प्रशस्त अभ्यास गराउने ।

## शब्दभण्डार

### परिचय

शब्द अक्षरहरूको सार्थक समूह हो। भाषा सिक्ने क्रममा प्रयोग भएका शब्दको अर्थ जान्नुपर्दछ। शब्द र अर्थ मिलेर नै शब्दार्थ बनेको हुन्छ। भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिप विकासका लागि शब्दार्थ प्रयोग हुन्छ। भाषालाई बोध र अभिव्यक्तिका दृष्टिले अर्थपूर्ण बनाउन शब्दभण्डार आवश्यक पर्दछ। बोधअन्तर्गत सुनाइ र पढाइ तथा अभिव्यक्तिमा बोलाइ र लेखाइ पर्दछन्। तिनै बोध र अभिव्यक्तिलाई आशयपूर्ण बनाई सोहीअनुरूप शब्दको प्रयोग गर्न शब्दभण्डार शिक्षण गर्न आवश्यक रहेको छ। प्रयोग भएका शब्दको सही अर्थ लगाई त्यसको प्रसङ्गपूर्ण प्रयोग गर्नुपर्ने हुन्छ। कुनै पनि शब्द एउटा सन्दर्भमा एउटा अर्थमा मात्र

प्रयोग हुँदैन। सन्दर्भअनुसार शब्दहरूको प्रयोग हुन्छ। शब्दको सन्दर्भलाई ध्यान दिएर त्यसको सही प्रयोग गराउन शब्दभण्डार शिक्षण गर्नु आवश्यक ठानिन्छ।

शब्दभण्डार वृद्धिका लागि प्रारम्भिक तहमा शब्दभण्डार शिक्षण गर्नु आवश्यक रहेको छ। शब्दभण्डारमा शब्दको उच्चारण, अर्थ र प्रयोगलाई ध्यान दिन्छ। शब्दभण्डारले बालबालिकाहरूलाई आफ्ना विचारहरू स्पष्ट ढङ्गले राख्न सहयोग गरेको हुन्छ। कक्षा १ मा आफ्नो परिवेशका १००० शब्दसम्मको शब्दभण्डार वृद्धि गरी चारपाँच शब्दका वाक्य बोल्न र लेख्न सक्ने अपेक्षा गरिएको छ। यो कक्षा १ मा सबै विषय पढिसकेपछिको अपेक्षा हो। नेपाली विषयमा मात्र यी शब्दको शब्दसीमा खोजी गर्न आवश्यक छैन तर बढी शब्द तथा वाक्य प्रयोग गर्ने पक्षमा भने ध्यान दिनु जरुरी छ।

## शब्दभण्डार शिक्षणका सम्भावित क्रियाकलाप

### (क) वस्तु वा चित्रको नाम उच्चारण र अर्थ पहिचान

(अ) कक्षा १ का विद्यार्थीहरूलाई सुरुका चरणहरूमा चित्रका माध्यमबाट शब्दको अर्थ र अभिप्राय स्पष्ट गर्नु उपयोगी हुन्छ। कतिपय सन्दर्भमा विद्यार्थीका परिचित परिवेशमा आधारित शब्दहरूलाई बुझाउन अर्थलगायत अन्य विधिबाट कठिन हुँदा चित्र वा वस्तुको प्रतिमूर्ति प्रदर्शन गरेर अर्थ बुझाउन पनि सकिन्छ। कुनै पनि वस्तुको धारणा निर्माण गर्न चित्र अत्यन्तै उपयोगी हुने हुँदा ठोस वस्तुका चित्र देखाएर तिनका नाम भन्न लगाउने, जस्तै : हात्ती, आँप, डुङ्गा, गाई ।

(आ) विभिन्न प्रकारका चित्र दिएर ती चित्रसँग शब्दको जोडा मिलाउने र उच्चारण गर्ने अभ्यास गराउने। यसरी चित्रसँग जोडा मिलाउँदा अमूर्तभन्दा मूर्त शब्दहरूमा आधारित भएर अभ्यास गराउने, जस्तै : सुन्तला, आप, केरा, घर, रुख आदि।

(इ) पाठ्यसामग्री, अभ्याससामग्री (पत्रपत्रिकालगायत) मा भएका तस्बिर, कक्षाकोठामा भएका विभिन्न वस्तुहरू देखाएर शब्द (नाम) भन्न लगाउने र तिनको अर्थ पनि बताउन लगाउने।

### (ख) शब्दहरूको उच्चारण, अर्थ पहिचान र प्रयोग

(अ) पाठमा प्रयोग भएका शब्द र तिनको अर्थ लेखिएको चार्ट वा शब्दार्थपत्ती देखाएर शब्द र अर्थबारे छलफल गराउने र स्तरअनुकूल वाक्यमा प्रयोगको अभ्याससमेत गराउने। यसरी शब्दार्थ शिक्षण गर्दा विद्यार्थीको परिचित परिवेशलाई आधार बनाएर शिक्षण गर्ने।

विद्यार्थीका परिचित परिवेशमा आधारित शब्दहरूलाई बुझाउन अर्थलगायत अन्य विधिबाट कठिन हुँदा चित्र

वा वस्तुको प्रतिमूर्ति प्रदर्शन गरेर अर्थ बुझाउन पनि सकिन्छ। कुनै पनि वस्तुको धारणा निर्माण गर्न चित्र अत्यन्तै उपयोगी हुने हुँदा ठोस वस्तुका चित्र देखाएर तिनका नाम भन्न लगाउने, जस्तै : हात्ती, आँप, डुङ्गा, गाई शब्द सिकाउनका लागि वस्तुका चित्रहरू उपयोग गर्नुपर्छ । यसै सन्दर्भमा शब्दभण्डारको शिक्षणमा निम्नलिखित पक्षमा जोड दिनुपर्दछ :

- वस्तु वा चित्रको नाम, सम्मानबोधक शब्दको उच्चारण, अर्थबोध र प्रयोग
- दैनिक प्रयोगमा आउने शब्द, लब्ध शब्द, शीर्ष शब्द तथा विसङ्केतक शब्दको उच्चारण, अर्थबोध र प्रयोग

- पाठमा प्रयोग भएका नयाँ शब्द पहिचान र उच्चारण गर्न
- पाठका अनुच्छेदका आधारमा नयाँ शब्द पहिचान, अर्थबोध र प्रयोग गर्न
- पूर्वज्ञानमा आधारित भई धारणा र शब्दलाई सिकाइसँग मिले नमिलेको दाँज्न
- सम्मानबोधक शब्दको उच्चारण, अर्थबोध र प्रयोग गर्न

## पठन प्रवाह

### परिचय

लिपिबद्ध सामग्रीहरूबाट अर्थ ग्रहण गर्नु अथवा लिपि चिह्नद्वारा व्यक्त भएका कुरालाई सिकारुले आफ्ना अनुभव र ज्ञानका आधारमा ग्रहण गर्नु नै पढाइ हो। पढाइ भनेको आँखाको संलग्नता तथा चालले कुनै दृश्य तथा लिपिबद्ध गरिएका वर्ण, अक्षर, शब्द एवम् पदावली, वाक्य तथा अनुच्छेद आदिलाई उच्चारणद्वारा अभिव्यक्त गरिने भाषिक सिप हो। लिखित भाषामा व्यक्त भएका विचारलाई ग्रहण गर्नु पढाइ सिपको मुख्य कार्य हो। बालबालिकाले लेख्य भाषा पढ्न जान्नु भनेको ज्ञानको अर्को ढोका खोल्नु हो। त्यसैले पढाइ बालकको आत्मविश्वास बढाउने, शारीरिक विकासमा बल पुऱ्याउने, मनोरञ्जन प्रदान गर्ने र मुख्य रूपमा उच्चारणमा सुधार ल्याउने प्रमुख आधार हो। पढाइ बोलाइ सिपको आधार हो। मौखिक अभिव्यक्तिका क्रममा उच्चारण दोष निराकरण गरी बालबालिकाहरूलाई शुद्ध पढ्ने बानी बसाल्न यसको आवश्यकता पर्दछ।

उपयुक्त गति र शुद्धताका साथ पढ्ने क्षमता पठन प्रवाह हो। पठन प्रवाहका आधारभूत पक्ष शुद्धता, गति र हाउभाउ हुन्। बालबालिकाहरूले उपयुक्त गतिमा शुद्धसँग हाउभाउ मिलाई पठन सिपको विकास गर्न सकेमात्र बोध क्षमता राम्रो हुन्छ। त्यसैले पठन प्रवाहको प्रत्यक्ष सम्बन्ध बोधसँग हुन्छ। पठन प्रवाहमा क्रमशः वर्ण त्यसपछि शब्द, वाक्य र अनुच्छेद पढ्न सक्ने सिप र बानीको विकास गरिन्छ। लिपिबद्ध भाषालाई आँखा र मस्तिष्कको उपयोग गरी शुद्ध उच्चारण र उपयुक्त गतिका साथ पढ्ने कार्य नै पठन प्रवाह हो। विभिन्न विषयको जानकारी, सूचनामूलक सन्देश र मनोरञ्जनका लागि पठन सिप महत्त्वपूर्ण मानिन्छ। पठन प्रवाह शिक्षणका लागि मेरो नेपाली विद्यार्थी कार्यपुस्तकका पाठ र क्षेत्र तथा क्रमअनुसार सुहाउँदो सन्दर्भ सामग्रीलाई आवश्यकतानुसार उपयोग गर्न सकिन्छ।

## सिकाइ सहजीकरण क्रियाकलाप

### (क) शब्द पठन

(अ) निम्नानुसारका सग्ला वर्णबाट निर्मित सार्थक र निरर्थक शब्द जोडीहरू शब्दपत्तीमा देखाएर गोजीतालिकामा प्रदर्शन गर्दै पटक पटक पठन अभ्यास गराउने, जस्तै :

सार्थक शब्द जोडी - घर/डर, दर/धर, कल/बल, मठ/मथ, भर/मर

निरर्थक शब्द जोडी - ठग/थग, धन/ढन, थप/ठप, गज/घज, बस/मस, ढल/धल

(आ) निम्नानुसार दुईभन्दा बढी सग्ला वर्णबाट बनेका शब्दहरू शब्दपत्तीमा लेखेर गोजीतालिकामा राखेर प्रदर्शन गर्दै पठन प्रवाह बढाउन अभ्यास गराउने, जस्तैः कलम, मकल, कलश, कमल, बगर, नगर, सहर, रहर, कटहर, नहर, लहर, बहर ।

### (ख) मात्रा लागेका शब्दहरूको पठन

(अ) बालबालिकाहरूलाई सग्ला अक्षरबाट बनेका शब्दहरूको पठन गराइसकेपछि मात्रा लागेका शब्द दिएर पठन प्रवाह बढाउने अभ्यास गराउने। यसका लागि मात्रा र त्यसका चिह्नका बारेमा उनीहरूलाई परिचित गराउने, जस्तै : आ ( ा ) ( का ), इ ( ि ) (कि), ई (ी) (की ), उ ( ु ) ( कु ), ऊ ( ू ) ( कू ), ऋ ( ृ ) ( कृ ), ए ( े ) ( के ), ऐ ( ै ) ( कै ), ओ ( ो ) ( को ), औ ( ौ ) ( कौ ), अं ( ं ) ( कं ), अः ( : ) ( कः )।

### (ग) शिरबिन्दु र चन्द्रबिन्दु लागेका शब्दहरूको पठन

(अ) तत्सम शब्दका य, र, ल, व, श, स र ह वर्णहरूभन्दा अगाडि नासिक्य ध्वनि ङ, ञ, ण, न, म पञ्चम वर्ण उच्चारण हुने हुँदा शब्दमा शिरबिन्दु ( ं ) प्रयोग गर्नुपर्छ। त्यसै गरी अनुनासिक वा नाके ध्वनि उच्चारण गर्दा स्वर वर्णमा चन्द्रबिन्दु ( ँ ) प्रयोग गर्नुपर्छ। बालबालिकाहरूले यस्ता ध्वनिहरूको उच्चारणमा गल्ती गर्ने भएकाले शिक्षकले शिरबिन्दु र चन्द्रबिन्दु लागेर बनेका शब्दचित्रपत्ती वा शब्दपत्तीहरू तथा चार्टहरू प्रदर्शन गरेर पठन अभ्यास गराउने।

(आ) शिक्षकले निम्नानुसार शिरबिन्दु र चन्द्रबिन्दु लागेर बनेका शब्दहरू शब्दपत्तीमा देखाएर प्रदर्शन गर्दै 'म गर्छु, हामी गर्छौं र तिमी गर' का क्रियाकलापबाट पठन अभ्यास गराउने, जस्तै :

शब्दहरू : संसार, वंश, हंस, अंश, आँखा, आँप, दाँत, घाँटी, बाँस, टाँक, घाँस, साँझ, घुँडा, बाँदर, सिँढी, अँगार, औँला, अँजुली, आंशिक, आँगन, गाउँ, ठाउँ, कंस, खँदिलो, गउँत, छाँगो, बँदेल, बाँकी, बाँझो, साँचो, साँघुरो, साँढे, साँध, संवाद, संज्ञान, औँठी, उँट, ऐँठन, इँटा, इँजार, सारांश, संरक्षण।

(इ) शिरबिन्दु र चन्द्रबिन्दु लागेका शब्द प्रयोग गरी बनेका वाक्यपत्ती प्रदर्शन गर्ने र त्यसबाट पठनसम्बद्ध क्रियाकलाप गराउने।

### (घ) आधा अक्षर तथा जोडेमोडेका र अजन्त तथा हलन्त भएका शब्दहरूको पठन

(अ) बालबालिकाहरूलाई आधा अक्षर भएका र जोडेमोडेका शब्दहरूको उच्चारणमा कठिनाइ पर्ने हुँदा शिक्षकले त्यस्ता वर्ण तथा शब्दहरूको पर्याप्त पठन अभ्यास गराउनुपर्छ। यस क्रममा त्यस्ता वर्णहरू शब्दको सुरु, बिच र अन्त्यमा प्रयोग भएका मिश्रित प्रकृतिका हुनुपर्दछ। यसमा जोडेमोडेका शब्दहरू पनि राख्नुपर्छ।

(आ) शिक्षकले निम्नानुसार आधा अक्षरबाट बनेका वा खुट्टो तानेर बनेका संयुक्त वर्णहरूबाट निर्मित शब्दपत्तीहरू दिएर पठन अभ्यास गराउने, जस्तै : क्य, ख्य, क्या, ख्या, न्या, च्या, छ्या, ङ्या, ढ्या, ह्वा, ट्वाँ, ड्वाँ, ज्या, ञ्या, स्यो, ट्रा, प्रा, त्रा,। यस्ता अभ्यासहरू व्यक्तिगत रूपमा गराउनु उपयुक्त हुन्छ।

(इ) निम्नानुसार आधा अक्षर (अगाडि, बिचमा) जोडिएर बनेका मिश्रित प्रकृतिका शब्दहरू शब्दपत्ती देखाएर पटक पटक पठन अभ्यास गराउने, जस्तै : अगुल्टो, झन्डा, भकुन्डो, शङ्ख, वसुन्धरा, चस्मा, ईश्वर, चप्पल, घ्याम्पो, झ्याल, फ्याउरो, नमस्ते, पुच्छर, बकुल्लो, डल्लो, अभ्यास, फिस्टो, खन्नुहुन्छ, सम्झना, म्याउँम्याउँ, सुपुक्क, कुटुक्क।

(ई) शिक्षकले निम्नानुसार अजन्त र हलन्त भएर बनेका शब्दहरू शब्दपत्तीमा देखाएर पठन अभ्यास गराउने, जस्तै : गइन्/गइन, पढ/पढ्, बसिन्/बसिन, आउन/आऊन्, गराउन/गराऊन्, आइन्/आइन, भन्/भन, बस्/बस, गरिन/गरिन्, लेख/लेख्, हिँडिन/हिँडिन्।

### (ङ) छोटा छोटा वाक्य तथा अनुच्छेद तहको पठन

(अ) दुई वा तीन पदीय वाक्यहरू निर्माण गरी सस्वर पठन गरेर सुनाउने। त्यसपछि पुनः शिक्षकले पढ्ने र सँगसँगै विद्यार्थीलाई पढ्न लगाउने। विद्यार्थीलाई मात्र पढ्न लगाउने र शिक्षकले सुन्ने। शुद्धसँग सहज ढङ्गले पठन गरे नगरेको शिक्षकले अवलोकन गरी आवश्यक सहयोग गर्ने, जस्तैः रुगा लाग्यो। हात धोऊ। सफा होऊ। लुगा लगाऊ। डाक्टरकहाँ जाऊ। औषधी खाऊ। आराम गर। चिसामा नबस।

(आ) संयुक्त वर्णहरू प्रयोग भएका वाक्यहरू दिई अभ्यास गराउने। विद्यार्थीले सहज गतिमा पढे नपढेको अवलोकन गरी आवश्यक सहयोग गर्ने, जस्तै :

डोल्मा आइन्। चुट्किला सुनाइन्। सबै जना गलल्ल हाँसे। लाक्पा क्रिकेट खेल्छन्। मण्डल भकुन्डो खेल्छन्। अख्तर मोहम्मद कबड्डी खेल्छन्। कृष्ण कुस्ती खेल्छन्। जोन हिल्टन बक्सिङ खेल्छन्। अर्विन मण्डल सर्कस देखाउँछन्। निहारिकाले पौडी खेलमा पदक जितिन्। सिरुमाया राईले बास्केटबल खेलिन्।

(इ) शिक्षकले बालबालिकाहरूलाई अल्पविराम, पूर्णविराम, प्रश्नसूचक, उद्गार जस्ता चिह्नहरू शैक्षणिक पाटीमा लेखेर तिनीहरूको नाम बताइदिने। त्यसपछि हरेक चिह्न प्रयोग भएका वाक्यपत्तीहरू फलाटिन पाटीमा टाँसी कक्षामा प्रस्तुत गर्दै ती चिह्नहरूको आशयअनुरूप आफूले गति, यति मिलाई वाचन गरेर सुनाउने। अनुकरण वाचनपछि बालबालिकालाई विभिन्न चिह्न प्रयोग भएका वाक्य तथा अनुच्छेद पालैपालो सस्वर पढेर सुनाउन लगाउने। त्यसपछि शिक्षकले विराम चिह्नहरू शैक्षणिक पाटीमा लेखेर बालबालिकालाई नै छोटा वाक्य निर्माण गराई पढ्न लगाउने, जस्तै : उर्गेन, हलिमा र आस्था साथीहरू हुन्। तिमीलाई सन्चै छ ?

ओहो ! कत्रो ठुलो हात्ती आयो।

## पठनबोध

### परिचय

बोध भनेको बुझाइ हो। पठनबोध र श्रुतिबोध गरी बोध दुई प्रकारका हुन्छन्। कुनै पनि कथा, कवितालगायत विषय एवम् सन्दर्भका कुराहरू सुनी त्यसका आधारमा बोध गर्नु श्रुतिबोध हो। कुनै पनि लिपिबद्ध सामग्रीलाई हेरेर र पढेर बोध गर्नु पठनबोध हो। यसर्थ सुनेर वा पढेर बुझ्ने क्षमता वा सिप अर्थात् जान्ने वा बुझ्ने काम वा ज्ञान वा जानकारी बोध हो। मौखिक वा लिपिबद्ध भाषामा व्यक्त भएको विचार वा ज्ञानको मौखिक रूपमा व्यवस्थापन गर्नु अर्थात् घटना, परिवेशसँग जोडेर प्रतिक्रिया गर्न सक्नु नै बोध हो। यसर्थ सुनेका, पढेका र लेखेका विषयवस्तुलाई व्यवहारसँग वा पूर्व अनुभवसँग जोडेर प्रयोग गर्न सक्नु नै बोध हो। कक्षामा जति पनि सिकाइ सहजीकरण सम्बद्ध क्रियाकलाप गरिन्छन्। त्यसबाट नै विद्यार्थीको ज्ञान र सिप विकास हुने हुनाले शिक्षण क्रियाकलापमा बोधको महत्त्वपूर्ण स्थान रहेको हुन्छ। विद्यार्थीलाई विषयवस्तुको बोध भएमा सम्भाव्यता अनुमान गर्न सक्ने छन्। घटना वर्णन र चरित्र चित्रण गर्न सक्ने छन्। तथ्यमा आधारित भएर क्रिया एवम् प्रतिक्रिया गर्न सक्ने क्षमताको विकास हुन्छ। विषयवस्तुप्रति आफ्नो धारणा निर्माण गर्न सक्दछन्। विषयवस्तुको अर्थबोध र भावबोधबिच सम्बन्ध कायम हुने छ। त्यसकारण जुन विषयवस्तुको शिक्षण क्रियाकलाप गर्दा पनि विद्यार्थीको बुझाइलाई केन्द्र मानिन्छ। श्रुतिबोध होस् वा

पठनबोध होस् दुवैमा सामग्रीको हेराइ, सुनाइ र पढाइपछि अर्थ, अनुमान, विस्तार, छलफल, प्रश्नोत्तर, सार निर्माण, चरित्र चित्रण र ढाँचा पहिचान गर्नेलगायत क्रियाकलापहरूलाई मुख्य आधार मानी शिक्षण सिकाइ गतिविधि सञ्चालन गर्नुपर्छ।

## बोधसँग सम्बन्धित सिकाइ सहजीकरण क्रियाकलापहरू

### (क) चित्रात्मक प्रस्तुतिको सिलसिलासहितको वर्णन

(अ) विद्यार्थीको पूर्वज्ञानसँग सम्बन्धित, जस्तै : कलम, खरायो, गमला, घरका चित्रहरू प्रस्तुत गर्ने। ठोस कलम देखाउँदै पालैसँग समाउन दिई प्रश्न गर्ने।

(आ) विद्यार्थीलाई कुनै चित्र कथाका चित्रहरू देखाएर त्यसका बारेमा कुराकानी र छलफल गर्न लगाउने। शिक्षकले चित्रकथाबारे आफूले गरेको कुराकानी र छलफलमा विद्यार्थीहरू सक्रिय भए नभएको, ध्यान केन्द्रित गरे नगरेको, पालो पर्खेर कुराकानी गरे नगरेको, अरूका विचारको सम्मान गरे नगरेको अवलोकन गर्ने। विद्यार्थी अलमलिएको अवस्थामा सिकाइका लागि सहयोग गर्ने।

### (ख) पूर्वज्ञानका आधारमा अनुमान

(अ) कक्षामा सबै विद्यार्थीलाई पालैपालो आफूले देखेका कुरामा प्रश्न सोध्ने। सम्भव भए सबै विद्यार्थीलाई छुट्टाछुट्टै चित्र देखाएर प्रश्नोत्तर गराउने। यसो गर्दा विद्यार्थीलाई धेरैभन्दा धेरै विषयवस्तुको अनुमान गर्ने मौका र जानकारी लिने अवसर मिल्ने छ।

(आ) कलम शब्द उच्चारण गर्दा क पहिला आउँछ। यसरी क वर्णबाट सुरु हने अरू शब्दका बारेमा प्रश्न गर्दै छलफल गराउने, जस्तै : - क बाट सुरु गरेर अरू के के शब्दहरू बन्छन् ?

- क बाट सुरु हुने शब्द अनुमान गर्न सहयोग पुऱ्याउने, जस्तै : कमल, कपाल, कलश, करुवा, कटर, कसार।

(इ) कुनै वस्तु, सन्दर्भ, पुस्तक आदिका चित्र देखाएर पूर्व ज्ञानका आधारमा गरिने अनुमान, नयाँ अनुमान गर्न मिल्ने खालका प्रश्नोत्तर र छलफल गराउने।

(उ) विद्यार्थीहरूलाई ससाना समूहमा विभाजन गर्ने। पाठ सुरु गर्नुपूर्व शीर्षक, चित्र र पूर्वज्ञान, पदावली तालिका, वाक्यपत्ती आदिका आधारमा पहिले पढिसकेका कथा कविताका बारेमा छलफल तथा कुराकानी गराउने।

### (ग) भाषिका र शिष्टाचारका शब्दको प्रयोग

(अ) शिक्षकले विद्यार्थीहरूलाई बुबा, आमा, दाइ, दिदी, भिनाजु, काका, काकी, भाइ एवम् बहिनीको भूमिका छुट्याइदिने र शिष्टाचार शब्द प्रयोग गर्ने तरिका सिकाउने। शिक्षकले एउटा भूमिका निर्वाह गरी सरल संवाद गरी विद्यार्थीलाई सुनाउने।

(आ) विद्यार्थीका बिचमा आफ्नो भूमिकाअनुसार अभिनयसहित शिष्टाचार शब्दको प्रयोग गराई सरल संवाद गराउने।

### (घ) पूर्वज्ञानमा आधारित छलफल एवम् प्रश्नोत्तर

(अ) बोध सम्बद्ध क्रियाकलाप गराउँदा कथा, कविता तथा निर्धारित पाठका अतिरिक्त साइनबोर्ड, सूचनाहरू आदि उपयोग गर्न सकिन्छ। पाठको विषयवस्तुलाई श्रव्यदृश्यमा उतारेर देखाउन पनि सकिन्छ। साथै विद्यार्थीको पूर्वज्ञान र उनीहरूको परिवेशबाट प्राप्त सूचनाका आधारमा सन्दर्भमा आधारित भएर सुरुमा प्रश्नको मौखिक र दोस्रो चरणमा लिखित उत्तर दिन लगाउने।

(आ) पाठबाट प्रश्नोत्तर गराउँदा सर्वप्रथम विद्यार्थीहरूलाई छोटा छोटा प्रश्न सोधी मौखिक उत्तर दिन लगाउने। पाठ पढेर सुनाएर अथवा विद्यार्थीलाई पाठ पढ्न लगाएर शिक्षकले त्यसमा आधारित प्रश्न शैक्षणिक पाटीमा लेख्ने। ती प्रश्नको उत्तर के होला भनी विद्यार्थीबिच छलफल गराउने। प्राप्त उत्तर शैक्षणिक पाटीमा लेखी विद्यार्थीहरूलाई पढ्न लगाउने। पठनबोधका लागि निम्नलिखित पक्षमा ध्यान दिने :

- शीर्षक तथा चित्रबारे पूर्वानुमान वा अनुमान गर्न
- पाठगत सन्दर्भ र परिवेशका आधारमा छलफल र प्रश्नोत्तर गर्न
- पाठको सामान्य साङ्गठनिक ढाँचा (प्रारम्भ, मध्य र अन्त्य) को बोध गर्न
- परिवेश, पात्र र सन्दर्भ पहिचान तथा तुलना गर्न
- पाठ पढी घटनाक्रम र सार भन्न तथा लेख्न

## लेखाइ

### परिचय

व्यक्तिका विचारलाई लिपिबद्ध गर्ने महत्त्वपूर्ण भाषिक सिप लेखाइ हो। वर्ण र मात्राको प्रयोग गरी लेखिने अर्थपूर्ण लिपिबद्ध अभिव्यक्ति नै लेखाइ हो। लेखाइका क्रममा आधार लेखन, वर्ण, मात्रा, अक्षर वा शब्दको प्रयोगलाई ध्यान दिनुपर्दछ। लेखाइमा हिज्जे, हस्त लेखन तथा रचना गरी तीनओटा पक्ष रहेका छन्। वर्णको व्यवस्थित रखाइलाई हिज्जे भनिन्छ। यसैलाई वर्णविन्यास पनि भनिन्छ। लेखनपूर्व गरिने अभ्यास विभिन्न आकृतिसहितका धर्काहरूको निर्माणबाट सुरु गरिन्छ। त्यसपछि वर्ण, मात्रा, शब्द, वाक्य र अनुच्छेदलगायतका लेखन सम्बद्ध पक्षको अभ्यास गरिन्छ।

पूर्वलेखाइ र लेखाइ गरी लेखाइका दुई अवस्था हुन्छन्। पूर्व लेखाइमा ढाँचाको अनुकरण तथा निर्देशित रेखाङ्कन गरी दुई पक्ष अभ्यासमा छन्। यसमा पनि बिन्दुमा आधारित रेखाङ्कन र सरल रेखामा आधारित रेखाङ्कन गरी दुई प्रकारका अभ्यास प्रचलनमा छन्। ढाँचाको अनुकरणमा मात्रा लेखन, लेख्य ढाँचाअनुसार अर्धाक्षरी, वृत्ताकार, अर्ध वृत्ताकारलगायतका पक्ष पर्दछन्। निर्देशित रेखाङ्कनमा त्रिभुज चतुर्भुजलगायतका आकृति निर्माणलाई जोड दिइन्छ। लेख्य ढाँचाको पूर्ण प्रस्तुति लेखाइ हो लेखाइको महत्त्वपूर्ण पक्ष हिज्जे पनि हो। हिज्जे शब्द निर्माणका लागि मात्राबिना वा मात्रासहितका वर्ण वा वर्णहरूको परम्परागत व्यवस्थापन गर्ने विधि हो। नेपाली भाषाको लेखाइ सचेतीकरणमा बायाँबाट दायाँतिर र माथिबाट तलतिरको अभ्यासलाई विशेष ध्यान दिइन्छ। यसमा मात्रारहित र मात्रासहितका वर्ण, शब्द शब्द, वाक्य वाक्य र अनुच्छेद अनुच्छेद छुट्याएर लेख्ने परम्परा छ।

हस्त लेखनमा अनुलेखन, श्रुतिलेखन, अभिलेखन, आलेखन, पुनर्लेखन जस्ता क्रियाकलाप गरिन्छ। आलेखन भन्नाले चित्रका पङ्क्ति कोर्ने कामलाई बुझाउँछ। आलेखन चित्र लेख्ने काम भएकाले तल्ला कक्षाहरूमा चित्रका माध्यमबाट भाषा सिकाउन महत्त्वपूर्ण पक्ष मानिन्छ। रचनामा निर्देशित लेखन, स्वतन्त्र एवम् सिर्जनात्मक लेखनलाई लिइन्छ। अतः शिक्षकले लेखाइका क्रियाकलाप गराउने क्रममा विद्यार्थीको तह, रूचि, स्तर, सन्दर्भ र परिस्थितिअनुसार हिज्जे, हस्त लेखन र रचनाको उपयोग गर्नु सान्दर्भिक हुन्छ। लेखाइ क्षेत्रका उल्लिखित विषयवस्तुलाई आधारका रूपमा लिइएको छ। उक्त आधारबमोजिम शिक्षकले शिक्षण कार्य गर्नुपर्ने छ।

## लेखाइ शिक्षणको सम्भावित क्रियाकलाप

### (क) विभिन्न ढाँचा र आकृतिको लेखन

(अ) विद्यार्थीहरूलाई अक्षर लेखन सिकाउनुपूर्व सिसाकलम समात्ने तरिका सिकाउने।

(आ) आवश्यक परेको खण्डमा विद्यार्थीहरूको अनुमतिमा हात समाई सिसाकलम समात्न सिकाउने। सिसाकलम समात्न जानेपछि कापी वा कार्यपुस्तकमा कोरेका विभिन्न धर्का तथा आकृतिहरू विद्यार्थीलाई देखाई त्यसैमा कोर्ने अभ्यास गर्न सिकाउने ।

(इ) आफूसँगसँगै विद्यार्थीहरूलाई विभिन्न प्रकारका धर्का र आकृतिहरू, जस्तै : ठाडो धर्का, तेर्सो धर्का तान्ने, अर्ध वृत्ताकार घेरा बनाउने खालका अभ्यास गराउने।

(ई) विद्यार्थीले कापी वा कार्यपुस्तकमा विभिन्न धर्का र आकृति कोर्ने अभ्यास गर्ने छन्। विद्यार्थीले कोरेका धर्का र आकृति सही नभएमा उनीहरूलाई धर्का र आकृति लेखनमा उत्प्रेरित गर्दै वैयक्तिक भिन्नताका आधारमा उपचारात्मक किसिमले थप अभ्यास गराउने।

(उ) विद्यार्थीले पाठ्यपुस्तक र अभ्यास पुस्तिकामा प्रयोग भएका विभिन्न धर्का र आकृतिहरू कोर्ने अभ्यास गर्ने छन्। विद्यार्थीले गरेका अभ्यासका आधारमा प्रश्नोत्तर विधिको प्रयोग गरी विद्यार्थीको स्वमूल्याङ्कनबाट धर्का र आकृति कोर्न जाने नजानेको परीक्षण गरी बारम्बार अभ्यासका लागि उत्प्रेरित गर्ने।

### (ख) हस्त लेखन

(अ) शिक्षकले पाठ्यवस्तुको वितरण तालिकाअनुसार मिल्दो स्वर वर्ण र व्यञ्जन वर्ण प्रयोग भएका वर्णपत्तीको प्रयोग गरी वर्ण चिनारी गराई वर्णको लेखन अभ्यास गराउने।

(आ) वर्ण लेखाइको अभ्यास गराउँदा आधार अक्षरबाट अन्य अक्षर लेख्न सहज हुने हुँदा आधार वर्णहरूको लेखनमा बालबालिकालाई अभ्यास गराउन सकिन्छ।

(इ) आधार अक्षरका सहायताबाट वर्ण चिनारी गराउँदा प्रत्येक वर्णअनुसारका वस्तुका चित्रसहितको धारणा दिने, जस्तैः 'ग' सिकाउनु छ भने गमलाको चित्र सँगै देखाएर ग वर्णबाट बनेको शब्द र चित्रसँग परिचित गराउने। बालबालिका धर्कासँग परिचित भइसकेका हुनाले ग वर्ण सिकाउँदा पहिला तेर्सो धर्को र त्यसपछि दुईओटा ठाडो धर्को तान्ने क्रियाकलाप अभ्यास पुस्तिकाका आधारमा गराई ग वर्ण लेख्ने तरिकामा अभ्यस्त बनाउने।

**(ग) लेख्य चिह्न प्रयोग गरी वाक्य लेख्न**

(अ) चिह्नहरूको परिचय गराउनका लागि चिह्नपत्ती प्रदर्शन गर्ने र चिह्नको परिचय गराउने। शैक्षणिक पाटीमा लेखेर चिह्नपत्ती चिनाउने। कुन चिह्न कस्तो शब्द वा वाक्यमा प्रयोग गरिन्छ बताउने, जस्तै :

। यो पूर्णविराम चिह्न हो। पूर्णविरामको प्रयोग वाक्य पूरा भएपछि गरिन्छ।

? यो प्रश्नवाचक चिह्न हो। यसको प्रयोग प्रश्नवाक्य पूरा भएपछि गरिन्छ।

, यो अल्पविराम चिह्न हो। यसको प्रयोग नाम दोहोरिएको अवस्थामा वा लगातार आउने सङ्ख्याका बिच बिचमा प्रयोग गरिन्छ।

**(घ) अनुच्छेद लेखन**

(अ) सुरुमा शिक्षक आफूले देखेको एउटा रमाइलो घटना सुनाउने। त्यसैगरी विद्यार्थीलाई उनीहरूले देखे सुनेका र अनुभव गरेको एउटा एउटा घटना सुनाउन प्रोत्साहन गर्ने। विद्यार्थीले घटना वर्णन गर्दा हौसला थप्दै जाने। यस क्रममा उपलब्ध पाठ्यसामग्री र सन्दर्भ सामग्रीको उपयोग गर्ने।

(आ) आफूले एउटा अनुच्छेद लेख्ने र सुनाउने। त्यसै गरी विद्यार्थीलाई उनीहरूले देखे सुनेका र अनुभव गरेका तीनचार वाक्यको अनुच्छेद लेख्न लगाउने।

(इ) विद्यार्थीले लेखेको अनुच्छेद परीक्षण गर्ने र अनुच्छेद लेखनमा कठिनाइ भएका विद्यार्थीलाई सहयोग पुऱ्याउने। राम्रो गर्ने विद्यार्थीलाई स्याबासी दिने। यसरी लेखाइको अभ्यास गराउँदा निम्नलिखित पक्ष महत्त्वपूर्ण हुन्छन् :

(क) विभिन्न आकृतिहरूमा रङ भराइ

(ख) वर्ण र मात्राहरूलाई आकार प्रकार मिलाई उपयुक्त ढाँचामा लेखाइ

(ग) वर्णहरूको क्रम र मात्रा मिलाएर परिचित शब्दका लेखाइ

(घ) वाक्यमा प्रयोग भएका शब्दहरूका अलग अलग लेखाइ

(ङ) आफूले देखे, सुने तथा अनुभव गरेका विषयमा वर्णनसहितको लेखाइ

(च) लेख्य चिह्न प्रयोग गरी ससाना वाक्य रचना

(ज) स्वतन्त्र रूपमा ससाना सरल अनुच्छेद लेखन

४. सिकाइ सहजीकरण व्यवस्थापनका लागि निम्नानुसारका जस्तै रणनीतिहरू अवलम्बन गर्नुहोस् :

(अ) विद्यार्थीहरूलाई सिकाइमा सक्रिय बनाई राख्न कक्षामा चार समूहको बसाई व्यवस्था मिलाउनुहोस् र ती चार समूहमा क्रियाकलापअनुसार गतिशील रूपमा बस्ने व्यवस्था मिलाउनुहोस्। यस क्रममा विषयवस्तुको प्रकृति, विद्यार्थीको सिकाइ स्तरलगायतका आधारमा क्रमिक सिकाइ रणनीति (शिक्षकको पूर्ण सहयोग, शिक्षकको आंशिक सहयोग, दौँतरी सिकाइ र स्वयम् सिकाइ वा म गर्छु, हामी गर्छौं, तिमी गर) लाई उपयोग गर्नुहोस् ।

(आ) कक्षामा क्रियाकलाप गर्दा पाठ्य तथा कार्यपुस्तकमा राखिएको निर्देशनमा रहेका रङअनुसार रातो रङका क्रियाकलापमा शिक्षकले पूर्ण रूपमा सहयोग गर्नुहोस्। निलो रङका क्रियाकलापमा शिक्षकले आंशिक रूपमा सहयोग गर्नुहोस्। हरियो रङका क्रियाकलापमा सहपाठी सिकाइ वा विद्यार्थीको दौँतरीमा अभ्यासका रूपमा कार्यान्वयन गर्नुहोस्। सुन्तला रङका क्रियाकलापमा हरेक विद्यार्थीलाई आफैँ गर्न लगाउनुहोस्। यसका लागि शिक्षकले सबै समूहलाई मार्गनिर्देश र सहजीकरण गर्नुपर्ने हुँदा समयको सन्तुलित र व्यवस्थित प्रयोगमा विशेष रूपमा ध्यान दिनुहोस्।

५. सुधारात्मक सिकाइ र मूल्याङ्कन अभिलेखका लागि निम्नानुसारका क्रियाकलाप गराउनुहोस् :

(क) क्रियाकलापका क्रममा कुनै विद्यार्थीमा भाषिक तथा अभिव्यक्तिगत समस्या पाइएमा थप सिकाइको अवसर दिएर पुनर्बल प्रदान गर्नुहोस्। विद्यार्थीले निर्धारित क्रियाकलाप गरिसकेपछि उसलाई अर्को क्रियाकलाप गर्ने अवसर दिनुहोस्। सिकाइमा समस्या भएका (अपाङ्गता र दोस्रो भाषाका रूपमा नेपाली सिकारु) बालबालिकालाई व्यक्तिगत रूपमा सहयोग र सिकाइको थप अवसर प्रदान गर्नुहोस्।

(ख) विद्यार्थीको सिकाइलाई व्यवस्थित र अगाडिको मार्ग स्पष्ट गर्नुका साथै विद्यार्थीको वैयक्तिक सिकाइ अवस्थालाई अभिलेखीकरण गर्न कार्यपुस्तकको अन्त्यमा क्रियाकलाप शृङ्खला (सिकाइ सिँढी) राखिएको छ। शिक्षक निर्देशिकामा कार्यपुस्तकका हरेक क्रियाकलाप गर्ने प्रक्रिया र मूल्याङ्कन प्रक्रिया पनि उल्लेख गरिएको छ। सोअनुसार विद्यार्थीले गरेको कार्यको मूल्याङ्कन गरी अर्को क्रियाकलापमा जान योग्य देखिएमा सम्बन्धित विद्यार्थीको कार्यपुस्तकमा रहेको उक्त सिकाइ सिँढीको क्रियाकलाप सङ्केतमा उसले हासिल गरेको सिकाइस्तर १, २, ३ वा ४ अङ्क लेख्ने वा √ चिह्न लगाई अर्को क्रियाकलाप गराउनुहोस्।

(ग) निम्नानुसारको विद्यार्थीको उपलब्धिस्तर र त्यसको सामान्य व्याख्यालाई सिकाइ सहजीकरण गर्नुहोस्। यस क्रममा मूल्याङ्कनपूर्वका क्रियाकलापका लागि पाठ्य तथा कार्यपुस्तकलगायतका शैक्षणिक सामग्री उपयोग गर्नुहोस्। सिकाइसँगै गरिने मूल्याङ्कनमा तेस्रो वा चौथो स्तर प्राप्त गर्न नसकेका विद्यार्थीलाई सन्दर्भ सामग्रीको समेत उपयोग गर्दै थप सिकाइको अवसर प्रदान गर्नुहोस्। यस अवस्थामा विद्यार्थीको रुचिलाई ख्याल गर्दै जानेका विद्यार्थीलाई थप अभ्यास वा सहपाठी शिक्षणको अवसर दिई सिकाइ सबलीकरण एवम् सुधार आवश्यक भएका विद्यार्थीलाई सुधारात्मक सिकाइ गर्ने अवसर प्रदान गर्नुहोस्।

| स्तर | रेटिङ | क्रियाकलाप सम्पादन अवस्थाको व्याख्या |
|---|---|---|
| समान्यभन्दा कम वा कमजोर (Below basic) | १ | निर्धारित क्रियाकलाप सम्पादन गर्दा थप सहयोगको आवश्यकता देखिएमा |
| सामान्य(Basic) | २ | क्रियाकलाप गर्दा केही हदसम्म गरेको, सुधारात्मक सिकाइ आवश्यक |
| प्रवीण वा राम्रो (Proficient) | ३ | सहजरूपमा क्रियाकलाप सम्पादन गरेको |
| उच्च (Advanced) | ४ | समयमा नै पूर्ण दक्षताका साथ क्रियाकलाप सम्पादन गरेको |

(घ) सिकाइ क्रियाकलाप गराउँदा वैयक्तिक सिकाइ गतिअनुसार सिक्ने वातावरण तयार गरी सिकाइ क्रियाकलाप सञ्चालन गराउनुहोस्।

(ङ) विद्यालयमा यदि कुनै विद्यार्थी कुनै दिन अनुपस्थित रहेमा उसले अघिल्लो दिन सिकेको सिकाइ सिँढीमा अभिलेखीकरण भएको क्रियाकलापबाटै अगाडि बढ्न लगाउनुहोस्।

(च) कक्षाकोठामा रहेका विद्यार्थीको सिकाइ अवस्था स्पष्ट देखिने अभिलेखनका लागि निम्नअनुसारको विषयगत तालिका तयार गरी कक्षामा टाँग्नुहोस् र त्यसमा सम्बन्धित विद्यार्थीलाई आफ्नो नाममा आफूले सकेको पाठमा रङ लगाउन भन्नुहोस् :

| क्र.स. | विद्यार्थीको नाम | पाठ १ | पाठ २ | पाठ ४ | पाठ ६ | पाठ ७ | पाठ ८ | पाठ ९ | पाठ १० | पाठ ११ | पाठ १२ | पाठ १३ | पाठ १४ | पाठ १५ | ... | .... | .... |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | क | | | | | | | | | | | | | | | | |
| २ | ख | | | | | | | | | | | | | | | | |
| ३ | ग | | | | | | | | | | | | | | | | |
| ४ | घ | | | | | | | | | | | | | | | | |

६. सिकाइ सहजीकरण गर्दा विद्यार्थीको बसाइ व्यवस्थापनलाई विशेष रूपमा ख्याल गर्नुहोस्। कक्षा १-३ मा निरन्तर सिकाइ तथा मूल्याङ्कन र सुधारात्मक शिक्षणको सन्तुलन तथा प्रभावकारी कार्यान्वयन आवश्यक भएकाले निम्नानुसारका सिकाइ/बसाइ विधिलाई उपयोग गर्नुहोस् :

### (क) कक्षागत बसाइ व्यवस्थापन (समग्र सिकाइ विधि)

यस विधिमा एउटा कक्षाका विद्यार्थीमात्र कक्षामा राखेर सिकाइ क्रियाकलाप गरिन्छ। यो सबै सिकारुलाई सँगसँगै अगाडि बढाउने सिकाइ विधि हो। एउटै सिकाइ स्तर र गति भएका विद्यार्थीको मात्र समूह भएको कक्षाका लागि यो विधि उपयोगी मानिन्छ। यसर्थ शिक्षकले आफ्नो कक्षाका विद्यार्थीको पूर्व ज्ञान वा सिकाइ स्तर एवम् सिकाइ गतिको लेखाजोखा गर्दा एउटै सिकाइ स्तर र गति भएका विद्यार्थी भएमा यस विधिको उपयोग गर्नुहोस्। यसका लागि पाठ्य तथा कार्यपुस्तकको अन्त्यमा रहेको सिकाइ सिँढी वा शृङ्खला तथा कक्षामा रहेको विषयगत तालिकालाई आधार बनाउनुहोस्।

### (ख) कक्षागत बसाइ व्यवस्थापन (बहुस्तर सिकाइ विधि)

यस विधिमा एउटा कक्षाका विद्यार्थीमात्र राखेर सिकाइ क्रियाकलाप सञ्चालन गरिन्छ। सिकाइ सहजीकरणका क्रममा विद्यार्थीको सिकाइ क्षमता र वैयक्तिक सिकाइ गतिमा आउने भिन्नतालाई यसले सहयोग गर्छ। पाठ्य तथा कार्यपुस्तकको अन्त्यमा रहेको सिकाइ सिँढी वा शृङ्खला तथा कक्षामा रहेको विषयगत तालिकालाई उपयोग गर्दै विद्यार्थीको सिकाइ स्तर तथा गतिलाई सम्बोधन गर्न बहुस्तरअनुकूलका सिकाइ विधि प्रयोग गर्नुपर्ने अवस्था सिर्जना

हुन्छ। अर्थात् यसमा एउटै कक्षामा पनि विभिन्न स्तरका विद्यार्थी हुन्छन् उनीहरूको क्षमता र गतिअनुसारको सिकाइ नै बहुस्तर सिकाइ विधि हो। यसबाट विद्यार्थीको व्यक्तिगत क्षमता र समस्या पहिचान गरी थप सहयोग पुऱ्याउन सकिन्छ र निरन्तर विद्यार्थी मूल्याङ्कनको व्यवहारिक प्रयोग यसमा हुन्छ। यसर्थ कक्षाका विद्यार्थीको सिकाइ स्तर तथा गतिलाई ख्याल गरी यस विधिको उपयोग गर्नुहोस्।

### (ग) बहुकक्षा बसाइ व्यवस्थापन (बहुकक्षा बहुस्तर सिकाइ विधि)

यसमा एकभन्दा बढी कक्षाका विद्यार्थीलाई एउटै स्थान/कक्षामा राखेर सिकाइ क्रियाकलाप गराउँदा सिकाइ प्रभावकारी हुन्छ। प्रारम्भिक कक्षामा विद्यार्थीहरू शिक्षकसँग भन्दा आफ्नै साथीसङ्गीहरूसँग बढी घुलमिल हुन्छन्। साथी समूहमा एकआपसमा कुराकानी गर्ने, खेल्ने र व्यवहार गर्ने हुँदा बालबालिकाको सिकाइ बढी प्रभावकारी बन्छ। कक्षा १ मा पढेका कुरा सिकाइका क्रममा कक्षा २ मा पनि दोहोरिने, कक्षा १ र २ मा सिकेका विषयवस्तु कक्षा ३ को सिकाइका क्रममा पनि दोहोरिँदै जाने हुँदा सिकाइको निरन्तरता रहने र दिगो सिकाइलाई सहयोग पुग्ने हुन्छ। नेपालको भौगोलिक र जनसाङ्खिक दृष्टिकोणले पनि यस किसिमको बसाइ व्यवस्थापन बढी प्रभावकारी देखिन्छ। यसमा कक्षा १, २ र ३ का विद्यार्थीहरू सँगै बस्ने हुँदा सिकाइ पनि बढी अन्तर्क्रियात्मक बन्छ। यस बसाइ व्यवस्थापनलाई विद्यालय क्षेत्र विकास कार्यक्रमले गुणस्तर कम्पोनेन्टअन्तर्गत समावेश गरेर गुणस्तर विकासका लागि आधारभूत विषयका रूपमा पनि स्वीकार गरेको छ। यस विधिमा विद्यार्थीले आफ्नो सिकाइ क्षमता र गतिअनुसार सिक्ने अवसर प्राप्त गर्दछ। निरन्तर विद्यार्थी मूल्याङ्कनको व्यावहारिक प्रयोग यस बसाइ व्यवस्थापन र सिकाइ विधिमा हुन्छ। यसर्थ कक्षाका विद्यार्थीको सिकाइ स्तर तथा गति एवम् विद्यार्थीको सङ्ख्यासमेतलाई ख्याल गरी यो विधिको उपयोग गर्नुहोस्।

# १. म र मेरो परिवार

**कार्यघण्टा : १५**

## परिचय

**'म र मेरो परिवार'**मेरो नेपाली,My Englishर हाम्रो सेरोफेरो विषयभित्र बहुविषयक ढाँचामा एकीकृत गरिएको विषयक्षेत्र हो । यस विषयक्षेत्रको एकीकृत संरचनाभित्र रहेर विद्यार्थीले आफू र आफ्नो परिवारलाई सबैभन्दा बढी चिनेको हुन्छ । त्यसैले उसको परिवार सिकाइको प्रमुख स्रोत हो । परिवारमा सिकेको सिकाइको अभिव्यक्ति वा सञ्चार उसका लागि सहज, गुणस्तरीय तथा प्रभावकारी हुन्छ । यस्ता विषयक्षेत्रसँग विद्यार्थी पहिल्यै परिचित हुने भएकाले उनीहरूलाई सिक्न सहज हुन्छ । यसर्थ उल्लिखित क्षेत्रमा आधारित विषयवस्तुलाई पूर्वज्ञानसँग अन्तरसम्बन्धित गर्दै सिकाइ सहजीकरण गर्नु सान्दर्भिक हुन्छ । यस क्रममा एकीकृत शिक्षण सिकाइलाई विशेष जोड दिनसकेमा सिकाइको दायरा व्यापक र जीवनोपयोगी बन्छ । यही मान्यतानुसार यस विषयक्षेत्रमा वर्णन, संवाद, छलफल र प्रश्नोत्तरका आधारमा भाषिक सञ्चार गर्ने, छोटा अनुच्छेद सुनी नयाँ शब्द पहिचान गर्ने, पारिवारिक, विद्यालयीय तथा सामुदायिक गतिविधिमा प्रयोग हुने शब्द पहिचान र प्रयोग गर्ने, प्राकृतिक तथा सामुदायिक परिवेशका चित्र प्रयोग गरी शब्दभण्डार विस्तार र प्रयोग गर्ने, लिङ्ग, वचन, पुरुष र आदरको सचेततासहित मौखिक तथा लिखित अभिव्यक्ति गर्ने, ससाना वाक्य वा अनुच्छेद लेख्ने तथा सुनेका वा हेरेका सामग्रीका आधारमा हाउभाउसहित छलफल, कुराकानी र प्रस्तुतिको अनुकरण गर्नेलगायत कार्यलाई समावेश गरिएको छ । यसका साथै यस विषयक्षेत्रमा पारिवारिक वातावरणभित्रबाट आत्मबल र स्वाभिमानको विकास, स्वअनुशासन जस्ता मुख्य वैयक्तिक सिपको विकास गराउँदै विद्यार्थीको सिकाइलाई गुणस्तरीय र प्रभावकारी बनाउन सान्दर्भिक व्यवहारकुशल सिपको पहिचान र प्रयोग गर्न उत्प्रेरित गरिएको छ ।

यस विषयक्षेत्रअन्तर्गत दुईओटा पाठ रहेका छन् । ती पाठमा हाउभाउ, गति, यति, लय र शुद्धतासहित कविता पढ्ने, दृश्यवर्णन गर्ने, पारिवारिक, विद्यालयीय र सामाजिक गतिविधिमा प्रयोग हुने शब्द, शब्दका सुरु र अन्त्यका वर्ण छुट्याएर र जोडेर पढ्ने तथा लेख्ने, शब्द पहिचान र उच्चारण गर्ने, गति, यति र हाउभाउसहित अनुच्छेद पढ्ने, दोहोरो सञ्चार गर्ने, विषयवस्तु तथा लिङ्ग, वचन, पुरुष र आदर मिलाई बोल्ने र लेख्ने, अनुलेखन गर्ने, कथा पूरा गर्ने जस्ता क्रियाकलाप निर्धारण गरिएका छन् । यी क्रियाकलापले विद्यार्थीकेन्द्रित र बालमैत्री सहजीकरण प्रक्रियाको अपेक्षा गरेका छन् ।

विषयक्षेत्रको अन्त्यमा पाठ्यक्रममा आधारित भई ध्वनि सचेतीकरण, श्रव्य/दृश्यबोध, लेख्यवर्ण सचेतीकरण, शब्दभण्डार, पठन प्रवाह, पठनबोध, लेखाइ र कार्यमूलक व्याकरणसँग सम्बन्धित मूल्याङ्कन क्रियाकलापसमेत समावेश गरिएको छ । पठनतत्वअनुसारको मूल्याङ्कनबाट दैनिक कक्षा क्रियाकलापसँगै विद्यार्थीको सिकाइको लेखाजोखा गरी सिकाइमा पछि परेका विद्यार्थीलाई सुधारात्मक सिकाइ प्रक्रियाद्वारा थप सिकाइको अवसर प्रदान गर्ने छ ।

# पाठ १

## (क) सिकाइ सहजीकरण योजना

| क्र. स. | विषयवस्तु | व्यवहारकुशल सिप | अनुमानित घन्टी | पाठ्य तथा कार्यपुस्तकको सम्बन्धित पृष्ठसङ्ख्या |
|---|---|---|---|---|
| १. | शब्दको सुरुमा असमान ध्वनि भएका शब्द | प्रयोग सिप (S1.1)<br>सिकाइ सिप (S1.2)<br>सञ्चार सिप (S3.1)<br>सहकार्य सिप (S3.2)<br>दृश्य साक्षरता सिप (S4.3) | ३ | १ देखि ३ |
| २. | समान संरचना भएका शब्द | | ४ | ४ देखि ७ |

## (ख) सिकाइ क्रियाकलापका आधार

**यस पाठको सिकाइ सहजीकरण गर्नुपूर्व निम्नानुसारको पूर्वतयारी गर्नुहोस् :**

| पठन तत्त्व | क्रियाकलापको आधार | क्रियाकलापको सङ्केत र क्रम | सिकाइ सामग्री |
|---|---|---|---|
| ध्वनि सचेतीकरण | **शिक्षकको पूर्ण सहयोग** |  १ | १. पाठमा प्रयुक्त शब्दको सुरुमा असमान ध्वनि भएका शब्दका शब्दपत्ती (छर्ने, गर्ने, बस्छौँ, पस्छौँ, हुन्छौँ, बुन्छौँ, राम्रो, हाम्रो)<br>२. पाठमा प्रयुक्त चित्र वा पोस्टर<br>३. 'हाम्रो परिवार' कविता चार्ट |
| दृश्यबोध | **शिक्षकको आंशिक सहयोग** |  २ | १. पाठमा प्रयुक्त चित्र तथा पोस्टर |
| लेख्यवर्ण सचेतीकरण | **स्वयम् सिकाइ** |  ३ | १ पाठमा प्रयुक्त शब्दका शब्दपत्तीहरू<br>(कर गर चरा जरा टालो डालो तह दह पल बल कप खप चल छल टप ठप तल सल पर्सि फर्सी) |
| पठन प्रवाह | **दौँतरी सिकाइ** |  ४ | १. संवादको अनुच्छेद चार्ट<br>२. लेख्य चिह्न प्रयोग भएका वाक्यपत्तीहरू<br>३. पाठमा प्रयुक्त चित्रपत्ती |

| | | | |
|---|---|---|---|
| | | | ४. बहुवैकल्पिक उत्तर भएका प्रश्न र उत्तरका चार्ट |
| शब्दभण्डार | शिक्षकको आंशिक सहयोग |  ५ | १ पाठमा प्रयुक्त शब्दका शब्दपत्तीहरू (टालो डालो टप पोखरी जरा बल रमाइलो गृहकार्य)<br>२. नमुना वाक्यका पत्तीहरू |
| कार्यमूलक व्याकरण | शिक्षकको आंशिक सहयोग |  ६ | १. पाठमा प्रयुक्त पद जोडिएका र पद नजोडिएका नमुना वाक्यपत्तीहरू<br>बुबालेमलाईकथासुनाउनुभयो ।<br>बुबाले मलाई कथा सुनाउनुभयो । |
| कार्यमूलक व्याकरण | शिक्षकको आंशिक सहयोग |  ७ | १. भूत काल र वर्तमान काल जनाउने क्रियापद पत्तीहरू (राख्छु - राखेँ, सोध्छु - सोधेँ, ल्याउँछिन् - ल्याइन्, आउनुहुन्छ - आउनुभयो, जान्छिन् - गइन्)<br>२. भूत काल र वर्तमान काल जनाउने नमुना वाक्य पत्तीहरू<br>३. वर्तमान र भूतकाल लेखिएको तालिका |
| पठनबोध | शिक्षकको आंशिक सहयोग |  ८ | १. पाठमा प्रयुक्त चित्र तथा पोस्टर<br>२. 'मेरो परिवार' रेकर्ड गरेको डिभाइस |
| कार्यमूलक व्याकरण | शिक्षकको पूर्ण सहयोग |  ९ | १. मेटाकार्डमा लेखिएको शब्दपत्तीहरू |
| पठन प्रवाह | स्वयम् सिकाइ |  १० | पाठमा प्रयुक्त शब्दका शब्दपत्तीहरू (खर - घर, छुरा - भुरा, फल - भल, गरी - घरी, ठाडे - ढाडे, थाक -धाक, जार - झार, दन्न - धन्न, बरबर - भरभर) |
| कार्यमूलक व्याकरण | स्वयम् सिकाइ |  ११ | १. पाठमा प्रयुक्त शब्दका शब्दपत्तीहरू (गयो-खायो, उडायो-करायो, जान्छ - खान्छ,सुत्नुहुन्छ-रोप्नुहुन्छ,हाल्नुहुन्छ - भिक्नुहुन्छ)<br>२. नमुना वाक्यपत्तीहरू |
| शब्दभण्डार | शिक्षकको आंशिक सहयोग |  १ | १. पाठमा प्रयुक्त शब्द र अर्थपत्तीहरू (डालो, दह, फर्सी, टालो, एक प्रकारको तरकारी, कपडाको. सानो टुक्रो, चोयाले |

| | | | |
|---|---|---|---|
| | | २ | बुनेको अन्नपात राख्ने भाडो, पानी जमेको ठाउँ) |
| पठनबोध | **शिक्षकको आंशिक सहयोग** |  १३ | १. 'डालामा फर्सी' कथालेखिएको चार्ट<br>२. पाठमा प्रयुक्त चित्रपत्ती |
| लेखाइ | **स्वयम् सिकाइ** |  १४ | पाठ्यपुस्तक |

## (ग) सिकाइ क्रियाकलाप

### क्रियाकलाप १ 

(क) शिक्षकले कक्षाका विद्यार्थीलाई अभिवादन गरी विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

(ख) विद्यार्थीलाई पाठको चित्र देखाउँदै यो चित्रमा देखिएका मानिस को को होलान् ? यिनीहरू के के काम गर्दै होलान् ? जस्ता प्रसङ्ग जोडेर छलफल गर्नुहोस् ।

(ग) पाठमा प्रयुक्त शब्दको सुरुमा असमान ध्वनि भएका शब्दका शब्दपत्ती प्रदर्शन गर्नुहोस्, जस्तै : छर्ने गर्ने, राम्रो हाम्रो, बस्छौँ पस्छौँ, हुन्छौँ बुन्छौँ ।

(घ) माथिका शब्दमा भएका सुरुको ध्वनि पहिचान गरेर उच्चारण गर्न लगाउनुहोस् । सबै शब्दमा प्रयोग भएका सुरुको ध्वनि पहिचान गराएर शब्द उच्चारण गर्न लगाउनुहोस् ।

(ङ) शब्दका अर्थगत बोधका लागि वाक्यमा प्रयोग गरेर सुनाउनुहोस् ।

(च) सबै विद्यार्थीलाई एक एकओटा शब्दपत्ती दिनुहोस् र पालैपालो शब्दलाई उच्चारण गरी वाक्यमा भन्न लगाउनुहोस् । विद्यार्थीले भनेका वाक्य शैक्षणिक पाटीमा लेखेर देखाउनुहोस् ।

(छ) 'हाम्रो परिवार' कविता चार्ट प्रदर्शन गर्नुहोस् । कविता गति, यति, लय र हाउभाउसहित गाएर सुनाउनुहोस् । त्यसपछि विद्यार्थीसँगै गाउनुहोस् । लयबद्ध वाचनमा समस्या भएका विद्यार्थीलाई उपयुक्त चिह्न, सङ्केत र क्रियाकलापको उपयोग गरी थप सिकाइको अवसर प्रदान गर्नुहोस् । यस क्रममा क्रमिक सिकाइ रणनीति

(शिक्षकले गरेर देखाउने, शिक्षक र विद्यार्थीले सँगसँगै गर्ने, विद्यार्थी विद्यार्थीसँगै अभ्यास गर्ने र विद्यार्थीलाई व्यक्तिगत रूपमा गर्न लगाउने) उपयोग गर्नुहोस् ।

**मूल्याङ्कन**

१. पाठ्यपुस्तकको पृ.स. १ को 'हाम्रो परिवार' कवितागति, यति र लय हालेर सुनाउन लगाउनुहोस् ।

**लय मिलाएर गाउनुहोस् :**

**हाम्रो परिवार**

हजुरबुबा हजुरआमा सधैँ ज्ञान छर्ने
आमाबुबा काकाकाकी धेरै माया गर्ने
मान्छे असल भए हुन्छ राम्रो घरबार

सबैभन्दा रमाइलो छ हाम्रो परिवार ।

दाइदिदीले कथा भन्दा हामी सुन्न बस्छौँ
भान्साघरमा आमा पस्दा सघाउन पस्छौँ
माया पाउनु खुसी पाउनु सबको अधिकार
मिलीजुली काम गर्ने हाम्रो परिवार ।

कमिलाको जस्तै गरी एक जुट हुन्छौँ
घरको काममा मौरी जस्तै चाका हामी बुन्छौँ
अभिभावक गर्ने सधैँ हाम्रो हेरविचार
समाजकै नमुना हो हाम्रो परिवार ।

संस्कार पनि परिवार भैँ कति राम्रा राम्रा
चालचलन पुस्तक भैँ ज्ञान दिने हाम्रा
हिमालचुली शिरबाट हेर्छौं यो संसार
नेपाल जस्तै राम्रो लाग्छ हाम्रो परिवार ।

२. शब्दपत्तीमा भएका शब्द 'हाम्रो परिवार' कविताबाट खोजेर रेखाङ्कन गर्न लगाउनुहोस् र ती शब्दलाई रेखाङ्कन गर्नुहोस् ।

## क्रियाकलाप २

(क) आफ्नो घरमा छिमेकबाट वा कतैबाट पाहुना आउनुभएको छ वा छैन, पाहुना आउँदा के कस्ता कुराकानी गरिन्छ होला, पाहुना घरमा आउँदा के के गर्नुपर्छ ? यस्तासत्कार तथा अनुशासनका विषयवस्तुमा विद्यार्थीसँग छलफल गर्नुहोस् ।

(ख) विद्यार्थीलाई पाठमा प्रयुक्त चित्र तथा पोस्टर प्रदर्शन गरेर चित्रमा भएका विषयवस्तु अनुमान, पूर्वानुमान गरी वर्णन गर्न लगाउनुहोस् ।

(ग) चित्र वर्णन गर्दा के, किन, कति, कस्तो, कसरी जस्ता प्रश्नका आधारमा चित्रका बारेमा भन्न लगाउनुहोस् । चित्रमा भएको वातावरण र परिवेशसँग जोडेर वर्णन गराउनुहोस् ।

(घ) पाठमा प्रयोग भएका चित्रसँग मिल्दाजुल्दा मानिस, जनावर, पन्छीहरूको समूह वा पारिवारिक वातावरण देखिने चित्र वा पोस्टर प्रदर्शन गरी सिकाइको थप अवसर प्रदानगर्नुहोस् । यस क्रममा शब्द चित्रपत्तीको प्रयोग र शब्दबोध गर्ने अवसर पनि प्रदान गर्नुहोस् ।

## मूल्याङ्कन

पाठ्यपुस्तकको पृ.स. १ को क्रियाकलाप २ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।



## क्रियाकलाप ३ 

(क) शब्दपत्तीहरू प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई शब्दपत्तीका शब्द उच्चारण गर्न लगाउनुहोस् ।

(ख) शब्दलाई शैक्षणिक पाटीमा लेखेर ती शब्दलाई मौखिक रूपमा वाक्यमा प्रयोग गरी अर्थ स्पष्ट गराउनुहोस् ।

(ग) शिक्षकले प्रदर्शन गरेका शब्दपत्ती पढी जस्ताको त्यस्तै कापीमा लेख्न लगाउनुहोस् ।

### मूल्याङ्कन

१. पाठ्पुस्तकको पृ.स. २ को क्रियाकलाप ३ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**पढ्नुहोस् र लेख्नुहोस् :**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| कर | गर | चरा | जरा | टालो | डालो | तह | दह |
| .......... | ............. | ............. | ............ | ............ | ............ | .......... | .......... |
| पल | बल | कप | खप | चल | छल | टप | ठप |
| ................ | ................ | ................ | ................ | ................ | ................ | ................ | |

## क्रियाकलाप ४ 

(क) पाठमा प्रयुक्त चित्रपत्ती प्रदर्शन गरेर चित्रका बारेमा छलफल गर्नुहोस् । चित्रमा कति जना मानिस छन् ? तिनीहरू के के गर्दै छन् ? के के कुरा गर्दै होलान् ? जस्ता विषयवस्तुमा विद्यार्थीसँग कुराकानी गर्नुहोस् ।

(ख) संवादमा प्रयोग भएका लेख्य चिह्नकावाक्यपत्तीहरू प्रदर्शन गर्नुहोस् । ती वाक्यलाई पढ्न लगाउनुहोस् । लेख्य चिह्नअनुसार वाक्य पठन प्रवाहसम्बन्धी आवश्यक सहजीकरण गर्नुहोस् ।

(ग) संवाद लेखिएको चार्ट प्रदर्शन गर्नुहोस् । संवादलाई नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् । सस्वरवाचन गर्दा शब्द, वाक्य र अनुच्छेद देखाउँदै आरोह, अवरोह, गति, यति

र भावलाई ध्यान दिनुहोस् ।

(घ) विद्यार्थीलाई सल्मा र इद्रिसको जोडी समूह बनेर पालैपालो पढ्न लगाउनुहोस् । मल्टिमिडियाको उपयोग गर्दा बालबालिकाको स्वरमा रेकर्ड गराई कक्षामा सुनाउनुहोस् ।

(ङ) कुनै विद्यार्थीको सहयोग लिई कुराकानीलाई पपेटको माध्यमबाट अभिनयात्मक कथन गर्नुहोस् ।यसका लागि शिक्षकले थप नमुनाप्रदर्शन गर्नुहोस् ।

**मूल्याङ्कन**

**पालैपालो पढ्नुहोस् :**

सल्मा : ओहो ! इद्रिस, तिमी कोसँग बजार आयौ ?

इद्रिस : म त आमासँग आएको अनि तिमी नि ?

सल्मा : म हजुरआमासँग आएकी । तिम्रा चाहिँ हजुरआमा हजुर बुबा यहाँ हुनुहुन्न ?

इद्रिस : हेर न सल्मा, मेरा हजुरआमा हजुरबुबा त गाउँमा हुनुहुन्छ । वर्षमा एकदुई पटक मात्र भेट हुन्छ ।

सल्मा : ए हो र, हाम्रो घरमा त हजुरआमा, हजुरबुबा, आमाबुबा, काकाकाकी, दाजुदिदी सबै हुनुहुन्छ । यसरी घरमा सबै जना हुँदा कस्तो रमाइलो हुन्छ ।

इद्रिस : कसरी ?

सल्मा : हजुरबुबाले कथा सुनाउनुहुन्छ । हजुरआमाले कपाल कोरिदिनुहुन्छ । आमाले खाजा बनाइदिनुहुन्छ । बुबाले लुगा लगाइदिनुहुन्छ । म जुत्ता ठिक्क पार्छु । झोलामा कापीकिताब राख्छु । दाजुदिदीले सँगै विद्यालय लैजानुहुन्छ ।

इद्रिस : ओहो ! कति रमाइलो । अब म पनि आमाबुबालाई भन्छु । अब हामी पनि हजुरआमा, हजुरबुबा, काकाकाकी सबै सँगै बस्छौँ ।

सल्मा : हवस् त इद्रिस, भोलि विद्यालयमा भेटौँ है !
(दुवै आआफ्नो बाटो लाग्छन् ।)

**क्रियाकलाप ५** 

(क) वाक्य निर्माणका लागि शब्दपत्ती प्रदर्शन गर्नुहोस् र ती शब्दलाई उच्चारण गर्न लगाउनुहोस् ।

(ख) शिक्षकले नमुना वाक्यपत्ती प्रदर्शन गर्नुहोस् । वाक्यमा कर्ता र क्रियापद पहिचान गराउनुहोस् ।

(ग) विद्यार्थीलाई वाक्यमा प्रयोग भएका लिङ्ग, वचन र पुरुषका आधारमा क्रियापद परिवर्तन हुने तरिका सहजीकरण गर्नुहोस् । जस्तै : मदनले डालामा चामल हाल्यो । युनिसाले डालामा चामल हाली ।

(घ) विद्यार्थीलाई समूहमा राख्नुहोस् र थप शब्द दिएर वाक्य निर्माण गर्न लगाउनुहोस् । आवश्यकताअनुसार शिक्षकले सहजीकरण गरिदिनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ३ कोक्रियाकलाप ५ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

टालो : ..........................................................................................

डालो : ..........................................................................................

टप : ..........................................................................................

पोखरी : ..........................................................................................

जरा : ..........................................................................................

बल : ..........................................................................................

रमाइलो : ..........................................................................................

गृहकार्य : ..........................................................................................

## क्रियाकलाप ६ 

(क) पद नजोडिएका वाक्यपत्ती प्रदर्शन गर्नुहोस् । वाक्यमा भएका शब्द गन्न रकुन कुन शब्द छन् भन्न लगाउनुहोस् । वाक्य उच्चारण गर्ने अभ्यास गराउनुहोस् ।

(ख) पद जोडिएका वाक्यपत्ती प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई शब्द पहिचान गरेर वाक्य पढ्न लगाउनुहोस् । यस क्रममा कस्ता कस्ता कठिनाइ भए, छलफल गर्नुहोस् ।

(ग) विद्यार्थीलाई पद जोडिएका र नजोडिएका वाक्यपत्ती प्रदर्शन गर्दै उच्चारण गर्न लगाउनुहोस् ।

(घ) वाक्य लेख्दा पद छुट्याएर लेख्नुपर्ने रहेछ भन्ने कुरा सिकाउनुहोस् ।

(ङ) पद जोडिएर बनेका वाक्यलाई पद छुट्याएर लेख्ने अभ्यास गराउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ३ र ४ को क्रियाकलाप ६ मा भएको शब्द चिन्न र छुट्याउनलगाई विद्यार्थीमूल्याङ्कन गर्नुहोस् ।

शब्द चिन्नुहोस् र छुट्याएर लेख्नुहोस् :

(क) बुबालेमलाईकथासुनाउनुभयो । ..........................................................................

(ख) आमालेमिठामिठागीतगाउनुहुन्छ । ......................................................................

(ग) दाजुलेगृहकार्यगर्नभाइलाईबोलाउनुभयो । ............................................................

(घ) आजहाम्रोघरमाफुपूरफुपाजुआउनुभयो । ..............................................................

## क्रियाकलाप ७ 

(क) विद्यार्थीलाई हिजो गरेका कामका बारेमा पालैपालो एक एकओटा वाक्य भन्न लगाउनुहोस् । विद्यार्थीले भनेका वाक्य शैक्षणिक पाटीमा लेखेर देखाउनुहोस् ।

(ख) विद्यार्थीले भनेका वाक्यका क्रियापदका बारेमा विभिन्न उदाहरण दिएर छलफल गर्नुहोस् ।

(ग) भूत काल र वर्तमान काल जनाउने क्रियापदपत्ती प्रदर्शन गरेर उच्चारण गर्न लगाउनुहोस्, जस्तै : राख्छु, राखेँ, सोध्छ, सोध्यो आदि ।

(घ) विद्यार्थीलाई एक एकओटा क्रियापद लेखिएको शब्दपत्ती वितरण गर्नुहोस् । ती क्रियापदलाई वाक्य निर्माण गर्न लगाउनुहोस् । यस्तो अभ्यास गराउँदा भूत काल र वर्तमान काल जनाउने क्रियापदमा ध्यान दिन लगाउनुहोस् ।

(ङ) वर्तमान र भूत काल लेखिएको तालिका प्रदर्शन गर्नुहोस् । उनीहरूसँग भएका शब्द पहिचान गरी तालिकामा राख्न लगाउनुहोस् । सिकाइमा कठिनाइ हुने विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ४ को क्रियाकलाप७ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

उदाहरणमा दिइए जस्तै वाक्य परिवर्तन गर्नुहोस् र कापीमा लेख्नुहोस् :

म दाल र भात खान्छु । मैले दाल र भात खाएँ ।

(क) म लुगा पट्याएर दराजमा राख्छु ।

(ख) राजु नजानेको कुरा शिक्षकलाई सोध्छ ।

(ग) नम्रता धनकुटाबाट सुन्तला ल्याउँछिन् ।

(घ) हामी मामाघर जान्छौँ ।

(ङ) धनियाँ बजार जान्छिन् ।

## क्रियाकलाप ८ 

(क) विद्यार्थीका परिवारका सदस्यका बारेमा छलफल गराउनुहोस् । छलफलका क्रममा ककसले के के काम गर्नुहुन्छ भनी प्रश्नोत्तर गर्नुहोस् ।

(ख) पाठमा प्रयुक्त चित्र प्रदर्शन गर्नुहोस् । चित्रमा के के देखिन्छ, छलफल गर्नुहोस् ।

(ग) विद्यार्थीलाई 'मेरो परिवार' रेकर्ड गरिएको पाठ सुनाउनुहोस् । विद्यार्थीले चित्र वर्णन गर्दा भनेका कुरा र मोबाइलमा सुनेका कुरा के के मिले, छलफल गर्नुहोस् ।

(घ) शिक्षकले पाठ्यपुस्तकमा भएको 'मेरो परिवार' पाठ बिस्तारै सस्वरवाचन गर्नुहोस् । त्यसपछि विद्यार्थीलाई पाठको अनुवाचन तथा सहवाचन गर्न लगाउनुहोस् ।यस क्रममा विद्यार्थीले उच्चारण

गर्न नसकेका शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् । रेखाङ्कन गरेका शब्द जनाउने चित्र वा ठोस वस्तु प्रदर्शन गर्दै शब्द सँगसँगै उच्चारण गराउनुहोस् । राम्ररी उच्चारण गर्न नसकेसम्म पटक पटक अभ्यास गराउनुहोस् ।

(ङ) पाठमा प्रयोग भएका वाक्यपत्तीलाई छ्यासमिस गरी विद्यार्थीको समूहमा वितरण गर्नुहोस् र ती वाक्यपत्तीलाई पाठमा प्रयोग गरिए जसरी वाक्यलाई क्रमशः मिलाएर पढ्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ४ र ५ को 'मेरो परिवार' पाठ पढी प्रश्नको उत्तर भन्न लगाउनुहोस् ।

पढ्नुहोस् र उत्तर भन्नुहोस् :

मेरो परिवार



मेरो नाम मोनिका हो । म सानो परिवारमा बस्छु । मेरो घरमा आमा, बुबा र म मात्र बस्छौं । बुबा आमाकी म एक्ली सन्तान हुँ । आमा र बुबा दुवै अफिसमा काम गर्नुहुन्छ । उहाँहरू दुवै मिलेर घरको काम गर्नुहुन्छ । उहाँहरू बिहानदेखि बेलुकासम्म व्यस्त हुनुहुन्छ । उहाँहरू काममा खटेको देख्दा मलाई पनि काम सघाउन मन लाग्छ । मैले भान्सामा तरकारी केलाउन र पखाल्न सघाउँछु । चिया नास्ता खाएका साना साना कप र प्लेटहरू माझ्छु । म मेरा कपडा पट्याएर राख्छु । म घरका सामानहरू मिलाएर राख्छु । मेरो घरमा सानो पप्पी पनि पालेको छ । म उसलाई धेरै माया गर्छु । ऊ पनि मलाई धेरै माया गर्छ । म उसलाई खाना र पानी दिन्छु । उसले खाएका भाँडा सफा गरिदिन्छु । उसलाई एकछिन चउरमा डुलाएर ल्याउँछु । यसरी सबै काम सकेपछि साबुन पानीले मिचीमिची हात धुन्छु ।

आजभोलि त मैले आफूले गर्ने कामको सूची नै बनाएकी छु । म आफूले सक्नेजति काम आफैं जानेर गर्छु । मेरो काम देखेर मेरा आमाबुबा मलाई स्याबासी दिनुहुन्छ । यसरी स्याबासी पाउँदा झन् मलाई धेरै काम गर्न मन पर्छ । मलाई घरका कामहरू गर्दा रमाइलो लाग्छ र आनन्द पनि आउँछ । मेरो काम गर्ने बानी देखेर आमाबुबा मसँग धेरै खुसी हुनुहुन्छ । बुबाले कथाका रमाइला किताब उपहार ल्याइदिनु हुन्छ । पहिला म मेरो गृहकार्य गर्छु र कथाका रमाइला किताबहरू पनि पढ्छु । मैले पढ्ने समयमा आमाबुबा मसँगै बस्नुहुन्छ । आमाबुबा पनि गृहकार्य गर्न सघाउनुहुन्छ । उहाँहरू मलाई पढेका कुरा सोध्नुहुन्छ । मैले नजानेका कुराहरू सिकाइ दिनुहुन्छ । मेरो पढ्ने काम सकिएपछि सबै जना सँगै बसेर रमाइला कुराकानी गर्छौं । हामी बेलुका समयमै सुत्छौं र बिहान सबेरै उठ्छौं ।

(क) मोनिका कस्तो परिवारमा बस्छिन ?

(ख) मोनिका भान्सामा के काम गर्छिन् ?

(ग) मोनिकाका आमाबुबाले उनलाई के काममा सघाउनुहुन्छ ?

(घ) मोनिकाको बानी तपाईंलाई कस्तो लाग्यो ?

## क्रियाकलाप ९



(क) मेटाकार्डलाई एउटा एउटा गरेर प्रदर्शन गरी उच्चारण गर्न लगाउनुहोस् ।

आमा | तिमीलाई | माया गर्नुहुन्छ ।

भाउजू | सहयोग गर्नुहुन्छ । | काका | मिठाई दिनुहुन्छ ।

घुमाउन लैजानुहुन्छ । | मामा | पढाउनुहुन्छ । | उसलाई

हजुरबा | कथा सुनाउनुहुन्छ । | मलाई | लेख्न सिकाउनुहुन्छ ।

बोक्नुहुन्छ । | बुबा | फुपाजु | दिदी | हजुरआमा

(ख) विद्यार्थीले मेटाकार्डमा भएका शब्दलाई पालैपालो वाक्यमा प्रयोग गरेर भन्ने छन् । विद्यार्थीले भनेका वाक्य शैक्षणिक पाटीमा लेखेर छलफल गर्नुहोस् । वाक्य निर्माणका क्रममा प्रयोग हुने शब्द र लेख्य चिह्न पहिचान गर्न सिकाउनुहोस् ।

(ग) विद्यार्थीलाइ कर्ता, कर्म र क्रियापद पहिचान गर्न आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ५ को क्रियाकलाप ९ का आधारमा मूल्याङ्कन गर्न लगाउनुहोस् ।

नौओटा वाक्य बनाएर कापीमा लेख्नुहोस् :

| | | |
|---|---|---|
| आमा | | सहयोग गर्नुहुन्छ । |
| बुबा | | माया गर्नुहुन्छ । |
| हजुरबुबा | तिमीलाई | मिठाई दिनुहुन्छ । |
| हजुरआमा | मलाई | घुमाउन लैजानुहुन्छ । |
| काका | उसलाई | पढाउनुहुन्छ । |
| फुपू | | कथा सुनाउनुहुन्छ । |
| मामा | | लेख्न सिकाउनुहुन्छ । |
| भाउजू | | बोक्नुहुन्छ । |

## क्रियाकलाप १० 

(क) पाठमा प्रयुक्त शब्दचार्ट प्रदर्शन गर्नुहोस् र शिक्षकले उच्चारण गरेर सुनाउनुहोस् । पहिलो पटक ढिलो गतिमा वाचन गर्नुहोस् र बिस्तारै वाचन गति बढाउनुहोस् ।

(ख) विद्यार्थीलाई घडी हेर्न लगाउनुहोस् र शिक्षकले सकेसम्म छिटो वाचन गर्नुहोस् । चार्टमा भएका शब्द कति समयमावाचन गरेर पूरा गर्नुभयो, विद्यार्थीलाई सोध्नुहोस् ।

(ग) शिक्षकले वाचन गरे जस्तै विद्यार्थीलाई वाचन गराउनुहोस् ।विद्यार्थीले कति समयमा वाचन गर्न सके, समय बताइदिनुहोस् ।

(घ) विद्यार्थीलाईजोडी समूहमा विभाजन गर्नुहोस् । प्रत्येक जोडी समूहलाईपालैपालो घडी हेरी शब्दचार्टमा भएका शब्द उच्चारण गराउनुहोस् । कसले कति समयमा वाचन पूरा गरे, टिपोट गर्नुहोस् । यसरी प्रतिस्पर्धात्मक तरिकाले छिटो छिटो पढ्ने अभ्यास गराउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ६ को क्रियाकलाप १० का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

छिटो छिटो पढ्नुहोस् :

| | | |
|---|---|---|
| खर घर | छुरा भुरा | फल भल |
| गरी घरी | ठाडे ढाडे | थाक धाक |
| जार भार | दन्न धन्न | बरबर भरभर |

## क्रियाकलाप ११ 

(क) शिक्षकले तयार गरेका शब्दपत्ती प्रदर्शन गरेर उच्चारण गर्न लगाउनुहोस् । शब्द उच्चारणपश्चात् वाक्यमा प्रयोग गरेर भन्न लगाउनुहोस् ।

(ख) पाठमा प्रयुक्त शब्द प्रयोग भएका नमुना वाक्यपत्ती प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई उच्चारण गर्न लगाउनुहोस् ।

(ग) विद्यार्थीलाई एक एकओटा शब्दपत्ती वितरण गर्नुहोस् र वाक्यमा प्रयोग गरेर भन्न लगाउनुहोस् ।

(घ) विद्यार्थीलाई अपुरो वाक्य सुनाउनुहोस् र शब्दपत्तीमा भएका शब्द हेरेर वाक्य पूरा गर्न लगाउनुहोस्, जस्तै : मुसो दुलोमा.......................।(पस्यो, हाँस्यो)

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ६ को क्रियाकलाप ११ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

खाली ठाउँमा मिल्दो शब्द भर्नुहोस् :

| | |
|---|---|
| (क) लोखर्के सहर ................................................. । | (गयो, खायो) |
| (ख) न्याउरीले चङ्गा ............................................. । | (उडायो, करायो) |
| (ग) छेपारो किराफट्याङ्ग्रा ....................................... । | (जान्छ, खान्छ) |

(घ) आमा बिरुवा ................................................ । (सुत्नुहुन्छ, रोप्नुहुन्छ)

(ङ) बुबा बिरुवामा पानी ........................................... । (हाल्नुहुन्छ, झिक्नुहुन्छ)

## क्रियाकलाप १२ 

(क) शब्दपत्ती प्रदर्शन गरी शब्दका अर्थ भन्न लगाउनुहोस् । विद्यार्थीलाई शब्दको अर्थपत्ती प्रदर्शन गर्दै विद्यार्थीले भनेका अर्थ मिले नमिलेको पहिचान गराउनुहोस् ।

(ख) विद्यार्थीले शब्दार्थ बोध गरे नगरेको परीक्षण गर्न निम्न तरिकाबाट सम्झन खेल खेलाउनुहोस् :

(अ) विद्यार्थीलाई चारओटा समूहमा विभाजन गर्नुहोस् । खेलका लागि प्रत्येक समूहबाट एक एक जना खेलाडी छान्नुहोस् । अरूलाई खेल हेर्न लगाउनुहोस् ।

(आ) खेलाडीका बिचमा शब्दपत्ती र अर्थपत्तीलाई छ्यासमिस गरेरवर्गाकार हुने गरी लाइनमा छोपेर राख्नुहोस् ।

(ग) खेल खेल्दा खेलाडीले एकपटकमा दुईओटा पत्ती पल्टाउन पाउने छ । खेलाडीले शब्द र अर्थ मिलाएको पत्तीराख्न पाउने छ ।शब्दपत्ती पल्टाउँदा नमिल्ने अर्थ परेमा अर्को खेलाडीको पालो आउने छ । यस्तो अवस्थामा खेलाडीले पत्ती पनि राख्न पाउने छैन । यसरी पालैपालो शब्दार्थ खेल खेलाउनुहोस् । खेलको अन्त्यमा जुन खेलाडीसँग शब्द र अर्थपत्ती धेरै हुन्छ, उसको जित भएको घोषणा गर्नुहोस् ।

(घ) शब्दपत्ती र अर्थपत्तीबिच जोडा मिलाउने क्रममा शब्द र अर्थ सही भएमा आफूले पनि पढेर सुनाउनुहोस् र विद्यार्थीलाई पनि शब्द र अर्थ भन्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ६ को क्रियाकलाप १२ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| डालो | एक प्रकारको तरकारी |
| दह | कपडाको सानो टुक्रो |
| फर्सी | चोयाले बुनेको फराकिलो मुख र साघुरो पिँध भएको अन्नपात राख्ने भाँडो |
| टालो | पानी जमेको ठाउँ |

## क्रियाकलाप १३ 

(क) विद्यार्थीलाई पाठमा प्रयुक्त समान संरचना भएका शब्दपत्तीप्रदर्शन गर्नुहोस् र उच्चारण

गर्न लगाउनुहोस् ।ती शब्दका बारेमा प्रश्नोत्तर गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । शब्द उच्चारणपश्चात् शब्द संरचनाका आधारमा उच्चारण गर्ने अभ्यास गराउनुहोस् । पाठमा प्रयुक्त शब्दलाई वाक्यमा प्रयोग गर्न सहजीकरण गर्नुहोस् ।

(ख) शिक्षकले पाठमा प्रयुक्त चित्र प्रदर्शन गर्दै 'डालामा फर्सी' कथा वाचन गरेर सुनाउनुहोस् । कथा सुनाउँदा आरोह, अवरोह, गति, यति, हाउभाउ र वाचन कलालाई विशेष जोड दिनुहोस् ।

(ग) कथा वाचन गरेर सुनाउने क्रममा प्रश्नोत्तर पनि गर्नुहोस् ।

(घ) विद्यार्थीलाई पालैपालो सस्वर पठन गर्न लगाउनुहोस् । यस क्रममा उच्चारण गर्नकठिन भएका शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् र शिक्षकले सहजीकरण गरिदिनुहोस् ।

(ङ) पाठमा भएका प्रश्नका उत्तर पहिचान गर्न लगाउनुहोस् र विद्यार्थीको आवश्यकताअनुसार उत्तर लेख्न सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ७ को क्रियाकलाप १३ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

पाठ पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

डालामा फर्सी



बलबहादुर गाउँका नामी किसान हुन् । उनी विभिन्न थरीका तरकारी फलाउँछन् । उनी टारबारी र खेतका गरामा हरिया तरकारी
रोप्छन् । बलबहादुर बारीमा ड्याङ बनाउँछन् । उनी नजिकको दहबाट पानी ल्याएर हाल्छन् । उनको पलपलको मिहिनेतले उनलाई खुसी तुल्याउँछ ।

बलबहादुरका बारीमा एकपल्ट अनौठो फर्सी फल्यो । त्यो फर्सी हेर्दा डालो जस्तो देखिन्थ्यो । फर्सी हेर्न तलमाथिका मानिसहरू जम्मा भए । "यस्तो अनौठो फर्सी कसरी फल्यो ?" सबैले कल्पना गर्न थाले । कसैले यसको बिउ फरक हुनुपर्छ भने । थलबहादुरले भने, "उनी कपमा केही घोलेर फर्सीका फेदमा हाल्थे । टालामा बाँधेको धुलो पनि जरामा हाल्थे । उनी चराले जरा खान्छ कि भनेर हेरिरहन्थे । नयाँ मल नै हाल्नुपर्ने त होइन होला नि ?" तर धेरैले सही अनुमान गर्न सकेनन् । अन्त्यमा सबैले यस्तो फर्सी फलाउने जुक्ति बताउन बलबहादुरलाई कर गरे ।

सबैको अनुरोधपछि बलबहादुरले सबैतिर फर्केर भने, "यसपालि मलाई नौलो फर्सी फलाउन मन लाग्यो । मैले फर्सीको चिचिलालाई घैँटामा राखेर घैँटो जस्तो फलाएँ । हाँडीमा राखेर त्यस्तै आकारको फर्सी फलाएँ । यो चाहिँ चिचिलैमा डालामा राखेर फलाएको फर्सी हो । डालो जस्तै पो फल्यो ! अब पर्सि हुने प्रदर्शनीमा यही फर्सी लिएर जाने विचार छ ।" उनको कुरा सुनेर सबै जना छक्क परे । उनीहरू सोच्न थाले, 'यो फर्सीको तरकारी कति मिठो होला !'

(क) बलबहादुरका बारीमा के फल्यो ? ..........................................................................
(ख) तलमाथिका मानिस किन जम्मा भए ? ..................................................................
(ग) डालो जस्तो फर्सी कसरी फल्यो ? ........................................................................

## क्रियाकलाप १४

(क) 'डालामा फर्सी' कथा लेखिएको चार्ट प्रदर्शन गर्नुहोस् । कथालाई सस्वरवाचन गरेर सुनाउनुहोस् । विद्यार्थीलाई पनि कथा पढेर सुनाउन लगाउनुहोस् ।कथा पढ्दा फर्सी शब्दमा रेखाङ्कन गर्नलगाउनुहोस् ।

(ख) विद्यार्थीले रेखाङ्कन गरेको फर्सी शब्दको ठाउँमा काँक्रो शब्द राखेर कथा पढेर सुनाउनुहोस् ।

(ग) विद्यार्थीलाई फर्सी शब्दका सट्टा काँक्रो शब्द राखेर पढ्न लगाउनुहोस् । विद्यार्थीले शब्द परिवर्तन गरेर पढेको ध्यानपूर्वक सुनेर आवश्यक सहजीकरण गर्नुहोस् ।

(घ) फर्सी शब्दको सट्टा काँक्रो शब्द राखेर पाठ पुनर्लेखन गर्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ७ को क्रियाकलाप १४ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

१४. फर्सीको सट्टामा कुभिन्डो राखी 'डालामा फर्सी' पाठको पुनर्लेखन गर्नुहोस् ।

# पाठ २

## (क) सिकाइ सहजीकरण योजना

| क्र. स . | विषयवस्तु | व्यवहारकुशल सिप | अनुमानित घन्टी | पाठ्य तथा कार्यपुस्तकको सम्बन्धित पृष्ठसङ्ख्या |
|---|---|---|---|---|
| १. | समान संरचना भएका शब्द | प्रयोग सिप (S1.1)<br>सिकाइ सिप (S1.2)<br>सञ्चार सिप (S3.1)<br>सहकार्य सिप (S3.2)<br>दृश्य साक्षरता सिप (S4.3) | ४ | ८ देखि १० |
| २. | समान संरचना भएका शब्द | | ३ | ११ देखि १४ |
| ३. | विषयक्षेत्रगत मूल्याङ्कन | | १ | १५ र १६ |

## (ख) सिकाइ क्रियाकलापका आधार

यस पाठको सिकाइ सहजीकरण गर्नुपूर्व निम्नानुसारको पूर्वतयारी गर्नुहोस् :

| पठन तत्त्व | क्रियाकलापको आधार | क्रियाकलापको सङ्केत र क्रम | सिकाइ सामग्री |
|---|---|---|---|
| ध्वनि सचेतीकरण | शिक्षकको पूर्ण सहयोग |  १ | १. पाठमा प्रयुक्त शब्दको भिन्न ध्वनि भएका शब्दका शब्दपत्ती<br>(तातो - टाटो, थाम - ठाम, दर - डर, जन - धन, गुन - गुण, शुद्ध - बुद्ध, सानु - छानु, जानु - दानु - मानु, चुली - फुली - खुली, कुनो - तुनो - दुनो, काट - खाट, चोली - झोली - ताली- थाली, हात - हाट, थ्याच्च - घ्याच्च, तनक्क - टनक्क, मगन्ते - घुमन्ते - डुलन्ते - उडन्ते - पढन्ते - फिरन्ते)<br>२. पाठमा प्रयुक्त चित्र वा पोस्टर<br>३. 'सुन साथी सुन' कविता चार्ट |
| दृश्यबोध | शिक्षकको आंशिक सहयोग |  २ | १. पाठमा प्रयुक्त चित्र तथा पोस्टर |
| लेख्यवर्ण सचेतीकरण | स्वयम् सिकाइ |  ३ | १ पाठमा प्रयुक्त शब्दका शब्दपत्तीहरू<br>(काट - खाट, चोली - झोली - ताली- थाली, हात - हाट, थ्याच्च - घ्याच्च, तनक्क - टनक्क, मगन्ते - घुमन्ते - डुलन्ते - |

| | | | |
|---|---|---|---|
| | | | उडन्ते - पढन्ते - फिरन्ते) |
| पठन प्रवाह | दौँतरी सिकाइ |  ४ | १. संवादको अनुच्छेद चार्ट<br>२. लेख्य चिहृन प्रयोग भएका वाक्यपत्तीहरू<br>३. पाठमा प्रयुक्त चित्रपत्ती<br>४. बहुवैकल्पिक उत्तर भएका प्रश्न र उत्तरका चार्ट |
| शब्दभण्डार | स्वयम् सिकाइ |  ५ | १ पाठमा प्रयुक्त शब्दका शब्दपत्तीहरू<br>(जुरुक्क, लुरुक्क, पुलुक्क, भुलुक्क, झुलुक्क, कुटुकुटु, टुलुटुलु, ढुकढुक, गुनुगुन) |
| शब्दभण्डार | शिक्षकको आंशिक सहयोग |  ६ | १. विन्डो चार्ट चारओटा<br>(क) भान्सामा प्रयोग हुने सामानको नाम<br>(ख) नाताबोधक शब्द<br>(ग)विद्यालयमा प्रयो हुने शब्द<br>(घ) खेल सामग्रीको नाम<br>२. फरक रङका साइनपेन ४ ओटा, मास्क्सिङ टेप १ ओटा, सिटी एउटा |
| शब्दभण्डार | स्वयम् सिकाइ |  ७ | १. पाठमा प्रयुक्त अनुकरणत्मक शब्दका शब्दपत्तीहरू<br>(मुसुक्क, टुसुक्क, लुरुलुरु, खुरखुरु, टुसुक्क, भुसुक्क, खुसुक्क, जुरुक्क)<br>२. नमुना वाक्यपत्तीहरू |
| श्रुतिबोध | शिक्षकको पूर्णसहयोग |  ८ | १. पाठमा प्रयुक्त चित्र तथा पोस्टर<br>२. 'सुनको फुल' रेकर्ड गरेको डिभाइस |
| शब्दभण्डार | स्वयम् सिकाइ |  ९ | १. पाठमा प्रयुक्त अनुकरणात्मक शब्दका शब्दपत्तीहरू<br>(टुकुटुकु , टुलुटुलु, कुटुकुटु, चुलबुलु, लुगलुग, गुनगुन, मुसुक्क, टुसुक्क, जुरुक्क, फटाफट)<br>२. नमुना वाक्यपत्तीहरू |
| कार्यमूलक व्याकरण | शिक्षकको आंशिक सहयोग |  १० | १. एकवचन र बहुवचन शब्द प्रयोग भएका नमुना वाक्यपत्तीहरू |
| पठनबोध | शिक्षकको आंशिक सहयोग |  ११ | १. 'पुस्तक नै राम्रो' पाठमा प्रयुक्त असमान संरचना भएका शब्दका शब्दपत्तीहरू<br>(खुसुक्क, जुरुक्क, झुलुक्क, टुपुक्क, टुसुक्क, |

| | | | |
|---|---|---|---|
| | | | पुलुक्क, भुसुक्क, लुरुक्क, सुटुक्क, सुलुक्क)<br>२. नमुना वाक्यपत्तीहरू |
| लेखाइ | **स्वयम् सिकाइ** |  १२ | १. विवरण लेखिएको चार्ट<br>नाम :<br>बुबाको नाम :<br>आमाको नाम :<br>हजुरबुबाको नाम :<br>हजुरआमाको नाम :<br>शिक्षकको नाम :<br>विद्यालयको नाम : |
| लेखाइ | **स्वयम् सिकाइ** |  १३ | १. अनुच्छेद लेखिएको चार्ट<br>२. नमुना वाक्यपत्तहिरू |
| लेखाइ | **दौँतरी सिकाइ** |  १४ | १. पाठमा प्रयुक्त सिंहको पूर्ण वाक्यमा लेखिएको कथा<br>२. अपूर्ण वाक्य भएका वाक्यपत्तीहरू<br>वनमा एउटा सिंह.................। |
| लेखाइ | **स्वयम् सिकाइ** |  १५ | १. विद्यार्थीका पारिवारिक परिवेशका सामग्री |
| विषयक्षेत्रगत मूल्याङ्कन | |  | पाठ्यपुस्तक |

**(ग) सिकाइ क्रियाकलाप**

क्रियाकलाप १ 

(क) शिक्षकले कक्षाका विद्यार्थीलाई अभिवादन गरी विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

(ख) विद्यार्थीसँग पाठको चित्र देखाउँदै के भएको होला, जस्ता प्रसङ्ग जोडेर छलफल गर्नुहोस् ।

(ग) पाठमा प्रयुक्त शब्दको सुरुमा असमान ध्वनि भएका शब्दका शब्दपत्ती प्रदर्शन गर्नुहोस्, जस्तै : तातो - टाटो, थाम - ठाम, दर - डर, जन - धन ।

(घ) माथिका शब्दमा भएका सुरुको ध्वनि पहिचान गरेर उच्चारण गर्न लगाउनुहोस् । सबै शब्दमा प्रयोग भएका सुरुको ध्वनि पहिचान गराएर शब्द उच्चारण गर्न लगाउनुहोस् । शब्द उच्चारणपश्चात् शब्द संरचनाका आधारमा उच्चारण गर्ने अभ्यास गराउनुहोस् ।

(ङ) शब्दका अर्थगत बोधका लागि वाक्यमा प्रयोग गरेर सुनाउनुहोस् ।

(च) सबै विद्यार्थीलाई एक एकओटा शब्दपत्ती दिनुहोस् र पालैपालो शब्दलाई उच्चारण गरी शब्द संरचनाका आधारमा उच्चारण गर्ने अभ्यास गराउनुहोस् । विद्यार्थीलाई शब्दको अर्थबोधका

लागि वाक्यमा भन्न लगाउनुहोस् । विद्यार्थीले भनेका वाक्य शैक्षणिक पाटीमा लेख्नुहोस् ।

(छ) 'सुन साथी सुन' कविता चार्ट प्रदर्शन गर्नुहोस् । कविता गति, यति, लय र हाउभाउसहित गाएर सुनाउनुहोस् । त्यसपछि विद्यार्थीसँगै गाउनुहोस् । लयबद्ध वाचनमा समस्या भएका विद्यार्थीलाई उपयुक्त चिह्न, सङ्केत र क्रियाकलापको उपयोग गरी थप सिकाइको अवसर प्रदान गर्नुहोस् । यस क्रममा क्रमिक सिकाइ रणनीति (शिक्षकले गरेर देखाउने, शिक्षक र विद्यार्थीले सँगसँगै गर्ने, विद्यार्थी विद्यार्थीसँगै अभ्यास गर्ने र विद्यार्थीलाई व्यक्तिगत रूपमा गर्न लगाउने) लाई उपयोग गर्नुहोस् ।

**मूल्याङ्कन**

१. पाठ्यपुस्तकको पृ.स. ८ को 'सुन साथी सुन' कविता गति, यति र लय हालेर सुनाउन लगाउनुहोस् ।

लय मिलाएर गाउनुहोस् :

सुन साथी सुन

दालभात तातो थियो दुध थियो तातो
खाँदाखेरि पोखिएर लुगामा भो टाटो
बाँसै काटी बार बार्ने साल काटी थाम
सफासुग्घर राख्नुपर्छ आफू बस्ने ठाम ।

बजारमा बढेको छ सामानको दर
कापी किन्न जान पनि लागेको छ डर
आमाबुबा काम गरी कमाउने धन
हामीलाई खेलौना र कापी किन्ने मन ।

सानु सानु घर मेरो सानु सानु छानो
हामी खान्छौँ सधैँ आफ्नो पौरखको मानो
हावापानी माटो अनि घर राख्छौँ शुद्ध
मन पनि सफा भए मान्छे बन्छ बुद्ध ।

मेरो घरको धुरीबाट देख्छु हिमाल चुली
सफा हिमाल हाँस्दाखेरि मन आउँछ खुली
मान्छे पनि सफा बन्नु राम्रो हो रे गुन
सफा हुन्छ स्वस्थ बन्छु सुन साथी सुन ।

२. शब्दपत्तीमा भएका शब्द 'सुन साथी सुन' कवितामा खोज्न लगाई र ती शब्दलाई रेखाङ्कन गर्नु लगाउनुहोस् ।

**क्रियाकलाप २**

(क) विद्यार्थीसँग भान्सामा प्रयोग गरिने भाँडाकुँडाका बारेमा छलफल गर्नुहोस् । विद्यार्थीले भनेका भाँडाकुँडाका नाम शैक्षणिक पाटीमा लेखेर सूची बनाउनुहोस् ।

(ख) विद्यार्थीलाई भाँडाकुँडाका चित्र प्रदर्शन गरी तिनका नाम भन्न लगाउनुहोस् ।


(ग) विद्यार्थीलाई पाठमा प्रयुक्त चित्र तथा पोस्टर प्रदर्शन गरेर चित्रमा भएको कुरा अनुमान, पूर्वानुमान गरी वर्णन गर्न लगाउनुहोस् ।

(घ) के, किन, कति, कस्तो, कसरी जस्ता प्रश्नका आधारमा चित्रका बारेमा भन्न लगाउनुहोस् । चित्रमा भएकोपरिवेश समेटेर वर्णन गराउनुहोस् ।

(ङ) पाठमा प्रयोग भएका चित्रसँग मिल्दाजुल्दा मानिस वा पारिवारिक वातावरण देखिने चित्र वा पोस्टर प्रदर्शन गरी सिकाइको थप अवसर प्रदान गर्नुहोस् । यस क्रममा शब्द चित्रपत्तीको प्रयोग र शब्दबोध गर्ने अवसर पनि प्रदान गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ८ को क्रियाकलाप २ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।



**क्रियाकलाप ३** 

(क) शब्दपत्तीहरूप्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई उच्चारण गर्न लगाउनुहोस् ।

(ख) शैक्षणिक पाटीमा शब्द लेखेर ती शब्दका अर्थगत बोधका लागि मौखिक रूपमा वाक्यमा प्रयोग गरी अर्थ स्पष्ट गराउनुहोस् ।

(ग) शिक्षकले प्रदर्शन गरेका शब्दपत्ती पढ्दै कापीमा जस्ताको त्यस्तै लेख्न लगाउनुहोस् ।

(घ) विद्यार्थीले सही तरिकाले शब्द कापीमा लेखेको वा नलेखेको अवलोकन गरी समस्या भएका विद्यार्थीलाई आवश्यक पृष्ठपोषणसहित सहजीकरण गर्नुहोस् ।


**मूल्याङ्कन**

१. पाठ्यपुस्तकको पृ.स. ९ को क्रियाकलाप ३ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

पढ्नुहोस् र लेख्नुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| काट | खाट | चोली | झोली | टाली | थाली |
| ........... | ............ | ........... | .......... | ......... | ......... |
| हात | हाट | थ्याच्च | घ्याच्च | टनक्क | तनक्क |
| ........... | ........... | .......... | .......... | ........... | .......... |

## क्रियाकलाप ४



(क) पाठमा प्रयुक्त चित्रपत्ती प्रदर्शन गरेर चित्रका बारेमा छलफल गर्नुहोस् । चित्रमा कति जना मानिस छन् ? तिनीहरू के के गर्दै छन् ? के के कुरा गर्दै होलान् ? यस्ता प्रश्न सोधेर विद्यार्थीसँग छलफल गर्नुहोस् ।

(ख) संवादमा प्रयोग भएका लेख्य चिह्नकावाक्यपत्ती प्रदर्शन गर्नुहोस् । ती वाक्य पढ्न लगाउनुहोस् । लेख्य चिह्नअनुसार वाक्य पठन प्रवाहसम्बन्धी आवश्यक सहजीकरण गर्नुहोस् ।

(ग) संवाद लेखिएको चार्ट प्रदर्शन गर्नुहोस् । संवादलाई नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् । सस्वरवाचन गर्दा शब्द, वाक्य र अनुच्छेद देखाउँदै आरोह, अवरोह, गति र यतिलाई ध्यान दिनुहोस् ।

(घ) विद्यार्थीसँग मिलेर कुराकानीलाई सस्वरवाचन गर्न लगाउनुहोस् । यस क्रममा सम्भव भएसम्म श्रव्य सामग्री तथा मल्टिमिडियाको उपयोगगर्नुहोस् । मल्टिमिडियाको उपयोग गर्दाछात्र र छात्राको स्वरमा रेकर्ड गराई कक्षामा सुनाउनुहोस् ।

(ङ) कुनै विद्यार्थीको सहयोग लिई कुराकानीलाई पपेटका माध्यमबाट अभिनयात्मक कथनगर्नुहोस् ।यसका लागि शिक्षकले थप नमुनाप्रदर्शन गर्नुहोस् ।

(च) विद्यार्थीलाई जोडी समूहमा विभाजन गर्नुहोस् ।कुनै एक जोडीलाई बुबा र छोरी बनेर नमुनाका रूपमा कुराकानी गर्न लगाउनुहोस् ।

(छ) कुराकानीमा भएका विषयवस्तुमा आधारित भएर बहुवैकल्पिक उत्तर भएका प्रश्न र उत्तरका चार्ट प्रदर्शन गर्नुहोस् । प्रश्नको सही उत्तर पहिचान गर्न सहजीकरण गराउनुहोस् । उत्तर पहिचानका लागि संवाद लेखिएको चार्टमा पढ्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

१. पाठ्यपुस्तकको पृ.स.९ को 'राम्रो बानी' पाठलाई समूहमा कुराकानी गर्न लगाउनुहोस् ।

पालैपालो पढ्नुहोस् र ठिक उत्तरमा चिनो लगाउनुहोस् :

रात्रो बानी

बुबा : छोरी, तिमी के गरिरहेकी छ्यौ ?

छोरी : बुबा म गृहकार्य गर्दै छु । मलाई नयाँ सिसाकलम, रङ र इरेजर चाहिएको छ ।

बुबा : हुन्छ नि (पैसा दिँदै) । ल तिमी यो सय रुपियाँ लिएर पसलमा जाऊ । आफूलाई चाहिएका सामान किन । (पैसा पाउनासाथ छोरी नजिकैको पसलमा जान्छिन् ।)

छोरी : नमस्कार काका ! मलाई एउटा कलम, दुईओटा कापी, एक प्याकेट रङ र एउटा इरेजर दिनुहोस् न ।

पसले : (सबै सामानको मूल्य सुनाउँदै) ल लेऊ नानी ! सामानको जम्मा पन्चानब्बे रुपियाँ भयो ।

छोरी : (१०० को नोट दिँदै) ल लिनुहोस् काका !

पसले : पाँच रुपियाँ फिर्ता लैजाऊ ।

छोरी : (सबै विवरण बुबालाई सुनाउँदै) बुबा, मैले तिस रुपियाँको कलम किनेँ । यसपछि पन्ध्र रुपियाँ दरका दुईओटा कापी किनेँ ।

बुबा : स्याबास छोरी ।

छोरी : अँ त्यति मात्र हैन नि बुबा ! बिस रुपियाँको रङ पनि किनेँ । दश रुपियाँको सिसाकलम किनेँ । पाँच रुपियाँको इरेजर किनेँ ।

बुबा : अनि पैसा पुग्यो त तिमीलाई ?

छोरी : अझै मसँग पाँच रुपियाँ बाँकी छ नि ! लिनुहोस् यो बाँकी पैसा राख्नुहोस् ।

बुबा : स्याबास छोरी ! यो पैसा तिमी नै राख ।

(क) पाठमा को को कुराकानी गर्दै छन् ?

(अ) आमा, छोरी र पसले ☐ (आ) पसले, छोरी र हजुरबुबा ☐

(इ) बुबा, छोरी र पसले ☐ (ई) छोरो, पसले र छोरी ☐

(ख) छोरीसँग कति रुपियाँ बाँकी थियो ?

(अ) तिस ☐ (आ) बिस ☐ (इ) पन्ध्र ☐ (ई) पाँच ☐

(ग) बुबाले छोरीलाई किन स्याबास भन्नुभयो ?

(अ) बाँकी पैसा फिर्ता गरेकाले ☐ (आ) बुबासँग पैसा मागेकाले ☐

(इ) पसलमा गएकाले ☐ (ई) गृहकार्य गरेकाले ☐

२. पाठमा प्रयुक्त प्रश्नका उत्तर पहिचान गरी मिल्ने उत्तरमा चिह्न लगाए नलगाएको अवलोकन गर्नुहोस् ।

## क्रियाकलाप ५



(क) शब्दपत्तीहरूप्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई शब्दपत्तीमा भएका शब्द उच्चारण गर्न लगाउनुहोस् ।

(ख) शब्दलाई शैक्षिणिक पाटीमा लेख्नुहोस् । अर्थगत बोधका लागि मौखिक रूपमा ती शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ग) शिक्षकले प्रदर्शन गरेका शब्दका पहिलो वर्ण परिवर्तन गरेर नयाँ शब्द निर्माण गर्न सहजीकरण गर्नुहोस् । नयाँ शब्द बनाउनका लागि शब्दका सुरुमा ख, घ, स, च, झ, प, ट, गवर्ण प्रयोग गर्न लगाउनुहोस्, जस्तै : जुरुक्क - खुरुक्क, झुलुक्क - पुलुक्क, लुरुक्क - खुरुक्क आदि ।

(घ) नयाँ शब्दको अर्थगत बोधका लागि मौखिक रूपमाअर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

१. पाठ्यपुस्तकको पृ.स १० को क्रियाकलाप ५ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

उदाहरणमा दिइए जस्तै वर्ण परिवर्तन गरेर नयाँ शब्द बनाउनुहोस् :

उदाहरण : खुसुक्क मुसुक्क (ख को सट्टा म), कटकट घटघट (क को सट्टा घ)

| | | | |
|---|---|---|---|
| (क) जुरुक्क .................. | (ज को सट्टा फ) | (ख) झुलुक्क .................. | (झ को सट्टा प) |
| (ग) लुरुक्क .................. | (ल को सट्टा ख) | (घ) पुलुक्क .................. | (प को सट्टा स) |
| (ङ) कुटुकुटु .................. | (क को सट्टा घ) | (च) टुलुटुलु .................. | (ट को सट्टा क) |
| (छ) ढुकढुक .................. | (ढ को सट्टा च) | (ज) गुनगुन .................. | (ग को सट्टा भ) |

## क्रियाकलाप ६



(क) विद्यार्थीसँग भान्साकोठामा प्रयोग हुने सामानका नाम, नाता जनाउने शब्द, विद्यालयमा प्रयोग हुने शब्द र खेलका नामका बारेमा क्रमशः छलफल गर्नुहोस् ।

(ख) विन्डो चार्टलाई शैक्षिणिक पाटीमा टाँस्नुहोस् ।

(ग) विद्यार्थी समूहलाई एक एकओटा साइनपेन दिएर एक एकओटा विन्डो चार्टमा २ मिनेटभित्र लेख्न लगाउनुहोस् ।

(घ) निर्धारित समय सकिएपछि शिक्षकले सिटी बजाउनुहोस् र अर्को विद्यार्थी समूहलाई पठाउनुहोस् ।

चार्टमा भएका विषयवस्तु पढेर समूहमा छलफल गरी थप नयाँ शब्दचार्टमा लेख्न लगाउनुहोस् । यसका लागिदुई मिनेट समय दिनुहोस् । समय सकिएपछि शिक्षकले सिटी बजाउनुहोस् र पहिले गरे जस्तै नयाँ शब्द पहिचान गरी चार्टमा लेख्न लगाउनुहोस् । यसैगरी चारओटै समूहलाई पालैपालो चार्टमा लेख्ने अभ्यास गराउनुहोस् ।

(ङ) विद्यार्थीलाई आफ्नो समूहबाट लेखिएका कुरा विन्डो चार्ट हेरेर जाँच्न लगाउनुहोस् । उपयुक्त शब्द नमिलेमा सहजीकरण गर्नुहोस् । विद्यार्थीलाई पालैपालो पढेर सुनाउन लगाउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ११ कोक्रियाकलाप ६ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

तालिकामा मिल्ने शब्द भर्नुहोस् :

| भान्सामा प्रयोग हुने शब्द | नाताबोधक शब्द | विद्यालयमा प्रयोग हुने शब्द | खेलसँग सम्बन्धित शब्द |
|---|---|---|---|
| १. कचौरा | १. फुपू | १. चक | १. भकुन्डो |
| २. .................... | २. ........................ | २. ........................ | २. ..................... |
| ३. .................... | ३. .......................... | ३. ........................ | ३. ...................... |

## क्रियाकलाप ७



(क) विद्यार्थीलाई अनुकरणात्मक शब्द लेखिएका शब्दपत्ती प्रदर्शन गरेर उच्चारण गर्न लगाउनुहोस् । शब्द उच्चारणपश्चात् वाक्यमा प्रयोग गरेर भन्न लगाउनुहोस् ।

(ख) नमुना वाक्यपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

(ग) विद्यार्थीलाई एक एकओटा शब्दपत्ती वितरण गर्नुहोस् । ती शब्दपत्तीमा भएका शब्दलाई वाक्यमा प्रयोग गरेर भन्न लगाउनुहोस् ।

(घ) विद्यार्थीलाई अपूरो वाक्य सुनाउनुहोस् र शब्दपत्तीमा भएका शब्द हेरेर वाक्य पूरा गर्न लगाउनुहोस्, जस्तै : म .............................हाँस्छु । (मुसुक्क, टुसुक्क)

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ११ कोक्रियाकलाप ७ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् :

(क) म .................................... हाँस्छु । (मुसुक्क, टुङुक्क)

(ख) तिमी .................................... पढ । (लुरुलुरु, खुरुखुरु)

(ग) मुडामा .................................... बस । (टुसुक्क, भुसुक्क)

(घ) उनले त्यो कुरा .............................. सुनाइन् । (खुसुक्क, जुरुक्क)

## क्रियाकलाप ८

(क) पाठमा प्रयुक्त चित्र प्रदर्शन गर्नुहोस् । चित्रमा के के भएको देखिन्छ, छलफल गर्नुहोस् ।

(ख) 'सुनको फूल' रेकर्ड गरिएको पाठसुनाउनुहोस् । विद्यार्थीले चित्र वर्णन गर्दा भनेका कुरा र मोबाइलमा सुनेका कुरा के के मिले, छलफल गर्नुहोस् ।

(ग) शिक्षकले पाठ्यपुस्तकमा भएको 'सुनको फुल' पाठ बिस्तारै सस्वरवाचन गरी सुनाउनुहोस् । त्यसपछि विद्यार्थीलाई पाठको अनुवाचन तथा सहवाचन गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीले उच्चारण गर्न नसकेका शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् । रेखाङ्कन गरेका शब्द जनाउने चित्र वा ठोस वस्तु प्रदर्शन गरी सँगसँगै शब्द उच्चारण गराउनुहोस् । राम्ररी उच्चारण गर्न नसकेसम्म अभ्यास गराउनुहोस् ।

(घ) पाठमा प्रयोग भएका वाक्यपत्तीलाई छ्यासमिस गरी विद्यार्थीको समूहमा वितरण गर्नुहोस् । ती वाक्यपत्तीलाई पाठमा प्रयोग गरिए जसरीक्रमशः मिलाएर पढ्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ११ को क्रियाकलाप ८ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

सुन्नुहोस् र उत्तर भन्नुहोस् :

सुनको फुल

एउटा गाउँमा राजु नामको किसान थियो । उसले कुखुर ा पाल्थ्यो । कुखुर ाले फुल पाथे ि। कुखुर ाले ती फुलबाट चल्ला पनि को र ल्थे । र ाजु कुखुर ाका फुल र चल्ला बे च्थ्यो । कुखुर ाका भाले पनि बजार मा लगे र बे च्थ्यो । एक दिन उसले कुखुर ाको खो र मा सुनको फुल दे ख्यो । उसले सुनको फुल पार्ने कुखुरो पत्ता लगायो । उसले त्यस कुखुर ालाई विशे ष हे र चाह गर्न थाल्यो । त्यस कुखुर ाले दिनदिनै सुनका फुल पार्न थाल्यो । सुनको फुल बेचे र राजुले धेर ै धन कमायो । उसले मिहिने त गर्न छाड्यो । उसलाई चाँडै धनी हुन मन लाग्यो । राजुले सुनको फुल पार्ने त्यस कुखुरालाई समाते र ल्यायो । उसले कुखुराको पेट चिऱ्यो । त्यहाँ त एउटा पनि सुनको फुल थिएन । त्यति बेलासम्म कुखुो मरि सके को थियो । राजु जिल्ल पऱ्यो ।

(क) राजुले के के बेच्थ्यो ?

(ख) राजुले कसरी धन कमायो ?

(ग) राजु किन जिल्ल पऱ्यो ?

## क्रियाकलाप ९

(क) शिक्षकले तयार पारेका अनुकरणात्मक पद र पदावली प्रदर्शन गरेर उच्चारण गर्न लगाउनुहोस् । शब्द उच्चारणपश्चात् वाक्यमा प्रयोग गरेर भन्न लगाउनुहोस् ।

(ख) अनुकरणात्मक शब्द प्रयोग गरी नमुना वाक्यपत्ती प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई पढ्न लगाउनुहोस् ।

(ग) शिक्षकले प्रदर्शन गरेको शब्दपत्ती विद्यार्थीलाई एक एकओटा वितरण गर्नुहोस् र वाक्यमा प्रयोग गरेर भन्न लगाउनुहोस् ।

(घ) विद्यार्थीलाई शब्दपत्ती दिनुहोस् र उच्चारण गर्न लगाउनुहोस् । विद्यार्थीले उच्चारण गरेका शब्दअनुसार शिक्षकले अनुकरणअभिनय गरेर देखाउनुहोस्, जस्तै : विद्यार्थीले 'टुकुटुकु' उच्चारण गरे भने शिक्षकले टुकुटुकु हिँडेर देखाउनुहोस् । 'मुसुक्क' उच्चारण गरे भने मुसुक्क हाँसेर देखाउनुहोस् ।

(ङ) शिक्षकले शब्दपत्तीमा भएका शब्द उच्चारण गर्नुहोस् र विद्यार्थीलाई अभिनय गर्न लगाउनुहोस् ।

(च) विद्यार्थीसँग प्रश्नोत्तर गर्ने मुसुक्क हाँस्नु हुन्छ भने टुकुटुकुसँग के मिल्छ ? यसैगरी सबै अनुकरणात्मक पद र पदावली पहिचान गर्न सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १२ कोक्रियाकलाप ९ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

९. मिल्ने शब्दबिच जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| टुकुटुकु | खानु |
| कुटुकुटु | हिँड्नु |
| टुलुटुलु | गर्नु |
| चुलबुलु | हेर्नु |
| लुगलुग | लेख्नु |
| खुरुखुरु | काम्नु |

**क्रियाकलाप १०** 

(क) विद्यार्थीलाई एकवचन र बहुवचन बुझाउने शब्दका केही शब्दपत्ती प्रदर्शन गरी शब्दले बुझाउने सङ्ख्याका बारेमा छलफल गराउनुहोस् । शिक्षकले एकवचन शब्द उच्चारण गर्ने र विद्यार्थीलाई बहुवचन शब्द उच्चारण गर्न लगाउनुहोस् । यस्तो अभ्यास पालैपालो गर्नुहोस् ।

(ख) एकवचन शब्द प्रयोग भएका नमुना वाक्यपत्ती प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई बहुवचनमा प्रयोग गरी भन्न लगाउनुहोस् । वाक्य परिवर्तन गर्दा पुरुष सङ्गतिअनुसार कर्ता जुन पुरुषको छ, क्रियापद पनि त्यही पुरुषको हुनुपर्ने कुरा सहजीकरण गर्नुहोस् ।

(ग) विद्यार्थीलाई जोडी समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई एकवचन र बहुवचनका शब्दलाईपालैपालो परिवर्तन गर्ने खेल खेलाउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १२ कोक्रियाकलाप १० का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

| | |
|---|---|
| उदाहरणमा दिइए जस्तै वाक्य परिवर्तन गर्नुहोस् : | |
| म कलम किन्छु । | हामी कलम किन्छौं । |
| (क) म विद्यालय जान्छु । | ........................................................... |
| (ख) तिमी सधैँ पढ्छौ । | ........................................................... |
| (ग) ऊ असल बन्छ । | ........................................................... |
| (घ)गाई चर्छ । | ........................................................... |
| (ङ) चरो भुर्र उड्यो । | ........................................................... |

## क्रियाकलाप ११



(क) विद्यार्थीलाई मन पर्ने वस्तुका बारेमा भन्न लगाउनुहोस् । यस क्रममा पुस्तक नै राम्रो वस्तु हो भन्ने निचोड सुनाउनुहोस् ।

(ख) पाठमा प्रयुक्त चित्र प्रदर्शन गरी के भइरहेको होला, अनुमान गर्न लगाउनुहोस् ।

(ग) पाठमा प्रयुक्त असमान संरचना भएका शब्दपत्तीप्रदर्शन गर्नुहोस् र उच्चारण गर्न लगाउनुहोस् ।

ती शब्दका बारेमा प्रश्नोत्तर गरीवाक्यमा प्रयोग गर्न लगाउनुहोस् । शब्द उच्चारणपश्चात् शब्द संरचनाका आधारमा उच्चारण गर्ने अभ्यास गराउनुहोस्, जस्तै :

| शब्द | उच्चारण | | |
|---|---|---|---|
| खुसुक्क | खु | सुक् | क |
| जुरुक्क | जु | रुक् | क |

(घ) पाठमा प्रयुक्त शब्दलाई वाक्यमा प्रयोग गर्न पनि सहजीकरण गर्नुहोस् ।

(ङ) शिक्षकले पाठमा प्रयुक्त चित्र प्रदर्शन गर्दै 'पुस्तक नै राम्रो' कथा वाचन गरेर सुनाउनुहोस् । कथा सुनाउँदा आरोह, अवरोह, गति, यति, हाउभाउ र वाचन कलालाई विशेष जोड दिनुहोस् ।

(च) कथा वाचन गरेर सुनाउँदा बिच बिचमा प्रश्नोत्तर पनि गर्नुहोस् ।

(छ) विद्यार्थीलाई पालैपालो सस्वर वाचन गर्न लगाउनुहोस् । पठन गर्दा उच्चारणमा कठिन भएका शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् र शिक्षकले सहजीकरण गरिदिनुहोस् ।

(ज) पाठमा भएका प्रश्नका उत्तर पाठमा नै पहिचान गर्न लगाउनुहोस् र उत्तर लेख्न कठिनाइ भएका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १२ र १३ कोक्रियाकलाप ११ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

### पुस्तक नै राम्रो

सुमन र दिया बसिरहेका थिए । त्यहाँ पवन पनि सुटुक्क आयो । सुमन र दियाले पवनलाई पुलुक्क हेरे । पवन पनि त्यहीँ टुसुक्क बस्यो । तीन भाइबहिनीले एकैछिन गुनगुन गरे । केहीबेरमा उनीहरू जुरुक्क उठे । आमाबुबालाई पनि खुरुखुरु काम सघाए । सुमनले खाजाको पैसा बचाएर खुसुक्क खुत्रुकेमा राख्यो । दियाले चुलबुल गर्दै पैसाको पोको झोलामा लुकाई । पवनले टुलुटुलु हेऱ्यो । ला ! उसले त खाजाको पैसा जोगाउन भुसुक्कै बिर्सिएछ । ऊ खुरुखुरु घरतिर लाग्यो । बुबासँग पैसा मागी खल्तीमा राख्यो ।

केही दिनपछि आमाको जन्मदिन आयो । सुमनले खुत्रुकेको पैसा झिकी घडी किन्यो । दियाले झोलाबाट पैसा झिकी । पुस्तक किनी । पवनले खल्तीको पैसाले मिठाई किन्यो । सबैले आफूले किनेका सामान दिँदै भने, “हाम्री प्यारी आमालाई जन्मदिनको शुभकामना !”

बुबाले जन्मदिनको पूजा गरिरहनुभएको थियो । छोराछोरी उपहार लिएर उभिएका थिए । “यीमध्ये कुन उपहार बढी मन पऱ्यो आमा ?” कान्छो भाइ पवनले उत्सुक भएर सोध्यो । “सबै उपहार उत्तिकै राम्रा छन् बाबु ! आफ्ना छोराछोरीले धेरै माया गरेर ल्याएका पनि नराम्रा हुन्छन् र !” आमाले भन्नुभयो । “होइन तपाईंलाई सबैभन्दा बढी मन पर्ने कुन हो ?” दाजु सुमनले सोध्यो ।

“सबै उपहार राम्रा छन् । उपहारहरू मूल्यवान् छन् । पुस्तक बहुमूल्य छ । मिठाई खाउन्जेल मिठो हुन्छ । घडी समय हेर्न काम लाग्छ । यो पनि पुरानो हुन्छ र बिग्रन्छ । पुस्तक फाटेर गए पनि यसले दिने ज्ञान र शिक्षा सधैँ रहन्छ । यो कहिल्यै पुरानो हुँदैन ।” आमाको कुरा सुनेर सबै खुसी भए ।

(क) कसले पैसा जोगाउन बिर्सिएछ ? ..........................................................................

(ख) सुमन, दिया र पवनले के के किने ? .......................................................................

(ग) पुस्तक उपहार किन राम्रो हो ? ............................................................................

(घ) तपाईंलाई कुन उपहार मन पर्छ र किन ? ..............................................................

## क्रियाकलाप १२



(क) विद्यार्थीसँग उनीहरूको परिवारमा को को हुनुहुन्छ सोध्नुहोस् । परिवारका सदस्यको नाम भन्न लगाउनुहोस् ।

(ख) विद्यार्थीलाई विद्यालयको नाम भन्न लगाउनुहोस् । त्यसपछि शिक्षकका नाम भन्न लगाउनुहोस् ।

(ग) क्रियाकलाप १२ मा भएको विवरण चार्ट प्रदर्शन गर्नुहोस् र चार्टमा भएको विवरण पढ्न लगाउनुहोस् ।

(घ) चार्टमा भएको विवरणअनुसार छलफल गर्न लगाउनुहोस् ।

(ङ) विद्यार्थीलाई विवरण चार्ट लेख्न लगाउनुहोस् । यस क्रममा विवरण लेख्न अलमल भएका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १४ कोक्रियाकलाप १२ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

नाम लेख्नुहोस् :

| | | |
|---|---|---|
| नाम | : | मेरो नाम .............................................................हो । |
| बुबाको नाम | : | ............................................................................... |
| आमाको नाम | : | ............................................................................... |
| हजुरबुबाको नाम | : | ............................................................................... |
| हजुरआमाको नाम | : | ............................................................................... |
| शिक्षकको नाम | : | ............................................................................... |
| विद्यालयको नाम | : | ............................................................................... |

(क) विद्यार्थीलाई अनुच्छेद लेखिएको चार्ट प्रदर्शन गर्नुहोस् र चार्टमा भएको वाक्य पढ्न लगाउनुहोस् । अनुच्छेद पढ्दा गुञ्ज आवाजमा वाचन गर्न लगाउनुहोस् ।

(ख) नमुना वाक्यपत्ती प्रदर्शन गर्नुहोस् र अक्षर राम्रो पारेर लेख्ने तरिका सिकाउनुहोस् ।

(ग) विद्यार्थीलाई अनुच्छेद हेरेर कापीमा बान्की मिलाएर सफा र शुद्धसँग लेख्ने अभ्यास गराउनुहोस् ।

(घ) विद्यार्थीको लेखाइ अवलोकन गर्नुहोस् । लेख्न कठिनाइ हुने विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १४ कोक्रियाकलाप १३ लेख्न लगाई प्रदर्शन पाटीमा टाँस्नुहोस् ।

जस्ताको त्यस्तै कापीमा सार्नुहोस् :

म परिवारमा बस्छु । परिवार परिवार मिलेर समाज बन्छ । हरेक व्यक्तिले परिवारबाट सिक्छ । परिवारले समाजबाट सिक्छ । समाजलाई असल बनाउने जिम्मेवारी हरेक व्यक्ति र परिवारको हो । असल परिवारबाट असल समाज बन्छ । असल समाज बनाउन हामी शिक्षित बन्नुपर्छ । शिक्षा परिवार र समाजसँग सम्बन्धित छ । शिक्षाले समाज सुधार्छ । असल शिक्षाले असल परिवार निर्माण गर्छ । परिवार असल भएपछि असल शिक्षा पाइन्छ ।

## क्रियाकलाप १४



(क) विद्यार्थीलाई मन पर्ने कथा सुनाउन लगाउनुहोस् ।

(ख) क्रियाकलाप १४ मा प्रयुक्त कथाको अपुरो चार्ट प्रदर्शन गर्नुहोस् र कम्तीमा तीन पटक वाचन गर्न लगाउनुहोस् ।

(ग) कथा वाचनपश्चात् कथासँग सम्बन्धित विषयवस्तुमा छलफल गर्नुहोस् ।

(घ) पूर्ण वाक्यमा लेखिएको कथा छोपिदिनुहोस् र कथाको अपूर्ण वाक्य भएका वाक्यपत्ती (वनमा एउटा सिंह..................।) प्रदर्शन गर्नुहोस् । कथाको प्रसङ्ग बुझेर वाक्य पूरा गर्न सिकाउनुहोस् ।

(घ) विद्यार्थीलाई कथाका सबै अपूर्ण वाक्य भएका वाक्यपत्ती दिनुहोस् । ती वाक्यलाई पूरा गरेरकथाको ढाँचामालेख्न सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १४ कोक्रियाकलाप १४ लेख्न लगाई प्रदर्शन पाटीमा टाँस्नुहोस् ।

उपयुक्त शब्द लेखी कथा पूरा गर्नुहोस् :
वनमा एउटा सिंह ............... । उसले एक दिन सबै जनावरहरूलाई भेला ............................ । स्याल, घोडा, बँदेल र बाँदर जम्मा ............................ । उनीहरूसँग अरू जनावरहरू पनि भेला ............................ । सिंहले बुद्धिमान् खरायोको बुद्धि आफूमा सार्ने उपाय .............................. । सबैले जुक्ति लगाएर दश मिनेटसम्म छलफल .............................. । स्यालले ........................... “खरायोलाई खायो भने त उसको बुद्धि सरिहाल्छ नि ।” स्यालको कुरा कसैलाई पनि मन .............................. । घोडाले ................................ “खरायोको बुद्धि सार्न खरायोसँग धेरै सङ्गत गर्नुपर्छ ।” सबैले घोडाको भनाइलाई ठिक मानेर ताली .................................. । सिंह पनि दङ्ग ........................... ।

## क्रियाकलाप १५

(क) विद्यार्थीलाई दुई दुई जनाको समूहमा राख्नुहोस् । ती दुई विद्यार्थीलाई पालैपालो आफूले परिवारका सदस्यबाट जानेका कथा सुनाउन लगाउनुहोस् । कक्षाका सबै विद्यार्थीलाई यो अवसर प्रदान गर्नुहोस् ।

(ख) विद्यार्थीले सुनाएका कुनै एउटा कथालाई आधार मानेर शैक्षणिक पाटीमा मुख्य मुख्य बुँदा टिपोट गर्नुहोस् ।

(ग) कथाका मुख्य मुख्य बुँदालाई जोडेर कथा लेख्ने तरिका सिकाउनुहोस् ।

(घ) विद्यार्थीले आफ्नो परिवारमा सुनेका कथा सिलसिला मिलाई कापीमा लेख्न लगाउनुहोस् । कथा लेख्न गाह्रो पर्ने विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

(ङ) कथा लेखेपछि पालैपालो सुनाउन लगाउनुहोस् ।

(च) उत्कृष्ट तीनओटा कथालाई प्रदर्शन पाटीमा टाँस्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १४ कोक्रियाकलाप १५ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

परिवारका सदस्यबाट एउटा कथा सुनी कापीमा लेखेर कक्षामा सुनाउनुहोस् ।
१. निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :
(क) पढेर सुनाउनुहोस् :
बगैंचामा केराका घरी धेरै छन् । घरी ठुला ठुला छन् । त्यसैले कुनै केराका थाममा टेका दिइएको छ । कुनै घरीमा केराका कोसा पहेँलपुर भएर पाकेका छन् । फर्सीका लहरा बारीभरि छन् । आमाले बारीका फर्सी, टमाटर र खुर्सानी डालामा राख्नुभयो । उहाँले टालाले डालो छोप्नुभयो । फर्सी लिएर आमा घर जानुभयो । बुबाले डालाको फर्सी काटेर तरकारी पकाउनुभयो । कति मिठो फर्सीको तरकारी !
(ख) वर्ण परिवर्तन गरी नयाँ शब्द बनाउनुहोस् :

म प च क घ भ

खुसुक्क........................ झुलुक्क........................... ढुकढुक...........................

टुलुटुलु.......................... कुटुकुटु....................... गुनगुन...........................

(ग) वाक्यमा प्रयोग गर्नुहोस् :

दह : ........................................................................................................

मानो : ........................................................................................................

तनक्क : ........................................................................................................

(घ) मिल्ने अर्थसँग जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| भर | तिजको अगिल्लो दिन खाने परिकार |
| हार | ढिपी गर्ने काम |
| दर | भर्ने काम |
| कर | माला |

(ङ) शब्द चिन्नुहोस् र छुट्याएर लेख्नुहोस् :

(अ) बोटबिरुवानरोपेकालेपहिरोगयो । ...................................................

(आ) खोलामामाछाहराए । ...................................................

(इ) जनावरनदीतर्नसकेनन् । ...................................................

(च) बहुवचनमा परिवर्तन गर्नुहोस् :

(अ) तिमी खाना खान्छौ । ...................................................

(आ) म कोठा सफा गर्छु । ...................................................

(इ) ऊ लुगा धुन्छ । ...................................................

(छ) सुन्नुहोस् र उत्तर लेख्नुहोस् :

घरमा धेरै प्रकारका सामानहरू छन् । ती सामानका काम पनि फरक फरक छन् । भान्सामा थाल, कचौरा, कसौँडी, कराही र ताप्के हुन्छन् । डाडु र डेक्ची भान्छामा प्रयोग हुन्छन् । यी सामानलाई जतन पनि गर्नुपर्छ । कसौँडीमा पकाएको खाना मिठो हुन्छ । कराहीमा पकाएको तरकारी धेरै मिठो हुन्छ । खाना खाँदा आमाले थर्पीले घिउ दिनुहुन्छ । बुबाले ठेकीको दही दिनुहुन्छ । हामीले मिठो मानेर खाना खाँदा आमाबुबा धेरै खुसी हुनुहुन्छ । हामीलाई पनि आमाबुबाभन्दा धेरै कसले पो माया गर्छ र ?

(अ) भान्सामा कुन कुन सामानहरू हुन्छन् ? ........................................................................

(आ) किन सामानलाई जतन गर्नुपर्छ ? ........................................................................

(इ) तपाईँ आफ्ना सामग्री कसरी जतन गर्नुहुन्छ ? ...............................................................

(ज) तलका शब्द प्रयोग गरी अनुच्छेद पूरा गर्नुहोस् :

बस्छौँ, समाज, परिवार, समाज, असल, शिक्षित, सम्बन्धित, सुधार्छ, निर्माण, शिक्षा

हामी परिवारमा ..................... । परिवार परिवार मिलेर ....................... बन्छ । हरेक व्यक्तिले धेरै कुरा ......................... बाट सिक्छ । परिवारले पनि धेरै कुरा ................. बाट सिक्छ । असल परिवारबाट ..................... समाज बन्छ । असल समाज बनाउन हामी ....................... बन्नुपर्छ । शिक्षा परिवार र समाजसँग .................. हुन्छ । शिक्षाले समाज.......................। असल शिक्षाले असल परिवार ................गर्छ । परिवार असल भएपछि असल ..................पाइन्छ ।

शिक्षकको हस्ताक्षर : .............   अभिभावकको हस्ताक्षर : ..................

# २. मेरो दैनिक जीवन

**कार्यघण्टा : १०**

## परिचय

**'मेरो दैनिक** मेरो नेपाली,My English, मेरो गणित र हाम्रो सेरोफेरो विषयभित्र बहुविषयक ढाँचामा एकीकृत गरिएको विषयक्षेत्र हो । भाषाको प्रयोगले दैनिक जीवनमा सिकाइको कार्यरूप प्रदान गर्छ । भाषा दैनिक कार्यव्यवहारको एक प्रमुख तत्त्व हो । भाषाको सान्दर्भिकतालाई ख्याल गर्दै यस विषयक्षेत्रले कक्षा ३ मा परिचित शब्दका वर्णगत ध्वनि, लेख्य चिह्नका आधारमा हुने उच्चारणगत भिन्नता, पाठ श्रवण, सहवाचन र स्ववाचन, हाउभाउसहित छलफल, कुराकानी र प्रस्तुतिको अनुकरण, दैनिक प्रयोगमा आउने परिचित शब्दको पहिचान एवम् सङ्कलन, उक्त शब्दहरूलाई वस्तु र चित्रका आधारमा चिनारी र प्रयोग जस्ता विषयवस्तुलाई विशेष जोड दिएको छ । यस विषयक्षेत्रसम्बद्ध क्रियाकलाप गराउँदा विद्यार्थीले सरल वाक्य तथा छोटा अनुच्छेदको पढाइ, पठित पाठको शीर्षक तथा चित्रबारे पूर्वानुमान वा अनुमान, वर्णन र पूर्वज्ञानका आधारमा पाठबारे अनुमान, पूर्वानुमान वा अनुमान मिले/नमिलेको स्वमूल्याङ्कन र छलफल, पठित शब्द, वाक्य र अनुच्छेदको श्रुतिलेखन तथा अनुलेखन र लिङ्ग, वचन, पुरुष र आदरको सचेततासहित मौखिक तथा लिखित अभिव्यक्ति प्रदान गर्नेलगायत कार्यलाई समेटेको छ । यसका साथै यस विषयक्षेत्रले व्यवहारकुशल सिपको पहिचान र प्रयोगमा जोड दिँदै आफ्नो हेरचाह गर्ने र दैनिक जीवन व्यवस्थापन गर्ने योग्यता प्राप्त गर्दै दैनिक कार्यमा लक्ष्य निर्धारण गर्न र अग्रसरता लिन उत्प्रेरित गरिएको छ ।

यस विषयक्षेत्रभित्र दुईओटा पाठ रहेका छन् । ती पाठमा हाउभाउ, गति, यति लय र शुद्धतासहित कविता पढ्ने, दृश्यवर्णन गर्ने, शब्दका सुरु र अन्त्यका वर्ण छुट्याएर र जोडेर पढ्ने तथा लेख्ने, वस्तु र चित्रका नाम भन्ने र लेख्ने, शब्द पहिचान र उच्चारण गर्ने, निर्धारित समयभित्र शब्द, वाक्य तथा अनुच्छेद पढ्ने, अनुमान तथा धारणा मिले नमिलेको छुट्याई सुधार गर्ने, पाठगत प्रश्नोत्तर र बुँदा टिपोट गर्ने, गति, यति र हाउभाउसहित अनुच्छेद पढ्ने, दोहोरो सञ्चार गर्ने, विषयवस्तु तथा लिङ्ग, वचन, पुरुष र आदर मिलाई बोल्ने र लेख्ने, रुचिका विषयक्षेत्र वा शीर्षकमा आधारित भई स्वतन्त्र लेखन गर्ने जस्ता क्रियाकलाप निर्धारण गरिएका छन् । सिकाइ र दैनिक जीवनसँग विषयवस्तुको तालमेल, पूर्वअनुभवमा आधारित ज्ञान तथा सिप विकास, व्यवहारकुशल सिप र सिकाइबिचको सहसम्बन्ध हुने गरी सिकाइ सहजीकरण गर्नुपर्ने अपेक्षा गरिएको छ ।

विषयक्षेत्रको अन्त्यमा पाठ्यक्रममा आधारित भई ध्वनि सचेतीकरण, श्रव्य/दृश्यबोध, लेख्यवर्ण सचेतीकरण, शब्दभण्डार, पठन प्रवाह, पठनबोध, लेखाइ र कार्यमूलक व्याकरणसँग सम्बन्धित मूल्याङ्कन क्रियाकलापसमेत समावेश गरिएको छ । यी क्रियाकलापले  कक्षामा सहपाठीहरूले एकअर्काका कार्यको मूल्याङ्कन गर्ने, सँगै बसेर गरेका कार्यको मूल्याङ्कन गर्ने गरी मूलतः विद्यार्थीले यस विषयक्षेत्रमा अपेक्षित सिकाइ उपलब्धि हासिल गरेका वा नगरेका यकिन गरी  विद्यार्थीलाई सुधारात्मक सिकाइ प्रक्रियाद्वारा थप सिकाइको अवसर प्रदान गर्ने छ ।

# पाठ ३

## (क) सिकाइ सहजीकरण योजना

| क्र. स. | विषयवस्तु | व्यवहारकुशल सिप | अनुमानित घन्टी | पाठ्य तथा कार्यपुस्तकको सम्बन्धित पृष्ठसङ्ख्या |
|---|---|---|---|---|
| १. | उस्तै उस्तै सुनिने शब्द | • प्रयोग सिप (S1.1)<br>• स्वव्यवस्थापन सिप (S2.1)<br>• सहकार्य सिप (S3.2)<br>• आधारभूत साक्षरता सिप (S4.1)<br>• दृश्य साक्षरता सिप (S4.3) | ४ | १७ देखि २३ सम्म |
| २. | अनुकरणात्मक शब्द | | १ | २३ देखि २५ सम्म |

## (ख) सिकाइ क्रियाकलापका आधार

यस पाठको सिकाइ सहजीकरण गर्नुपूर्व निम्नानुसारको पूर्वतयारी गर्नुहोस् :

| पठन तत्त्व | क्रियाकलापको आधार | क्रियाकलापको सङ्केत र क्रम | सिकाइ सामग्री |
|---|---|---|---|
| ध्वनि सचेतीकरण | शिक्षकको पूर्ण सहयोग |  १ | १. पाठमा प्रयुक्त उस्तै उस्तै सुनिने शब्दका शब्दपत्ती (खाने - जाने, खान - लान, खान्छु - लान्छु, पाइन्छ -लाइन्छ, हुने - धुने)<br>२. पाठमा प्रयुक्त चित्र वा पोस्टर<br>३.'मेरो खाजा' कविता चार्ट |
| दृश्यबोध | शिक्षकको आंशिक सहयोग |  २ | १. पाठमा प्रयुक्त चित्र तथा पोस्टर |
| शब्दभण्डार | शिक्षकको आंशिक सहयोग |  ३ | १ पाठमा प्रयुक्त उस्तै सुनिने शब्द र अर्थपत्तीहरू (बाग - बाघ, पाटी - पाठी, खालि - खाली<br>२.उस्तै सुनिने शब्दका नमुना वाक्यपत्तीहरू |

| | | | |
|---|---|---|---|
| | | | ३. पाठमा प्रयुक्त चित्रपत्ती वा पोस्टर |
| लेख्यवर्ण सचेतीकरण | स्वयम् सिकाइ |  ४ | १. शब्दको अन्त्यमा रा ल क आउने शब्दका शब्दपत्ती<br>(केरा, मेरा, घेरा, बेरा, खेल, झोल, मोल, पोल, छाक, ढाक, याक, ढाक) |
| पठनबोध | शिक्षकको आंशिक सिकाइ |  ५ | १. विद्यार्थी सङ्ख्याअनुसार फोटोकपी पेपर<br>२ मैनकलर १ पाकेट, पेन्सिल, इरेजर र स्केल<br>३. साइनपेन |
| पठन प्रवाह | दौँतरी सिकाइ |  ६ | १. संवादको अनुच्छेद चार्ट<br>२. पाठमा प्रयुक्त चित्रपत्ती<br>३. उल्टो अर्थ दिने शब्दका पत्ती<br>(थोरै, सफा, बेलुकी, अघि, नमिठो, खराब, धेरै, फोहोर, बिहान, पछि, मिठो, असल) |
| शब्दभण्डार | स्वयम् सिकाइ |  ७ | १. पाठमा प्रयुक्त अनेकार्थक शब्द र अर्थका पत्तीहरू<br>(सार, निचोड, सार्ने काम, उत्तर, पत्र, साल, एउटा दिशा, जवाफ, एक जातको रुख, वर्ष, चिठी, पात) |
| कार्यमूलक व्याकरण | शिक्षकको पूर्ण सहयोग |  ८ | १. पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, र उद्गार चिह्न ( ।, ? ! ) |
| पठनबोध | दौँतरी सिकाइ |  ९ | १. कुनै घटनाका अनुच्छेद चार्ट<br>२. लेख्य चिह्न प्रयोग भएका नमुना वाक्यपत्तीहरू |
| पठन प्रवाह | स्वयम् सिकाइ |  १० | पाठमा प्रयुक्त शब्दका चार्ट<br>(उँभो, उँधो, बाटो, पाठो, बढी, पढी, कुरो, कुलो, हाँस, बाँस, अंश, हंश, दानव, मानव, सम्पन्न, विपन्न, जुद्ध, युद्ध, थुप्रो, कुप्रो, भक्ति, शक्ति, धर्म, कर्म) |
| शब्दभण्डार | शिक्षकको आंशिक सहयोग |  ११ | १ पाठमा प्रयुक्त उस्तै सुनिने शब्दका शब्दपत्तीहरू<br>(फुल, फूल, सरल, तरल, अग्लो, आग्लो, तिन, तीन, काट, कात)<br>२. नमुना वाक्यका पत्तीहरू |

| | | | |
|---|---|---|---|
| श्रुतिबोध | शिक्षकको पूर्ण सहयोग | १२ | १. पाठमा प्रयुक्त चित्र तथा पोस्टर<br>२. अनुच्छेद चार्ट<br>३. 'असल मित्र' रेकर्ड गरेको डिभाइस |
| शब्दभण्डार | दौँतरी सिकाइ | १३ | १. हर शब्दका ७ ओटा शब्दपत्ती<br>२. स, ल, ब, ठ, न, र वर्णपत्ती |
| शब्दभण्डार | स्वयम् सिकाइ | १४ | १. पाठमा प्रयुक्त शब्दका चार्ट<br>(काँक्रो - काम्रो - चाम्रो, कोक्रो - गाग्रो - बाखो, ट्रक - कुर्सी - खर्क, भऱ्यो - ऱ्याल - पेट्रोल - राम्रो, पिर्का - मऱ्यो- पऱ्यो, उर्मिला - मर्कियो -चर्कियो)<br>२. दैनिक प्रयोगका सामग्री |
| पठनबोध | शिक्षकको आंशिक सहयोग | १५ | १. चित्रपत्ती<br>२.अनुच्छेद चार्ट<br>३. प्रश्नपत्ती |
| लेखाइ | शिक्षकको पूर्ण सहयोग | १६ | १. पाठमा प्रयुक्त संवादको अपूर्ण अनुच्छेद चार्ट<br>२. पाठमा प्रयुक्त संवादको पूर्ण अनुच्छेद चार्ट |
| लेखाइ | स्वयम् सिकाइ | १७ | १. शिक्षकको दैनिक कामको सूची |

## (ग) सिकाइ क्रियाकलाप

**क्रियाकलाप १**

(क) शिक्षकले कक्षाका विद्यार्थीलाई अभिवादन गरी विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

(ख) विद्यार्थीसँग पाठको चित्र देखाउँदै चित्रमा के गरिएको होला भनी छलफल गराउनुहोस् ।

(ग) पाठमा प्रयुक्त उस्तै उस्तै सुनिने ध्वनि भएका शब्दका शब्दपत्ती प्रदर्शन गर्नुहोस् र उच्चारण गर्न लगाउनुहोस् । जस्तै : खाने - जाने, खान - लान, खान्छु - लान्छु, पाइन्छ - लाइन्छ, घर - पर आदि ।

(घ) शब्दका अर्थगत बोधका लागि वाक्यमा प्रयोग गरेर सुनाउनुहोस् ।

(ङ) सबै विद्यार्थीलाई उस्तै उस्तै सुनिने ध्वनि भएका शब्दका शब्दपत्ती दिनुहोस् र पालैपालो शब्दलाई उच्चारण गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(च) 'मेरो खाजा' कविता चार्ट प्रदर्शन गर्नुहोस । कविता गति, यति, लय र हाउभाउसहित गाएर सुनाउनुहोस् । त्यसपछि विद्यार्थीसँगै गाउनुहोस् र लयबद्ध वाचनमा समस्या भएका विद्यार्थीलाई उपयुक्त चिह्न, सङ्केत र क्रियाको उपयोग गरी थप सिकाइको अवसर प्रदान गर्नुहोस् । यस क्रममा क्रमिक सिकाइ रणनीति (शिक्षकले गरेर देखाउने, शिक्षक र विद्यार्थीले सँगसँगै गर्ने, विद्यार्थी विद्यार्थीसँगै अभ्यास गर्ने र विद्यार्थीलाई व्यक्तिगत रूपमा गर्न लगाउने) लाई उपयोग गर्नुहोस् ।

**मूल्याङ्कन**

१. पाठ्यपुस्तकको पृ.स. १७ को 'मेरो खाजा' कवितागति, यति र लय हालेर सुनाउन लगाउनुहोस् ।

लय मिलाएर गाउनुहोस् :

मेरो खाजा

आइतबार आलुचिउरा खाजा खाने हो
सोमबार भुटीभात बोकी जाने हो
मङ्गलबार मकैमही खान पाइयोस्
बुधबार भटमास लान पाइयोस् ।

बिहीबार बिस्कुट खान्नँ रोटी खान्छु
म शुक्रबार हलुवा र खिर लान्छु म
शनिबार घरमा सबै बस्न पाइन्छ
मन लागेको परिकार खाजा खाइन्छ ।

बिहान उठ्ने नुहाउने सफा हुने हो
बेला बेला मिचीमिची हात धुने हो
सफा नाना सफा खाना सफा घर होस्
रोगव्याधी सधैँभरि पर पर होस् ।

२. शब्दपत्तीमा भएका शब्द 'मेरो खाजा' कवितामा खोज्न लगाई ती शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस ।

**क्रियाकलाप २**

(क) विद्यार्थीले दैनिक रूपमा गर्ने कामका बारेमा छलफल गरी कामको सूची बनाउन लगाउनुहोस् ।

(ख) विद्यार्थीलाई पाठमा प्रयुक्त चित्र तथा पोस्टर प्रदर्शन गरेर चित्रमा भएका कुरा अनुमान र पूर्वानुमान गरी वर्णन गर्न लगाउनुहोस् ।


(ग) चित्र वर्णन गर्दा को, के, किन, कति, कस्तो, कसरी जस्ता प्रश्नका आधारमा चित्रका बारेमा भन्न लगाउनुहोस् । चित्रमा भएको परिवेश समेटेर चित्र वर्णन गराउनुहोस् ।

(घ) पाठमा प्रयोग भएका चित्रसँग मिल्दाजुल्दा वातावरण देखिने चित्र वा पोस्टर प्रदर्शन गरी सिकाइको थप अवसर प्रदानगर्नुहोस् । यस क्रममा शब्द चित्रपत्तीको प्रयोग र शब्दबोध गर्ने अवसर पनि प्रदान गर्नुहोस् ।

(ङ) चित्र वर्णनका क्रममा पद सङ्गति र भाषिक शुद्धता नमिलेमा क्रमिक सिकाइ रणनीति उपयोग गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १७ को क्रियाकलाप २ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।



## क्रियाकलाप ३

(क) विद्यार्थीलाई पाठको चित्रपत्ती प्रदर्शन गर्दै चित्रका बारेमा छलफल गर्नुहोस् ।

(ख) विद्यार्थीलाई पाठमा प्रयुक्त वाक्यपत्ती प्रदर्शन गरी सस्वरवाचन गराउनुहोस् ।

(ग) विद्यार्थीलाई उच्चारणमा समस्या भएका शब्द रेखाङ्कन गर्न लगाउनुहोस् र शद्धोच्चारण गरिदिनुहोस् ।

(घ) विद्यार्थीलाई पाठमा प्रयुक्त श्रुतिसमभिन्नार्थी शब्दका शब्दपत्ती प्रदर्शन गरी उच्चारण अभ्यास गराउनुहोस् र तिनका अर्थगत भिन्नताका बारेमा छलफल गर्नुहोस् ।

(ङ) विद्यार्थीलाई पाठमा प्रयुक्त शब्द र अर्थबिच जोडा मिलाउन लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १८ को क्रियाकलाप ३ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

पढ्नुहोस् र तलका शब्द र अर्थको जोडा मिलाउनुहोस् :

जङ्गलको छेउमा बाग थियो । बागमा फूल फुलेका थिए । बागमा बाघ पनि डुल्थ्यो । बाघ

खालि सबैलाई तर्साइरहन्थ्यो ।बाघ बाहिर निस्कँदा गुफा खाली हुन्थ्यो । गुफाबाट बाहिर निस्केर बाघ करायो । बाघ कराएको सुनेर खरायो डरायो । एकछिनमा खरायो हरायो । बागमा बसेका चराचुरुङ्गी पनि उडे । बाघ त खरायो खोज्दै बागमै आएछ । खरायो दौडेर पाटीमा पुग्यो । पाटीमा पाठी पनि थियो । पाठीले म्याँम्याँ गरी बाच्छीलाई बोलायो । बाच्छीले बाँबाँ गरी गाई र गोरुलाई बोलायो । गाई र गोरु पनि कराए । सबै कराएको सुनी गाउँले जम्मा भए । उनीहरूले बाघलाई गुफातिर लखेटे ।

| शब्द | अर्थ |
|---|---|
| बाग | बिरालो जातको जङ्गली जनावर |
| बाघ | फूलबारी |
| पाटी | केही नभएको |
| पाठी | पटक पटक |
| खालि | बटुवालाई थकाइ मार्न बनाएको घर |
| खाली | बाखाको पोथी सन्तान |

## क्रियाकलाप ४

(क) पाठमा प्रयुक्त वर्णपत्ती र शब्दपत्ती प्रदर्शन गरी ती वर्ण जोडिएर बन्ने शब्दका बारेमा छलफल गर्नुहोस् ।

(ख) वर्ण जोडिएर बन्ने शब्दका शब्दपत्तीप्रदर्शन गर्नुहोस्। जस्तै : मे + रा = मेरा, घे + रा = घेरा आदि ।

(ग) विद्यार्थीलाई शब्द उच्चारण गर्न लगाएर मौखिक रूपमा वाक्यमा प्रयोग गर्न सहजीकरण गर्नुहोस् ।

(घ) विद्यार्थीलाई वर्ण जोडेर शब्द लेख्न लगाउनुहोस् ।

(ङ) शिक्षकले उस्तै ध्वनि सुनिने थप शब्द प्रदर्शन गरी विद्यार्थीलाई उच्चारण गर्न लगाउनुहोस् र सिकाइको थप अवसर प्रदान गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १९ को क्रियाकलाप ४ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

वर्ण जोडेर पढ्नुहोस् र लेख्नुहोस् :



## क्रियाकलाप ५

(क) कुन कुन चाडपर्वमा शुभकामना पत्र वितरण गरिन्छ, जस्ता प्रश्न सोधी विद्यार्थीलाई शुभकामना पत्रबारे जानकारी भए नभएको सन्दर्भमा छलफल गर्नुहोस् ।

(ख) विद्यार्थीलाई नमुना शुभकामना पत्र तयार गर्ने कुरा जानकारी गराउनुहोस् र विद्यार्थीलाई आवश्यक सामग्री वितरण गर्नुहोस् ।

(ग) विद्यार्थीलाई वितरण गरिएको फोटोकपी पेपरलाई आधा हुने गरी पट्याउन सिकाउनुहोस् ।

(घ) पट्याइएको कापीको किनाराको चारैतिर२ सेन्टिमिटरको बोर्डर रेखा तानेर मैन रङ भर्न लगाउनुहोस् । आयातकार पानाको चारै कुनामा फूलको बुट्टा बनाउन सिकाउनुहोस् ।

(ङ) विद्यार्थीसँग कुन पर्वका बारेमा शुभकामना लेख्ने हो, छलफल गर्नुहोस् । राम्रा अक्षरमा शुभकामना पत्र लेख्न लगाउनुहोस् । शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

(च) शिक्षकले चाडपर्व, जन्मोत्सव र नयाँ वर्षका सन्दर्भमा दिइने अलग अलग शुभकामनाका नमुना प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई सिकाइको थप अभ्यास प्रदान गर्दै शुभकामना पत्र तयार पार्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १९ को क्रियाकलाप ५ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

तलको शुभकामना पत्र पढ्नुहोस् । त्यसै गरी कुनै चाडपर्व वा विशेष कार्यमा आफ्नो विद्यालयले दिने शुभकामना पत्र तयार पार्नुहोस् :

साकेला पर्वको अवसरमा सम्पूर्ण महानुभावहरूमा सुख, शान्ति र समृद्धिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

सन्तकुमार वान्तवा
प्रधानाध्यापक
तथा
राष्ट्रिय माध्यमिक विद्यालय परिवार

## क्रियाकलाप ६



(क) पाठमा प्रयुक्त चित्रपत्ती प्रदर्शन गरेर चित्रका बारेमा छलफल गर्नुहोस् । चित्रमा कति जना मानिस छन् ? तिनीहरू के के गर्दै छन् ? के के कुरा गर्दै होलान् ? जस्ता विषयवस्तुमा विद्यार्थीसँग कुराकानीगर्नुहोस् ।

(ख) विद्यार्थीलाई संवाद लेखिएको चार्ट प्रदर्शन गर्नुहोस् र संवादलाई नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् । सस्वरवाचन गर्दा शब्द, वाक्य र अनुच्छेद देखाउँदै आरोह, अवरोह, गति र यतिलाई ध्यान दिनुहोस् ।

(ग) कक्षाका विद्यार्थीसँग मिलेर कुराकानीलाई सस्वरवाचन गरी सुनाउनुहोस् । यस क्रममा सम्भव भएसम्म श्रव्य सामग्री तथा मल्टिमिडियाको उपयोग गर्नुहोस् । मल्टिमिडियाको उपयोग गर्दाबालबालिकाको स्वरमा रेकर्ड गराई कक्षामा सुनाउनुहोस् ।

(घ) कुनै विद्यार्थीको सहयोग लिई कुराकानीलाई पपेटका माध्यमबाट अभिनयात्मक कथनगर्नुहोस् ।यसका लागि शिक्षकले थप नमुना पनि प्रदर्शन गर्नुहोस् ।

(ङ) विद्यार्थी विद्यार्थीको जोडी समूह बनाउनुहोस् र कुनै एक जोडीलाई डाक्टर र धनियाँ बनेर कुराकानी गर्न लगाउनुहोस् ।

(च) कुराकानीमा भएका विषयवस्तुमा आधारित भएर उल्टो अर्थ दिने शब्दका बारेमा छलफल गर्न लगाउनुहोस् । कुराकानीमा कुन कुन उल्टो अर्थ दिने शब्द रहेछन्,पत्ता लगाउन निर्देशन दिनुहोस् । ती शब्दलाई शैक्षणिक पाटीमा लेख्नुहोस् । विद्यार्थीलाई सिकाइको थप अवसर प्रदान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(छ) विद्यार्थीसँग खाना खाइसकेपछि के गर्नुपर्ने रहेछ भन्ने बारेमा छलफल गर्नुहोस् र छलफलका निष्कर्षलाई कापीमा लेख्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १९ र २० को क्रियाकलाप ६ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

पालैपालो पढ्नुहोस् र उत्तर दिनुहोस् :

धनियाँ : नमस्कार !
डाक्टर : नमस्कार, के भयो तिमीलाई ?
धनियाँ : दाँत दुख्यो ।
डाक्टर : दाँत माझ्ने गरेकी छैनौ र ?
धनियाँ : होइन, बिहान बेलुकी नै दाँत माझ्छु । मेरा दाँत सफा छैनन् र ?
डाक्टर : आँ ... गर त । म तिम्रो दाँत हेर्छु ।
धनियाँ : आँ ... ।
डाक्टर : ल हेर, चकलेट पो खान्छ्यौ कि क्या हो ?
धनियाँ : चकलेट मिठो लाग्छ । त्यसैले म त खान्छु ।
डाक्टर : चकलेट धेरै खानु हुँदैन । चकलेट खाएपछि, खाना खाएपछि र सुत्नुअघि दाँत माझ्नु है ।
धनियाँ : हवस्, अबदेखि त्यसै गर्छु, धन्यवाद ।
डाक्टर : नानी त कति असल । नानीलाई पनि धन्यवाद ।

(क) पाठबाट उल्टो अर्थ दिने शब्द पत्ता लगाई लेख्नुहोस् :

(अ) थोरै ......................... (आ) फोहोर ............................
(इ) बेलुकी ....................... (ई) अघि ................................
(उ) नमिठो ....................... (ऊ) खराब .............................

(ख) हामीले खाना खाइसकेपछि के गर्नुपर्छ, कापीमा लेखी शिक्षकलाई देखाउनुहोस् ।

## क्रियाकलाप ७

(क) विद्यार्थीलाई अनेकार्थक शब्दका उदाहरण देखाउँदै यस्ता शब्दका बारेमा छलफल गर्नुहोस् ।

(ख) पाठमा प्रयुक्त अनेकार्थक शब्द प्रदर्शन गर्नुहोस् र तीनका अर्थ के के होलान्, अनुमान गर्न लगाउनुहोस् । जस्तै : बल = भकुन्डो, शक्ति । विद्यार्थीले भनेका अर्थ शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ग) विद्यार्थीलाई प्रत्येक अनेकार्थक शब्दका दुई दुईओटा वाक्य बनाउन लगाउनुहोस् ।

(घ) शिक्षकले शब्द र अर्थका पत्तीहरू प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई उच्चारण गर्न लगाएर ती शब्दका धेरै अर्थ पत्ता लगाउने अभ्यास गराउनुहोस् । विद्यार्थीलाई एक एकओटा शब्द वा अर्थपत्ती दिनुहोस् र अर्थ पत्ता लगाउन लगाउनुहोस् । यस क्रममा आवश्यकता सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. २० को क्रियाकलाप ७ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

दुईओटा अर्थसँग जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| सार | एउटा दिशा |
| | जवाफ |
| उत्तर | सार्ने काम |
| | निचोड |
| पत्र | एक जातको रुख |
| | वर्ष |
| साल | चिठी |
| | पात |

## क्रियाकलाप ८

(क) पूर्णविराम, अल्पविराम, प्रश्नवाचक र विस्मयादिबोधक चिह्न प्रयोगका बारेमा विद्यार्थीसँग छलफल गर्नुहोस् ।

(ख) विद्यार्थीलाई पूर्णविराम, अल्पविराम, प्रश्नवाचक र उद्गार चिह्न प्रयोग भएका नमुना वाक्यपत्ती प्रदर्शन गरेर वाक्य पठन गर्न लगाउनुहोस् । चिह्नको प्रयोगअनुसार वाक्य पढ्न सहजीकरण गर्नुहोस् ।

(ग) विद्यार्थीलाई पूर्णविराम, अल्पविराम, प्रश्नवाचक र उद्गार चिह्न प्रयोग भएका वाक्य बनाउन लगाउनुहोस् र आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. २० को क्रियाकलाप ८ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

उपयुक्त चिह्न लेखेर वाक्य पूरा गर्नुहोस् :

(क) रमा ................. सुम्निमा र पासाङ घुम्न गए ।  (, । ? )

(ख) तिमी कति कक्षामा पढ्छौ .................  (। ! ? )

(ग) ओहो ................. कति राम्रो चित्र रहेछ .................  (? । ! )

(घ) म फूल रोप्छु .................  (। , ? )

## क्रियाकलाप ९

(क) पाठमा प्रयुक्त चित्र प्रदर्शन गरी विद्यार्थीलाई अनुमान, पूर्वानुमानसहित छलफल गराउनुहोस् ।

(ख) कुनै पाठको अनुच्छेद चार्ट प्रदर्शन गरी सस्वरवाचन गरेर सुनाउनुहोस् । अनुच्छेद वाचनसँगै घटनाक्रमको अन्त्यमा के भयो होला ? के हुन्थ्यो होला ? तपाईं भए के गर्नुहुन्थ्यो होला ? जस्ता प्रश्नमा छलफल गरेर विद्यार्थीको विचारलाई घटनासँग जोडेर कथावस्तु विस्तृत बनाउनुहोस् ।

(ग) विद्यार्थीले घटनाक्रमका बारेमा गरेका तर्कलाई क्रमैसँग शैक्षणिक पाटीमा लेखेर छलफल गर्नुहोस् ।

(घ) लेख्य चिह्न प्रयोग भएका नमुना वाक्यपत्ती प्रदर्शन गरेर लेख्य चिह्नको प्रयोगअनुसार वाक्य उच्चारण आरोह, अवरोह रध्वनि प्रवाहका बारेमा विद्यार्थीसँग छलफल गर्नुहोस् । नमुना वाक्य उच्चारण गरेर सुनाउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. २१ को क्रियाकलाप ९ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

पाठ पढी हर्षमानका ठाउँमा तपाईं हुनुभएको भए के गर्नुहुन्थ्यो, साथीसँग कुराकानी गरी उपाय पत्ता लगाउनुहोस् :

हर्षमान किसान हुन् । उनको खेत गहिरो ठाउँमा छ । उनको खेतलाई गैरीखेत भनिन्छ । खेतको वरपर ठुला साना रुखहरू छन् । खेतको सिरानमा पानीको मुहान छ । उनको खेतमा बाह्रै महिना पानी लाग्छ । उनी दिनहुँजसो खेतीपातीमा व्यस्त हुन्छन् । उनी मौसमअनुसार धान, मकै, गहुँ, आलु, तोरी लगाउँछन् । उनले लगाएको बाली सधैँ हरियो र राम्रो देखिन्छ । उनी असारमा र चैतमा दुई पटक धान रोप्छन् । हिउँदमा गहुँ, तोरी र आलु खेती गर्छन् । उनको खेतमा धेरै उब्जनी हुन्छ । उनले लगाएको बाली घरसम्म पुऱ्याउनका लागि मोटरबाटो छैन । त्यसैले उनी अब आफ्नो खेतसम्म मोटरबाटो लाने योजनामा छन् । उनले यो कुरा आफ्ना गाउँलेलाई सुनाए । गाउँलेले भने, “मोटरबाटो खन्दा बाटामा पर्नेरुखहरू काट्नुपर्छ । रुख काट्दा पानीका मुहान सुक्न सक्छन् । पानीको मुहान सुके खेतमा पानी लाग्दैन । खेतमा पहिले जस्तो बाली राम्रो हुँदैन” भन्ने उनलाई लाग्यो । “उसोभए मोटरबाटोको के काम ? अब म के गरुँ होला” हर्षमानले सोचे ।

## क्रियाकलाप १०

(क) पाठमा प्रयुक्त शब्दचार्ट प्रदर्शन गर्नुहोस् र शिक्षकले उच्चारण गरेर सुनाउनुहोस् । पहिलो पटक ढिलो गतिमा उच्चारण गर्नुहोस् र बिस्तारै उच्चारण गति बढाउनुहोस् ।

(ख) विद्यार्थीलाई घडी हेर्न लगाउनुहोस् र शिक्षकले सकेसम्म छिटो वाचन गर्नुहोस् । चार्टमा भएका शब्द वाचन गर्न लागेको समय सोध्नुहोस् ।

(ग) शिक्षकले वाचन गरे जस्तै विद्यार्थीलाई वाचन गराउनुहोस् ।विद्यार्थीले कति समयमा वाचन गर्न सके, समय बताइदिनुहोस् ।

(घ) विद्यार्थीलाईजोडी समूहमा विभाजन गर्नुहोस् । प्रत्येक जोडी समूहलाईपालैपालो घडी हेरी शब्दचार्टमा भएका शब्द उच्चारण गराउनुहोस् । कसले कति समयमा वाचन पूरा गरे, टिपोट गर्नुहोस् । यसरी प्रतिस्पर्धात्मक तरिकाले शब्दहरू उच्चारण गराउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. २१ को क्रियाकलाप १० का आधारमा मूल्याङ्कन गर्नुहोस् ।




## क्रियाकलाप ११

(क) वाक्य निर्माण गर्नुपर्ने शब्दका शब्दपत्ती प्रदर्शन गर्नुहोस् र ती शब्दलाई उच्चारण गर्न लगाउनुहोस् ।

(ख) सबै विद्यार्थीलाई एक एकओटा शब्दपत्ती वितरण गर्नुहोस् । शब्दपत्तीमा भएका शब्दहरूका अर्थ के के होलान् भनी छलफल गर्नुहोस् । ती शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गरेर भन्न लगाउनुहोस् ।

(ग) शिक्षकले नमुना वाक्यपत्ती प्रदर्शन गर्नुहोस् । वाक्यमा कर्ता र क्रियापद पहिचान गराउनुहोस् ।

(घ) वाक्यमा प्रयोग भएका लिङ्ग, वचन र पुरुषका आधारमा क्रियापद परिवर्तन हुने तरिका विद्यार्थीलाई सिकाउनुहोस् ।

(ङ) विद्यार्थीलाई समूहमा राख्नुहोस् र थप शब्द दिएर वाक्य निर्माण गर्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. २२ को क्रियाकलाप ११ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

| | | | | |
|---|---|---|---|---|
| फुल | फूल | सरल | तरल | अग्लो |
| आग्लो | तिन | तीन | काट | कात |

## क्रियाकलाप १२



(क) पाठमा प्रयुक्त चित्र प्रदर्शन गर्नुहोस् । चित्रमा के के भएको देखिन्छ, छलफल गर्नुहोस् ।

(ख) विद्यार्थीलाई 'असल मित्र' रेकर्ड गरिएको पाठ सुनाउनुहोस् । विद्यार्थीले चित्रवर्णन गर्दा भनेका कुरा र मोबाइलमा सुनेका कुरा के के मिले,छलफल गर्नुहोस् ।

(ग) शिक्षकले पाठ्यपुस्तकमा भएको 'असल मित्र' पाठ बिस्तारै सस्वरवाचनगरी सुनाउनुहोस् । त्यसपछि विद्यार्थीलाई पाठको अनुवाचन तथा सहवाचन गर्न लगाउनुहोस् ।यस क्रममा विद्यार्थीले उच्चारण गर्न नसकेका शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् ।

(घ) रेखाङ्कन गरेका शब्द जनाउने चित्र वा ठोस वस्तु प्रदर्शन गर्दै सँगसँगै शब्द उच्चारण गराउनुहोस् । राम्ररी उच्चारण गर्न नसकेसम्म अभ्यास गराउनुहोस् ।

(ङ) पाठमा प्रयोग भएको वाक्यपत्तीलाई छ्यासमिस गरी विद्यार्थीको समूहमा वितरण गर्नुहोस् । ती वाक्यपत्तीलाई पाठमा प्रयोग गरिए जस्तै गरी वाक्यलाई क्रमशः मिलाएर पढ्न लगाउनुहोस् र आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

(च) विद्यार्थीलाई 'असल मित्र' पाठका प्रश्नका उत्तर भन्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. २२ को क्रियाकलाप १२ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

सुन्नुहोस् र उत्तर भन्नुहोस् :

असल मित्र

तलाउभित्र सातओटा भ्यागुता बस्थे । उनीहरू एकअर्कालाई माया गर्थे । तलाउ वरपर लहरा फैलिएका थिए । लहरा माला जस्तै देखिन्थे । ती भ्यागुता खुसी थिए । गर्मी सुरु भएपछि तलाउको पानी सुक्न

थाल्यो । सबै भ्यागुता पानी भएको तलाउको खोजीमा हिँडे । हिँड्दाहिँड्दै तिनीहरूले एउटा इनार भेटे । तिनीहरूले इनारको छेउमा बसेर इनारभित्र हेरे । इनार गहिरो भएकाले प्रशस्त पानी थियो । एउटा भ्यागुताले भन्यो, “मित्र ! इनारभित्र जाने होइन ? हामी फाल हालौँ ।” “म खाना खोज्छु । तिमीहरू चेपागाँडाको हेरचाह गर ।” अर्को भ्यागुताले भन्यो । अर्को भ्यागुतो बुद्धिमान् थियो । उसले भन्यो, “त्यसरी हतारिनु हुँदैन, मित्र ! हामी बसेको तलाउ सुकेर त्यसलाई छोड्नुपर्‍यो । इनारमा फाल हाल्नुभन्दा पहिले सोचौँ । पहिलेको तलाउ जस्तै यो इनार पनि सुक्न सक्छ । त्यसबेला हामी कसरी बाहिर निस्कन सक्छौँ ?” अरूसँग यसको जवाफ थिएन । उसको विचार सबैलाई मन पर्‍यो ।

(क) तलाउ वरपर के फैलिएका थिए ?

(ख) भ्यागुताहरूले कसरी इनारभित्र जाने कुरा सोचे ?

(ग) भ्यागुताहरू किन तलाउको खोजीमा निस्के ?

## क्रियाकलाप १३



(क) विद्यार्थीलाई शब्द निर्माणको नमुना देखाइ शब्द खेल विधिबाट खेल खेल्ने तरिका सिकाउनुहोस् :

(अ) खेल खेल्नका लागि विद्यार्थीको समूह बनाउने

(आ) समूहका एक जनालाई ‘हर’ शब्द वितरण गर्ने ।

(इ) समूहका बाँकी विद्यार्थीलाई ‘स, ल, ब, ठ, न, र’ वर्णपत्ती वितरण गर्ने

(ख) विद्यार्थीलाई पालैपालो हर शब्दका अगाडि वर्णपत्ती राखेर शब्द भन्न लगाउनुहोस् र ती शब्दलाई शैक्षणिक पाटीमा लेख्न लगाउनुहोस् ।

(ग) शैक्षणिक पाटीमा लेखिएका शब्दलाई अर्थगत बोधका लागि मौखिक रूपमा वाक्यमा प्रयोग गराउनुहोस् । जसले गर्दा विद्यार्थीले नयाँ शब्द निर्माण गर्ने अवसर प्राप्त गर्नेछन् ।

(घ) विद्यार्थीलाई ‘हर’ शब्दका अगाडि ‘स, ल, ब, ठ, न, र’ वर्ण थपेर शब्द लेख्न लगाउनुहोस् । कुनै विद्यार्थीलाई लेखाइमा समस्या भए आवश्यक सहजीकरण गर्नुहोस् ।

### मूल्याङ्कन

पाठ्यपुस्तकको पृ.स. २३ को क्रियाकलाप १३ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

‘हर’ शब्दको सुरुमा स, ल, ब, ठ, न, र वर्ण थप्दा कुन कुन शब्द बन्छन्, लेख्नुहोस् र भन्नुहोस् :

सहर ..................... ........................

........................ ........................ ........................

## क्रियाकलाप १४

(क) विद्यार्थीलाई पाठमा प्रयुक्त शब्दका चार्ट प्रदर्शन गर्नुहोस् र उच्चारण गरेर सुनाउनुहोस् ।

(ख) विद्यार्थीलाई संयुक्त वर्णबाट बनेका शब्द संरचनाका बारेमा सहजीकरण गर्नुहोस् ।

(ग) शिक्षकले संयुक्त वर्ण भएका शब्द उच्चारण गरिदिनुहोस् र विद्यार्थीलाई श्रुतिलेखन अभ्यास गराउनुहोस् ।

(ग) श्रुतिलेखन गरिएका शब्द मिले नमिलेको हेरेर नमिलेका शब्द सच्याउन लगाउनुहोस् । श्रुतिलेखनमा समस्या भएका विद्यार्थीलाई आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. २३ को क्रियाकलाप १४ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।




## क्रियाकलाप १५

(क) शिक्षकले पाठमा प्रयुक्त चित्र प्रदर्शन गर्दै चित्रमा कुन कुन जनावर देखिन्छन् ? यिनीहरूले के गरेका होलान्, जस्ता प्रश्न गरी छलफल गर्नुहोस् ।

(ख) 'बाठो बाँदर' कथा वाचन गरेर सुनाउनुहोस् । कथा सुनाउँदा आरोह, अवरोह, गति, यति, हाउभाउ र वाचन कलालाई विशेष जोड दिनुहोस् ।

(ग) कथा वाचन गरेर सुनाउने क्रममा प्रश्नोत्तर पनि गर्नुहोस् ।

(घ) विद्यार्थीलाई पालैपालो सस्वर पठन गर्न लगाउनुहोस् । यस क्रममा उच्चारण गर्नकठिन भएका शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् र शिक्षकले सहजीकरण गरिदिनुहोस् ।

(ङ) पाठमा भएका प्रश्नका उत्तर पहिचान गर्न लगाउनुहोस् र विद्यार्थीको आवश्यकताअनुसार उत्तर लेख्न सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. २३ र २४ को क्रियाकलाप १५ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

बाठो बाँदर

एउटा गाउँमा दुइटा बिराला बस्थे । ती दुईबिच सा¼ राम्रो मित्रता थियो । जे खानेकुरा पाए पनि बाँडेर खान्थे । एक दिन तिनीहरू घरबाहिर खेल्दै थिए । खेल्दाखेल्दै भोकाए । तिनीहरू खानेकुरा खोज्न उँधोतिर गए । केही नपाएपछि बिरालाहरू उँभोतिर लागे । अलि पर एउटा ठुलो घर देखेर त्यतैतिर गए । उनीहरू घरभित्र पुगे । एउटा बिरालाले तखतामा एउटा रोटी देख्यो । त्यो रोटी आफूले मात्रै खान थाल्यो । अर्को बिरालाले त्यो हेरिरहेको थियो । उसले भयो, "एक्लै खान्छौ, साथी ?"

त्यस बिरालाले रोटीलाई दुई टुक्रा पार्‍यो । सानो टुक्रा साथीलाई दियो । आफूले ठुलो टुक्रा लियो । अर्को बिरालाले भन्यो, "आफूलाई बढी रोटी राखेर मलाई कम दियौ । यो त सरासर धोका भयो ।" यत्तिकैमा दुवै बिरालाबिच झगडा सुरु भयो । झगडा बढ्दै जाँदा वरपरका जनावरहरू जम्मा भए । त्यहाँ एउटा बाँदर पनि आयो । बाँदर निकै बाठो थियो । दुवै बिरालाले झगडा गरेको देखेर बाँदरले भन्यो, "तिमीहरू किन झगडा गर्दै छौ ? तिमीहरू त कस्ता दानव जस्ता रहेछौ । यसरी चिथोराचिथोर गर्छन् त ?"

बाँदरले जुक्ति लगायो । उसले भन्यो, "मसँग एउटा तराजु छ । त्यसले रोटीका टुक्रा तौलेर बराबर बाँडिदिन्छु, मान्छौ ?" बाँदरका कुरामा दुवै बिराला सहमत भए । बाँदरले रोटीका टुक्रा तराजुको दुवैपट्टि राखेर तौलियो । एकापट्टिको टुक्रा अलि बढी भयो । त्यसबाट अलिकति टुक्रा भाँचेर आफूले खायो । बाँदरले रोटी फेरि तौलियो । यस पटक अर्कोपट्टिको टुक्रा बढी भयो । त्यसबाट पनि अलिकति भाँचेर खायो । त्यसै गरी पालैपालो रोटीको टुक्रा तौलदै भाँच्दै खाँदै गयो । बिरालाहरू हेरेको हेर्‍यै भए । अब रोटीका साना साना टुक्रा मात्रै बाँकी थिए । त्यो पनि सकिने देखेर बिरालाले बाँदरलाई भने, "बाँदर दाइ ! हामी मिलेर रोटी खान्छौँ । तपाईंले जोख्न छोडिदिनुहोस् ।" "हुन्छ, तर मैले अहिलेसम्म गरेको मिहिनेतको ज्याला त पाउनुपर्‍यो नि !" बाँदरले भन्यो । बाठो बाँदरले बाँकी रहेका रोटीका दुवै टुक्रा मुखमा हालेर हिँड्यो । दुवै बिराला जिल्ल परे ।

(क) बिरालाको झगडा देखेर को को जम्मा भए ? ..............................................................

(ख) बाँदरले कसरी रोटी तौलियो ? ..............................................................................

(ग) बिरालाले किन झगडा गरेका थिए ? ......................................................................

(घ) साथी साथीबिच किन झगडा गर्नु हुँदैन ? ..................................................................

## क्रियाकलाप १६

(क) विद्यार्थीसँग तपाईंको नाम के हो ? तपाईँ कहाँ बस्नुहुन्छ ? तपाईँ कहाँ पढ्नुहुन्छ ? तपाईँले बिहानदेखि बेलुकासम्म गर्ने काम के के हुन् ? जस्ता प्रश्नोत्तर गर्नुहोस् ।

(ख) कुराकानीका क्रममा एक जनाले प्रश्न सोध्ने र अर्को जनाले उत्तर भन्ने प्रसङ्गलाई स्पष्ट पार्नुहोस् ।

(ग) कक्षाका एक जना छात्र र एक जना छात्रालाई अगाडि बोलाउनुहोस् । छात्रलाई रामरिझन र छात्रालाई चित्रलेखाको भूमिका दिनुहोस् ।

(घ) रामरिझन र चित्रलेखाको अपूरो संवादको वाक्यपत्ती दिएर कुराकानी पूरा गर्न सहजीकरण गर्नुहोस् । कक्षाका सबै विद्यार्थीलाई यो अवसर प्रदान गर्नुहोस् ।

(ङ) विद्यार्थीहरूलाई खाली ठाउँ भरेर संवाद पूरा गर्न सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. २५ को क्रियाकलाप १६ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

खाली ठाउँ भरेर तलको संवाद पूरा गर्नुहोस् :

रामरिझन : तपाईंको नाम के हो ?

चित्रलेखा : ......................................................................................

रामरिझन : ......................................................................................

चित्रलेखा : मेरो घर सप्तरीमा छ ।

रामरिझन : तपाईँको घरमा को को हुनुहुन्छ ?

चित्रलेखा : ......................................................................................

रामरिझन : तपाईँ कहाँ पढ्नुहुन्छ ?

चित्रलेखा : ......................................................................................

रामरिझन : ......................................................................................

चित्रलेखा : म कक्षा तीनमा पढ्छु ।

रामरिझन : तपाईँले बिहानदेखि बेलुकासम्म के के काम गर्नुहुन्छ ?

चित्रलेखा : म ६ बजे उठ्छु । हातमुख धुन्छु । पाठ पढ्छु । ९ बजे खाना खान्छु र विद्यालय जान्छु । कक्षाकार्य गर्छु । ४ बजे घर फर्कन्छु । आमालाई काममा सघाउँछु । गृहकार्य गरेर खाना खान्छु । ९ बजे सुत्छु ।

रामरिझन : तपाईँ धेरै मिहिनेती हुनुहुँदोरहेछ । म पनि अब तपाईँ जस्तै गर्छु ।

चित्रलेखा : ......................................................................................

रामरिझन : तपाईँको बानी राम्रो लाग्यो । तपाईँलाई धेरै धन्यवाद ।.

## क्रियाकलाप १७ 

(क) आफूले दैनिक रूपमा गर्ने कामको सूची प्रदर्शन गर्नुहोस् र ती कामका बारेमाछलफल गराउनुहोस् ।

(ख) विद्यार्थीलाई दैनिक रूपमा गरिने कामका बारेमा प्रश्न सोध्नुहोस् र विद्यार्थीले भनेका कामका सूची शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ग) विद्यार्थीलाई दुई दुई जनाको समूहमा विभाजन गर्नुहोस् ।समूहमा पालैपालो छलफल गरी कामको सूची तयार गर्न सहजीकरण गर्नुहोस् ।

(घ) विद्यार्थीले तयार गरेको सूचीलाई पालैपालो वाचन गरेर सुनाउन लगाउनुहोस् ।

(ङ) कामको सूची तयार गर्न र वाचन गर्न समस्या भएका विद्यार्थीलाई आवश्यकता पहिचान गरी सहजीकरण गर्नुहोस् ।

### मूल्याङ्कन

पाठ्यपुस्तकको पृ.स. २५ को क्रियाकलाप १७ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

साथीलाई सोधेर साथीले बिहानदेखि बेलुकासम्म गर्ने कुनै पाँचओटा काम लेख्नुहोस् :

.....................................................................................................................

.....................................................................................................................

.....................................................................................................................

.....................................................................................................................

.....................................................................................................................

# पाठ ४


## (क) सिकाइ सहजीकरण योजना

| क्र. स. | विषयवस्तु | व्यवहारकुशल सिप | अनुमानित घन्टी | पाठ्य तथा कार्यपुस्तकको सम्बन्धित पृष्ठसङ्ख्या |
|---|---|---|---|---|
| १. | मापन वा नापतौलसम्बद्ध शब्द | • प्रयोग सिप (S1.1)<br>• स्वव्यवस्थापन सिप (S2.1)<br>• सहकार्य सिप (S3.2)<br>• आधारभूत साक्षरता सिप (S4.1)<br>• दृश्य साक्षरता सिप (S4.3) | २ | २६ र२७ |
| २. | अनुकरणात्मक शब्द | | २ | २८ देखि ३४ |
| ३. | विषयक्षेत्रगत मूल्याङ्कन | | १ | ३५ र ३६ |

## (ख) सिकाइ क्रियाकलापका आधार

यस पाठको सिकाइ सहजीकरण गर्नुपूर्व निम्नानुसारको पूर्वतयारी गर्नुहोस् :

| पठन तत्त्व | क्रियाकलापको आधार | क्रियाकलापको सङ्केत र क्रम | सिकाइ सामग्री |
|---|---|---|---|
| ध्वनि सचेतीकरण | **शिक्षकको पूर्ण सहयोग** |  १ | १. पाठमा प्रयुक्त उस्तै उस्तै सुनिने शब्दका शब्दपत्ती<br>(जाती - जाति, जून - जुन, ताप - टाप, फूल-फुल, सीता - सिता, दिसा - दिशा, बास - बाँस, दाइ - दाइँ, तीन - तिन)<br>२. पाठमा प्रयुक्त चित्र वा पोस्टर<br>३.'गरिदेऊ निसाफ' कविता चार्ट |
| दृश्यबोध | **शिक्षकको आंशिक सहयोग** |  २ | १. पाठमा प्रयुक्त चित्र तथा पोस्टर |
| शब्दभण्डार | **दौँतरी सिकाइ** |  ३ | १. मेटाकार्डमा लेखिएका शब्द<br>(मिटर, गज, सेन्टिमिटर, मिलिलिटर, किलोग्राम, लिटर, मानो, पाथी, तुलो, ढक, धार्नी, तराजु, कुटी ऋषि, त्रिशूल, डमरु)<br>२. त्रिभुज आकारको कार्डबोर्ड पेपर |

| | | | |
|---|---|---|---|
| शब्दभण्डार | **स्वयम् सिकाइ** |  ४ | १. पाठमा प्रयुक्त चित्रपत्ती र शब्दपत्ती (ढक, तराजु, पाथी) |
| पठन प्रवाह | **दौँतरी सिकाइ** |  ५ | १. संवादको अनुच्छेद चार्ट<br>२. पाठमा प्रयुक्त चित्रपत्ती<br>३. लेख्य चिह्न प्रयोग भएका वाक्यपत्ती<br>४. पपेट |
| शब्दभण्डार | **दौँतरी सिकाइ** |  ६ | १. पाठमा प्रयुक्त शब्दपत्ती (पल्याकपुलुक, सल्याकसुलुक, फत्याकफुतुक, पिटक्क, चिटिक्क, किटिक्क, घिटिक्क, टिनटिन, थरथर, गल्नु, पर्नु, गर्नु, निल्नु, हेर्नु, काम्नु, बज्नु, भाँचिनु, टोक्नु) |
| पठनबोध | **शिक्षकको आंशिक सहयोग** |  ७ | १. चार्ट पेपरमा लेखेर ठूलो खाममा प्याकिङ गरिएको पाठमा प्रयुक्त नमुना चिठी<br>२. चिठीको बारेमा लेखिएको वैकल्पिक उत्तरसहितको प्रश्नावली सूची |
| लेखाइ | **शिक्षकको आंशिक सहयोग** |  ८ | १. शिक्षकले आफ्नो बारेमा लेखेको वाक्यपत्ती मेरो नाम रामदास हो । |
| श्रुतिबोध | **शिक्षकको पूर्ण सहयोग** |  ९ | १. पाठमा प्रयुक्त उस्तै उस्तै सुनिने शब्दका शब्द र वाक्यपत्तीहरू (जुद्ध - युद्ध, भक्ति - शक्ति, बाँस - हाँस) २. पाठमा प्रयुक्त चित्र तथा पोस्टर<br>३. 'अंश' रेकर्ड गरेको डिभाइस |
| शब्दभण्डार | **शिक्षकको आंशिक सहयोग** |  १० | १. पाठमा प्रयुक्त शब्दका पत्ती (बुरुक्क उफ्रनु, टुसुक्क बस्नु, भुसुक्क बिर्सनु, पुर्लुङ्ग पल्टनु) |
| पठनबोध | **शिक्षकको आंशिक सहयोग** |  ११ | १. 'विद्यार्थी र बटुवा' पाठमा प्रयुक्त अनुकरणात्मक शब्दका शब्दपत्ती (छुकछुके, चुलबुले, कचकच, चकचक, टिनटिन, टिकटिक, थरथर, थुरथुर, पल्याकपुलुक, सल्याकसुलुक, फत्याकफुतुक, पिटक्क, चिटिक्क, किटिक्क, घिटिक्क)<br>२. नमुना वाक्यपत्ती |

| | | | |
|---|---|---|---|
| शब्दभण्डार | **शिक्षकको पूर्ण सहयोग** |  १२ | १. कोठेपद लेखिएको चार्ट<br>२ कोठेपदमा भर्नुपर्ने शब्दका सूची<br>३. कोठेपदमा भर्नुपर्ने शब्दका सङ्केत प्रश्नावलीको सूची |
| लेखाइ | **स्वयम् सिकाइ** |  १३ | १. अनुच्छेद लेखिएको चार्ट<br>२. नमुना वाक्यपत्ती |
| लेखाइ | **दौँतरी सिकाइ** |  १४ | १. कविताको खाली ठाउँमा भर्नुपर्ने शब्दका सूची<br>(जाति - जाती - पाथी, जून - बुन - कुन, आँटमा - बाँसघारीमा - आँतमा, छाला - चाला - माला, अन्डा - तन्दा - फन्दा, भन्दा - बन्दा - चन्दा, तरकारी - सरकारी - इमान्दारी, मोल - पोल - खोल)<br>२. कविताको पूर्ण र अपूर्ण चार्ट |
| लेखाइ | **स्वयम् सिकाइ** |  १५ | १. आफ्नो परिवेश वर्णन गरेको नमुना चिठी |
| लेखाइ | **स्वयम् सिकाइ** | त्रिभूज भएको चित्र १६ | १. फोटोकपी पेपर, पेन्सिल, इरेजर, रङ आदि । |
| **विषयक्षेत्रगत मूल्याङ्कन** | |  | पाठ्यपुस्तक |

**(ग) सिकाइ क्रियाकलाप**

क्रियाकलाप १ 

(क) शिक्षकले कक्षाका विद्यार्थीलाई अभिवादन गरी विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

(ख) विद्यार्थीसँग पाठको चित्र देखाउदै चित्रमा के गरिएको होला भनी छलफल गराउनुहोस् ।

(क) पाठमा प्रयुक्त उस्तै उस्तै सुनिने ध्वनि भएका शब्दका शब्दपत्ती प्रदर्शन गर्नुहोस् र उच्चारण गर्न लगाउनुहोस् । जस्तै : साथ - रात, खेत - हात, बास - बाँस, ताप - टाप, सिता - सीता

(ग) शब्दलाई अर्थगत बोधका लागि वाक्यमा प्रयोग गरेर सुनाउनुहोस् ।

(घ) विद्यार्थीलाई उस्तै उस्तै सुनिने ध्वनि भएका शब्दका शब्दपत्ती दिनुहोस् र पालैपालो शब्दलाई उच्चारण गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ङ) 'गरिदेऊ निसाफ' कविता चार्ट प्रदर्शन गर्नुहोस् । कविता गति, यति, लय र हाउभाउसहित गाएर सुनाउनुहोस् । त्यसपछि विद्यार्थीसँगै गाउनुहोस् र लयबद्ध वाचनमा समस्या भएका विद्यार्थीलाई उपयुक्त चिह्न, सङ्केत र क्रियाको उपयोग गरी थप सिकाइको अवसर प्रदान गर्नुहोस् । यस क्रममा क्रमिक सिकाइ रणनीति (शिक्षकले गरेर देखाउने, शिक्षक र विद्यार्थीले सँगसँगै गर्ने, विद्यार्थी विद्यार्थीसँगै अभ्यास गर्ने र विद्यार्थीलाई व्यक्तिगत रूपमा गर्न लगाउने) लाई उपयोग गर्नुहोस् ।

**मूल्याङ्कन**

१. पाठ्यपुस्तकको पृ.स. २६ को 'गरिदेऊ निसाफ' कवितागति, यति र लय हालेर सुनाउन लगाउनुहोस् ।

लय मिलाएर गाउनुहोस् :

गरिदेऊ निसाफ !

मानिस जाति अति नै जाती जाँगर छ साथमा
जुन छ अल्छी जूनमा बल्छी खेल्दछ रातमा
घामको ताप सहेर पनि रमाउँछ खेतमा
घोडाको टाप भएछन् खुट्टा ठेला छन् हातमा ।
फूलको थुँगा भएर बिहान खुसीले हाँस्दछ
फुल झैँ फुट्दै बनेर चल्ला जीवन बाँच्दछ
फोहोर दिसा देखेर सीता अति नै घिनाइन्
पूर्वको दिशा भातका सिता टिपेर हटाइन् ।
खलोमा दाइँ गर्दै छन् दाइ म जान्छु खेल्नलाई
हामी छौँ वारि बारी छ पारि गा¼ी छ भेट्नलाई
तिनले तीन रुपियाँ तिरी किनेछन् किताब
बास र बाँस फरक के छ गरिदेऊ निसाफ !

२. शब्दपत्तीमा भएका शब्द 'गरिदेऊ निसाफ' कवितामा रेखाङ्कन गर्नु लगाउनुहोस् ।

## क्रियाकलाप २

(क) विद्यार्थीले दैनिक रूपमा गर्ने क्रियाकलापकाबारेमा छलफल गरी कामको सूची बनाउन लगाउनुहोस् ।

(ख) विद्यार्थीलाई पाठमा प्रयुक्त चित्र तथा पोस्टर प्रदर्शन गरेर चित्रमा भएका कुरा अनुमान, पूर्वानुमान गरी वर्णन गर्न लगाउनुहोस् ।

(ग) चित्र वर्णन गर्दा को, के, किन, कति, कस्तो, कसरी जस्ता प्रश्नका आधारमा चित्रका बारेमा भन्न

लगाउनुहोस् । चित्रमा भएको परिवेश समेटेर चित्र वर्णन गराउनुहोस् ।

(घ) पाठमा प्रयोग भएका चित्रसँग मिल्दाजुल्दा वातावरण देखिने चित्र वा पोस्टर प्रदर्शन गरी सिकाइको थप अवसर प्रदानगर्नुहोस् । यस क्रममा शब्द चित्रपत्तीको प्रयोग र शब्दबोध गर्ने अवसर पनि प्रदान गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. २६ को क्रियाकलाप २ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।



**क्रियाकलाप ३**

(क) मेटाकार्डलाई क्रमशः प्रदर्शन गर्नुहोस् । मेटाकार्डमा भएका शब्द उच्चारण गर्न लगाउनुहोस् । ती शब्द केसँग सम्बन्धित छन्, प्रश्नोत्तर गरी छलफल गर्नुहोस् ।

(ख) विद्यार्थीको समूहलाई त्रिभुज आकारको कार्डबोर्ड पेपर र मेटाकार्ड दिनुहोस् । ती मेटाकार्डमा भएका शब्दलाई समूह मिल्ने गरी त्रिभुज कार्डको छेउमा लहरमा राखेर देखाउन लगाउनुहोस् । शब्द समूहका बारेमा शिक्षकले सहजीकरण गर्नुहोस् ।

(ग) मेटाकार्डमा भएका शब्दलाई पालैपालो पढेर सुनाउने अभ्यास गराउनुहोस् । उच्चारणमा समस्या भए आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. २७ को क्रियाकलाप ३ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।
पढेर साथीलाई सुनाउनुहोस् :




**क्रियाकलाप ४** 

(क) विद्यार्थीलाई चित्रपत्ती प्रदर्शन गर्नुहोस् र चित्र हेरेर नाम लेख्न लगाउनुहोस् ।

(ख) चित्रका बारेमा लेखिएको नमुना वाक्य प्रदर्शन गर्नुहोस् । जस्तै : चामल भर्नका लागि पाथीको प्रयोग हुन्छ ।

(ग) विद्यार्थीलाई दुई दुई जनाको समूहमा विभाजन गर्नुहोस् र चित्रका बारेमा एक एक वाक्य लेख्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. २७ को क्रियाकलाप ४ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।








## क्रियाकलाप ५

(क) पाठमा प्रयुक्त चित्रपत्ती प्रदर्शन गरेर चित्रका बारेमा छलफल गर्नुहोस् । चित्रमा कति जना मानिस छन् ? तिनीहरू के के गर्दै छन् ? के के कुरा गर्दै होलान् ? जस्ता विषयवस्तुमा विद्यार्थीसँग कुराकानी गर्नुहोस् ।

(ख) कुराकानीका क्रममा लेख्य चिह्न प्रयोग भएका वाक्यपत्ती प्रदर्शन गर्नुहोस् । ती वाक्यलाई पढ्न लगाउनुहोस् । लेख्य चिह्नअनुसार वाक्य पठन प्रवाहका बारेमा सहजीकरण गर्नुहोस् ।

(ग) संवाद लेखिएको चार्ट प्रदर्शन गर्नुहोस् र संवादलाई नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् । सस्वरवाचन गर्दा शब्द, वाक्य र अनुच्छेद देखाउँदै आरोह अवरोह, गति र यतिलाई ध्यान दिनुहोस् ।

(घ) विद्यार्थीलाई गुरुमा, विद्यार्थी, पेम्बा र रतियाको भूमिका दिई सस्वरवाचन गर्न लगाउनुहोस् । यस क्रममा सम्भव भएसम्म श्रव्य सामग्री तथा मल्टिमिडियाको उपयोगगर्नुहोस् ।मल्टिमिडियाको उपयोग गर्दाछात्र र छात्राको स्वरमा रेकर्ड गराई कक्षामा सुनाउनुहोस् ।

(ङ) कुनै विद्यार्थीको सहयोग लिई कुराकानीलाई पपेटका माध्यमबाट अभिनयात्मक कथनगर्नुहोस् । यसका लागि शिक्षकले थप नमुनाप्रदर्शन गर्नुहोस् ।

(च) विद्यार्थीलाई आफ्नो दैनिकी लेखिएको चार्ट प्रदर्शन गरी छलफल गर्नुहोस् र सोही ढाँचामा दैनिकी लेख्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

### मूल्याङ्कन

पाठ्यपुस्तकको पृ.स. २७ र २८ को क्रियाकलाप ५ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

पालैपालो पढ्नुहोस् र तपाईं पनि आफ्नो दैनिकी कापीमा लेख्नुहोस् :

| | | |
|---|---|---|
| गुरुमा | : | नानीबाबुहरू हो ! आज म तपाईंहरूलाई केही सोध्छु, नढाँटी भन्नुहोस् ल ! |
| विद्यार्थीहरू | : | हुन्छ गुरुमा ! |
| गुरुमा | : | म आज पेम्बाको घरमा हुने दैनिक कामका बारेमा सोध्छु है ? |
| पेम्बा | : | हुन्छ गुरुमा ! सोध्नुहोस् न । |
| गुरुमा | : | तिम्रा आमाबुबा के के काम गर्नुहुन्छ ? |
| पेम्बा | : | मेरो बुबा वकिल हुनुहुन्छ । मेरी आमा विद्यालयमा पढाउनुहुन्छ गुरुमा ! |
| गुरुमा | : | घरमा कसकसले के के काम गर्नुहुन्छ नि ? |
| पेम्बा | : | हामी सबै जना बिहान पाँच बजे उठ्छौँ । बुबाले चिया पकाउनुहुन्छ । आमाले घर सफा गर्नुहुन्छ । हामी नुहाएर पढ्न बस्छौँ । आमा खाना पकाउन थाल्नुहुन्छ । बुबा तरकारी काट्नुहुन्छ । उहाँहरू बिहान बेलुका पालैपालो खाना बनाउनुहुन्छ । हामी सबै मिलेर खाना खान्छौँ । मिलेर भाँडा माझ्छौँ अनि आआफ्ना कामतिर लाग्छौँ । |

गुरुमा : आहा ! कति राम्रो परिवार । कति राम्रो दैनिकी । तपाईँहरूलाई कस्तो लाग्यो ?
विद्यार्थीहरू : राम्रो लाग्यो गुरुमा !
गुरुमा : अब भोलि रतियाको पालो है त !
रतिया : हुन्छ, गुरुमा !

## क्रियाकलाप ६

(क) विद्यार्थीलाई क्रमश: गरेर शब्दपत्ती प्रदर्शन गर्नुहोस् । शब्दपत्तीमा भएका शब्द उच्चारण गर्न लगाउनुहोस् । शब्द उच्चारणसँगैअर्थगत बोधका लागि शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ख) शब्दपत्तीमा भएका अनुकरणात्मक शब्दसँग मिल्ने क्रिया पहिचान गर्न लगाउनुहोस् । विद्यार्थीलाई नमुनाका लागि 'पल्याकपुलुक' शब्दसँग 'हेर्नु' क्रियापद शब्द जोडेर सहजीकरण गर्नुहोस् ।

(ग) विद्यार्थीलाई एक एकओटा शब्दपत्ती वितरण गर्नुहोस् । विद्यार्थीलाई आफूसँग भएको शब्दसँग क्रियापद मिल्ने शब्द लिएका साथीसँग जोडी बनाउन लगाएर जोडी शब्द उच्चारण गरी प्रदर्शन गर्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. २८ को क्रियाकलाप ६ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

मिल्ने क्रियापदसँग जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| पल्याकपुलुक | गल्नु |
| सल्याकसुलुक | पर्नु |
| फत्याकफुतुक | हुनु |
| पिटिक्क | निल्नु |
| चिटिक्क | हेर्नु |
| किटिक्क | काम्नु |
| घुटुक्क | बज्नु |
| टिनटिन | भाँचिनु |
| थरथर | टोक्नु |

## क्रियाकलाप ७ 

(क) चिठीका बारेमा विद्यार्थीसँग छलफल गर्नुहोस् । नमुना चिठी भएको खाम प्रदर्शन गरेर छलफलका माध्यमबाट चिठी पठाउने, पाउने मानिसका नाम, ठेगानालगायतविवरण जानकारी गराउनुहोस् ।

(ख) सबै विद्यार्थीले देख्ने गरी खाम खोलेर चिठी देखाउनुहोस् । चिठीमा के के कुरा लेखिएको रहेछ, शिक्षकले नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् । चिठी वाचन गर्दा पठन आरोह, अवरोह जस्ता कुरालाई ख्याल गर्नुहोस् ।

(ग) विद्यार्थीले देख्ने गरी चिठी प्रदर्शन गरेर कम्तीमातीन जना विद्यार्थीलाई पालैपालो चिठी वाचन गर्न लगाउनुहोस् । चिठीमा भएका कुराका बारेमा प्रश्नोत्तर तथा छलफल गर्नुहोस् ।

(घ) चिठीलाई छोप्नुहोस् र चिठीका बारेमा लेखिएको वैकल्पिक उत्तरसहितको प्रश्नावली सूची प्रदर्शन गर्नुहोस् ।

(ङ) विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् । समूहमावैकल्पिक उत्तरसहितको प्रश्नावली सूचीमा भएका प्रश्न सोधेर उत्तर पहिचान गर्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

### मूल्याङ्कन

पाठ्यपुस्तकको पृ.स. २९ को क्रियाकलाप ७ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

तलको चिठी पढ्नुहोस् र सही उत्तरमा ठिक ९√० चिनो लगाउनुहोस् :

मिति : २०७७ असार १

जुम्ला

आदरणीय आमाबुबा

सादर नमस्कार ।

म पाँच दिनदेखि जुम्लामा छु । हिजो काकीले मलाई चन्दननाथ मन्दिर घुमाउन लैजानुभयो । आज हामी सिँजा उपत्यका घुम्न जाने छौं । जुम्लामा स्याउ खेती गरिँदोरहेछ । त्यसैले मैले धेरै स्याउ खान पाएको छु । जुम्ला उपत्यका निकै रमाइलो रहेछ । धान फल्ने संसारभरकै अग्लो ठाउँ पनि यही रहेछ । यहाँको मार्सी चामलको भात मलाई मिठो लाग्यो । यहाँको हावापानी पनि राम्रो छ । म अझै एक महिना यहाँ बसेर फर्कने छु । हजुरहरूलाई छिट्टै भेट्ने प्रतीक्षासहित पत्रबाट बिदा चाहन्छु ।

हजुरहरूकी प्यारी छोरी

प्रज्ञा

(क) चिठी लेख्ने बेलासम्म प्रज्ञा कति दिन जुम्लामा बसेकी रहिछन् ?

(अ) पाँच दिन ☐ (आ) छ दिन ☐ (इ) सात दिन ☐ (ई) आठ दिन ☐

(ख) प्रज्ञा जम्मा कति दिन जुम्लामा रहनेछिन्

(अ) पच्चिस दिन ☐ (आ) तिस दिन ☐ (इ) पैँतिस दिन ☐ (ई) छत्तिस दिन ☐

(ग) यो चिठी कसले कसलाई लेखेको हो ?

(अ) बहिनीले दिदीलाई ☐ (आ) नातिनीले हजुरआमालाई ☐
(इ) छोरीले आमाबुबालाई ☐ (ई) दिदीले भाइलाई ☐
(घ) चिठीमा कुन चामलको भात मिठो हुन्छ भनिएको छ ?
(अ) जिरामसिनो ☐ (आ) मार्सी ☐ (इ) पोखरेली ☐ (ई) मन्सुली ☐
(ङ) जुम्लामा कुन मन्दिर रहेछ ?
(अ) पशुपतिनाथ ☐ (आ) चन्दननाथ ☐ (इ) हलेसी महादेव ☐ (ई) जानकी ☐

## क्रियाकलाप ८



(क) शिक्षकले आफ्ना बारेमा लेखिएका वाक्यपत्ती एक एक गरेर प्रदर्शन गर्नुहोस् र वाक्य पठन गरेर सुनाउनुहोस् ।

(ख) विद्यार्थीलाई वाक्यपत्तीका आधारमा प्रश्न बनाउन सिकाउनुहोस् । जस्तै :मेरो नाम रामदास हो । तपाईंको नाम के हो ?

(ग) यसैगरी प्रदर्शन गरिएका वाक्यअनुसार विद्यार्थीलाई प्रश्न बनाएर सोध्न लगाउनुहोस् र आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

(घ) विद्यार्थीलाई वाक्यपत्ती प्रदर्शन गरी त्यसका आधारमा प्रश्न बनाउन लगाउनुहोस् । विद्यार्थीले बनाएका प्रश्नलाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ३० को क्रियाकलाप ८ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

उदाहरण हेरेर दिइएका उत्तर आउने प्रश्न बनाउनुहोस् :
उदाहरण : तपाईंको नाम के हो ? मेरो नाम नरहरि हो ।
(क) ............................................................ मेरो घर देवघाटमा छ ।
(ख) ............................................................ म बिहान योग गर्छु ।
(ग) ............................................................ हामी दिउँसो विद्यालय जान्छौं ।
(घ) ............................................................ जनकपुरमा जानकी मन्दिर छ ।
(ङ) ............................................................ कर्णाली नेपालको सबैभन्दा लामो नदी हो ।

## क्रियाकलाप ९



(क) पाठमा प्रयुक्त चित्र प्रदर्शन गर्नुहोस् । चित्रमा के के भएको देखिन्छ, छलफल गर्नुहोस् ।

(ख) विद्यार्थीलाई पाठमा प्रयुक्त उस्तै सुनिने शब्दका शब्दपत्ती प्रदर्शन गरी उच्चारण अभ्यास गराउनुहोस् । जस्तै : जुद्ध - युद्ध, भक्ति - शक्ति । मोबाइलमा रेकर्ड गरिएको 'अंश' पाठ विद्यार्थीलाई सुनाउनुहोस् । विद्यार्थीले चित्र वर्णन गर्दा भनेका कुरा र मोबाइलमा सुनेका कुरा के के मिले भनेर छलफल गर्नुहोस् ।

(ग) शिक्षकले कार्यपुस्तकमा भएको ३. 'अंश' पाठ बिस्तारै सस्वरवाचन गरी सुनाउनुहोस् । त्यसपछि विद्यार्थीलाई पाठको अनुवाचन तथा सहवाचन गर्न लगाउनुहोस् ।यस क्रममा विद्यार्थीले उच्चारण गर्न नसकेका शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् । रेखाङ्कन गरिएका शब्द जनाउने चित्र वा ठोस वस्तु प्रदर्शन गर्दै शब्द सँगसँगै उच्चारण गराउनुहोस् । राम्ररी उच्चारण गर्न नसकेसम्म अभ्यास गराउनुहोस् ।

(घ) पाठमा प्रयोग भएको वाक्यपत्तीलाई छ्यासमिस गरी विद्यार्थीको समूहमा वितरण गर्नुहोस् । ती वाक्यपत्तीलाई पाठमा प्रयोग गरिए जसरी क्रमशः मिलाएर पढ्न लगाउनुहोस् ।

(ङ) पाठको अन्तिममा दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् । उत्तर मिले नमिलेको सुनिश्चित गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ३० को क्रियाकलाप ९ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

सुन्नुहोस् र उत्तर भन्नुहोस् :

अंश

जुद्ध र युद्धसँग विक्रम बजार गए । उनीहरूले पसलेसँग एक किलोग्राम सुन्तलाको मूल्य सोधे । उनीहरूले सुन्तला जोखेर लिए । घरमा आएर सुन्तला गने । त्यहाँ जम्मा दशओटा सुन्तला रहेछन् । गणितमा कसरी भन्ने होला ? विक्रमले विचार गरे । दशओटा सुन्तलाको १० भागमध्ये १ भाग भनेको १ दाना सुन्तला हो । त्यसैले १ दाना सुन्तला दशको एक भाग भयो । विक्रमले १० कोठाको स्तम्भ पनि बनाएर हेरे । एक कोठामा छाया पारे । विक्रमले दशको एक भाग आफैंले पत्ता लगाए । यो कुरा जुद्ध र युद्धलाई बताए । उनीहरूले भक्ति र शक्तिलाई भागका बारेमा बुझाए । अर्को सुन्तला छोडाएर देखाए । विक्रमको हिसाब सिक्ने तरिका सबैलाई मन पर्‍यो । उनीहरू बाँसघारीका छेउमा बसेका हाँस गन्न थाले । त्यसबाट जोडघटाउ सिके । यो कुरा गणित शिक्षकलाई सुनाए । शिक्षकले भन्नुभयो, "धन्यवाद ! यस्तो तरिका साथीलाई पनि सिकाऊ है ।" सबै खुसी भए ।

(क) जुद्ध, युद्ध र विक्रमले के किने ?

(ख) विक्रमले कसरी भागको हिसाब सिके ?

(ग) शिक्षकको कुरा सुनेर सबै किन खुसी भए ?

## क्रियाकलाप १० 

(क) शिक्षकले शब्दपत्ती एक एक गरेर प्रदर्शन गरी उच्चारण गरेर सुनाउनुहोस् । विद्यार्थीलाई पनि उच्चारण गर्न लगाउनुहोस् ।

(ख) कुनै विद्यार्थीलाई एउटा शब्दपत्ती दिनुहोस् र वाक्य बनाउन लगाउनुहोस् । वाक्य बनाएपछि शब्दपत्ती अर्को विद्यार्थीलाई पास गर्न लगाउनुहोस् । उसलाई पनि नयाँ वाक्य बनाएर सुनाउन लगाउनुहोस् । यसैगरी एउटा शब्दपत्तीको वाक्य निर्माण चक्र पूरा भएपछि पहिले वाक्य बनाउने विद्यार्थीलाई नयाँ शब्दपत्ती दिएर वाक्य निर्माण गर्न लगाई सो शब्दपत्ती अर्को विद्यार्थीलाई पास गर्न लगाउनुहोस् । आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

### मूल्याङ्कन

पाठ्यपुस्तकको पृ.स. ३१ को क्रियाकलाप १० का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

दुईओटा शब्द प्रयोग गरेर वाक्य लेख्नुहोस् :
जस्तै : जुरुक्क उठ्नु : भाइ जुरुक्क उठ्यो ।
बुरुक्क उफ्रनु : ..................................................................
टुसुक्क बस्नु : ..................................................................
भुसुक्क बिर्सनु : ..................................................................
पुर्लुक्क पल्टनु : ..................................................................

## क्रियाकलाप ११ 

(क) विद्यार्थीलाई पाठमा प्रयुक्त अनुकरणात्मक शब्दपत्तीहरूप्रदर्शन गर्नुहोस् र उच्चारण गर्न लगाउनुहोस् ।

ती शब्दका बारेमा प्रश्नोत्तर गरीवाक्यमा प्रयोग गर्न लगाउनुहोस् । शब्द उच्चारणपश्चात् शब्द संरचनाका आधारमा उच्चारण गर्ने अभ्यास गराउनुहोस् । जस्तै :

| शब्द | सुरुको ध्वनि | बिचको ध्वनि | बिचको ध्वनि | अन्त्यको ध्वनि |
|---|---|---|---|---|
| कचकच | /कच्/ | | | /कच/ |
| टिङटिङ | /टिङ्/ | | | /टिङ्/ |
| घिटिक्क | /घि/ | | /टिक्/ | /क्क/ |
| चिटिक्क | /चि/ | | /टिक्/ | /क्क/ |

| | | | | |
|---|---|---|---|---|
| पल्याकपुलुक | /प/ | /ल्याक्/ | /पु/ | /लुक्/ |
| लस्याकसुलुक | /ल/ | /स्याक्/ | /लु/ | /सुक्/ |
| फत्याकफुतुक | /फ/ | /त्याक्/ | /फु/ | /तुक्/ |

(ख) पाठमा प्रयुक्त शब्दलाई वाक्यमा प्रयोग गर्नसहजीकरण गर्नुहोस् ।

(ग) शिक्षकले पाठमा प्रयुक्त चित्र प्रदर्शन गर्दै 'विद्यार्थी र बटुवा' कथा वाचन गरेर सुनाउनुहोस् । कथा सुनाउँदा आरोह, अवरोह, गति, यति, हाउभाउ र वाचन कलालाई विशेष ध्यान दिनुहोस् ।

(घ) विद्यार्थीलाई पालैपालो सस्वर पठन गर्न लगाउनुहोस् । सस्वर पठन गर्दा उच्चारणमा कठिन भएका शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् र आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ङ) पाठमा भएका प्रश्नका उत्तर पाठबाट पहिचान गर्न लगाउनुहोस् र प्रश्नोत्तर गर्न सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ३१ र ३२ को क्रियाकलाप ११ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

विद्यार्थी र बटुवा

चुलबुले ईशा र पवन विद्यालयबाट घर फर्कँदै थिए । उनीहरू पल्याकपुलुक हे दै ́ चौ तार मा बसे का थिए । उनीहरूले चुलबुल गर्दै खेलेको 'रेलगाडी छुकछुक' भन्ने खेलबारे कुराकानी गर्दै थिए । त्यही बे लामा डो को बो के र एक जना बटुवा त्यहाँ आइपुगे । उनी थाके र लत्याकलुतुक परेका थिए । उनले हतार हतार धारो खोले । उनले पानी घटघट पिए । धारो बन्द नगरी उनी चौताराको एकछे उमा बसे । त्यो देखे र ईशाले भनिन्, "काका तपाईंले धारो बन्द गर्न बिर्सनुभएछ ।" ईशाको कुर ा सुने र बटुवाले भने , "यो बाटाको धारो हो । किन बन्द गर्नुपऱ्यो ।" पवनले भने "त्यो धाराका छे उमा पानी ट्याङ्की छ । यहाँ पानी खो ले पछि तल्लो गाउँका धार ामा पानी आउँदै न ।" "तल बरबोटेमा धानको बिउ राख्दै छन् । यहाँकै पानीले बिउ राख्नुपर्छ । यहाँ पानी खो ले पछि बिउ र ाख्नै मिल्दै न ।" ईशाले भनिन् । बटुवाले भने , "ओ हो ! तिमीहरू त धेरै जान्ने र हे छौ । ज्ञानी रहेछौ । कसले सिकायो हँ, तिमीहरूलाई यस्ता राम्रा कुरा ?"

ईशाले टिङटिङ घन्टी बजाइन् । ईशाले भनिन् "हामीलाई गुरुआमाले भन्नुभएको हो, बाटो, धारो, मन्दिर र पाटीहरू सबैका हुन् । तिनलाई हामी सबैले हेरविचार गर्नुपर्छ ।" बटुवा उठेर धाराको टुटी फनक्क घुमाएर बन्द गरे । हिँडेर थाकेका बटुवा भोकाएका थिए । उनले बजारबाट मेवा किनेर ल्याएका थिए । बटुवाले त्यही मेवाले भोक मेटाउने विचार गरे । डोकाबाट मेवा झिके । मेवा त धेरै पाकेकाले फत्याकफुतुक गलेको पो रहेछ । त्यही गलेको भए पनि सल्याकसुलुक्क निले ।

त्यति नै बेला माझघरे हजुरबुबा आइपुग्नुभयो । उहाँले भन्नुभयो, "मैले तिमीहरूका सबै कुरा सुनें । खुसी लाग्यो । बटुवा भाइ, यी नातिनी र नातिका कुरा ठिक छैनन् त ?"

"हो बुबा, यी नानीहरूका कुरा सुनेर मलाई खुसी लाग्यो ।" बटुवाले भने ।

"धारो, बाटो, कुलो, विद्यालय र मन्दिर सबैका साझा हुन् । साझा कुरालाई सबैले मिलेर जतन गर्नुपर्छ ।" माझघरे हजुरबुबाले भन्नुभयो ।

"हो बुबा, हामीले यस्ता साझा सम्पत्तिलाई सबै मिलेर राम्रो बनाउनुपर्छ । तिमीहरूले राम्रो कुरा जानेका रहेछौ । अझै धेरै पढ्नु है ।" यति भनेर बटुवा बाटो लागे । "स्याबास, तिमीहरू असल छौ ।" माझघरे हजुरबुबाले भन्नुभयो । उहाँ घरतिर हिँड्नुभयो । ईशा र पवन पनि आफ्नो आफ्नो झोला बोकेर घरतिर लागे ।

(क) को चौतारामा बसे ? .............................................................................................(

ख) बटुवाले के के गरे ?..................................................................................................(

ग) हामीले साझा सम्पत्तिको किन संरक्षण गर्नुपर्छ ? .............................................................

## क्रियाकलाप १२



(क) कोठेपद चार्ट प्रदर्शन गर्नुहोस् । विद्यार्थीसँग कोठेपदमा भएका अङ्कका सम्बन्ध कोठेपदमा भर्नुपर्ने शब्दका सङ्केत प्रश्नावलीसँग हुने कुरा छलफल गर्नुहोस् ।

(ख) विद्यार्थीलाई कोठेपदमा भर्नुपर्ने शब्दका सङ्केत प्रश्नावलीको सूची प्रदर्शन गर्नुहोस् र क्रमैसँग प्रश्न सोध्नुहोस् ।

जस्तैः : खेती गर्ने व्यक्तिलाई के भनिन्छ, तीन अक्षरले बनेको शब्द भर्नुहोस् । विद्यार्थीले मिलाएको उत्तर शैक्षणिक पाटीमा लेख्नुहोस् । विद्यार्थीलाई सबै प्रश्न सोधेर प्राप्त उत्तर र शिक्षकले तयार गरेको कोठेपदमा भर्नुपर्ने शब्दका सूची तुलना गरेर मिले नमिलेको छलफल गर्नुहोस् ।

(ग) प्रश्नको नम्बर र कोठेपदमा भएका नम्बर हेरेर प्रश्नको उत्तरलाई कोठेपदमा ठाडो र तेर्सो क्रममा मिल्ने गरी भर्न लगाउनुहोस् ।

(घ) विद्यार्थीलाई कुनै समस्या भए आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ३३ को क्रियाकलाप १२ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

शब्द चिनेर शब्दपहेली भर्नुहोस् :

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | | २ | | ३ | | ४ |
| | | | | | | |
| | | | ६ | | ७ | |
| | | ८ | | | | |
| ९ | | | | | १० | ११ |
| | | १२ | | १३ | | |
| १४ | | | | १५ | | |

| तेर्सो | ठाडो |
|---|---|
| १. खेती गर्ने व्यक्ति - ३ | १. विद्यार्थीले पढ्ने सामग्री - ३ |
| ३. साधुसन्तको वासस्थान - ३ | २. खोलाको ठुलो रूप - २ |
| ७. आमाको दाजु वा भाइ - २ | ३. जननी - २ |
| ८. लेख्न प्रयोग गरिने साधन - ३ | ४. महाेव - ३ |
| ९. मित्र - २ | ६. नरम सेतो कपडा - ४ |
| १०. मध्य भाग - २ | ९. दुई पक्षको सहमति - ३ |
| १४. जाँच - ३ | ११. चलाख वा टाठोबाठो - ३ |
| १५. आदर - ३ | १२. जोगीलाई दिने - २ |
| | १३. दुई दशको योगफल - २ |

## क्रियाकलाप १३

(क) विद्यार्थीलाई अनुच्छेद लेखिएको चार्ट प्रदर्शन गर्नुहोस् र चार्टमा भएको वाक्य पढ्न लगाउनुहोस् । अनुच्छेद पढ्दा गुञ्ज आवाजमा पढ्न लगाउनुहोस् ।

(ख) शिक्षकले विद्यार्थीलाई नमुना वाक्यपत्ती प्रदर्शन गरेर अक्षर राम्रो पारेर लेख्ने तरिका सहजीकरण गर्नुहोस् । केही नमुना वाक्य शैक्षणिक पाटीमा लेखेर देखाउनुहोस् ।

(ग) विद्यार्थीलाई अनुच्छेद हेरेर कापीमा बान्की मिलाएर सफा र शुद्धसँग लेख्ने अभ्यास गराउनुहोस् ।

(घ) लेखाइका क्रममा विद्यार्थीलाई कुनै कठिनाइ भए आवश्यक सहयोग गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ३३ को क्रियाकलाप १३ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

जस्ताको त्यस्तै कापीमा सार्नुहोस् :

हरिमान आज साढे नौ बजे नै विद्यालय पुगे । १० बजे मात्र कक्षा सुरु हुन्थ्यो । उनलाई पुस्तकालय जान मन लाग्यो । एउटा पुस्तक पनि पढ्नु थियो । उनी पुस्तकालय पुगे तर ढोकामा ताल्चा लगाइएको थियो । उनी सहयोगी दाइको कोठामा पुगे । सहयोगी दाइ पानी लिन जानुभएछ । हरिमान धारामा पुगे । सहयोगी दाइ त्यहाँ पनि हुनुहुन्नथ्यो । उनी हस्याङफस्याङ गर्दै फेरि पुस्तकालयमा पुगे । पुस्तकालय त खुलिसकेछ । त्यहाँ अरू पनि साथी रहेछन् । हरिमान खुसी हुँदै पढ्न थाले ।

## क्रियाकलाप १४

(क) कविताको अपुरो चार्ट प्रदर्शन गर्नुहोस् । त्यसपछि खाली ठाउँमा भर्नुपर्ने शब्दको सूची प्रदर्शन गर्नुहोस् र ती शब्दका अर्थका बारेमा विद्यार्थीसँग छलफल गर्नुहोस् ।

(ख) विद्यार्थीलाई खाली ठाउँमा शब्द भरी कविता पूरा गर्न सहजीकरण गर्नुहोस् ।

(ग) पूर्ण कविता लेखिएको चार्ट प्रदर्शन गर्नुहोस् । गति, यति र लयबद्ध वाचन गरेर सुनाउनुहोस् ।

कति जाती सीता, जून जस्ती नीता
बाँसघारीमा हाँस, फूलको माला गाँस ।
कुखुराको अन्डा, बारीमा छ बन्दा
तरकारीको झोल, कति दिन्छौ मोल ।

(घ) विद्यार्थीलाई पालैपालो गति, यति र लय मिलाई कविता वाचन गर्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ३४ को क्रियाकलाप १४ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

मिल्ने शब्द लेखेर कविता पूरा गर्नुहोस् :

| | |
|---|---|
| कति ........................................ सीता | (जाति, जाती, पाथी) |
| ........................................ जस्ती नीता | (जून, बुन, कुन) |
| ........................................................... हाँस | (आँटमा, बाँसघारीमा, आँतमा) |
| फूलको ........................................ गाँस । | (छाला, चाला, माला) |
| कुखुराको ........................................ | (अन्डा, तन्दा, फन्दा) |
| बारीमा छ ........................................ | (भन्दा, बन्दा, चन्दा) |
| ..................................................को झोल | (तरकारी, सरकारी, इमानदारी) |
| कति दिन्छौ ........................................ ? | (मोल, पोल, खोल) |

## क्रियाकलाप १५

(क) विद्यार्थीसँग चिठी किन लेखिन्छ ? चिठी ककसलाई लेखिन्छ ? जस्ता प्रश्न सोधेर चिठीका बारेमा छलफल गर्नुहोस् । यस क्रममा खाम र टिकटसमेत प्रदर्शन गर्नुहोस् ।

(ख) विद्यालयको परिवेश वर्णन गरिएको नमुना चिठी प्रदर्शन गरेर चिठीमा भएका कुरा वाचन गरेर सुनाउनुहोस् ।

(ग) चिठी केका बारेमा लेखिएको रहेछ, विद्यार्थीसँग छलफल गर्नुहोस् ।

(घ) चिठीका अङ्गका बारेमा प्रश्नोत्तर गरेर विद्यार्थीलाई स्पष्ट पार्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ३४ को क्रियाकलाप १५ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

आफ्नो ठाउँको वर्णन गर्दै साथीलाई चिठी लेख्नुहोस् ।

## क्रियाकलाप १६ त्रिभूजको चित्र

(क) विद्यार्थीलाई चित्र निर्माण गर्न आवश्यक पर्ने फोटोकपी पेपर, पेन्सिल, रङ जस्ता आधारभूत सामग्री वितरण गर्नुहोस् ।

(ख) चित्र बनाउने तरिका सिकाउनुहोस् र निर्देशनअनुसार चित्र बनाउन लगाउनुहोस् ।

(ग) विद्यार्थीलेचित्र तयार गरेपछि चित्रमा रङ भर्न लगाउनुहोस् ।

(घ) विद्यार्थीले बनाएका चित्र कक्षामा प्रदर्शन गर्नुहोस् । उत्कृष्ट चित्रलाई प्रदर्शनी पाटीमा टाँस्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ३४ को क्रियाकलाप १६ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

चित्र बनाउनुहोस् र रङ भर्नुहोस् :

| मुला | आलु | लौका | फर्सी |
|---|---|---|---|
| | | | |
| | | | |

निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

(क) पढेर सुनाउनुहोस् :

घर छे उमा सानो नदी थियो । नदीको किनार मा काँसघारी थियो । काँसघारीको छेउमा सानो तलाउ थियो । तलाउमा हाँस पौ डन जान्थे । एक दिनको कुर ा हो , हाँसले तलाउ किनार को काँसघारीमा अन्डा पाऱ्यो । काँसघारीमा पार` को अन्डा हर ाउला भन्ने हाँसलाई डर थियो । चुलबुले छाउर ो पो खर ीको छे उमा आयो । उसले यताउता पल्याकपुलुक हे ऱ्यो । काँसघारीमा भएको अन्डा लग्यो । हाँस खिन्न भयो । हाँस पनि बाठो थियो । ऊ अर्को बाटो हुँदै छाउरो कहाँ सुटुक्क गयो । छाउराले ङिच्च गरेर हाँसलाई अन्डा फर्कायो । आफ्नो अन्डा पाउँदा हाँस खुसी भयो ।

(ख) वाक्यमा प्रयोग गर्नुहोस् :

आँट : ........................................................................................................

नाग : ........................................................................................................

थाल : ..............................................................................................................

(ग) उस्तै सुनिने शब्दसँग जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| आमा | हंश |
| जुद्ध | कर्म |
| धर्म | मामा |
| अंश | युद्ध |

(घ) मिल्ने चिह्न भर्नुहोस् :

? , ।

(अ) आमा .......... मामा र हजुरबुबा गोठमा जानुभयो ।

(आ) मामाले गोठमा के गर्नुभयो ..............

(इ) दिदीले गाईबाच्छा सार्नुभयो ................

(ङ) स्त्रीलिङ्ग जनाउने वाक्यमा परिवर्तन गर्नुहोस् :

(अ) पाठो सानो छ । ..................................................

(आ) काका अग्लो हुनुहुन्छ । ..................................................

(इ) भाइले किताब पढ्यो । ..................................................

(च) सुन्नुहोस् र उत्तर लेख्नुहोस् :

पहाडमा झर ना देख्न पाइन्छ । हिमालमा हिउँ देख्न पाइन्छ । तर ाईमा सम्म पर ` का फाँट दे ख्न पाइन्छ । हिमालको हिउँ पग्ले र पानी बन्छ । यो खो ल्साखोल्सी, झर ना र खो लानाला हुँदै नदी बन्छ । झर नाको पानी झर झर गरी झर्छ । खो ल्साखो ल्सीमा पानी कलकल गर्छ । नदीमा पानी सलल गरी बग्छ । तर ाईको फाँटमा धान, गहुं र मकै फल्छन् । मानिसले नदीको पानी खे तबारीमा लगाउँछन् । पानीले गर्दा धेरै उब्जाउ हुन्छ । त्यसैले गाउँसहर का मानिस तराईको अन्न किन्छन् । तराईमा धेरै प्रकारका अन्न फल्छन् ।

(अ) हिमाल, पहाड र तराईमा के के देख्न पाइन्छ ?

..............................................................................................................

(आ) तराईमा के के फल्दो रहेछ ? ..............................................................................

(इ) पानी मानिसका लागि किन महो्वपूर्ण छ ? ............................................................

(ई) झरनाको पानी कसरी झर्छ ? ..........................................................................................

(छ) वाक्यलाई मिलाएर लेख्नुहोस् :

मामा अफिस गयो । उसले अफिसमा टेलिफोनमा कुरा गर्नुभयो । उहाँले इमेल हेऱ्यो ।
मामाले माइजूलाई बोलायो । बेलुका मामामाइजू दुवै घर आए ।

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

शिक्षकको हस्ताक्षर : ............. अभिभावकको हस्ताक्षर : .............

# ३. हाम्रो समुदाय

**कार्यघण्टा : १५**

## परिचय

**'हाम्रो समुदाय'**मेरो नेपाली,My English, मेरो गणित र हाम्रो सेरोफेरो विषयभित्र बहुविषयक ढाँचामा एकीकृत गरिएको विषयक्षेत्र हो । विद्यार्थीले समुदायमा कुराकानी र छलफलका माध्यमले स्वतन्त्र रूपमा भाषिक अभ्यास गर्छन् । भाषिक अभ्यासका क्रममा समुदायमा घुलमिल भई शब्दभण्डार ग्रहण गरी मौखिक तथा लिखित अभिव्यक्ति वृद्धि गर्छन् । यस्ता परिचित सन्दर्भ कक्षागत सिकाइका लागि सान्दर्भिक र उपयुक्त मानिने भएकाले यस क्रममा सिकारुसँग भएको शब्दभण्डारको उपयोग गर्दै कार्यबोध, शब्दबोध र वाक्यमा प्रयोग, कुराकानी, छलफल र प्रश्नोत्तर, श्रव्यदृश्य बोध जस्ता कार्य सम्पादन गर्दा उपयुक्त भाषाको प्रयोग गर्ने क्रियाकलापले विशेष प्राथमिकता पाउँछन् । यस एकाइमा वर्णगत ध्वनि पहिचान, शब्द लेखन, हाउभाउ र अभिनयसहित मौखिक प्रस्तुति, चित्र तथा दृश्यवस्तुका आधारमा नाम र विषयवस्तुको बोध, विषयवस्तुबारे पूर्वानुमान वा अनुमान, वाक्य निर्माण, वर्तमान, भूत र भविष्यत् काल एवम् लिङ्ग, वचन, पुरुष र आदरका आधारमा सङ्गतिलगायतका कार्य एवम् कार्यमूलक व्याकरणका बारेमा चर्चा गरिने छ । यसका साथै यस विषयक्षेत्रबाट परिवार तथा समुदायका प्रचलन तथा मान्यताहरूलगायत अन्य मान्यता तथा अभ्यासप्रति सकारात्मक रहँदै आफ्ना विचार, मान्यता र अभ्यासलाई पारदर्शी बनाउने, अरूको प्रतिक्रिया सुन्ने र आवश्यकताअनुसार स्विकार्ने क्षमता विकासका क्रियाकलापमा जोड दिनुपर्दछ ।

यस विषयक्षेत्रमा दुईओटा पाठ रहेका छन् । ती पाठमा हाउभाउ, गति, यति लय र शुद्धतासहित कविता पढ्ने, दृश्य वर्णन गर्ने, शब्दका सुरु र अन्त्यका वर्ण छुट्याएर र जोडेर पढ्ने तथा लेख्ने, वस्तु र चित्रका नाम भन्ने र लेख्ने, निर्देशित शब्दका वर्णहरू प्रयोग गरी नयाँ शब्दहरू निर्माण गर्ने, निर्देशित शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्ने, द्रुत पठन गर्ने, निर्धारित पाठको सार भन्ने र लेख्ने, सूचनामूलक पाठ सुनी आफ्नै शब्दमा पुनर्कथन गर्ने, श्रव्यदृश्य सामग्रीको समीक्षा गर्ने, पाठगत प्रश्नोत्तर गर्ने, गति, यति र हाउभाउसहित अनुच्छेद पढ्ने, दोहोरो सञ्चार गर्ने, विषयवस्तु तथा लिङ्ग, वचन, पुरुष र आदर मिलाई बोल्ने र लेख्ने, रुचिका विषयक्षेत्र वा शीर्षकमा आधारित भई स्वतन्त्र लेखन गर्ने जस्ता क्रियाकलाप निर्धारण गरिएका छन् । यी क्रियाकलाप सहजीकरण गर्दा विद्यार्थीको सहभागितामा योजना निर्माण, परियोजना कार्य, क्षेत्र भ्रमण, समस्या समाधान, खोजमूलक अध्ययन, प्रवर्तनमुखी शिक्षण पद्धतिलाई सिकाइ सहजीकरण विधिका रूपमा कार्यान्वयन गर्नुपर्छ ।

विषयक्षेत्रको अन्त्यमा पाठ्यक्रममा आधारित भई ध्वनि सचेतीकरण, श्रव्य/दृश्यबोध, लेख्यवर्ण सचेतीकरण, शब्दभण्डार, पठन प्रवाह, पठनबोध, लेखाइ र कार्यमूलक व्याकरणसँग सम्बन्धित मूल्याङ्कन क्रियाकलापसमेत समावेश गरिएको छ । यी क्रियाकलापको मूल्याङ्कनले विषयगत सिकाइ क्षेत्रमा अपेक्षित ज्ञान, बुझाइ र प्रयोगको स्तर मापन गरी विद्यार्थीलाई सुधारात्मक सिकाइ प्रक्रियाद्वारा थप सिकाइको अवसर प्रदान गर्ने छ ।

# पाठ ५

## (क) सिकाइ सहजीकरण योजना

| क. स. | विषयवस्तु | व्यवहारकुशल सिप | अनुमानित घन्टी | पाठ्य तथा कार्यपुस्तकको सम्बन्धित पृष्ठसङ्ख्या |
|---|---|---|---|---|
| १. | पसलसम्बन्धी परिचित शब्द | • प्रयोग सिप (S1.1)<br>• सिकाइ सिप (S1.2)<br>• दृश्य साक्षरता सिप (S4.3)<br>• लोकतन्त्रिक, सहभागितात्मक र समतामूलक मूल्य (S5.3)<br>• वातावरणप्रतिको सजगता र सम्मान(S5.4)<br>• वैयक्तिक जिम्मेवारी(S5.7) | २ | ३७, ३८ र ३९ |
| २. | चाडपर्वसम्बन्धी परिचित शब्द | | ३ | ४०, ४१ र ४२ |
| ३. | सवारी साधन र रमाइला स्थानसम्बन्धी परिचित शब्द | | ३ | ४३, ४४ र ४५ |

## (ख) सिकाइ क्रियाकलापका आधार

यस पाठको सिकाइ सहजीकरण गर्नुपूर्व निम्नानुसारको पूर्वतयारी गर्नुहोस् :

| पठन तत्त्व | क्रियाकलापको आधार | क्रियाकलापको सङ्केत र क्रम | सिकाइ सामग्री |
|---|---|---|---|
| ध्वनि सचेतीकरण | **शिक्षकको पूर्ण सहयोग** |  १ | १. पाठमा प्रयुक्त पसलसँग सम्बन्धित शब्दका शब्दपत्ती (टुक्रा, किलोग्राम, ढक, पसल, तराजु, धन, स्वास्थ, असल, खराब, साटासाट, उत्तिस, पालुङ्गो, सूर्यमुखी, जिल्ल स्वाद, झल्यास्स, अवस्था, जलकुम्भी<br>२. पाठमा प्रयुक्त चित्र वा पोस्टर<br>३.'बिरुवा रोप्ने मान्छे' कविता चार्ट |
| लेख्यवर्ण सचेतीकरण | **स्वयम् सिकाइ** |  २ | पाठमा प्रयुक्त शब्दका शब्दपत्ती र वर्णपत्ती ( टुक्रा, पसल, तराजु, स्वस्थ, किलोग्राम, साटासाट) |

| | | | |
|---|---|---|---|
| दृश्यबोध | शिक्षकको आंशिक सहयोग |  ३ | पाठमा प्रयुक्त चित्र तथा पोस्टर |
| पठन प्रवाह | दौँतरी सिकाइ |  ४ | १. 'हामी सबै नेपाली' संवाद लेखिएको अनुच्छेद चार्ट<br>२. पाठमा प्रयुक्त चित्रपत्ती<br>३. पाठमा प्रयुक्त उच्चारणका आधारमा एक,दुई, तीनर चार अक्षरी शब्द समूह<br>(क्या, नाम्चे, स्याङबोचे, इलाम, वीरगन्ज, श्रीपुर, हिमाल, पहाड, तराई, नेपाल) |
| कार्यमूलक व्याकरण | शिक्षकको पूर्ण सहयोग |  ५ | १ पाठमा प्रयुक्त स्त्रीलिङ्ग जनाउने, एकवचन र बहुवचन जनाउने शब्दका शब्दपत्तीहरू<br>(अग्लो - अग्ली - अग्ला, मेरो - मेरी - मेरा, आफ्नो - आफ्नी - आफ्ना, सानो - सानी - साना, ठुलो - ठुली - ठुला) |
| कार्यमूलक व्याकरण | शिक्षकको आंशिक सहयोग |  ६ | १ पाठमा प्रयुक्त वर्तमान, भूत र भविष्यत कालजनाउने क्रियापद शब्दका शब्दपत्तीहरू<br>खेल् - खेल्छ - खेल्यो - खेल्ने छ<br>भन् - भन्छ - भन्यो - भन्ने छ<br>कुद् - कुद्छ - कुद्यो - कुद्ने छ<br>चर् - चर्छ - चऱ्यो - चर्ने छ<br>खाँद् - खाँद्छ - खाँद्यो - खाँद्ने छ<br>पाल् - पाल्छ - पाल्यो - पाल्ने छ |
| शब्दभण्डार | शिक्षकको पूर्ण सहयोग |  ७ | १. कोठेपदमा भर्नुपर्ने शब्दका सङ्केत प्रश्नावलीको सूची<br>२ं कोठेपदमा भर्नुपर्ने शब्दका सूची<br>(कथा, कर, भेला, काशी, शीत, काली, मोरङ, तमोर, मेची, चीन, झापा, राप्ती, सेती, पसेरी, भेरी, त्रिशूली, कर्नाली)<br>३. कोठेपद लेखिएको चार्ट |
| शब्दभण्डार | दौँतरी सिकाइ |  ८ | १. पाठमा प्रयुक्त शब्दका शब्दपत्ती<br>(धान, रायो, सुन्तला, दराज, जुनार, ऐना, जुनार, पालुङ्गो, जौ, तोरी, फापर, टेबुल, भोगटे, मुला, चम्सुर, कोदो, मकै, गहुँ, कागती, निबुवा, सोफा) |

| | | | |
|---|---|---|---|
| | | | २. शब्द समूह छुट्याउने तालिका चार्ट |
| श्रुतिबोध | **शिक्षकको पूर्ण सहयोग** | ९ | १. पाठमा प्रयुक्त चित्र तथा पोस्टर<br>२. चाडपर्वसम्बन्धी परिचित शब्दका शब्द र वाक्यपत्तीहरू(छठपर्व, ल्होसार, सङ्क्रान्ति, असाध्यै, पूर्णिमा, चाडपर्व, रमाइलो, पिर्का, गुन्द्री, मान्द्रो, नाङ्लो, कक्षाकार्य, गृहकार्य, सागसब्जी, सिपालु, पढेको)<br>३. 'बेल विवाह' रेकड गरेको डिभाइस |
| कार्यमूलक व्याकरण | **शिक्षकको पूर्ण सहयोग** | १० | १ लेख्य चिह्न पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, र उद्गार चिह्न ( ।, ? ! )<br>२. वाक्यपत्तीहरू |
| शब्दभण्डार | **स्वयम् सिकाइ** | ११ | १ पाठमा प्रयुक्त शब्द र अर्थपत्तीहरू (कुवा, समुद्र, आकाश, छाया, भोक, मानिसले बनाएको सानो जलाशय, सागर, सगर, ओभ्रेल) |
| कार्यमूलक व्याकरण | **शिक्षकको आंशिक सहयोग** | १२ | १ पाठमा प्रयुक्त पुरुष र आदरसम्बन्धी शब्दपत्तीहरू<br>(तपाईँ, तिमी, तँ, हामी, उनी, म, आइज, आउनुहोस्, आऊ, आइन्, आयौ, आऊँ) |
| पठनबोध | **शिक्षकको आंशिक सहयोग** | १३ | १. 'हिमाल माथि मङ्गल' पाठमा प्रयुक्त सवारी साधन र रमाइला स्थानसम्बन्धी शब्दका शब्दपत्ती (मङ्सिर, त्रिभुज नक्सा, भक्तपुर, स्कुटर, पानीजहाज, हेलिकोप्टर, छलफल, चक्कर, अड्कल, भर्खर, उत्तर, माछापुच्छ्रे, क्यामेरा, अन्नपूर्ण, फेवाताल, धवलागिरी)<br>२. नमुना वाक्यपत्तीहरू |
| पठनबोध | **शिक्षकको आंशिक सहयोग** | १४ | १.नमुना निमन्त्रणा पत्रहरू<br>२. विद्यार्थी सङ्ख्याअनुसार फोटोकपी पेपर<br>३.मैनकलर,सिसाकलम,इरेजर, स्केल, सानो सा इनपेन |
| लेख्यवर्ण सचेतीकरण | **स्वयम् सिकाइ** | १५ | १ पाठमा प्रयुक्त तीनओटा वर्णले बनेकाशब्दका र शब्दपत्तीहरू |

| | | | |
|---|---|---|---|
| | | | (चउर, मैदान, लेखक, डिजेल, तिहार, नाटक, क्यामेरा, मङ्गल, त्रिभुज) |
| लेखाइ | स्वयम् सिकाइ | १६ | १. पाठमा प्रयुक्त कथाको अनुच्छेद चार्ट |
| लेखाइ | स्वयम् सिकाइ | १७ | १. समुदायमा लाग्ने मेला पर्वका बारेमा लेखिएको नमुना वाक्यहरूको चार्ट |

## (ग) सिकाइ क्रियाकलाप

क्रियाकलाप १

(क) शिक्षकले कक्षाका विद्यार्थीलाई अभिवादन गरी विषयवस्तुमा प्रवेश गर्नुहोस् ।
(ख) विद्यार्थीलाई पाठमा प्रयुक्त चित्र वा पोस्टर प्रदर्शन गर्नुहोस् र चित्रमा भएका कुरा छलफल गरेर विषयवस्तुमा प्रवेश गर्नुहोस् ।
(ग) पाठमा प्रयुक्त उस्तै ध्वनि सुनिने शब्दका शब्दपत्ती प्रदर्शन गर्नुहोस् र उच्चारण गर्न लगाउनुहोस् । जस्तै : उत्तिस, बत्तिस, चल्छ, फल्छ, राम्रो, हाम्रो आदि ।
(घ) शब्दका अर्थगत बोधका लागि वाक्यमा प्रयोग गरेर सुनाउनुहोस् ।
(ङ) विद्यार्थीले वाक्यमा भने जस्तै ती शब्दलाई कवितामा पनि प्रयोग भएको कुरा बताउँदै 'बिरुवा रोप्ने मान्छे' कविता चार्ट प्रदर्शन गर्नुहोस र कविता गति, यति, लय र हाउभाउसहित गाएर सुनाउनुहोस् ।
(च) विद्यार्थीसँगै कविता गाउनुहोस् र लयबद्ध वाचनमा समस्या भएका विद्यार्थीलाई उपयुक्त चिह्न, सङ्केत र क्रियाको उपयोग गरी थप सिकाइको अवसर प्रदान गर्नुहोस् । यस क्रममा क्रमिक सिकाइ रणनीति (शिक्षकले गरेर देखाउने, शिक्षक र विद्यार्थीले सँगसँगै गर्ने, विद्यार्थी विद्यार्थीसँगै अभ्यास गर्ने र विद्यार्थीलाई व्यक्तिगत रूपमा गर्न लगाउने) लाई उपयोग गर्नुहोस् ।

**मूल्याङ्कन**

१. पाठ्यपुस्तकको पृ.स. ३७ को 'बिरुवा रोप्ने मान्छे' कवितागति, यति, लय हालेर सुनाउन लगाउनुहोस् ।

लय मिलाएर गाउनुहोस् :

बिरुवा रोप्ने मान्छे

थैलाभरि बिरुवा बारीभरि उत्तिस
आऊ गनौँ साथी हो हुन्छ हुन्न बत्तिस
पाटाभरि फुलेको छ सूर्यमुखी फूल
निमोठेर भाँच्नुहुन्न गर्नुहुन्न भुल ।

केटाकेटी फलफूल रोप्छन् छिटो छिटो
छिटै बढ्ने छिटै फल्ने स्वाद कति मिठो
नाङ्गा पाखा देखेर म कैले जिल्ल पर्छु
मेरा पाखा पखेरालाई बिरुवाले भर्छु ।
वरिपरि हरियो छ हावा मिठो चल्छ
जे जे रोप्छौँ हामीहरू त्यही त्यही फल्छ
सफा सुग्घर देखिने ठाउँ कति राम्रो
मिलिजुली बसेको छ समुदाय हाम्रो ।

२. शब्दपत्तीमा भएका शब्द 'बिरुवा रोप्ने मान्छे' कवितामा खोज्न लगाईती शब्दलाई रेखाङ्कन गर्नुहोस् ।

## क्रियाकलाप २



(क) विद्यार्थीसँग पसलसँग सम्बन्धित शब्दका बारेमा छलफल गर्नुहोस् । विद्यार्थीले भनेका शब्द शैक्षणिक पाटीमा लेख्नुहोस् ।

(ख) पसलसँग सम्बन्धित शब्द भएका शब्दपत्तीहरू प्रदर्शन गरी उच्चारण गर्न लगाउनुहोस्, जस्तै : किलोग्राम, ढक, तराजु, पसल ।

(ग) शब्दपत्तीमा भएकाशब्दलाई उच्चारणका आधारमा एकाक्षरी, दुईअक्षरी, त्र्याक्षरी र चतुराक्षरी शब्द समूह पहिचान गरेर शब्दोच्चारण अभ्यास गराउनुहोस् ।

एकाक्षरी शब्द : ढक, चाड, साग (ढक्)


दुई अक्षरी शब्द समूह : उत्तिस, पसल, मङ्सिर (उत् तिस्)

तीन अक्षरी शब्द समूह : पालुङ्गो, सिपालु, फेवाताल (पा लुङ् गो)

चारअक्षरी शब्द समूह : सूर्यमुखी, वरिपरि जलकुम्भी (सुर् य मु खि)

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ३७ को क्रियाकलाप २ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।




**क्रियाकलाप ३**

(क) समुदायमा हुने कामका बारेमा छलफल गर्नुहोस् ।

(ख) विद्यार्थीलाई पाठमा प्रयुक्त चित्र तथा पोस्टर प्रदर्शन गरेर चित्रमा भएको कुरा अनुमान, पूर्वानुमान गरी वर्णन गर्न लगाउनुहोस् ।

(ग) पसलसँग सम्बन्धित शब्द समेटेर को, के, किन, कति, कस्तो, कसरी जस्ता प्रश्नका आधारमा चित्रका बारेमा भन्न लगाउनुहोस् । चित्रलाई समुदायको परिवेशसँग जोडेर वर्णन गराउनुहोस् ।

(ग) पाठमा प्रयोग भएका चित्रसँग मिल्दाजुल्दा वातावरण देखिने चित्र वा पोस्टर प्रदर्शन गरी सिकाइको थप अवसर प्रदानगर्नुहोस् । यस क्रममा शब्द चित्रपत्तीको प्रयोग र शब्दबोध गर्ने अवसर पनि प्रदान गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ३८ को क्रियाकलाप ३ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

चित्र हेरेर उत्तर भन्नुहोस् :



(क) यो कहाँको चित्र होला ?

(ख) चित्रमा भएका मानिसले के के गर्दैछन् ?

(ग) तिनीहरू को को होलान् ?

(घ) चित्रमा भएको चराको नाम के हो ?

(ङ) घरको छानो केले छाएको छ ?

## क्रियाकलाप ४

(क) पाठमा प्रयुक्त चित्रपत्ती प्रदर्शन गरेर चित्रका बारेमा छलफल गर्नुहोस् । चित्रमा कति जना मानिस छन् ? तिनीहरू के के गर्दै छन् ? के के कुरा गर्दै होलान् ? जस्ता विषयवस्तुमा विद्यार्थीसँग कुराकानी गर्नुहोस् ।

(ख) विद्यार्थीलाई शब्दपत्ती प्रदर्शन गर्नुहोस् र उच्चारणका आधारमा एकाक्षरी, दुई अक्षरी, तीन अक्षरी र चार अक्षरी शब्दका बारेमा छलफल र अभ्यास गराउनुहोस् ।

(ग) विद्यार्थीलाई संवाद लेखिएको चार्ट प्रदर्शन गर्नुहोस् र संवादलाई नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् । सस्वरवाचन गर्दा शब्द, वाक्य र अनुच्छेद देखाउँदै आरोह अवरोह, गति र यतिलाई ध्यान दिनुहोस् ।

(घ) कक्षाका विद्यार्थीसँग मिलेर कुराकानीलाई सस्वरवाचन गरी सुनाउनुहोस् । यस क्रममा सम्भव भएसम्म श्रव्य सामग्री तथा मल्टिमिडियाको उपयोग पनि गर्नुहोस् । मल्टिमिडियाको उपयोग गर्दाविद्यार्थीको स्वरमा रेकर्ड गराई कक्षामा सुनाउनुहोस् ।

(ङ) कुनै विद्यार्थीको सहयोग लिई कुराकानीलाई पपेटका माध्यमबाट अभिनयात्मक कथन गर्नुहोस् ।यसका लागि शिक्षकले थप नमुना प्रदर्शन गर्नुहोस् ।

(च) विद्यार्थीको जोडी समूह बनाई र रामावतार र निमाको भूमिकामा कुराकानी गर्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ३८ र ३९ को क्रियाकलाप ४ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

---

पालैपालो पढ्नुहोस् :

हामी सबै नेपाली

रामावतार : निमा तिम्रो घर कहाँ हो ?

निमा : मेरो घर त सोलुको स्याङ्बोचेमा हो । यो नाम्चेभन्दा पनि माथि पर्छ ।

रामावतार : निमा, तिमी किन इलाममा आएकी त ?

निमा : मेरा बुबा पहिले स्याङ्बोचेमा बस्नुहुन्थ्यो । उहाँ हिमाल चढ्ने मानिसलाई सहयोग गर्नुहुन्थ्यो । अहिले चाहिँ हामीले यहाँ चिया बगान सुरु गरेका छौँ ।

रामावतार : ओहो ! कस्तो रमाइलो । मेरो घर पनि इलाम कहाँ हो र ?

निमा : कहाँ हो त ?

रामावतार : मेरो घर वीरगन्जको श्रीपुरमा हो । मेरी आमा व्यापार गर्नुहुन्छ । उहाँसँगै म पनि इलाम आइपुगेको हुँ ।

निमा : क्या मज्जा ! मैले तराईको साथी भेट्ने मौका पाएँ ।

रामावतार : आहा ! झन् रमाइलो कुरा । तिमी हिमालकी मान्छे । म तराईको मान्छे हुँ । संयोगले दुवै पहाड आइपुगेका छौँ ।

निमा : हाम्रो देश नेपाल हिमाल, पहाड र तराई मिलेर बनेको छ है !

रामावतार : हो त, कति सुन्दर छ ! मलाई त हाम्रो देश नेपाल सा¼ मन पर्छ ।

निमा : भित्तामा हेर त, हिमालका नाम र चित्रको पोस्टर छ नि !

(दुवै जना भित्तातिर हेर्छन् ।)

---

**क्रियाकलाप ५** 

(क) कक्षाका छात्र र छात्रा विद्यार्थीलाई आधार मानी छलफल गराउँदै लिङ्ग पहिचान गराउनुहोस् ।

(ख) कक्षाका विद्यार्थी वा सामग्रीलाई आधार मानी वचन पहिचान गराउनुहोस् ।

(ग) पाठमा प्रयुक्त स्त्रीलिङ्ग जनाउने एकवचन र बहुवचन शब्दका शब्दपत्ती प्रयोग गरेर शब्दका रूप परिवर्तनका बारेमा छलफल गर्नुहोस् ।

(घ) शब्दका रूप अग्लो - अग्ली - अग्ला, मेरो - मेरी - मेरा, आफ्नो - आफ्नी- आफ्ना, सानो -सानी - साना, ठुलो - ठुली - ठूला उच्चारण गर्न लगाउनुहोस् । अर्थगत बोधका लागि शब्दलाई वाक्यमा प्रयोग गरी भन्न लगाउनुहोस् ।

(ङ) सबै विद्यार्थीलाई एउटा एउटा शब्दपत्ती वितरण गर्नुहोस् र विद्यार्थीलाई आफूसँग भएको शब्द उच्चारण गरी शब्दलाई वाक्यमा प्रयोग गरेर सुनाउन लगाउनुहोस् ।

(च) शब्दलाई वाक्यमा प्रयोग गरेपछि आफूसँग भएको शब्दपत्तीलाई तालिकाको मिल्ने समूह पहिचान गरी तालिकामा लेख्न लगाउनुहोस् । यसक्रममा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

| एकवचन | स्त्रीलिङ्ग | बहुवचन |
|---|---|---|
| अग्लो | अग्ली | अग्ला |

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ३९ को क्रियाकलाप ५ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

उदाहरणमा दिइए जस्तै शब्द परिवर्तन गरी लेख्नुहोस् :

| एकवचन | स्त्रीलिङ्ग | बहुवचन |
|---|---|---|
| अग्लो | अग्ली | अग्ला |
| मेरो | ...................... | ...................... |
| आफ्नो | ...................... | ...................... |
| सानो | ...................... | ...................... |
| ठुलो | ...................... | ...................... |

## क्रियाकलाप ६



(क) विद्यार्थीसँग हिजो गरिएका काम, आज गर्ने काम र भोलि गरिने कामका बारेमा छलफल गरी भूत काल, वर्तमान काल र भविष्यत कालका बारेमा धारणा स्पष्ट पार्नुहोस् ।

(ख) पाठमा प्रयुक्त वर्तमान, भूत र भविष्यत् काल बुझाउने शब्दका शब्दपत्ती प्रयोग गरेर क्रियापदका सङ्केतअनुसार शब्दका रूप परिवर्तनका बारेमा छलफल गर्नुहोस् ।

(ग) क्रियापदका सङ्केतअनुसार शब्दका रूप (खेल् - खेल्छ - खेल्यो - खेल्ने छ) उच्चारण गर्न लगाउनुहोसु र अर्थगत बोधका लागि शब्दलाई वाक्यमा प्रयोग गरी भन्न लगाउनुहोस् ।

(घ) शिक्षकले क्रियापदका सङ्केत उच्चारण गर्नुहोस् र सङ्केतअनुसार(भन्, कुद्, चर्, खेल्, पाल्)

विद्यार्थीलाई वर्तमान, भूत र भविष्यत् कालका क्रियापदका रूप उच्चारण गरेर सुनाउन लगाउनुहोस् । यस क्रममा आवश्यकताअनुसार लेखेर सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ३९ को क्रियाकलाप ६ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

उदाहरणमा दिइए जस्तै परिवर्तन गरी लेख्नुहोस् :

| | | | |
|---|---|---|---|
| जस्तै : खेल् | खेल्छ | खेल्यो | खेल्ने छ |
| भन् | ............... | .............. | ............... |
| कुद् | ............... | ............... | ............... |
| चर् | ............... | ............... | ............... |
| खेल् | ............... | ............... | ............... |
| पाल् | ............... | ............... | ............... |

## क्रियाकलाप ७ 

(क) विद्यार्थीसँग शब्दपहेली खेलका बारेमा छलफल गर्नुहोस् ।

(ख) विद्यार्थीलाई कोठेपदमा भर्नुपर्ने शब्दका सङ्केत प्रश्नावलीको सूची प्रदर्शन गर्नुहोस् र क्रमैसँग प्रश्न सोध्नुहोस् । विद्यार्थीले मिलाएको उत्तर शैक्षणिक पाटीमा लेख्नुहोस् । विद्यार्थीलाई सबै प्रश्न सोधी प्राप्त उत्तरलाई शिक्षकले तयार गरेको कोठेपदमा भर्नुपर्ने शब्दका सूचीसँग तुलना गरेर मिले नमिलेको पहिचान गर्न सिकाउनुहोस् ।

(ग) सबैले देख्ने गरी कोठेपद चार्ट प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई कोठेपदमा भएका अङ्कका सम्बन्ध कोठेपदमा भर्नुपर्ने शब्दका सङ्केत प्रश्नावलीसँग हुने कुरा छलफल गरेर बताउनुहोस् ।

(घ) प्रश्नको नम्बर र कोठेपदभित्र भएको नम्बर हेरेर प्रश्नको उत्तरलाई कोठामा ठाडो र तेर्स्रो मिल्ने गरी भर्न लगाउनुहोस् । आवश्यकताअनुसार शिक्षकले सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ४० को क्रियाकलाप ७ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

शब्द चिनेर शब्दपहेली भर्नुहोस् :

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | १ | | २ | | | ३ |
| | ११ | ४ | | | | |
| ५ | | | | १२ | ६ | |
| | | | | | | |
| | ७ | | ८ | | | ९ |
| | १३ | | | | | |
| १४ | | | | १५ | | |

**तेर्सो**

२. कहानी विशेष - २

८. जम्मा हुने काम - २

१०. हिन्दुको प्रसिद्ध धार्मिक स्थल - २

११. कोसी नदीको सहायक नदी - ३

१२. पूर्वी सिमाना छुट्याउने नदी - २

१३. पाँच सेर बराबरको तौल - ३

१४. पोखरामा जमिनमुनि धस्सिएर बग्ने नदी - २

१५. नेपालको सबैभन्दा लामो नदी - ३

**ठाडो**

१. रातको समयमा रुख, पातमा पैदा हुने ससाना पानीका थोपा - २

२. सामान किन्दा तिर्नुपर्ने सरकारी दस्तुर - २

३. मुक्तिक्षेत्रबाट वहने नदी - २

४. जुटमिल भएको जिल्ला - ३

५. सुदूरपूर्वको समथर जिल्ला - २

६. नेपालको उत्तरतर्फको छिमेकी देश - २

७. प्युठान र दाङ जिल्लाको प्रमुख नदी - ३

८. डोल्पा र रुकुम जिल्लाको मुख्य नदी - २

९. गोसाइँकुण्ड मूल भएको नदी - ३

## क्रियाकलाप ८

(क) विद्यार्थीलाई पाठमा प्रयुक्त शब्दका शब्दपत्ती प्रदर्शन गरेर शब्दोच्चारण गर्न लगाउनुहोस् । अर्थगत बोधका लागि वाक्यमा प्रयोग गर्न सहजीकरणगर्नुहोस् ।

(ख) विद्यार्थीलाई शब्द समूह छुट्याउने तालिका चार्ट प्रदर्शन गरी तालिकाका बारेमा छलफल गर्नुहोस् ।

| अन्न समूह | सागपात समूह | फलफूल समूह | सजावट समूह |
|---|---|---|---|
| | | | |

(ग) सबै विद्यार्थीलाई एक एकओटा शब्दपत्ती वितरण गर्नुहोस् र ती शब्दपत्तीमा भएका शब्दका बारेमा केही वाक्य भनेर तालिकाका समूहमध्ये कुन समूहमा पर्छ, हेरेर शब्दपत्तीलाई तालिकामा राख्न लगाउनुहोस् । जस्तै : असारमा धान रोपिन्छ । धानबाट चामल बन्दछ । यो अन्न समूहमा पर्छ । यसैगरी सबै विद्यार्थीलाई क्रियाकलाप गराउनुहोस् ।

(घ) क्रियाकलापको अन्तिम तालिकामा भएका शब्द समूहलाई विद्यार्थीका समूहबाट प्रस्तुत गर्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ४० को क्रियाकलाप ८ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

तलका शब्दलाई मिल्ने समूहमा राखेर कापीमा लेख्नुहोस् :

धान, रायो, सुन्तला, दराज, ऐना, जुनार, पालुङ्गो, जौ, तोरी, फापर, टेबल, भोगटे, मुला, चम्सुर, कोदो, मकै, गहुँ, कागती, निबुवा, सोफा

| | | | |
|---|---|---|---|
| अन्न | सागपात | फलफूल | सजावट |

## क्रियाकलाप ९ 

(क) पाठमा प्रयुक्त चित्र प्रदर्शन गर्नुहोस् । चित्रमा के के भएको देखिन्छ, छलफल गर्नुहोस् ।

(ख) विद्यार्थीलाई चाडपर्वसम्बन्धी शब्दका शब्दपत्ती प्रदर्शन गरेर शब्द उच्चारण गर्न लगाउनुहोस् ।

(ग) वाक्यपत्ती प्रदर्शन गरी वाक्य निर्माण गर्न सहजीकरण गर्नुहोस् ।

(घ) 'बेल विवाह' रेकर्ड गरिएको पाठ विद्यार्थीलाई सुनाउनुहोस् । विद्यार्थीले चित्र वर्णन गर्दा भनेका कुरा र मोबाइलमा सुनेका कुरा के के मिले,छलफल गर्नुहोस् ।

(ङ) शिक्षकले पाठ्यपुस्तकमा भएको 'बेल विवाह' पाठ बिस्तारै सस्वरवाचन गरी सुनाउनुहोस् । त्यसपछि विद्यार्थीलाई पाठको अनुवाचन तथा सहवाचन गर्न लगाउनुहोस् ।यस क्रममा विद्यार्थीले उच्चारण गर्न नसकेका शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् । रेखाङ्कन गरेका शब्द जनाउने चित्र वा ठोस वस्तु प्रदर्शन गर्दै शब्द सँगसँगै उच्चारण गराउनुहोस् । राम्ररी उच्चारण गर्न नसकेसम्म अभ्यास गराउनुहोस् ।

(च) पाठमा प्रयोग भएको वाक्यपत्तीलाई छ्यासमिस गरी विद्यार्थीको समूहमा वितरण गर्नुहोस् र ती वाक्यपत्तीमा भएका वाक्यलाई पाठमा प्रयोग गरिए जसरी क्रमशः मिलाएर पढ्न लगाउनुहोस् ।

(छ) पाठको अन्त्यमा भएका प्रश्नका उत्तर भन्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ४१ को क्रियाकलाप ९ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

सुन्नुहोस् र उत्तर भन्नुहोस् :

बेल विवाह

मेरो गाउँमा नेवार समुदायको पनि बसोबास छ । नेवार समुदायमा छोरीको रजस्वला हुनुभन्दा पहिले बेलसँग विवाह गरिदिने चलन छ । बेल विवाहलाई इही पनि भनिन्छ । मेरा थुप्रै केटी साथीको बेल विवाह भएको छ । यसमा बेललाई बेहुला र केटीलाई बेहुली मानिन्छ । बेल विवाह दुई दिनसम्म चल्छ । पहिलो दिन केटीले नुहाएर दिनभर व्रत बस्छन् । त्यस रातमा बेल, कलश, वज्र र चड्को पूजा गर्छन् ।
बेल विवाहमा केटीलाई बेहुलीको पहिरनमा सिँगारिन्छ । उनलाई अनेक गहना र रातो टीका लगाइदिने चलन छ । भोलिपल्ट धार्मिक विधिअनुसार कन्यादान दिइन्छ । केटीका बुबाले रातो कपडा र सगुन दिएपछि विवाह सकिन्छ । यस विवाहमा पूजाका लागि बेल हुनै पर्छ । परम्पराअनुसार बेल नफुट्न्जेल विधवा नहुने विश्वास गरिन्छ ।

आज शुक्रबार हो । आज सुकुमायाको बेल विवाह हुँदै छ । सुकुमायाले कक्षा तीनका सबै साथीलाई बोलाएकी छिन् । त्यसैले अहिले नै हामीले गृहकार्य र कक्षाकार्य सकेका छौँ । हामी राती सुकमायाकै घरमा बस्छौँ । सबै साथीका परिवारसँग भेटघाट गर्छौं । परालमाथि गुन्द्री ओछ्याउँछौँ । गीत गाउँछौँ, नाच्छौँ र रमाइलो गर्छौं । मैले ल्होसारका दिन सबैलाई बोलाउँछु । धनियाँले छठमा बोलाउँछिन् । साउने सङ्क्रान्तिमा पुरनले बोलाउँछन् । आहा ! कति रमाइला चालचलन है हाम्रा ।

(क) इही भनेको के हो ?

(ख) बेल विवाह कसरी गरिन्छ ?

(ग) तपाईंको समुदायमा विवाह कसरी गरिन्छ, बताउनुहोस् ।

## क्रियाकलाप १०



(क) पूर्णविराम, अल्पविराम, प्रश्नवाचक र विस्मयादिबोधक चिह्न प्रयोगका बारेमा विद्यार्थीसँग छलफल गर्नुहोस् ।

(ख) विद्यार्थीलाई पूर्णविराम, अल्पविराम, प्रश्नवाचक र उद्‌गार चिह्न प्रयोग भएका नमुना वाक्यपत्ती प्रदर्शन गरेर वाक्य उच्चारण गर्न लगाउनुहोस् । चिह्नको प्रयोगअनुसार वाक्य उच्चारण गर्न सहजीकरण गर्नुहोस् ।

(ग) विद्यार्थीलाई चिह्नको प्रयोगका आधारमा उच्चारण फरक हुने कुरा प्रयोग गरेर देखाउनुहोस् ।

(घ) पाठ्यपुस्तकमा दिइएको अभ्यास विद्यार्थीलाई गर्न लगाएर आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ४२ को क्रियाकलाप १० का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

सही चिह्न राखी वाक्य पूरा गर्नुहोस् :

। , ? !

(क) माछा कहाँ बस्छ ........

(ख) दिदी र भाइ विद्यालय गए .......

(ग) कठै ....... उमा पिङबाट खसिन् । उनलाई के भयो होला ......

(घ) म त विद्यालय जान्छु .......

(ङ) गाई ....... भैँसी ....... भेडा र बाखा वनमा चर्छन् .......

## क्रियाकलाप ११

(क) सर्वप्रथम कुवा, समुद्र, आकाश र छायासँग सम्बन्धित चित्रपत्ती प्रदर्शन गर्नुहोस् र तिनका नाम प्रदर्शन गर्नुहोस् ।

(ख) विद्यार्थीलाई शब्द र अर्थपत्ती प्रदर्शन गर्दै अर्थ पहिचान गराउन सहजीकरण गर्नुहोस् ।

(ग) शब्दपत्ती प्रदर्शन गरेर अर्थगत बोधका लागि वाक्यमा प्रयोग गरेर सुनाउनुहोस् ।

(घ) विद्यार्थीलाई अर्थपत्ती प्रदर्शन गर्नुहोस् र उच्चारण गर्न लगाउनुहोस् । शिक्षकले प्रदर्शन गरेको शब्दपत्तीसँग अर्थपत्ती पहिचान गरेर शब्द र अर्थ उच्चारण गर्न अवसर प्रदान गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ४२ को क्रियाकलाप ११का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

शब्द र अर्थको जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| कुवा | खाने इच्छा |
| समुद्र | ओझेल |
| आकाश | सागर |
| छाया | सगर |
| भोक | मानिसले बनाएको सानो जलाशय |

## क्रियाकलाप १२

(क) विद्यार्थीलाई वाक्यपत्ती प्रदर्शन गर्दै कर्ता र क्रियापदका बारेमा छलफल गराउनुहोस् ।

(ख) विद्यार्थीलाई पुरुषसम्बन्धी शब्द पहिचान गर्न सहजीकरण गर्नुहोस् ।

प्रथम पुरुष – म, हामी

द्वितीय पुरुष – तँ, तिमी, तपाईं, हजुर

ततीय पुरुष – ऊ, उनी, यो, यिनी

(ग) विद्यार्थीलाई पालैपालो प्रत्येक पुरुषमा प्रयुक्त सर्वनामलाई वाक्य बनाउन लगाउनुहोस् ।

(घ) विद्यार्थीलाई आदरसम्बन्धी शब्द पहिचान गर्न सहजीकरण गर्नुहोस् ।

शून्य तह – तँ

मध्यम तह – तिमी

उच्च तह – तपाईँ

अतिउच्च तह – हजुर

(ङ) विद्यार्थीलाई पालैपालो प्रत्येक आदरमा प्रयुक्त आदरयुक्त सर्वनामलाई वाक्य बनाउन लगाउनुहोस् ।

(च) पाठमा प्रयुक्त पुरुष र आदरसम्बन्धी शब्दपत्ती प्रदर्शन गर्नुहोस् र यसको प्रयोगका सम्बन्धमा सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ४२ को क्रियाकलाप १२ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

खाली ठाउँमा सही शब्द लेख्नुहोस् :

(क) तपाईँ ............................................. । (आइज, आउनुहोस्)

(ख) तिमी ............................................... । (आऊ, आइन्)

(ग) तँ .................................................... । (आउनुभयो, आइज)

(घ) हामी ............................................... । (आयौँ, आएँ)

(ङ) उनी ................................................ । (आई, आए)

(च) म .................................................. ? (आऊँ, आइज)

## क्रियाकलाप १३

(क) पाठमा प्रयुक्त चित्रपत्ती प्रदर्शन गरी छलफल गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीलाई पाठमा प्रयुक्त सवारी साधनका नाम र रमाइला स्थानसम्बन्धी शब्दपत्तीहरूप्रदर्शन गरी उच्चारण गर्न लगाउनुहोस् ।

(ग) शब्दपत्तीका शब्दका बारेमा प्रश्नोत्तर गरीवाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।शब्दपत्तीमा भएकाशब्दलाई उच्चारणका आधारमा एकाक्षरी, दुईक्षरी, तीनक्षरी र चारक्षरी शब्द समूह पहिचान गरेर शब्दोच्चारण अभ्यास गराउनुहोस् ।

(घ) शिक्षकले पाठमा प्रयुक्त चित्र प्रदर्शन गर्दै 'हिमालमाथि मङ्गल' कथा वाचन गरेर सुनाउनुहोस् । कथा सुनाउँदा आरोह, अवरोह, गति, यति, हाउभाउ र वाचन कलालाई विशेष जोड दिनुहोस् । कथा वाचनका क्रममा प्रश्नोत्तर गर्नुहोस् ।

(ङ) विद्यार्थीलाई पालैपालो सस्वर पठन गर्न लगाउनुहोस् । पठन गर्दा उच्चारणमा कठिन भएका शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् र शिक्षकले सहजीकरण गरिदिनुहोस् ।

(च) पाठमा भएका प्रश्नका उत्तर पाठमा नै पहिचान गर्न लगाउनुहोस् र ती प्रश्नका उत्तर लेख्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ४३ को क्रियाकलाप १३ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

हिमालमाथि मङ्गल

मङ्गलको घर ताप्लेजुङको फुङलिङमा छ । मङ्सिरको महिना थियो । मङ्गलले घरको पछाडिको झ्याल खोले । हिमाल झलमल हाँसिरहेको थियो । उनलाई हिमाल सुन्दर लाग्यो । त्यसैले उनलाई हिमालको नक्सा बनाउन मन लाग्यो । पहिला उनले त्रिभुज बनाए । दुई तीनओटा त्रिभुज जोडेपछि हिमालको चित्र बन्यो । अब उनलाई नजिकै गएर हिमाल हेर्न मन लाग्यो । हिमालमा पो कसरी पुग्ने ? स्कुटर चढेर कि ? मोटर चढेर वा पानीजहाज चढेर ? धत् यी तीनै कुरा चढेर हिमालमा पुग्न सकिँदैन । उनी यस्तै सोचिरहेका थिए । घरको उत्तर दिशामा रहेको चउरमा हेलिकोप्टरको आवाज आयो । उनी दौडेर त्यहाँ गए । सोनाम काका हेलिकोप्टर चलाउने पाइलट हुनुहुन्थ्यो । गाउँका अरू दुईचार जना केटाकेटी पनि त्यहाँ पुगेका थिए । सबैले काकालाई अनुरोध गर्न थाले, “काका ! हामी पनि हेलिकोप्टर चढौँ न ।”

काकाले अर्को साथीसित छलफल गर्नुभयो । उहाँले सबैलाई हेलिकोप्टरमा राखेर हिमालमाथि लैजानुभयो । काकाले सबैलाई गौरीशङ्कर, सगरमाथा र कञ्चनजङ्घा हिमाल देखाइदिनुभयो । सबैले हिमालमाथि चक्कर लगाए । क्यामेराले फोटो खिचे । केटाकेटी धेरै खुसी भए । तीन घन्टापछि काकाले फेरि केटाकेटीलाई गाउँमा ल्याएर छोडिदिनुभयो । मङ्गल दौडेर घरमा पुगे । आमाले सोध्नुभयो, “बाबु कहाँ गएको थिइस् ?” मङ्गलले खुब सानले बतायो, “उडेर हिमालमाथि ।” आमा दङ्ग पर्नुभयो ।

(क) मङ्गललाई हिमाल कस्तो लाग्यो ? ...........................................................................

(ख) केटाकेटीलाई कसले हिमाल देखाइदिनुभयो ? ................................................................

(ग) आमा किन दङ्ग पर्नुभयो ? ..............................................................................

## क्रियाकलाप १४ 

(क) विद्यार्थीलाई नमुना निमन्त्रणा पत्र प्रदर्शन गरी पढेर सुनाउनुहोस् । कुन कुन कार्य गर्दा निमन्त्रणा पत्र वितरण गरिन्छ ? निमन्त्रणा पत्रमा के के कुरा लेखिएको हुन्छ ? निमन्त्रणा पत्रका बारेमा छलफल गर्नुहोस् र छलफलमा आएको कुरा शैक्षणिक पाटीमा लेखेर देखाउनुहोस् ।

(ख) शिक्षकले कुनै विषय छनोट गरी शैक्षणिक पाटीमा निमन्त्रणा पत्रको नमुना लेखेर देखाउनुहोस् ।

(ग) विद्यार्थीलाई नमुना निमन्त्रणा पत्र तयार गर्नु पर्ने कुरा जानकारी गराउनुहोस् र आवश्यक सामग्री वितरणगर्नुहोस् ।

(घ) फोटोकपी पेपरलाई आधा हुने गरी पट्याउन सिकाउनुहोस् ।

(ङ) पट्याइएको पेपरको किनाराको चारैतिर२ सेमिको बोर्डर रेखा तानेर मैन रङ भर्न लगाउनुहोस् । आयातकार चारै कुनामा फूलबुट्टा बनाउन लगाउनुहोस् ।

(च) विद्यार्थीलाई क्रियाकलाप १४ मा प्रयुक्त निर्देशनका आधारमा निमन्त्रणा लेख्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ४४ को क्रियाकलाप १४ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

श्रीमान्/श्रीमती/सुश्री.................................

## निमन्त्रणा पत्र

हाम्रा आयुष्मान् सुपुत्र रमन घिमिरेको अन्नप्राशनका अवसरमा निम्नलिखित मिति, स्थान र समयमा उपस्थित भई आशीर्वाद दिनुहुन हार्दिक अनुरोध गर्दछौँ ।

**अन्नप्राशन कार्यक्रम**
मिति : २०७७/१०/१२
समय : बिहान ९ बजे
स्थान : निजी निवास, सन्धिखर्क, अर्घाखाँची

**प्रार्थी**
पवन घिमिरे
रमिता घिमिरे
तथा
समस्त घिमिरे परिवार

दिइएको निमन्त्रणा पत्र पढ्नुहोस् र अन्नप्राशनका सट्टामा विवाहको निमन्त्रणा पत्र तयार पार्नुहोस् :

## क्रियाकलाप १५

(क) विद्यार्थीसँग तीनओटा वर्णले बनेका शब्द के के हुन सक्छन्, प्रश्नोत्तर गरेर विद्यार्थीले भनेका शब्द शैक्षणिक पाटीमा लेख्नुहोस् ।


(ख) विद्यार्थीले भने जस्तै शिक्षकले पनि शब्दपत्ती प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई उच्चारण गर्न लगाउनुहोस् । उच्चारण गर्दा वर्ण छुट्याएर गर्न लगाउनुहोस् ।

(ग) शिक्षकले शब्दपत्तीभन्दा बाहेकका तीनओटा वर्णले बनेकाशब्दका बिचको वर्ण छोपेर प्रदर्शन गर्नुहोस् ।

(घ) विद्यार्थीलाई शब्दको बिचको वर्ण पहिचान गरी सिङ्गो शब्द पत्ता लगाउन लगाउनुहोस् । जस्तै : बगैँचा शब्दको बिचमा भएको गैँ वर्ण छोपेर ब.......चा प्रदर्शन गरेर शब्द पूरा गर्न लगाउनुहोस् । आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ४४ को क्रियाकलाप १५ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।




खाली ठाउँमा दा, ख, जे, हा, ट, मे, ङ्ग र भु थपी शब्द लेख्नुहोस् र पढ्नुहोस् :

## क्रियाकलाप १६

(क) विद्यार्थीलाई मन पर्ने कथा सुनाउन लगाउनुहोस् ।

(ख) क्रियाकलाप १६ मा प्रयुक्त कथाको अपुरो चार्ट प्रदर्शन गर्नुहोस् र कम्तीमा तीन पटक वाचन गर्न लगाउनुहोस् ।

(ग) कथा वाचनपश्चात् कथासँग सम्बन्धित विषयवस्तुमा छलफल गर्नुहोस् ।

(घ) पूर्ण वाक्यमा लेखिएको कथा छोपिदिनुहोस् र कथाको अपूर्ण वाक्य भएका वाक्यपत्तीहरू (एउटा कमिलो पानी खान खोलामा ..................।) प्रदर्शन गर्नुहोस् । कथाको प्रसङ्ग बुझेर वाक्य पूरा गर्न सिकाउनुहोस् ।

(घ) विद्यार्थीलाई कथाका सबै अपूर्ण वाक्य भएका वाक्यपत्ती दिनुहोस् । ती वाक्यलाई पूरा गरेरकथाको ढाँचामालेख्न सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ४५ कोक्रियाकलाप १६ लेख्न लगाई प्रदर्शन पाटीमा टाँस्नुहोस् ।

तलका बुँदालाई मिलाएर छोटो कथा लेख्नुहोस् :

एउटा कमिलो पानी खान खोलामा ........................................................ । पानी खाँदा चिप्लेर पानीमा .................................... । पानीले कमिलालाई.............................. । पानी खान भनेर त्यही खोलामा पुगेको एउटा चराले कमिलो बग्दै गरेको ............................................ । चराले हत्तपत्त रुखबाट पात टिपेर कमिलालाई त्यसैमा बसाएर बाहिर .............................. । चराले आफ्नो

ज्यान बचाइदिएकामा कमिलो खुसी ...................................... । केही दिनपछि कमिलो घुम्न ................................ । नजिकैको रुखमा उसलाई बचाइदिने चरो बसेको ......................................... । सिकारी त्यही चरोलाई बन्दुक ......................................... । कमिलाले छिटो छिटो गएर सिकारीको खुट्टामा बेसरी .................................. । कमिलाको टोकाइबाट सिकारीलाई ............................................. । पीडाले ऊ ......................................... । उसको हातबाट बन्दुक भुइँमा ...................................... । चराले थाहा .............................. । चराले त्यहाँबाट उडेर आफ्नो ज्यान ................................... ।

## क्रियाकलाप १७



(क) विद्यार्थीसँग समुदायमा कहिले कहिले मेला लाग्छ ? समुदायका मानिसले मेलामा के के गर्छन् ? कस्तो कस्तो पोसाक लगाउँछन् ? के के परिकार बनाउँछन् ? को को सहभागी हुन्छन् ?यस्ता प्रश्न गरी मेलापर्वका बारेमा छलफल गर्नुहोस् ।

(ख) शिक्षकले समुदायमा लाग्ने मेलापर्वका बारेमा लेखिएको नमुना वाक्यहरूको चार्ट प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई चार्टमा लेखिएको कुरा पढेर सुनाउन लगाउनुहोस् ।

(ग) छलफलका कुरा र चार्टमा भएका कुराका बारेमा छलफल गरी विद्यार्थीलाई मेलापर्वमा हुने कुराको सूची तयार गर्न लगाउनुहोस् । विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

(घ) विद्यार्थीलाई उनीहरूका समुदायमा हुने मेलापर्वका बारेमा पाँच वाक्यमा वर्णन गर्न लगाउनुहोस् ।

### मूल्याङ्कन

पाठ्यपुस्तकको पृ.स. ४५ कोक्रियाकलाप १७ लेख्न लगाई प्रदर्शन पाटीमा टाँस्नुहोस् ।

तपाईंका समुदायमा हुने मेलापर्वका बारेमा पाँच वाक्यमा वर्णन गर्नुहोस् :

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

# पाठ ६

## (क) सिकाइ सहजीकरण योजना

| क्र. स. | विषयवस्तु | व्यवहारकुशल सिप | अनुमानित घन्टी | पाठ्य तथा कार्यपुस्तकको सम्बन्धित पृष्ठसङ्ख्या |
|---|---|---|---|---|
| १. | धार्मिक स्थलसम्बन्धी परिचित शब्द | • प्रयोग सिप (S1.1)<br>• सिकाइ सिप (S1.2)<br>• दृश्य साक्षरता सिप (S4.3)<br>• लोकतन्त्रिक, सहभागितात्मक र समतामूलक मूल्य (S5.3)<br>• वातावरणप्रतिको सजगता र सम्मान(S5.4)<br>• वैयक्तिक जिम्मेवारी(S5.7) | ३ | ४६,४७ र ४८ |
| २. | सरसफाइसम्बन्धी परिचित शब्द | | ३ | ४८, ४९ र ५० |
| ३. | विषयक्षेत्रगत मूल्याङ्कन | | १ | ५१ र ५२ |

## (ख) सिकाइ क्रियाकलापका आधार

यस पाठको सिकाइ सहजीकरण गर्नुपूर्व निम्नानुसारको पूर्वतयारी गर्नुहोस् :

| पठन तत्त्व | क्रियाकलापको आधार | क्रियाकलापको सङ्केत र क्रम | सिकाइ सामग्री |
|---|---|---|---|
| ध्वनि सचेतीकरण | **शिक्षकको पूर्ण सहयोग** |  १ | १. 'जुटौं सबै'पाठका शब्दपत्ती (अघिपछि, रुगाखोकी, झाडापखला, महामारी, नरनारी)<br>२. पाठमा प्रयुक्त चित्र वा पोस्टर<br>३.'जुटौं सबै' कविता चार्ट |
| दृश्यबोध | **शिक्षकको आंशिक सहयोग** |  २ | १. पाठमा प्रयुक्त चित्र तथा पोस्टर |
| लेख्यवर्ण सचेतीकरण | **स्वयम् सिकाइ** |  ३ | १. तीन देखि चारओटा वर्ण प्रयोग भएका शब्दपत्तीहरू<br>विनम्र, मन्दिर, धन्यवाद, तस्बिर, स्वास्थ्य<br>२. वर्णपत्तीहरू |
| पठन प्रवाह | **दौंतरी सिकाइ** |  ४ | १. 'साइलाबा' संवाद चार्ट |

| | | | |
|---|---|---|---|
| | | | २. पाठमा प्रयुक्त चित्रपत्ती<br>३. लेख्य चिह्न प्रयुक्त वाक्यपत्ती |
| शब्दभण्डार | स्वयम् सिकाइ |  ५ | १. पाठमा प्रयुक्त अनेकार्थक शब्द र अर्थका पत्तीहरू<br>(रहर, हार, साँचो, तर, चाल, हल, पत्ता, चाहना, एक प्रकारको दाल, माला, हार्नु, चाबी, सत्य, दुधको छाली, तर्ने काम गर, चलन, हिँडाइ, जोडी, समाधान, ठेगाना, पात) |
| बोध | स्वयम् सिकाइ |  ६ | १. समुदायसँग सम्बन्धित शब्दका शब्दपत्तीहरू<br>(जात्रा, जन्ती, रत्यौली, रोधी आदि) |
| शब्दभण्डार | दौँतरी सिकाइ |  ७ | १. सुरुको वर्ण परिवर्तनमा आधारित शब्दपत्तीहरू<br>पसल - असल, तराजु - बराजु,साङ्लो - नाङ्लो, रमाइलो - नरमाइलो, चक्कर - ठक्कर, पक्का - धक्का, आदेश - विदेश, ढुङ्गा - चङ्गा, करुवा - हरूवा, |
| शब्दभण्डार | स्वयम् सिकाइ |  ८ | १. पाठमा प्रयुक्त अनुकरणात्मक शब्दका शब्दपत्तीहरू<br>(मुसुक्क, टुसुक्क, हुरुक्क, थचक्क, बुरुक्क, थरथर, फटाफट, जुरुक्क)<br>२. वाक्यपत्तीहरू |
| पठन प्रवाह | दौँतरी सिकाइ |  ९ | १. पाठमा प्रयुक्त अनुच्छेदका वाक्यपत्ती<br>२. पाठमा प्रयुक्त अनुच्छेद चार्ट |
| कार्यमूलक व्याकरण | शिक्षकको आंशिक सहयोग |  १० | १ पाठमा प्रयुक्त पुरुष र आदरसम्बन्धी शब्दपत्तीहरू<br>(आएँ, आऊ, आउँछ, आयौँ, आइज, आए, आउनुहुन्छ) |
| पठनबोध | शिक्षकको आंशिक सहयोग |  ११ | १. 'शिशिरको गाउँ' पाठमा प्रयुक्त शब्दपत्तीहरू<br>(जमिन, किसिम, तरेली, सुनकोसी, जङ्गल, जागिर, परिवार)<br>२. प्रश्नोत्तरपत्ती |

| | | | |
|---|---|---|---|
| कार्यमूलक व्याकरण | **दौँतरी सिकाइ** | १२ | १. पाठमा प्रयुक्त शब्दका शब्दपत्तीहरू (डुले, सुत्ने छ, खेल्छ, उठ्यो, बस्यो, रुने छ, हिँड्छ, लेख्ने छ, खान्छे, पढ्यो जाने छौँ, भनिन्छ, चढ्छु, पायो, डुब्यो, देख्यो, आयो, सुत्छ, जम्छ, गर्नुहुन्छ, बन्छु, गर्ने छ, उड्ने छ)<br>२. नमुना वाक्यपत्तीहरू<br>३. बितेको, अहिलेको, पछि आउने समयको तालिका |
| लेखाइ | **शिक्षकको आंशिक सहयोग** | १३ | १. कथाका बुँदागत वाक्यपत्तीहरू<br>२ . कथा लेखिएको चार्ट |
| **विषयक्षेत्रगत मूल्याङ्कन** | | | पाठ्यपुस्तक |

## (ग) सिकाइ क्रियाकलाप

### क्रियाकलाप १

(क) शिक्षकले कक्षाका विद्यार्थीलाई अभिवादन गरी विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

(ख) विद्यार्थीहरूसँग पाठको चित्र देखाउँदै यो चित्रमा देखिएका मानिस को को होलान् ? यिनीहरू के के काम गर्दै होलान् ? जस्ता प्रसङ्ग जोडेर छलफल गर्नुहोस् ।

(ग) अघिपछि, रुगाखोकी, झाडापखाला, महामारी, नरनारी शब्दका शब्दपत्ती प्रदर्शन गर्नुहोस् र उच्चारण गर्न लगाउनुहोस् ।

(घ) शब्दका अर्थगत बोधका लागि वाक्यमा प्रयोग गरेर सुनाउनुहोस् ।

(ङ) सबै विद्यार्थीलाई अघिपछि, रुगाखोकी, झाडापखाला, महामारी, नरनारीशब्दका शब्दपत्ती दिनुहोस् र पालैपालो शब्दलाई उच्चारण गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(च) 'जुटौँ सबै' कविता चार्ट प्रदर्शन गर्नुहोस् । कविता गति, यति, लय र हाउभाउसहित गाएर सुनाउनुहोस् । त्यसपछि विद्यार्थीसँगै गाउनुहोस् र लयबद्ध वाचनमा समस्या भएका विद्यार्थीलाई उपयुक्त चिह्न, सङ्केत र क्रियाको उपयोग गरी थप सिकाइको अवसर प्रदान गर्नुहोस् । यस क्रममा क्रमिक सिकाइ रणनीति (शिक्षकले गरेर देखाउने, शिक्षक र विद्यार्थीले सँगसँगै गर्ने, विद्यार्थी विद्यार्थीसँगै अभ्यास गर्ने र विद्यार्थीलाई व्यक्तिगत रूपमा गर्न लगाउने) उपयोग गर्नुहोस् ।

**मूल्याङ्कन**

१. पाठ्यपुस्तकको पृ.स. ४६ को 'जुटौँ सबै' कवितागति, यति र लय हालेर सुनाउन लगाउनुहोस् ।

लय मिलाएर गाउनुहोस् :

जुटौँ सबै

खाना खानु अघिपछि हात धुनुपर्छ
हत्केला र सबै औँला सफा हुनुपर्छ
हात धुन प्रयोग गरौँ साबुन र पानी
धोएपछि हात पुछ्ने झनै राम्रो बानी ।

रुगाखोकी जरो अनि रोग अनेक खाले
फोहोर भए छुन सक्छ झाडापखालाले
समयमै गर्नुपर्छ रोगको उपचार
सोच्नुपर्छ मानिसले सबको उपकार ।

सफा राखौँ घर आँगन गाउँ सहर सारा
भुल्नु हुन्न कहिले पनि आफ्नो अभिभारा
हामी मिले टर्छ पक्का रोगको महामारी
जागौँ उठौँ जुटौँ सबै हामी नरनारी ।

२ शब्दपत्तीका शब्द 'जुटौँ सबै' कवितामा खोज्न लगाई रेखाङ्कन गर्नलगाउनुहोस् ।

## क्रियाकलाप २

(क) समुदायमा भएका धार्मिक स्थल र सामाजिक सम्पदाका बारेमा छलफल गर्नुहोस् ।

(ख) विद्यार्थीलाई पाठमा प्रयुक्त चित्र तथा पोस्टर प्रदर्शन गरेर चित्रमा भएको कुरा अनुमान, पूर्वानुमान गरी वर्णन गर्न लगाउनुहोस् ।

(ग) धार्मिक स्थल र सामाजिक सम्पदासँग सम्बन्धित शब्द प्रयोग गरी को, के, किन, कति, कस्तो, कसरी जस्ता प्रश्नहरूका आधारमा चित्रका बारेमा भन्न लगाउनुहोस् । चित्रलाई समुदायको परिवेशसँग जोडेर वर्णन गराउनुहोस् ।

(घ) पाठमा प्रयोग भएका चित्रसँग मिल्दाजुल्दा वातावरण देखिने चित्र वा पोस्टर प्रदर्शन गरी सिकाइको थप अवसर प्रदानगर्नुहोस् ।

(ङ) चित्र वर्णनका क्रममा पद सङ्गति र भाषिक शुद्धता नमिलेमा क्रमिक सिकाइ रणनीति (शिक्षकले गरेर देखाउने, शिक्षक र विद्यार्थीले सँगसँगै गर्ने, विद्यार्थी विद्यार्थीसँगै अभ्यास गर्ने र

विद्यार्थीलाई व्यक्तिगत रूपमा गर्न लगाउने) उपयोग गर्नुहोस् ।

**मूल्याङ्कन** ४६ को क्रियाकलाप २ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

चित्रमा जस्तै तपाईंको घरबाट के के देखिन्छ, कक्षामा सुनाउनुहोस् :



**क्रियाकलाप ३**




(क) विद्यार्थीलाई शब्दपत्ती प्रदर्शन गर्नुहोस् र ती शब्द उच्चारण गर्न लगाउनुहोस् ।

(ख) प्रदर्शन गरिएका शब्द संरचनाका बारेमा छलफल गरेर ती शब्दमा भएका वर्णलाई जोडेर उच्चारण गर्न सिकाउनुहोस् । जस्तै : वि न म्र -विनम्र

(ग) विद्यार्थीले उच्चारण गरेका शब्दलाई शिक्षकले वर्ण संरचनाका आधारमा जोडेर देखाउनुहोस् । त्यसपछिविद्यार्थीलाई संरचनाका आधारमा वर्णलाई जोडेर लेख्नलिर्देशन दिनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ४७ को क्रियाकलाप ३ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।




जोडेर भन्नुहोस् र लेख्नुहोस् :

**क्रियाकलाप ४**



(क) पाठमा प्रयुक्त चित्रपत्ती प्रदर्शन गरेर चित्रका बारेमा छलफल गर्नुहोस् । चित्रमा कति जना मानिस छन् ? तिनीहरू के के गर्दै छन् ? के के कुरा गर्दै होलान् ? जस्ता विषयवस्तुमा विद्यार्थीसँग कुराकानी गर्नुहोस् ।

(ख) कुराकानीको क्रममा लेख्य चिह्न प्रयोग भएका वाक्यपत्ती प्रदर्शन गर्नुहोस् । ती वाक्यलाई पढ्न लगाउनुहोस् । लेख्य चिह्नअनुसार वाक्य पठन प्रवाहका बारेमा सहजीकरण गर्नुहोस् ।

(ग) संवाद लेखिएको चार्ट प्रदर्शन गर्नुहोस् र संवादलाई नमुना सस्वरवाचनगरेर सुनाउनुहोस् । सस्वरवाचन गर्दा शब्द, वाक्य र अनुच्छेद देखाउँदै आरोह अवरोह, गति र यतिलाई ध्यान दिनुहोस् ।

(घ) विद्यार्थीलाई ललन र जगतको भूमिका दिई सस्वरवाचन गर्न लगाउनुहोस् । यस क्रममा सम्भव भएसम्म श्रव्यसामग्री तथा मल्टिमिडियाको उपयोगगर्नुहोस् र कक्षामा सुनाउनुहोस् ।

(ङ) कुनै विद्यार्थीको सहयोग लिई कुराकानीलाई पपेटका माध्यमबाट अभिनयात्मक कथनगर्नुहोस् ।यसका लागि शिक्षकले थप नमुनाप्रदर्शन गर्नुहोस् ।

(च) विद्यार्थीलाई ललन र जगतका सट्टा विशाल तथा विमल राखी कुराकानी लेख्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स.४७ र ४८ को क्रियाकलाप ४ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

ललन र जगत् भई साथीसँग कुराकानी गर्नुहोस् । ललन र जगत्का सट्टा विशाल तथा विमल राखी पाठ कापीमा लेख्नुहोस् :

साइँलाबा

(ललन र जगत् कुराकानी गर्दै छन्)

ललन : होइन त साइँलाबा, सबै गाउँले मिलेर माइली भाउजूलाई अस्पताल नपुऱ्याएको भए त बर्बादै हुने रहेछ ।

जगत् : हो नि, धन्न ! तँ, पल्लाघरे कान्छो, ठुले सबै थियौ र मोटरबाटोसम्म डोकामा बोकेर लान सकियो ।

ललन : हो नि, हामी सबै मिलेर पल्लो डाँडासम्म बाटो आफैले खनेर ल्याएका थियौँ र सजिलो भयो । नभए डोकामै बोकेर माइली भाउजूलाई सहरमा लानु परेको भए त बाटामै प्राण जान सक्थ्यो ।

जगत् : हो त नि ललन बाबु, अझ हाम्रा गाउँबाट विदेशमा गएकाहरूले पैसा उठाएर एउटा एम्बुलेन्स पनि किनिदिएका थिए । यसले गर्दा बिरामीलाई अस्पताल पुऱ्याउन सजिलो भएको छ ।

ललन : हो त, समुदायमा आपसमा मिलेर बस्दा दुःख सुखमा सबैलाई सजिलो हुन्छ, नि ।

जगत् : ललन बाबु अब त यसपालि पल्लो डाँडासम्म आएको मोटरबाटोलाई यही गाउँसम्म जोड्नुपर्छ होला ।

ललन : ठिक भन्नुभयो साइँलाबा, अब गाउँका सबै मिलेर बाटो ल्याउनुपर्छ । बाटो खन्दा रुखबिरुवा पनि नमासिने गरी खन्नुपर्छ ।

जगत् : ए साँच्ची, गाउँपालिकाको सभा भोलि नै छ । त्यहीँ बाटो खन्ने कुरा उठाउनु पर्ला ।

ललन : हुन्छ साइँलाबा, ल भोलि त्यतै सभातिर भेटौँला । अहिले भैँसीलाई घाँसपानी दिन पनि अबेला भो ।

जगत : हुन्छ ललन बाबु, मेरो पनि काम छ । म पनि लागेँ ।

## क्रियाकलाप ५

(क) विद्यार्थीसँग अनेकार्थक शब्दका उदाहरण दिएर छलफल गर्नुहोस् ।

(ख) पाठमा प्रयुक्त अनेकार्थक शब्द प्रदर्शन गर्नुहोस् र तिनका अर्थ के के होलान्, अनुमान गर्न लगाउनुहोस् । जस्तै : रहर= चाहना, एक प्रकारको दाल । विद्यार्थीले भनेका अर्थ टिपोट गर्नुहोस् र प्रश्नोत्तर गर्नुहोस् ।

(ग) शिक्षकले शब्द र अर्थका पत्तीहरू प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई उच्चारण गर्न लगाएर सबै शब्दका धेरै अर्थ पत्ता लगाउने अभ्यास गराउनुहोस् ।

(घ) विद्यार्थीलाई एक एकओटा शब्दपत्ती र अर्थपत्तीवितरण गर्नुहोस् । शब्दका अर्थ पहिचान गर्न लगाउनुहोस् । विद्यार्थीलाई आवश्यकताअनसुार सहजीकरण गर्नुहोस् ।

### मूल्याङ्कन

पाठ्यपुस्तकको पृ.स. ४८ को क्रियाकलाप ५ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

दुईओटा अर्थसँग जोडा मिलाउनुहोस् :

| | | | |
|---|---|---|---|
| हार | चाहना | साँचो | दुधको छाली |
| | एक प्रकारको | | दाल चाबी |
| रहर | हार्नु | तर | तर्ने काम |
| | माला | | सत्य |

(रहर → चाहना, रहर → एक प्रकारको)

## क्रियाकलाप ६

(क) सर्वप्रथम समुदायका गतिविधि झल्कने जात्रा, भोजभतेर, जन्ती, रत्यौली जस्ता चित्रपत्ती प्रदर्शन गरी छलफल गर्नुहोस् ।

(ख) शिक्षकले आफ्नो समुदायमा भएका मन पर्ने कुराका बारेमा बताउनुहोस् ।

(ग) विद्यार्थीसँग उनीहरूको समुदायमा भएका मुख्य मुख्य कुराका बारेमा छलफल गर्नुहोस् ।

(घ) विद्यार्थीलाई समुदायसँग सम्बन्धित शब्दका शब्दपत्तीहरू प्रदर्शन गर्नुहोस् र ती शब्द उच्चारण गर्न लगाउनुहोस् ।

(ङ) विद्यार्थीलाई दुई दुई जनाको समूहमा विभाजन गरी आआफ्नो समुदायको बारेमा छलफल गर्न लगाई आआफ्नो समुदायका मन पर्ने कुरा कापीमा लेख्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स.४८ को क्रियाकलाप ६ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

तपाईंका समुदायमा तपाईंलाई मन पर्ने कुरा के के हुन्, कापीमा लेख्नुहोस् ।

## क्रियाकलाप ७

(क) विद्यार्थीलाई शब्दपत्तीहरू प्रदर्शन गरेर शब्द उच्चारण गर्न लगाउनुहोस् । जस्तै : पसल - असल, तराजु - बराजु आदि । यी शब्दमा भएका वर्ण भिन्नताका बारेमा छलफल गर्नुहोस् । शब्दमा पहिलो वर्ण परिवर्तन गर्दा बन्ने नयाँ शब्द पत्ता लगाउन निर्देशन दिनुहोस् ।

(ख) शब्दपत्तीमा भएका शब्दको उच्चारण गराउनुहोस् । सुरुको वर्ण फेरेर उच्चारण गर्न लगाउनुहोस् । यसपछि दुवै शब्दका अर्थ सोध्नुहोस् ।

(ग) पाठ्यपुस्तकको क्रियाकलाप ७को अभ्यासका आधारमा सुरुको वर्ण परिवर्तन गरी अर्को शब्द बनाउन सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ४८ को क्रियाकलाप ७ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

उदाहरणमा दिइए जस्तै सुरुको वर्ण परिवर्तन गरी अर्को शब्द बनाउनुहोस् :

अ ब ना घ ठ च वि ठु बि

उदाहरण : ढक चक

| | | | | | |
|---|---|---|---|---|---|
| पसल | .................... | तराजु | ................... | साङ्लो | ................... |
| रमाइलो | ................... | चक्कर | ................... | पक्का | ................... |
| आदेश | .................... | ढुङ्गा | ................... | करुवा | ................... |

## क्रियाकलाप ८

(क) शिक्षकले तयार गरेका शब्दपत्ती प्रदर्शन गरेर उच्चारण गर्न लगाउनुहोस् । शब्द उच्चारणपश्चात् वाक्यमा प्रयोग गरेर भन्न लगाउनुहोस् ।

(ख) पाठमा प्रयोग भएका शब्दको नमुना वाक्यपत्ती प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई पढ्न लगाउनुहोस् ।

(ग) शिक्षकले प्रदर्शन गरेको शब्दपत्ती विद्यार्थीलाई वितरण गर्नुहोस् र वाक्यमा प्रयोग गरेर भन्न लगाउनुहोस् ।

(घ) विद्यार्थीलाई अधुरो वाक्य सुनाउनुहोस् र शब्दपत्ती शब्द हेरेर वाक्य पूरा गर्न लगाउनुहोस् ।

जस्तै : नानी..............................बसिन् । (जुरुक्क, टुसुक्क)

(ङ) विद्यार्थीलाई कुनै समस्या भए आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ४८ को क्रियाकलाप ८ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

खाली ठाउँमा सही शब्द भर्नुहोस् :

(क) नानी ........................................................ बसिन् । (जुरुक्क, टुसुक्क)

(ख) बाबु ........................................................ हाँसे । (हुरुक्क, मुसुक्क)

(ग) पाठो ........................................................ उफ्रियो । (थचक्क, बुरुक्क)

(घ) भाइ ........................................................ गयो । (थरथर, फटाफट

## क्रियाकलाप ९

(क) विद्यार्थीलाई पाठमा प्रयुक्त वाक्यपत्तीलाई क्रममा प्रदर्शन गर्दै सस्वरवाचन गरेर सुनाउनुहोस् । वाक्यपत्तीलाई क्रमैसँग प्रदर्शन गर्दै विद्यार्थीलाई पनि सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ख) पाठमा भएको अनुच्छेद चार्ट प्रदर्शन गरेर पुनः सस्वरवाचन गरेर सुनाउनुहोस् ।

(ग) विद्यार्थीलाई अनुच्छेदका आधारमा भएका जिज्ञासाका बारेमा छलफल गरी विषयवस्तु बोध गराउनुहोस् ।

(घ) विद्यार्थीलाई अनुच्छेदका आधारमा पालैपालो आआफ्ना अनुमान सुनाउन लगाउनुहोस् । यस क्रममा आवश्यकता पहिचान गरी सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ४९ को क्रियाकलाप ९ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

पढेर सुनाउनुहोस् र अनुमान गर्नुहोस् :

संसारका जनावरका पुच्छर थिएनन् रे ! जनावरलाई किरा फट्याङ्ग्राले टोक्थे । जनावर तिनीहरूलाई धपाउन सक्दैनथे । त्यसैले जनावरहरू निकै चिन्तामा परे । उनीहरू ठुलो चउरमा जम्मा भए झिँगा, लामखुट्टे र भुसुनाबाट कसरी बच्ने भनी छलफल गरे । उनीहरूले भगवान्लाई भन्ने निधो गरे । जनावर भगवान्कहाँ गए । भगवान्ले जनावरलाई भन्नुभयो, “म भोलि तिमीहरूलाई पुच्छर दिउँला । जो पहिला आउँछ, उसैले राम्रो र लामो पुच्छर पाउँछ ।”

अब भन्नुहोस्, को पहिले पुग्यो होला ? को सबैभन्दा पछि पुग्यो होला ?

## क्रियाकलाप १०

(क) विद्यार्थीलाई पाठमा प्रयुक्त पुरुष र आदरसम्बन्धी शब्दपत्तीहरू प्रदर्शन गरेर उच्चारण गर्न लगाउनुहोस् ।

(ख) ती शब्दलाईअर्थगत बोधका लागि वाक्यमा प्रयोग गरेर भन्न लगाउनुहोस् ।

(ग) पुरुष र आदर प्रयोग भएका नमुना वाक्यपत्ती प्रदर्शन गरी पढ्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीलाई कर्ता र क्रियापद चिनाउनुहोस् ।

(घ) पुरुष सङ्गतिअनुसार कर्ता जुन पुरुषको छ, क्रियापद पनि त्यही पुरुषको हुनुपर्छ भन्ने कुरा सहजीकरण गर्नुहोस् ।

(ङ) विद्यार्थीलाई अपुरो वाक्य प्रदर्शन गरी खाली ठाउँमा मिल्दो शब्द भर्न लगाउनुहोस् । कुनै विद्यार्थीलाई सही शब्द पहिचान गर्न कठिनाइ भए आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स.४९ को क्रियाकलाप १० का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

खाली ठाउँमा सही शब्द भर्नुहोस् :

| | | |
|---|---|---|
| म आएँ । | हामी ................... | |
| तिमी ................... | तपाईं आउनुभयो । | तँ .......................... |
| ऊ ..................... | उनी आए । | उहाँ ....................... |

## क्रियाकलाप ११

(क) विद्यार्थीलाई पाठमा प्रयुक्त शब्दपत्तीहरूप्रदर्शन गर्नुहोस् र उच्चारण गर्न लगाउनुहोस् । ती शब्दका बारेमा प्रश्नोत्तर गरीवाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।शब्दपत्तीमा भएकाशब्दलाई उच्चारणका आधारमा एकाक्षरी, दुईक्षरी, तीनक्षरी र चारक्षरी शब्द समूह पहिचान गरेर शब्दोच्चारण अभ्यास गराउनुहोस् ।

(ख) शिक्षकले पाठमा प्रयुक्त चित्र प्रदर्शन गर्दै ‘शिशिरको गाउँ’ पाठवाचन गरेर सुनाउनुहोस् । पाठ सुनाउँदा आरोह, अवरोह, गति, यति, हाउभाउ र वाचन कलालाई विशेष जोड दिनुहोस् ।

(ग) पाठको सस्वर पठनका क्रममा बिच बिचमा अनुमान, पूर्वानुमान र प्रसङ्गअनुसारको प्रश्नोत्तर गर्नुहोस् ।

(घ) विद्यार्थीलाई पालैपालो सस्वर पठन गर्न लगाउनुहोस् । सस्वर पठन गर्दा उच्चारणमा कठिन भएका शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् र शिक्षकले सहजीकरण गरिदिनुहोस् ।

(ङ) पाठमा भएका प्रश्नका उत्तर पाठमा नै पहिचान गर्न लगाउनुहोस् र उत्तर लेख्न सहजीकरण

गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स.४९ र ५०को क्रियाकलाप ११ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

शिशिरको गाउँ

मेरो नाम शिशिर हो । मेरो गाउँ सिन्धुली जिल्लामा पर्छ । मेरो गाउँको नाम झागाझोली हो । यो गाउँ लेकको फेदीमा रहेको छ । यहाँको जमिन उबडखाबड किसिमको छ । माथितिर अग्ला पहाड छन् । तलतिर तरेली परेका साना साना खेतहरू छन् । बाटाहरू उकाला र ओराला छन् । तलतिर सुनकोसी बग्छ । माथितिर साना साना जङ्गल छन् । मेरो गाउँमा विभिन्न जातजातिका मानिस बस्छन् । कोही खेतीपाती गर्छन् । कोही जागिर खान्छन् । कोही घर बनाउँछन् । कोही बाटो खन्छन् । जस जसले जे जे गरे पनि सबै खुसी छन् । मेरो गाउँ एउटा घर जस्तै छ । मेरो समुदाय एउटा परिवार जस्तै छ ।

(क) शिशिरको गाउँ कहाँ छ ? ..........................................................................................

(ख) शिशिरको गाउँ कस्तो छ ? ..........................................................................................

(ग) शिशिरको गाउँमा को को के के गर्छन् ? ..............................................................................

(घ) शिशिरको समुदाय किन परिवार जस्तै छ ? ...........................................................................

## क्रियाकलाप १२



(क) विद्यार्थीलाई शब्दपत्तीहरूप्रदर्शन गर्नुहोस् र उच्चारण गर्न लगाउनुहोस् । ती शब्दका बारेमा प्रश्नोत्तर गरीवाक्यमा प्रयोग गर्न लगाउनुहोस् । प्रयोग भएका वाक्यका बारेमा पहिलेको, अहिलेको र पछि आउने समयका बारेमा छलफल गर्नुहोस् ।

(ख) विद्यार्थीलाई तालिका प्रदर्शन गर्नुहोस् र तालिकाका बारेमा छलफल गर्नुहोस् ।

| बितेको समय जनाउने | अहिलेको समय जनाउने | पछि आउने समय जनाउने |
|---|---|---|
| | | |

(ग) विद्यार्थीलाई शब्दपत्ती वितरण गर्नुहोस् र पालैपालो आफूले पाएको शब्दपत्तीमा भएको शब्द उच्चारण गरी तालिकाको मिल्ने कोठामा लेख्न लगाउनुहोस् ।

(घ) विद्यार्थीलाई पहिलेको, अहिलेको र पछि आउने समय बुझाउने गरी तीन समूहमा विभाजन गरेर शब्द दिई पहिचान गर्न लगाउन पनि सक्नुहुनेछ ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ५० को क्रियाकलाप १२ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

तलका शब्दहरू तालिकाका मिल्ने समूहमा भर्नुहोस् :

डुले, सुत्ने छ, खेल्छ, उठ्यो, बस्यो, रुने छ, हिँड्छ, लेख्ने छ, खान्छे, पढ्यो, जाने छौँ, भनिन्छ, चढ्छु, पायो, डुब्यो, देख्यौ, आयौँ, सुत्छ, जम्छ, गर्नुहुन्छ, बन्छु, गर्ने छ, उड्ने छ

| बितेको समय जनाउने | अहिलेको समय जनाउने | पछि आउने समय जनाउने |
|---|---|---|
| डुले | खेल्छ | सुत्ने छ |

## क्रियाकलाप १३ 

(क) विद्यार्थीलाई रमाइलो लागेको कथा सुनाउन लगाउनुहोस् ।

(ख) विद्यार्थीले सुनाएका मुख्य मुख्य बुँदा शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र बुँदालाई जोडेर कथा लेख्न सिकाउनुहोस् ।

(ग) विद्यार्थीलाई कथाका बुँदागत वाक्यपत्तीहरू पटक पटक पढेर सुनाउन लगाउनुहोस् ।

(घ) बुँदामा भएका वाक्यमा कर्ताअनुसार क्रियापद राखेर वाक्य पूरा गर्न लगाउनुहोस् ।

(ङ) विद्यार्थीलाई कथा लेखिएको नमुना चार्ट प्रदर्शन गरी सस्वरवाचन गरेर सुनाउनुहोस् । विद्यार्थीले बुँदाअनुसार लेखेको कथासँग तुलना गर्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ५० को क्रियाकलाप १३ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

तलका बुँदाका आधारमा कथा तयार पारी कापीमा लेख्नुहोस् र शीर्षक पनि दिनुहोस् :

- कुनै गाउँमा परेवाहरू बस्नु
- गाउँलेको बिस्कुन खाएर हैरान पार्नु
- एउटा गाउँलेलाई सारै रिस उठ्नु
- त्यो गाउँलेले परेवालाई जाल थाप्नु
- परेवामध्येको बुढो परेवाले त्यो देख्नु
- बुढो परेवाबाहेक अरू सबै जालमा पर्नु
- जालमा परेका परेवाहरू पछुताउँदै बुढो परेवालाई बचाइदिन अनुरोध गर्नु
- बुढो परेवाले मान्छेले जाल झिक्न लाग्दा मरे जस्तै गर्नु र जाल झिकेपछि सबै एकै पटक उड्नु भन्ने सल्लाह दिनु
- बुढो परेवाको सल्लाहबाट सबै परेवा बाँच्नु
- हामीले बुढापाकाको कुरा सुन्नु पर्ने

निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

(क) पढेर सुनाउनुहोस् :

सूर्यमुखी फूल सूर्य उदाउँदा सूर्यतिर फर्किन्छ । चन्द्रमुखीले सूर्यमुखी फूल टिप्छिन् । पूर्णिमाको दिन चन्द्रमाको पूर्ण रूप देखिन्छ । जनैपूर्णिमा, धान्यपूर्णिमा, फागुपूर्णिमा चाडपर्वका दिन हुन् । चाडपर्वमा समुदायका मानिसहरू मिलेर रमाइलो गर्छन् । पूर्णिमाको दिनमा चन्द्रमुखीले चन्द्रमाको पूजा गर्छिन् । पूजा गर्दा सूर्यमुखी फूल चढाउँछिन् । आफ्नो रीतिथितिअनुसार खाना खान्छिन् । छठ पर्व, ल्होसार, माघेसङ्क्रान्ति र इद पनि चाडपर्व हुन् । त्यसबेला मानिसहरू मन्दिर, गुम्बा, चैत्य र मस्जिद जान्छन् । सबै जना खुसी हुन्छन् । एकअर्कालाई शुभकामना दिन्छन् । यस्ता चाडपर्वले एकअर्काको सम्बन्धलाई बलियो बनाउँछन् ।

(ख) तलका शब्दको पहिलो वर्णका ठाउँमा दिइएका वर्ण राखेर नयाँ शब्द बनाउनुहोस् :

| ना | ब | सा | प | ढ् | प्र |
|---|---|---|---|---|---|

साङ्लो .................. तराजु ..................... माइलो .....................

चक्का .................... डुङ्गा.................... आदेश ....................

(ग) वाक्यमा प्रयोग गर्नुहोस् :

पिर्का : ..........................................................................................

गुन्द्री : ..........................................................................................

मान्द्रो : ..........................................................................................

(घ) मिल्ने चिह्न राखेर वाक्य लेख्नुहोस् :

| । | ! | “ | ” | , |
|---|---|---|---|---|

(अ) आहा कति सुन्दर इन्द्रेणी । ..................................................

(आ) आज आकाश गड्याङगुडुङ गर्दै छ ............................................

(इ) गुरुले भन्नुभयो विद्यालय ज्ञानको मन्दिर हो । ..................................

(ङ) पुलिङ्ग जनाउने वाक्यमा परिवर्तन गर्नुहोस् :

(अ) आमा घर आउनुभयो । ...........................................................

(आ) फुपूले कविता सुनाउनुभयो । ....................................................

(इ) बहिनी नाच्न थालिन् । ..............................................................

(च) पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

हामी स्वस्थ रहन ताजा खानेकुरा मात्र खानुपर्छ । हरिया सागसब्जी र समयअनुसारका फलफूलले शरीरलाई फाइदा गर्छ । ताजा र सफा खानेकुराले हाम्रो शरीर तन्दुरुस्त हुन्छ । शरीर तन्दुरुस्त भएपछि सबै काम गर्न सकिन्छ । खानेकुरा मात्र सफा भएर हुँदैन । खाना खानुअघि हात पनि धुनुपर्छ । हात नधोई खाना खायो भने पेट गड्याङगुडुङ गर्छ । हामीलाई झाडापखाला लाग्छ सक्छ । त्यसैले हामी सधैं सफा र स्वच्छ वातावरणमा रहनुपर्छ । स्वस्थ जीवन नै हाम्रो धन सम्पत्ति हो ।

(अ) हामीले कस्ता खालका खानेकुरा खानुपर्दछ ? ..................................................................
(आ) हरिया सागसब्जीअन्तर्गत के के पर्दछन् ? ....................................................................
(इ) शरीर तन्दुरुस्त भयो भने के के गर्न सकिन्छ ? ..................................................................
(ई) हामीले कस्तो खाना खानुपर्छ ? ...........................................................................................

(छ) चित्र हेरेर पाँच वाक्यमा वर्णन गर्नुहोस् :



१. .......................................................
२. .......................................................
३. .......................................................
४. .......................................................
५. .......................................................

शिक्षकको हस्ताक्षर : ............. अभिभावकको हस्ताक्षर : .............

# विषयक्षेत्र: मेरो विद्यालय

**कार्यघण्टा : १५**

## परिचय

**'मेरो विद्यालय'** मेरो नेपाली,My English, मेरो गणित र हाम्रो सेरोफेरो विषयभित्र बहुविषयक ढाँचामा एकीकृत गरिएको विषयक्षेत्र हो । विद्यालय घरपरिवार पछिको ज्ञान प्राप्त गर्ने दोस्रो स्थान हो । बालबालिकाले धेरै समय विद्यालयमा बिताउने हुनाले विद्यालयबाट धेरै कुरा सिक्न सक्छन् । विद्यालयको परिवेशमा विद्यालयको भवन, पाठ्यसामग्री, बगैँचा, खेलसामग्री, खेलमैदान, चमेना गृह, कक्षाकोठा, पुस्तकालय जस्ता क्षेत्र पर्दछन् । यस्ता सन्दर्भमा विद्यार्थीको भाषिक प्रयोगको आधार तथा क्षेत्र पृथक् रहन सक्छ । उक्त पृथक् क्षेत्रमा आधारित भई यस विषयक्षेत्रमा भाषा प्रयोग र सञ्चारका क्रममा विद्यार्थीले समान एवम् असमान संरचनायुक्त शब्दहरूका ध्वनि थप्न र झिक्न, दुई दृश्यात्मक अवस्थाको तुलना गरी मौखिक तथा लिखित वर्णन, विभिन्न दृश्यात्मक सूचना तथा सामग्रीको अर्थपूर्ण बुझाइ गरी प्रतिक्रिया, शीर्षक र पूर्वज्ञानका आधारमा पाठ पढ्न र त्यसका आधारमा स्वसिकाइको परीक्षण, पाठ पढेर वा सुनेर स्वमूल्याङ्कन, निर्धारित पाठका पात्र तथा शीर्षक परिवर्तन गरी वर्णन एवम् पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, विस्मयादिबोधक र उद्धरण प्रयोग गरी मौखिक तथा लिखित अभिव्यक्ति दिनलगायतका कार्यलाई समावेश गरिएको छ । यसका साथै यस विषयक्षेत्रमा विद्यार्थीको सिकाइलाई गुणस्तरीय र प्रभावकारी बनाउन सान्दर्भिक व्यवहारकुशल सिपको पहिचान र प्रयोग गर्न उत्प्रेरित गर्दै नयाँ परिस्थिति र सन्दर्भमा पहिले सिकेका ज्ञान तथा सिपलाई प्रयोग गर्न प्रेरित गरिएको छ ।

यस विषयक्षेत्रअन्तर्गत दुईओटा पाठ रहेका छन् । ती पाठमा हाउभाउ, गति, यति लय र शुद्धतासहित कविता पढ्ने, दृश्यवर्णन गर्ने, सरल तथा जोडेमोडेका वर्णयुक्त शब्दको पहिचान गरी उच्चारण गर्ने, दुई दृश्य अवस्थाको तुलना गरी मौखिक तथा लिखित वर्णन गर्ने, विद्यालयमा प्रयोग गरिने वस्तु जनाउने शब्दहरूको सूची बनाउने, निर्धारित पाठको पात्र तथा शीर्षक परिवर्तन गरी भन्ने र लेख्ने, वस्तु र चित्रका नाम भन्ने र लेख्ने, संयुक्त वर्णसंरचना भएका शब्दका सुरु र अन्त्यका वर्ण छुट्याएर र जोडेर पढ्ने तथा लेख्ने, द्रुत पठन गर्ने, निर्धारित पाठको सार भन्ने र लेख्ने, सूचनामूलक पाठ सुनी आफ्नै शब्दमा पुनर्कथन गर्ने, श्रव्यदृश्य सामग्रीको समीक्षा गर्ने, पाठगत प्रश्नोत्तर गर्ने, गति, यति र हाउभाउसहित अनुच्छेद पढ्ने, दोहोरो सञ्चार गर्ने, विषयवस्तु तथा लिङ्ग, वचन, पुरुष, आदर र काल मिलाई बोल्ने र लेख्ने, रुचिका विषयक्षेत्र वा शीर्षकमा आधारित भई स्वतन्त्र लेखन गर्ने जस्ता क्रियाकलाप निर्धारण गरिएका छन् । यी क्रियाकलाप सहजीकरणका क्रममा शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिका निर्वाह गर्नुपर्ने अपेक्षा गरिएको छ ।

विषयक्षेत्रको अन्त्यमा पाठ्यक्रममा आधारित भई ध्वनि सचेतीकरण, श्रव्य/दृश्यबोध, लेख्यवर्ण सचेतीकरण, शब्दभण्डार, पठन प्रवाह, पठनबोध, लेखाइ र कार्यमूलक व्याकरणसँग सम्बन्धित मूल्याङ्कन क्रियाकलापसमेत समावेश गरिएको छ । यी क्रियाकलापले  कक्षामा सहपाठीहरूले एकअर्काका कार्यको मूल्याङ्कन गर्ने, सँगै बसेर गरेका कार्यको मूल्याङ्कन गर्ने जस्ता प्रक्रियामा जोड दिँदै विद्यार्थीलाई सुधारात्मक सिकाइ प्रक्रियाद्वारा थप सिकाइको अवसर प्रदान गर्ने छ ।

## पाठ ७

### (क) सिकाइ सहजीकरण योजना

| क्र. स. | विषयवस्तु | व्यवहारकुशल सिप | अनुमानित घन्टी | पाठ्य तथाअ कार्यपुस्तकको सम्बन्धित पृष्ठसङ्ख्या |
|---|---|---|---|---|
| १. | शब्दका सुरुका ध्वनि थप्ने र भिक्ने | • प्रयोग सिप (S1.1)<br>• सहकार्य सिप (S3.2)<br>• दृश्य साक्षरता सिप (S4.3)<br>• सूचना साक्षरता सिप (S4.4) | ७ | ५३ देखि ५९ सम्म |

### (ख) सिकाइ क्रियाकलापका आधार

यस पाठको सिकाइ सहजीकरण गर्नुपूर्व निम्नानुसारको पूर्वतयारी गर्नुहोस् :

| पठन तत्व | क्रियाकलापको आधार | क्रियाकलापको सङ्केत र क्रम | सिकाइ सामग्री |
|---|---|---|---|
| ध्वनि सचेतीकरण | शिक्षकको पूर्ण सहयोग |  १ | १. पाठमा प्रयुक्त शब्दमा सुरुका ध्वनि थपेर र झिकेर बन्ने शब्दका शब्दपत्ती<br>(बखान, अजान, कहानी, विज्ञान, पुराना, बताइ, जीवन, हतास, सखाप, अँगालो, अटेर, अनदी, ककनी, बिजुली, कदर, कपाल, कबोल, कमान, कमेरो, करङ, कसार, कहिले, कागज, किनार, किराना, कुबेर)<br>२. पाठमा प्रयुक्त चित्र वा पोस्टर<br>३.'किताब' कविता चार्ट |
| लेख्यवर्ण सचेतीकरण | स्वयम् सिकाइ |  २ | १. शब्दको सुरुमा 'अ क कि' वर्ण आउने शब्दका शब्दपत्ती<br>(अबुझ, अटेर, अजान, अनदी, ककनी, कपाल, कबोल, कमान, किसान, किनार, किराना, किनारा) |
| दृश्यबोध | शिक्षकको आंशिक सहयोग |  ३ | १. पाठमा प्रयुक्त चित्र तथा पोस्टर |
| पठन प्रवाह | दौंतरी सिकाइ |  ४ | १.संवादचार्ट<br>२. पाठमा प्रयुक्त चित्रपत्ती |

| | | | |
|---|---|---|---|
| शब्दभण्डार | **दौँतरी सिकाइ** | ५ | १ पाठमा प्रयुक्त शब्दका शब्दपत्तीहरू<br>(अटेर, अचार, ककनी, कदर, कपाल, कबोल, कमान, कमेरो, करङ, कसार, कहिले, किनारा, किराना, कुमार, कुबेर, कुमारी कुमाल, कोपरा, कोपिला, कोमल, किताब, असार) |
| शब्दभण्डार | **स्वयम् सिकाइ** | ६ | १ पाठमा प्रयुक्त शब्द र अर्थपत्तीहरू<br>(ज्ञानी, लाम, खरी, नार, हल, काँधमा जुवा राखी जाताराले बाँध्ने काम, एक जोडा, असल मानिस, पङ्क्ति, धुलौटो आदिमा लेख्ने सेतो ढुङ्गा) |
| पठनबोध | **दौँतरी सिकाइ** | ७ | १ बिचको वर्ण थपेर र झिकेर बनेका शब्दका शब्दपत्तीहरू<br>(कुरा, किन, कता, सर, गर, कविता, किसान, सहर, कुखुरा, गएर)<br>२. बिचको वर्ण थपेर र झिकेर बनेका शब्द प्रयोग भएका अनुच्छेद चार्ट |
| पठनबोध | **शिक्षकको आंशिक सहयोग** | ८ | १. पाठमा प्रयुक्त चित्र तथा पोस्टर<br>२. बिचमा वर्ण थपेर र झिकेर बनेका शब्दका शब्दपत्तीहरू<br>(खबर - खर, गमला - गला, चोरेर - चोर, पाखुरा - पारा, चमेरो - चरो, खोजेर - खोर, भारत - भात, चाइना - चाना, कोरिया - कोया, जापान - जान)<br>३. 'विपना र विना' पाठ रेकर्ड गरेको डिभाइस |
| शब्दभण्डार | **दौँतरी सिकाइ** | ९ | १. पाठमा प्रयुक्त उल्टो अर्थ दिने र उस्तै अर्थ दिने शब्दका शब्दपत्तीहरू<br>उल्टो अर्थ दिने शब्द : बाहिर - भित्र, तल - माथि, अल्छी - जाँगरिलो, बाङ्गो - सिधा,<br>उस्तै अर्थ दिने शब्द : ईश्वर - भगवान्,ध्यान - एकाग्रता) |
| कार्यमूलक व्याकरण | **शिक्षकको पूर्ण सहयोग** | १० | १ प्रथम पुरुष एकवचन र बहुवचनका क्रियापद शब्दका शब्दपत्तीहरू<br>(म,हामी,खेल्छु, खेल्छौ, गर्छु, गर्छौं, खान्छु, खान्छौ, गाउँछु, गाउँछौ) |

| | | | |
|---|---|---|---|
| लेखाइ | **दौँतरी सिकाइ** | ११ | १.पाठमा प्रयुक्त संवादको अपूर्ण अनुच्छेद चार्ट<br>२.पाठमा प्रयुक्त संवादको पूर्ण अनुच्छेद चार्ट |
| पठनबोध | **शिक्षकको आंशिक सहयोग** | १२ | १. 'चतुरमान खुसी भए' पाठमा भएका सुरुका वर्ण झिकेर बन्ने शब्दका शब्दपत्तीहरू<br>(दोबाटो, दोकान, दैलेख, दुनोट, दलिन, दराज, थकाली, त्रिभुज, तिहार, तलास, तराजु, तबेला, टाकुरो, जोकर)<br>२. नमुना वाक्यपत्तीहरू |
| लेखाइ | **दौँतरी सिकाइ** | १३ | १. पाठमा प्रयुक्त शब्दका सूची<br>(बाहिर, सँग, त, बारेमा, लाई, नेर, तर्फ, निम्ति, तिर, अनुसार, बाहेक, लागि)<br>२ पाठमा प्रयुक्त शब्द प्रयोग भएको अनुच्छेद चार्ट |
| लेखाइ | **स्वयम् सिकाइ** | १४ | १. अनुच्छेद लेखिएको चार्ट<br>२. नमुना वाक्यपत्तहिरू |
| लेखाइ | **स्वयम् सिकाइ** | १५ | १. पाठमा प्रयुक्त घटनाका अनुच्छेद चार्ट |
| कार्यमूलक व्याकरण | **दौँतरी सिकाइ** | १६ | १. पाठमा प्रयुक्त शब्दका शब्दपत्ती<br>(कलमले, कोदालाले, कुचाले, डाडुले, पानीले, धेरै, थोरै, अलिअलि, राम्रोसँग, पखाल्छ, चलाउँछ, बढार्छ, खन्छ, लेख्छ, बिर्खबहादुर, मेघबहादुर, कृष्णबहादुर, कुलबहादुर, बद्रीबहादुर)<br>२. नमुना वाक्यपत्तीहरू |
| लेखाइ | **स्वयम् सिकाइ** | १७ | १. विद्यालयमा गरिने कामको सूची |

## (ग) सिकाइ क्रियाकलाप

**क्रियाकलाप १**

(क) शिक्षकले कक्षाका विद्यार्थीलाई अभिवादन गरी विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

(ख) विद्यार्थीलाई पाठमा प्रयुक्त चित्र वा पोस्टर प्रदर्शन गर्नुहोस् र चित्रमा भएका कुराहरू छलफल गरेर विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

(ग) पाठमा प्रयुक्त शब्दमा सुरुका ध्वनि थपेर र झिकेर बन्ने शब्दका शब्दपत्ती प्रदर्शन गर्नुहोस् र

उच्चारण गर्न लगाउनुहोस् । जस्तै : शब्दका सुरु ध्वनि झिक्ने शब्द (बखान, अजान, कहानी, विज्ञान)शब्दमा सुरु ध्वनि थप्ने शब्द (खान, जान, हानी, ज्ञान)

(घ) शब्दका अर्थगत बोधका लागि वाक्यमा प्रयोग गरेर भन्न लगाउनुहोस् ।

(ङ) विद्यार्थीलाई शब्दमा सुरुका ध्वनि थपेर र झिकेर बन्ने शब्दपत्ती दिनुहोस् र पालैपालो शब्दलाई उच्चारण गर्न लगाउनुहोस् ।

(च) 'किताब' कविता चार्ट प्रदर्शन गर्नुहोस् । कविता गति, यति, लय र हाउभाउसहित गाएर सुनाउनुहोस् । त्यसपछि विद्यार्थीसँगै गाउनुहोस् र लयबद्ध वाचनमा समस्या भएका विद्यार्थीलाई उपयुक्त चिह्न, सङ्केत र क्रियाकलापको उपयोग गरी थप सिकाइको अवसर प्रदान गर्नुहोस् । यस क्रममा क्रमिक सिकाइ रणनीति (शिक्षकले गरेर देखाउने, शिक्षक र विद्यार्थीले सँगसँगै गर्ने, विद्यार्थी विद्यार्थीसँगै अभ्यास गर्ने र विद्यार्थीलाई व्यक्तिगत रूपमा गर्न लगाउने) उपयोग गर्नुहोस् ।

**मूल्याङ्कन**

१. पाठ्यपुस्तकको पृ.स. ५३ को 'किताब' कवितागति, यति, लय हालेर सुनाउन लगाउनुहोस् ।

लय मिलाएर गाउनुहोस् :

किताब

- सिद्धिचरण श्रेष्ठ

किताब तिम्रो गुणको बखान
के गर्न सक्थेँ म छु है अजान
सधैँ नमानीकन कत्ति झर्को
दिन्छौ बताईकन ज्ञान अर्को ।

कथा कहानी इतिहास नाना
विज्ञान औ ज्ञान नयाँ पुराना
एकेक छर्लङ्ग गरी मलाई
सम्पूर्ण दिन्छौ तिमी नै बताई ।

साँच्चै तिमीभित्र सबै जनाको
तिम्रो छ दरबार सधैँ खुला त्यो
राखेर सत्ज्ञान ठुलो भकारी
बाँड्ने तिमी नै उपकार भारी ।

मनुष्यको जीवन मार्ग खास

देखाइदिन्छौ नबनी हतास

पढेर राम्रा बढिया किताब

म गर्छु अज्ञान सबै सखाप ।

२. शब्दपत्तीमा भएका शब्द 'किताब' कवितामा खोज्न लगाई ती शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् ।

## क्रियाकलाप २

(क) विद्यार्थीलाई शब्दको सुरुमा 'अ, क, कि' आउने शब्द के के हुन्छ होला ? तीन तीनओटा शब्द लेखेर भन्न लगाउनुहोस् ।

(ख) विद्यार्थीले भनेका शब्द शैक्षणिक पाटीमा लेखेर देखाउनुहोस् ।

(ग) शिक्षकले शब्दपत्ती प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई उच्चारण गर्न लगाउनुहोस् । उनीहरूले लेखेका र शिक्षकले प्रदर्शन गरेका शब्दलाई तुलना गर्न लगाउनुहोस् । आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ५३ कोक्रियाकलाप २ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।




वर्णमा शब्द जोडी कापीमा लेख्नुहोस् र पढ्नुहोस् :

## क्रियाकलाप ३

(क) विद्यालयमाखेलिने खेलका बारेमा छलफल गर्नुहोस् ।

(ख) विद्यार्थीलाई पाठमा प्रयुक्त चित्र तथा पोस्टर प्रदर्शन गरेर चित्रमा भएको कुरा अनुमान, पूर्वानुमान गरी वर्णन गर्न लगाउनुहोस् ।

(ग) चित्र वर्णन गर्दा विद्यालयसँग सम्बन्धित शब्दको प्रयोग गरी को, के, किन, कति, कस्तो, कसरी जस्ता प्रश्नका आधारमा चित्रका बारेमा भन्न लगाउनुहोस् । चित्रलाई विद्यालयको परिवेशसँग जोडेर तुलना गर्न लगाउनुहोस् ।

(घ) पाठमा प्रयोग भएका चित्रसँग मिल्दाजुल्दा वातावरण देखिने चित्र वा पोस्टर प्रदर्शन गरी सिकाइको थप अवसर प्रदानगर्नुहोस् । यस क्रममा शब्द चित्रपत्तीको प्रयोग गरी शब्दबोध गर्ने अवसर प्रदान गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ५४ को क्रियाकलाप ३ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

चित्र अवलोकन गरी तुलना गर्नुहोस् :






## क्रियाकलाप ४

(क) पाठमा प्रयुक्त चित्रपत्ती प्रदर्शन गरेर चित्रका बारेमा छलफल गर्नुहोस् । चित्रमा कति जना मानिस छन् ? तिनीहरू के के गर्दै छन् ? जस्ता विषयवस्तुमा विद्यार्थीसँग कुराकानी गर्नुहोस् ।

(ख) संवाद लेखिएको चार्ट प्रदर्शन गर्नुहोस् र संवादलाई नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् । सस्वरवाचन गर्दा शब्द, वाक्य र अनुच्छेद देखाउँदै आरोह अवरोह, गति, यतिलाई ध्यान दिनुहोस् ।

(ग) कक्षाका विद्यार्थीसँग मिलेर कुराकानीलाई सस्वरवाचन गरी सुनाउनुहोस् । यस क्रममा सम्भव भएसम्म श्रव्य सामग्री तथा मल्टिमिडियाको उपयोग गर्नुहोस् । मल्टिमिडियाको उपयोग गर्दाबालबालिकाको स्वरमा रेकर्ड गराई कक्षामा सुनाउनुहोस् ।

(घ) कुनै विद्यार्थीको सहयोग लिई कुराकानीलाई पपेटको माध्यमबाट अभिनयात्मक कथन पनि गर्नुहोस् । यसका लागि शिक्षकले थप नमुना पनि प्रदर्शन गर्नुहोस् ।

(ङ) विद्यार्थी विद्यार्थीको जोडी समूह बनाउनुहोस् र कुनै एक जोडीलाई नवीन र नलिना बनेर नमुनाका

रूपमा कुराकानी गर्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ५४ र ५५ कोक्रियाकलाप ४ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

पालैपालो पढ्नुहोस् :

(नवीन र नलिना कुर ाकानी गर्दै विद्यालयतिर गइर हे का छन् ।)

नवीन : ए नलिना ! के छ खबर ? हिजो को गृहकार्य गऱ्यौ ?

नलिना : खबर त ठिकै छ । गृहकार्य भने गर्न भ्याइनँ । म हिजो मामाघर गएँ । कापीकिताब लै जानै बिर्सेंछु ।

नवीन : आहा ! र माइलो भयो हो ला मामाघर मा । हो इन त ?

नलिना : र माइलो त भयो नि ! गृहकार्य गर्न भ्याइनँ । अब कक्षामा गएर गर्नुपर्ला ।

नवीन : त्यसो चाहिँ नगर । गुरु र गुरुआमालाई सबै कुर ा भन । आजको पाठ बुझ्न र पढ । भरे घर मा गई गृहकार्य गर न ।

नलिना : धन्यवाद, नवीन । सही जुक्ति सिकायौ तिमीले । म तिमीकहाँ नजाने को कुरा सिक्न आउँछु है ।

नवीन : भइहाल्छ नि । ल ल अब हामी चाँडो जाऔँ ।

(उनीहरू विद्यालयमा पुगे । दुवै छिटो छिटो कक्षातिर लागे ।)

## क्रियाकलाप ५

(क) विद्यार्थीलाई शब्दपत्ती प्रदर्शन गरी शब्दलाई उच्चारण गर्न लगाउनुहोस् । अर्थगत बोधका लागि वाक्यमा प्रयोग गरेर सुनाउनुहोस् ।

(ख) सबै विद्यार्थीलाई घेरामा राख्नुहोस् र शब्दपत्तीलाई छ्यासमिस गरेर एक एकओटा शब्दपत्ती विद्यार्थीलाई वितरण गर्नुहोस् ।

(ग) विद्यार्थीलाई आफूले पाएको शब्द उच्चारण गर्न लगाउनुहोस् र शब्दको पहिलो वर्ण मिल्ने शब्द भएका साथी खोजेर समूह बनाउन लगाउनुहोस् ।

(घ) समूहका विद्यार्थीसँग भएका शब्द पालैपालो उच्चारण गर्न लगाउनुहोस् ।

(ङ) खेलको अन्त्यमा शब्द समूहका बारेमा छलफल गर्नुहोस् ।

(च) शैक्षणिक पाटीमा वर्णतालिका बनाउनुहोस् रविद्यार्थीलाई आफूसँग भएको शब्दपत्ती तालिकामा टाँस्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ५५ को क्रियाकलाप ५ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

सुरुका वर्ण मिल्ने शब्दहरूका समूह बनाउनुहोस् :

अटेर, अचार, ककनी, कदर, कपाल, कबोल, कमान, कमेरो, करङ, कसार, कहिले, किनार, किराना, कुमार, कुबेर, कुमारी, कुमाल, कोपरा, कोपिला, कोमल, किताब, असार

| अ | क | कि | कु | को |
|---|---|---|---|---|
| अटेर | ककनी | किनार | कुमार | कोमल |

## क्रियाकलाप ६ 

(क) सर्वप्रथम ज्ञानी, लाम, खरी, नार र हल शब्दसँग सम्बन्धित चित्र प्रदर्शन गरी शब्द भन्न लगाउनुहोस् ।

(ख) विद्यार्थीलाई शब्दका शब्दपत्ती प्रदर्शन गरेर अर्थ भन्न लगाउनुहोस् । उनीहरूले भनेका अर्थ शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ग) शब्दको अर्थपत्ती प्रदर्शन गर्दै अर्थ पहिचान गर्न सहजीकरण गर्नुहोस् र विद्यार्थीले सुरुमा भनेका अर्थ मिले नमिलेको जानकारी दिनुहोस् ।

(घ) शब्दपत्ती प्रदर्शन गरेर अर्थगत बोधका लागि वाक्यमा प्रयोग गरेर भन्न लगाउनुहोस् ।

(ङ) शिक्षकले प्रदर्शन गरेको शब्दपत्तीसँग अर्थपत्ती पहिचान गरेर शब्द र अर्थ उच्चारण गर्ने अवसर प्रदान गर्नुहोस् । आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

(घ) शब्द र अर्थका पत्ती प्रयोग गरेर ‘सम्झना खेल’ खेलाउनुहोस् ।

### मूल्याङ्कन

पाठ्यपुस्तकको पृ.स. ५५ को क्रियाकलाप ६ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

शब्द र अर्थका बिचमा जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| ज्ञानी | काँधमा जुवा राखी जोताराले बाँध्ने काम |
| लाम | एक जोडा |
| खरी | असल मानिस |
| नार | पङ्क्ति |
| हल | धुलौटो आदिमा लेख्ने सेतो ढुङ्गा |

## क्रियाकलाप ७

(क) 'कमला र कला' पाठको अनुच्छेद चार्ट प्रदर्शन गरी विद्यार्थीलाई पालैपालो सस्वर पठन गर्न लगाउनुहोस् । सस्वर पठनमा समस्या भएका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

(ख) विद्यार्थीलाई शब्दपत्ती प्रदर्शन गरेर बिचको वर्ण झिकेर बन्ने शब्द भन्न लगाउनुहोस् । उनीहरूले भनेका शब्द शैक्षणिक पाटीमा लेख्नुहोस् ।

(ग) शब्दको बिचको वर्ण झिकेर बनेका शब्दका पत्ती प्रदर्शन गरीविद्यार्थीले भनेका शब्दसँग तुलना गरी मिले नमिलेको स्पष्ट पार्नुहोस् । जस्तै : कविता - कता, किसान - किन, कुखुरा - कुरा, काजल - काल, कमला - कला, सहर - सर, गएर - गर ।

(घ) शब्दपत्ती प्रदर्शन गरेर अर्थगत बोधका लागि वाक्यमा प्रयोग गरेर भन्न लगाउनुहोस् ।

(ङ) विद्यार्थीलाई बिचको वर्ण झिकेर बनेका शब्द प्रयोग भएका अनुच्छेद चार्टप्रदर्शनगरेर सिकाइको थप अवसर प्रदान गर्नुहोस् ।

### मूल्याङ्कन

पाठ्यपुस्तकको पृ.स. ५५ कोक्रियाकलाप ७ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

पढ्नुहोस् र दिइएका शब्दका बिचका वर्ण झिकेर नयाँ शब्द बनाउनुहोस् :

कमला र कला

आज कविता कता गइन् ? किसान हाम्रा घरमा किन आए ? कुखुराले के कुरा गऱ्यो ? काजललाई अनिकाल लाग्यो रे हो ? कमलाले कलालाई यस्ता प्रश्नहरू सोधिन् । कलाले भनिन्, 'यस्ता प्रश्न के मलाई गछ्र्यौ ? सहरमा गएर सरलाई सोध्ने गर न !

जस्तै : कमला : कला

कविता : ................ किसान : ................ कुखुरा : ................

काजल : ................ सहर : ................ गएर : ................

## क्रियाकलाप ८

(क) पाठमा प्रयुक्त चित्र प्रदर्शन गर्नुहोस् । चित्रमा के के भएको देखिन्छ, छलफल गर्नुहोस् ।

(ख) विद्यार्थीलाई पाठमा प्रयुक्त शब्दका शब्दपत्ती प्रदर्शन गरेर उच्चारण गर्न लगाउनुहोस् ।

(ग) वाक्यपत्ती प्रदर्शन गरी वाक्य निर्माण गर्न सहजीकरण गर्नुहोस् ।

(घ) 'विपना र विना' रेकर्ड गरिएको पाठ विद्यार्थीलाई सुनाउनुहोस् । विद्यार्थीले चित्र वर्णन गर्दा भनेका कुरा र मोबाइलमा सुनेका कुरा के के मिले,छलफल गर्नुहोस् ।

(ङ) शिक्षकले पाठ्यपुस्तकमा भएको 'विपना र विना' पाठ बिस्तारै सस्वरवाचन गरी सुनाउनुहोस् । त्यसपछि विद्यार्थीलाई पाठको अनुवाचन तथा सहवाचन गर्न लगाउनुहोस् ।यस क्रममा विद्यार्थीले उच्चारण गर्न नसकेका शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् । रेखाङ्कन गरेका शब्द जनाउने चित्र वा ठोस वस्तु प्रदर्शन गर्दै शब्द सँगसँगै उच्चारण गराउनुहोस् । राम्ररी उच्चारण गर्न नसकेसम्म अभ्यास गराउनुहोस्

(च) पाठमा प्रयुक्त प्रश्नका उत्तर भन्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ५६ को क्रियाकलाप ८ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

पढ्नुहोस र उत्तर भन्नुहोस् :

विपना र विना

विपना र विना विद्यालय जाँदै थिए । विनाले विपनालाई विद्यालयको खबर सुनाइन् । विद्यालयमा एउटा ठुलो गमला थियो । त्यो गमला हरायो रे । चोरले चोरेको पनि हुन सक्छ । चोरका पाखुरा पनि ठुला हुन सक्छन् । चोरले खुकुरी बोकेको पनि हुन सक्छ । चोरलाई समातेर प्रहरीमा बुझाउनुपर्छ । खोरमा परेपछि चोरले फेरि चोरी गर्ने छैन । बल्ल त्यसको चेत आउने छ । विनाको कुरा नसकिँदै उनीहरू विद्यालयमा पुगे । कक्षाकोठाको भित्तामा नक्साहरू थिए । भारत चीनका नक्सा पनि थिए । जापान र कोरियाका नक्सा पनि थिए । जनावर र चराका चित्र पनि थिए । फूलका चित्र पनि थिए । फूल देखेपछि उनीहरूले गमला सम्झिए । उनीहरू गमला राखेका ठाउँमा गए । गमला कान्लामुनि पल्टिएको थियो । लौ गमला त गोमाको गाईले पो ढलाएको रहेछ । एकछिनपछि प्रधानाध्यापक माइकबाट बोल्न थाल्नुभयो ।

'दाजुभाइ तथा दिदीबहिनीहरू ! विद्यालयको हातामा गाईवस्तु नछोडौँ । विद्यालयलाई शान्त, सफा र सुन्दर राख्न सहयोग गरौँ । धन्यवाद !

(क) विनाले विपनालाई कहाँको खबर सुनाइन् ?

(ख) कक्षाकोठाका भित्तामा के थिए ?

(ग) विनाले चोरलाई के गर्ने विचार गरिन् ?

(घ) गमला कसले चोरेछ ?

**क्रियाकलाप ९** 

(क) पाठमा प्रयुक्त शब्द प्रदर्शन गरेर विद्यार्थीलाई उच्चारण गर्न लगाउनुहोस् ।

(ख) शिक्षकले पाठमा प्रयुक्त वाक्य शैक्षिणिक पाटीमा लेख्नुहोस् र विद्यार्थीलाई पढ्न लगाउनुहोस् । विद्यार्थीसँग वाक्यका बारेमा प्रश्नोत्तर गर्नुहोस् । के यो वाक्य पूरा छ ? 'हिट एन्ड ट्रायल'

विधिबाट वाक्यमा उल्टो अर्थ दिने र उस्तै अर्थ दिने शब्द राखेर वाक्य पूरा गर्न लगाउनुहोस् ।

जस्तै : भित्रको उल्टो अर्थ दिने शब्द ............. हो । (तल, माथि, बाहिर)

भित्रको उल्टो अर्थ दिने शब्द तल हो । मिलेन

भित्रको उल्टो अर्थ दिने शब्द माथि हो । मिलेन

भित्रको उल्टो अर्थ दिने शब्द बाहिर हो । मिल्यो

(ग) वाक्य पूरा गर्न लगाउँदा विद्यार्थीलाई आफूले गरेको काममा विश्वसनीयता गर्न सक्ने सिपको विकास गराउनुहोस् ।

(घ) यस्तै किसिमका थप अभ्यास गराएर विद्यार्थीको शब्दभण्डार वृद्धि गराउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ५६को क्रियाकलाप ९ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

सही शब्द राखेर खाली ठाउँ भर्नुहोस् :

(क) 'भित्र' को उल्टो अर्थ दिने शब्द ............................... हो । (तल, माथि, बाहिर)

(ख) 'अल्छी' को उल्टो अर्थ दिने शब्द ............................ हो । (मूर्ख, जाँगरिलो, बाठो)

(ग) 'बाङ्गो' को उल्टो अर्थ दिने शब्द .......................... हो । (सिधा, छड्के, तेर्सो)

(घ) 'ईश्वर' को उस्तै अर्थ दिने शब्द ............................ हो । (भगवान्, मान्छे, राक्षस)

(ङ) 'ध्यान' को उस्तै अर्थ दिने शब्द .............................. हो । (एकाग्रता, जप, मन्त्र)

## क्रियाकलाप १० 

(क) विद्यार्थीलाई प्रथम पुरुष, एकवचन र बहुवचनका क्रियापद शब्द प्रयोग गरिएका वाक्यपत्ती प्रदर्शन गरी छलफल गर्नुहोस् ।

(ख) प्रथम पुरुष, एकवचन र बहुवचनका क्रियापद शब्दका शब्दपत्तीहरू प्रदर्शन गरेर वाक्यमा प्रयोग गर्न सहजीकरण गर्नुहोस् ।

(ग) विद्यार्थीलाई एक एकओटा शब्दपत्ती दिनुहोस् र ती शब्द हेरेर वाक्य निर्माण गर्न भन्नुहोस् ।

(घ) शिक्षकले प्रथम पुरुषीय एकवचनका नमुना वाक्य विद्यार्थीलाई सुनाउनुहोस् र उक्तवाक्यलाई बहुवचनमा रूपान्तरण गर्न लगाउनुहोस् ।

(ङ) एकवचनलाई बहुवचन र बहुवचनलाईएकवचनमा रूपान्तरण गर्ने अभ्यास गरेपछि विद्यार्थीहरूको समूह बनाउनुहोस् । त्यसपछि एउटा समूह र अर्को समूहबिच एकवचन र बहुवचनमा

वाक्य रूपान्तरण गर्ने अभ्यास गराउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ५७ को क्रियाकलाप १० का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

उदाहरणमा जस्तै गरी 'म' का ठाउँमा 'हामी' राखेर वाक्य बनाउनुहोस् :

| | |
|---|---|
| उदाहरण : म गीत गाउँछु । | हामी गीत गाउँछौँ । |
| (क) म फुटबल खेल्छु । | ............................................. |
| (ख) म सानालाई माया गर्छु । | ............................................. |
| (ग) म गीत गाउँछु । | ............................................. |
| (घ) म अरूलाई सहयोग गर्छु । | ............................................. |

## क्रियाकलाप ११



(क) विद्यार्थीको जोडी समूह बनाउनुहोस् । एक जना विद्यार्थीलाई गोठालो रअर्कोलाई बटुवाको भूमिकामा कुराकानी गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीलाई अपुरो संवादको चार्ट प्रदर्शन गर्नुहोस् । खाली ठाउँमा भर्नुपर्ने वाक्यपत्ती दिनुहोस् ।

(ग) उपयुक्त वाक्य छनोट गरी कुराकानी गरे नगरेको अवलोकन गर्नुहोस् । आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

(घ) कुराकानी पूरा भएको चार्ट प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई जोडी समूहमा सस्वरवाचन गर्न लगाउनुहोस् । सस्वरवाचन गर्दा शब्द र वाक्य देखाउँदै आरोह, अवरोह, गति र यतिलाई ध्यान दिन लगाउनुहोस् ।

(ङ) विद्यार्थीलाई खाली ठाउँमा मिल्ने वाक्य लेखेर कुराकानी पूरा गर्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ५७ को क्रियाकलाप ११ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

खाली ठाउँमा मिल्ने वाक्य लेख्नुहोस् :

चरालाई पनि कसैले थुनेर राख्छ त ? मलाई चराको माया लाग्छ । माया गर्नेले पनि थुनेर राख्छन् त ? अब म थुन्दिनँ ।

गोठालो : त्यो चरालाई पिँजडामा थुनेको थिएँ । खुरुक्क मलाई देऊ त ।

बटुवा : ...................................................................................................

गोठालो : नथुनेर के गर्नु ? उडेर भागिहाल्छ । खुरुक्क देऊ ।

बटुवा : ...................................................................................................

गोठालो : माया त मलाई पनि लाग्छ नि ।

बटुवा : ................................................................... तिमीलाई पनि थुनेर राख्यो भने नि ?

गोठालो : म त रुन्छु ।

बटुवा : अब कुरो बुझ्यौ । अर्कालाई थुन्नु हुन्छ त ?

गोठालो : बुझेँ । ..............................................। मैले गल्ती गरेँ ।

## क्रियाकलाप १२

(क) विद्यार्थीलाई पाठमा प्रयुक्त एउटै वर्णबाट बनेकाशब्दपत्तीहरूप्रदर्शन गर्नुहोस् र उच्चारण गर्न लगाउनुहोस् । जस्तै : चौतारो - चतुरमान - चमेरो - चुमानसिं - चकलेट - चामल ।

(ख) शिक्षकले पाठमा प्रयुक्त चित्र प्रदर्शन गर्दै 'चतुरमान खुसी भए' कथा वाचन गरेर सुनाउनुहोस् ।

(ग) कथा सुनाउँदा आरोह, अवरोह, गति, यति, हाउभाउ र वाचन कलालाई विशेष जोड दिनुहोस् तथा बिच बिचमा प्रश्नोत्तर गर्नुहोस् ।

(घ) विद्यार्थीलाई पालैपालो सस्वर पठन गर्न लगाउनुहोस् । सस्वर पठन गर्दा उच्चारणमा कठिन भएका शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् र शिक्षकले सहजीकरण गरिदिनुहोस् ।

(ङ) पाठमा भएका प्रश्नका उत्तर पाठमा नै पहिचान गर्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ५७ र ५८को क्रियाकलाप १२ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

### चतुरमान खुसी भए

एउटा चौतारो थियो । चौतारामा चतुरमान आए । चुमानसिंह आफ्ना साथीहरूसहित आए । चतुरमानले चमेरो देखे । चमेरो रुखका हाँगामा तुर्लङ्ग झुन्डिएको थियो । चतुरमानलाई दुःख लाग्यो । उनलाई चमेराको माया लाग्यो । उनले चुमानसिंहलाई 'चमेरालाई कसले झुन्ड्यायो भनेर सोधे । चुमानसिंह मुसुक्क हाँसे । चतुरमान झन् छक्क परे ।

उनी दोबाटाको दोकानमा दगुर्दै गए । त्यहाँ थकालीबा चकलेट, चामल, छोकडा र दुनोट बेच्दै थिए । थकालीबाले सोधे, "चतुरमान के छ खबर ? खरानीबारीतिरको खुसीको खबर खुसुक्क सुना न !"

चतुरमानले अँध्यारो मुख लगाए र भने, “थकालीबा ! चमेरो लगेर कसैले रुखमा झुन्डाइदिएछ !” थकालीबा छिटो छिटो आत्तिँदै चौतारातिर गए । चतुरमान पनि पछि पछि गए । चतुरमानले रिसाउँदै भने, “ए, यो चमेरालाई रुखमा कसले झुन्ड्यायो भनेको त थकालीबाले पो रहेछ !”

चुमानसिंह र थकालीबा मज्जाले हाँसे । थकालीबाले भने, “हेर चतुरमान ! त्यस चमेरालाई कसैले झुन्ड्याएको होइन । चमेरो रुखमा त्यसरी नै बस्छ ।' चतुरमानलाई विश्वास लागेन र हा..हा.. गर्दै कराए । चमेरो उड्यो । चमेरो उडेको देखेर चतुरमान खुसी भए ।

(क) चौतारामा सुरुमा को आयो ? ..............................................................................

(ख) चतुरमानलाई किन दुःख लाग्यो ?..........................................................................

(ग) थकालीबाले दोकानमा के के बेच्थे ? ......................................................................

(घ) चुमानसिं र थकालीबा किन हाँसे ? .........................................................................

(ङ) चमेरो रुखमा कसरी बस्दो रहेछ ? .........................................................................

## क्रियाकलाप १३ 

क) विद्यार्थीलाई पाठमा प्रयुक्त शब्द सूची प्रदर्शन गरेर शब्द उच्चारण गर्न लगाउनुहोस् । शब्द उच्चारणपश्चात् वाक्यमा प्रयोग गर्न सहजीकरण गर्नुहोस् ।

(ख) विद्यार्थीलाई अपुरो नमुना अनुच्छेद प्रदर्शन गर्नुहोस् ।

(ग) विद्यार्थीलाई डिका मिलाई राम्रा अक्षर बनाएर शुद्धसँग लेख्न सिकाउनुहोस् ।

(घ) खाली ठाउँमा क्रमैसँग मिल्दो शब्द राखेर वाक्य पूरा गर्न सहजीकरण गर्नुहोस् ।

(घ) अनुच्छेद पूरा भइसकेपछि सस्वर पठन गर्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ५८ कोक्रियाकलाप १३ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

खाली ठाउँमा क्रमैले शब्द राखेर कापीमा सार्नुहोस् :

बाहिर, सँग, त, बारेमा, लाई, नेर, तर्फ, निम्ति, तिर, अनुसार, बाहेक, लागि

डिङ्मा घर ................ निस्कन डराउँथिन् । उनी ...................... मिल्ने साथी कोही थिएनन् । डिङ्मा .................. धेरै सिपालु थिइन् । डिङ्माको कुराका ...................... कसैलाई थाहा थिएन । उनी ..................... कोही विश्वास गर्दैनथे । एक दिन डिङ्मा म ...................... आइन् । मेरो अनुहार ...................... हेरेर मुसुक्क हाँसिन् । उनले मेरा ...................... उपहार पनि ल्याएकी रहिछन् । उपहार म .................. बढाइन् । उनले भनिन्, “तिमीले भने ................ मैले काम गरेँ । मैले पाएको पुरस्कार तिम्रै हो । यसको जस तिमी कसैलाई जाँदैन । सहयोगका ...................... धन्यवाद ।”

## क्रियाकलाप १४

(क) विद्यार्थीलाई अनुच्छेद लेखिएको चार्ट प्रदर्शन गर्नुहोस् र गुञ्ज आवाजमा चार्टमा भएका वाक्य पढ्न लगाउनुहोस् ।

(ख) शैक्षणिक पाटीमा वर्ण, शब्द, डिका र लेख्य चिह्नलाई ख्याल गरी नमुना वाक्य लेखेर देखाउनुहोस् ।

(ग) विद्यार्थीलाई अनुच्छेद हेरेर कापीमा बान्की मिलाएर सफा र शुद्धसँग अनुच्छेद सार्न लगाउनुहोस् ।

(घ) अनुच्छेद लेखिसकेपछि साथी साथीबिच कापी साटेर परीक्षण गर्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ५९को क्रियाकलाप १४ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

जस्ताको त्यस्तै कापीमा सार्नुहोस् :

म किताब हुँ । म सबैलाई नयाँ नयाँ कुरा सिकाउँछु । कापी मेरो साथी हो । कापी एकातिर बस्छ । म अर्कातिर बस्छु । हामीलाई बन्द गरे हामी सुत्छौँ । कसैले खोले भने हामी खुसी हुन्छौँ । कलमले कापीमा सबैतिर लेख्न सक्छ । किताबले सबैतिर लेख्न दिँदैन । त्यही भएर कलम कापीसँग बस्छ । उसैसँग हाँस्छ र खेल्छ । पढ्ने र लेख्ने बेलामा मलाई सँगै राख्छन् । मेरा कुरा लैजान्छन् । म तिनीहरूलाई ज्ञान दिन्छु तर मेरो ज्ञान घट्दैन । सबैलाई ज्ञान दिन पाउँदा म धेरै खुसी हुन्छु ।

## क्रियाकलाप १५

(क) विद्यार्थीलाई पाठमा प्रयुक्त घटनाका अनुच्छेद चार्ट प्रदर्शन गरी विद्यार्थीलाई सस्वरवाचन गरेर सुनाउनुहोस् ।

(ख) अनुच्छेद वाचनपश्चात् घटनाक्रमको अन्त्यमा के भयो होला ? के हुन्थ्यो होला ? तपाईं भए के गर्नुहुन्थ्यो होला ? जस्ता प्रश्नमा छलफल गरेर विद्यार्थीको विचारलाई घटनासँगै जोडेर विषयवस्तुलाई विस्तार गर्नुहोस् ।

(ग) विद्यार्थीले घटनाक्रमका बारेमा दिइएका तर्कलाई क्रमैसँग शैक्षणिक पाटीमा लेखेर छलफल गर्नुहोस् ।

(घ) विद्यार्थीलाई समूहमा राख्नुहोस् र अनुच्छेद चार्टमा लेखिएको घटनाका बारेमा साना साना समूहमा छलफल गर्न लगाउनुहोस् ।

(ङ) छलफलको निष्कर्षलाई कापीमा लेख्न लगाउनुहोस् । प्रत्येक समूहको छलफलको निष्कर्ष सुन्नुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ५९ क्रियाकलाप १५ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

विनोद कसरी घर फर्किएलान्, तलको अनुच्छेद पढी कापीमा लेख्नुहोस् :

विनोद तीन कक्षामा पढ्छन् । एक दिन उनी आमाबुबासँग जात्रा हेर्न बजार गए । बजारमा भिडभाड थियो । विनोद जात्रामा हराए । उनले आमाबुबालाई यताउति खोजे तर भेटेनन् ।

## क्रियाकलाप १६

(क) विद्यार्थीलाई शब्द समूह छुट्याउने तालिका प्रदर्शन गरी छलफल गर्नुहोस् ।

(ख) तालिकामा भएका प्रत्येक शब्दलाई जोडेर वाक्य बनाउन सिकाउनुहोस् ।

(ग) विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् र शब्दपत्तीलाई समूहको बिचमा छ्यासमिस गरेर राख्नुहोस् ।

(घ) नमुना वाक्य प्रदर्शन गर्नुहोस् रशब्दपत्ती खोजेर वाक्य निर्माण गर्न लगाउनुहोस् ।

जस्तै : बिर्खबहादुर कोदालाले धेरै खन्छन् ।

(ङ) विद्यार्थी समूहले तयार गरेका वाक्यलाई कापीमा लेख्न लगाउनुहोस् र समूह समूहबिच परीक्षण गर्न लगाउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ५९ क्रियाकलाप १६ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

तालिकाबाट पाँचओटा मिल्ने वाक्य बनाई कापीमा लेख्नुहोस् :

| | | | |
|---|---|---|---|
| बिर्खबहादुर | कोदालाले | धेरै | बढार्छन् । |
| मेघबहादुर | कलमले | थोरै | खन्छन् । |
| कृष्णबहादुर | कुचाले | अलिअलि | लेख्छन् । |
| कुलबहादुर | डाडुले | राम्रोसँग | पखाल्छन् । |
| बद्रीबहादुर | पानीले | सफासँग | चलाउँछन् । |

## क्रियाकलाप १७

(क) विद्यार्थीसँग विद्यालयमा कामका बारेमा छलफल गर्नुहोस् ।

(ख) विद्यालयमा गरिने कामको सूची प्रदर्शन गर्नुहोस्, ती काममध्ये विद्यार्थीले साथी साथी मिलेरगर्नुपर्ने कामबारे छलफल गर्नुहोस् ।

(ग) विद्यार्थीलाई दुई दुई जनाको समूहमा विभाजन गर्नुहोस् ।छलफल गरेर विद्यालयमा साथी साथी मिलेर गर्नुपर्ने कुनै दशओटा कामको सूची तयार गर्न लगाउनुहोस् ।

(घ) विद्यार्थीले तयार पारेका कामको सूचीलाई प्रदर्शन पाटीमा टाँस्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ५९को क्रियाकलाप १७ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

विद्यालयमा साथी साथी मिलेर गर्नुपर्ने कुनै दशओटा काम कापीमा लेखी शिक्षकलाई देखाउनुहोस् ।

# पाठ ८

## (क) सिकाइ सहजीकरण योजना


| क्र. स. | विषयवस्तु | व्यवहारकुशल सिप | अनुमानित घन्टी | पाठ्य तथा कार्यपुस्तकको सम्बन्धित पृष्ठसङ्ख्या |
|---|---|---|---|---|
| १. | शब्दका सुरु र मध्यकाध्वनि थप्ने र भिक्ने | • प्रयोग सिप (S1.1)<br>• सहकार्य सिप (S3.2)<br>• दृश्य साक्षरता सिप (S4.3)<br>• सूचना साक्षरता सिप (S4.4) | ७ | ६० देखि ७० |
| २. | विषयक्षेत्रगत मूल्याङ्कन | | १ | ७१ र ७२ |

## (ख) सिकाइ क्रियाकलापका आधार

यस पाठको सिकाइ सहजीकरण गर्नुपूर्व निम्नानुसारको पूर्वतयारी गर्नुहोस् :

| पठन तत्त्व | क्रियाकलापको आधार | क्रियाकलापको सङ्केत र क्रम | सिकाइ सामग्री |
|---|---|---|---|
| ध्वनि सचेतीकरण | शिक्षकको पूर्ण सहयोग |  १ | १. पाठमा प्रयुक्त दुईओटा शब्द मिलेर बनेका शब्दपत्तीहरू<br>(कालोपाटी, सेतोपाटी, आमाबुबा, कक्षाकार्य, गृहकार्य, सीताराम, साथीभाई)<br>२. पाठमा प्रयुक्त चित्र वा पोस्टर<br>३. 'हिजो र आज' कविता चार्ट |
| दृश्यबोध | शिक्षकको आंशिक सहयोग |  २ | १. पाठमा प्रयुक्त चित्र तथा पोस्टर |
| लेख्यवर्ण सचेतीकरण | स्वयम् सिकाइ |  ३ | १ पाठमा प्रयुक्त शब्दका शब्दपत्तीहरू<br>(छनोट, चौतारा, चोकर, चुमान, चुकुल, चिनारी, जेठान, जापान, जमल, जबाफ, जगेडा, छोकडा) |
| शब्दभण्डार | दौँतरी सिकाइ |  ४ | १. विपरीतार्थकशब्दका शब्दपत्ती<br>(चाँडै, ढिलो, नजिक, टाढा, अग्लो, होचो, हिलो, सुक्खा) |
| कार्यमूलक व्याकरण | शिक्षकको आंशिक |  ५ | १. पाठमा प्रयुक्त शब्दका शब्दपत्तीहरू<br>(हिड्यो, लेख्यो, सुत्यो, बस्यो, नाच्यो, पढ्यो, सुन्यो) |

| | | | |
|---|---|---|---|
| | सहयोग | | |
| शब्दभण्डार | शिक्षकको आंशिक सहयोग | ६ | १. पाठमा प्रयुक्त शब्दका शब्दपत्तीहरू (जनता, जतन, छोकडा, छहारी, छाउरो, चोकर, चुरोट, झारल, जोकर, जुलुस, जापान, जाउलो, जमरा, दुभिलो, थकाली, तिहार, तमोर, तबेला, ठेउलो) |
| बोध | दौँतरी सिकाइ | ७ | १. पाठमा आधारित वा कुनै घटनाको अनुच्छेद चार्ट<br>२. लेख्य चिह्न प्रयोग भएका नमुना वाक्यपत्तीहरू |
| शब्दभण्डार | शिक्षकको पूर्ण सहयोग | ८ | १. शब्दजालमा भएकाराष्ट्रिय निकुञ्जको नाम (सगरमाथा, खप्तड, शेफोक्सुण्डो, बर्दिया, चितवन, बाँके, लामटाङ) |
| कार्यमूलक व्याकरण | स्वयम् सिकाइ | ९ | १ पाठमा प्रयुक्त स्त्रीलिङ्ग, एकवचन र बहुबचन जनाउने शब्दका शब्दपत्तीहरू<br>(एक्लो - एक्ली - एक्ला, राम्रो - राम्री - राम्रा, कालो - काली - काला, निलो - निली - निला, फुर्तिलो - फुर्तिली - फुर्तिला, पहेँलो - पहेँली - पहेँला) |
| शब्दभण्डार | शिक्षकको आंशिक सहयोग | १० | १. पाठमा प्रयुक्त प्रचलित शब्द र ती शब्दका पहिलो वर्ण परिवर्तन गरेर बन्ने नयाँ शब्दका शब्दपत्तीहरू (कपाल - नेपाल, खरानी - सिरानी, चुकुल - सुकुल, असिना - पसिना, कमला - अमला, चामल - सामल, शङ्ख - पङ्ख, चटक - पटक, डोको - धोको, सल्कियो - पल्कियो) |
| पठनबोध | शिक्षकको आंशिक सहयोग | ११ | १. पाठमा प्रयुक्त चित्र तथा पोस्टर<br>२. 'दलमानको परियोजना कार्य' रेकर्ड गरेको डिभाइस |
| लेखाइ | शिक्षकको आंशिक सहयोग | १२ | १.नमुना शुभकामना कार्डहरू<br>२. विद्यार्थी सङ्ख्याअनुसार फोटोकपि पेपर<br>३. मैनकलर, पेन्सिल, इरेजर र स्केल, सानो साइनपेन |
| कार्यमूलक व्याकरण | शिक्षकको आंशिक सहयोग | १३ | १.अर्थगत वाक्य संरचना भएको वाक्यपत्ती |
| पठनबोध | दौँतरी सिकाइ | १४ | १. 'बिदाको भ्रमण' पाठमा प्रयुक्त शब्दपत्तीहरू (गृहकार्य, फेवाताल, नाम्चेबजार, सगरमाथा, |

| | | | |
|---|---|---|---|
| | | | राराताल, भेडेटार, जनकपुर)<br>२. नमुना वाक्यपत्तीहरू |
| शब्दभण्डार | **दौँतरी सिकाइ** |  १५ | १. कोठेपद चार्ट<br>२. शब्दपत्तीहरू (कास्की, रोल्पा, गाई, बाखा, हात्ती, जेब्रा, गौँथली, पर्वत, भेडा, रौतहट, तनहुँ, ढुकुर, घोडा, गुल्मी, बाघ) |
| पठनबोध | **शिक्षकको पूर्ण सहयोग** |  १६ | १. 'शिक्षा र उनका बुबा' पाठको चित्रपत्ती<br>२. 'शिक्षा र उनका बुबा' पाठमा प्रयुक्त शब्दपत्तीहरू(रामलखन, गोलभेडा, खेतबारी)<br>३. नमुना वाक्यपत्तीहरू |
| लेखाइ | **दौँतरी सिकाइ** |  १७ | १. पाठमा प्रयुक्त अपुरो संवाद चार्ट<br>२. वाक्यपत्तीहरू |
| पठनबोध | **शिक्षकको आंशिक सहयोग** |  १८ | १.'हाम्रो विद्यालय' पाठमा प्रयुक्त चित्रपत्ती<br>२. दुईओटा शब्द मिलेर बनेका शब्दका शब्दपत्तीहरू (प्रधानाध्यापक, कक्षाकोठा, पुस्तकालय) |
| लेखाइ | **स्वयम् सिकाइ** |  १९ | १. विद्यालयको बारेमा निर्देशित लेखनका लागि चाहिने विवरणको सूची<br>आफ्नो नाम :<br>कक्षा :<br>विद्यालयको नाम :<br>विद्यालय आउने समय :<br>प्रार्थना सभा :<br>कक्षामा गरिने क्रियाकलाप :<br>पढाउने शिक्षकको नाम :<br>खेल खेलाउने शिक्षकको नाम :<br>विद्यालयको वातावरण :<br>विद्यालयबाट घर फर्कने समय :<br>२.आफ्नो विद्यालयका बारेका लेखिएको अनुच्छेद चार्ट |
| लेखाइ | **स्वयम् सिकाइ** |  २० | १. कक्षाकोठामा प्रयोग हुने सामानको सूची जस्तै : सेतोपाटी, चक, मार्कर, डस्टर, डेक्स, बेन्च, बाल्टिन, कुचो) |
| **विषयक्षेत्रगत मूल्याङ्कन** | |  | पाठ्यपुस्तक |

## (ग) सिकाइ क्रियाकलाप

**क्रियाकलाप १**

(क) शिक्षकले कक्षाका विद्यार्थीलाई अभिवादन गरी विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

(ख) पाठमा प्रयुक्त चित्र वा पोस्टर प्रदर्शन गर्नुहोस् र चित्रमा भएका कुराका बारेमा छलफल गर्नुहोस् ।

(ग) दुईओटा शब्द मिलेर बनेका शब्दका शब्दपत्तीहरू प्रदर्शन गर्नुहोस् र उच्चारण गर्न लगाउनुहोस् ।

(घ) शब्दका अर्थगत बोधका लागि वाक्यमा प्रयोग गरेर सुनाउन लगाउनुहोस् ।

(ङ) 'हिजो र आज' कविता चार्ट प्रदर्शन गर्नुहोस र कविता गति, यति, लय र हाउभाउसहित गाएर सुनाउनुहोस् । त्यसपछि विद्यार्थीसँगै गाउनुहोस् र लयबद्ध वाचनमा समस्या भएका विद्यार्थीलाई उपयुक्त चिह्न, सङ्केत र क्रियाको उपयोग गरी थप सिकाइको अवसर प्रदान गर्नुहोस् । यस क्रममा क्रमिक सिकाइ रणनीति (शिक्षकले गरेर देखाउने, शिक्षक र विद्यार्थीले सँगसँगै गर्ने, विद्यार्थी विद्यार्थीसँगै अभ्यास गर्ने र विद्यार्थीलाई व्यक्तिगत रूपमा गर्न लगाउने) उपयोग गर्नुहोस् ।

**मूल्याङ्कन**

१. पाठ्यपुस्तकको पृ.स.६० को 'हिजो र आज' कवितागति, यति, लय हालेर सुनाउन लगाउनुहोस् ।

लय मिलाएर गाउनुहोस् :

हिजो र आज

बुबा पढ्ने समयमा थियो कालोपाटी
हामी पढ्दा त्यही ठाउँमा आयो सेतोपाटी
आमाबुबा पढ्नुहुन्थ्यो बोरा ओछ्याएर
राम्रो ठाउँमा बस्छौँ पढ्छौँ हामी रमाएर ।
कक्षाकार्य जति सबै कक्षाभित्रै सक्छौँ
गृहकार्य रमाई रमाई घर गई गर्छौँ
वादविवाद चल्छ कहिले कहिले छलफल
कहिले सिक्छौँ भागफल कहिले योगफल ।
सीताराम एउटा साथी गीता अर्की साथी
साथीभाइ राम्रा भए पुग्छौँ हामी माथि
गुरुमाले देखाउनुभो देशको मानचित्र
मैले चाहिँ देशको चित्र भेटेँ आफैँभित्र ।

२. शब्दपत्तीमा भएका शब्द 'हिजो र आज' कवितामा खोज्न लगाई ती शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् ।

## क्रियाकलाप २

(क) विद्यार्थीलाई पाठमा प्रयुक्त चित्र तथा पोस्टर प्रदर्शन गरेर चित्रमा भएको कुरा अनुमान, पूर्वानुमान गरी वर्णन गर्न लगाउनुहोस् ।

(ख) चित्र वर्णनका क्रममा विद्यालयमा गरिने क्रियाकलापको बारेमासम्बन्धित भएर को, के, किन, कति, कस्तो, कसरी जस्ता प्रश्नमा केन्द्रितहुन सिकाउनुहोस् ।

(ग) पाठमा प्रयोग भएको चित्रसँग मिल्दोजुल्दोवातावरण देखिने चित्र वा पोस्टर प्रदर्शन गरी सिकाइको थप अवसर प्रदानगर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ६० को क्रियाकलाप २ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

चित्र हेरेर वर्णन गर्नुहोस् :



## क्रियाकलाप ३

(क) शिक्षकले तयार गर्नुभएको शब्दपत्तीहरूप्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई शब्द उच्चारण गर्न लगाउनुहोस् । शब्द उच्चारणमा कठिनाइ हुने विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

(ख) शब्दलाई शैक्षणिक पाटीमा टाँसेर अर्थगत बोधका लागि मौखिक रूपमा वाक्यमा प्रयोग गर्न लगाइ अर्थ स्पष्ट गराउनुहोस् ।

(ग) शिक्षकले प्रदर्शन गरेको शब्दपत्ती पढेर जस्ताको तस्तै शब्दलाई कापीमा लेख्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ६१ को क्रियाकलाप ३ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

पढ्नुहोस् र लेख्नुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| छनोट | चौतारो | चोकर | चुमान | चुकुल | चिनारी |
| .............. | .............. | .............. | .............. | .............. | .............. |
| जेठान | जापान | जमल | जवाफ | जगेडा | छोकडा |
| .............. | .............. | ............... | .............. | .............. | .............. |

## क्रियाकलाप ४ 

(क) विद्यार्थीलाई पाठमा प्रयोग भएका चाँडो, ढिलो, नजिक, टाढा, अग्लो, होचो, हिलो, सुक्खा जस्ता शब्दका उल्टो अर्थ बुझाउने शब्दपत्ती प्रदर्शन गर्नुहोस् र उच्चारण गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीलाई वाक्यपत्ती क्रमैसँग प्रदर्शन गर्नुहोस्र पढ्न लगाउनुहोस् ।

(ग) पालैपालो विद्यार्थीलाई थप अभ्यास गर्न लगाएर सिकाइको थप अवसर प्रदर्शन गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ६१ को क्रियाकलाप ४ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

रातो रङमा लेखिएका शब्दहरू पढेर साथीलाई सुनाउनुहोस् :

| | |
|---|---|
| (क) म बिहान चाँडै उठ्छु । | भाइ ढिलोसम्म सुत्छ । |
| (ख) राममाया नजिक आउँछे । | जमुना टाढा जान्छे । |
| (ग) काकाको घरमा धारो अग्लो छ । | हाम्रो घरमा धारो होचो छ । |
| (घ) हिजो बाटो हिलो थियो । | अस्ति खेत सुक्खा थियो । |

## क्रियाकलाप ५ 

(क) विद्यार्थीलाई क्रियापदयुक्त शब्दपत्ती प्रदर्शन गरी उच्चारण गर्न लगाउनुहोस् ।

(ख) क्रियापदपलाई धातु र प्रत्ययका आधारमा छुट्याएर छलफल गर्न लगाउनुहोस् ।

(ग) विद्यार्थीलाई क्रियापदको संरचना बारे आवश्यक सहजीकरण गर्नुहोस् । जस्तै : हिँड्यो : हिँड् +यो = हिँड्यो, खन्यो : खन् +यो = खन्यो, सुत् +यो = सुत्यो आदि ।

(घ) विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् । एक समूहलाई क्रियापद प्रयुक्त शब्दपत्ती दिनुहोस्र अर्को समूहलाई शैक्षणिक पाटीमा धातु र प्रत्यय लेख्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ६१ को क्रियाकलाप ५ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

उदाहरणमा जस्तै छुट्याएर लेख्नुहोस् :

| | |
|---|---|
| हिँड्यो : हिँड् + यो | बस्यो : बस् + यो |
| लेख्यो : ................ + ................ | नाच्यो : ................ + ................ |
| सुत्यो : ................ + ................ | पढ्यो : ................ + ................ |
| गऱ्यो : ................ + ................ | सुन्यो : ................ + ................ |

## क्रियाकलाप ६

(क) विद्यार्थीलाई शब्द खेल खेल्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् ।

(ख) एक समूहलाई शब्दपत्ती दिनुहोस् । अर्को समूहलाई शब्दका बिचको वर्ण झिकेर शब्द भन्न लगाउनुहोस् । विद्यार्थीले उपयुक्त किसिमले खेल खेले नखेलेको अवलोकन गर्नुहोस् ।

(ग) विद्यार्थीलाई तीन अक्षरका शब्दपत्ती प्रदर्शन गर्नुहोस् र उच्चारण गर्न लगाउनुहोस् । त्यसपछि बिचको वर्ण झिक्दा बनेको शब्द उच्चारण गर्न लगाउनुहोस् ।

(घ) विद्यार्थीलाई एक एकओटा शब्दपत्ती वितरण गर्नुहोस् र आफूले पाएको शब्द र ती शब्दको बिचको शब्द झिकेर बन्ने नयाँ शब्द लेखेर देखाउन लगाउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ६१ को क्रियाकलाप ६ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

बिचको वर्ण झिकेर नयाँ शब्द बनाउनुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| जनता | जतन | छोकडा | छहारी | छाउरो | चोकर |
| ............. | ............. | ............. | ............. | ............. | ............. |
| झारल | जोकर | जुलुस | किसान | जाउलो | जमरा |
| ............. | ............. | ............. | ............. | ............. | ............. |
| दुधिलो | थकाली | तिहार | तमोर | तबेला | ठेउला |
| ............. | ............. | ............. | ............. | ............. | ............. |

## क्रियाकलाप ७

(क) विद्यार्थीलाई कुनै घटनाक्रमका अनुच्छेद चार्ट प्रदर्शन गरी सस्वरवाचन गरेर सुनाउनुहोस् ।

(ख) शिक्षकले वाचन गरेको अनुच्छेद ध्यानपूर्वक सुनेर घटनाको अन्त्यमा के भयो होला ? के हुन्थ्यो होला ?तपाईं भए के गर्नुहुन्थ्यो होला ? जस्ता प्रश्न गरेर विद्यार्थीको विचारलाई घटनासँग जोडेर

कथावस्तुलाई विस्तार गर्नुहोस् ।

(ग) विद्यार्थीले भनेका मुख्य मुख्यतर्क/घटनालाई शैक्षणिक पाटीमा लेखेर छलफल गर्नुहोस् ।

(घ) पूर्णविराम, अल्पविराम, प्रश्नवाचक र उद्धरण चिह्नप्रयोग भएका नमुना वाक्यपत्ती प्रदर्शन गरेर लेख्य चिह्नको प्रयोगअनुसार वाक्य उच्चारण आरोह, अवरोह रध्वनि प्रवाहको बारेमा विद्यार्थीसँग छलफल गर्नुहोस् । नमुना वाक्य उच्चारण गरेर स्पष्ट पार्नुहोस् ।

(ङ) विद्यार्थीलाई अनुच्छेदका आधारमा पालैपालो आआफ्ना तर्क सुनाउन लगाउनुहोस् । यस क्रममा आवश्यकता पहिचान गरी सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ६२ को क्रियाकलाप ७ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

तपाईं भएको भए चोरलाई के गर्नुहुन्थ्यो, भन्नुहोस् :

एक पटक एक जना किसानको गोरु हरायो । उसले पल्लो गाउँमा आफ्नो गोरु भएको थाहा पायो । कसले चोरेको हो ? त्यो भने थाहा पाउन सकेन । त्यसैले ऊ पल्लो गाउँमा गयो । ऊ फुर्तीसाथ चिच्याउन थाल्यो, “मेरो गोरु कसले चोरेको हो, तुरुन्त ल्याऊ । होइन भने ...... ।” उसले फेरि थप्यो, “गोरु हराउँदा मेरो बुबाले जे गर्नुभएको थियो म त्यही गर्ने छु ।”

उसको यो भनाइ गोरु चोरले पनि सुन्यो । के पो गर्ने हो भन्ने सोचेर गोरु चोर डरायो । त्यसैले चोरले गोरु ल्यायो । उसले गोरु मालिकलाई भन्यो, “ल तिम्रो गोरु लैजाऊ । एउटा कुरा भनौं, तिम्रो बुबाले गोरु हराउँदा के गर्नुभएको थियो ?”

“गोरु नभेटिएर अर्को गोरु किन्नुभएको थियो । तिमीले मलाई गोरु दियौ । मैले तिमीलाई माफ गरिदिएँ ।” गोरु मालिकले जवाफ दियो ।

चोरलाई लाज लाग्यो । गोरु मालिकको कुरा सुनेर चोर कालोनिलो भयो ।

## क्रियाकलाप ८



(क) विद्यार्थीलाई कोठेपद चार्ट प्रदर्शन गर्नुहोस्र चार्टमा प्रयोग भएका वर्णलाई पालैपालो भन्न लगाउनुहोस् ।

(ख) विद्यार्थीलाई कोठेपद चार्टबाट राष्ट्रिय निकुञ्जका नाम भन्न लगाउनुहोस् । उनीहरूले भनेका राष्ट्रिय निकुञ्जका नाम शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ग) विद्यार्थीलाई कोठेपदबाट राष्ट्रिय निकुञ्जका नाम कापीमा लेख्न लगाउनुहोस् ।

(घ) विद्यार्थीलाई राष्ट्रिय निकुञ्जका नाम उच्चारण गर्न लगाउनुहोस् ।

(ङ) विद्यार्थीलाई कुनै राष्ट्रिय निकुञ्जसम्बन्धी वृत्तचित्र प्रदर्शन गर्नुहोस् । उनीहरूलाई थाहा भएका कुनै राष्ट्रिय निकुञ्जका बारेमा सुनाउने अवसर दिनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ६२ को क्रियाकलाप ८ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

राष्ट्रिय निकुञ्जका नाम चिनेर कापीमा लेख्नुहोस् :

| | | | | |
|---|---|---|---|---|
| स | न | ब | र्दि | या |
| ग | ख | प | च | ब |
| र | प्त | ज | प | शे |
| मा | ड | म | थ | फो |
| था | व | रु | ण | क्सु |
| चि | त | व | न | न्डो |
| बाँ | ला | म | टा | ङ |
| के | श | प | उ | म |

क्रियाकलाप ९ 

(क) कक्षाका छात्र र छात्रा विद्यार्थीलाई आधार मानी छलफल गराउँदै लिङ्ग पहिचान गराउनुहोस् ।

(ख) कक्षाका विद्यार्थी वा सामग्रीलाई आधार मानी वचन पहिचान गराउनुहोस् ।

(ग) पाठमा प्रयुक्त स्त्रीलिङ्ग जनाउने एकवचन र बहुवचन शब्दका शब्दपत्ती प्रयोग गरेर शब्दका रूप परिवर्तनका बारेमा छलफल गर्नुहोस् ।

(घ) शब्दका रूप एक्लो - एक्ली - एक्ला उच्चारण गर्न लगाउनुहोस् । अर्थगत बोधका लागि शब्दलाई वाक्यमा प्रयोग गरी भन्न लगाउनुहोस् ।

(ङ) विद्यार्थीलाई पाठमा प्रयुक्त एउटा एउटा शब्दपत्ती वितरण गर्नुहोस् र विद्यार्थीलाई आफूसँग भएको शब्द उच्चारण गरी शब्दलाई वाक्यमा प्रयोग गरेर सुनाउन लगाउनुहोस् ।

(च) आफूसँग भएको शब्दपत्तीलाई तालिकाको मिल्ने समूह पहिचान गरी तालिकाको खाली ठाउँमा लेख्न लगाउनुहोस् । यसक्रममा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

| एकवचन | स्त्रीलिङ्ग | बहुवचन |
|---|---|---|
| अग्लो | अग्ली | अग्ला |
| राम्रो | ......... | ........... |
| ........... | काली | .......... |
| ............ | निली | ......... |
| ............. | ........... | फुर्तिला |
| .............. | ........... | पहेँला |

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ६३ को क्रियाकलाप ९ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :

| एकवचन | स्त्रीलिङ्ग | बहुवचन |
|---|---|---|
| एक्लो | एक्ली | एक्ला |
| राम्रो | ................... | ................... |
| ................... | सेती | ................... |
| ................... | निली | ................... |
| ................... | ................... | फुर्तिला |
| ................... | ................... | पहेँला |

## क्रियाकलाप १०

(क) विद्यार्थीलाई पाठमा प्रयुक्त शब्दका शब्दपत्ती प्रदर्शन गर्नुहोस् र शब्दलाई पटक पटक उच्चारण गर्न लगाउनुहोस्।

(ख) प्रदर्शन गरिएका शब्दको पहिलो वर्ण परिवर्तन गरेर बन्ने नयाँ शब्द भन्न लगाउनुहोस्र विद्यार्थीले भनेका शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ग) विद्यार्थीलाई जोडी समूहमा विभाजन गर्नुहोस् । एक जनालाई प्रचलित शब्द र अर्कोलाई नयाँ शब्दको अर्थगत बोधका लागिवाक्यमा प्रयोग गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

| प्रचलित शब्द | सुरुको वर्ण प्रयोग गरी बन्ने शब्द | प्रयोग |
|---|---|---|
| कपाल | नेपाल | १.आमाको कपाल लामो छ ।<br>२.हाम्रो देशको नाम नेपाल हो । |
| खरानी | सिरानी | १.<br>२. |

(घ) विद्यार्थीलाई प्रचलित शब्दमा सुरुको वर्ण परिवर्तन गरी शब्द र वाक्य लेख्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ६३ को क्रियाकलाप १० का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

सुरुको वर्ण परिवर्तन गरी अर्को शब्द निर्माण गर्नुहोस् र वाक्यमा प्रयोग गर्नुहोस् :

| प्रचलित शब्द | सुरुको वर्ण परिवर्तन गरी बन्ने शब्द | प्रयोग |
|---|---|---|
| कपाल | नेपाल | १. बहिनीको कपाल लामो छ ।<br>२. हाम्रो देशको नाम नेपाल हो । |
| खरानी | | १. ......................................<br>२. ...................................... |
| चुकुल | | १. ......................................<br>२. ...................................... |
| असिना | | १. ......................................<br>२. ...................................... |
| कमला | | १. ......................................<br>२. ...................................... |

## क्रियाकलाप ११

(क) पाठमा प्रयुक्त चित्र प्रदर्शन गर्नुहोस् । चित्रमा के के भएको देखिन्छ, छलफल गर्नुहोस् ।

(ख) विद्यार्थीलाई पाठमा प्रयुक्त शब्दका शब्दपत्ती प्रदर्शन गरेर उच्चारण गर्न लगाउनुहोस् ।

(ग) वाक्यपत्ती प्रदर्शन गरी वाक्य निर्माण गर्न सहजीकरण गर्नुहोस् ।

(घ) 'दलमानको परियोजना कार्य' रेकर्ड गरिएको पाठ विद्यार्थीलाई सुनाउनुहोस् । विद्यार्थीले चित्र वर्णनगर्दा भनेका कुरा र मोबाइलमा सुनेका कुरा के के मिले,छलफल गर्नुहोस् ।

(ङ) शिक्षकले पाठ्यपुस्तकमा भएको 'दलमानको परियोजना कार्य' पाठ बिस्तारै सस्वरवाचन गरी सुनाउनुहोस् । त्यसपछि विद्यार्थीलाई पाठको अनुवाचन तथा सहवाचन गर्न लगाउनुहोस् ।यस क्रममा विद्यार्थीले उच्चारण गर्न नसकेका शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् । रेखाङ्कन गरेका

शब्द जनाउने चित्र वा ठोस वस्तु प्रदर्शन गर्दै शब्द सँगसँगै उच्चारण गराउनुहोस् । राम्ररी उच्चारण गर्न नसकेसम्म अभ्यास गराउनुहोस्

(च) पाठमा प्रयुक्त प्रश्नका उत्तर भन्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ६४ को क्रियाकलाप ११ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

पढ्नुहोस् र उत्तर भन्नुहोस् :

दलमानको परियोजना कार्य

दलमान तीन कक्षामा पढ्छन् । उनको घर रोल्पाको थवाङमा छ । उनका बुबा डकर्मीको काम गर्नुहुन्छ । एक दिन शिक्षकले दलमानलाई घर निर्माण प्रक्रियाको अवलोकन गर्ने परियोजना कार्य दिनुभयो । उनले गाउँमा बन्दै गरेका घरको अवलोकन गरे । उनले घरको चित्र बनाए । त्यहाँका घरमा झ्याल चतुर्भुज आकारका थिए । छाना टेडामेडा थिएनन् । घरहरू चिटिक्क परेका थिए ।

दलमान केही दिनपछि नयाँःबनेको घरमा गए । घरधनीले घरपूजा गरेर नयाँ घरमा सर्ने कुरा गरे । उनले पुरोहितलाई बोलाए । पुरोहित बिरामी हुनुहुँदोरहेछ । पुरोहितले छोरालाई पठाउनुभयो । पुरोहितका छोरा दलमानकै विद्यालयमा पढ्थे । उनले कतै वक्ररेखा त कतै सरल रेखाको रेखी हाले । यसरी आँगनमा पूजाको मण्डप तयार भयो । घरधनीले घरपूजा सम्पन्न गरे । उनी नयाँ घरमा सरे । दलमानले यी सबै कुराको विवरण आफ्नो कापीमा लेखे । दलमानको परियोजना कार्य पढेर शिक्षक खुसी हुनुभयो ।

(क) दलमानको घर कहाँ छ ?

(ख) पुरोहितका छोराले कसरी रेखी हाले ?

(ग) शिक्षक किन खुसी हुनुभयो ?

## क्रियाकलाप १२

(क) विद्यार्थीलाई नमुना शुभकामना पत्र प्रदर्शन गरी पढेर सुनाउनुहोस् । कुन कुन कार्य गर्दा शुभकामना पत्र वितरण गरिन्छ ? शुभकामना पत्रमा के के कुरा लेखिएको हुन्छ ? शुभकामना पत्रका बारेमा छलफल गर्नुहोस् र छलफलमा आएको कुरा शैक्षणिक पाटीमा लेखेर देखाउनुहोस् ।

(ख) शिक्षकले कुनै विषय छनोट गरी शैक्षणिक पाटीमा शुभकामना पत्रको नमुना लेखेर देखाउनुहोस् ।

(ग) विद्यार्थीलाई नमुना शुभकामना पत्र तयार गर्नु पर्ने कुरा जानकारी गराउनुहोस् र आवश्यक सामग्रीवितरण गर्नुहोस् ।

(घ) फोटोकपी पेपरलाई आधा हुने गरी पट्याउन सिकाउनुहोस् ।

(ङ) पट्याइएको पेपरको किनाराको चारैतिर२ सेमिको बोर्डर रेखा तानेर मैन रङ भर्न लगाउनुहोस् । आयातकार चारै कुनामा फूलबुट्टा बनाउन लगाउनुहोस् ।

(च) विद्यार्थीलाई क्रियाकलाप १४ मा प्रयुक्त निर्देशनका आधारमा शुभकामना लेख्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ६५ को क्रियाकलाप १२ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

> **शुभकामना**
>
> गणतन्त्र दिवसको सुखद उपलक्ष्यमा सम्पूर्ण साथीहरूमा सुख, शान्ति र प्रगतिका लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।
>
> सुप्रिया दाहाल
> कक्षा ३
> श्री लक्ष्मी माध्यमिक विद्यालय, खोटाङ

दिइएको शुभकामना कार्ड पढेर गणतन्त्र दिवसको सट्टा लोकतन्त्र दिवस राखेर पुनर्लेखन गर्नुहोस् :

## क्रियाकलाप १३

(क) विद्यार्थीलाई अर्थगत संरचना भएको वाक्यपत्ती प्रदर्शन गर्नुहोस् र वाक्य संरचनाका बारेमा छलफल गर्नुहोस् ।

(ख) विद्यार्थीलाई अर्थगत संरचना नमिलेको वाक्यपत्ती प्रदर्शन गर्नुहोस् र वाक्यमा नमिलेको शब्द पहिचान गर्न लगाउनुहोस् । नमिलेको शब्दमा कुन शब्द हुनुपर्थ्यो भन्ने बारेमा प्रश्नोत्तर गर्नुहोस् ।

(ग) शिक्षकले नमिलेको वाक्य लेखेर देखाउनुहोस् र छलफल गर्नुहोस् । जस्तै : तराईमा बेसरी हिँउ पर्छ । यस वाक्यमा नमिलेको कुरा के होला ? मिल्नको लागि तराईमा बेसरी घाम लाग्छ । यसरी सहजीकरण गर्नुहोस् ।

(घ) विद्यार्थीलाई वाक्य सच्याएर कापीमा लेख्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ६५ को क्रियाकलाप १३ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

वाक्य सच्याएर लेख्नुहोस् :

| | |
|---|---|
| पुस महिनामा हिमालमा गर्मी हुन्छ । | पुस महिनामा हिमालमा जाडो हुन्छ । |
| (क) मकैको बोटलाई पराल भनिन्छ । | ........................................... |
| (ख) चामल कुटेर चिउरा बनाइन्छ । | ........................................... |
| (ग) दसैंमा देउसीभैलो खेल्नुपर्छ । | ........................................... |
| (घ) तराईमा बेसरी हिउँ पर्छ । | ........................................... |

## क्रियाकलाप १४ 

(क) पाठमा प्रयुक्त चित्रपत्ती प्रदर्शन गरेर चित्रका बारेमा छलफल गर्नुहोस् । चित्रमा कति जना मानिस छन् ? तिनीहरू के के गर्दै छन् ? के के कुरा गर्दै होलान् ? जस्ता विषयवस्तुमा विद्यार्थीसँग कुराकानी गर्नुहोस् ।

(ख) विद्यार्थीलाई शब्दपत्ती प्रदर्शन गर्नुहोस् रदुईओटा शब्द मिलेर बनेका शब्दलाईउच्चारण अभ्यास गराउनुहोस् ।

(ग) विद्यार्थीलाई संवाद लेखिएको चार्ट प्रदर्शन गर्नुहोस् र संवादलाई नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् । सस्वरवाचन गर्दा शब्द, वाक्य र अनुच्छेद देखाउँदै आरोह अवरोह, गति र यतिलाई ध्यान दिनुहोस् ।

(घ) कक्षाका विद्यार्थीसँग मिलेर कुराकानीलाई सस्वरवाचन गरी सुनाउनुहोस् । यस क्रममा सम्भव भएसम्म श्रव्य सामग्री तथा मल्टिमिडियाको उपयोग पनि गर्नुहोस् । मल्टिमिडियाको उपयोग गर्दा विद्यार्थीको स्वरमा रेकर्ड गराई कक्षामा सुनाउनुहोस् ।

(ङ) कुनै विद्यार्थीको सहयोग लिई कुराकानीलाई पपेटका माध्यमबाट अभिनयात्मक कथन गर्नुहोस् ।यसका लागि शिक्षकले थप नमुना प्रदर्शन गर्नुहोस् ।

(च) तीन जनाविद्यार्थीको समूह बनाउनुहोस् र बुबा, आमा र आर्याको भूमिकामा कुराकानी गर्न लगाउनुहोस् ।

(छ) पाठमा प्रयुक्त प्रश्नका उत्तर लेख्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ६५, ६६ र ६७ को क्रियाकलाप १४ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

पालैपालो पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

### विदाको भ्रमण

(बेलुका सुत्नुअगाडि आर्या आमाबुबासँग विद्यालयका बारेमा कुरा गर्दै छिन् ।)

आर्या : बुबा बुबा, (कोमल स्वरमा) जाडो बिदा भएकाले विद्यालय बन्द छ । हामी घुम्न कहाँ जाने ?

बुबा : पहिला जाडो बिदाको गृहकार्य सक अनि घुम्न जाउँला ।

आर्या : कहाँ जाने पहिला भन्नु अनि मात्र गृहकार्य गर्छु ।

आमा : (हाँस्दै) कहाँ जाने त ?

आर्या : (हाँस्दै) सौराहा र लुम्बिनी घुम्नै पर्ने ठाउँ हुन् रे ।

आमा : तिमीले सौराहाको नाम कसरी छनोट गऱ्यौ ?

आर्या : गुरुले भनेर थाहा पाएकी नि । अस्तिको दुई दिने बिदामा गुरुहरू पनि जानुभएको रहेछ ।

बुबा : (हाँस्दै) म चाहिँ पोखरा घुम्न जाने हो । डुङ्गामा बसेर फेवाताल घुम्न मज्जा हुन्छ रे !

आमा : साँच्ची अबको बिदामा चाहिँ कतै घुम्न जानैपर्छ ।

बुबा : हो जाने हो ।

आर्या : मेरो साथी प्रयास छ नि । उनीहरू अस्ति नाम्चेबजार घुम्न गएछन् । नाम्चेबाट त सगरमाथा पनि देखिन्छ अरे ।

बुबा : ठिक भनेछन् । हाम्रा देशमा हेर्न र घुम्नका लागि धेरै राम्रा ठाउँ छन् ।

आमा : हो नि । हाम्रो देशमा राम्रा हिमाल छन् । तालहरू छन् । झरनाहरू छन् । मन्दिरहरू छन् । हेर्ने कुरा त कति छन् कति । त्यही भएर त विदेशीहरू नेपाल घुम्न आउँछन् नि ।

आर्या : हामीले पनि त ती राम्रा कुरा हेर्नुपर्‍यो नि । मलाई चाहिँ फेवाताल, राराताल घुम्न मन छ ।

बुबा : हामी यसपालि पूर्वतिर जाऔँ । अर्कोपालि पश्चिमतिर जाऔँला ।

आर्या र आमा : (एकै स्वरमा) पूर्वतिर कहाँ कहाँ जाने ?

बुबा : जानुपर्ने ठाउँ त थुप्रै छन् । यस पटक भेडेटार, हलेसी, सल्लेरी र जनकपुर जाउँला ।

आर्या : अनि सौराहा नि ?

बुबा : जनकपुरबाट फर्कंदा बाटामा सौराहा नजिक पर्छ । त्यहाँ पनि जाऔँला ।

आर्या : नेपालमा त कस्ता राम्रा राम्रा ठाउँ रहेछन् है बुबा ? बिदाका बेलामा पालैपालो घुम्न जाऊँ है ।

आमा : ल ल अब भोलि कुराकानी गरौँला । आज चाहिँ सुत्ने बेला भो, अब सुतौँ ।
(सबै जना सुत्न जान्छन् ।)

(क) आर्या को कोसँग बस्छिन् ? ......................................................................................

(ख) फेवाताल कसरी घुम्ने गरिन्छ ? ...............................................................................

(ग) हाम्रो देश किन राम्रो छ ? .......................................................................................

(घ) नेपालमा घुम्न पाउँदा पर्यटक किन खुसी हुन्छन् ?.......................................................

## क्रियाकलाप १५ 

(क) विद्यार्थीलाई कोठेपद चार्ट प्रदर्शन गर्नुहोस्र चार्टमा प्रयोग भएका वर्णलाई पालैपालो भन्न लगाउनुहोस् ।

(ख) विद्यार्थीलाई कोठेपदबाट चरा, जनावर र जिल्ला जनाउने शब्द चिनेर घेरा लगाउन सिकाउनुहोस् ।

(ग) विद्यार्थीलाई चरा, जनावर र जिल्ला नाम उच्चारण गर्न लगाउनुहोस् ।

(घ) विद्यार्थीलाई कोठेपदमा चिनो लगाइएका चरा, जनावर र जिल्लाका नाम कापीमा लेख्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ६७ को क्रियाकलाप १५ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

चरा, जनावर र जिल्ला जनाउने शब्द चिनेर घेरा लगाउनुहोस् :

| | | | | | | |
|---|---|---|---|---|---|---|
| का | का | प | र्व | त | बा | घ |
| रो | स्की | रे | न | न | प | रा |
| ल्पा | ख | वा | भे | हुँ | गौँ | मु |
| ढु | घो | घ | डा | गा | थ | गु |
| कु | डा | र | रौ | म | ली | भ |
| र | ज | टो | त | म | ना | ङ |
| व | स | ल | ह | हा | त्ती | ग |
| गा | ई | बा | ट | का | लि | ज |
| गु | ल्मी | खा | ज | ली | जे | ब्रा |

## क्रियाकलाप १६



(क) पाठमा प्रयुक्त चित्र प्रदर्शन गर्नुहोस् । चित्रमा के के भएको देखिन्छ, छलफल गर्नुहोस् ।

(ख) विद्यार्थीलाई दैनिक जीवनमा प्रयोग गरिने शब्दका शब्दपत्ती प्रदर्शन गरेर शब्द उच्चारण गर्न लगाउनुहोस् ।

(ग) वाक्यपत्ती प्रदर्शन गरी वाक्य निर्माण गर्न सहजीकरण गर्नुहोस् ।

(घ) 'शिक्षा र उनका बुबा' रेकर्ड गरिएको पाठ विद्यार्थीलाई सुनाउनुहोस् । विद्यार्थीले चित्र वर्णन गर्दा भनेका कुरा र मोबाइलमा सुनेका कुरा के के मिले,छलफल गर्नुहोस् ।

(ङ) शिक्षकले पाठ्यपुस्तकमा भएको 'शिक्षा र उनका बुबा' पाठ बिस्तारै सस्वरवाचन गरी सुनाउनुहोस् । त्यसपछि विद्यार्थीलाई पाठको अनुवाचन तथा सहवाचन गर्न लगाउनुहोस् ।यस क्रममा विद्यार्थीले उच्चारण गर्न नसकेका शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् । रेखाङ्कन गरेका शब्द जनाउने चित्र वा ठोस वस्तु प्रदर्शन गर्दै शब्द सँगसँगै उच्चारण गराउनुहोस् । राम्ररी उच्चारण गर्न नसकेसम्म अभ्यास गराउनुहोस् ।

(च) पाठमा प्रयोग भएको वाक्यपत्तीलाई छ्यासमिस गरी विद्यार्थीको समूहमा वितरण गर्नुहोस् र ती वाक्यपत्तीमा भएका वाक्यलाई पाठमा प्रयोग गरिए जसरी क्रमशः मिलाएर पढ्न लगाउनुहोस् ।

(छ) पाठको अन्त्यमा भएका प्रश्नका उत्तर भन्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

## मूल्याङ्कन

पाठ्यपुस्तकको पृ.स. ६८ को क्रियाकलाप १६ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

सुन्नुहोस् र उत्तर भन्नुहोस् :

शिक्षा र उनका बुबा

शिक्षाका बुबा रामलखन तरकारी व्यापारी हुन् । उनी बिहानै उठेर डोको बोकेर तरकारी लिन किसानहरूका बारीमा जान्छन् । किसानका बारीबाट मौसमअनुसारका काउली, बन्दा, गोलभेडा जस्ता धेरै थरीका तरकारीहरू सस्तोमा खरिद गर्छन् । त्यसपछि आठ बजे नै उनी तरकारी लिएर बजारमा पुग्छन् । आफूले किनेको तरकारी बजारमा बेच्छन् । उनको तरकारी किसानको बारीबाट सिधैँ खरिद गरेर ल्याएकाले ताजा र सस्तो पनि हुन्छ । त्यसैले उनको तरकारी अरूको भन्दा छिटो बिक्छ र प्रशस्त नाफा पनि कमाउँछन् । आफूले कमाएको केही पैसा बैङ्कमा पनि जम्मा गर्छन । अहिले रामलखनले बैङ्कमा जम्मा गरेको रकम पाँच लाख पुगेको छ । उनी बचत गरेको पैसाले एक कट्ठा जग्गा किनेर आफ्नै खेतबारीमा तरकारी खेती गर्ने योजनामा छन् । शिक्षाले पनि बेला बेलामा आफ्ना आमाबुबा र आफन्तले चाडपर्वमा दिएको पैसा खुत्रुकेमा जम्मा पारेकी छन् । शिक्षाले पनि आफूलाई चाहिने ल्यापटप त्यही बचत पैसाले किन्ने योजना बनाएकी छन् । हामीले पनि मिहिनेत गरी कमाएको पैसा बचत गऱ्यौं भने हाम्रो ठुलो खाँचो टर्छ । त्यसैले आफूसँग भएको पैसा अलि अलि गर्दै बचत गर्नुपर्छ ।

(अ) राम लखनको पेसा के हो ?

(आ) रामलखन कहाँबाट तरकारी खरिद गरेर ल्याउँछन् ?

(इ) शिक्षाको बानी कस्तो छ ?

(ई) 'शिक्षा र उनका बुबा' पाठका मुख्य मुख्य विषय बुँदामा टिपोट गर्नुहोस् ।

## क्रियाकलाप १७

(क) विद्यार्थीको जोडी समूह बनाउनुहोस् । एक जना विद्यार्थीलाई स्याल रअर्कोलाई कागको भूमिकामा कुराकानी गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीलाई अपुरो संवादको चार्ट प्रदर्शन गर्नुहोस् । खाली ठाउँमा भर्नुपर्ने वाक्यपत्ती दिनुहोस् ।

(ग) उपयुक्त वाक्य छनोट गरी कुराकानी गरे नगरेको अवलोकन गर्नुहोस् । आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

(घ) कुराकानी पूरा भएको चार्ट प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई जोडी समूहमा सस्वरवाचन गर्न लगाउनुहोस् । सस्वरवाचन गर्दा शब्द र वाक्य देखाउँदै आरोह, अवरोह, गति र यतिलाई ध्यान दिन लगाउनुहोस् ।

(ङ) विद्यार्थीलाई खाली ठाउँमा मिल्ने वाक्य लेखेर कुराकानी पूरा गर्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ६९ को क्रियाकलाप १७ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

खाली ठाउँमा मिल्ने वाक्य लेख्नुहोस् :

| | | | |
|---|---|---|---|
| मलाई मासु पैँचो भयो | का का, का का । | गीत गाउँ त ? | धन्यवाद दाई ! |

स्याल : काग भाइ ! तिमी त धेरै असल छौ ।

काग : ..................................................................................

स्याल : तिमीले गीत गाएको सुन्न मन थियो ।

काग : ..................................................................................

स्याल : गाऊ न । तिम्रो स्वर कोइलीको जस्तै मिठो छ ।

काग : .........................................................(कागको मुखबाट मासु भुइँमा खस्यो ।)

स्याल : धन्यवाद । अब मासु खाँदै गीत सुन्छु ।

काग : स्याल दाइ ! मैले खोजेर ल्याएको मासु नखाऊ त ।

स्याल : ..................................................................................

## क्रियाकलाप १८



(क) विद्यार्थीलाई पाठमा प्रयुक्त दुई शब्द जोडिएर बनेका शब्दका शब्दपत्तीप्रदर्शन गर्नुहोस् र उच्चारण गर्न लगाउनुहोस् । ती शब्दका बारेमा प्रश्नोत्तर गरीवाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ख) शिक्षकले पाठमा प्रयुक्त चित्र प्रदर्शन गर्दै 'हाम्रो विद्यालय' पाठवाचन गरेर सुनाउनुहोस् । पाठ सुनाउँदा आरोह, अवरोह, गति, यति, हाउभाउ र वाचन कलालाई विशेष जोड दिनुहोस् ।

(ग) पाठको सस्वर पठनका क्रममा बिच बिचमा अनुमान, पूर्वानुमान र प्रसङ्गअनुसारको प्रश्नोत्तर गर्नुहोस् ।

(घ) विद्यार्थीलाई पालैपालो सस्वर पठन गर्न लगाउनुहोस् । सस्वर पठन गर्दा उच्चारणमा कठिन भएका शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् र शिक्षकले सहजीकरण गरिदिनुहोस् ।

(ङ) पाठमा भएका प्रश्नका उत्तर पाठमा नै पहिचान गर्न लगाउनुहोस् र उत्तर लेख्न सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ६९ र ७० को क्रियाकलाप १८ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

हाम्रो विद्यालय

विद्यार्थीहरू पढ्न विद्यालय जान्छन् ।विद्यालयमा धेरै कोठाहरू हुन्छन् । प्रधानाध्यापकको कोठा, शिक्षकहरू बस्ने कोठा, कर्मचारीहरू बस्ने कोठा, पुस्तकालय आदिका लागि कोठाहरू छुट्याइएका हुन्छन् । विद्यार्थीहरूले पढ्ने कोठालाई कक्षाकोठा भनिन्छ । कक्षाकोठाका अगाडि भित्तामा शैक्षणिक पाटी हुन्छ । त्यो विद्यार्थीतिर फर्किएको हुन्छ । कक्षामा समूह समूहमा बस्न मिल्ने गरी बसाइ व्यवस्था गरिएको हुन्छ । शिक्षकले समूहमा गएर विद्यार्थीहरूलाई सिकाउनु हुन्छ । कक्षाकोठाका भित्ताहरूमा विद्यार्थीहरूले पढ्ने विषयसँग मिल्ने विभिन्न चित्रहरू राखिएका हुन्छन् । कक्षाकोठा विद्यार्थीका लागि एउटा प्यारो घर हो ।

(क) विद्यालयमा के केका लागि कक्षाहरू छुट्याइएका हुन्छन् ....................................................

(ख) कक्षाकोठामा शैक्षणिक पाटी किन राखिन्छ ? .............................................................

(ग) तपाईंको विद्यालय कस्तो छ, बताउनुहोस् । ................................................................

(घ) यो पाठले के सन्देश दिएको छ ? ...............................................................................

## क्रियाकलाप १९



(क) विद्यार्थीसँग आफ्नो विद्यालयका बारेमा छलफल गर्नुहोस् । विद्यार्थीले भनेका कुरा निम्न क्रमअनुसार शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् :

आफ्नो नाम :

कक्षा :

विद्यालयको नाम :

विद्यालय आउने समय :

प्रार्थना सभा :

कक्षामा गरिने क्रियाकलाप :

पढाउने शिक्षकको नाम :

खेल खेलाउने शिक्षकको नाम :

विद्यालयको वातावरण :

विद्यालयबाट घर फर्कने समय :

(ख) शैक्षणिक पाटीमा लेखिएको कुरालाई जोडेर आफू र विद्यालयका बारेमा भन्न लगाउनुहोस् ।

(ग) विद्यार्थीलाई आफू र विद्यालयको बारेमा लेखिएको अनुच्छेद चार्ट प्रदर्शन गरेर सोहीअनुसार लेखन अभ्यास गराउनुहोस् । यस क्रममा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स.७० को क्रियाकलाप १९ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

खाली ठाउँमा मिल्ने शब्द लेखेर अनुच्छेद पूरा गर्नुहोस् :
मेरो नाम ................................ हो । म कक्षा ..................................... मा पढ्छु । मेरो विद्यालयको नाम ....................................... हो । म ............................. बजे विद्यालयमा आउँछु । ................................. बजेपछि विद्यालयको चउरमा ....................................... हुन्छ । मलाई साथीहरूसँग मिलेर .................................. गाउन मन पर्छ । विद्यालयमा ................................. ले पढाउनुहुन्छ । कहिलेकाहीँ खेलाउनुहुन्छ । मलाई ............................ रमाइलो लाग्छ । म विद्यालयबाट चार बजे ................................ फर्कन्छु ।

## क्रियाकलाप २०



(क) विद्यार्थीसँग कक्षाकोठामा प्रयोग हुने सामानका बारेमा छलफल गर्नुहोस् ।

(ख) विद्यार्थीले भनेका कक्षाकोठामा प्रयोग हुने सामानका नाम देखाउँदै तिनका कामबारे भन्न लगाउनुहोस् ।

(ग) विद्यार्थीलाई कक्षाकोठामा प्रयोग हुने सामानहरूको सूची बनाउन लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स.७० को क्रियाकलाप २० का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

तपाईंका कक्षाकोठामा प्रयोग हुने सामानहरूको सूची बनाउनुहोस् ।

निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

(क) पढेर सुनाउनुहोस् :

परशुरामको घरमा दिदीको बिहे हुने दिन थियो । कसार बटार्ने दिनमा सबैले उसलाई विद्यालय जान कर गर्न थाले । कलमा पानी नभएर उसले कपाल नुहाएको पनि थिएन । उसको विद्यालय ककनीमा थियो । ऊ सुक्क सुक्क गरी रुन थाल्यो । परशुराम टाकुरामा बस्यो, कुरो सुन्यो । ऊ बल्लतल्ल विद्यालय पुग्यो । ऊ झ्यालको चुकुल खोलेर सुकुलमा बस्यो । राजु तराजु लिएर त्यहीँ आए । कैलालीकी लालीले छोकडा ल्याई । छोकडा कडा थियो । सबै जना दोकानमा गए । सबैले कान खोलेर कुरा सुने । दुनोट किन्न नोट झिक्नुपर्ने भयो । राज आएर दराज खोल्यो । राजले पैसा झिक्यो । उनीहरू साँचो दलिनमा राखेर दुनोट लिन गए । अरू चौतारामा गए, तारा हेरे । सबै मिलेर दुनोट खाए । परशुराम साथीसँग रमायो ।

(ख) शब्दका बिचको वर्ण झिकेर नयाँ शब्द बनाउनुहोस् :

| | | |
|---|---|---|
| जाउलो ..................... | कुरुवा ...................... | मैदान ...................... |
| छहारी ...................... | जमरा ...................... | तबेला ...................... |

(ग) वाक्यमा प्रयोग गर्नुहोस् :

किनार : .................................................................................................

नार : .................................................................................................

तिहार : .................................................................................................

तिर :.................................................................................................

(घ) मिल्ने शब्द छानी खाली ठाउँ भर्नुहोस् :

(अ) कापी ......................................................... बन्छ । ( कागजबाट, गजबाट, काजबाट)

(आ) उनीहरूले विद्यालयमा ................................................ बजाए । (माल, दल, मादल)

(इ) पलङमा ............................................................. छ । (खरानी, सिरानी, बिरियानी)

(ङ) मिल्ने अर्थसँग जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| विशाल | अरूको भलाइ गर्ने |
| उपकार | असल मानिस |
| किताब | ठुलो |
| ज्ञानी | पुस्तक |

(च) तलका वाक्यमा हिजो राखेर सही वाक्य लेख्नुहोस् :

आज म कापीमा लेख्छु । आज म कुरा गर्छु । आज म पानी बोक्छु ।

(छ) सुन्नुहोस् र उत्तर लेख्नुहोस् :

कालिकासँग काले गोरु थियो । कुमाल दाइले काले गोरु किने र लगे । उनले गोरुको शरीरमा रङ दलेर माले बनाए । यो कुरा कमान काकाले देख्नुभयो । उहाँले मानबहादुर लाई बोलाई भन्नुभयो, “खहरेका हरि दाइको माले गोरु कुमाल दाइले किने छन् ! अब माले गो रुले चाकर पाउने भयो । गोरुका करङ पनि देखिने छैनन् ।” “कुमाल दाइले काले गो रु किने का हो लान् । त्यसमा त रङ दलिएको छ ।” मानबहादुरले काकालाई सम्झाए । उनीहरूको कुराकानी थकालीबाले सुने । थकालीबाले कालिकालाई यो कुरा खुसुक्क भने । कालिकाले आफ्नो काले गोरु खोजिन् । कतै नपाएपछि कुमाल दाइकहाँ गइन् । गोरुलाई नुहाई काले बनाइन् । कुमाल दाइ जिल्ल परे ।

(अ) कमान काकाले मानबहादुरलाई के भने ?.........................................................

(आ) गोरुको जिउमा किन रङ दलिएको रहेछ ?.........................................................

(इ) तपाईं कालिका हुनुभएको भए हरि दाइलाई के गर्नुहुन्थ्यो ?...........................................

(ज) मिल्ने शब्द राखेर अनुच्छेद पूरा गर्नुहोस् :

मेरो बुबाको नाम .................................. हो । मेरी आमाको नाम ..................................हो । म कक्षा ...........मा पढ्छु । मेरो विद्यालयको नाम ..........................................हो । म सधैँ .........बजे विद्यालय जान्छु । .......... बजेपछि चउरमा .....................हुन्छ । हामी साथीसँग मिलेर ........................गीत गाउँछौँ । विद्यालयमा हामीलाई ...........................ले पढाउनुहुन्छ । उहाँले कहिलेकाहीँ खेलाउनुहुन्छ । म विद्यालयबाट .........बजे घर फर्कन्छु ।

शिक्षकको हस्ताक्षर : .............   अभिभावकको हस्ताक्षर : ................

# ५. हाम्रो वातावरण

**कार्यघण्टा : २०**

## परिचय

**'हाम्रो वातावरण'**मेरो नेपाली,My English, मेरो गणित र हाम्रो सेरोफेरो विषयभित्र बहुविषयक ढाँचामा एकीकृत गरिएको विषयक्षेत्र हो । हाम्रो वातावरण विषयक्षेत्रले आफ्नो परिवेश, सांस्कृतिक सन्दर्भ र क्रियात्मक व्यवहार सम्बद्ध पक्षको व्यावहारिक ज्ञानलाई उजागर गर्छ । भाषाका माध्यमबाट ध्वनि सचेतीकरण, श्रव्य/दृश्यबोध, लेख्यवर्ण सचेतीकरण, पठन प्रवाह, पठनबोध, लेखाइ र कार्यमूलक व्याकरणका क्रियाकलाप गर्दै यस विषयक्षेत्रले अधिकाधिक शब्दभण्डार वृद्धिमा जोड दिएको छ । धेरै शब्द जानेमा अभिव्यक्ति र सञ्चारका क्रममा आत्मविश्वास र प्रवाह हुन्छ । प्रारम्भिक कक्षाका विद्यार्थीसँग सीमित मात्रामा शब्दभण्डार रहने भएकाले जानेका शब्दकै अधिकाधिक उपयोग गरी आत्मविश्वास र प्रवाहका साथ अभिव्यक्ति र सञ्चार गर्नु सान्दर्भिक हुन्छ । यही मान्यतामा आधारित भई दैनिक प्रचलनमा आउने शब्दका सुरु, मध्य र अन्त्यमा वर्णगत ध्वनि जोडी, छुट्याई, थपी र झिकी विसङ्केतक थप शब्द निर्माण तथा उपयोग, स्वसिकाइ र अनुभवका आधारमा दौँतरी, ससाना समूह र अन्य व्यक्तिसँग कुराकानी तथा छलफल, देखे, सुनेका र अनुभव गरेका विषयवस्तुको स्वमूल्याङ्कनसहित मौलिक वाक्यमा लिखित तथा मौखिक वर्णनलगायतका कार्य गर्ने उद्देश्य राखिएको छ । स्थानीय वातावरण र विविधता बुझ्ने क्षमताको विकास गर्न हाम्रो वातावरण विषयक्षेत्रले सहयोग गर्ने अपेक्षा गरिएको छ ।

यस विषयक्षेत्रभित्र तीनओटा पाठहरू छन् । ती पाठहरूमा प्रकृति र मानव जीवनमा प्रयोग हुने शब्द, समान र असमान ध्वनि भएका शब्दहरूको पहिचान र उच्चारण, नयाँ शब्दमा ध्वनि जोड्ने र छुट्याउने, दृश्यात्मक सूचना तथा सामग्रीको अर्थपूर्ण बुझाइ, हाउभाउ, गति, यति, लय र शुद्धतासहित कविता पठन, गति, यति र हाउभाउसहित अनुच्छेद पठन, दोहोरो सञ्चार गर्ने विषयवस्तु, अनुलेखन, अनुच्छेद लेखन, लेख्य चिह्न र वर्तमान, भूत र भविष्यत् कालको प्रयोग गरी मौखिक र लिखित अभिव्यक्ति, लिङ्ग, वचन, पुरुष र आदर मिलाई बोल्ने र लेख्ने जस्ता क्रियाकलाप निर्धारण गरिएको छ । विषयक्षेत्रको अन्त्यमा पाठ्यक्रममा आधारित भई ध्वनि सचेतीकरण, श्रव्य/दृश्यबोध, लेख्यवर्ण सचेतीकरण, शब्दभण्डार, पठन प्रवाह, पठनबोध, लेखाइ र कार्यमूलक व्याकरणसँग सम्बन्धित मूल्याङ्कन क्रियाकलापसमेत समावेश गरिएको छ । यी क्रियाकलाप सहजीकरण गर्दा भाषिक कठिनाइका कारण सिकाइमा बाधा नहुने निश्चित गर्न यथासम्भव बालबालिकाको मातृभाषा, घरमा बोल्ने भाषामा सञ्चार गरी सिकाइ क्रियाकलापमा सक्रिय सहभागी हुन सक्ने वातावरण तयार गर्नुपर्छ ।

विषयक्षेत्रको अन्त्यमा पाठ्यक्रममा आधारित भई ध्वनि सचेतीकरण, श्रव्य/दृश्यबोध, लेख्यवर्ण सचेतीकरण, शब्दभण्डार, पठन प्रवाह, पठनबोध, लेखाइ र कार्यमूलक व्याकरणसँग सम्बन्धित मूल्याङ्कन क्रियाकलापसमेत समावेश गरिएको छ । यी क्रियाकलापले  सिकाइको वर्तमान अवस्था वा स्तर पत्ता लगाउने र कसरी अपेक्षित सिकाइ स्तर प्राप्त गर्ने भनी योजना तय गर्दै विद्यार्थीलाई सुधारात्मक सिकाइ प्रक्रियाद्वारा थप सिकाइको अवसर प्रदान गर्ने छ ।

# पाठ ९

## (क) सिकाइ सहजीकरण योजना

| क्र.स. | विषयवस्तु | व्यवहारकुशल सिप | घन्टी | पाठ्य तथा कार्यपुस्तकको सम्बन्धित पृष्ठसङ्ख्या |
|---|---|---|---|---|
| १. | शब्दका सुरुका ध्वनि थप्ने र झिक्ने | • प्रयोग सिप (S1.1)<br>• रचनात्मक सोच सिप (S1.3)<br>• सञ्चार सिप (S3.1)<br>• सहकार्य सिप (S3.2)<br>• दृश्य साक्षरता सिप (S4.3)<br>• सूचना साक्षरता सिप (S4.4) | ७ | ७३ देखि ७९ सम्म |

## (ख) सिकाइ क्रियाकलापका आधार

यस पाठको सिकाइ सहजीकरण गर्नुपूर्व निम्नानुसारको पूर्वतयारी गर्नुहोस् :

| पठन तत्व | क्रियाकलापको आधार | क्रियाकलापको सङ्केत र क्रम | सिकाइ सामग्री |
|---|---|---|---|
| १. ध्वनि सचेतीकरण | **शिक्षकको पूर्ण सहयोग** |  १ | १.पाठमा प्रयुक्त शब्द जोडी पत्तीहरू (जीवन, जङ्गल, अनार, बादल....)<br>२. पाठमा प्रयुक्त चित्र वा पोस्टर<br>३.'शुद्ध वातावरण' कविता लेखिएको चार्ट |
| २. दृश्यबोध | **शिक्षकको आंशिक सहयोग** |  २ | १. पाठमा प्रयुक्त चित्र वा पोस्टर |
| ३. लेख्यवर्ण सचेतीकरण । | **स्वयम् सिकाइ** |  ३ | १.पाठमा प्रयुक्त शब्द जोडी पत्तीहरू ( इँजार, इज्जत, ईशान, उखेल्नु, उक्लनु, उचाल्नु) |
| ४. शब्दभण्डार | **शिक्षकको आंशिक सहयोग** |  ४ | १. शब्दपत्ती र वाक्यपत्ती |
| ५. पठन प्रवाह | **दौँतरी सिकाइ** |  ५ | १.पाठमा प्रयुक्त शब्दका शब्दपत्ती (नरेश, नगर, नफेरे......)<br>२. पाठमा प्रयुक्त चित्र तथा पोस्टर<br>३. 'रुख रिसाए रे' रेकर्ड गरेको डिभाइस तथा मोबाइल सेट |

| | | | |
|---|---|---|---|
| ६. लेखाइ | शिक्षकको आंशिक सहयोग |  ६ | १. बोटबिरुवाको चित्र<br>२. शब्दपत्ती र वाक्यपत्ती |
| ७. बोध | दौँतरी सिकाइ |  ७ | १. शब्द वा वाक्य चार्ट |
| ८. शब्दभण्डार | स्वयम् सिकाइ |  ८ | १. पाठमा प्रयुक्त शब्दपत्ती<br>(आँप - फलफूल, धान - अन्न, काठमाडौँ - सहर, चिबे - चरो, फुटबल - खेल) |
| ९. पठनबोध | शिक्षकको आंशिक सहयोग |  ९ | १.'बिरुवा रोप्ने दिन' पाठमा प्रयुक्त शब्दका शब्दपत्तीहरू<br>२. पाठमा प्रयुक्त चित्र वा पोस्टर |
| १०. पठनबोध | दौँतरी सिकाइ |  १० | १. वाक्यपत्ती |
| ११. शब्दभण्डार | शिक्षकको आंशिक सहयोग |  ११ | **१.** शब्दपत्ती |
| १२. कार्यमूलक व्याकरण | स्वयम् सिकाइ |  १२ | १. शब्दपत्तीहरू<br>( पढ्पढ्छ, पढ्यो पढ्ने छ .....) |
| १३. पठनबोध | शिक्षकको आंशिक सहयोग |  १३ | १.' रमाइलो मेला' पाठमा प्रयुक्त शब्दका शब्दपत्तीहरू<br>२. पाठमा प्रयुक्त चित्र वा पोस्टर |
| १४. शब्दभण्डार | दौँतरी सिकाइ |  १४ | **१.** विसङ्केतन वर्णका शब्दजाल चार्ट |
| १५. कार्यमूलक व्याकरण | शिक्षकको आंशिक सहयोग |  १५ | १. वाक्यपत्ती |
| १६. लेखाइ | स्वयम् सिकाइ |  १६ | १. पाठमा प्रयुक्त कथाको अनुच्छेद चार्ट |
| १७. लेखाइ | स्वयम् सिकाइ |  १७ | १. शब्दपत्ती<br>२. वाक्यपत्ती |

## (ग) सिकाइ क्रियाकलाप

### क्रियाकलाप १

(क) कक्षामा उत्प्रेरणा जगाउँदै 'शुद्ध वातावरण' कवितामा प्रयुक्त चित्र वा पोस्टर प्रदर्शन गरेर छलफल गर्नुहोस् । चित्रमा के के देख्नुहुन्छ ? उनीहरू के गर्दै होलान् ? उनीहरू किन दौडिएका होलान् ? वातावरण शुद्ध कसरी बनाउन सकिन्छ ? जस्ता प्रश्नोत्तर गरेर विषयवस्तुको सुरुआत गर्नुहोस् । विद्यार्थीले भनेका कुरा शैक्षणिक पाटीमा लेख्नुहोस् र छलफल गराउनुहोस् ।

(ख) शिक्षकले तयार पारेका शब्दजोडी पत्तीहरू प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई ती शब्द उच्चारण गर्न लगाउनुहोस् ।

(ग) शिक्षकले 'जीवन, अनार, बादल' आदि शब्दहरूको शब्दपत्तीहरू प्रदर्शन गर्दै शब्दका ध्वनि झिक्ने छलफल गर्नुहोस् ।

(घ) पाठ्यपुस्तकमा रहेको 'शुद्ध वातावरण' कवितावा त्यसको कविता चार्ट वा पाठ्यपुस्तकको सम्बन्धित पृष्ठ प्रदर्शन गर्दै शिक्षकले गति, यति, लय र हाउभाउसहित गाएर सुनाउनुहोस् । त्यसपछि विद्यार्थीलाई आफूसँगै गाउन लगाउनुहोस् ।

(ङ) कविता वाचन गर्दा विद्यार्थीलाई दुई समूहमा बाँड्नुहोस् । विद्यार्थीलाई आधा आधा हरफ वा एक एक हरफ रमाइलो तरिकाले गाउन सिकाउनुहोस् । समूहमा कविता वाचन गर्दा कुन समूहले राम्रोसँग लय मिलाएर गाउन सक्छन्, अवलोकन गर्नुहोस् । दुवै समूहले एउटै लयमा मिलाएर गाउन उत्प्रेरणा दिनुहोस् ।

(च) लयबद्ध वाचनमा समस्या भएका विद्यार्थीलाई उपयुक्त चिह्न, सङ्केत र क्रियाकलापको उपयोग गरी थप सिकाइको अवसर प्रदान गर्नुहोस् । यस क्रममा क्रमिक सिकाइ रणनीति (शिक्षकले गरेर देखाउने, शिक्षक र विद्यार्थीले सँगसँगै गर्ने, विद्यार्थी विद्यार्थीसँगै अभ्यास गर्ने र विद्यार्थीलाई व्यक्तिगत रूपमा गर्न लगाउने) लाई उपयोग गर्नुहोस् ।

(छ) कविता गाउँदा शिक्षकले प्रदर्शन गरेको शब्दपत्तीका शब्द 'शुद्ध वातावरण' कवितामा खोजी शब्दमा रेखाङ्कन गर्न लगाउनुहोस् र रेखाङ्कित शब्द पुनः उच्चारण गर्नु लगाउनुहोस् ।

(ज) कविता वाचनको अन्त्यमा प्रश्नोत्तरका माध्यमबाट छलफल चलाउनुहोस् ।

(अ) कवितामा कतिओटा हरफ छन् ?

(आ) जीवनका साथी के के हुन् ?

(इ) माटो र हावापानी कस्तो बनोस् ?

(झ) ध्वनि सचेतीकरणका क्रममा शिक्षकले पूर्ण सहयोग गर्नुहोस् ।

**मूल्याङ्कन**

१. विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ७३ को 'शुद्ध वातावरण' कविता गति, यति र लय हालेर वाचन गर्न लगाउनुहोस् ।

लय मिलाएर गाउनुहोस् :

शुद्ध वातावरण

आऊ साथी घुम्न जाऔं अग्लो डाँडामाथि
चिसो हावा शुद्ध पानी जीवनका साथी
समुद्रमा अक्टोपस खेली खेली बाँच्छ
जङ्गलमा अजिङ्गर खुसी भई हाँस्छ ।
लटरम्म अम्बा फले हाँगो झुल्यो तल
अमला र अनार हेर कति मिठा फल
अकस्मात् अंशु आइन् अम्बा थियो हातमा
गीत गाइन् अस्मिताले स्याउ थियो साथमा ।
कालो बादल मडारियो आँधी आउने हो कि ?
हावाहुरी आयो भने दुःख पाइने हो कि ?
शुद्ध बनोस् माटो हाम्रो शुद्ध हावापानी
वातावरण राम्रो भए बन्छ जिन्दगानी ।

२. 'शुद्ध वातावरण' कवितामा प्रयोग भएका मुख्य शब्दलाई कापीमा लेख्न लगाउनुहोस् ।

## क्रियाकलाप २

(क) पाठ्यपुस्तकको क्रियाकलाप २ को चित्रसँग मिल्दो अन्य सान्दर्भिक पोस्टर प्रदर्शन गरेर तपाईंले चित्रमा के के देख्नुभयो ? चित्रमा भएका कुराहरू तपाईंहरूले आफैँले प्रत्यक्ष के के देख्नुभएको छ ? जस्ता प्रश्नोत्तर गरेर विषयवस्तुसँग सम्बन्धित छलफल सुरुआत गर्नुहोस् । विद्यार्थीले भनेका शब्द र वाक्य शैक्षणिक पाटीमा लेख्दै जानुहोस् ।

(ख) पाठ्यपुस्तकमा प्रयुक्त चित्र प्रदर्शन गरी चित्रमा कति जना मानिस छन् ? चित्रमा को को के के गर्दै छन् ? बिरुवा किन रोप्नुपर्छ ? बोटबिरुवालाई कसरी हुर्काउन सकिन्छ ? जस्ता के, कति, किन, कसरी आदि प्रश्नहरूका आधारमा चित्र वर्णन गर्न लगाउनुहोस् । चित्र वर्णन गर्दा चित्रको वातावरण समेट्न लगाउनुहोस् ।

(ग) विद्यार्थीलाई वातावरण विनाश गर्दा हुने क्षतिका घटनाहरू सुनाउनुहोस् । विद्यार्थीसँग वातावरण स्वच्छ भएमा हुने फाइदाका बारेमा छलफल गर्नुहोस् ।

(घ) पाठमा प्रयोग भएका चित्रसँग मिल्दाजुल्दा समूह वा पारिवारिक वातावरण देखिने चित्र वा पोस्टर प्रदर्शन गरी सिकाइको थप अवसर प्रदानगर्नुहोस् । यस क्रममा शब्द, चित्रपत्तीको प्रयोग र शब्दबोध


गर्ने अवसर पनि प्रदान गर्नुहोस् ।

(ङ) अनुमान, पूर्वानुमान गर्न लगाएर चित्र वर्णन गराउनुहोस् । यस क्रममा सामान्य वाक्य गठन, पदसङ्गति मिले नमिलेकोसम्बन्धमा विद्यार्थीलाई सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ७३ को क्रियाकलाप २ को चित्र प्रदर्शन गरी वर्णन गर्न लगाउनुहोस् ।

चित्र हेरेर वर्णन गर्नुहोस् :



**क्रियाकलाप ३** 

(क) विद्यार्थीलाई आफ्नो नाम भन्न लगाउनुहोस् र विद्यार्थीले भनेका नाम शिक्षकले शैक्षणिक पाटीमा लेख्दै जानुहोस् । ती शब्दमा कुन कुन वर्ण प्रयोग भएका छन्, छलफल चलाउनुहोस् । वर्ण मिलेर अक्षर र अक्षर मिलेर शब्द बन्ने कुरा बुझाउनुहोस् ।


(ख) शिक्षकले पाठमा प्रयुक्त शब्दहरू प्रदर्शन गर्नुहोस् । ती शब्दमा प्रयोग भएका वर्ण र मात्रा पहिचान गराउनुहोस् र शब्द उच्चारण गर्न लगाउनुहोस् ।

(ख) मात्रा लागेर बनेका थप शब्दको शब्दपत्ती प्रदर्शन गर्नुहोस् । विद्यार्थीहरूको समूह बनाई वर्णहरू बाँडिदिनुहोस् । विद्यार्थीहरूले प्रदर्शन गरेका वर्णहरू जोडेर शब्द बनाउने खेल खेलाउनुहोस् ।

(ग) विद्यार्थीले उच्चारण गरेका शब्दलाई शैक्षणिक पाटीमा लेख्नुहोस् । विद्यार्थीलाई ती शब्दमा भएका वर्ण गनेर भन्न लगाउनुहोस् । विद्यार्थीले शब्दमा भएका वर्ण गनेर भन्ने छन् । विद्यार्थीले भनेका शब्दका वर्णलाई छुट्याएर लेख्न स्वयम् सिकाइको अवसर दिनुहोस्, जस्तै : इँजार शब्दलाई इँ जा र, इज्जत शब्दलाई इ ज्ज त बनाउन सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ७४ को क्रियाकलाप ३ मा वर्ण छुट्याएर लेख्न लगाई मूल्याङ्कन गर्नुहोस् ।




**पढ्नुहोस् र वर्ण छुट्याएर लेख्नुहोस् :**

## क्रियाकलाप ४



(क) शिक्षकद्वारा तयार पारिएको एउटा शब्दको शब्दपत्ती र त्यसको नमुना वाक्य भएको वाक्य पत्ती प्रदर्शन गर्नुहोस् । शब्द र वाक्यको उच्चारण अभ्यास गराई कर्ता, कर्म र क्रियापद पहिचानका लागि छलफल गराउनुहोस् । वाक्य बनाउन कर्ता र क्रियापद चाहिने कुरा विद्यार्थीलाई सुनिश्चित गराउनुहोस् ।

(ख) पाठ्यपुस्तकभित्रका शिक्षकले तयार पारेका अजिङ्गर, आत्था .. जस्ता शब्दका शब्दपत्तीहरू प्रदर्शन गर्नुहोस् र ती शब्दहरू उच्चारण गर्न लगाउनुहोस् । विद्यार्थीलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । विद्यार्थीले सुनाएका वाक्यलाई शैक्षणिक पाटीमा लेख्नुहोस् ।

(ग) विद्यार्थीले बनाएका वाक्यहरूका कर्ता र कर्मबिचको सङ्गति मिले नमिलेको छलफल गराउनुहोस् । विद्यार्थीलाई वाक्यमा प्रयोग भएका कर्ताको लिङ्ग, वचन र पुरुषका आधारमा क्रियापद परिवर्तन हुने तरिकाबारे सहजीकरण गर्नुहोस् ।

(घ) विद्यार्थीलाई समूहमा विभाजन गरी कार्यपुस्तकमा दिइएका र त्यस्तै थप शब्द दिई वाक्य निर्माण गर्न लगाउनुहोस् । विद्यार्थीले तयार पारेका शब्दहरू प्रस्तुत गर्ने अवसर प्रदान गर्नुहोस् र शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ७४ को क्रियाकलाप ४ गर्न लगाई मूल्याङ्कन गर्नुहोस् ।

तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

अजिङ्गर : ..........................................................................................

आत्था : ..........................................................................................

उर्लनु : ..........................................................................................

इन्द्रेनी : ..........................................................................................

ऋषि : ..........................................................................................

एक्काइस : ..........................................................................................

## क्रियाकलाप ५ 

(क) पाठ्यपुस्तकको क्रियाकलाप ५ को चित्र प्रदर्शन गरेर चित्रमा कति जना मानिस छन् ? उनीहरूको नाम के हो ? उनीहरू कुन विषयमा कुराकानी गर्दै छन्?जस्ता प्रश्नोत्तर गरेर विषयवस्तुसँग सम्बन्धित छलफल सुरुआत गर्नुहोस् । विद्यार्थीले भनेका शब्द र वाक्य शैक्षणिक पाटीमा लेख्दै जानुहोस् ।

(ख) शिक्षकले तयार पारेका शब्दचार्ट प्रदर्शन गरेर ती शब्द पढेर सुनाउनुहोस् र विद्यार्थीलाई पनि उच्चारण अभ्यास गराउनुहोस् ।

(ग) विद्यार्थीको जोडी समूह बनाउनुहोस् । एउटा समूहलाई सुकुमायाले भनेको संवाद र अर्को समूहलाई नरेशले भनेको संवाद भन्न उत्प्रेरित गर्नुहोस् । उच्चारणमा समस्या भए सहजीकरण गर्दै वारम्वार उच्चारण अभ्यास गराउनुहोस् । यसरी नै पालैपालो संवाद पठनको अवसार प्रदान गर्नुहोस् ।

(घ) विद्यार्थीको जोडी समूहमा प्रश्नोत्तर खेल खेलाउनुहोस् । दौँतरी सिकाइमार्फत सिकाइको अवसर प्रदान गर्दै शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

### मूल्याङ्कन

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ७४ क्रियाकलाप ५ को प्रश्नोत्तर गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

पालैपालो पढ्नुहोस् र उत्तर भन्नुहोस् :

रुख रिसाए रे

(सुकुमाया र नरेश आपसमा कुराकानी गरिरहेका छन् ।)

सुकुमाया : सुन्यौ नरेश, सबै रुख रिसाए रे !

नरेश : किन सुकुमाया ? रुख रिसाएर हामीलाई के हुन्छ र ?

सुकुमाया : तिमीलाई थाहा छैन ? रुखले फालेको अक्सिजनबाट हामी बाँच्छौं नि !

नरेश : ए हो त । हामीसँग रुख किन रिसाएका रहेछन् त ?

सुकुमाया : हामीले गोडमेल गरेनौं रे । मल पनि हालेनौं रे अनि रिसाउँदैनन् त ! अब

रुखले सास फेर्न नै छोडिदिन्छौँ भनेका छन् रे ।

नरेश : पिर नगर सुकुमाया । म रुखलाई सम्झाउँछु । हामी अबदे खि गो डमे ल र मलजल गछौ ँ । फे रि हामीले पनि सास नफे र` उनीहरूलाई बाँच्न गा¼ो पर्छ । उनीहरूले फाले को सास हामीले लिन्छौ ँ । हामीले फाले को सास उनीहरूले लिन्छन् । हामीलाई रुख त नभई हुँदैन ।

सुकुमाया : मलाई डर लागेको थियो । तिम्रो कुरा सुनेर ढुक्क भएँ । म त पढ्न कोठातिर लागेँ है ।

नरेश : हुन्छ सुकुमाया, राम्रोसँग पढ ।

(क) को रिसाएका छन् ? (ख) हामी रुखलाई के के दिन सक्छौँ ?

(ग) हामीलाई रुख किन चाहिन्छ ?

## क्रियाकलाप ६



(क) शिक्षकले विभिन्न बोटबिरुवाको चित्र प्रदर्शन गर्नुहोस् । ती चित्रहरूमा भएका बोटबिरुवाका नाम के के हुन् ?जस्ता प्रश्नोत्तर गरेर छलफल सुरुआत गर्नुहोस् । विद्यार्थीले भनेका शब्द शैक्षणिक पाटीमा लेख्दै जानुहोस् ।

(ख) शिक्षकले तयार पारेका एक वर्ष मात्र बाँच्ने तीनओटा बोटबिरुवाको नाम र धेरै वर्ष बाँच्ने तीनओटा बोटबिरुवाको नाम भएको शब्दपत्ती प्रदर्शन गर्नुहोस् र उच्चारण अभ्यास गराउनुहोस् ।

(ग) एक वर्ष मात्र बाँच्ने बोटबिरुवा र धेरै वर्ष बाँच्ने बोटबिरुवा कुन कुन हुन् भनेर विद्यार्थीलाई प्रश्न गरी छलफल गराउनुहोस् । विद्यार्थीले भनेका कुराहरू शैक्षणिक पाटीमा लेख्दै जानुहोस् । आआÇना धारणा राख्ने अवसर सबैलाई प्रदान गर्नुहोस् ।

(घ) एक वर्ष मात्र बाँच्ने बोटबिरुवा र धेरै वर्ष बाँच्ने बोटबिरुवाको सूची प्रदर्शन गरी छलफल चलाउनुहोस् । हरेक बोटबिरुवाका सन्दर्भमा छलफलबाट आएको निष्कर्ष लेख्न उत्प्रेरित गर्नुहोस् र शिक्षकले आंशिक सहयोग गरिदिनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ७५ को क्रियाकलाप ६ लेख्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

एक वर्षसम्म बाँच्ने र धेरै वर्ष बाँच्ने तीन तीनओटा बोटबिरुवाका नाम लेखी त्यसका बारेमा एक एक वाक्य लेख्नुहोस् :

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

## क्रियाकलाप ७



(क) शिक्षकले सान्दर्भिक चित्र प्रदर्शन गरी विद्यार्थीलाई चित्रमा के के देख्नुहुन्छ भनेर प्रश्न गर्नुहोस् । विद्यार्थीले भनेका कुरा शैक्षणिक पाटीमा लेख्नुहोस् । चित्रको स्थान, हावापानी आदिका बारेमा छलफल चलाउनुहोस् ।

(ख) विद्यार्थीलाई तपाइँ बस्ने ठाउँ, जिल्ला र प्रदेशको नाम के हो ? जस्ता प्रश्न सोधी विद्यार्थीले भनेका उत्तरहरू शैक्षणिक पाटीमा तालिका बनाएर लेख्दै जानुहोस् :

| ठाउँको नाम | जिल्ला | प्रदेश |
|---|---|---|
| | | |

(ग) विद्यार्थीलाई 'तपाइँहरू बस्ने ठाउँमा के के छ ? भनेर प्रश्न गरी उनीहरूले भनेका कुरा शैक्षणिक पाटीमा टिपिदिनुहोस् र छलफल गराउनुहोस् ।

(घ) शिक्षकले तयार पारेको चार्ट प्रदर्शन गरी उच्चारण अभ्यास गराउनुहोस् र आफू बसेको ठाउँको वर्णन गर्न उत्प्रेरित गर्नुहोस् :

(अ) ठाउँको नाम, जिल्ला र प्रदेश

(आ) हावापानी

(इ) विद्यालय, बाटोघाटो, सिँचाइ, स्वास्थ्य चौकीको सुविधा

(ई) खोलानाला, पहाड

(उ) मठमन्दिर, चउर, गुम्बा, मस्जिद

(ङ)शिक्षकले दौँतरी सिकाइको अवसर प्रदान गर्नुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ७६ कोक्रियाकलाप ७गर्न लगाई मूल्याङ्कन गर्नुहोस् ।

दिइएका सङ्केतका आधारमा आफू बसेको ठाउँको वर्णन गर्नुहोस् :

(क) ठाउँको नाम, जिल्ला तथा प्रदेश

(ख) हावापानी

(ग) विद्यालय, बाटोघाटो, सिँचाइ, स्वास्थ्य चौकीको सुविधा

(घ) खोलानाला, पहाड

(ङ) मठमन्दिर, चउर, गुम्बा, मस्जिद

## क्रियाकलाप ८ 

(क) शैक्षणिक पाटीमा 'आँप, धान, काठमाडौँ, चिबे, फुटबल' जस्ता शब्द लेखी उच्चारण गर्न लगाउनुहोस् ।

(ख) आँप के हो ? धान के हो ? जस्ता प्रश्न सोधी छलफल चलाउनुहोस् । विद्यार्थीले भनेका कुरा शैक्षणिक पाटीमा लेख्नुहोस् ।

(ग) शिक्षकले प्रदर्शन गरेको शब्दपत्तीसँग मिल्दा शब्दपत्ती प्रदर्शन गरी तिनलाई पनि उच्चारण अभ्यास गराउनुहोस् ।

(घ) विद्यार्थीले उच्चारण गरेका शब्द पाठ्यपुस्तकमा कहाँ छन्, पत्ता लगाउन भन्नुहोस् । शिक्षकले शब्दपत्ती देखाउँदै विद्यार्थीलाई पालैपालो बोलाएर शैक्षणिक पाटीमा मिल्दो शब्द पत्ता लगाउन भन्नुहोस् । कतिओटा शब्दको मिल्ने शब्दसँग जोडा मिलाउन सक्ने रहेछन्, अवलोकन गर्नुहोस् । स्वयम् सिकाइको अवसर दिनुहोस् । जोडा मिलाउन समस्या भएका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ७६को क्रियाकलाप ८ गर्न लगाई मूल्याङ्कन गर्नुहोस् ।

मिल्ने शब्दसँग जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| आँप | अन्न |
| धान | सहर |
| काठमाडौँ | फलफूल |
| चिबे | खेल |
| फुटबल | चरो |

## क्रियाकलाप ९ 

(क) पाठमा प्रयुक्त चित्र प्रदर्शन गर्नुहोस् । चित्रमा के के भएको देखिन्छ, छलफल गर्नुहोस् ।

(ख) शिक्षकले तयार गरेका 'सानो-ठुलो, ढिलो-छिटो, दायाँ-बाँया, अग्ला-होचा' आदि शब्दका शब्दपत्ती प्रदर्शन गर्नुहोस् र ती शब्द उच्चारण गर्न लगाउनुहोस् । ती शब्द उच्चारणसँगै अर्थ भन्न र वाक्यनिर्माण गर्न सहजीकरण गर्नुहोस् ।

(ग) 'बिरुवा रोप्ने दिन'रेकर्ड गरिएको पाठ विद्यार्थीलाई सुनाउनुहोस् । विद्यार्थीले चित्र वर्णन गर्दा भनेका कुरा र मोबाइलमा सुनेका कुरा के के मिले भनेर छलफल गर्नुहोस् ।

(घ) शिक्षकले पाठ्यपुस्तकमा भएको 'बिरुवा रोप्ने दिन' पाठ सस्वरवाचन गर्नुहोस् । त्यसपछि विद्यार्थीलाई पाठको अनुवाचन तथा सहवाचन गर्न लगाउनुहोस् ।यस क्रममा विद्यार्थीले उच्चारण गर्न नसकेका शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् । रेखाङ्कन गरिएका शब्द जनाउने चित्र वा ठोस वस्तु प्रदर्शन गर्दै सँगसँगै शब्द उच्चारण गराउनुहोस् । राम्ररी उच्चारण गर्न नसकेसम्म अभ्यास गराउनुहोस् ।

(ङ) पाठमा प्रयोग भएका वाक्यका वाक्यपत्ती बनाउनुहोस् । ती वाक्यपत्तीलाई छ्यासमिस गरी विद्यार्थीका समूहमा वितरण गर्नुहोस् र उक्त वाक्यपत्तीलाई पाठमा प्रयोग गरिए जसरी क्रमशः मिलाएर पढ्न लगाउनुहोस् । सहजीकरणका क्रममा शिक्षकले आंशिक सहयोग गर्नुहोस् ।

(च) शिक्षकले पाठगत प्रश्नको उत्तर खोज्ने तरिकाबारे छलफल गर्नुहोस् । पाठ पढिसकेपछि कुनै एउटा 'के/को' प्रश्नसँग सम्बन्धित उत्तर बताइदिनुहोस् । त्यसैअनुरूप विद्यार्थीलाई पनि अभ्यास गराउनुहोस् । विद्यार्थीलाई पाठ्यपुस्तकमा भएका अन्य सान्दर्भिक प्रश्न सोधी उत्तर भन्न लगाउनुहोस् । यदि विद्यार्थी समर्थ पाइएमा कसरी र कहाँ जस्ता प्रश्न निर्माण गरी सोध्नुहोस् । सिकाइका क्रममा शिक्षकले आंशिक सहयोग गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ७६ को 'बिरुवा रोप्ने दिन' पाठ पढेर प्रश्नको उत्तर भन्न लगाउनुहोस् ।

पढ्नुहोस् र उत्तर भन्नुहोस् :

बिरुवा रोप्ने दिन

गाउँको चउरमा बिरुवा रोप्ने दिन थियो । उमा र झुमा पनि बिरुवा रोप्न गए । उमाले सानो बिरुवा रोपिन् । झुमाले ठुलो बिरुवा रोपिन् । उमाले ढिलो रोपिन् । झुमाले छिटो रोपिन् । उमाले दायाँतिर रोपिन् । झुमाले बायाँतिर रोपिन् । उमाका बिरुवा होचा थिए । झुमाका बिरुवा अग्ला थिए । उमाले रोपेका बिरुवामा पात धेरै थिए । झुमाले रोपेका बिरुवामा पात थोरै थिए । सबै मिली बिरुवा रोपे । सबै एकै ठाउँमा भेला भए । हरि काकाले भाषण गर्नुभयो । उहाँले भन्नुभयो "बिरुवा रोप्नाले हावा, पानी र माटो राम्रो हुन्छ । वरिपरिको वातावरण सफा हुन्छ । बिरुवा रोपेर मात्र हुँदैन । यसलाई जोगाउनु पर्दछ । हामी आफूले रोपेको बिरुवा आफैँले जोगाऔँ ।" काकाको
कुरा सुनेर सबैले ताली बजाए । उमाले आफूले रोपेका बिरुवानजिक माटामा नाम लेखिन् । झुमाले पनि त्यसै गरिन् । बिरुवा रोपेका दिन रमाइलो भयो । अचेल उमा र झुमा शनिबार आफूले रोपेका बिरुवा हेर्न जान्छन् । बिरुवा वरिपरि उम्रेका झार उखेल्छन् । आफूले रोपेका बिरुवामा मल र पानी हाल्छन् । बिरुवा सरिसकेका छन् । उमा र झुमालाई बिरुवा सरेको देखेर रमाइलो लाग्छ ।

(क) काकाले के भनेर भाषण गर्नुभयो ?

(ख) उमा र झुमालाई किन रमाइलो लाग्छ ?

(ग) उमा र झुमाले कसरी बिरुवा रोपे ?

## क्रियाकलाप १० 

(क) शिक्षकले तयार गरेका शब्दपत्ती प्रदर्शन गर्नुहोस् र ती शब्द उच्चारण गर्न लगाउनुहोस् । शब्द उच्चारणसँगै वाक्यनिर्माण गर्न सहजीकरण गर्नुहोस् ।

(ख) शिक्षकले क्रियाकलाप १० को अनुच्छेद सस्वरवाचन गर्नुहोस् । त्यसपछि विद्यार्थीलाई पाठको अनुवाचन तथा सहवाचन गर्न लगाउनुहोस् ।यस क्रममा विद्यार्थीले उच्चारण गर्न नसकेका शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् । रेखाङ्कन गरिएका शब्द उच्चारण गराउनुहोस् । राम्ररी उच्चारण गर्न नसकेसम्म अभ्यास गराउनुहोस् ।

(ग) शिक्षकले पाठगत प्रश्नको उत्तर खोज्ने तरिकाबारे छलफल गर्नुहोस् । पाठ पढिसकेपछि कुनै एउटा 'के/को' प्रश्नसँग सम्बन्धित उत्तर बताइदिनुहोस् ।

(घ) विद्यार्थीलाई दुई समूहमा बाँड्नुहोस् र प्रश्नोत्तर खेल खेलाउनुहोस् ।

(ङ) विद्यार्थीलाई पाठ्यपुस्तकमा भएका अन्य सान्दर्भिक प्रश्न सोधी उत्तर भन्न लगाउनुहोस् । दौँतरी सिकाइको अवसर प्रदान गर्नुहोस् ।

### मूल्याङ्कन

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ७७ को क्रियाकलाप १० पाठ पढेर प्रश्नको उत्तर भन्न लगाउनुहोस् ।

तलको अनुच्छेद पढी उत्तर भन्नुहोस् :

राकेशले भने, "कृपया मसीको भाँडो भर्नुहोस् ।" सरलाले मसीको भाँडो लिइन् । यसलाई छिट्टै सफा गरिन् । भाँडामा मसी भरिन् । यो काम उनले सधैँ गर्थिन् । नगरेको काम एकै पटकमा गर्न सजिलो हुँदैन । नगरेका काम गर्न जानिँदैन पनि । ऊ अलमलिन्छ ।

(अ) राकेशले कसलाई काम अ¼ाए ?

(आ) सरलाले मसी भर्नुभन्दा पहिला के गरिन् ?

(इ) नयाँ काम एकै पटकमा गर्न किन सजिलो हुँदैन ?

## क्रियाकलाप ११ 

(क) शिक्षकले तयार पारेका संयुक्त वर्ण संरचना भएका जोडी शब्द पत्ती प्रदर्शन गर्नुहोस् । ती शब्दलाई उच्चारण अभ्यास गराउनुहोस् ।

(ख) पाठमा दिइएका शब्दको जोडी शब्दपत्ती प्रदर्शन गरी उच्चारण गर्न लगाउनुहोस् । विद्यार्थीले उच्चारण गरेका शब्द पाठ्यपुस्तकमा कहाँ छन्, पत्ता लगाउन भन्नुहोस् । वर्ण र चन्द्रबिन्दुले उच्चारणमा पार्ने फरक बताइदिनुहोस् ।

(ग) जोडी शब्दपत्ती विद्यार्थीलाई बाँड्नुहोस् । विद्यार्थीलाई शुद्ध शब्दपत्ती मात्र प्रदर्शन गर्ने लगाउनुहोस् र अवलोकन गर्नुहोस् । शुद्ध शब्दपत्ती प्रदर्शन गरे प्रोत्साहन गर्नुहोस्, अशुद्ध शब्द प्रदर्शन गरे सहजीकरण गरी पुनः शुद्ध शब्द प्रदर्शन गर्न उत्प्रेरित गर्नुहोस् । सही शब्द पहिचान गरी कापीमा लेख्न लगाउनुहोस् । सिकाइका क्रममा आंशिक सहयोग गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ७७ को क्रियाकलाप ११ गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

| शब्दहरू | सही शब्द | शब्दहरू | सही शब्द | शब्दहरू | सही शब्द |
|---|---|---|---|---|---|
| बाक्य / वाक्य | वाक्य | क्वाँ क्वाँ / क्वाक्वा | | डाडा / डाँडा | |
| ड्याउरो / ड्याउरो | | क्यामरी / क्यामेरा | | ख्वाख्क / ख्वाक्क | |
| घ्याम्पे / ख्याम्पे | | क्वाक्क / ज्याक्क | | | |

सही शब्द चिनी लेख्नुहोस् :

**क्रियाकलाप १२** 

(क) पढ्, भन्, कुद्, चर्, खाँद् जस्ता शब्द र तिनबाट बनेका पढ्छ, भन्छ, कुद्छ, चर्छ, खाँद्छ जस्ता शब्दका वाक्यपत्ती प्रदर्शन गर्नुहोस् । ती शब्दको बनोटबारे कक्षामा विद्यार्थीबिच छलफल चलाउनुहोस् ।

(ख) पढ्, भन्, कुद्, चर्, खाँद् शब्दबाट पढ्छ, भन्छ, कुद्छ, चर्छ, खाँद्छ जस्ता शब्द बनाउन विद्यार्थीहरूलाई पालैपालो मौखिक अभ्यास गराउनुहोस् ।

(ग) शिक्षकले तयार पारेको शब्दपत्ती विद्यार्थीलाई एक एकओटा बाँड्नुहोस् । पढ्, पढ्छ, पढ्यो, पढ्ने छ लेखिएको शब्दपत्ती भएका विद्यार्थीलाई एउटा समूह बनाउन लगाउनुहोस् । त्यसैगरी भन्, कुद्, चर्, खाँद् धातु र त्यसबाट बनेका शब्दपत्ती भएका विद्यार्थीलाई समूह बनाउन लगाउनुहोस् ।

(घ) विद्यार्थीले प्रदर्शन गरेका शब्दहरूको उच्चारण अभ्यास गराउनुहोस् । विद्यार्थीलाई पढ्छ, पढ्यो, पढ्ने छ शब्दले व्यक्त गर्ने समयगत भिन्नताका बारेमा छलफल गराउनुहोस् ।

(ङ) यसैगरी पाठ्यपुस्तकमा भएका भन्, कुद्, चर्, खाँद् शब्दांशको पछाडि खाली ठाउँमा उपयुक्त शब्द लेख्न प्रोत्साहन गर्नुहोस् ।स्वयम् सिकाइको अवसर प्रदान गर्नुहोस् ।

(च) विद्यार्थीमध्ये कसैलाई खाली ठाउँमा मिल्दो शब्द लेख्न समस्या भएमा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ७७ को क्रियाकलाप १२ लेख्न लगाई मूल्याङ्कन गर्नुहोस् ।

खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् :

| पढ् | पढ्छ | पढ्यो | पढ्ने छ |
|---|---|---|---|
| भन् | ............. | ............. | ............. |
| कुद् | ............. | ............. | ............. |
| चर् | ............. | ............. | ............. |
| खाँद् | ............. | ............. | ............. |

## क्रियाकलाप १३



(क) पाठमा प्रयुक्त चित्र वा अन्य सान्दर्भिक चित्र प्रदर्शन गर्नुहोस् । के, को, कहाँ आदि प्रश्न गरी चित्रमा भएका कुराहरूलाई मौखिक प्रश्नोत्तर गराउँदै विषय प्रवेश गर्नुहोस् ।

(ख) शिक्षकले तयार पारेका पाठमा प्रयुक्त शब्दका शब्दपत्तीहरू प्रदर्शन गर्नुहोस् र ती शब्दहरू पाठमा कहाँ छन् भनेर प्रश्न गर्दै शब्द खोज्न लगाई शब्द रेखाङ्कन गर्न लगाउनुहोस् । ती शब्दका बारेमा प्रश्नोत्तर गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ग) पाठमा प्रयुक्त चित्र वर्णन गर्न लगाउनुहोस् । विद्यार्थीले वर्णन गरेका कुराहरूलाई कथात्मक बनाइदिनुहोस् । 'रमाइलो मेला' कथा वाचन गरेर सुनाउनुहोस् । कथा सुनाउँदा आरोह, अवरोह, गति, यति, हाउभाउ र वाचनकलालाई विशेष जोड दिनुहोस् । जसबाट विद्यार्थीलाई कथा सुनिरहूँ जस्तो लागोस् ।

(घ) कथामा भएका पात्रहरूको नाम भन्न लगाउनुहोस् र भन्न असमर्थ भए सहजीकरण गरिदिनुहोस् ।

(ङ) विद्यार्थीलाई पालैपालो सस्वर पठन गर्न लगाउनुहोस् । पठन गर्दा उच्चारणमा कठिन भएका शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् र शिक्षकले सहजीकरण गरिदिनुहोस् ।

(च) शिक्षकले पाठगत प्रश्नको उत्तर खोज्ने तरिकाबारे छलफल गर्नुहोस् । पाठ पढिसकेपछि कुनै एउटा 'के/को' प्रश्नसँग सम्बन्धित उत्तर बताइदिनुहोस् ।

(छ) पाठमा भएका प्रश्नका उत्तर पाठमा पहिचान गर्न लगाउनुहोस् र प्रश्नोत्तर गर्न सहजीकरण गर्नुहोस् ।

(ज) 'रमाइलो मेला' पाठमा राम्रा लागेका कुरा बुँदागत टिपोट गर्न लगाई टिपोट गरिएका कुराहरू कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । सिकाइका क्रममा शिक्षकले आंशिक सहयोग गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ७८ क्रियाकलाप १३ मा भएको 'रमाइलो मेला' पाठ पढी प्रश्नोत्तर लेख्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

रमाइलो मेला

गाउँमा मेला लागेको थियो । मेलामा टाढा टाढाका मानिस आउँथे । आकाश र ऋषभले मेलामा इष्टमित्र भेट्ने इच्छा गरे । आकाशले जिउमा इस्टकोट लगायो । ऋषभले औँलामा औँठी लगायो । दुवै आइतबारे मेलातिर लागे । उहिले मेलामा हात्ती सिँगारेर राखिन्थ्यो । सबै ऐरावत भनी त्यसलाई भेटी चढाउँथे । गाउँका मुखियाले आफैँ एक अम्खोरा दुध चढाउँथे । यसो गर्दा पिरले आँसु झार्नु नपर्ने विश्वास थियो । अहिले मेला पहिलेको जस्तो हुँदैन । मेलामा मानिसहरू ओदान गाडेर खानेकुरा पकाउँथे । कोही अगेनाको छेउमा बसेर आगो ताप्थे । कोही अकबरे खुर्सानी बेच्नमै व्यस्त हुन्थे । कोही चाहिँ झगडा गरेर उपद्रो मच्चाउँथे । आकाश र ऋषभ मेलामा पुग्दा यसपालि त यस्तो देखिएन । अस्ति गाउँमा सबैले सल्लाह गरे । यही कारणले इष्टमित्र पनि मेलामा आएछन् । मेलामा उपद्रो गर्ने कोही पनि थिएनन् । पहिलेको भन्दा धेरै रमाइलो भयो । अकस्मात् गाउँका मुखिया देखिए । सबै कुरा बदलिए पनि उनी चाहिँ उस्तै थिए ।

(क) को को आइतबारे मेलातिर लागे ? ...........................................................................

(ख) मेलामा के के गरिन्थ्यो ? ..........................................................................................

(ग) मेलामा इष्टमित्र किन आएछन् ? ..............................................................................

(घ) 'रमाइलो मेला' पाठमा तपाईंलाई राम्रा लागेका कुरा कापीमा टिपोट गर्नुहोस् ।

## क्रियाकलाप १४



(क) शैक्षणिक पाटीमा विसङ्केतन वर्णका शब्दजाल बनाउनुहोस्वा तयारी चार्ट प्रदर्शन गर्नुहोस् ।

(ख) शब्दजालमा भएका वर्ण जोडेर विभिन्न प्रकारका शब्द निर्माण गर्न सकिने कुरा बताउनुहोस् । ती शब्द के के होलान्, शब्दजाल हेरेर अनुमान गर्न लगाउनुहोस् ।

(ग) शब्दजालमा भएका कुनै शब्द शिक्षकले उच्चारण गर्नुहोस् र विद्यार्थीलाई शब्दजालमा पत्ता लगाउन लगाएर वर्णमा गोलो घेरा लगाउन निर्देशन दिनुहोस् ।

(घ) विद्यार्थीलाई मनोरञ्जनात्मक तरिकाले बोर्ड खेल खेलाएर शब्द पत्ता लगाउन निर्देशन दिनुहोस् । दौँतरी सिकाइका लागि सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ७९ को क्रियाकलाप १४ गर्न लगाउनुहोस् र अवलोकन गर्नुहोस् ।

वर्ण जोडेर दशओटा शब्दमा घेरा लगाई कापीमा लेख्नुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| ए | उ | टा | क | ल | श |
| कु | ता | कु | ल | सु | न्या |
| रा | रा | रो | क | न | उ |
| का | जो | ल | ल | ने | री |
| नी | मु | हा | न | पा | न |
| दे | श | त | ङ | ल | दी |

## क्रियाकलाप १५

(क) साथीले खाजा खायो । साथीहरूले खाजा खाए । जस्ता वाक्यपत्ती प्रदर्शन गरेर छलफल गर्नुहोस् । ती वाक्य उच्चारण गर्न लगाउनुहोस् । साथी-साथीहरू, खायो-खाए शब्दमा आएको परिवर्तनका बारेमा छलफल गराउनुहोस् । साथी शब्दले एक जना र साथीहरू शब्दले धेरै जनाको बोध गराउने कुरा विद्यार्थीलाई सुनिश्चित गराउनुहोस् ।

(ख) विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ७९ को उदाहरणमा दिइएको वाक्य पढ्न लगाउनुहोस् । एकवचन र बहुवचनको अवधारणा थप स्पष्ट पार्नुहोस् ।

(ग) निम्नानुसारका तरिका उपयोग गरी खेल खेलाउनुहोस् :

(अ) विद्यार्थीहरूको सङ्ख्याका आधारमा समूह बनाउनुहोस् ।

(आ) समूहका बिचमा शिक्षकले तयार पारेका वाक्यपत्तीलाई लहरमा घोप्ट्याएर राख्नुहोस् ।

(इ) समूहबाट कसले पहिला खेल्ने हो पालो निर्धारण गर्नुहोस् ।

(ई) पहिला खेल्ने विद्यार्थीलाई एउटा वाक्यपत्ती उल्टाउन लगाउनुहोस्, जस्तै : 'भाइ घर गयो' । अर्को विद्यार्थी समूहलाई 'भाइहरू घर गए' लेखिएको वाक्यपत्ती उल्टाउन लगाउनुहोस् । पहिलो समूहसँग भएको वाक्यको कर्ता र क्रियापद बदलेर दोस्रो वाक्य बनेको कुरा प्रस्ट पार्नुहोस् ।

(घ) यसैगरी पाठ्यपुस्तकमा भएका वाक्यहरूको कर्ता र क्रियापद बदलेर वाक्य बनाउने अभ्यास गराउनुहोस् । आवश्यकता भएका विद्यार्थीलाई थप सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ७९ कोक्रियाकलाप १५ गराएर अवलोकन गर्नुहोस् ।

| | |
|---|---|
| उदाहरणमा जस्तै गरी वाक्य परिवर्तन गर्नुहोस् : | |
| जस्तै : भाइ घर गयो । | भाइहरू घर गए । |
| (क) घोडाले दाना खायो । | ............................................ |
| (ख) मैले कथा भनेँ । | ............................................ |
| (ग) साथी पोखरा गयो । | ............................................ |
| (घ) दिदीले कविता लेख्नुभयो । | ............................................ |

## क्रियाकलाप १६ 

(क) शिक्षकले अनुलेखनका लागि तयार पारिएको अनुच्छेद चार्ट प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ख) सस्वरवाचनपछि शिक्षकले विद्यार्थीलाई पृ.स. ७९ क्रियाकलाप १६ जस्ताको तस्तै सार्ने अनुलेखनको अभ्यास गराउनुहोस् । लेखन प्रक्रियाका चरणहरूको अनुसरण गर्न लगाउनुहोस्, जस्तै :

(अ) सिसाकलम र सम्बन्धित अनुच्छेद दिनुहोस् ।

(आ) विद्यार्थीलाई कापीको हारमा डिका सिधा दिएर अक्षरको आकार सिधा र बान्की मिलाएर लेख्न सिकाउनुहोस् ।

(इ) विद्यार्थीलाई शुद्ध, सफा र बान्की मिलाएर लेख्न सिकाउनुहोस् ।

(ई) विद्यार्थीलाई पाठ्यपुस्तकमा भएको अनुच्छेदको अनुच्छेदपत्ती देखाउनुहोस् । त्यहाँ भएकावाक्य उच्चारण गर्ने अभ्यास गराउनुहोस् । आवश्यक परेमा विद्यार्थीलाई सहयोग गर्नुहोस् ।

(ग) पाठ्यपुस्तकका अतिरिक्त थप अभ्यासका लागि अनुच्छेदको कार्यपत्ती बनाएर विद्यार्थीलाई अनुलेखनको प्रशस्त अभ्यास गराई स्वयम् सिकाइका लागि सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ७९ कोक्रियाकलाप १६ को अनुलेखन शुद्ध, सफा र बान्की मिले नमिलेकोमूल्याङ्कन गर्नुहोस् ।

जस्ताको त्यस्तै कापीमा सार्नुहोस् :

जङ्गलमा हात्ती र न्याउरी थिए । उनीहरू मिलेर बस्थे । हात्ती र न्याउरी सँगै खानेकुरा खोज्न जान्थे । एक दिन तिनीहरूको 'को बाठो' भन्ने कुरामा झगडा पऱ्यो । उनीहरूले सिंहलाई झगडा छिनिदिन भने । सिंहले दुवैलाई खोलापारिबाट काफल टिपेर ल्याओ भन्यो । खोलो तर्दा न्याउरी हात्तीको पिठिउँमा चढ्यो । काफलको रुख अग्लो थियो । न्याउरीले काफल टिप्यो । हात्तीले काफल बोक्यो । दुवै जना फर्किए । सिंह

त्यहाँ थिएन । हात्ती भुइँमा थ्याच्च बस्यो । सिंह त अलि पर आँखा चिम्लिएर बसेको थियो । न्याउरीले सिंह त ध्यान गर्दै छ भनी करायो । निदाएको सिंह ब्युँझियो । उसले न्याउरी र हात्तीले मिलेर काम गरेको थाहा पायो । सिंहले दुवै बाठा छौ भन्यो । दुवैले सिंहलाई धन्यवाद दिए ।

## क्रियाकलाप १७



(क) शिक्षकले 'नमस्कार, आउनुहोस्, बस्नुहोस्, तपाईं, हजुर, धन्यवाद, कृपया, हवस्' जस्ता शब्दपत्ती प्रदर्शन गरी उच्चारण अभ्यास गराउनुहोस् ।

(ख) विद्यार्थीलाई दुई समूहमा बाँड्नुहोस् । शिक्षकले तयार गरेका पाठमा प्रयुक्त शब्द तथा शब्दावली लेखिएका शब्दपत्ती र ती शब्द प्रयोग गरी बनाइएका वाक्यपत्ती विद्यार्थीलाई बाँड्नुहोस् र प्रदर्शन गर्न लगाउनुहोस् ।

(ग) शब्दपत्ती र वाक्यपत्ती पढ्न लगाउनुहोस् । उच्चारणमा समस्या भए सहजीकरण गर्दै जानुहोस् । पाठ्यवस्तुमा आधारित भएर छलफल गराउनुहोस् ।

(घ) संवादका लागि सुरुमा दुई जना विद्यार्थी छनोट गर्नुहोस् । नमस्कार, आउनुहोस्, बस्नुहोस्, कस्तो छ, तपाईं, हजुर, धन्यवाद, सोधेको छ भनिदिनु, कृपया, हवस् जस्ता पदावली प्रयोग गरी कुराकानी अगाडि बढाउन लगाउनुहोस् । संवादमा क्रममा स्वयम् सिकाइका लागि सहजीकरण गर्दै जानुहोस् । संवादको अवसर अरू विद्यार्थीलाई पनि दिनुहोस् ।

(ङ) विद्यार्थीलाई निर्दिष्ट शब्द प्रयोग गरी संवाद लेख्न उत्प्रेरित गर्नुहोस् ।

### मूल्याङ्कन

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ७९ को क्रियाकलाप १७ लेख्न लगाई मूल्याङ्कन गर्नुहोस् :

नमस्कार, आउनुहोस्, बस्नुहोस्, कस्तो छ ?, तपाईं, हजुर, धन्यवाद, सोधेको छ भनिदिनुहोस्, कृपया, हवस् जस्ता शब्द तथा शब्दावलीको प्रयोग गरी छोटो संवाद लेख्नुहोस् ।


# पाठ १०

## (क) सिकाइ सहजीकरण योजना

| क्र. स. | विषयवस्तु | व्यवहारकुशल सिप | घन्टी | पाठ्य तथा कार्यपुस्तकको सम्बन्धित पृष्ठसङ्ख्या |
|---|---|---|---|---|
| १. | शब्दका सुरु र बिचका ध्वनि थप्ने र झिक्ने | • प्रयोग सिप(S1.1)<br>• रचनात्मक सोच सिप (S1.3)<br>• सञ्चार सिप (S3.1)<br>• सहकार्य सिप (S3.2)<br>• दृश्य साक्षरता सिप (S4.3)<br>• सूचना साक्षरता सिप (S4.4) | ६ | ८० देखि ८८ सम्म |

## (ख) सिकाइ क्रियाकलापका आधार

यस पाठको सिकाइ सहजीकरण गर्नुपूर्व निम्नानुसारको पूर्वतयारी गर्नुहोस् :

| पठन तत्त्व | क्रियाकलापको आधार | क्रियाकलापको सङ्केत र क्रम | सिकाइ सामग्री |
|---|---|---|---|
| १. ध्वनि सचेतीकरण | **शिक्षकको पूर्ण सहयोग** |  १ | १. 'धर्तीलाई जोगाऔँ' पाठमा प्रयुक्त चित्र वा पोस्टर<br>२.हावापानी, जडीबुटी, आँगनछेउ, जङ्गलभरि, आत्थाथा, अधिकार, डढेलो जस्ता शब्दका शब्दपत्तीहरू<br>३.'धर्तीलाई जोगाऔँ' कविता लेखिएको चार्ट |
| २. दृश्यबोध | **शिक्षकको आंशिक सहयोग** |  २ | १.पाठमा प्रयुक्त चित्र वा पोस्टर तथा सान्दर्भिक चित्र |
| ३. लेख्यवर्ण सचेतीकरण | **स्वयम् सिकाइ** |  ३ | १.पाठमा प्रयुक्त र अन्य शब्दका शब्दपत्तीहरू<br>(आँगन, आँटिलो, आदर्श, विनाश, उहिले, ओभानो, एघार, आवाज, रोजेको) |
| ४. शब्दभण्डार | **शिक्षकको आंशिक सहयोग** |  ४ | १. पाठमा प्रयुक्त आच्छु, आकाश, हरियाली, उज्ज्वल, जाँगरिलो जस्ता शब्दका शब्दपत्तीहरू<br>२. वाक्यपत्तीहरू |
| ५. पठन प्रवाह | **दौँतरी सिकाइ** |  ५ | १. पाठमा प्रयुक्त शब्दपत्तीहरू ( प्राकृतिक, सुन्दरता, विश्व, विदेशी, महत्त्व, धन्यवाद) |

| | | | |
|---|---|---|---|
| | | | २. संवाद लेखिएको चार्ट |
| ६. शब्दभण्डार | **दौँतरी सिकाइ** |  ६ | १. शब्दपत्तीहरू (विमान, नजिक, कवि, विहार, रवि, विदेश, शङ्कर, रहेछ, छवि ) |
| ७. पठनबोध | **दौँतरी सिकाइ** |  ७ | १. पाठमा प्रयुक्त बजार, किन्न, व्यापारी, छक्क, महँगो, मूल्य, नराम्रो जस्ता शब्दका शब्दपत्तीहरू<br>२. पाठमा प्रयुक्त चित्र<br>३. मोबाइल वा कुनै विद्युतीय माध्यममा विद्यार्थीकै आवाजमा रेकर्ड गरिएको कथा |
| ८. बोध | **दौँतरी सिकाइ** |  ८ | १. विद्यालय वरपर पाइने वस्तु, स्थान वातावरण बुझाउने शब्दका शब्दपत्ती तथा वाक्यपत्ती |
| ९ कार्यमूलक व्याकरण | **स्वयम् सिकाइ** |  ९ | १. हिँड्यो, थुन्यो, पढी, कुद्यो, कुदी, कुद्छस्, लेख्यो, लेखी, लेख्नुहुन्छ, खेल्यो, खेली, खेल्छस् जस्ता शब्दका शब्दपत्तीहरू<br>२. वाक्यपत्तीहरू |
| १० कार्यमूलक व्याकरण | **शिक्षकको आंशिक सहयोग** |  १० | १. शब्दपत्तीहरू<br>(बस्नु, पढ्नु, सुत्नु, बाल्नु, भन्न, कुद्नु, उठ्नु, उड्नु आदि) |
| ११. श्रुतिबोध | **शिक्षकको पूर्ण सहयोग** |  ११ | १. चित्रपत्ती<br>२. श्रव्यदृश्य (मोबाइल, प्रोजेक्टर वा अन्य कुनै माध्यमबाट रेकर्ड गरिएको) सामग्री |
| १२ शब्दभण्डार | **स्वयम् सिकाइ** |  १२ | १. शब्दपत्तीहरू ( दाना, पाना, कथा, कविता)<br>२. चित्रपत्तीहरू<br>३. वाक्यपत्तीहरू |
| १३. पठनबोध | **शिक्षकको आंशिक सहयोग** |  १३ | १. चित्रपत्ती<br>२. मोबाइल वा अन्य कुनै माध्यमबाट रेकर्ड गरिएको श्रव्यदृश्य सामग्री |
| १४. शब्दभण्डार | **स्वयम् सिकाइ** |  १४ | १. शब्दपत्तीहरू ( भोलि, हिजो, शुभ, फर्सी, इन्द्र, खेती) |
| १५. पठनबोध | **शिक्षकको आंशिक सहयोग** |  १५ | १. चित्तपत्ती<br>२. शब्दपत्तीहरू<br>आकाश, थाम्छ, बोक्दा, काम्छ, ढुङ्गा, आगोबिना, पानीमाथि, तैरिएर, थाक्दैनन्, उखेलेर<br>३. तिमीलाई कस्तो लाग्छ कविता लेखिएको चार्ट |

| | | | |
|---|---|---|---|
| १६. लेखाइ | **दौँतरी सिकाइ** |  १६ | १. शब्दपत्तीहरू<br>अपुग, अहित, अमृत, अमन, आदेश, आकृति, आहारा आदि |
| १७. पठन प्रवाह | **दौँतरी सिकाइ** |  १७ | १. विद्युतीय श्रव्यदृश्य सामग्री<br>२. सरसफाइका फाइदा र बेफाइदा लेखिएको चार्ट |
| १८. लेखाइ | **स्वयम् सिकाइ** |  १८ | १. प्रश्नसूची<br>जस्तै : घर वरपरको वातावरण कस्तो छ ?<br>२. वातावरण सफा राख्न आवश्यक पर्ने उपायको बुँदा सूची |

### (ग) सिकाइ क्रियाकलाप

क्रियाकलाप १ 

(क) कक्षामा सबै विद्यार्थीले देख्ने गरी 'धर्तीलाई जोगाऔँ' पाठमा प्रयुक्त चित्र वा पोस्टर प्रदर्शन गरेर छलफल गर्नुहोस् । छलफल गराउँदा पालैपालो बोल्ने बानीको विकास गराउनुहोस् । चित्रमा के के देख्नुहुन्छ ? त्यहाँ रुखहरू कत्रा देखिन्छन् ? जस्ता प्रश्नोत्तर गरेर विषयवस्तुको सुरुआत गर्नुहोस् । विद्यार्थीले भनेका कुरा शैक्षणिक पाटीमा लेख्नुहोस् ।

(ख) शिक्षकले तयार पारेका हावापानी, जडीबुटी, आँगनछेउ, जङ्गलभरि, आत्थाथा, अधिकार, डढेलो जस्ता शब्दका शब्दपत्तीहरूप्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई ती शब्द उच्चारण गर्न लगाउनुहोस् ।

(ग) शिक्षकले 'रोपेको - रोजेको, आकाश - विनाश, आमाको - हिमालको, कसैलाई-सबैलाई' आदि कविताका अन्त्यमा आएका शब्दपत्तीहरू प्रदर्शन गरी त्यस्तै अन्त्यमा उस्तै ध्वनि आउने शब्दका बारेमा छलफल गराउनुहोस् ।

(घ) पाठ्यपुस्तकमा रहेको 'धर्तीलाई बचाऔँ' कविताको कविता चार्ट वा पाठ्यपुस्तकको सम्बन्धित पृष्ठ प्रदर्शन गर्दै शिक्षकले गति, यति, लय र हाउभाउसहित गाएर सुनाउनुहोस् । मोबाइल वा कुनै विद्युतीय साधनमा कविता रेकर्ड गराएर विद्यार्थीलाई सुनाउनुहोस् । शिक्षकले युट्युब वा पावर प्वाइन्टको प्रयोग पनि गर्न सक्नुहुने छ । त्यसपछि विद्यार्थीसँगै समूहमा गाउनुहोस् । यस क्रममा क्रमिक सिकाइ रणनीति (शिक्षकले गरेर देखाउने, शिक्षक र विद्यार्थीले सँगसँगै गर्ने, विद्यार्थी विद्यार्थीसँगै अभ्यास गर्ने र विद्यार्थीलाई व्यक्तिगत रूपमा गर्न लगाउने) लाई उपयोग गर्नुहोस् । लयबद्ध वाचनमा समस्या भएका विद्यार्थीलाई उपयुक्त चिह्न, सङ्केत र क्रियाकलापको उपयोग गरी थप सिकाइको अवसर प्रदान गर्नुहोस् ।

(ङ) कविता वाचन गर्दा विद्यार्थीलाई दुई समूहमा बाँड्नुहोस् । एक समूहका विद्यार्थीलाई आधा हरफ र अर्को समूहका विद्यार्थीलाई अर्को बाँकी आधा हरफ गाउन लगाई रमाइलो तरिकाले गाउन सिकाउनुहोस् । समूहमा कविता वाचन गर्दा कुन समूहले राम्रोसँग लय मिलाएर गाउन सक्छन्, अवलोकन गर्नुहोस् । दुवै समूहलाई एउटै लयमा मिलाएर गाउन उत्प्रेरणा दिनुहोस् ।

(च) कविता गाउँदा शिक्षकले प्रदर्शन गरेको शब्दपत्तीका शब्द 'धर्तीलाई बँचाऔँ' कवितामा खोजी शब्दमा

रेखाङ्कन गर्न लगाउनुहोस् र रेखाङ्कित शब्द पुनः उच्चारण गर्न लगाउनुहोस् ।

(छ) कविता वाचनको अन्त्यमाआँगनछेउमा के छ ? अलिपर केको रुख छ ? माटो के भनेर रुँदै छ ? आकाश किन आत्तियो ? जस्ता प्रश्न गरी उत्तरका रूपमा आउने शब्द विद्यार्थीबाट नै उच्चारण गर्ने वातावरण तयार गर्नुहोस् । ध्वनि सचेतीकरणका क्रममा शिक्षकले पूर्ण सहयोग गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स.८० को 'धर्तीलाई बचाऔँ' कविता गति, यति र लयहालेर सुनाउनलगाउनुहोस् ।

लय मिलाएर गाउनुहोस् :

धर्तीलाई बचाऔं

आँगनछेउ तुलसी बोट आमाले रोपेको
त्यहीँ अलि पर आँपको रुख मैले हो रोजेको
डढेलो लाग्यो जङ्गलभरि आत्तियो आकाश
आत्थाथा भन्दै रुँदै छ माटो बचाऔं विनाश ।

सुन्दर मन पवित्र भाव नेपाल आमाको
बचाउनुपर्छ देशको माटो तराई हिमालको
कहिले आत्था कहिले आच्छु नपारौं कसैलाई
मिलेर बाँच्ने अधिकार हुन्छ धर्तीमा सबैलाई ।

माया छ मनमा जडी र बुटी मिलेर बचाऔं
रमाइलो प्यारो यो हावापानी जङ्गल बचाऔं
जीव र जन्तु रुख र बोट सबैको धर्ती यो
जतन गरी भोलिका लागि साचेर राख्ने हो ।

**क्रियाकलाप २**

(क) विद्यार्थीलाई सान्दर्भिक चित्र प्रदर्शन गरी यो कुन ठाउँको चित्र होला ? जस्ता प्रश्न गर्दै छलफल अगाडि बढाउनुहोस् । विद्यार्थीले भनेका कुरा शैक्षणिक पाटीमा लेख्नुहोस् ।

(ख) पाठमा प्रयोग भएको चित्र प्रदर्शन गरी छलफल गराउनुहोस् । यस क्रममा के, कस्तो, कहाँ, कुन, कत्रो, कति, कहिले, कसको, कसले जस्ता प्रश्नका आधारमा चित्रका बारेमा भन्न लगाउनुहोस् । चित्र वर्णन गर्दा परिवेश र वातावरणसमेत समेट्न लगाउनुहोस् ।

(ग) पाठमा प्रयोग भएका चित्रका बारेमा छलफल गर्न लगाउनुहोस् । तपाईंले चित्रमा के के देख्नुभयो ? चित्रमा कति जना मानिस छन् ? चित्रमा को को के के गर्दै छन् ? जस्ता प्रश्नहरूका आधारमा चित्र वर्णन गर्न लगाउनुहोस् ।

(घ) पाठमा प्रयोग भएका चित्रसँग मिल्दाजुल्दा वा पारिवारिक वातावरण देखिने चित्र वा पोस्टर प्रदर्शन

गरी सिकाइको थप अवसर प्रदान गर्नुहोस् । यस क्रममा नयाँ शब्द, चित्रपत्तीको प्रयोग गरी छलफल गराउनुहोस् र शब्दबोध गर्ने अवसर पनि प्रदान गर्नुहोस् ।

(ङ) अनुमान, पूर्वानुमान गर्न लगाएर चित्र वर्णन गराउनुहोस् । यस क्रममा सामान्य वाक्य गठन, पदसङ्गति मिले नमिलेको सम्बन्धमा विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

(च) सिकाइका क्रममा शिक्षकको आंशिक सहयोग गरी चित्र वर्णन गर्न समस्या परेका विद्यार्थीलाई सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ८० कोक्रियाकलाप २ को चित्र प्रदर्शन गरी वर्णन गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

चित्र हेरेर वर्णन गर्नुहोस् :



**क्रियाकलाप ३**

(क) विद्यार्थीलाई पाठमा प्रयुक्त आँगन, आँटिलो, आदर्श, विनाश, उहिले, ओभानो, एघार, आवाज, रोजेको जस्ता शब्द प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई पालैपालो शब्द उच्चारण गर्न लगाउनुहोस् ।

(ख) हरेक शब्दमा कति कतिओटा अक्षर रहेका छन् भनेर विद्यार्थीलाई भन्न लगाउनुहोस् । अक्षर गणना गरेर बताउन विद्यार्थीलाई कुनै समस्या परे व्यक्तिगत रुपमा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

(ग) मात्रा लागेर बनेका थप शब्दको शब्दपत्ती प्रदर्शन गर्नुहोस् । विद्यार्थीहरूको समूह बनाउनुहोस् र ती शब्द बन्ने वर्णहरूका पत्ती समूहमा बाँडिदिनुहोस् । विद्यार्थीहरूले प्रदर्शन गरेका वर्णहरू जोडेर शब्द


बनाउने खेल खेलाउनुहोस् । जुन समूहले सबैभन्दा पहिले बनाउँछ त्यसलाई स्याबासी दिनुहोस् । अरु समूहलाई पनि शब्द बानाउन हौसला दिनुहोस् । कुनै समस्या परे आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(घ) विद्यार्थीलाई पाठमा भएका शब्द उच्चारण गर्न लगाउनुहोस् । ती शब्दलाई शैक्षणिक पाटीमा लेख्नुहोस् । विद्यार्थीलाई ती शब्दमा भएका वर्ण गनेर भन्न लगाउनुहोस् । विद्यार्थीले गनेर भनेका शब्दका वर्णलाई छुट्याएर लेख्न सहजीकरण गर्नुहोस्, जस्तै : आँगन शब्दलाई आँ ग न, आँटिलो शब्दलाई आँ टि लो बनाउन सहजीकरण गर्नुहोस् ।

(ङ) वर्णहरू जोडेरर शब्दबाट वर्णहरू छुट्याएर लेख्न कठिनाइ भए विद्यार्थीलाई स्वयम् सिकाइको अवसर दिनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ८१ को क्रियाकलाप ३ मा दिइएका शब्दका वर्णहरू छुट्याएर लेख्न लगाई मूल्याङ्कन गर्नुहोस् ।




**वर्ण छुट्याएर लेख्नुहोस् र पढ्नुहोस् :**

क्रियाकलाप ४ 

(क) शिक्षकले पृ.स. ८१ को क्रियाकलाप ४ लाई आधार मानी आच्छु, आकाश, हरियाली, उज्ज्वल, जाँगरिलो जस्ता शब्दका शब्दपत्ती प्रदर्शन गर्नुहोस् र ती शब्दलाई पटक पटक उच्चारण गर्न लगाउनुहोस् । ती शब्दले बुझाउने अर्थबारे विद्यार्थीबिच छलफल गराउनुहोस् ।

(ख) आच्छु, आकाश, हरियाली, उज्ज्वल, जाँगरिलो जस्ता शब्द प्रयोग गरी सरल वाक्य बनाएका वाक्यपत्ती प्रस्तुत गर्नुहोस्, जस्तैः आच्छु ! पानी त चिसो रहेछ । आज आकाश सफा देखियो । ती वाक्यहरूका बारेमा छलफल गराउनुहोस् । त्यसपछि आफूले प्रदर्शन गरेका वाक्यपत्ती छोपेर शब्दपत्ती प्रदर्शन गरी विद्यार्थीलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ग) शब्दपत्तीको उपयोग गरेर व्यक्तिगत वा समूहमा अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न सिकाउनुहोस् ।

(घ) वाक्य प्रयोगको अभ्यास गराउँदा विद्यार्थीलाई आफ्नो सिर्जनात्मक क्षमता प्रयोग गरी वाक्य बनाउने अवसर प्रदान गर्नुहोस् । विद्यार्थीलाई वाक्यमा प्रयोग गर्न समस्या भएमा त्यस्ता शब्दको सूची बनाउनुहोस् र तिनीहरूका वाक्यपत्ती शैक्षणिक पाटीमा प्रदर्शन गरी थप अभ्यास गर्ने अवसर प्रदान गर्नुहोस् । सिकाइका क्रममा शिक्षकले आंशिक सहयोग गरी थप अभ्यासका लागि अभ्यासपत्ती दिएर गृहकार्य दिनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ८१ को क्रियाकलाप ४ गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

आच्छु : ....................................................................................

आकाश : ....................................................................................

हरियाली : ....................................................................................

उज्ज्वल : ....................................................................................

जाँगरिलो : ....................................................................................

आत्तिनु : ....................................................................................

## क्रियाकलाप ५



(क) विद्यार्थीलाई संवाद लेखिएको चार्ट प्रदर्शन गर्नुहोस् र संवादलाई नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् । सस्वरवाचन गर्दा शब्द, वाक्य र अनुच्छेद देखाउँदै पढेर सुनाउनुहोस् । पढेर सुनाउँदा आरोह अवरोह, गति र यतिलाई ध्यान दिएर सुनाउनुहोस् । यसरी संवाद वाचन गर्दा शब्द शब्दमा जोड दिएर वाचन गर्नुहोस् । विद्यार्थीलाई कुनै शब्द कठिन लागेमा रेखाङ्कन गर्न लगाउनुहोस् र त्यस्ता शब्द विद्यार्थीबाट सङ्कलन गरी शैक्षणिक पाटीमा टिप्नुहोस् र पटक पटक उच्चारण गराउनुहोस् ।

(ख) कक्षाका विद्यार्थीसँग मिलेर रोनिश र कौशिका भई कुराकानीलाई सस्वरवाचन गरी सुनाउनुहोस् । यस क्रममा सम्भव भएसम्म श्रव्यसामग्री तथा मल्टिमिडियाको प्रयोग गर्नुहोस् । मल्टिमिडियाको उपयोग गर्दा विद्यार्थीको स्वरमा रेकर्ड गराई कक्षामा सुनाउनुहोस् ।

(ग) कुनै विद्यार्थीको सहयोग लिई कुराकानीलाई कठपुतलीका माध्यमबाट अभिनयात्मक कथन पनि गर्नुहोस् ।यसका लागि शिक्षकले थप नमुनाप्रदर्शन गर्नुहोस् ।

(घ) विद्यार्थी विद्यार्थीको जोडी समूह बनाउनुहोस् । कुनै एक जोडीलाई रोनिश र कौशिका बनेर नमुनाका रूपमा कुराकानी गर्न लगाउनुहोस् ।

(ङ) हरेक विद्यार्थीलाई पाठमा प्रयोग भएका रोनिश र कौशिकामध्ये एक जनाको स्थानमा आफ्नो नाम र अर्को जनाको ठाउँमा कुनै एक जना साथीको नाम राखेर पाठलाई पुनर्लेखन गर्न लगाउनुहोस् । विद्यार्थीले पुनर्लेखन गर्ने क्रममा आफूले अवलोकन गर्नुहोस् र दौँतरी सिकाइको अवसर दिनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स.८२ को क्रियाकलाप ५ लेख्न लगाई मूल्याङ्कन गर्नुहोस् ।

पालैपालो पढ्नुहोस् र कक्षाको अर्को साथीको नाम राखी पाठ फेरि लेख्नुहोस् :

रोनिश : हाम्रो देश नेपाल त साह्रै राम्रो छ नि ! होइन त कौशिका ?

कौशिका : हो नि, देश नि राम्रो छ । हामी नि राम्रा छौं ।

रोनिश : हा हा ऽ ऽ ऽ नेपाल प्राकृतिक सुन्दरताले भरिएको देश हो । यहाँका त जनावर पनि राम्रा छन् । चराचुरुङ्गी पनि धेरै पाइन्छन् नि । ती पनि राम्रा छन् ।

कौशिका : अरू के के छन् त ?

रोनिश : यहाँ विश्वको अग्लो हिमाल सगरमाथा पनि छ । यही सगरमाथा चढ्नका लागि विदेशी आउने गर्दछन् । स्वदेशी पनि सगरमाथा चढ्ने गर्दछन् ।

कौशिका : कति राम्रो कुरा गर्‍यौ । अँ अरू पनि भन न ।

रोनिश : अँ दिदीले भन्नुभएको नेपालमा हाल सात प्रदेश र सतहत्तर जिल्ला छन् । यहाँ प्राकृतिक मह1वका धेरै वस्तु पनि छन् रे ।

कौशिक : मेरो जिल्लाको नाम रसुवा हो, तिम्रो जिल्लाको नि ?

रोनिश : मेरो जिल्ला धादिङ हो ।

कौशिका : तिमीले यति धेरै जानकारी दियौं, धन्यवाद है ।

रोनिश : ध्यान दिएर सुन्यौ, तिमीलाई पनि धन्यवाद ।

## क्रियाकलाप ६

(क) विद्यार्थीलाई पाठ्यपुस्तकमा दिइएका विमान, नजिक, कवि, विहार, रवि, विदेश, शङ्कर, रहेछ, छवि जस्ता शब्दका शब्दपत्ती प्रदर्शन गर्नुहोस् र पालैपालो उच्चारण गर्न लगाउनुहोस् ।

(ख) यो उमेर समूहका विद्यार्थी बढीभन्दा बढी खेलमा रुचि राख्ने भएकाले र घरमा वा साथीसँग पनि उनीहरूले अन्ताक्षरी खेल खेलिरहन्छन् । त्यसैले शब्दको अन्ताक्षरी खेल्न बढी रुचि राख्छन्, जसका लागि निम्नलिखित प्रक्रिया अपनाउनुहोस् :

(अ) विद्यार्थीलाई आवश्यकतानुसार चार चार जनाको समूह बनाउनुहोस् ।

(आ) शिक्षकले कुनै एउटा शब्द शैक्षणिक पाटीमा लेखिदिनुहोस् । त्यसपछि पालैपालो हरेक समूहलाई अन्तिम वर्णबाट शब्द बनाउने तरिकाबारे छलफल गर्नुहोस् ।

(इ) शब्द पढिसकेपछि तिनै शब्दका अन्त्यमा रहेका वर्णबाट नयाँ शब्द बनाउन लगाउनुहोस्,जस्तै: विमान, नहिँड, डमरु, रुख, खरायो आदि । यस्ता शब्दान्ताक्षरी खेल साथी समूहमा गराउनुहोस् । अन्तिम वर्णबाट शब्द बनाउन समस्या भएमा शिक्षकले आवश्यक सहयोग गर्नुहोस् । त्यसरी शब्द बनाउन नसक्ने समूहलाई खेलबाट बहिर निकालेर बाँकीलाई खेल खेलाउन निरन्तरता दिनुहोस् । बाहिर निस्कने समूहलाई पनि धन्यवाद दिनुहोस् । अन्तिमसम्म शब्द बनाउन सक्ने समूहलाई विजयी घोषित गर्नुहोस् ।

(ग) शब्दपत्तीको सहायताले थप शब्द प्रदर्शन गर्नुहोस् र त्यसको अन्तिम अक्षरबाट सुरु हुने शब्द पनि क्रमश: प्रदर्शन गर्नुहोस् । यसरी प्रदर्शन गरिएका शब्द विद्यार्थीलाई उत्तरपुस्तिकामा टिप्न प्रेरित गर्नुहोस् ।

(घ) कक्षाको सिकाइमा सकेसम्म सबै विद्यार्थीलाई सक्रिय सहभागी गराउनुहोस् । शब्दको अन्तिम वर्णबाट शब्द बनाउन समस्या भए दौँतरी सिकाइका माध्यमबाट समाधान खोज्नुहोस् ।

(ङ) पाठ्यपुस्तकको पृ.स. ८२ को क्रियाकलाप ६ मा दिइएका शब्द विद्यार्थीलाई पुन: उच्चारण गर्न लगाउनुहोस् । ती शब्दका अन्तिम बर्णबाट शब्द बनाएर पाठ्यपुस्तकको खाली ठाउँमा लेख्न लगाउनुहोस् । विद्यार्थीहरूले लेखेको शिक्षकले अवलोकन गरी समस्या भएका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ८२ को क्रियाकलाप ६ लेख्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

दिइएका शब्दको अन्तिम वर्णबाट बन्ने शब्द लेख्नुहोस् :

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विमान | नजिक | कवि | विहार | रवि | विदेश | शङ्कर | रहेछ | छवि |
| ............ | ............ | ............ | ............ | ............ | ............ | | | |
| ............ | ............ | ............ | ............ | ............ | ............ | | | |

## क्रियाकलाप ७

(क) शिक्षकले तयार पारेका पाठमा प्रयुक्त बजार, किन्न, व्यापारी, छक्क, महँगो, मूल्य, नराम्रो जस्ता शब्दका शब्दपत्तीहरू प्रदर्शन गर्नुहोस् र ती शब्दहरू पाठमा कहाँ छन् भनेर प्रश्न गर्दै शब्द खोज्न लगाई शब्द रेखाङ्कन गर्न लगाउनुहोस् । ती शब्दका बारेमा प्रश्नोत्तर गरीती शब्दलाई वाक्यमा प्रयोग गर्न प्रेरित गर्नुहोस् । वाक्यपत्तीको सहायताले आफूले वाक्यमा प्रयोग गरेर स्पष्टपारिदिनुहोस् ।

(ख) पाठमा प्रयुक्त चित्र वा अन्य सान्दर्भिक चित्र प्रदर्शन गरेर छलफल गर्नुहोस् । पाठमा दिइएको कथा वाचन गरेर सुनाउनुहोस् । कथा सुनाउँदा आरोह, अवरोह, गति, यति, हाउभाउ र वाचनकलालाई विशेष जोड दिनुहोस् । जसबाट विद्यार्थीलाई कथा सुनिरहूँ जस्तो लागोस् । मोबाइल वा कुनै विद्युतीय माध्यममा विद्यार्थीकै आवाजमा रेकर्ड गरेर कथा सुनाउनुहोस् । विद्यार्थीलाई पालैपालो कथा वाचन गर्न लगाउनुहोस् र अन्यलाई ध्यानपूर्वक सुन्न प्ररित गर्नुहोस् ।

(ग) उर्मिला कता गइन् ? उर्मिलाको बजारमा कोसँग भेट भयो ? सुगाको मूल्य कति पर्दो रहेछ ? दुईओटा सुगाको मूल्य किन फरक परेको रहेछ ? जस्ता प्रश्नपत्तीको सहायताले प्रश्नोत्तर गराउनुहोस् । प्रश्नोत्तरमा कठिनाइ परेका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

(घ) विद्यार्थीलाई पालैपालो सस्वर पठन गर्न लगाउनुहोस् । पठन गर्दा उच्चारणमा कठिन भएका शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् र ती शब्द शैक्षणिक पाटीमा टिप्न लगाई उच्चारण गर्न सिकाइ शिक्षकले सहजीकरण गरिदिनुहोस् ।

(ङ) विद्यार्थीलाई चार समूहमा राखी कथाका बारेमाछलफल गराउनुहोस् र कथामा बताइएका मुख्य मुख्य कुरा के के हुन् भनी प्रत्येक समूहका विद्यार्थीलाई पालैपालो भन्न लगाउनुहोस् । विद्यार्थीले बताएका कुरा शैक्षणिक पाटीमा टिप्नुहोस् र छलफल गराई दौँतरी सिकाइको अवसर दिनुहोस् ।

(च) विद्यार्थीले भनेका कुराहरू समेटी पाठमा बताइएका मुख्य मुख्य कुरा कापीमा लेख्न लगाउनुहोस् र आफूले अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ८३ कोक्रियाकलाप ७ गर्न लगाई मूल्याङ्कन गर्नुहोस् ।

पाठ पढ्नुहोस् र मुख्य मुख्य कुरा कापीमा टिप्नुहोस् :

उर्मिला बजारतिर घुम्न गइन् । बजारमा सुगा व्यापारीसँग उनको भेट भयो । व्यापारीसँग दुईओटा सुगा थिए । उर्मिलालाई सुगा किन्न मन लाग्यो । उनले सुगाको मूल्य सोधिन् । सुगा व्यापारीले एक सय र पाँच सय भने । उर्मिला छक्क परिन् । सुगा उत्रै र उस्तै देखिन्थे । सुगाको मूल्य फरक हुनाका कारण सोधिन् । "किनेर लैजानुहोस् अनि कारण थाहा पाइहाल्नुहन्छ नि ।" व्यापारीले बताए । उनले सुगा किनेर घरमा लगिन् । दुवै सुगालाई आफ्नो कोठामा राखिन् । बिहान हुनेबित्तिकै एउटा सुगाले मिठा भजन गायो । अर्काले नराम्रो शब्दमा गाली गऱ्यो । असल बानीले सुगाहरूलाई सस्तो महँगो बनाएको रहेछ । उर्मिलाले कुरा बुझिन् ।

## क्रियाकलाप ८

(क) विद्यार्थीलाई आफूले कतै घुम्न जाँदाको रमाइलो कुरा तथा देखेका कुराका बारेमा छलफल गर्नुहोस् । शिक्षक आफूले घुमेको ठाउँका बारेमा देखेका कुराको शब्दपत्ती तथा वाक्यपत्ती विद्यार्थीलाई प्रदर्शन गर्नुहोस् । ती वाक्यपत्ती क्रमशः देखाउँदै आफूले देखेका कुरा र अनुभव सुनाउनुहोस् ।

(ख) विद्यार्थीलाई पनि पालैपालो उनीहरूको घरवरपर देखेका कुरा र आफ्ना अनुभवका बारेमा प्रश्नोत्तर गर्नुहोस् र उनीहरूले देखेका र भनेका रमाइला कुरा शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । विद्यार्थीलाई आफ्नो अनुभव प्रस्तुत गर्न असहज भएमा आवश्यक पृष्ठपोषण दिएर विद्यार्थीलाई आफ्ना कुरा भन्न हौसला दिँदै जानुहोस् । शैक्षणिक पाटीमा टिपेका विषयबारे छलफल गराउनुहोस् ।

(ग) विद्यार्थीलाई पालैपालो विद्यालयको वरपर तथा बाटामा देखेका कुरा, विभिन्न वस्तु, सामान, स्थान, वातावरण आदिबारेभन्न लगाउनुहोस् । सम्भव भएसम्म मुख्य कुरा र विद्यार्थीले देखेका वस्तु, स्थान, सामान आदिका नाम शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । अन्त्यमा कक्षामा छलफल गराउनुहोस् ।

(घ) दौँतरी सिकाइका माध्यमबाट विद्यार्थीलाई विद्यालय वरपर देखेका विभिन्न कुरा समेटी पाँच वाक्य लेख्न लगाउनुहोस् । शिक्षकले अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई आफ्नो विद्यालय वरपर देखिने स्थान, सामान, विविध वस्तुहरूका बारेमा वर्णन गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

**समूहमा बस्नुहोस् र आफ्ना विद्यालय वरपर के के छन्, भन्नुहोस् ।**

क्रियाकलाप ९ 

(क) शैक्षणिक पाटीमा हिँड्यो, थुन्यो, पढी, कुद्यो, कुदी, कुद्छस्, लेख्यो, लेखी, लेख्नुहुन्छ, खेल्यो, खेली, खेल्छस् जस्ता शब्दका शब्दपत्ती प्रस्तुत गर्नुहोस् र उच्चारण गर्न लगाउनुहोस् । ती शब्द राखेर वाक्य बनाउन प्रेरित गर्नुहोस् । त्यसपछि ती शब्दका वाक्यपत्ती आफूले प्रदर्शन गरी पढ्न लगाउनुहोस् ।

(ख) पाठ्यपुस्तकको अभ्यासमा दिइएका वाक्यका अपुरा वाक्यपत्ती र वाक्य पूरा गर्न चाहिने शब्दसहित थप शब्दका शब्दपत्ती प्रदर्शन गर्नुहोस् । यी वाक्यपत्तीमा कुन शब्द राख्दा वाक्य सही हुन्छ भन्ने बारेमा साथी साथीबिच छलफल गराउनुहोस् ।

(ग) शिक्षकले पाठ्यपुस्तकको पृ.स. ८३ मा निर्दिष्ट क्रियाकलापको 'भाइ खुरुखुरु .................. ।' ( हिँड्यो, थुन्यो, पढी) वाक्य प्रदर्शन गरी सही शब्द छान्ने तरिकासहित वाक्य बनाएर प्रस्तुत गर्नुहोस् । यो वाक्यमा खाली ठाउँमा कोष्ठकका तीन शब्दमध्ये मिल्ने शब्द भर्दा पूरा वाक्य 'भाइ खुरुखुरु हिँड्यो ।' हुन्छ भनी शिक्षकले स्पष्ट पारिदिनुहोस् । यसैगरी हरेक वाक्यलाई वाक्यपत्तीको सहायताले छलफल गर्नुहोस् ।स्वयम् सिकाइको अवसर प्रदान गर्नुहोस् ।

(घ) विद्यार्थीलाई सँगै बसेका साथीसँग छलफल गरी खाली ठाउँमा मिल्ने शब्द कोष्ठकबाट छानेर भर्न प्रोत्साहन गर्नुहोस् । उनीहरूले खाली ठाउँमा सही शब्द भरेमा स्याबास भन्नुहोस् । खाली ठाउँ

भर्न समस्या भएमा शैक्षणिक पाटीको उपयोग गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ८३ क्रियाकलाप ९ गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

खाली ठाउँमा मिल्ने शब्द छानी लेख्नुहोस् :

| | | |
|---|---|---|
| (क) भाइ खुरुखुर | .................................... । | (हिँड्यो, थुन्यो, पढी) |
| (ख) सलमा बेसरी | .................................... । | (कुद्यो, कुदी, कुद्छस्) |
| (ग) छोराले राम्ररी | .................................... । | (लेख्यो, लेखी, लेख्नुहुन्छ) |
| (घ) सुम्निमाले भलिबल | .................................... । | (खेल्यो, खेली, खेल्छस्) |

## क्रियाकलाप १०



(क) बस्नु, पढ्नु, सुत्नु, बाल्नु, भन्न, कुद्नु, उठ्नु, उड्नु जस्ता शब्दका शब्दपत्ती प्रदर्शन गर्नुहोस् । ती शब्दको बनोटबारे कक्षामा विद्यार्थीहरूबिच छलफल चलाउनुहोस् । ती शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ख) बस्नु, पढ्नु, सुत्नु, बाल्नु, भन्न, कुद्नु, उठ्नु, उड्नु आदि शब्दमा कुन कुन वर्ण आधा लेखिएका छन् ? कुन कुन वर्ण हलन्त लेखिएका छन् ? कुन कुन वर्ण सग्ला छन् ? भनी प्रश्नोत्तरका माध्यमले छलफल गर्नुहोस् । ती शब्दमा प्रयोग भएका हरेक वर्णका आधा रूप र पूरा रूपबारे वर्णका आधा र पूरा रूप शैक्षणिक पाटीमा लेखेर देखाउँदै छलफल गर्नुहोस् ।विद्यार्थीहरूलाई पालैपालो मौखिक रूपमा भन्न लगाएर अभ्यास गराउनुहोस् ।

(ग) विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ८३ को क्रियाकलाप १० अध्ययन गरी अभ्यास गर्ने अवसर दिनुहोस् । जस्तै :'बसनु' लाई बस्नु, 'पढनु' लाई पढ्नु बनाई सँगैको खाली ठाउँमा लेख्न लगाउनुहोस् ।

(घ) यसैगरी यही प्रक्रिया अवलम्बन गरी पाठ्यपुस्तकमा भएका हरेक शब्दमा आधा अक्षर मिलाएर खाली ठाउँमा लेख्न प्रोत्साहन गर्नुहोस् । शिक्षकले आंशिक सहयोग गरी सिकाइलाई थप सहज बनाइदिनुहोस् ।

(ङ) विद्यार्थीमध्ये कसैलाई खाली ठाउँमा आधा अक्षर मिलाएर लेख्न समस्या भएमा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ८३ को क्रियाकलाप १० लेख्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

कुन अक्षर आधा बनाउने हो, पत्ता लगाई आधा बनाएर लेख्नुहोस् :

जस्तै : लेखनु - लेख्नु उडनु - उड्नु

बसनु, पढनु, सुतनु, बालनु, भनन, कुदनु, उठनु, उडनु, फलनु, झयाल, सयाल, रयाल, वाकय, शबद, घणट

| | | | | |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|

## क्रियाकलाप ११ 

(क) क्रियाकलाप ११गराउनुअघि तपाईँले आमाबुबाले भनेको मान्नुहुन्छ कि हुँदैन ?आमाबुबाले भनेका कुरा तपाईँलाई कस्ता लाग्छन् ? भनेर प्रश्न सोधी छलफल गराउनुहोस् । यस्ता प्रश्नका आधारमा विद्यार्थीको पूर्वज्ञानको संयोजन र अभिव्यक्तिका लागि सक्रिय बनाउनुहोस् ।

(ख) विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ८४ को क्रियाकलाप ११ मा प्रयोग भएको चित्र वा यस्तै कुनै चित्रपत्ती प्रदर्शन गरी त्यसका बारेमा छलफल गर्न लगाउनुहोस् । यस क्रममा श्रव्यदृश्य (मोबाइल, प्रोजेक्टर वा अन्य कुनै माध्यमबाट रेकर्ड गरिएको श्रव्यदृश्य सामग्री) को पनि उपयोग गर्नुहोस् । त्यसपछि 'खरायो र चितुवा' पाठ सस्वरवाचन गरी सुनाउनुहोस् ।

(ग) शिक्षकले 'खरायो र चितुवा' पाठ सस्वरवाचन गरी मोबाइल फोनमा रेकर्ड गर्नुहोस् । रेकर्ड सुनाउँदा संयुक्त वा हलन्त व्यञ्जन वर्ण प्रयोग भएका ब्वाँसो, चितुवा, कहिलेकाहीँ, सङ्ख्या, वृद्धि, नमान्दा, हेर्दाहेर्दै जस्ता शब्दलाई जोड दिनुहोस् । त्यस्ता शब्द पटक पटक उच्चारण गरी सुनाउनुहोस् । त्यसपछि विद्यार्थीलाई पाठको अनुवाचन गर्न लगाउनुहोस् । सम्भव भएसम्म विद्यार्थीलाई पालैपालो सस्वरवाचन गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीले उच्चारण गर्न नसकेका शब्द रेखाङ्कन गर्न लगाई टिपोट गर्नुहोस् । टिपोट गरेका शब्द जनाउने चित्र वा ठोस वस्तु प्रदर्शन गर्न सम्भव भएमा चित्रपत्ती वा ठोस वस्तु प्रदर्शन गर्दै शब्दको सँगसँगै उच्चारण गराउनुहोस् । राम्ररी उच्चारण गर्न नसकेसम्म अभ्यास गराइरहनुहोस् ।

(घ) शिक्षकले अब हामी पाठगत प्रश्नको उत्तर खोज्ने तरिकाबारे छलफल गर्ने छौँ भन्नुहोस् । शिक्षकले 'खरायो र चितुवा'पाठ पढिसकेपछि कुनै एउटा 'कहाँ, को, किन' प्रश्न सोधी त्यसको उत्तर बताइदिनुहोस् । त्यसैअनुरूप विद्यार्थीलाई थप प्रश्न सोधी अभ्यास गराउनुहोस् । पाठ पढिसकेपछि कुनै एउटा 'कहाँ, को, किन' सम्बन्धी प्रश्न सोध्नुहोस् । यस्ता प्रश्नको उत्तर पाठलाई ध्यान दिएर पढे भेट्टाइन्छ भनी बताउनुहोस् । एउटा प्रश्न सोधी म पाठ पढ्छु, तपाईँहरू उत्तर पत्ता लगाउनुहोस् भन्नुहोस् । यदि तपाईँहरूले प्रश्नको उत्तर भेट्टाएपछि पाठ पढ्न रोक्ने छु भन्नुहोस् । पाठ पढी प्रश्नको उत्तर आएमा पठन रोक्नुहोस् र उत्तर भन्ने अवसर दिनुहोस् । यसरी पाठ्यपुस्तकमा भएका र अन्य सान्दर्भिक प्रश्न सोधी उत्तर भन्न लगाउनुहोस् । यसका लागि पाठ्यपुस्तकमा प्रयोग भएका प्रश्नको उपयोग गर्नुहोस् ।विद्यार्थी समर्थ पाइएमा कसरी र किन प्रश्न पनि निर्माण गरी सोध्नुहोस् ।

(ङ) पाठमा भएका विभिन्न कामका बारेमा विद्यार्थीसँग छलफल र प्रश्नोत्तर गरी शैक्षणिक पाटीमा टिपेर सूची तयार गर्नुहोस् । विद्यार्थीलाई विषयवस्तुको बुझ्न नसकेर, सुनाइ समस्या भएर वा अन्य कारणबाट बोध र प्रश्नोत्तरमा समस्या भएमा अवस्था विश्लेषण गरी थप सहजीकरण गर्नुहोस् ।

(च) सिकाइका क्रममा शिक्षकले पूर्ण सहयोग गर्नुहोस् ।

## मूल्याङ्कन

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ८४ को क्रियाकलाप ११ मा दिइएका प्रश्नोत्तर गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

सुन्नुहोस् र उत्तर भन्नुहोस् :

**खरायो र चितुवा**

एउटा ठुलो जङ्गल थियो । त्यहाँ धेरै बिरुवा थिए । बिरुवाको सङ्ख्या दिनदिनै वृद्धि हुँदै थियो । जङ्गलमा भएका बिरुवा रुख हुन थाले । त्यहाँ एक जोडी खरायो आएर बस्न थाले । खरायोका बच्चा जन्मिए । ती बच्चाहरू पनि बढ्न थाले । बच्चाहरू कहिलेकाहीँ बाहिर खेल्न निस्किन्थे । तिनीहरू मोटाघाटा देखिन थाले । खरायोका बच्चा खानलाई स्याल, चितुवा र ब्वाँसो दाउ छोप्थे । यो कुरा ठुला खरायोले थाहा पाए । उनीहरूले बच्चाहरूलाई सम्झाए, "तिमीहरू बाहिर ननिस्क है । स्याल, चितुवा र ब्वाँसाले मार्छन् ।" नजिकमा एउटा चितुवा बस्थ्यो । उसलाई खरायोका बच्चा खान मन लाग्यो । चितुवाले दाउ छोपेर बसेको ठुला खरायोले देखे । उनीहरूले आफ्ना बच्चालाई बाहिर ननिस्क है भन्दै दुलाबाट बाहिर आए । त्यहाँ चितुवालाई छलेर चउरमा चर्न गए । एउटा चुलबुले बच्चो आमाबुबा खोज्दै बाहिर आयो । चितुवाले खरायो बाहिर निस्केको अड्कल लगायो । खरायोले हेर्दाहेर्दै चितुवाले एउटा बच्चा टिपिहाल्यो । जान्नेसुन्नेले भनेको नमान्दा चुलबुले बच्चो चितुवाको फन्दामा पऱ्यो । त्यसैले हामीले ठुलाबडाले भनेको मान्नुपर्छ ।

(क) जङ्गलमा के के थिए ? (ख) खरायोका बच्चाहरू किन निस्किन्थे ?

(ग) कुन बेलामा चितुवाले खरायोका बच्चालाई समात्यो ?

(घ) ठुलाबडाले भनेको किन मान्नुपर्छ ?

## क्रियाकलाप १२



(क) विद्यार्थीलाई कविता लेख्दै गरेको मान्छे, केही भन्दै गरेकी केटी, किताब, अम्बा, स्याउ आदिका चित्र प्रदर्शन गरी तिनका बारेमा छलफल गराउनुहोस् । यस्तै, दाना, पाना, कथा, कविता आदि शब्दका शब्दपत्ती प्रदर्शन गर्दै छलफल गराउनुहोस् । ती शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ख) पाठ्यपुस्तकको पृ.स. ८४ को क्रियाकलाप १२ का सम्बन्धमा छलफल गराउनुहोस् । छलफलका क्रममा कोष्ठकमा दिइएका शब्द राखी वाक्य पूरा गर्ने सन्दर्भ बताउनुहोस् ।

(ग) यसका लागि शिक्षकले पहिला दिइएका शब्दमध्ये मिल्दो शब्द छनोट गरी खाली ठाउँ भर्ने अभ्यासका लागि अभ्यासपत्ती तयार गरी वितरण गर्नुहोस् । जस्तै : दिदी धेरै .......... सुनाउनुहुन्छ । (कथा, कविता, चुट्किला) उनीहरूलाई स्वतन्त्र रूपमा गरेर कक्षामा प्रस्तुत गर्न उत्प्रेरित गर्नुहोस् । स्वयम् सिकाइको अवसर प्रदान गर्नुहोस् । यस क्रममा हिट एन्ड ट्रायल विधि अवलम्बन गर्न सक्नुहुने छ ।

(घ) विद्यार्थी यसमा अभ्यस्त भएपछि पाठ्यपुस्तकका अभ्यास गर्न भन्नुहोस् । शिक्षकले सबै विद्यार्थीलाई पालैपालो बाँकी अभ्यास पूरा गर्न लगाउनुहोस् । विद्यार्थीलाई उपयुक्त शब्द राखी खाली ठाउँ भर्न समस्या भएमा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ८४ को क्रियाकलाप १२ लेख्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

मिल्ने शब्द छानी लेख्नुहोस् :

दाना पाना कथा कविता

(क) दिदीले धेरै .................................. सुनाउनुहुन्छ ।
(ख) हजुरबुबाले .................................. पनि लेख्नुहुन्छ ।
(ग) किताबमा धेरै ............................... हुन्छन् ।
(घ) डालामा अम्बाका ............................ छन् ।

## क्रियाकलाप १३



(क) यो क्रियाकलाप गराउनुअघि तपाईंको गाउँको नाम के हो ? तपाईंको गाउँ कस्तो छ ? गाउँको वरपर कस्तो वातावरण छ ? वातावरण सफा राख्न के गर्नुपर्छ ? जस्ता प्रश्न सोधी विद्यार्थीलाई सिकाइप्रति उत्प्रेरणा जगाउनुहोस् । गाउँका विभिन्न विषयबारे कक्षामा छलफल गराउनुहोस् । यस्ता प्रश्नका आधारमा विद्यार्थीको पूर्वज्ञानको संयोजन र अभिव्यक्तिका लागि सक्रिय बनाउनुहोस् ।

(ख) विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ८५ को क्रियाकलाप १३ मा प्रयोग भएको चित्र वा यस्तै कुनै चित्रपत्ती प्रदर्शन गरी त्यसका बारेमा छलफल गर्न लगाउनुहोस् । यस क्रममा श्रव्यदृश्य (मोबाइल वा अन्य कुनै माध्यमबाट रेकर्ड गरिएको श्रव्यदृश्य सामग्री) को पनि उपयोग गर्नुहोस् । त्यसपछि 'हाम्रो वातावरण' पाठ सस्वरवाचन गरी सुनाउनुहोस् ।

(ग) शिक्षकले 'हाम्रो वातावरण' पाठ सस्वरवाचन गरी मोबाइल फोनमा रेकर्ड गर्नुहोस् । रेकर्ड सुनाउँदा बाँच्न, रुखबिरुवा, धुलोधुवाँ, रुगाखोकी, दूषित, कलकारखाना, स्वस्थ, वरपर जस्ता शब्दलाई जोड दिनुहोस् । त्यस्ता शब्द पटक पटक उच्चारण गरी सुनाउनुहोस् । त्यसपछि विद्यार्थीलाई पाठको अनुवाचन गर्न लगाउनुहोस् । सम्भव भएसम्म विद्यार्थीलाई पालैपालो सस्वरवाचन गर्न लगाउनुहोस् र बाँकी विद्यार्थीलाई ध्यानपूर्वक सुन्न प्रेरित गर्नुहोस् । यस क्रममा विद्यार्थीले उच्चारण गर्न नसकेका शब्द रेखाङ्कन गर्न लगाई टिपोट गर्नुहोस् । टिपोट गरेका शब्द उच्चारण गराउनुहोस् । राम्ररी उच्चारण गर्न नसकेसम्म अभ्यास गराइरहनुहोस् ।

(घ) शिक्षकले अब हामी पाठगत प्रश्नको उत्तर खोज्ने तरिकाबारे छलफल गर्ने छौँ भन्नुहोस् । शिक्षकले

'हाम्रो वातावरण'पाठ पढिसकेपछि कुनै एउटा 'के वा कसरी' शब्द राखेर प्रश्न सोध्नुहोस् र विद्यार्थीले उत्तर भन्न नसके आफैँ नमुना उत्तर बताइदिनुहोस् । त्यसैअनुरूप विद्यार्थीलाई पनि अभ्यास गराउनुहोस् । विद्यार्थीलाई ध्यानपूर्वक सुन्न लगाएर आफू पाठको सस्वरवाचन गरेर सुनाउनुहोस् । पाठ पढिसकेपछि कुनै एउटा 'कहाँ, को, किन' सम्बन्धी प्रश्न सोध्नुहोस् । यस्ता प्रश्नको उत्तर पाठलाई ध्यान दिएर पढे भेट्टाइन्छ भनी बताउनुहोस् । एउटा प्रश्न सोधी म पाठ पढ्छु, तपाईँहरू उत्तर पत्ता लगाउनुहोस् भन्नुहोस् । तपाईँहरूले प्रश्नको उत्तर भेट्टाएपछि पाठ पढ्न रोक्ने छु भन्नुहोस् । पाठ पढी प्रश्नको उत्तर आएमा पठन रोक्नुहोस् र उत्तर भन्ने अवसर दिनुहोस् । यसरी पाठ्यपुस्तकमा भएका र अन्य सान्दर्भिक प्रश्न सोधी उत्तर भन्न लगाउनुहोस् । यसका लागि पाठ्यपुस्तकमा प्रयोग भएका प्रश्नको उपयोग गर्नुहोस् ।विद्यार्थी समर्थ पाइएमा थप प्रश्न पनि निर्माण गरी सोध्नुहोस् ।

(ङ) शिक्षकको आंशिक सहयोगबाट विद्यार्थीलाई विषयवस्तु बुझ्न नसकेर, सुनाइ समस्या भएर वा अन्यकारणबाट बोध र प्रश्नोत्तरमा समस्या भएमा अवस्था विश्लेषण गरी थप सहजीकरण गर्नुहोस् ।

(च) विद्यार्थीलाई पाठ पढ्न निर्देशन दिनुहोस् । पाठ पढिसकेपछि पाठको अन्त्यमा भएका प्रश्नको उत्तर लेख्न भन्नुहोस् । आफूले विद्यार्थीको लेखाइ अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ८५ को क्रियाकलाप १३ मा दिइएका प्रश्नको उत्तर लेख्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

हाम्रो वातावरण

हाम्रा वरिपरि हावा, पानी र रुखबिरुवाहरू छन् । हामीलाई बाँच्नका लागि हावा र पानी चाहिन्छ । हामीले फेर्ने सास हावाबाट लिन्छौँ । हामीले सास फेर्ने हावा शुद्ध हुनुपर्छ । हावामा धुलो धुवाँ मिसिन गई हावा फोहोर हुन्छ । त्यस्तो फोहोर हावाले हामीलाई रुगाखोकी लाग्छ । दूषित हावाबाट फोक्सोमा रोग लाग्छ । हामीले पिउने पानी पनि सफा हुनुपर्छ । कुवा, इनार, खोलामा धुलोफोहोर वस्तु मिसिएमा पानी दूषित हुन्छ । दूषित पानी पिएमा हामीलाई हैजा, झाडापखाला, आउँ, टाइफाइड जस्ता रोगहरू लाग्छन् । त्यसैले हामीले हावा र पिउने पानी सफा राख्नुपर्छ । हावा र पानी सफा राख्नका लागि हाम्रो वरपरको वातावरण र जमिनलाई सफा राख्नुपर्छ । कलकारखाना र गाडीबाट निस्कने धुँवालाई कम गर्नुपर्छ । पुराना र धुँवा धेरै फाल्ने गाडीलाई सडकमा गुड्न दिनु हुँदैन । सडकमा धुलो उड्न दिनु हुँदैन । सडक खनेपछि कालोपत्रे गरिहाल्नु पर्छ । गल्ली र सडकमा जथाभावी फोहोर फाल्नु हुँदैन । बाटो बढार्नुपर्छ । प्लास्टिक पोल्नु हुँदैन । घर, अफिस र कारखानाबाट निस्कने फोहोरलाई कुहिने र नकुहिने अलग अलग बनाउनुपर्छ । कुहिने फोहोरलाई खाल्डोमा गाडेर मल बनाउनुपर्छ । नकुहिने फोहोरलाई बेच्नुपर्छ । खोला, इनार र पानीका मुहानमा फोहोर फाल्नु हुँदैन । मुहान वरपर रुखबिरुवा रोप्नुपर्छ । यसो गरेमा वातावरण सफा हुन्छ । हावा र पिउने पानी पनि सफा हुन्छ । हाम्रो वातावरण पनि स्वच्छ र सुन्दर हुन्छ । हामी स्वस्थ भई धेरै बाँच्न सक्छौँ ।

(क) हावा र पानी कस्तो हुनुपर्छ ? ..........................................................................................

(ख) हावा र पानी कसरी दूषित हुन्छ ? ...................................................................................

(ग) हावा सफा राख्न के गर्नुपर्छ ? ........................................................................................

(घ) पानी कसरी सफा राख्न सकिन्छ ? ...................................................................................

## क्रियाकलाप १४ 

(क) विद्यार्थीलाई भोलि, हिजो, शुभ, फर्सी, इन्द्र, खेती जस्ता शब्दका शब्दपत्ती प्रदर्शन गर्नुहोस् । ती शब्दका अर्थ बताउन लगाई वाक्यमा प्रयोग गर्न प्रेरित गर्नुहोस् । प्रश्न गरी छलफल गराउनुहोस् ।

(ख) पाठमा दिइएका शब्द उच्चारण गर्न लगाउनुहोस् । विद्यार्थीलाई ती शब्दमा भएका वर्ण गनेर भन्न लगाउनुहोस् । थप शब्द भन्दै उच्चारण गर्न लगाउनुहोस् । विद्यार्थीले उच्चारण गरेका शब्दलाई शैक्षणिक पाटीमा लेख्नुहोस् ।

(ग) आफूले प्रदर्शन गरेका शब्द छोप्नुहोस् र पाठ्यपुस्तकमा दिइएका शब्दमा सही र गलत वर्णविन्यास भएका शब्द पत्ता लगाउन लगाउनुहोस् ।मिलेका र नमिलेका शब्दपत्ती प्रदर्शन गर्नुहोस् र सही शब्द पहिचान गरी कापीमा लेख्न लगाउनुहोस् । स्वयम् सिकाइको अवसर दिनुहोस् ।

(घ) विद्यार्थीले सही रूपमा लेखेको वा नलेखेको अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् । अन्त्यमा आफूले प्रदर्शन गरेका सही शब्दहरू देखाउँदै छलफल गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ८६ को क्रियाकलाप १४ मा दिइएका शब्द लेख्न लगाई मूल्याङ्कन गर्नुहोस् ।

| | | |
|---|---|---|
| भोलि  भोली | हीजो  हिजो | सुभ  शुभ |
| फर्सी  फर्सि | ईन्द्र  इन्द्र | खेती  खेति |

**सही शब्द चिनेर लेख्नुहोस् :**

## क्रियाकलाप १५

(क) पाठमा प्रयुक्त चित्र प्रदर्शन गर्नुहोस् । चित्रमा के के भएको देखिन्छ, छलफल गर्नुहोस् ।

(ख) शिक्षकले तयार गरेका 'आकाश, थाम्छ, बोक्दा, काम्छ, ढुङ्गा, आगोबिना, पानीमाथि, तैरिएर, थाक्दैनन्, उखेलेर' आदि शब्दका शब्दपत्ती प्रदर्शन गर्नुहोस् र ती शब्द उच्चारण गर्न लगाउनुहोस् । शब्द उच्चारणसँगै वाक्य निर्माण गर्न सहजीकरण गर्नुहोस् ।

(ग) 'तिमीलाई कस्तो लाग्छ ?' कविता विद्यार्थीलाई वाचन गरेर सुनाउनुहोस् । मोबाइल वा कुनै विद्युतीय माध्यममा रेकर्ड गरिएको 'तिमीलाई कस्तो लाग्छ ?' कविता सुनाउनुहोस् । विद्यार्थीले चित्र वर्णन गर्दा भनेका कुरा र मोबाइलमा सुनेका कुरा के के मिले भनेर छलफल गर्नुहोस् ।

(घ) शिक्षकले कार्यपुस्तकमा भएको 'तिमीलाई कस्तो लाग्छ'कविता बिस्तारै वाचन गर्नुहोस् । त्यसपछि विद्यार्थीलाई पाठको अनुवाचन, सहवाचन, युगल वाचन तथा एकल वाचन गर्न लगाउनुहोस् ।यस क्रममा विद्यार्थीले उच्चारण गर्न नसकेका शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् । रेखाङ्कन गरिएका शब्द जनाउने चित्र वा ठोस वस्तु प्रदर्शन गर्दै सँगसँगै शब्द उच्चारण गराउनुहोस् । राम्ररी उच्चारण गर्न नसकेसम्म अभ्यास गराउनुहोस् ।

(ङ) कवितामा प्रयोग भएका श्लोकको अर्थ बुझाउने वाक्यपत्ती प्रदर्शन गर्नुहोस् । ती वाक्यपत्तीलाई छ्यासमिस गरी विद्यार्थीका समूहमा वितरण गर्नुहोस् र उक्त वाक्यपत्तीलाई कवितामा प्रयोग गरिए जसरी क्रमशः मिलाएर पढ्न लगाउनुहोस् । सहजीकरणका क्रममा शिक्षकले आंशिक सहयोग गर्नुहोस् ।

(च) शिक्षकले विभिन्न प्रश्नको उत्तर खोज्ने तरिकाबारे छलफल गर्नुहोस् । पाठ पढिसकेपछि कुनै एउटा 'के/को' प्रश्नसँग सम्बन्धित उत्तर बताइदिनुहोस् । त्यसैअनुरूप विद्यार्थीलाई पनि अभ्यास गराउनुहोस् । विद्यार्थीलाई पाठबाट अन्य सान्दर्भिक प्रश्न सोधी उत्तर भन्न लगाउनुहोस् । यदि विद्यार्थी समर्थ पाइएमा कसरी र कहाँ जस्ता प्रश्न निर्माण गरी सोध्नुहोस् । आवश्यकतानुसार शिक्षकले आंशिक सहयोग गर्नुहोस् ।

(छ) विद्यार्थीलाई कवितामा बताइएका कुरा कस्तो लाग्यो ? भनेर पालैपालो प्रश्न सोध्नुहोस् । विद्यार्थीले भनेका कुरा शैक्षणिक पाटीमा टिप्दै जानुहोस् र सबैको पालो सकिएपछि छलफल गर्नुहोस् ।

### मूल्याङ्कन

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ८६ को 'तिमीलाई कस्तो लाग्छ ?'कविता पढेर आफ्नो धारणा राख्न लगाई मूल्याङ्कन गर्नुहोस् ।

**कविता पढ्नुहोस् र तपाईंलाई कस्तो लाग्छ, भन्नुहोस् :**

तिमीलाई कस्तो लाग्छ ?

यत्रो ठुलो आकाशलाई केले थाम्छ होला
पानी बोक्दा जाडो भई बादल काम्छ होला
यताउता गर्दै हावा खालि किन भाग्छ
यस्तै लाग्छ सधैँ मलाई तिमीलाई कस्तो लाग्छ ?

बिउ रोप्दा बोट हुन्छ कसरी भो फल
माथि माथि जान्न खोलो किन बग्छ तल
आगोबिना बोटमा केरा के भएर पाक्छ
यस्तै लाग्छ सधैँ मलाई तिमीलाई कस्तो लाग्छ ?

कागज भने पानीमाथि तैरिएर बस्छ
ढुङ्गा हाल्यो भने किन पानीभित्र पस्छ
उखेलेर रोपे पनि रुख किन जाग्छ
यस्तै लाग्छ सधैँ मलाई तिमीलाई कस्तो लाग्छ ?

जून किन चिसो हुन्छ घाम किन तातो
सँगै हिँडे हुन्न तिनले किन फरक बाटो
थाक्दैनन् ती तर हाम्रो खुट्टा किन थाक्छ
यस्तै लाग्छ सधैँ मलाई तिमीलाई कस्तो लाग्छ ?

## क्रियाकलाप १६



(क) शिक्षकले पाठ्यपुस्तकको पृ.स. ८७ को क्रियाकलाप १६ मा दिइएका अपुग, अहित, अमृत, अमन, आदेश, आकृति, आहारा आदि शब्दका शब्दपत्ती प्रदर्शन गरी विद्यार्थीलाई पढ्न लगाउनुहोस् । विद्यार्थीलाई साथीहरूले लेख्न सक्ने गरी बिस्तारै पढ्न लगाउनुहोस् । साथीले पढेका कुरा सुन्दै कापीमा लेख्ने अभ्यास गराउनुहोस् । पढ्दाखेरि हरेक शब्दलाई पटक पटक उच्चारण गर्न सल्लाह दिनुहोस् ।

(ख) साथीले पढ्दा सुनेर लेखेको अवलोकन गर्नुहोस् । यसरी सुन्दै लेख्दै गर्दा विद्यार्थीले केही त्रुटि गर्न सक्छन् । शिक्षकले त्रुटिरहित सिकाइका लागि आवश्यक सहजीकरण गर्नुहोस् ।

(ग) श्रुतिलेखन अभ्यास सकिएपछि विद्यार्थीहरूलाई दुई दुई जनाको समूहमा विभाजन गरी कापी साटासाट गरिदिनुहोस् र पाठ्यपुस्तक हेरेर साथीको लेखाइ परीक्षण गर्ने तरिकाबारे छलफल गर्नुहोस् र परीक्षण गर्न लगाउनुहोस् । आफूले आवश्यक सहयोग गर्नुहोस् ।

(घ) परीक्षण सकिएपछि आफ्नो आफ्नो कापी लिन लगाएर गल्ती भएका शब्दलाई पुनर्लेखन गर्न लगाउनुहोस् । यस अभ्यासलाई सम्पूर्ण रूपमा शुद्ध लेखन गर्न नसकेसम्म दोहोऱ्याउनुहोस् ।

(ङ) पाठ्यपुस्तकका अतिरिक्त विभिन्न पत्रपत्रिका वा पाठका अंश दिएर श्रुतिलेखन अभ्यास गराउनुहोस् । दौतरी सिकाइको अवसर दिनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ८७ को क्रियाकलाप १६ श्रुतिलेखन गराई मूल्याङ्कन गर्नुहोस् ।

तल दिइएका शब्द साथीले पढेको सुनी कापीमा लेख्नुहोस् :

(क)

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| अपुग | अहित | अमन | अमृत | आदेश | आकृति | आहारा | आचार |

(ख)

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| पढ्छ | हिँड्छ | कुद्छ | खेल्छ | लेख्छ | भन्छ | थुन्छ | बुन्छ | पढ्छे | हिँड्छे |

## क्रियाकलाप १७

(क) यो क्रियाकलाप गराउनुअघि तपाईं आफ्नो सरसफाइमा कत्तिको ध्यान दिनुहुन्छ ? दाँत माझ्नुहुन्छ कि हुन्न ? हात दिनमा कति पटक धुनुहुन्छ ? जस्ता प्रश्न सोधी विद्यार्थीहरूलाई सिकाइप्रति उत्प्रेरणा जगाउनुहोस् । सरसफाइका फाइदा र बेफाइदाबारे कक्षामा छलफल गराउनुहोस् । सरसफाइका फाइदा र बेफाइदाबारे लेखिएको चार्ट प्रदर्शन गर्नुहोस् । यसरी विद्यार्थीको बानी, पूर्वज्ञानको संयोजन र अभिव्यक्तिका लागि सक्रिय बनाउनुहोस् ।

(ख) विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ८७ को क्रियाकलाप १७ मा प्रयोग भएको चित्र वा यस्तै कुनै चित्रपत्ती प्रदर्शन गरी त्यसका बारेमा छलफल गर्न लगाउनुहोस् । यस क्रममा श्रव्यदृश्य (मोबाइल वा अन्य कुनै माध्यमबाट रेकर्ड गरिएको श्रव्यदृश्य सामग्री) को पनि उपयोग गर्नुहोस् । विभिन्न कारणले बिग्रिएका दाँतहरूको चित्र पनि प्रदर्शन गर्न सक्नुहुन्छ । त्यसपछि 'दिक्पालका दाँत' पाठ सस्वरवाचन गरी सुनाउनुहोस् ।

(ग) शिक्षकले 'दिक्पालका दाँत' पाठ सस्वरवाचन गरी मोबाइल फोनमा रेकर्ड गर्नुहोस् । रेकर्ड सुनाउँदा दाँत, दिनदिनै, माझ्न, बिस्कुत, खान्थ्यो, बिस्तारै, गन्हाउन, ब्रस, घाँटी, आत्तिदै जस्ता शब्दलाई जोड दिनुहोस् । त्यस्ता शब्द पटक पटक उच्चारण गरी सुनाउनुहोस् । त्यसपछि विद्यार्थीलाई पाठको अनुवाचन गर्न लगाउनुहोस् । सम्भव भएसम्म विद्यार्थीलाई पालैपालो सस्वरवाचन गर्न लगाउनुहोस् र बाँकी विद्यार्थीलाई ध्यानपूर्वक सुन्न प्रेरित गर्नुहोस् । यस क्रममा विद्यार्थीले उच्चारण गर्न नसकेका शब्द रेखाङ्कन गर्न लगाई टिपोट गर्नुहोस् । टिपोट गरेका शब्द उच्चारण गराउनुहोस् । राम्ररी उच्चारण गर्न नसकेसम्म अभ्यास गराइरहनुहोस् ।

(घ) शिक्षकले विद्यार्थीलाई पाठ पढ्न लगाउनुहोस् । त्यसपछि को, के, किन, कसरी, कस्तो, कहाँ जस्ता

शब्द राखी प्रश्न बनाएर विद्यार्थीलाई उत्तर भन्न लगाउनुहोस् र विद्यार्थीले उत्तर भन्न नसके आफैँ नमुना उत्तर बताइदिनुहोस् । त्यसैअनुरूप विद्यार्थीलाई पनि अभ्यास गराउनुहोस् । विद्यार्थीलाई ध्यानपूर्वक सुन्न लगाएर आफू पाठको सस्वरवाचन गरेर सुनाउनुहोस् । पाठ्यपुस्तकबाट अन्य सान्दर्भिक प्रश्न सोधी उत्तर भन्न लगाउनुहोस् । विद्यार्थीलाई विषयवस्तु बुझ्न नसकेर, सुनाइ समस्या भएर वा अन्यकारणबाट बोध र प्रश्नोत्तरमा समस्या भए दौँतरी सिकाइका माध्यमबाट समाधान खोज्नुहोस् ।

(ङ) त्यसपछि विद्यार्थीलाई तपाईंले कुनै सपना देख्नुभएको छ ? भनी सोध्नुहोस् । विद्यार्थीले भनेको उत्तरलाई सबैले ध्यान दिएर सुन्न प्रेरित गर्नुहोस् । यसरी विद्यार्थीले आफ्नो सपनाको बयान गर्दा पदसङ्गति,भाषिक शुद्धता र वाक्य गठनमा विशेष ध्यान दिनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

१. विद्यार्थीलाई पृ. नं. ८७ को क्रियाकलाप १७ मा दिइएको दिक्पालको दाँत कथा पढ्न लगाउनुहोस् ।

पाठ पढ्नुहोस् र तपाईंले देखेको कुनै सपना कक्षामा सुनाउनुहोस् :

दिक्पालको दाँत

एउटा देउराली गाउँ थियो । त्यहाँ दिक्पाल नाम गरेको सानो बालक थियो । उसका दाँत राम्रा थिए । दिक्पालका दाँत देखेर सबै लोभिन्थे । दिक्पाल अलि अल्छी थियो । उसलाई दाँत माझ्न अल्छी लाग्न थाल्यो । उसले दाँत माझ्न छाड्यो । उसलाई आमाले सम्झाउनुभयो । बुबाले सम्झाउनुभयो । गुरु र गुरुआमाले सम्झाउनुभयो । दिक्पालले कसै ले भने को माने न । उसका दाँत दिनदिनै फो हो र हुँदै गए । दिक्पाल बिस्कुट खान्थ्यो । त्यो बिस्कुट दाँतका कुनामा टाँसिन्थ्यो । चकलेट खान्थ्यो । त्यो पनि अर्को कुनामा टाँसिन्थ्यो । यसरी नै ऊ भात, तरकारी र फलफूल खान्थ्यो । ती सबै उसका दाँतका कुना कुनामा अलि अलि अड्किँदै जान्थे । बिस्तारै दाँतमा अड्किएका ती वस्तुहरू कुहिन थाले । दिक्पालको मुख गन्हाउन थाल्यो । एक दिन दिक्पाललाई दाँत दुख्यो । त्यसपछि उसलाई ज्वरो आयो । ऊ बिरामी भएर सुत्यो ।

निद्रामा उसलाई आफू सुतेको खाट माथि माथि उडे जस्तो लाग्यो । निद्रामा नै उसले आफ्ना दाँतमा किराहरूको बैठक बसे को देख्यो । दिक्पालले तिनका कुरा सुन्यो । एउटा किराले भन्यो , “म बिस्कुटबाट बने को हुँ ।” अर्कोले भन्यो , “म भातबाट बनेको हुँ ।” सबै ले आआफ्नो परि चय दिए । ती सबै दिक्पालले खाएका कुराहरूबाट बनेका रहेछन् । ती सबै भन्दै थिए, “यो बालक हामीलाई साह्रै मन पर्छ । यसले हामीलाई माया गर्छ । कहिल्यै दाँतमा ब्रस गर्दैन । उसले ब्रस गऱ्यो भने त हामी मरि हाल्छौँ नि ! अब बिस्तारै हामी यसको घाँटीबाट भित्र पस्नुपर्छ । यसका मुटु, कलेजो सबै खाइदिनुपर्छ ।”

“नाइँ, नाइँ, म मेरो मुटु कलेजो खान दिन्नँ ।” दिक्पाल आत्तिँदै उठ्यो । “के भयो ?” आमा पनि आत्तिँदै उसका छे उमा पुग्नुभयो । उसले आमासँग मन्जन र ब्रस माग्यो । आमा छक्क पर्नुभयो । ब्रस गर भन्दा कहिल्यै नमान्ने दिक्पालले आज आफैँ ब्रस र मन्जन माग्दै छ ! आमालाई आश्चर्य लाग्यो । आमाले सोध्नुभयो, “किन र ? के भयो आज तिमीलाई ?” दिक्पालले आफूले दे खे को सपनाका बारेमा सबै

कुरा सुनायो । हाँस्दै गएर आमाले ब्रस र मन्जन ल्याइदिनुभयो । दिक्पालले ब्रस गर्न थाल्यो । भोलिपल्टदेखि दिक्पालको दाँत निको हुँदै गयो । अहिले दिक्पाल खाना खाएपछि बिहान र बेलुकी दाँत माझ्छ ।

२. विद्यार्थीलाई आफूले देखेको कुनै सपना भन्न लगाएर अभिव्यक्ति क्षमताको मूल्याङ्कन गर्नुहोस् ।

## क्रियाकलाप १८

(क) विद्यार्थीसँग आआफ्नो घर वरपरको वातावरण कस्तो छ ? घर वरपर सफा छ कि फोहोर छ ? घर वरपर धुलो उड्छ कि उड्दैन ? घर वरपर वनजङ्गल छ कि छैन ? आदि प्रश्न सोधेर त्यसका बारेमा छलफल गर्नुहोस् । यसरी छलफल गर्दा विद्यार्थीले आफ्नो घर वरपरको अवस्थाबारे बताउने छन् । छलफलका क्रममा उनीहरूको स्वतन्त्र प्रस्तुतिको सम्मान गर्नुहोस् । विद्यार्थीले आफ्नो मातृभाषामा प्रस्तुत गरे पनि स्याबास् भनी प्रोत्साहन गर्नुहोस् । यसरी विद्यार्थीले प्रस्तुत गरेका कुरा शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।

(ख) वातावरण सफा राख्न के के गर्नुपर्छ ? भन्ने प्रश्नपत्ती प्रस्तुत गरी छलफल गराउनुहोस् । विद्यार्थीले भनेका कुरा शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । र ती बुँदाबारे छलफल गर्नुहोस् ।

(ग) आफूले तयार पारेका बुँदाहरूको चार्ट प्रस्तुत गरी विद्यार्थीलाई पालैपालो सस्वरवाचन गरेर सुनाउन लगाउनुहोस् । आफूले प्रस्तुत गरेको चार्ट छोपेर पुनः छलफल गराउनुहोस् । विद्यार्थीलाई स्वयम् सिकाइको अवसर दिनुहोस् ।

(घ) विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ८८ को क्रियाकलाप १८ को खाली ठाउँमा वातावरण सफा राख्न गर्नुपर्ने कार्यहरू समेटी लेख्न उत्प्रेरित गर्नुहोस् । विद्यार्थीले लेखेको अवलोकन गरी जसको उत्कृष्ट हुन्छ,, उसको शैक्षणिक पाटीमा प्रदर्शन गरी वाचन गरेर सुनाउनुहोस् । लेखनमा समस्या भएका विद्यार्थी पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ८८ को क्रियाकलाप १८ कापीमा लेख्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

हाम्रो वरपरको वातावरण सफा राख्न के गर्नुपर्छ, लेख्नुहोस् :

.............................................................................................................................

.............................................................................................................................

.............................................................................................................................

.............................................................................................................................

.............................................................................................................................

# पाठ ११

## (क) सिकाइ सहजीकरण योजना

| क्र. स. | विषयवस्तु | व्यवहारकुशल सिप | घन्टी | पाठ्य तथा कार्यपुस्तकको सम्बन्धित पृष्ठसङ्ख्या |
|---|---|---|---|---|
| १. | शब्दका अन्त्यका शब्द ध्वनि थप्ने र भिक्ने | • प्रयोग सिप (S1.1)<br>• रचनात्मक सोच सिप (S1.3)<br>• सञ्चार सिप (S3.1)<br>• सहकार्य सिप (S3.2)<br>• दृश्य साक्षरता सिप (S4.3)<br>• सूचना साक्षरता सिप (S4.4) | ६ | ८९ देखि ९६ |
| २. | विषयक्षेत्रगत मूल्याङ्कन | | १ | |

## (ख) सिकाइ क्रियाकलापका आधार

यस पाठको सिकाइ सहजीकरण गर्नुपूर्व निम्नानुसारको पूर्वतयारी गर्नुहोस् :

| पठन तत्त्व | क्रियाकलापको आधार | क्रियाकलापको सङ्केत र क्रम | सिकाइ सामग्री |
|---|---|---|---|
| १.ध्वनि सचेतीकरण | शिक्षकको पूर्ण सहयोग |  १ | १. पाठमा प्रयुक्त शब्द जोडी पत्तीहरू (गगन, गन, गणेश, गुनिलो, गुलियो, निलो, ताल, धाम, काम, नाम, रायो, साग, बिरालो, रालो, गजब, जब, कृति, घाम, मलम)<br>२. पाठमा प्रयुक्तचित्र वा पोस्टर<br>३.'राख्नुपर्छ नाम' कविता लेखिएको चार्ट |
| २. दृश्यबोध | शिक्षकको आंशिक सहयोग |  २ | १ पाठमा प्रयुक्त चित्र वा पोस्टर |
| ३. पठन प्रवाह | दौँतरी सिकाइ |  ३ | १. शब्दपत्तीहरू<br>मिलीजुली, स्वागत, खुसुक्क, खलखली, व्यवस्था, बिस्तारै, बन्धु, व्यक्ति<br>२.मोबाइल वा कुनै विद्युतीय माध्यममा कथा रेकर्ड गरिएको श्रव्यदृश्य सामग्री |
| ४. शब्दभण्डार | स्वयम् सिकाइ |  ४ | १.शब्दपत्तीहरू<br>(बेसुर, बेनाम, बेताल, बेवास्ता, खेल्थ्यो, लेख्थ्यो आदि) |
| ५. शब्दभण्डार | दौँतरी सिकाइ |  ५ | १.शब्दार्थपत्तीहरू<br>चट्याङ, दुर्लभ, झिलिमिली, भुत्ला<br>२. वाक्यपत्तीहरू |

| | | | |
|---|---|---|---|
| ६. पठन प्रवाह | स्वयम् सिकाइ | ६ | १ शब्दपत्तीहरू<br>( बाखो, पाठो, बाच्छो गाई, वन गोठ, बाँदर जनावर, जरायो, गैँडा, केटो, बाघ, हात्ती, भालु, घाँस, सिंह आदि) |
| ७. श्रुतिबोध | शिक्षकको पूर्ण सहयोग | ७ | १.शब्दपत्तीहरू<br>हातमुख, पौडी, पोखरी, भान्साकोठा, आमाबुबा माझ्न<br>२.मोबाइल वा कुनै विद्युतीय माध्यममा रेकर्ड गरिएको 'छावाले के गर्ला ?' पाठ |
| ८. पठन प्रवाह | दौँतरी सिकाइ | ८ | १. शब्दपत्तीहरू<br>घरछेउ, कुटी, सुलुक्क, लड्डु, दिन्छन्, लागिसक्यो, दुलाभित्र, पक्का<br>२. श्रव्यसामग्री तथा मल्टिमिडियासम्बन्धी डिभाइस |
| ९. शब्दभण्डार | शिक्षकको आंशिक सहयोग | ९ | १. शब्दपत्तीहरू<br>लाम्चो, सुलुक्क, मान्छे, लड्डु, ऱ्याल, पक्का<br>२. वाक्यपत्तीहरू |
| १०. शब्दभण्डार | दौँतरी सिकाइ | १० | १. शब्दपत्तीहरू<br>न्याउरी, बन्छन्, खान्छन्, भन्छन्, दिन्छन्, न्वारन, थ्याच्च |
| ११. पठनबोध | दौँतरी सिकाइ | ११ | १. शब्दपत्तीहरू<br>तरकारी, ढिँडो, दिउँसो, माघेसङ्क्रान्ति, भाइबहिनी, नानीबाबु, खानेकुरा, मुसुक्क, डाक्टर<br>२.पाठमा प्रयुक्त चित्र वा पोस्टर<br>३.मोबाइल वा कुनै विद्युतीय माध्यममा रेकर्ड गरिएको 'म त खान्नँ' पाठ |
| १२. कार्यमूलक व्याकरण | स्वयम् सिकाइ | १२ | १ शब्दपत्ती तथा वाक्यपत्तीहरू<br>रोपेका छौ, कुदेका छौ, बुनेको छ, थुनेका छन्, लेखेकी छे, लेखेको छ, भनेको छ, हिँडेको छ |
| १३. दृश्यबोध | शिक्षकको आंशिक सहयोग | १३ | १. चित्रपत्ती<br>२. शब्दपत्ती<br>माझी, ढुङ्गा, नदी, हावा, पानी, नानी |
| १४. बोध | शिक्षकको आंशिक सहयोग | १४ | १. चित्रपत्ती<br>२. शब्दपत्तीहरू<br>भित्तो, टाँस्दै, खप्तड, सुदूरपश्चिम, बझाङ, बाजुरा, पाखाभरि, ढकमक्क, हिउँद, रङ्गीचङ्गी, तीर्थस्थल, विचार, विज्ञान, जडीबुटी |

| | | | |
|---|---|---|---|
| | | | ३. श्रव्यदृश्य (मोबाइल, प्रोजेक्टर वा अन्य कुनै माध्यमबाट रेकर्ड गरिएको 'आहा ! कति राम्रो खप्तड' पाठ) |
| १५. शब्दभण्डार | **दौँतरी सिकाइ** |  १५ | १.नमुना कोठेपद<br>२.शब्दपत्तीहरू<br>चीन, भारत, अमेरिका, सुडान, रुस, क्यानडा, जापान, भुटान, नर्वे, ग्रिस, इटाली, पाकिस्तान, श्रीलङ्का, बङ्गलादेश, इरान, मलेसिया |
| १६. शब्दभण्डार | **स्वयम् सिकाइ** |  १६ | १. शब्दपत्तीहरू<br>यता, विदेश, औजार, वर्ष, पानी, सूर्य<br>२. वाक्यपत्तीहरू |
| १७. लेखाइ | **स्वयम् सिकाइ** |  १७ | १. अनुच्छेद चार्ट |
| १८. लेखाइ | **स्वयम् सिकाइ** |  १८ | १. अनुच्छेद चार्ट<br>२. प्रश्नपत्तीहरू |
| **विषयक्षेत्रगत मूल्याङ्कन** | |  | पाठ्यपुस्तक |

### (ग) सिकाइ क्रियाकलाप

क्रियाकलाप १ 

(क) कक्षामा सबै विद्यार्थीले देख्ने गरी 'हाम्रो अठोट' कवितामा प्रयुक्त चित्र वा पोस्टर प्रदर्शन गरेर छलफल गर्नुहोस् । चित्रमा के के देख्नुहुन्छ ? त्यहाँ उभिने मान्छे को हुन् ? उनीहरू के गर्दै छन् ? आफ्नो नाम कसरी राख्न सकिन्छ ? जस्ता प्रश्नोत्तर गरेर विषयवस्तुको सुरुआत गर्नुहोस् । विद्यार्थीले भनेका कुरा शैक्षणिक पाटीमा लेख्नुहोस् र छलफल गर्नुहोस् ।

(ख) शिक्षकले तयार गरेका चर्को, दर्के, आश्चर्य, आपत्विपत्, बोटबिरुवा, अक्सिजन, गोडमेल, आनाकानी जस्ता शब्दका शब्दपत्ती प्रदर्शन गरी उच्चारण गर्न लगाउनुहोस् । ती शब्दलाई वाक्यमा प्रयोग गर्न हौसला दिनुहोस् । आफूले तयार पारेका वाक्यपत्तीहरूप्रदर्शन गरी छलफल गर्नुहोस् ।

(ग) यस्तै सिङ्गो शब्द र ती शब्दको सुरुको ध्वनि निकाल्दा बन्ने शब्दका शब्दपत्तीहरू प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई ती शब्द उच्चारण गर्न लगाउनुहोस् । दुवै शब्दमा भएका फरक कुराका बारेमा छलफल गर्नुहोस्, जस्तै : आनन्द, नन्द, ओभेल, भेल, बिरुवा, रुवा आदि। यी शब्दलाई सुरुको ध्वनि र सानो शब्दमा छुट्याउन लगाउनुहोस् ।

| शब्द | सुरुको ध्वनि | सानो शब्द |
|---|---|---|
| आनन्द | आ | नन्द |
| ओझेल | ओ | झेल |
| बिरुवा | बि | रुवा |
| काँतर | काँ | तर |
| जीवन | जी | वन |

(ग) पाठ्यपुस्तकमा रहेको 'हाम्रो अठोट' कविता वा त्यसको कविता चार्ट वा पाठ्यपुस्तकको सम्बन्धित पृष्ठ प्रदर्शन गर्दै शिक्षकले गति, यति, लय र हाउभाउसहित गाएर सुनाउनुहोस् । त्यसपछि विद्यार्थीसँगै गाउनुहोस् । लयबद्ध वाचनमा समस्या भएका विद्यार्थीलाई उपयुक्त चिह्न, सङ्केत र क्रियाकलापको उपयोग गरी थप सिकाइको अवसर प्रदान गर्नुहोस् । यस क्रममा क्रमिक सिकाइ रणनीति (शिक्षकले गरेर देखाउने, शिक्षक र विद्यार्थीले सँगसँगै गर्ने, विद्यार्थी विद्यार्थीसँगै अभ्यास गर्ने र विद्यार्थीलाई व्यक्तिगत रूपमा गर्न लगाउने) लाई उपयोग गर्नुहोस् ।

(घ) कविता वाचन गर्दा विद्यार्थीलाई दुई समूहमा बाँड्नुहोस् । विद्यार्थीलाई आधा आधा हरफ गाउन लगाई रमाइलो तरिकाले गाउन सिकाउनुहोस् । समूहमा कविता वाचन गर्दा कुन समूहले । राम्रोसँग लय मिलाएर गाउन सक्छन्, अवलोकन गर्नुहोस् । दुवै समूहले एउटै लयमा मिलाएर गाउन उत्प्रेरणा दिनुहोस् ।

(ङ) कविता गाउँदा शिक्षकले प्रदर्शन गरेका शब्दपत्तीका शब्द कवितामा खोजी शब्दमा रेखाङ्कन गर्न लगाउनुहोस् र रेखाङ्कित शब्द पुनः उच्चारण गर्न लगाउनुहोस् ।

(च) कविता वाचनका अन्त्यमा को कोसँग के के थियो ? कसरी नाम राख्न सकिन्छ ? जस्ता प्रश्न गरी त्यसका उत्तरका रूपमा आउने शब्द विद्यार्थीबाट नै उच्चारण गर्ने वातावरण तयार पार्नुहोस् । ध्वनि सचेतीकरणका क्रममा शिक्षकले पूर्ण सहयोग गर्नुहोस् ।

**मूल्याङ्कन**

१. विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स.८९ कोक्रियाकलाप १ मा भएको 'हाम्रो अठोट' कविता गति, यति र लय हालेर सुनाउन लगाउनुहोस् ।

लय मिलाएर गाउनुहोस् :

हाम्रो अठोट

चर्को घाम लागेमा ओझेलमा बसौँला
दर्के पानी परेमा छाताभित्र पसौँला

आनाकानी नगर्ने आश्चर्यमा नपर्ने
आनन्द हो जीवन कुनै भ्रम नछर्ने ।
        आपत् विपत् आएमा टार्नुपर्छ आफैँले
        काँतर बन्नु हुँदैन भन्नुहुन्छ आमाले
        म त बन्छु असल धेरै धेरै पढेर
        आऊ जोगाऔँ फसल गोडमेल गरेर ।
आगो पनि चाहिन्छ पानी पनि चाहिन्छ
बोटबिरुवा लगाए अक्सिजन पाइन्छ
झार जति उखेल्छौँ फलफूल उमार्छौँ
वातावरण जोगाउँछौँ दुःख सारा भगाउँछौँ ।

२. 'हाम्रो अठोट' कवितामा प्रयोग भएका मुख्य शब्दलाई सुरुको ध्वनि र सानो शब्दमा कापीमा लेखेर देखाउन लगाउनुहोस् ।

## क्रियाकलाप २

(क) विद्यार्थीलाई पाठको चित्र प्रस्तुत गरी 'चित्रमा कुन कुन जनावर छन्? चित्रमा भएकी महिला के गर्दै हुनुहुन्छ ?'जस्ता प्रश्न गरी छलफल गराउनुहोस् । विद्यार्थीले भनेका शब्दहरू शैक्षणिक पाटीमा टिप्नुहोस् र उच्चारण गर्न लगाउनुहोस् ।

(ख) पाठमा प्रयोग भएका चित्रका बारेमा छलफल गर्न लगाउनुहोस् । यस क्रममा के, कस्तो, कहाँ, कुन, कत्रो, कति, कहिले, कसको, कसले जस्ता प्रश्नहरूका आधारमा चित्र वर्णन गर्न लगाउनुहोस् । चित्र वर्णन गर्दा चित्रको वातावरण समेट्न लगाउनुहोस् ।

(ग) चित्र वर्णन गर्दा पदसङ्गति र वाक्य गठन मिले नमिलेको विचार गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(घ) घर, परिवार, फूलबारी, बगैँचा, घरपालुवा जनावर, चराचुरुङ्गी र तिनको वासस्थानका बारेमा छलफल गर्नुहोस् । चराले आफ्ना बचेरा हुर्काउने तरिका र आमाबुबाले आफ्ना सन्तानप्रति गर्ने माया ममताका बारेमा सन्देश दिनुहोस् ।

(ङ) शिक्षकले आंशिक सहयोग गरी पाठमा प्रयोग भएका चित्रसँग मिल्दाजुल्दा समूह वा पारिवारिक वातावरण देखिने चित्र वा पोस्टर प्रदर्शन गरी सिकाइको थप अवसर प्रदानगर्नुहोस् । यस क्रममा शब्द चित्रपत्तीको प्रयोग र शब्दबोध गर्ने अवसर प्रदान गर्नुहोस् ।

(ङ) अनुमान, पूर्वानुमान गर्न लगाएर चित्र वर्णन गराउनुहोस् । चित्र वर्णन गर्न समस्या भएका विद्यार्थीलाई आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ८९ को क्रियाकलाप २ को चित्र प्रदर्शन गरी वर्णन गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

चित्र हेरेर वर्णन गर्नुहोस् :



**क्रियाकलाप ३**

(क) विद्यार्थीले सुनेका कथाका बारेमा छलफल गर्नुहोस् । छलफलका क्रममा उनीहरूका आमाबुबाले पढ्ने गरेका कथा, आमाबुबाले सुनाएका कथा र उनीहरूलाई भन्न आउने कथाका बारेमा छलफल गर्नुहोस् र विद्यार्थीलाई कथा भन्न र सुन्न प्रेरित गर्नुहोस् ।

(ख) शिक्षकले पाठमा प्रयुक्त चित्र प्रदर्शन गर्दै 'स्यालको स्वागत'कथा वाचन गरेर सुनाउनुहोस् । कथा सुनाउँदा आरोह, अवरोह, गति, यति, हाउभाउ र वाचन कलालाई विशेष जोड दिनुहोस् । जसबाट विद्यार्थीलाई कथा सुनिरहूँ जस्तो लागोस् । यस्तै, मोबाइल वा कुनै विद्युतीय माध्यममा रेकर्ड गरेर पनि कथा सुनाउनुहोस् । कथा वाचन गर्दा बिच बिचमा अब के भयो होला ? के हुन्छ होला ? भन्ने प्रश्न गरेर विद्यार्थीमा जिज्ञासा जगाउनुहोस् ।

(ग) शिक्षकले 'मिलीजुली, स्वागत, खुसुक्क, खलखली, व्यवस्था, बिस्तारै, बन्धु, व्यक्ति' जस्ता शब्दका शब्दपत्ती प्रदर्शनगरी उच्चारण गर्न लगाउनुहोस् र वाक्यमा प्रयोग गर्न लगाएर छलफल गर्नुहोस् ।

(घ) विद्यार्थीलाई नै पालैपालो कथा वाचन गर्न र बाँकी विद्यार्थीलाई ध्यान दिएर सुनी आफूलाई उच्चारण गर्न कठिन लागेका शब्द रेखाङ्कन गर्न प्रेरित गर्नुहोस् । रेखाङ्कन गरिएका शब्द विद्यार्थीलाई भन्न लगाई शैक्षणिक पाटीमा टिपेर उच्चारण गर्न लगाउनुहोस् ।

(ङ) विद्यार्थीलाई पाठ पढ्न लगाई उनीहरूलाई पढ्न लागेको समय पनि टिपोट गर्नुहोस् । विद्यार्थीले

पहिलो पटक पढ्दा कति समय लगाए, दोस्रो पटक पढ्दा कति समय लगाए, तेस्रो पटक पढ्दा कति समय लगाए, सो समय टिपोट गर्नुहोस् । यसले विद्यार्थीको पढाइ गति कति छ भन्ने कुरा नाप्न सकिन्छ ।

(च) व्यक्तिगत रूपमा सबै विद्यार्थीले कथा वाचन गरिसकेपछि के, कसरी, किन जस्ता प्रश्नसोध्दै जानुहोस् । विद्यार्थीलाईपाठबाट उत्तर फेला पार्न उत्प्रेरित गर्नुहोस् । दौँतरी सिकाइको अवसर दिनुहोस् ।

(छ) विद्यार्थीले उत्तर बताउन नसके फेरि साथीहरूलाई कथा वाचन गर्न लगाएर कथा सुनाई उत्तर पहिचान गर्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ९० को क्रियाकलाप ३ मा दिइएको कथा पढेर लगाई मूल्याङ्कन गर्नुहोस् ।

पाठ पढेर साथीलाई सुनाउनुहोस् :

स्यालको स्वागत

एउटा जङ्गल थियो । जङ्गलमा सबै जनावर मिलिजुली बस्थे । जङ्गलमा नयाँ नेताको चुनाव भयो । सबै मिली स्याललाई जिताए । स्याल नेता भयो । स्यालको स्वागत गर्न पाहुना आए । गाउँबाट मानिस आए । समुद्रबाट ह्वेल आउन खोज्यो तर सकेन । जङ्गलका अरू धेरै जनावर जम्मा भए । स्याललाई आफू ठुलो व्यक्ति भए झैँ लाग्यो । स्याल स्वाँङ पार्दै आयो । बाँदरले माला लगाइदियो । स्यालको सास गनायो । बाँदरले स्यालको कानमा खुसुक्क भन्यो, “रिसानी माफ होस्, हजुरको छेउमा उभिँदा गन्हाउँछ ।” स्यालले बाँदरको कुरा मान्यो । उसले सोध्यो, “गन्ध रोक्न म के गरौँ त बन्धु ?” बाँदरले उत्तर दियो, “धारामा गई खलखली नुहाउनुहोस् । ल अहिले चाहिँ यही अत्तर छर्कनुहोस् ।” बाँदरले बिस्तारै बोलेको थियो, सबैले सुनेछन् । सबै हाँस्न थाले । बाँदरले कराएर भन्यो, “उहाँको जिउ चिलाउँदै छ । तपाईंहरू चाहिँ हाँस्ने ? बरु उहाँका लागि नुहाउने साबुनको व्यवस्था होस् ।” स्यालले भन्यो, “भैगो साबुन किन्न म आफैँ जान्छु ।” स्याल साबुन किन्न सहरतिर लाग्यो ।

## क्रियाकलाप ४



(क) विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ९०मा दिइएका बेसुर, बेनाम, बेताल, बेवास्ता, खेल्थ्यो, लेख्थ्यो आदि शब्दका शब्दपत्ती प्रस्तुत गरी छलफल गराउनुहोस् । छलफलका क्रममा विद्यार्थीलाई उक्त शब्दको पटक पटक उच्चारण अभ्यास गराई ध्वनि सचेतीकरण गराउनुहोस् ।

(ख) शिक्षकले बेसुर, बेनाम, बेताल, बेवास्ता, खेल्थ्यो, लेख्थ्यो आदि शब्दका शब्दपत्तीहरू विद्यार्थीलाई वितरण गर्नुहोस् । ती शब्दको पछाडिपट्टि खाली ठाउँ राख्नुहोस् । विद्यार्थीलाई उच्चारण गर्दै खाली ठाउँमा उक्त शब्द अनुलेखन गर्न लगाउनुहोस् ।

(ग) विद्यार्थीलाई शब्द पढी खाली ठाउँमा लेख्न समस्या भएमा कक्षाको सिकाइ सहजीकरणमा प्रयोग

नभएका विधि वा प्रयोग भएकै विधिको पुनरावृत्ति वा उक्त विधिलाई नयाँ शैलीमा प्रस्तुत गरी स्वयम् सिकाइको अवसर दिनुहोस् ।

(घ) विद्यार्थीलाई पाठ्यपुस्तकको खाली ठाउँमा दिइएका शब्द लेख्न लगाई अवलोकन गर्नुहोस् । विद्यार्थीलाई लेखाइमा कुनै समस्या भए आवश्यक सहजीकरण गर्नुहोस् । सबैभन्दा छिटो र राम्रोसँग लेख्नेलाई स्याबासी दिनुहोस् र लेखाइ गति कम भएका विद्यार्थीलाई छिटो लेख्न हौसला दिनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ९० को क्रियाकलाप ४ कापीमा लेख्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

तलका शब्दहरू पढ्नुहोस् र लेख्नुहोस् :

| | | | |
|---|---|---|---|
| बेसुर ................ | बेनाम ................ | बेताल .................. | बेवास्ता ................ |
| खेल्थ्यो ................ | लेख्थ्यो ................ | भन्थ्यो ................ | गन्थ्यो ................ |
| पढ्थी ................ | हिँड्थी ................ | कुद्थी ................ | लेख्थी ................ |

## क्रियाकलाप ५



(क) विद्यार्थीलाई चट्याङ, दुर्लभ, झिलिमिली, भुत्ला जस्ता शब्दका शब्दपत्ती प्रदर्शन गरी उच्चारण गर्न लगाउनुहोस् । विद्यार्थीलाई यी शब्दको अर्थसँग परिचित गराउनुहोस् । यसका लागि एकातिर शब्दपत्ती र अर्कोतिर अर्थपत्ती तलमाथि पारेर शैक्षणिक पाटीमा प्रदर्शन गर्नुहोस् ।

(ख) यसका लागि समग्र कक्षालाई शब्द समूह र अर्थ समूह गरी दुई समूहमा विभाजन गर्नुहोस् । पाठ्यपुस्तकमा भएका शब्दलाई पालैपालो उच्चारण गर्न लगाउनुहोस् । अर्को समूहलाई ती शब्दले दिने अर्थ पालैपालो भन्न लगाउनुहोस् ।

(ग) विद्यार्थीले सही अर्थ बताएमा शब्द र तिनका अर्थलाई सिधा सिधा मिलाएर प्रदर्शन गर्नुहोस् । सही अर्थ बताउन नसके आफूले सहजीकरण गरिदिनुहोस् । अर्थ नबुझेका कारण विद्यार्थी अलमलमा परेमा आवश्यकतानुसार मातृभाषामा उक्त शब्दको अर्थ बताई उच्चारण गर्न लगाउनुहोस् । अर्थबोध भएको शब्द उच्चारण गर्न विद्यार्थीलाई पनि सहज हुन्छ । यस क्रममा कक्षाको सिकाइमा सक्रिय सहभागी भए नभएको अवलोकन गरी सक्रिय सहभागी नभएका कारण समस्या भएमा त्यस्ता विद्यार्थीका लागि शिक्षकले आफ्नो सिकाइ रणनीति परिवर्तन गरेर सहजीकरण गर्नुहोस् ।

(घ) दौँतरी सिकाइका माध्यमबाट कार्यपुस्तकमा भएका भन्दा बाहेक अन्य शब्द र तिनका अर्थ दिई जोडा मिलाउने क्रियाकलाप गराउनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ९० को क्रियाकलाप ५ मा दिइएका शब्द र अर्थको पालैपालो जोडा मिलाउन लगाएर मूल्याङ्कन गर्नुहोस् ।

शब्दलाई अर्थसँग जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| चट्याङ | धेरै बत्तीको उज्यालो |
| दुर्लभ | भुवा |
| झिलीमिली | बिजुली चम्कँदा आउने ठुलो आवाज |
| झुत्ला | सजिलैसँग नपाइने |

## क्रियाकलाप ६

(क) शिक्षकले विद्यार्थीलाई पृ.स. ९१ को क्रियाकलाप ६ का बाखो, पाठो, बाच्छो गाई, वन गोठ, बाँदर जनावर जस्ता शब्दका शब्दपत्ती प्रदर्शन गरी ती शब्द उच्चारण गर्न लगाउनुहोस् । ती शब्दका बारेमा जोडी विद्यार्थीलाई छलफल गराउनुहोस् । छलफलका क्रममा नक्साभित्र दिइएका शब्द उच्चारण गर्न लगाउनुहोस् ।

(ख) दिइएका शब्दका बारेमा जोडीमा छलफल गर्दा वा शब्दको उच्चारण गर्दा समस्या भएमा साथीले गरेको उच्चारण सुन्न लगाउनुहोस् । साथीले गरे जस्तै गरी शब्दको उच्चारण गर्न लगाउनुहोस् ।

(ग) यसरी एक जनाले शब्द पढ्दा अर्को साथीलाई समय हेर्न लगाउनुहोस् । निर्दिष्ट शब्द पढ्न लागेको समय टिपोट गर्न लगाउनुहोस् । यही प्रक्रियाले कक्षाका सम्पूर्ण विद्यार्थीहरूलाई अभ्यास गर्न लगाई स्वयम् सिकाइको अवसर दिनुहोस् ।

(घ) विद्यार्थीलाई शब्दको उच्चारणमा समस्या भएमा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् । सम्भव भएसम्म थप शब्द दिएर क्रियाकलाप गराउनुहोस् ।

(ङ) विद्यार्थीलाई छिटोछिटो पढ्न समस्या भएमा व्यक्तिगत रूपमा सहजीकरण गर्नुहोस् । यस क्रममा अभ्यासपत्ती वा पाठ्यपुस्तकको उपयोग गर्दै विद्यार्थीलाई थप अभ्यास गर्ने मौका दिनुहोस् । सोहीअनुसार यस्ता विद्यार्थीलाई कक्षाकार्य तथा गृहकार्य पनि दिनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ९१ को क्रियाकलाप ६ कोशब्द उच्चारण गर्न लगाई मूल्याङ्कन गर्नुहोस् ।

साथीले सुन्ने गरी पढ्नुहोस् :



## क्रियाकलाप ७

(क) कक्षामा सबै विद्यार्थीले देख्ने गरी 'छावाले के गर्ला ?' पाठमा प्रयुक्त चित्र वा पोस्टर प्रदर्शन गरेर छलफल गर्नुहोस् । चित्रमा के के देख्नुहुन्छ ? त्यहाँ उभिने मान्छे को हुन् ? उनी के गर्दै होलिन् ? हात्ती किन घरछेउमा आएको होला ? जस्ता प्रश्नोत्तर गरेर विषयवस्तुको सुरुआत गर्नुहोस् । विद्यार्थीले भनेका कुरा शैक्षणिक पाटीमा लेख्नुहोस् ।

(ख) शिक्षकले तयार गरेका हातमुख, पौडी, पोखरी, भान्साकोठा, आमाबुबा माफ्न जस्ता शब्दका शब्दपत्ती प्रदर्शन गरेर उच्चारण गर्न लगाउनुहोस् ।उच्चारणसँगै ती शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । आफूले तयार पारेका वाक्यपत्ती प्रदर्शन गर्दै छलफलका माध्यमले सिकाइ सहजीकरण गर्नुहोस् ।

(ग) विद्यार्थीलाई 'छावाले के गर्ला ?' मोबाइल वा कुनै विद्युतीय माध्यममा रेकर्ड गरिएको पाठ सुनाउनुहोस् । विद्यार्थीले चित्र वर्णन गर्दा भनेका कुरा र मोबाइलमा सुनेका कुरा के के मिले भनेर छलफल गर्नुहोस् ।

(घ) शिक्षकले पाठ्यपुस्तकमा भएको 'छावाले के गर्ला ?' पाठ बिस्तारै सस्वरवाचनगर्नुहोस् । त्यसपछि विद्यार्थीलाई पाठको अनुवाचन, सहवाचन तथा एकल वाचन गर्न लगाउनुहोस् ।यस क्रममा विद्यार्थीले उच्चारण गर्न नसकेका शब्दलाई रेखाङ्कन गराउनुहोस् । रेखाङ्कन गरिएका शब्द जनाउने चित्र वा ठोस वस्तु प्रदर्शन गर्दै सँगसँगै शब्द उच्चारण गराउनुहोस् । राम्ररी उच्चारण गर्न नसकेसम्म अभ्यास गराउनुहोस् ।

(ङ) पाठमा प्रयोग भएका वाक्यका वाक्यपत्ती बनाउनुहोस् । ती वाक्यपत्तीलाई छ्यासमिस गरी विद्यार्थीका समूहमा वितरण गर्नुहोस् र उक्त वाक्यपत्तीलाई पाठमा प्रयोग गरिए जसरी क्रमशः मिलाएर पढ्न लगाउनुहोस् ।

(च) शिक्षकले पाठगत प्रश्नको उत्तर खोज्ने तरिकाबारे छलफल गर्नुहोस् । पाठ पढिसकेपछि कुनै एउटा 'के/को' प्रश्नसँग सम्बन्धित उत्तर बताइदिनुहोस् । त्यसैअनुरूप विद्यार्थीलाई पनि अभ्यास गराउनुहोस् । विद्यार्थीलाई पाठ्यपुस्तकमा भएका अन्य सान्दर्भिक प्रश्न सोधी उत्तर भन्न लगाउनुहोस् । यदि विद्यार्थी समर्थ पाइएमा कसरी र कहाँ जस्ता प्रश्न निर्माण गरी सोध्नुहोस् ।

(छ) सिकाइका क्रममा शिक्षकले पूर्ण सहयोग गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ९१ को क्रियाकलाप ७ मा भएका प्रश्नोत्तर गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

सुन्नुहोस् र उत्तर भन्नुहोस् :

छावाले के गर्ला ?

हात्तीको छावा होटलछेउमा आयो । होटेलमा सानी नानी थिई । छावाले नानीलाई देख्यो । नानी बसिरहेकी थिइन् । छावा पनि बस्यो । नानी उठिन् । छावा पनि उठ्यो । नानीले हातमुख धोइन् । उनले नुहाइन् । छावा पनि पौडी खेल्न पोखरीमा पस्यो । नानी भान्साकोठामा गइन् । आमाबुबालाई बोलाइन् । छावाले पनि हात्तीलाई बोलायो । नानीले खाना खाइन् । छावाले घाँस खायो । नानीले चुठिन् । छावाले पानी पियो । नानीले दाँत माझ्न थालिन् । नानीका दाँत सेता देखिए । लौ फसाद, छावाका दाँतै देखिएनन् । अब छावाले के गर्ला ?

(क) होटेलमा को थियो ?
(ख) छावाले कसरी नुहायो ?
(ग) नानीका दाँत किन सेता देखिए ?
(घ) छावाले के गऱ्यो होला ?

## क्रियाकलाप ८



क) पाठ्यपुस्तकको पृ.स. ९२ को 'कुटीमा लड्डु' संवादका बारेमा छलफल गराउनुहोस् । पाठमा प्रयोग भएका घरछेउ, कुटी, सुलुक्क, लड्डु, दिन्छन्, लागिसक्यो, दुलाभित्र, पक्का जस्ता शब्दका शब्दपत्ती प्रदर्शन गरी पटक पटक विद्यार्थीलाई उच्चारण गर्न लगाउनुहोस् ।

(ख) शिक्षकले आफूले तयार पारेको नमुना कुराकानीको चार्ट प्रस्तुत गरी कक्षाकोठामा दुई विद्यार्थीबिच पालैपालो नमुना कुराकानी गर्न लगाउनुहोस् ।शिक्षकले पाठ्यपुस्तकमा भएको संवादलाई हाउभाउसहित नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् । सस्वरवाचन गर्दा वर्ण, शब्द, वाक्य र अनुच्छेद देखाउँदै पढेर सुनाउनुहोस् । पढेर सुनाउँदा आरोह अवरोह, गति र यतिलाई ध्यान दिएर सुनाउनुहोस् ।

(ग) सम्भव भएसम्म श्रव्यसामग्री तथा मल्टिमिडियाको उपयोग पनि गर्नुहोस् । मल्टिमिडियाको उपयोग गर्दा विद्यार्थीकै स्वरमा रेकर्ड गराई कक्षामा सुनाउँदा बढी प्रभावकारी हुन्छ ।

(घ) यसरी आफूले सस्वरवाचनर श्रव्यसामग्री श्रवण गराइसकेपछि दुई दुई जना विद्यार्थीलाई राम्र र सेतीको संवाद पालैपालो हाउभाउसहित वाचन गर्न लगाउनुहोस् । विद्यार्थीलाई कुनै समस्या परेमादौँतरी सिकाइका माध्यमबाट सहजीकरण गरिदिनुहोस् । विद्यार्थी सक्षम नभएसम्म बारम्बार पठन अभ्यास गराइरहनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ९२ को क्रियाकलाप ८ मा दिइएको संवाद दुई दुई जना विद्यार्थीलाई पढ्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

पालैपालो पढ्नुहोस् :

कुटीमा लड्डु

राम्री : सेती, लामो घरछेउको कुटीमा जाऔँ न ।
सेती : सुलुक्क परेको रुखको छेउको घरमा ?
राम्री : त्यही घरको छेउको कुटीमा ।
सेती : त्यहाँ के छ र ?
राम्री : त्यहाँ एक जना मानिस छन् । तिनले लड्डु दिन्छन् ।
सेती : ए हो र ?
राम्री : हो त । मलाई कस्तो खान मन लागिसक्यो । छिटो जाऔँ न ।
सेती : अहिले नजाने, भरे जाऔँला । दिउँसो त बिरालाले समाउँछ । म त जान्नँ ।
राम्री : हुन्छ त । भरे चाहिँ पक्का नि । राम्री र सेती दुलाभित्र छिरे ।

## क्रियाकलाप ९

(क) विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ९२ को क्रियाकलाप ९ का सम्बन्धमा छलफल गराउनुहोस् । छलफलका क्रममालाम्चो, सुलुक्क, मान्छे, लड्डु, ऱ्याल, पक्का जस्ता शब्द राखी वाक्यपत्ती प्रदर्शन गर्नुहोस् र सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ख) शिक्षकले लाम्चो, सुलुक्क, मान्छे, लड्डु, ऱ्याल, पक्का जस्ता शब्दलाई छोपिदिनुहोस् । विद्यार्थीलाई सस्वरवाचन गरेर पढ्न लगाउनुहोस् र प्रश्नोत्तर गर्नुहोस्, जस्तै : उसको नाक सुलुक्क परेको छ । उसको नाक कस्तो छ ? मलाई लड्डु मन पर्छ । मलाई के मन पर्छ ?

(ग) विद्यार्थीले भनेका उत्तरलाई शैक्षणिक पाटीमा लेख्नुहोस् ।

(घ) शब्दलाई वाक्यमा प्रयोग गर्दा कर्ताको रूप परिवर्तन हुँदा क्रियापद पनि परिवर्तन हुन्छ भन्ने कुरा फरक कर्ता राखेर वाक्यपत्ती प्रदर्शन गरी छलफल गराई सिकाउनुहोस् । जस्तै : मैले लाम्चो खुर्सानी खाएँ । हामीले लाम्चो खुर्सानी खायौँ । यस वाक्यमा यी वाक्यमा कर्तामा परिवर्तन हुँदा क्रियामा पनि परिवर्तन भएको छ भन्ने कुरा बुझाइदिनुहोस् । यस्तै पाठ्यपुस्तकबाट अरू शब्द राखी वाक्य बनाउने अभ्यास गर्न लगाउनुहोस् । यसरी वाक्यमा प्रयोग गर्दा दिइएका शब्दलाई नै राखी वाक्य बनाउने कुरा स्पष्ट पारिदिनुहोस् ।

(ङ) विद्यार्थीलाई शब्द राखी वाक्य बनाउन समस्या भएमा शिक्षकले उपयुक्त सिकाइ रणनीति तयार गरी शिक्षकले आंशिक सहयोगसहित सहजीकरण गर्नुहोस् ।

### मूल्याङ्कन

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स.९२ को क्रियाकलाप ९ मा दिइएका शब्द राखी वाक्यमा प्रयोग गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

लाम्चो : ..........................................................................................

सुलुक्क : ..........................................................................................

मान्छे : ..........................................................................................

लड्डु : ..........................................................................................

न्याल : ..........................................................................................

पक्का : ..........................................................................................

## क्रियाकलाप १०



(क) शिक्षकले न्याउरी, बन्छन्, खान्छन्, भन्छन्, दिन्छन्, न्वारन, थ्याच्च जस्ता शब्दका शब्दपत्ती प्रदर्शन गर्नुहोस् र ती शब्द उच्चारण गर्न लगाउनुहोस् । ती शब्दलाई वाक्यमा प्रयोग गर्न विद्यार्थीलाई हौसला दिनुहोस् । आफूले वाक्यपत्ती प्रदर्शन गरी छलफल गर्नुहोस् र स्पष्ट पादिनुहोस् ।

(ख) शब्दपत्ती प्रदर्शन गर्दै ती शब्दमा प्रयोग भएका वर्णहरू एक एक गनेर भन्न लगाउनुहोस् । विद्यार्थीले भनेका वर्णहरू शैक्षणिक पाटीमा टिप्नुहोस् र छलफल गर्नुहोस् । जस्तै: न्याउरी : न्या, उ, री । बन्छन् : बन् छन् आदि । विद्यार्थीले भन्न नसकेमा वर्णपत्तीको सहायताले छलफल गर्नुहोस् ।

(ग) आफूले पहिले प्रदर्शन गरेका शब्दपत्ती छोपेर सबै विद्यार्थीलाई एक एकओटा शब्दपत्ती वितरण गर्नुहोस् । ती शब्दलाई उच्चारण गर्न र त्यसमा प्रयोग भएका वर्णहरू छुट्याएर भन्न लगाउनुहोस् ।

(घ) पाठ्यपुस्तकको पृ.स. ९३ को क्रियाकलाप १० का बारेमा छलफल गर्नुहोस् र मिल्दो वर्ण थपेर शब्द बनाउन विद्यार्थीलाई लगाउनुहोस् । दौँतरी सिकाइको अवसर दिनुहोस् । विद्यार्थीले सही शब्द निर्माण गर्न नसकेको अवस्थामा आवश्यक सहजीकरण गर्नुहोस् ।

(ङ) ती शब्दलाई वाक्यमा प्रयोग गरेर थप छलफल गर्नुहोस् । यस्तै थप वर्ण र शब्दहरू दिई थप सिकाइको अवसर प्रदान गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ९३ क्रियाकलाप १० गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

शब्दको सुरुमा न्या, ब, खा, दि, न्वा र थ्या थपेर शब्द लेख्नुहोस् :

| | | |
|---|---|---|
| .................उरी | .................न्छन् | .................न्छन् |
| .................न्छन् | ................. रन | .................च्च |

## क्रियाकलाप ११

(क) पाठमा प्रयुक्त चित्र प्रदर्शन गर्नुहोस् । चित्रमा के के भएको देखिन्छ, छलफल गर्नुहोस् । तपाईँरूलाई कुन कुन खानेकुरा खान मन लाग्छ ? तपाईँहरू बिरामी हुनुभएको छ कि छैन ? तपाईँहरू डाक्टरकहाँ जानुभएको छ ? तपाईँ डाक्टरकहाँ किन जानुभयो ? के के कारणले रोग लाग्छ ? जस्ता प्रश्न सोधेर स्वास्थ्य र खानपानसम्बन्धी बानी व्यवहारबारे छलफल गर्नुहोस् ।

(ख) शिक्षकले तयार गरेका 'तरकारी, ढिँडो, दिउँसो, माघेसङ्क्रान्ति, भाइबहिनी, नानीबाबु, खानेकुरा, मुसुक्क, डाक्टर' आदि शब्दका शब्दपत्ती प्रदर्शन गर्नुहोस् र ती शब्द उच्चारण गर्न लगाउनुहोस् । शब्द उच्चारणसँगै वाक्य निर्माण गर्न सहजीकरण गर्नुहोस् ।

(ग) 'म त खान्नँ' पाठविद्यार्थीलाई वाचन गरेर सुनाउनुहोस् । मोबाइल वा कुनै विद्युतीय माध्यममा रेकर्ड गरिएको 'म त खान्नँ' पाठ सुनाउनुहोस् । विद्यार्थीले चित्र वर्णन गर्दा भनेका कुरा र मोबाइलमा सुनेका कुरा के के मिले भनेर छलफल गर्नुहोस् ।

(घ) शिक्षकले पाठ्यपुस्तकमा भएको 'म त खान्नँ'पाठ बिस्तारै वाचन गर्नुहोस् । त्यसपछि विद्यार्थीलाई पाठको अनुवाचन, सहवाचन, युगल वाचन तथा एकल वाचन गर्न लगाउनुहोस् ।यस क्रममा विद्यार्थीले उच्चारण गर्न नसकेका शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् । रेखाङ्कन गरिएका शब्द टिप्नुहोस् र ती शब्द जनाउने चित्र वा ठोस वस्तु प्रदर्शन गर्दै सँगसँगै शब्द उच्चारण गराउनुहोस् । राम्ररी उच्चारण गर्न नसकेसम्म अभ्यास गराउनुहोस् ।

(ङ) पाठमा प्रयोग भएका वाक्यका वाक्यपत्ती प्रदर्शन गर्नुहोस् । ती वाक्यपत्तीलाई छ्यासमिस गरी विद्यार्थीका समूहमा वितरण गर्नुहोस् र उक्त वाक्यपत्तीलाई पाठमा प्रयोग गरिए जसरी क्रमशः मिलाएर पढ्न लगाउनुहोस् । कुनै समस्या परे सहजीकरणका क्रममा शिक्षकले आंशिक सहयोग गर्नुहोस् ।

(च) शिक्षकले विभिन्न प्रश्नको उत्तर खोज्ने तरिकाबारे छलफल गर्नुहोस् । पाठ पढिसकेपछि कुनै एउटा 'के/को' प्रश्नसँग सम्बन्धित उत्तर बताइदिनुहोस् । त्यसैअनुरूप विद्यार्थीलाई पनि अभ्यास गराउनुहोस् । विद्यार्थीलाई पाठबाट अन्य सान्दर्भिक प्रश्न सोधी उत्तर भन्न लगाउनुहोस् । यदि विद्यार्थी समर्थ पाइएमा कसरी र कहाँ जस्ता प्रश्न निर्माण गरी सोध्नुहोस् । दौँतरी सिकाइको प्रशस्त अवसर प्रदान गर्नुहोस् ।

(छ) विद्यार्थीलाई पाठमा बताइएका कुरा कस्तो लाग्यो ? भनेर पालैपालो प्रश्न सोध्नुहोस् । विद्यार्थीले भनेका कुरा शैक्षणिक पाटीमा टिप्दै जानुहोस् र सबै विद्यार्थीको पालो सकिएपछि राम्रा बानी र नराम्रा बानीबारे छलफल गर्नुहोस् र निष्कर्ष निकाल्न विद्यार्थीलाई लगाउनुहोस् । विद्यार्थीलाई कुनै समस्या परे आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ९३ को क्रियाकलाप ११ मा दिइएको पाठ पढ्न लगाई आफ्नो धारण कक्षामा सुनाउन लगाएर मूल्याङ्कन गर्नुहोस् ।

पाठ पढी कस्तो लाग्यो, साथीलाई भन्नुहोस् :

म त खान्नँ

"दाल, भात र तरकारी पकाउँछु, हुन्न ?" बुबाले मधुलाई सोध्नुभयो । "कति दिन त्यही मात्र खानु ? आज बिहान ढिँडो खाऔँ । दिउँसो खाजामा सातु वा भुटेको मकै खाऔँला । बेलुकी रोटी र तरकारी खानुपर्छ ।" आमाले थप्नुभयो । "भोलि माघे सङ्क्रान्ति छ । खिचडी खाओ भन्नुहो ला । भाइबहिनीलाई त लिटो र जाउलो दिने हो ला ? मिठो मिठो खान पाइदै न ? म त खान्नँ ।" सानी सविताले घुर्क्याई । उसले थपी, "चकलेट, चाउचाउ, बिस्कुट र कुरकुरे ल्याइदिनुस् । नत्र केही खान्नँ ।" सानीले ढिपी गरी । उसले भने को आमाले मान्नुभयो । मधुले सविताको सिको गरे । किनेको खाना खाएपछि उनीहरू दुब्लाउँदै गए । उनीहरू एक दिन बिरामी पनि भए । आमाले उनीहरूलाई डाक्टर कहाँ लै जानुभयो । जाँचे पछि डाक्टर ले भने , "नानीबाबुको पे टमा खर ाबी छ । पसलका तयारी खानेकुरा किने र खान्छन् कि क्या हो ?" मधु र सवितालाई आफ्नो गल्ती थाहा भयो । दुवै ले चकले ट, चाउचाउ, बिस्कुट र कुरकुरे देखाउँदै भने , "अब हामी यस्ता तयारी खानेकुरा खान्नौँ ।" डाक्टर मुसुक्क हाँसे । आमा पनि खुसी हुनुभयो

## क्रियाकलाप १२



(क) शैक्षणिक पाटीमा रोपेका छौ, कुदेका छौ, बुनेको छ, थुनेका छन्, लेखेकी छे, लेखेको छ, भनेको छ, हिँडेको छ जस्ता क्रियापद बुझाउने शब्दका शब्दपत्ती प्रस्तुत गर्नुहोस् र उच्चारण गर्न लगाउनुहोस् । ती शब्द राखेर वाक्य बनाउन प्रेरित गर्नुहोस् । त्यसपछि ती शब्दका वाक्यपत्ती आफूले प्रदर्शन गरी पढ्न लगाउनुहोस् ।

(ख) पाठ्यपुस्तकको अभ्यासमा दिइएका वाक्यका अपुरा वाक्यपत्ती र वाक्य पूरा गर्न चाहिने शब्दसहित थप शब्दका शब्दपत्तीहरू प्रदर्शन गर्नुहोस् । यी वाक्यपत्तीमा कुन शब्द राख्दा वाक्य सही हुन्छ भन्ने बारेमा साथी साथीबिच छलफल गराउनुहोस् ।

(ग) शिक्षकले पाठ्यपुस्तकको पृ.स. ९३ मा निर्दिष्ट क्रियाकलापको 'तिमीले भटमास .................. ।' ( रोपेका छौ, कुदेका छौ) जस्ता वाक्य प्रदर्शन गरी सही शब्द छान्ने तरिकासहित वाक्य बनाएर प्रस्तुत गर्नुहोस् । यो वाक्यमा खाली ठाउँमा कोष्ठकका दुई शब्दमध्ये मिल्ने शब्द भर्दा पूरा वाक्य 'तिमीले भटमास रोपेका छौ ।' हुन्छ भनी शिक्षकले स्पष्ट पारिदिनुहोस् । यसैगरी हरेक वाक्यलाई वाक्यपत्तीको सहायताले छलफल गर्नुहोस् ।

(घ) स्वयम् सिकाइका माध्यमबाट विद्यार्थीलाई सँगै बसेका साथीसँग छलफल गरी खाली ठाउँमा मिल्ने शब्द कोष्ठकबाट छानेर भर्न प्रोत्साहन गर्नुहोस् । उनीहरूले खाली ठाउँमा सही शब्द भरेमा स्याबास भन्नुहोस् । खाली ठाउँ भर्न समस्या भएमा शैक्षणिक पाटीको उपयोग गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ९३ को कियाकलाप १२ मा दिइएको खाली ठाउँ भर्न लगाउनुहोस् र अवलोकन गर्नुहोस् ।

खाली ठाउँमा मिल्दो शब्द भर्नुहोस् :

| | |
|---|---|
| (क) तिमीले भटमास ...................................... । | (रोपेका छौ, कुदेका छौ) |
| (ख) प्रहरीले चोरलाई ...................................... । | (बुनेको छ, थुनेका छन्) |
| (ग) रजनीले कविता ........................................... । | (लेखेकी छे, लेखेको छ) |
| (घ) शाश्वतले कथा .............................................। | (भनेको छ, हिँडेको छ) |

## क्रियाकलाप १३

(क) पाठमा प्रयुक्त चित्र प्रदर्शन गरी विद्यार्थीसँग त्यसका बारेमा प्रश्नोत्तर र छलफल गर्नुहोस् । चित्रका बारेमा वर्णन गर्न माझी, ढुङ्गा, नदी, हावा, पानी, नानी जस्ता शब्द प्रयोग गर्नुहोस् । छलफल गर्दा चित्रपत्ती वा ठोस वस्तु प्रदर्शन गर्न सम्भव नभएमा विद्यार्थी कार्यपुस्तकको चित्र उपयोग गरी सिकाइ सहजीकरण कार्यलाई निरन्तरता दिनुहोस् । सिकाइ सहजीकरणका क्रममा निम्नानुसारका प्रश्नका आधारमा विद्यार्थीलाई सिकाइ र अभिव्यक्तिको अवसर प्रदान गर्नुहोस् :

(अ) चित्रमा के के छन् ? (आ) चित्रमा कसले डुङ्गा खियाइरहेको छ ?

(इ) डुङ्गा कहाँ छ ? (उ) डुङ्गानजिकै एक जना बालक के गरिरहेका होलान् ?

(ख) विद्यार्थीलाई पालैपालो चित्र वर्णन गर्न लगाउनुहोस् । चित्र हेरी छलफल गराउँदा पदसङ्गति र वाक्य गठनमा ध्यान दिनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

(ग) शिक्षकको आंशिक सहयोगबाट विद्यार्थीलाई चित्रको परिवेश र वातावरणलाई समेटेर चित्र वर्णन गर्न लगाउनुहोस् ।

(घ) विद्यार्थीलाई चित्र वर्णन वा प्रश्नोत्तरमा समस्या भएमा शिक्षकले सिकाइ रणनीतिगत चरणअनुसार आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

१. विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ९४ को क्रियाकलाप १३ मा दिइएको चित्र वा अन्य कुनै चित्र प्रदर्शन गरी वर्णन गर्न लगाउनुहोस् र मूल्याङ्कन गर्नुहोस् ।

चित्र हेरेर उत्तर भन्नुहोस् :



(क) चित्रमा माझीले के गरिरहेका छन् ?

(ख) डुङ्गा केमाथि तैरिरहेको छ ?

(ग) तपाईंलाई चित्रको कुन कुरा मन पर्‍यो, किन ?

२. पाठ्यपुस्तकको पृ.स. ९४ को क्रियाकलाप १३ मा दिइएका वा त्यस्तै थप प्रश्न सोधेर मूल्याङ्कन गर्नुहोस् ।

## क्रियाकलाप १४ 

(क) यो क्रियाकलाप गराउनुअघि तपाइँ कतै घुम्न जानुभएको छ कि छैन ? तपाइँ कहाँ कहाँ घुम्नुभएको छ ? घुम्न जाँदा तपाईंले के के देख्नुभयो ? नयाँ ठाउँ देखेर तपाईंलाई कस्तो लाग्यो ? भनेर प्रश्न सोधी छलफल गराउनुहोस् । यस्ता प्रश्नका आधारमा विद्यार्थीको पूर्वज्ञानको संयोजन र अभिव्यक्तिका लागि सक्रिय बनाउनुहोस् ।

(ख) विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ९४ को क्रियाकलाप १४ मा प्रयोग भएको चित्र वा यस्तै कुनै चित्रपत्ती प्रदर्शन गरी त्यसका बारेमा छलफल गर्न लगाउनुहोस् । यस क्रममा श्रव्यदृश्य (मोबाइल, प्रोजेक्टर वा अन्य कुनै माध्यमबाट रेकर्ड गरिएको श्रव्यदृश्य सामग्री) को पनि उपयोग गर्नुहोस् । त्यसपछि 'आहा ! कति राम्रो खप्तड' पाठ सस्वरवाचन गरी सुनाउनुहोस् ।

(ग) शिक्षकले 'आहा ! कति राम्रो खप्तड' पाठ सस्वरवाचन गरी मोबाइल फोनमा रेकर्ड गर्नुहोस् । रेकर्ड सुनाउँदा भित्तो, टाँस्दै, खप्तड, सुदूरपश्चिम, बझाङ, बाजुरा, पाखाभरि, ढकमक्क, हिउँद, रङ्गीचङ्गी, तीर्थस्थल, विचार, विज्ञान, जडीबुटी जस्ता शब्दलाई जोड दिनुहोस् । ती शब्द पटक पटक उच्चारण गरी सुनाउनुहोस् । त्यसपछि विद्यार्थीलाई पाठको अनुवाचन

गर्न लगाउनुहोस् । सम्भव भएसम्म विद्यार्थीलाई पालैपालो सस्वरवाचन गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीले उच्चारण गर्न नसकेका शब्द रेखाङ्कन गर्न लगाई टिपोट गर्नुहोस् । टिपोट गरेका शब्द जनाउने चित्र वा ठोस वस्तु प्रदर्शन गर्न सम्भव भएमा चित्रपत्ती वा ठोस वस्तु प्रदर्शन गर्दै शब्दको सँगसँगै उच्चारण गराउनुहोस् । राम्ररी उच्चारण गर्न नसकेसम्म अभ्यास गराइरहनुहोस् ।

(घ) शिक्षकले अब हामी पाठगत प्रश्नको उत्तर खोज्ने तरिकाबारे छलफल गर्ने छौँ भन्नुहोस् । शिक्षकले 'आहा ! कति राम्रो खप्तड'पाठ पढिसकेपछि कुनै एउटा 'कहाँ, को, किन' प्रश्नसँग सम्बन्धित उत्तर बताइदिनुहोस् । त्यसैअनुरूप विद्यार्थीलाई पनि अभ्यास गराउनुहोस् । विद्यार्थीलाई पाठ पढ्न लगाउनुहोस् । पाठ पढिसकेपछि 'कहाँ, को, किन' सम्बन्धी कुनै एउटा प्रश्न सोध्नुहोस् । यस्ता प्रश्नको उत्तर पाठलाई ध्यान दिएर पढे भेट्टाइन्छ भनी बताउनुहोस् । एउटा प्रश्न सोधी म पाठ पढ्छु, तपाईंहरू उत्तर पत्ता लगाउनुहोस् भन्नुहोस् । यदि तपाईंहरूले प्रश्नको उत्तर भेट्टाएपछि पाठ पढ्न रोक्ने छु भन्नुहोस् । पाठ पढी प्रश्नको उत्तर आएमा पठन रोक्नुहोस् र उत्तर भन्ने अवसर दिनुहोस् । यसरी पाठ्यपुस्तकमा भएका र अन्य सान्दर्भिक प्रश्न सोधी उत्तर भन्न लगाउनुहोस् । यसका लागि पाठ्यपुस्तकमा प्रयोग भएका प्रश्नको उपयोग गर्नुहोस् ।विद्यार्थी समर्थ पाइएमा कसरी र किन प्रश्न पनि निर्माण गरी सोध्नुहोस् ।

(ङ) पाठमा भएका विभिन्न ठाउँका बारेमा विद्यार्थीसँग छलफल र प्रश्नोत्तर गरी शैक्षणिक पाटीमा टिपेर सूची तयार गर्नुहोस् । विद्यार्थीलाई विषयवस्तुको बुझ्न नसकेर, सुनाइ समस्या भएर वा अन्यकारणबाट बोध र प्रश्नोत्तरमा समस्या भएमा अवस्था विश्लेषण गरी थप सहजीकरण गर्नुहोस् ।

(च) विद्यार्थीलाई पाठ्यपुस्तकमा भएका प्रश्नको उत्तर लेख्न लगाउनुहोस् र आफूले अवलोकन गर्नुहोस् । विद्यार्थीलाई लेखाइमा कुनै कठिनाइ परे आंशिक सहयोगमार्फत आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ९५ मा दिइएका प्रश्नहरूको उत्तर लेख्न लगाउनुहोस् र मूल्याङ्कन गर्नुहोस् ।

पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

आहा ! कति राम्रो खप्तड

गुरुआमा कक्षामा आउनुभयो । उहाँले एउटा ठुलो चित्र ल्याउनुभएको थियो । उहाँले भित्तामा चित्र टाँस्दै भन्नुभयो, "आज म तिमीहरूलाई खप्तड लेकका बारेमा बताउँछु ।" हामी खुसी भयौँ ।

गुरुआमा भन्न थाल्नुभयो, "खप्तड लेक सुदूरपश्चिम प्रदेशको डोटी जिल्लामा पर्छ । यसले डोटीलाई अछाम, बाजुरा र बझाङ जिल्लासँग जोडेको छ । यहाँ सुरुमा हेप्ताली भनिने मानिसहरू बस्थे । पछि तिनीहरूलाई खप्तडेली भन्न थालियो । खप्तडका पाखाभरि ढकमक्क फूल फुलेका छन् । यसलाई बाइस पाटन र त्रिपन्न तालको लेक भन्ने गरिन्छ । यहाँ ठुला ठुला पाटनहरू (सम्म मैदान) र तालहरू छन् । राम्रा राम्रा मन्दिर पनि छन् । खप्तड साह्रै राम्रो छ ।"

उहाँले थप्नुभयो, "खप्तडमा एउटा राष्ट्रिय निकुञ्ज छ । त्यहाँ खरायो र मृग खेलिरहेका भेटिन्छन् बाघभालु पनि छन् । यहाँ हिउँदमा हिउँ परेर सेताम्मे हुन्छ । गर्मी समयमा रङ्गीचङ्गी फूलहरू फुल्छन् । खप्तड नजिकै त्रिवेणी छ । त्यहाँ स्वर्णगङ्गा, नीलगङ्गा र आकाशगङ्गा तीनओटा नदीहरू मिसिएका छन् । त्यहीँ केदारपाटन भन्ने ठुलो मैदानी भाग छ । दसैँमा त्यहाँ प्रसिद्ध खप्तड मेला लाग्ने गर्छ । मेलामा देउडा खेल्ने चलन छ । त्यहाँ खप्तड ताल, खपार मस्टोको मन्दिर र होमकुण्ड पनि छ । खप्तड ज्यादै पुरानो र पवित्र तीर्थस्थल हो । यो महाभारत कालमा पनि थियो रे ! यो खप्तड बाबाले योग साधना र तपस्या गरेको ठाउँ हो । यहीँ बसेर उहाँले 'विचार विज्ञान' र 'स्वास्थ्य विज्ञान' जस्ता पुस्तक लेख्नुभयो । एउटा जडीबुटी उद्यानको स्थापना गर्नुभयो । २०५३ सालमा उहाँको निधन भयो तर सबैले उहाँलाई सम्झिरहन्छन् ।"

गुरुआमाका कुरा सुनेपछि हामीले एकै स्वरमा भन्यौँ, 'आहा ! कति राम्रो खप्तड ! कहिले घुम्न जान पाइएला !'

(क) खप्तड कहाँ पर्छ ? ..........................................................................................

(ख) खप्तडमा के के छन् ? ..........................................................................................

(ग) खप्तड क्षेत्र नाम रहनुको कारण के होला ? ..............................................................

## क्रियाकलाप१५



(क) विद्यार्थीलाई अक्षर अक्षर जोडी शब्द बनाउन शिक्षकले तयार पारेको नमुना कोठेपद प्रदर्शन गरी त्यसबाट बन्ने शब्द प्रस्तुत गर्नुहोस् र छलफल गरेर उत्प्रेरणा जगाउनुहोस् । थप छलफल गराउनुहोस् । पाठ्यपुस्तकको कोठेपदबाट बनेका शब्द शैक्षणिक पाटीमा प्रदर्शन गर्नुहोस्, जस्तै: चीन, भारत, अमेरिका, सुडान, रुस, क्यानडा, जापान, भुटान, नर्वे, ग्रिस, इटाली, पाकिस्तान, श्रीलङ्का, बङ्गलादेश, इरान, मलेसिया आदि । ती शब्द पालैपालो उच्चारण गर्न लगाउनुहोस् । यसपछि ती शब्दपत्ती छोप्नुहोस् ।

(ख) विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ९६ को क्रियाकलाप १५ का बारेमा छलफल गराउनुहोस् । छलफलका क्रममा आफूले बनाएको वर्णतालिका वा पाठ्यपुस्तककै क्रियाकलाप प्रस्तुत गर्नुहोस् ।

(ग) विद्यार्थीलाई दुई दुई जनाको समूहमा विभाजन गर्नुहोस् र देश बुझाउने शब्द निर्माण गर्न लगाउनुहोस् । उनीहरूले बनाएका शब्द कक्षामा प्रस्तुत गर्न लगाई टिप्दै जानुहोस् । सही शब्द बनाउन नसकेमा सहयोग गर्नुहोस् ।

(घ) यसैगरी वर्ण वर्ण जोडेर सार्थक शब्द बनाउन पटक पटक अभ्यास गर्नुहोस् । दौँतरी सिकाइको अवसर दिनुहोस् ।

(ङ) सुरुमा विद्यार्थी समूहमा वर्ण जोडी शब्द बनाउँदा साथी साथीबिचमा प्रशस्त छलफल गर्ने अवसर प्रदान गर्नुहोस् । यसरी वर्ण जोडी देशका नाम पहिचान गर्न नसकेसम्म बारम्बार अभ्यास गराउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. ९६ को क्रियाकलाप १५ बाट देशका नाम पहिचान गर्न लगाई अवलोकन गर्नुहोस् ।

देशका नाम चिनेर कापीमा लेख्नुहोस् :

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ची | अ | श्री | जा | पा | न | ग्रि |
| न | मे | ल | म | कि | बें | स |
| भा | रि | ङ्का | ले | स्ता | इ | ब |
| र | का | का | सि | न | रा | ङ्ग |
| त | सु | क्या | या | इ | न | ला |
| रु | डा | न | भु | टा | न | दे |
| स | न | डा | स | ली | आ | श |

## क्रियाकलाप १६



(क) विद्यार्थीलाई यता, विदेश, औजार, वर्ष, पानी, सूर्य जस्ता शब्दका शब्दपत्ती प्रदर्शन गर्नुहोस् । ती शब्दका अर्थ बताउन लगाई वाक्यमा प्रयोग गर्न प्रेरित गर्नुहोस् । आफूले बनाएका वाक्यपत्ती प्रदर्शन गरी छलफल गराउनुहोस् ।

(ख) पाठमा दिइएका शब्दहरू उच्चारण गर्न लगाउनुहोस् । विद्यार्थीलाई ती शब्दमा भएका वर्ण गनेर भन्न लगाउनुहोस् । थप शब्द भन्दै उच्चारण गर्न लगाउनुहोस् । विद्यार्थीले उच्चारण गरेका शब्दलाई शैक्षणिक पाटीमा लेख्नुहोस् ।

(ग) आफूले प्रदर्शन गरेका शब्द छोप्नुहोस् र पाठ्यपुस्तकमा दिइएका शब्दमा सही र गलत वर्णविन्यास भएका शब्द पत्ता लगाउन लगाउनुहोस् ।मिलेका र नमिलेका शब्दपत्ती प्रदर्शन गर्नुहोस् र सही शब्द पहिचान गरी खाली ठाउँमा लेख्न लगाउनुहोस् । स्वयम् सिकाइको अवसर दिनुहोस् ।

(घ) विद्यार्थीले सही रुपमा लेखेको वा नलेखेको अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् । अन्त्यमा आफूले प्रदर्शन गरेका सही शब्दहरू देखाउँदै छलफल गर्नुहोस् । यस्तै थप शब्दका शुद्ध र अशुद्ध शब्दपत्तीहरू प्रदर्शन गरी थप अभ्यास गराउनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ९६ को क्रियाकलाप १६ मा दिइएका शब्द लेख्न लगाई मूल्याङ्कन गर्नुहोस् ।

| | | |
|---|---|---|
| यता / एता | विदेश / बिदेश | अउजार / औजार |
| वर्ष / वर्स | पानि / पानी | सुर्य / सूर्य |

**शुद्ध शब्द छानी लेख्नुहोस् :**

## क्रियाकलाप १७



(क) शिक्षकले पाठ्यपुस्तकको पृ.स. ९६ को क्रियाकलाप १७ को कथाको चार्ट प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई पढ्न लगाउनुहोस् । पढ्दाखेरि दिइएका वाक्य र नयाँ लाग्ने शब्द भन्न लगाई पटक पटक उच्चारण गर्न सहजीकरण गर्नुहोस् ।

(ख) कथाको चार्ट वा पाठ्यपुस्तक हेर्दै लेख्न लगाउनुहोस् । विद्यार्थीले शुद्धसँग र बान्की मिलाएर सार्न सके नसकेको अवलोकन गर्नुहोस् । यसरी सार्दा पनि विद्यार्थीले केही त्रुटि गर्न सक्छन् । शिक्षकले त्रुटिरहित लेखाइका लागि आवश्यक सहजीकरण गर्नुहोस् ।

(ग) अनुलेखन अभ्यास सकिएपछि विद्यार्थीहरूलाई दुई दुई जनाको समूहमा विभाजन गरी कापी साटासाट गरिदिनुहोस् र पाठ्यपुस्तक हेरेर साथीको लेखाइ परीक्षण गर्ने तरिकाबारे छलफल गर्नुहोस् र परीक्षण गर्न लगाउनुहोस् । आफूले आवश्यक सहयोग गर्नुहोस् ।

(घ) परीक्षण सकिएपछि आफ्नो आफ्नो कापी लिन लगाएर गल्ती भएका शब्द वा वाक्यलाई पुनर्लेखन गर्न लगाउनुहोस् । स्वयम् सिकाइ होओस् भनेर यस अभ्यासलाई सम्पूर्ण रूपमा शुद्ध लेखन गर्न नसकेसम्म दोहोऱ्याउन लगाउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकमा दिइएको कथा अनुलेखन गर्न लागाई बान्की मिलाएर लेखे नलेखेको अवलोकन गरी मूल्याङ्कन गर्नुहोस् ।

जस्ताको त्यस्तै कापीमा सार्नुहोस् :

बेखमानले बाँसुरी किन्यो । बेखमानले बेसरी बाँसुरी फुक्यो । बाँसुरीको धुन बेसुरा सुनियो । उसको बाँसुरी फुकाइ नै बेताल र बेढङ्गको थियो । सुन्ने जति सबै लाई बे मजा लाग्यो । सबैले बेखमानलाई त्यसरी नबजाऊ भने । बेखमानले बे वास् ता गऱ्यो । बेखमानको कुनै बदनियत थिएन । न त बदमासी नै थियो । अरूले त्यसै बदनाम गर्न खो जे । बेखमान बाँसुरी बोकेर बेजोडले कुद्यो । घर पुगे र उसले एउटा अठोट गऱ्यो , “अब म बाँसुरी बेसुरमा बजाउँदिन । मधुर धुन निकाले र बजाउने कोसिस गर्छु ।”

## क्रियाकलाप १८



(क) विद्यार्थीलाई आफूले कतै घुम्न जाँदाको रमाइलो कुरा तथा देखेका कुराहरूका बारेमा छलफल गर्नुहोस् । स्वच्छ वातावरण झल्कने कुनै चित्रपत्ती प्रदर्शन गरेर वातावरणका बारेमा छलफल

गराउनुहोस् ।

(ख) शिक्षकले आफ्नो घर वरपरको वातावरणबारे वर्णन गरिएको अनुच्छेद चार्ट प्रदर्शन गर्नुहोस् र मेरो घर वरपरको वातावरण यस्तो छ । तपाइँहरूको घर वरपर कस्तो वातावरण छ ? भनी छलफल गराउनुहोस् । चार्टमा भएका वाक्यहरू क्रमशः देखाउँदै आफूले देखेका कुरा र अनुभवसमेत सुनाउनुहोस् ।

(ग) विद्यार्थीलाई पनि पालैपालो उनीहरूको घर वरपर भएका रुखबिरुवा, विभिन्न वस्तु, सामान, स्थान, हावापानी, अन्य देखेका कुरा र आफ्ना अनुभवका बारेमा प्रश्नोत्तर गर्नुहोस् र उनीहरूले देखेका र भनेका रमाइला कुराहरू सम्भव भएसम्म शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । शैक्षणिक पाटीमा टिपेका बुँदाबारे छलफल गराउनुहोस् ।

(घ) विद्यार्थीलाई आफ्नो घर छेउछाउको वातावरणबारे वर्णन गर्न र आफ्नो अनुभव प्रस्तुत गर्न असहज भएमा आवश्यक पृष्ठपोषण दिएर विद्यार्थीलाई आफ्ना कुरा भन्न हौसला दिँदै जानुहोस् । तपाइँको घर वरपर वनजङ्गल छ कि छैन ? घर छेउमा सडक छ कि छैन ? घर वरपर सफा छ कि फोहर छ ? धुलो उड्छ कि उड्दैन ? छेउमा नदीनाला छन् कि छैनन् ? घर वरपर खानेपानी सफा छ कि छैन ? जस्ता प्रश्नपत्ती बनाएर ती प्रश्नका माध्यमले पनि वातावरणका बारेमा छलफल तथा वर्णन गराउन सक्नुहुन्छ ।

(ङ) स्वयम् सिकाइका आधारमा विद्यार्थीलाई आफ्नो घर वरपर भएका विभिन्न कुरा समेटी अनुच्छेद लेख्न लगाउनुहोस् । शिक्षकले अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई आफ्नो घर वरपरको अवस्था वर्णन गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

तपाइँको घर वरिपरिको वातावरणको वर्णन गर्नुहोस् ।

निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

(क) पढेर सुनाउनुहोस् :

अम्बर अकस्मात् बगैँचामा आए । बगैँचामा विभिन्न बोटबिरुवाहरू थिए । कोही मसिना र होचा, कोही ठुला र आकाश छुने अग्ला थिए । इन्द्रले मसिना झार उखेल्न थाले । उनी सबैलाई काममा उछिन्थे । उनले ऊष्मा, ऊर्जा र ऋचालाई बोलाए । ऋचाले अम्खोरामा पानी लिएर आइन् । उनीहरूले बगैँचामा अनौठो बोटदेखे । टिप्न चाहिँ गाह्रो , खान चाहिँ मिठो ऐँसेलु पो रहेछ । ऐँसेलु ओरालामा थियो । उनीहरू ओरालाको ओभानो ठाउँमा गएर ऐँसेलु टिप्न थाले । “आत्था ! औँलामा काँडाले घोच्यो ।” ऋचाले भनिन् । अंशुले औँलाको काँडा निकालिदिइन् । सबै जना बगैँचाबाट घर फर्के । ऐँसेलु खाएको कुरा घरमा सुनाए ।

(ख) दिएका वर्णबाट दुई दुईओटा नयाँ शब्द लेख्नुहोस् :

अ ..................... .....................    आ ..................... .....................

इ ..................... .....................    ई ..................... .....................

(ग) वाक्यमा प्रयोग गर्नुहोस् :

ऐँसेलु : ..........................................................................................
अम्खोरा : ..........................................................................................
इष्टमित्र : ..........................................................................................
औँठी : ..........................................................................................

(घ) दिइएको तालिकाबाट पाँचओटा बोटबिरुवाको नाम पत्ता लगाई भन्नुहोस् :

| | | | | |
|---|---|---|---|---|
| उ | नि | उँ | ता | का |
| फ्र | त्ति | हाँ | सा | ग |
| नु | ना | स | पा | ती |
| न | रि | व | ल | नी |
| जु | ना | र | जौ | म |

(ङ) उल्टो अर्थसँग जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| ठुलो | दुब्लो |
| अग्लो | छोटो |
| मोटो | होचो |
| लामो | सानो |

(च) मिल्ने शब्द राखेर वाक्य पूरा गर्नुहोस् :

(अ) ....................................... खेल खेल्छु । (म, हामी, तिमी)

(आ) ....................................... गृहकार्य कहिले सक्छौ ? (म, हामी, तिमी)

(इ) ....................................... फूलबारीमा जान्छौ । (म, हामी, तिमी)

(ई) ....................................... मुसुक्क हाँस्छिन् । (म, हामी, उनी)

(छ) पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

धेरै बिरुवामध्ये तुलसी उत्तम बिरुवा हो । तुलसीले जडीबुटी र औषधीको काम गर्छ । यसको बास्नाले रोगका कीटाणुहरू टाढै भाग्छन् । त्यसैले आफ्नो घर वरिपरि तुलसी रोप्नाले फाइदा पुग्छ । यसले धेरै अक्सिजन फाल्छ । त्यसले हामीलाई फाइदा गर्छ । तुलसीको फूल, पात, डाँठ, जरा र बिउ सबै काम लाग्छ । फूलको भागलाई मञ्जरी भन्छन् । मञ्जरी र पात औषधीका रूपमा प्रयोग गर्न सकिन्छ । ज्वरो, रुगाखोकी आएका बेलामा तुलसीका पात पानीमा पकाएर पिउनाले रोग निको हुन्छ । यसबाट घरेलु चिया पनि बनाउन सकिन्छ । तुलसीका पात पकाएको पानी पिउनाले रोग लाग्नबाट बचाउँछ । त्यसैले सबैले घरमा तुलसी लगाऔँ, सामान्य रोग भगाऔँ ।

(अ) तुलसी कस्तो बिरुवा हो ? ..........................................................................

(आ) तुलसीको बिरुवाले के के फाइदा पुऱ्याउँछ ? ..........................................................

(इ) तुलसी जस्तै उपयोगी अन्य दुईओटा बिरुवाको नाम लेख्नुहोस् । ...............................................

शिक्षकको हस्ताक्षर : ............. अभिभावकको हस्ताक्षर : .................

# ६. मेरो सिर्जना

**कार्यघण्टा : १५**

## परिचय

**'मेरो सिर्जना'**मेरो नेपाली,My English, मेरो गणित र हाम्रो सेरोफेरो विषयभित्र बहुविषयक ढाँचामा एकीकृत गरिएको विषयक्षेत्र हो । यस विषयक्षेत्रमा पूर्वअनुभवका आधारमा विद्यार्थीले रचनामूलक भाषिक कार्य गर्छन् । नयाँ नयाँ शब्द निर्माण र अनुच्छेद रचना, नयाँ विषयवस्तुमा निर्देशित तथा स्वतन्त्र लिखित अभिव्यक्ति जस्ता पक्षले सिर्जनालाई समेट्छ । यसले अभिव्यक्ति शैली वा प्रस्तुतीकरणसम्मका समग्र क्षेत्रमा गरिने नयाँपनलाई जनाउँछ । यसर्थ गीत, कविता, अभिनय, नाच, नक्कल, उद्घोषण जस्ता विषयक्षेत्र सिर्जनाका आधारभूत पक्ष मानिन्छन् । यस्ता विषयक्षेत्रले विद्यार्थीको बोध तथा अभिव्यक्ति क्षमतालाई सबल बनाउँछ । विद्यार्थीको सिकाइलाई सिर्जनासँग जोड्न सकेमा सिकाइ जीवन्त हुन्छ । विषयक्षेत्रभित्र शब्दमा ध्वनि जोड्ने र छुट्याउने प्रयोगका आधारमा भाषिक सिप विकासका विविध पक्षलाई समेटिएको छ । यस क्रममा पाठ्यवस्तुको बोध गरी हाउभाउसहित सामान्य वर्णन, प्रश्नोत्तर तथा विभिन्न उद्देश्यका लागि पाठ पढी प्रतिक्रिया, पाठगत सन्दर्भ पहिचान र पाठगत अर्थ वा आशय बोध, निर्धारित पाठका आधारमा प्रश्नोत्तर, छलफल र सार निर्माण, निर्धारित शीर्षक वा विषयवस्तुमा आधारित भई स्वतन्त्र लेखन तथा परिवेश, पात्र, संरचना, घटना, सन्दर्भ पहिचान र स्वअनुभवसँग तुलना गर्नेलगायतका कार्यका आधारमा विद्यार्थीमा निर्धारित सक्षमता हासिल हुने छन् । यसका साथै यस विषयक्षेत्रमा विद्यार्थीको सिकाइलाई गुणस्तरीय र प्रभावकारी बनाउन सान्दर्भिक व्यवहारकुशल सिपको पहिचान र प्रयोग गर्न उत्प्रेरित गरिएको छ ।

यस विषयक्षेत्रभित्र दुईओटा पाठ छन् । ती पाठहरूमा समान र असमान ध्वनि भएका शब्द पहिचान, संयुक्त वर्ण संरचना भएका शब्दको पढाइ र लेखाइ, सञ्चारका क्रममा प्रचलित आकृति, रङ र सङ्केत चिह्नको प्रयोग, दुई शब्द जोडेर सिङ्गो शब्द बनाई वाक्यमा प्रयोग, हाउभाउ, गति र शुद्धतासहित गद्य रचनाको सस्वर र द्रुत पठन, विषयवस्तुसँग मिल्दाजुल्दा अनुभव वर्णन, स्वतन्त्र लेखन, लेख्य चिह्न, काल र कोटिगत सङ्गति प्रयोग गरी लिखित र मौखिक अभिव्यक्ति जस्ता क्रियाकलाप निर्धारण गरिएको छ । यस विषयक्षेत्रले सिकाइ प्रक्रिया सैद्धान्तिक पक्षमा भन्दा बढी गरेर सिक्ने अवसर प्रदान गर्ने क्रियाकलापमा आधारित हुनुपर्नेमा जोड दिएको छ । साथै खेल, गीत, कविता, कथाकथन, प्रदर्शन, श्रव्यदृश्य सामग्रीको प्रदर्शनमार्फत सिकाइका क्रियाकलापको अपेक्षा गरिएको छ ।

विषयक्षेत्रको अन्त्यमा पाठ्यक्रममा आधारित भई ध्वनि सचेतीकरण, श्रव्य/दृश्यबोध, लेख्यवर्ण सचेतीकरण, शब्दभण्डार, पठन प्रवाह, पठनबोध, लेखाइ र कार्यमूलक व्याकरणसँग सम्बन्धित मूल्याङ्कन क्रियाकलापसमेत समावेश गरिएको छ । यी क्रियाकलापले विद्यार्थीको क्षमता, स्तर र पाठ्यवस्तुसँग मिल्दा विद्यार्थीले गरेका कार्यको प्रदर्शन गर्दै उनीहरूलाई सुधारात्मक सिकाइ प्रक्रियाद्वारा थप सिकाइको अवसर प्रदान गर्ने छ ।

# पाठ १२

## (क) सिकाइ सहजीकरण योजना

| क्र. स. | विषयवस्तु | व्यवहारकुशल सिप | अनुमानित घन्टी | पाठ्य तथा कार्यपुस्तकको सम्बन्धित पृष्ठसङ्ख्या |
|---|---|---|---|---|
| १. | शब्दमा ध्वनि जोड्ने र छुट्याउने | ● प्रयोग सिप (S1.1)<br>● रचनात्मक सोचाइ सिप (S1.3)<br>● सञ्चार सिप (S3.1)<br>● सहकार्य सिप (S3.2)<br>● सहयोग र सहानुभूति सिप (S3.3) | ७ | **९९ देखि १०४ सम्म** |

## (ख) सिकाइ क्रियाकलापका आधार

यस पाठको सिकाइ सहजीकरण गर्नुपूर्व निम्नानुसारको पूर्वतयारी गर्नुहोस् :

| पठन तत्त्व | क्रियाकलापको आधार | क्रियाकलापको सङ्केत र क्रम | सिकाइ सामग्री |
|---|---|---|---|
| १. ध्वनि सचेतीकरण | **शिक्षकको पूर्ण सहयोग** |  १ | १. पाठमा प्रयुक्त चित्र वा पोस्टर<br>२. दैनिक प्रयोगमा आउने शब्दका शब्दपत्ती (कचेरा, कल्चौडो, कछाड, कटहर, कट्मिरो, कपर्दी, कप्लक्क, कम्प्युटर, कपास, कम्मल, खटिरा, खड्कुलो, खत्रक्क, खन्चुवा, खटिनु, खुड्किलो, खपखप, नौरङ्गी)<br>३. 'छेपाराको किनमेल' कविता चार्ट |
| २. बोध | **स्वयम् सिकाइ** |  २ | १. मानिसले विभिन्न काम गरेको चित्र वा पोस्टर |
| ३.लेख्यवर्ण सचेतीकरण | **स्वयम् सिकाइ** |  ३ | १. पाठमा प्रयुक्त शब्दपत्तीहरू (छेपारो, छटक्क, घोरल, खटिरा, कम्मल, कम्पास, लमक्क, गलबन्दी) |
| ४. दृश्यबोध | **शिक्षकको आंशिक सहयोग** |  ४ | १. पाठमा प्रयुक्त चित्र तथा पोस्टर |
| ५. शब्दभण्डार | **स्वयम् सिकाइ** |  ५ | १ पाठमा प्रयुक्त शब्दका शब्दपत्तीहरू (छेपारो, उधारो, चोइला, डकर्मी, चौतारो, कपास) |
| ६. बोध | **दौँतरी सिकाइ** |  ६ | १. पाठमा प्रयुक्त शब्दका शब्दपत्ती (किसान, बेमौसमी, संयोग..)<br>२. पाठमा प्रयुक्त चित्र वा पोस्टर<br>३. 'आहा ! चित्रकार' रेकर्डिङ गरेको डिभाइस तथा |

| | | | |
|---|---|---|---|
| | | | मोबाइल सेट |
| ७.कार्यमूलक व्याकरण | **शिक्षकको पूर्ण सहयोग** |  ७ | १. सङगति मिलेका नमुना वाक्यपत्तीहरू<br>२. पाठमा प्रयुक्त शब्दका सूची<br>(गाउँछ, गाउँछिन्, गाउनुहुन्छ, लडे, लड्यो, लडिन्, भन्नुभयो, भनिन् भन्यो) |
| ८.कार्यमूलक व्याकरण | **शिक्षकको आंशिक सहयोग** |  ८ | १ पाठमा प्रयुक्त वर्तमान काल, भूत काल र भविष्यत् काल जनाउने क्रियापदका शब्द सूची<br>(बस्छ, बस्यो, बस्ने छ, लिप्छ, लिप्यो, लिप्ने छ, हिँड्छ, हिँड्यो, हिँड्ने छ, पुछ्छ, पुछ्यो, पुछ्ने छ, लेख्छ, लेख्यो, लेख्ने छ, खेल्छ, खेल्यो, खेल्ने छ) |
| ९.कार्यमूलक व्याकरण | **शिक्षकको पूर्ण सहयोग** |  ९ | १ लेख्य चिह्न पूर्णविराम,प्रश्नवाचक र उद्गार चिह्न ( ।?! ) प्रयो भएका नमुना वाक्यपत्तीहरू |
| १० शब्दभण्डार | **स्वयम् सिकाइ** |  १० | १. शब्द र अर्थका सूची<br>(कपर्दी, खटिरा, चकटी, कट्मिरो, कचेरा, घाउ, खेल, आँखामा जम्ने फोहोर, पराल र खोस्टाबाट बस्न बनाइएको बस्ने आसन, आधा पाकेको) |
| ११. श्रुतिबोध | **शिक्षकको पूर्ण सहयोग** |  ११ | १. पाठमा प्रयुक्त चित्र तथा पोस्टर<br>२. 'चलचित्रमा चट्याङ' पाठमा सम्बन्धित शब्दका शब्दपत्तीहरू<br>( ङरङर, ङारङुर, ङिस्स, ङ्याउरो, क्याउँक्याउँ, कोसेली, कोक्रो, कोइली, कुहुनु, चकटी, चञ्चल, चटक्क, चट्याङ, चलचित्र, चिकित्सक, चिचिन्डो,छताछुलल, छपक्क, छर्लङ्ग, छाप्रो, छिनाल्नु, छुचुन्द्रो, छुनुमुनु, छेपारो, छेस्काछेस्की)<br>३. 'चलचित्रमा चट्याङ' रेकर्ड गरेको डिभाइस |
| १२. बोध | **शिक्षकको आंशिक सहयोग** |  १२ | १. नमुना निवेदन पत्रको चार्ट |
| १३.शब्दभण्डार | **दौंतरी सिकाइ** |  १३ | १. पाठमा प्रयुक्त शब्द सूची<br>(माछा, छाम, मलम, महल, लहरो, रोटी, टीका, काका) |
| १४. शब्दभण्डार | **दौंतरी सिकाइ** |  १४ | १. कविताको खालीठाउँमा भर्नुपर्ने शब्दहरूको सूची<br>(जाम, घाम, छाम, ठाम, खाम, नाम, खोलापारी, डाँडापारी, झ्याङपारी, तलमाथि, लुकामारी, लम्कीझम्की)<br>२. पूर्ण र अपूर्ण कविता लेखिएको चार्ट |
| १५. लेखाइ | **शिक्षकको आंशिक सहयोग** |  १५ | १. आगो र पानीका बारेमा लेखिएको बुँदा चार्ट |

| | | | |
|---|---|---|---|
| १६. लेखाइ | **स्वयम् सिकाइ** |  १६ | १. नमुना निवेदन पत्रको चार्ट |
| १७. लेखाइ | **स्वयम् सिकाइ** |  १७ | १. विभिन्न प्रकारका (जनावर, सांस्कृतिक सम्पदाहरू, प्राकृतिक दृश्यहरू आदिका चित्रहरू |

## (ग) सिकाइ क्रियाकलाप

क्रियाकलाप १ 

(क) पाठमा प्रयुक्त चित्र वा पोस्टर प्रदर्शन गर्नुहोस् । चित्रमा भएका कुराहरू छलफल गरेर विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

(ख) दैनिक प्रयोग हुने शब्दका शब्दपत्ती प्रदर्शन गर्नुहोस् । उच्चारण गर्न लगाउनुहोस् । उच्चारणका क्रममा विद्यार्थीलाई शब्दको सुरुको ध्वनि छुट्याएर साना शब्द निर्माण गर्न अभ्यास गराउनुहोस् । जस्तै :

| शब्द | सुरुको ध्वनि | सानो शब्द |
|---|---|---|
| कचेरा | क | चेरा |
| कछाड | क | छाड |
| कट्मिरो | कट् | मिरो |

(ग) विद्यार्थीलाई शब्दपत्ती दिनुहोस् । शब्दलाई पालैपालोउच्चारण गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(घ) 'छेपाराको किनमेल' कविता चार्ट प्रदर्शन गर्नुहोस् । कविता गति, यति, लय र हाउभाउसहित गाएर सुनाउनुहोस् । त्यसपछि विद्यार्थीसँगै गाउनुहोस् । लयबद्ध वाचनमा समस्या भएका विद्यार्थीलाई उपयुक्त चिह्न, सङ्केत र क्रियाकलापको उपयोग गरी थप सिकाइको अवसर प्रदान गर्नुहोस् । यस क्रममा क्रमिक सिकाइ रणनीति

(शिक्षकले गरेर देखाउने, शिक्षक र विद्यार्थीले सँगसँगै गर्ने, विद्यार्थी विद्यार्थीसँगै अभ्यास गर्ने र विद्यार्थीलाई व्यक्तिगत रूपमा गर्न लगाउने) उपयोग गर्नुहोस् ।

(ङ) कविता गाउँदा शिक्षकले प्रदर्शन गरेको शब्दपत्तीका शब्द 'छेपाराको किनमेल' कवितामा खोजी शब्दमा रेखाङ्कन गर्न लगाउनुहोस् र रेखाङ्कित शब्द पुनः उच्चारण गर्नु लगाउनुहोस् ।

(च) छेपारो कहाँ गयो ? छेपाराका गोडा के भए ? जस्ता प्रश्न गरी त्यसका उत्तरका रूपमा आउने शब्द विद्यार्थीबाट नै उच्चारण गर्ने वातावरण तयार गर्नुहोस् । ध्वनि सचेतीकरणका क्रममा शिक्षकले पूर्ण सहयोग गर्नुहोस् ।

**मूल्याङ्कन**

१. विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ९९ को 'छेपाराको किनमेल' कविता गति, यति र लय हालेर गाउन लगाउनुहोस् ।

लय मिलाएर गाउनुहोस् :

छेपाराको किनमेल

गलबन्दी भिरेर मुख पारी गमक्क
सहर गयो छेपारो लम्किएर लमक्क
हाँस्दै छ ऊ मुसुक्क हातमा घडी टिमिक्क
साथी भेट्दा बाटामा पार्छ आँखा झिमिक्क ।

घोरल अनि छुचुन्द्रो पछि पछि आएका
दुवै परे खन्चुवा खाजा किनी खाएका
हिँड्दाहिँड्दै बाटामा गोडा भए फत्रक्क
किन साथी यसरी लत्रिएको लत्रक्क ?

छेस्काछेस्की बाटामा घुइँचो थियो बजारमा
छाता किन्यो नौरङ्गी छेपाराले हजारमा
एउटा किन्यो कटहर दुइटा किन्यो चकटी
घरमा पुग्दा किन हो छेपारीले लखेटी ।

२. शब्दपत्तीमा भएका शब्द 'छेपाराको किनमेल'कवितामा खोज्नुहोस् र ती शब्दलाई रेखाङ्कन गर्नलगाउनुहोस् ।

## क्रियाकलाप २

(क) मानिसले विभिन्न काम गरेको चित्र वा पोस्टर प्रदर्शन गर्नुहोस् र चित्रका बारेमाविद्यार्थीसँग प्रश्नोत्तर गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीले दैनिक रूपमा घरमा गर्ने कामका बारेमा प्रश्न सोध्नुहोस् । विद्यार्थीले भनेका कुराको सूची शैक्षणिक पाटीमा लेख्नुहोस् ।

(ग) विद्यार्थीले भनेका कामलाई सरसफाइको काम, भान्साको काम, विद्यालयको काममा विभाजन गरी छलफल गराउनुहोस् र स्वयम् सिकाइको अवसर दिनुहोस् ।

(घ) विद्यार्थीहरूलाई दुई दुई जनाको समूहमा विभाजन गर्नुहोस् । घरमा गर्ने कामका बारेमा छलफल गर्न लगाई छलफलबाट आएको निष्कर्ष समूहमा पालैपालो भन्न सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ९९ को क्रियाकलाप २ गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

तपाइँ घरमा के के काम गर्नुहुन्छ, बताउनुहोस् ।

## क्रियाकलाप ३

(क) शिक्षकले तयार पारेका ठोस वस्तु प्रदर्शन गर्नुहोस् । ती वस्तुको नाम विद्यार्थीलाई भन्न लगाउनुहोस् ।विद्यार्थीले भनेका शब्दहरू शैक्षणिक पाटीमा लेख्नुहोस् ।विद्यार्थीले भनेका शब्दलाई छुट्याएर शब्दमा भएको वर्ण सङ्ख्या पत्ता लगाउन लगाउनुहोस् ।


(ख) विद्यार्थीलाई पाठमा प्रयुक्त शब्दपत्तीहरू प्रदर्शन गरी उच्चारण गर्न लगाउनुहोस्, जस्तै : छेपारो, छटक्क, घोरल, खटिरा, कम्मल, कम्पास ।

(ग) शब्दपत्तीमा भएकाशब्दलाई उच्चारण अभ्यास गराउनुहोस् । शब्दमा भएका वर्णलाई छुट्याएर भन्ने र लेख्ने अभ्यास गराउनुहोस् । जस्तै : छेपारो छे पा रो, छटक्क छ टक् क ।

(घ) विद्यार्थीलाई तीन तीनओटा नयाँ शब्द लेख्न लगाएर ती शब्दलाई छुट्याएर र जोडेर भन्ने र लेख्ने अभ्यास गराउनुहोस् । स्वयम् सिकाइको अवसर दिई सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थलाई पाठ्यपुस्तकको पृ.स. ९९ को क्रियाकलाप ३ गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।




**वर्ण छुट्याएर लेख्नुहोस् :**

## क्रियाकलाप ४

(क) विद्यार्थीलाई पाठमा प्रयुक्त चित्र तथा पोस्टर प्रदर्शन गरेर प्रत्येक चित्रमा भएका कुरा अनुमान, पूर्वानुमान गरी वर्णन गर्न लगाउनुहोस् ।

(ख) विद्यालय वातावरणसँग सम्बन्धित भएर को, के, किन, कति, कस्तो कसरी जस्ता प्रश्नहरूका

आधारमा चित्रका बारेमा भन्न लगाउनुहोस् । चित्रलाई विद्यालय वातावरणको परिवेशसँग जोडेर वर्णन गराउनुहोस् । चित्र वर्णन गर्दा प्रश्नोत्तर गरी विद्यार्थीको विचारलाई प्रस्फुटन गराउनुहोस् ।

(ग) चित्रमा कति जना मान्छे छन् ? उनीहरू के गर्दै छन् ? चित्रमा भएका कुन कुन काम तपाईं गर्न सक्नुहुन्छ ? जस्ता प्रश्न गरेर विद्यार्थीलाई थप छलफलको वातावरण सिर्जना गर्नुहोस् ।

(घ) पाठमा प्रयोग भएका चित्रसँग मिल्दाजुल्दा वातावरण देखिने चित्र वा पोस्टर प्रदर्शन गरी शिक्षकको आंशिक सहयोगबाट सिकाइको थप अवसर प्रदानगर्नुहोस् ।

## मूल्याङ्कन

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १०० को क्रियाकलाप ४ गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

चित्र हेरेर उत्तर भन्नुहोस् :



(क) चित्रमा कति जना मान्छे छन् ?
(ख) चित्रमा को के गर्दै छन् ?

## क्रियाकलाप ५



(क) विद्यार्थीसँग शब्दका पहिलो वर्ण झिकेर बन्ने नयाँ शब्दका बारेमा छलफल गर्नुहोस् । शिक्षकले तयार पारेका वर्ण झिकेर नयाँ शब्द बन्ने र वर्ण झिक्दा अर्थयुक्त शब्द नबन्ने शब्दपत्ती छ्यासमिस बनाएर प्रदर्शन गर्नुहोस् । शब्दका पहिलो वर्ण झिकेर बन्ने नयाँ शब्द कुन कुन हुन् भनेर विद्यार्थीलाई सोध्नुहोस् ।विद्यार्थीले भनेका शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।


(ख) शिक्षकले नमुना शब्दपत्ती प्रदर्शन गर्नुहोस् । ती शब्दलाई उच्चारण गर्न लगाउनुहोस् । प्रदर्शन गरिएको शब्दका पहिलो वर्ण झिकेर बन्ने नयाँ शब्द उच्चारण गर्न लगाउनुहोस् । शब्दका अर्थगत

बोधका लागि वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । जस्तै : छेपारो पारो, चौतारो तारो ।

(ग) विद्यार्थीलाई नै शब्द खोज्न लगाएर नयाँ शब्द निर्माण गर्न लगाउनुहोस् र स्वयम् सिकाइको प्रशस्त अवसर प्रदान गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १०० को क्रियाकलाप ५ गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।




**सुरुका वर्ण हटाएर शब्द बनाउनुहोस् :**

क्रियाकलाप ६ 

(क) पाठमा प्रयुक्त चित्र प्रदर्शन गर्नुहोस् । चित्रमा के के गरेको देखिन्छ, छलफल गर्नुहोस् ।

(ख) शिक्षकले तयार गरेका 'राकेश, बेमौसमी, संयोग..' आदि शब्दका शब्दपत्ती प्रदर्शन गर्नुहोस् र ती शब्द उच्चारण गर्न लगाउनुहोस् । शब्द उच्चारणसँगै वाक्यनिर्माण गर्न सहजीकरण गर्नुहोस् ।

(ग) 'आहा ! चित्रकार'रेकर्ड गरिएको पाठ विद्यार्थीलाई सुनाउनुहोस् । विद्यार्थीले चित्र वर्णन गर्दा भनेका कुरा र मोबाइलमा सुनेका कुरा के के मिले भनेर छलफल गर्नुहोस् ।

(घ) शिक्षकले कार्यपुस्तकमा भएको 'आहा ! चित्रकार' पाठ बिस्तारै सस्वरवाचन गर्नुहोस् । त्यसपछि विद्यार्थीलाई पाठको अनुवाचन तथा सहवाचन गर्न लगाउनुहोस् ।यस क्रममा विद्यार्थीले उच्चारण गर्न नसकेका शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् । रेखाङ्कन गरिएका शब्द जनाउने चित्र वा ठोस वस्तु प्रदर्शन गर्दै सँगसँगै शब्द उच्चारण गराउनुहोस् । राम्ररी उच्चारण गर्न नसकेसम्म अभ्यास गराउनुहोस् ।

(ङ) पाठमा प्रयोग भएका वाक्यका वाक्यपत्ती बनाउनुहोस् । ती वाक्यपत्तीलाई छ्यासमिस गरी विद्यार्थीका समूहमा वितरण गर्नुहोस् र उक्त वाक्यपत्तीलाई पाठमा प्रयोग गरिए जसरी क्रमशः मिलाएर पढ्न लगाउनुहोस् ।

(च) शिक्षकले पाठगत प्रश्नको उत्तर खोज्ने तरिकाबारे छलफल गर्नुहोस् । पाठ पढिसकेपछि कुनै एउटा 'के को' प्रश्नसँग सम्बन्धित उत्तर बताइदिनुहोस् । त्यसैअनुरूप विद्यार्थीलाई पनि अभ्यास गराउनुहोस् । विद्यार्थीलाई कार्यपुस्तकमा भएका अन्य सान्दर्भिक प्रश्न सोधी उत्तर भन्न लगाउनुहोस् । यदि विद्यार्थी समर्थ पाइएमा कसरी र कहाँ जस्ता प्रश्न निर्माण गरी सोध्नुहोस् । दौँतरी सिकाइको अवसर दिनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १०० को 'आहा ! चित्रकार' पाठ पढेर प्रश्नको उत्तर भन्न लगाउनुहोस् ।

पालैपालो पढ्नुहोस् र उत्तर भन्नुहोस् :

आहा ! चित्रकार

श्वेता र राकेश दाजुबहिनी हुन् । उनीहरूका आमाबुबा किसान हुनुहुन्छ । उहाँहरू खेतीपातीको काम गर्नुहुन्छ । उहाँहरूले छोराछोरीलाई राम्रो शिक्षा दिने सपना देख्नुभएको छ । यस वर्ष पानी कम पऱ्यो । उहाँहरूले खेतबारीमा मौसमअनुसारको बाली लगाउन पाउनुभएन । बेमौसमी तरकारी पनि राम्रो भएन । तरकारीको अनिकाल भयो ।

पानी नपरेकाले उहाँहरू दुःखी हुनुभयो । उहाँहरू पानी परेपछि बालीनाली लगाउने आसमा हुनुहुन्छ । संयोगले ढिलै भए पनि पानी पऱ्यो । उहाँहरूले मौसमअनुसारका तरकारी बाली लगाउनुभयो । तरकारी बाली सप्रियो । आम्दानी बढ्ने भएकाले उहाँहरू खुसी हुनुभयो । तरकारी बेचेर छोराछोरी पढाउने सपना पूरा भयो । छोराछोरी चित्र बनाउन पनि रुचि राख्छन् । भविष्यमा उनीहरूको चित्रकारिता अध्ययन गर्ने उद्देश्य छ । आमाबुबाको इच्छाअनुसार उनीहरू पनि राम्रो पढिरहेका छन् ।

**(क) श्वेता र राकेश को हुन् ?**

**(ख) उनीहरू कस्ता चित्र बनाउन मन पराउँछन् ?**

**(ग) बेमौसमी तरकारी किन राम्रो भएन ?**

क्रियाकलाप ७ 

(क) पाठमा प्रयुक्त क्रियापद शब्दहरू प्रदर्शन गरेर विद्यार्थीलाई उच्चारण गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीलाई पदसङ्गतिका बारेमा जानकारी गराएर वाक्य निर्माण गर्न सहजीकरण गर्नुहोस् ।

(ग) शिक्षकले पाठमा प्रयुक्त वाक्य शैक्षणिक पाटीमा लेख्नुहोस् र विद्यार्थीलाई पढ्न लगाउनुहोस् । विद्यार्थीसँग वाक्यका बारेमा प्रश्नोत्तर गर्नुहोस् । के यो वाक्य पूरा छ ? हिट एन्ड ट्रायल विधिबाट क्रियापद (गाउँछ, गाउँछिन्, गाउनुहुन्छ) राखेर उपयुक्त वाक्य बनाउन लगाउनुहोस् ।

जस्तै : बहिनी गीत गाउँछ । मिलेन

बहिनी गीत गाउनुहुन्छ । मिलेन

बहिनी गीत गाउँछिन् ।                                        मिल्यो

(घ) यस विधिबाट वाक्य पूरा गर्न लगाउँदा विद्यार्थीमा आत्मविश्वास बढ्ने छ ।

(ङ) यसैगरी बाँकी वाक्य पूरा गर्न लगाउनुहोस् । ती वाक्यलाई कापीमा लेख्न लगाएर आवश्यक सहजीकरण गर्नुहोस् । सिकाइका क्रममा शिक्षकले पूर्ण सहयोग गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १०१ को क्रियाकलाप ७ गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

मिल्दो शब्द राखी वाक्य लेख्नुहोस् :

(क) बहिनीले गीत .............................................. । (गाउँछ, गाउँछिन्, गाउनुहुन्छ)

(ख) बारीमा रुखहरू .............................................. । (लडे, लड्यो, लडिन्)

(ग) आमाले कथा .............................................. । (भन्नुभयो, भनिन्, भन्यो)

(घ) उनीहरू कहाँ .............................................. ? (गइन्, गए, गयो)

## क्रियाकलाप ८



(क) वर्तमान काल, भूत काल र भविष्यत् कालका सम्बन्धमा विभिन्न शब्दपत्ती प्रस्तुत गरी बितेको, अहिलेको र पछि आउने समय बुझाउने शब्दबारे विद्यार्थीसँग छलफल गर्नुहोस् ।

(ख) पाठमा प्रयुक्त वर्तमान काल, भूत काल र भविष्यत् काल जनाउने क्रियापदका शब्द सूची प्रयोग गरेर शब्दका रूप परिवर्तनका बारेमा छलफल गर्नुहोस् ।

(ग) शब्दका रूप (बस्छ, बस्यो, बस्ने छ, लिप्छ, लिप्यो, लिप्ने छ, हिँड्छ, हिँड्यो, हिँड्ने छ, पुछ्छ, पुछ्यो, पुछ्ने छ, लेख्छ, लेख्यो, लेख्ने छ, खेल्छ, खेल्यो, खेल्ने छ) उच्चारण गर्न लगाउनुहोस् । अर्थगत बोध गराउन वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । विद्यार्थीलाई पनि अन्य क्रियापद शब्द सङ्कलन गरी रूप परिवर्तन गर्ने अभ्यास गराउनुहोस् ।

| वर्तमान काल | | भूत काल | | भविष्यत् काल | |
|---|---|---|---|---|---|
| शब्द | प्रयोग | शब्द | प्रयोग | शब्द | प्रयोग |
| बस्छ | भाइ घरमा बस्छ । | बस्यो | भाइ हिजो उतै बस्यो । | बस्नेछ | भाइ भोलि मामाघर बस्ने छ । |
| लिप्छ | | | | | |
| हिँड्छ | | | | | |

(घ) कार्यमूलक व्याकरण सिकाइका क्रममा थप अभ्यास दिई शिक्षकले आंशिक सहयोग गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १०१ को क्रियाकलाप ८ गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

उदाहरणमा दिइए जस्तै परिवर्तन गरी लेख्नुहोस् :

| | | | |
|---|---|---|---|
| बस्नु | बस्छ | बस्यो | बस्ने छ |
| लिप्नु | .............. | .............. | .............. |
| हिँड्नु | .............. | .............. | .............. |
| पुछ्नु | .............. | .............. | .............. |
| लेख्नु | .............. | .............. | .............. |
| खेल्नु | .............. | .............. | .............. |

## क्रियाकलाप ९



(क) शिक्षकले बनाएका वाक्यपत्ती प्रदर्शन गर्नुहोस् । त्यहाँ प्रयोग भएका पूर्णविराम, प्रश्नवाचक र उद्गार चिह्न प्रयोगका बारेमा विद्यार्थीसँग छलफल गर्नुहोस् ।

(ख) शिक्षकले प्रस्तुत गरेकानमुना वाक्यपत्तीहरू उच्चारण गर्न लगाउनुहोस् । चिह्नको प्रयोगअनुसार वाक्य उच्चारण गर्न सहजीकरण गर्नुहोस् ।

(ग) पूर्णविराम, प्रश्नवाचक र उद्गार चिह्नको प्रयोग कस्ता कस्ता वाक्यमा गर्न सकिन्छ भन्ने कुरा विद्यार्थीलाई स्पष्ट पार्नुहोस् ।

(घ) एउटा वाक्य लेखेर उपयुक्त चिह्न भर्ने अभ्यास गराउनुहोस् ।

(ङ) विद्यार्थीलाई खाली ठाउँमा उपयुक्त चिह्न भर्न समस्या भएशिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १०१ को क्रियाकलाप ९ गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

सही चिह्न लेखी वाक्य बनाउनुहोस् :

| । | ? | ! |
|---|---|---|

(क) तिमी कोसँग खेल्छौ .........   (ख) शिक्षकले गृहकार्य दिनुभयो .........

(ग) आहा ..... चित्र बनाउँदा कति रमाइलो भयो ....   (घ) हामीहरू डुल्न गएर आयौं .........

## क्रियाकलाप १०

(क) शिक्षकले तयार पारेको 'कपर्दी, खटिरो, चकटी, कट्मिरो, कचेरा' जस्ता शब्दको शब्दपत्ती प्रदर्शन गर्नुहोस् र ती शब्दहरू उच्चारण गर्न लगाउनुहोस् ।

(ख) कपर्दी के को नाम हो ?खटिरो कहाँ निस्किन्छ ?चकटी केको बनाइन्छ ?जस्ता प्रश्न सोधी छलफल चलाउनुहोस् । विद्यार्थीले भनेका कुरा शैक्षणिक पाटीमा लेख्नुहोस् ।

(ग) शिक्षकले प्रदर्शन गरेको शब्दपत्तीसँग मिल्दा अर्थपत्ती प्रदर्शन गरी तिनलाई पनि उच्चारण अभ्यास गराउनुहोस् ।

(घ) शिक्षकले प्रदर्शन गरेका शब्दका अर्थ विद्यार्थीलाई अनुमान गरेर भन्न लगाउनुहोस् । विद्यार्थीले भनेका शब्दको अर्थ लेखेर देखाउनुहोस् ।

(ङ) विद्यार्थीले उच्चारण गरेका शब्द पाठ्यपुस्तकमा कहाँ छन्, पत्ता लगाउन भन्नुहोस् । शिक्षकले शब्दपत्ती देखाउँदै विद्यार्थीलाई पालैपालो बोलाएर शैक्षणिक पाटीमा मिल्दो शब्द पत्ता लगाउन भन्नुहोस् । कतिओटा शब्दको मिल्ने शब्दसँग जोडा मिलाउन सक्ने रहेछन्, अवलोकन गर्नुहोस् ।स्वयम् सिकाइको थप अवसर दिनुहोस् । जोडा मिलाउन समस्या भएका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १०२ को क्रियाकलाप १० गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

शब्द र अर्थको जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| कपर्दी | शरीरमा विकार पैदा हुँदा निस्कने फोको |
| खटिरो | खेल |
| चकटी | आँखाका जम्ने फोहोर |
| कट्मिरो | पराल र खोस्टाबाट बस्न बनाइएको साधन |
| कचेरा | आधा पाकेको |

## क्रियाकलाप ११

(क) पाठमा प्रयुक्त चित्र प्रदर्शन गर्नुहोस् । चित्रमा के के भएको देखिन्छ, छलफल गर्नुहोस् ।

(ख) विद्यार्थीलाई शब्दपत्ती प्रदर्शन गरेर पालोपालै उच्चारण गर्न लगाउनुहोस् । त्यसपछि शब्दपत्तीका शब्दलाई छुट्याएर र जोडेर लेख्ने अभ्यास गराउनुहोस् । जस्तै : ङरङर ङर ङर ।

(ग) विद्यार्थीलाई 'चलचित्रमा चट्याङ' रेकर्ड गरिएको पाठ सुनाउनुहोस् । विद्यार्थीले चित्र वर्णन गर्दा भनेका कुरा र मोबाइलमा सुनेका कुरा के के मिले, छलफल गर्नुहोस् ।

(घ) शिक्षकले कार्यपुस्तकमा भएको 'चलचित्रमा चट्याङ' पाठसस्वरवाचन गरी सुनाउनुहोस् । त्यसपछि विद्यार्थीलाई पनि पाठकोअनुवाचन तथा सहवाचन गर्न लगाउनुहोस् ।

(ङ) पाठ वाचनका क्रममा विद्यार्थीलाई उच्चारण गर्न कठिनाइ भएका शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् । रेखाङ्कन गरिएका शब्द जनाउने चित्र वा ठोस वस्तु प्रदर्शन गर्दै उच्चारण अभ्यास गराउनुहोस् ।

(च) शिक्षकले पाठगत प्रश्नको उत्तर खोज्ने तरिकाबारे छलफल गर्नुहोस् । पाठ पढिसकेपछि कुनै एउटा 'के को' प्रश्नसँग सम्बन्धित उत्तर बताइदिनुहोस् ।

(छ) पाठमा भएका प्रश्नका उत्तर पाठमा पहिचान गर्न लगाउनुहोस् र प्रश्नोत्तर गर्न सहजीकरण गर्नुहोस् ।

(ज) 'चलचित्रमा चट्याङ' पाठमा राम्रा लागेका कुरा बुँदागत टिपोट गर्न लगाई टिपोट गरिएका कुराहरू कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

(झ) बोध प्रश्नोत्तरका क्रममा शिक्षकले पूर्ण सहयोग गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १०२ को 'चलचित्रमा चट्याङ' पाठ पढेर प्रश्नको उत्तर लेख्न लगाउनुहोस् ।

सुन्नुहोस् र उत्तर लेख्नुहोस् :

चलचित्रमा चट्याङ

शनिबारको दिन थियो । चञ्चल चटक्क परेर चलचित्र हेर्न गयो । चलचित्र हेर्न साथीहरू पनि आएका थिए । चलचित्र सुरु हुनासाथ पर्दामा चट्याङ पर्‍यो । सबै झसङ्ग भए । चञ्चललाई चाहिँ अचम्म लाग्यो । उसले सोच्यो, "चट्याङ कसरी बन्यो होला ? पर्दामा चट्याङको चित्र कसरी देखियो होला ?" अकस्मात् पर्दामा एक चिकित्सक र बिरामी देखिए । चिकित्सकले बिरामीको उपचार गरे । चलचित्र सकियो ।

चलचित्र सकिएपछि चञ्चल घर फर्क्यो । ऊ कोठामा पस्यो । उसले भित्रबाट छेस्किनी लगायो । चञ्चलले भुइँमा चकटी ओछ्यायो । उसले चट्याङको चित्र बनाउन थाल्यो । उसले चित्रमा एउटा छाप्रो पनि बनायो । उसको चित्रमा छानामा चिचिन्डो फलेको थियो । चिचिन्डाको छेउमा खैरो छेपारो थियो । छाप्रोबाहिरको चउरमा छपक्क भिजेको मानिस छर्लङ्ग देखिन्थ्यो । छाप्राको वरिपरि छेस्काछेस्की थिए । त्यहाँभित्र एउटा छुचुन्द्रो पनि थियो । चञ्चल चित्रमा आकाश र बादल पनि देखाउँदै थियो । एक्कासि चट्याङ पर्‍यो । उसको ध्यान चट्याङले भङ्ग गरिदियो ।

(क) चञ्चल चटक्क परेर के हेर्न गयो ?.............................................................................

(ख) चलचित्रमा कुन कुन दृश्य देखिए ? ..........................................................................

(ग) चञ्चलको ध्यान किन भङ्ग भयो ? ...........................................................................

(घ) माथिको पाठबाट मुख्य मुख्य पाँचओटा बुँदा कापीमा टिप्नुहोस् । ..........................................

## क्रियाकलाप १२

(क) विद्यार्थीसँग निवेदन कसलाई लेखिन्छ ? निवेदन किन लेखिन्छ ? जस्ता प्रश्न गरी निवेदन लेखन,प्रयोग र आवश्यकताका बारेमा छलफल गर्नुहोस् ।

(ख) विद्यार्थीलाई नमुना निवेदनको चार्ट प्रदर्शन गर्नुहोस् र निवेदनको ढाँचाबारे छलफल गर्नुहोस् ।

(ग) निवेदन लेख्दा छुटाउन नहुने महत्त्वपूर्ण कुरा (मिति, सम्बोधन, विषय, पेटबोली र समाप्ती, निवेदन दिनेको नाम थर) विद्यार्थीलाई सहजीकरण गर्नुहोस् ।

(घ) नमुना निवेदनको चार्ट हेरेर सस्वरवाचन गरी विद्यार्थीलाई सुनाउनुहोस् । विद्यार्थीलाई पनि अनुवाचन र सहवाचन गर्न लगाउनुहोस् ।

(ङ) मिति, विद्यालयको नाम र निवेदकको नाम परिवर्तन गरेरनिवेदन लेखन अभ्यास गराउनुहोस् ।

(च) निवेदन वाचन र लेखनका क्रममा शिक्षकले आंशिक सहयोग गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १०३ को क्रियाकलाप १२ मा दिइएको ढाँचामा अर्को निवेदनको नमुना तयार गर्न लगाई मूल्याङ्कन गर्नुहोस् ।

दिइएको निवेदन पढ्नुहोस् र यस्तै ढाँचामा निवेदनको अर्को नमुना तयार पार्नुहोस् :

मिति : २०७७।११।०९

श्रीमान् प्रधानाध्यापकज्यू
सगरमाथा आधारभूत विद्यालय
कपिलवस्तु

विषय : बिदा पाऊँ भन्नेबारे ।

मलाई रुगाखोकी लागेको छ । कहिलेकाहीँ ज्वरो पनि आउँछ । सास फेर्न पनि गाह्रो भइरहेको छ । त्यसैले मलाई आजदेखि एक साता बिदा दिनुहुन विनम्र अनुरोध गर्दछु ।

निवेदक
सुमिना यादव
कक्षा तीन

## क्रियाकलाप १३

(क) विद्यार्थीलाई गोलो घेरा वा आमनेसामने हुने गरी राख्नुहोस् । शब्द खेल खेल्ने तरिका सिकाउनुहोस् ।

(ख) शिक्षकले दिएको शब्दको अन्तिम वर्णबाट बन्ने नयाँ शब्दपालैपालो भन्नुपर्ने जानकारी गराउनुहोस् । शब्दसूची प्रदर्शन गरेर माछा, छाम, मलम, महल, लहरो, रोटी, टीका, काका शब्द खेल खेल्न तयार गराउनुहोस् । विद्यार्थीलाई शब्द खेल खेलाउनुहोस् ।

(ग) दौँतरी सिकाइका माध्यमबाट विद्यार्थीलाई पालैपालो शब्दको अन्तिम वर्णबाट बन्ने नयाँ शब्द भन्न लगाउनुहोस् र विद्यार्थीले भनेका शब्दहरू शैक्षणिक पाटीमा लेख्दै जानुहोस् । आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १०३ को क्रियाकलाप १३ गर्न लगाई मूल्याङ्कन गर्नुहोस् ।

अन्तिममा आउने वर्णबाट शब्द बनाउनुहोस् :

| माछा | छाम | मलम | महल | लहरो | रोटी | टीका | काका |
|---|---|---|---|---|---|---|---|
| ............ | ............ | ............ | ............ | ............ | ............ | ............ | ............ |
| ............ | ............ | ............ | ............ | ............ | ............ | ............ | ............ |

## क्रियाकलाप १४



(क) विद्यार्थीलाई कविताको खाली ठाउँमा भर्नुपर्ने शब्दहरूको सूची प्रदर्शन गर्नुहोस् र ती शब्दका अर्थका बारेमा विद्यार्थीसँग छलफल गर्नुहोस् ।

(ख) पूर्ण कविता लेखिएको चार्ट प्रदर्शन गर्नुहोस् । गति, यति र लयबद्ध वाचन गरेर कम्तीमा तीन पटक सुनाउनुहोस् ।

कति राम्रो छाया, कति राम्रो घाम
चउरमा खेल्छन्, दुवै एकै ठाम ।
खोलावारिबाट, खोलापारि तर्छन्
डाँडावारिपारि, लुकामारी गर्छन्

(ग) विद्यार्थीलाई अपूर्ण कविताको चार्ट प्रदर्शन गर्नुहोस् र पूर्ण कविता लेखिएको चार्ट बन्द गर्नुहोस् ।

(घ) कवितामा राख्नुपर्ने शब्दको सूची हेरेर अपूर्ण कवितालाई पूरा गरेर वाचन गर्न लगाउनुहोस् ।

(ङ) साथी साथी मिलेर सिक्ने वातावरण बनाउन आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १०३ को क्रियाकलाप १४ लेख्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

उपयुक्त शब्द छानी तलको कविता पूरा गर्नुहोस् :

कति राम्रो छाया
कति राम्रो ............................................ (जाम, घाम, छाम)
चउरमा खेल्छन्
दुवै एकै ............................................ । (ठाम, खाम, नाम)
खोलावारिबाट
............................................ तर्छन् (खोलापारि, डाँडापारी, झ्याङपारि)
डाँडा वारिपारि
............................................ गर्छन् । (तलमाथि, लुकामारी, लम्किझम्की)
(माधवप्रसाद घिमिरे)

## क्रियाकलाप १५

(क) विद्यार्थीसँग पानी के के कुरामा प्रयोग गर्न सकिन्छ, पानी को महत्त्व के के छ भन्ने कुरामा छलफल गर्नुहोस् ।

(ख) पानी प्रयोग हुने कुराको सूची तयार गर्न लगाउनुहोस् । जस्तै : पानी पिउनका लागि नभई नहुने कुरा हो। त्यसैगरी खाना पकाउन, लुगा धुन, नुहाउन, खेतबारीमा लगाउन प्रयोग गरिने सूची प्रस्तुत गर्न लगाउनुहोस् र शिक्षकले शैक्षणिक पाटीमा लेख्दै जानुहोस् । विद्यार्थीले प्रस्तुत गरेको सूचीमा केन्द्रित भएर छलफल चलाउनुहोस् ।

(ग) पानीका बारेमा सूची बनाएपछि आगाका बारेमा खानेकुरा पकाउन, जाडामा ताप्न, बत्ती बालेर राती उज्यालो बनाउन जस्ता कामका सूची बनाउन लगाउनुहोस् र छलफल गराउनुहोस् ।

(घ) शिक्षकले तयार गरेको चार्ट प्रदर्शन गर्नुहोस् र विद्यार्थीले प्रस्तुत गरेका सूचीमा कुन कुन समेटिएको छ ? पत्ता लगाउन लगाउनुहोस् । सिकाइका क्रममा शिक्षकले आंशिक सहयोग गर्दै जानुहोस् ।

(ङ) बुँदाका आधारमा पानी र आगाका बारेमा वर्णन गर्न कठिनाइ भए सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १०३ को क्रियाकलाप १५लेख्न लगाएर मूल्याङ्न गर्नुहोस् ।

तलका बुँदाका आधारमा आगो र पानीका बारेमा वर्णन गर्नुहोस् :

(क) पानी : पिउन, खाना पकाउन, लुगा धुन, नुहाउन, खेतबारीमा लगाउन

(ख) आगो : खाने कुरा पकाउन, जाडामा ताप्न, बत्ती बालेर राती उज्यालो बनाउन

## क्रियाकलाप १६

(क) शिक्षकले तयार पारेको नमुना निवेदनको चार्ट प्रदर्शन गर्नुहोस् र त्यसका आधारमा निवेदनकहिले लेखिएको हो ? निवेदन कसलाई लेखिएको हो ? निवेदन कुन विषयमा लेखिएको छ ?निवेदन कसले लेखेको हो ?जस्ता प्रश्न गरेर निवेदनको ढाँचाबारे छलफल गर्नुहोस् ।

(ख) निवेदन लेख्दा छुटाउन नहुने महत्त्वपूर्ण कुराका बारेमा कक्षामा छलफल चलाउनुहोस् । विद्यार्थीले भनेका कुराहरू शैक्षणिक पाटीमा लेख्दै जानुहोस् ।

(ग) निवेदनमा चाहिने मिति, सम्बोधन, विषय, पेटबोली र समाप्ती, निवेदन दिनेको नाम थर जस्ता कुरामाविद्यार्थीलाई सहजीकरण गर्नुहोस् ।

(घ) स्वयम् सिकाइको वातावरण बनाई थप अभ्यास गराउनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १०४ को क्रियाकलाप १६ गर्न लगाई मूल्याङ्कन गर्नुहोस् ।

घरमा दिदीको बिहे परेर बिदा पाउँ भन्नेबारे एउटा निवेदन कापीमा लेख्नुहोस् ।

## क्रियाकलाप १७

(क) शिक्षकले सङ्कलन गरेका कम्तीमा तीनओटा चित्र कक्षामा प्रस्तुत गर्नुहोस् । यी चित्रमध्ये तपाईँहरूलाई कुन चित्र मन पर्‍यो भनेर चित्र छनोट गर्न लगाउनुहोस् ।

(ख) चित्र मन पराएका आधारमा विद्यार्थीलाई तीनओटा समूहमा बाँड्नुहोस् । हरेक समूहका सबैलाई पालैपालो मन परेको कारण सोध्दै जानुहोस् । विद्यार्थीले भनेका कुरा तालिकामा टिप्दै जानुहोस् ।

| समूह क | समूह ख | समूह ग |
|---|---|---|
| १.<br>२. | १.<br>२. | १.<br>२. |

(ग) विद्यार्थीले भनेका आधारमा उनीहरूको रुचि पहिचान गरी थप छलफल अगाडि बढाउनुहोस् ।

(घ) विद्यार्थीलाई पत्रपत्रिका वा म्यागेजिन दिनुहोस् र मन पर्ने चित्र काटेर सङ्कलन गर्न लगाउनुहोस् । शिक्षकले तयार गरेको वा सङ्कलन गरेको चित्र पनि प्रदर्शन गर्नुहोस् ।

(ङ) तीमध्ये विद्यार्थीलाई मन पर्ने एउटा चित्र छनोट गर्न लगाउनुहोस् ।

(च) स्वयम् सिकाइका लगि उत्प्रेरित गर्न विद्यार्थीले छनोट गरेको चित्र मन पर्नुका कारण कापीमा लेखेरप्रदर्शनी पाटीमा टाँस्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १०४ को क्रियाकलाप १७ लेख्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

तपाईँलाई कस्ता कस्ता चित्र बनाउन मनपर्छ ? किन, लेख्नुहोस् :

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

# पाठ १३

## (क) सिकाइ सहजीकरण योजना

| क्र. स. | विषयवस्तु | व्यवहारकुशल सिप | अनुमानित घन्टी | पाठ्य तथा कार्यपुस्तकको सम्बन्धित पृष्ठसङ्ख्या |
|---|---|---|---|---|
| १. | शब्दमा ध्वनि जोड्ने र छुट्याउने | ●प्रयोग सिप (S1.1)<br>●रचनात्मक सोचाइ सिप (S1.3)<br>●सञ्चार सिप (S3.1)<br>●सहकार्य सिप (S3.2)<br>सहयोग र सहानुभूति सिप (S3.3) | ७ | १०४ देखि ११२ |
| २. | विषयक्षेत्रगत मूल्याङ्कन | | १ | ११३ र ११४ |

## (ख) सिकाइ क्रियाकलापका आधार

यस पाठको सिकाइ सहजीकरण गर्नुपूर्व निम्नानुसारको पूर्वतयारी गर्नुहोस् :

| पठन तत्व | क्रियाकलापको आधार | क्रियाकलापको सङ्केत र क्रम | सिकाइ सामग्री |
|---|---|---|---|
| १.ध्वनि सचेतीकरण | **शिक्षकको पूर्ण सहयोग** |  १ | १. पाठमा प्रयुक्त चित्र वा पोस्टर<br>२. दैनिक प्रयोगमा आउने शब्दका शब्दपत्तीहरू<br>(जखमले, जङ्गली, जथाभावी, जन्मोत्सव, जाइफल, जादुगर, जिलेबी, जुजुधौ, जोसुकै, चुइँक्क, चुचुरो, चुट्किला, चुनढुङ्गो, चेतबाबा, चेपारो, चोइला, चौतारो)<br>३. ‘अलमल परेँ म त’ कविता चार्ट |
| २. दृश्यबोध | **शिक्षकको आंशिक सहयोग** |  २ | १. पाठमा प्रयुक्त चित्र तथा पोस्टर |
| ३.लेख्यवर्ण सचेती करण | **स्वयम् सिकाइ** |  ३ | १. पाठमा प्रयुक्त शब्दपत्तीहरू<br>(टक्कर, टठिला, टिमिक्क, टिलिक्क, टुक्रुक्क, टेनिस) |
| ४. पठन प्रवाह | **स्वयम् सिकाइ** |  ४ | १. दैनिक प्रयोगमा आउने शब्दका पत्तीहरू<br>(टक्कर, टठिलो, टाटो, टालाटुली, टिमिक्क, टिलिक्क, टुक्रुक्क, टेनिस, टोकसो, ट्वाक्क, |

| | | | |
|---|---|---|---|
| | | | ठक्क्कक्क, ठट्यौलो, ठसमस्स, ठाहिँलो, ठिङ्ग, ठेक्का, ठेलागाडी, ठ्याङठ्याङ, ठ्याम्म)<br>२. 'भाइ र बहिनी'अनुच्छेद चार्ट |
| ५. शब्दभण्डार | **शिक्षकको आंशिक सहयोग** |  ५ | १. उल्टो अर्थ दिने शब्दका पत्तीहरू<br>(राम्रो नराम्रो, हिलो सुक्खा, उँधो उँभो, अग्लो होचो, छिटो बिस्तारै, सिधा बाङ्गो, सुखी दु:खी, धेरै थोरै, सरल जटिल, अग्लो होचो) |
| ६. शब्दभण्डार | **दौँतरी सिकाइ** |  ६ | १. पाठमा प्रयुक्त शब्दको अन्त्यमा'र''ल' वर्ण भएका र नभएका शब्दपत्तीहरू<br>(अटेर, अचार, कदर, कपाल, कबोल, गुरुङ, किराना)<br>२. न्युज प्रिन्ट पेपरमा 'र' 'ल' लेखिएको चार्ट |
| ७. पठन प्रवाह | **दौँतरी सिकाइ** |  ७ | १. पाठमा प्रयुक्त चित्र<br>२. दैनिक प्रयोगमा आउने शब्दका पत्तीहरू<br>(मुरली, बाँसुरी, मादल, मज्जा, चुट्किला, सङ्गीत, क्षमता, चौतारी)<br>३. 'मुनाको मुरली' पाठमा प्रयुक्त संवादको पूर्ण अनुच्छेद चार्ट |
| ८. शब्दभण्डार | **शिक्षकको आंशिक सहयोग** |  ८ | १. पाठमा प्रयुक्त अनुकरणात्मक शब्दपत्ती<br>(टलक्क टल्कनु, हलक्क बढ्नु, झनक्क रिसाउनु, फनक्क घुम्नु)<br>२. वाक्यपत्ती |
| ९. पठन प्रवाह | **स्वयम् सिकाइ** |  ९ | १. पाठमा प्रयुक्त शब्दका चार्ट<br>(काउली खाउली, ठुला मुला, लायो रायो, डोरी तोरी, लौका मौका, पर्सि फर्सी) |
| १०. शब्दभण्डार | **स्वयम् सिकाइ** |  १० | १. शब्द र अर्थपत्ती वा सूची<br>(सही, कागज, बेला, फैसला, बुद्धि, विवादको निर्णय, समय, हस्ताक्षर, अक्कल, लेख्न र छाप्न प्रयोग गरिने कागत) |
| ११. लेखाइ | **दौँतरी सिकाइ** |  ११ | १. पाठमा प्रयुक्त अनुच्छेद चार्ट |
| १२. शब्दभण्डार | **दौँतरी सिकाइ** |  १२ | १. शब्दजालमा भएकाशब्दका सूची<br>(कविता, गमला, नाटक, चित्रकला, भलिबल, सिलाइ, बुनाइ, कटाइ, सडक, कथा, गितार, बाँसुरी)<br>२. शब्दजाल चार्ट |
| १३. पठनबोध | **शिक्षकको आंशिक सहयोग** |  १३ | १. 'ड्राइभर र डफल्लो' पाठमा प्रयुक्त चित्रपत्ती<br>२. दैनिक प्रयोगमा आउने शब्दका पत्तीहरू |

| | | | |
|---|---|---|---|
| | | | (ढकमक्क, ढडिया, ढलक्क, ढाडिनु, ढुङ्ग्री, ढोड, ढोक्से, ढ्याङ्ग्रो, ढ्याप्प, डोले, ढिपी, टुटुल्को डम्फु, डन्डी ठुस्स, ठमठम ठडेउरो, ठ्याम्को, टोड्को, टुप्लुक्क) |
| १४. शब्दभण्डार | **शिक्षकको आंशिक सहयोग** |  १४ | १. पाठमा प्रयुक्त शब्दका पत्तीहरू (राम्रो, सफा, फोहोरी, आज्ञाकारी, सन्तोषी, दु:खी, पोसाक, बानी, मन, भाइ, मानिस, विद्यार्थी) |
| १५. कार्यमूलक व्याकरण | **शिक्षकको आंशिक सहयोग** |  १५ | १. सङ्गति मिलेका नमुना वाक्यपत्तीहरू<br>२. पाठमा प्रयुक्त शब्दका सूची (तपाईं, तँ, तिमी, बहिनी, भाइ, दिदी, तँ, तपाईं, उहाँ, तिमीहरू, उनी, तिनी, तिमी, तँ, उहाँहरू) |
| १६. लेखाइ | **स्वयम् सिकाइ** |  १६ | १.पत्रपत्रिका वा म्यागेजिनका पाना<br>२. दैनिक प्रयोगका सामग्री |
| १७. लेखाइ | **दौँतरी सिकाइ** |  १७ | १.पाठमा प्रयुक्त शब्दका चार्ट (थारो धारो, चरी झरी, पसिना मसिना, मादल बादल, बाटो भाटो, माया छाया) |
| १८. लेखाइ | **स्वयम् सिकाइ** |  १८ | १ चङ्गा वा चङ्गाको चित्र वा पोस्टर<br>२. अनुच्छेद चार्ट |

## (ग) सिकाइ क्रियाकलाप

**क्रियाकलाप १** 

(क) विद्यार्थीलाई पाठमा प्रयुक्त चित्र वा पोस्टर प्रदर्शन गर्नुहोस् । चित्रमा भएका कुराहरू छलफल गरेर विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

(ख) शब्दपत्ती प्रदर्शन गरेर विद्यार्थीलाई उच्चारण गर्न लगाउनुहोस् । शब्दका अर्थगत बोधका लागि वाक्यमा प्रयोग गरेर सुनाउनुहोस् ।

(ग) शिक्षकले शब्दका वर्ण छुट्याएर लेख्नुहोस् र विद्यार्थीलाई ती वर्ण जोडेर शब्द बनाउन लगाउनुहोस् ।

(घ) 'अलमल परेँ म त' कविता चार्ट प्रदर्शन गर्नुहोस । कविता गति, यति, लय र हाउभाउसहित गाएर सुनाउनुहोस् । त्यसपछि विद्यार्थीसँगै गाउनुहोस् र लयबद्ध वाचनमा समस्या भएका विद्यार्थीलाई उपयुक्त चिह्न, सङ्केत र क्रियाको उपयोग गरी थप सिकाइको अवसर प्रदान गर्नुहोस् । यस क्रममा क्रमिक सिकाइ रणनीति (शिक्षकले गरेर देखाउने, शिक्षक र विद्यार्थीले सँगसँगै गर्ने, विद्यार्थी विद्यार्थीसँगै अभ्यास गर्ने र विद्यार्थीलाई व्यक्तिगत रूपमा गर्न लगाउने) उपयोग गर्नुहोस् ।

(ङ) कविता गाउँदा शिक्षकले प्रदर्शन गरेको शब्दपत्तीका शब्द 'शुद्ध वातावरण' कवितामा खोजी शब्दमा रेखाङ्कन गर्न लगाउनुहोस् र रेखाङ्कित शब्द पुनः उच्चारण गर्नु लगाउनुहोस् । कवितामा प्रयुक्त

शब्दका वर्ण छुट्याएर र जोडेर भन्न र लेख्न अभ्यास गराउनुहोस् ।

(च) ध्वनि सचेतीकरणका क्रममा शिक्षकले पूर्ण सहयोग गर्नुहोस् ।

**मूल्याङ्कन**

१. कार्यपुस्तकको पृ.स. १०५ को 'अलमल परेँ म त' कविता गति, यति र लय हालेर सुनाउन लगाउनुहोस् ।

लय मिलाएर गाउनुहोस् :

अलमल परेँ म त

चौतारीमा आयो एउटा जादुगरको घोडा
मोटो थियो घोडा तर खुट्टा छोटा छोटा ।
घोडामाथि जादुगरको जिउ जखमले
दौरा तिनको टाटेपाटे टोपी मखमले ।
लामो लामो थियो साथी जादुगरको जुँगा
झोलाबाट झिके तिनले कागजको सुगा ।
जुजुधौ र जिलेबी पो खान थाल्यो यसले
उफ्री उफ्री चउरमा नाच्न थाल्यो त्यसले ।
जाइफल दिए जादुगरले बनाइदियो फूल
चेतबाबा भए सबै कस्तो हो यो खेल ?
चोचोमोचो मिलाउन जानेको हो कति
छक्क परे मान्छे सबै त्यहाँ आए जति ।
जादुगर जान्ने हो कि सुगा धेरै जान्ने
अलमल परेँ म त कसलाई जान्ने मान्ने ?

२. 'अलमल परेँ म त' कवितामा प्रयोग भएका मुख्य शब्दलाई कापीमा लेख्न लगाउनुहोस् ।

**क्रियाकलाप २**

(क) पाठ्यपुस्तकको क्रियाकलाप २ को चित्रसँग मिल्दो अन्य सान्दर्भिक पोस्टर प्रदर्शन गरेर तपाइँले चित्रमा के के देख्नुभयो ?जस्ता प्रश्नोत्तर गरेर विषयवस्तुसँग सम्बन्धित छलफल सुरुआत गर्नुहोस् । विद्यार्थीले भनेका शब्द र वाक्य शैक्षणिक पाटीमा लेख्दै जानुहोस् ।

(ख) पाठ्यपुस्तकमा प्रयुक्त चित्र प्रदर्शन गरी तपाइँको घरमा के के पालिएको छ ? तपाइँलाई चित्र बनाउन मन लाग्छ कि लाग्दैन ? कस्ता कस्ता चित्र मन पर्छ ?जस्ता के, कस्ता, कसरी आदि प्रश्नहरूका आधारमा चित्र वर्णन गर्न लगाउनुहोस् । चित्र वर्णन गर्दा चित्रको वातावरण समेट्न लगाउनुहोस् ।

(ग) चित्र बनाउन चाहिने कुराहरू विद्यार्थीलाई सुनाउनुहोस् । ती सामानहरू कसरी सङ्कलन गर्ने भन्ने विषयमा छलफल चलाउनुहोस् ।

(घ) पाठमा प्रयोग भएका चित्रसँग मिल्दाजुल्दा समूह वा पारिवारिक वातावरण देखिने चित्र वा पोस्टर प्रदर्शन गरी सिकाइको थप अवसर प्रदानगर्नुहोस् । यस क्रममा शब्द, चित्रपत्तीको प्रयोग र शब्दबोध गर्ने अवसर पनि प्रदान गर्नुहोस् ।

(ङ) अनुमान, पूर्वानुमान गर्न लगाएर चित्र वर्णन गराउनुहोस् । यस क्रममा सामान्य वाक्य गठन, पदसङ्गति मिले नमिलेको अवलोकन गर्नुहोस् ।

(च) दृश्यबोधका क्रममा शिक्षकले आंशिक सहयोग गर्नुहोस् ।


**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १०५ को क्रियाकलाप २ को चित्र प्रदर्शन गरी वर्णन गर्न लगाउनुहोस् ।

चित्र हेरेर वर्णन गर्नुहोस् :



## क्रियाकलाप ३



(क) विद्यार्थीसँग विभिन्न शब्दका बारेमा छलफल गर्नुहोस् । विद्यार्थीले भनेका शब्दहरू शैक्षणिक पाटीमा लेख्नुहोस् ।ती शब्दमा भएको वर्ण सङ्ख्या पत्ता लगाउन लगाउनुहोस् ।

(ख) विद्यार्थीलाई पाठमा प्रयुक्त शब्दपत्तीहरू प्रदर्शन गरी उच्चारण गर्न लगाउनुहोस्, जस्तै :टक्कर, टठिला, टिमिक्क, टिलिक्क, टुक्रुक्क, टेनिस


(ग) शब्दपत्तीमा भएकाशब्दलाई उच्चारण अभ्यास गराउनुहोस् र शब्दमा भएका वर्णलाई छुट्याएर भन्न र लेख्न अभ्यास गराउनुहोस् । जस्तै : टक्कर टक् क र, पङ्खा पङ् खा, सम्झना सम् झ ना ,

(घ) विद्यार्थीलाई तीन तीनओटा नयाँ शब्द लेख्न लगाएर ती शब्दलाई छुट्याएर र जोडेर भन्ने र लेख्ने अभ्यास गराउनुहोस् ।

(ङ) लेख्य वर्ण सचेतीकरणका क्रममा विद्यार्थीलाई स्वयम् सिकाइको अवसर दिनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १०६ को क्रियाकलाप ३ गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।




**वर्ण छुट्याएर लेख्नुहोस् :**

## क्रियाकलाप ४

(क) पाठ्यपुस्तकमा प्रयुक्त चित्र प्रदर्शन गरी को को के गर्दै छन्, छलफल गर्नुहोस् ।

(ख) विद्यार्थीलाई दैनिक प्रयोगमा आउने शब्दका पत्तीहरू प्रदर्शन गरेर शब्दोच्चारण गर्न लगाउनुहोस् । अर्थगत बोधका लागि वाक्यमा प्रयोग गरेर सहजीकरण गर्नुहोस् ।

(ग) शब्दमा भएका वर्ण पहिचान गरेर वर्णलाई छुट्याउने र जोड्ने अभ्यास गराउनुहोस् ।

(घ) विद्यार्थीसँग विपरीतार्थी शब्दका बारेमा छलफल गरेर केही शब्द भन्न लगाउनुहोस् । शिक्षकले भनेका शब्दका विपरीत अर्थ दिने शब्द भन्ने अभ्यास गराउनुहोस् ।

(ङ) 'भाइ र बहिनी'पाठको चार्ट प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई अनुच्छेद पढ्न लगाएर विपरीतार्थी शब्द पहिचान गरी प्रयोगका बारेमा सहजीकरण गर्नुहोस् ।

(च) 'भाइ र बहिनी'पाठको चार्ट प्रदर्शन गर्नुहोस् । शिक्षकले वाचन गरेर विद्यार्थीलाई सुनाउनुहोस् । वाचन गर्दा पहिलो पटक ढिलो गतिमा र बिस्तारै वाचन गति बढाउनुहोस् ।

(छ) शिक्षकले अनुच्छेद वाचन गर्दा विद्यार्थीलाई घडी हेर्न लगाउनुहोस् र शिक्षकले सकेसम्म छिटो वाचन गर्नुहोस् । चार्टमा भएका वाक्य कति समयमावाचन गरेर पुरा गर्नुभयो, विद्यार्थीलाई सोध्नुहोस् ।

(ज) शिक्षकले वाचन गरे जस्तै विद्यार्थीलाई वाचन गर्न लगाउनुहोस् । शिक्षकले समय हेर्नुहोस्, विद्यार्थीले कति समयमा वाचन गर्न सके, समय बताउनुहोस् ।

(झ) विद्यार्थीको जोडी समूह बनाउनुहोस् । पालैपालो घडी हेर्न र चार्टमा भएको वाक्य वाचन गर्न लगाउनुहोस् । कसले कति समयमा वाचन पुरा गरे, टिपोट गर्नुहोस् । यसरी प्रतिस्पर्धात्मक तरिकाबाट अनुच्छेद वाचन गर्न लगाउनुहोस् । स्वयम् सिकाइको प्रशस्त अवसर दिनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १०६ को क्रियाकलाप ४ वाचन गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

छिटो छिटो पढ्नुहोस् :

**भाइ र बहिनी**

बहिनीले चित्र कोरिन् । चित्र धेरै राम्रो भयो । भाइले चित्रमा केरमेट गरे । उनको चित्र नराम्रो भयो । बहिनीले पानी पोखिन् । भुइँ हिलो भयो । भाइले भुइँ पुछे । भुइँ सुक्खा भयो । भाइबहिनी त असल हुन् । उनीहरू उँधो र उँभो जाँदा बिस्तारै हिँड्थे । अग्लो र होचो पनि चिन्थे । सिधा र बाङ्गो पनि छुट्याउँथे । आज कसरी यस्तो हुन गयो त ! म उनीहरूलाई सम्झाउँछु । असल बानी सिकाउँछु । आफैँसँग बसाई पढ्न र लेख्न सिकाउँछु । भाइ र बहिनी असल बन्ने छन् । मभन्दा सिपालु पनि हुने छन् ।

## क्रियाकलाप ५ 

(क) विद्यार्थीलाई उल्टो अर्थ दिने शब्दका पत्तीहरू प्रदर्शन गर्नुहोस् र उच्चारण गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीलाई शिक्षकले प्रदर्शन गरेको शब्दका उल्टो अर्थ दिने शब्द अनुमान गरेर भन्न लगाउनुहोस् ।

(ग) विद्यार्थीलाई उल्टो अर्थ दिने शब्दपत्तीहरू छ्यासमिस गरेर दिनुहोस् । पालैपालो विद्यार्थीलाई शब्दका उल्टो अर्थ दिने शब्द जोडी बनाउन लगाउनुहोस् । शिक्षकले अवलोकन गरेर आंशिक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १०७ को क्रियाकलाप ५गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

उल्टो अर्थ दिने शब्दसँग जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| सम्पन्न | होचो |
| उँभो | थोरै |
| सुखी | विपन्न |
| धेरै | उँधो |
| सरल | दु:खी |
| अग्लो | जटिल |

## क्रियाकलाप ६ 

(क) विद्यार्थीसँग शब्दको अन्त्यमा 'र'' ल' वर्ण भएका शब्दका बारेमा छलफल गरेर त्यस्ता शब्द विद्यार्थीलाई कापीमा लेख्न लगाउनुहोस् ।

(ख) पाठमा प्रयुक्त शब्दको अन्त्यमा 'र''ल'भएका र नभएका शब्दपत्तीलाई प्रदर्शन गरेर उच्चारण गर्न लगाउनुहोस्र शब्दको अन्त्यमा 'र''ल' भएको र नभएको पहिचान गर्न लगाउनुहोस् ।

(ग) विद्यार्थी समूहका बिचमा 'र''ल' वर्ण लेखिएको न्युज प्रिन्ट पेपर राख्नुहोस् र विद्यार्थीलाई पालैपालो शब्दपत्तीमा पढ्दै मिल्ने समूह पेपरमा राख्न लगाउनुहोस् ।

(घ) अन्त्यमा कुन कुन शब्द समूहमा राख्न सकिएन, छलफल गरेर कारण बताउन लगाउनुहोस् । दौँतरी सिकाइको अवसरसहित शिक्षकले सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १०७ को क्रियाकलाप ६ गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

अन्त्यमा र, ल प्रयोग भएका शब्द छानेर तालिकामा लेख्नुहोस् :

अटेर, अचार, ककनी, बिजुली, कदर, कपाल, कबोल, कलम, कमेरो, करङ, कसार, कहिले, कागज, किनार, किराना, कुमार, कुबेर, कुमारी, कैलाली, कोपिला, कोमल, खबर, खरानी, खहरे, खिहिरो, खुसुक्क, खोकिलो, चाकर, चहक, चलाख, चमेरो, घलेक, गुरुङ, गितार, छनोट, चौतारो, चोकर, चुमान, चुकुल, चिनारी

| अन्त्यमा र प्रयोग भएका शब्द | अन्त्यमा ल प्रयोग भएका शब्द |
|---|---|
| खबर | कोमल |

**क्रियाकलाप ७** 

(क) पाठ्यपुस्तकमा प्रयुक्त चित्र प्रदर्शन गरी छलफल गर्नुहोस् ।

(ख) दैनिक प्रयोगमा आउने शब्दका पत्तीहरू प्रदर्शन गरेर शब्दोच्चारण गर्न लगाउनुहोस् । शब्दका अर्थगत बोधका लागि वाक्यमा प्रयोग गर्न सहजीकरण गर्नुहोस् ।

(ग) संवाद लेखिएको चार्ट प्रदर्शन गर्नुहोस् र संवादलाई नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् । सस्वरवाचनगर्दा शब्द, वाक्य र अनुच्छेद देखाउँदै आरोह, अवरोह, गति र यतिलाई ध्यान दिनुहोस् ।

(घ) विद्यार्थीसँग मिलेर कुराकानीलाई सस्वरवाचन गरी सुनाउनुहोस् । यस क्रममा सम्भव भएसम्म श्रव्य सामग्री तथा मल्टिमिडिया उपयोग गर्नुहोस् । मल्टिमिडियाको उपयोग गर्दा विद्यार्थीको स्वरमा रेकर्ड गराई कक्षामा सुनाउनुहोस् ।

(ङ) कुनै विद्यार्थीको सहयोग लिई कुराकानीलाई पपेटका माध्यमबाट अभिनयात्मक कथन पनि गर्नुहोस् ।यसका लागि शिक्षकले थप नमुना पनि प्रदर्शन गर्नुहोस् ।

(च) विद्यार्थी विद्यार्थीको समूह बनाउनुहोस् र कुनै जोडीलाई माधव, मुना र राघव बनेर नमुनाका रूपमा कुराकानी गर्न लगाउनुहोस् ।

(छ) दौँतरी सिकाइका माध्यमबाट माधव, मुना र राघवले गरेकोकुराकानी पालैपालो कम्तीमा तीन पटक पढ्न लगाउनुहोस् । माधव, मुना र राघवको झैँ आआफूसँग भएका कला प्रस्तुत गर्ने अवसर दिनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १०८ को क्रियाकलाप ७ का प्रश्नोत्तर गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

पालैपालो पढ्नुहोस् र उत्तर भन्नुहोस् :

मुनाको मुरली

(मुना पिपलको रुखमुनि बसेर मुरली बजाउँदै थिइन् । माधव र राघव आइपुगे । उनीहरू कुरा गर्न थाले ।)

माधव - ओहो मुना, कति मिठो मुरलीको धुन । बजाऊ न किन रोकेकी ?

मुना - तिमीहरू आएको देखेर रोकेकी नि । तिमी पनि त मिठो मादल बजाउँछौ ।

माधव - त्यही भएर त म मादल बोकेर आएको नि ।

राघव - मुना मिठो बाँसुरी बजाउने । माधव मादल बजाउने । अब भने मादल र बाँसुरीको धुन सुन्न मज्जा आउने भो । ल ल मलाई त कुन बेला सुनौँ जस्तो भइसक्यो ।

मुना - पख न राघव । किन हतारिएको ? अझ अरू बाजा थपिए भने कति राम्रो हुन्थ्यो ।

माधव - तिमीलाई पनि केही न केही बजाउन आउँछ होला नि राघव ?

राघव - आउँछ नि ।

मुना - ओहो ! कति रमाइलो हुने भयो । त्यसो भए बजाऊ न त । के बजाउने हो तिमी ?

राघव - म त एक्लै बजाउछु ।

माधव - के हो त्यस्तो एक्लै बजाउने कुरा ?

राघव - ताली ........।

(मुना र माधव- हा हा हा हा ।)

मुना - तिमी त जहिले पनि चुट्किला सुनाउँछौ ।

राघव - हैन साथीहरू । तिमीहरूले यति राम्रो कला कताबाट सिक्यौ ?

माधव - हाम्रो विद्यालयमा पढाइ सँगसँगै विभिन्न कला पनि सिकाइन्छ । हामीलाई सङ्गीत शिक्षकले सिकाउनु भएको हो ।

राघव - कस्तो राम्रो कुरा । साच्चै तिम्रो कक्षामा पढ्ने सबैलाई बाजा बजाउन आउँछ ?

माधव - होइन साथी । कसैलाई नाच्न आउँछ । कसैलाई गाउन आउँछ ।

मुना - कसैलाई चित्र कोर्न आउँछ । कसैलाई कथा, कविता लेख्न आउँछ ।

राघव - आहा ! तिमीहरूको विद्यालय कति राम्रो रहेछ ।

मुना - हो त । हरेक मानिससँग केही न केही क्षमता हुन्छ रे । आफ्नो क्षमतालाई चिन्ने कोसिस गर्नुपर्छ रे । लौ सुन है त अब ।

(मुनाले मुरली र माधवले मादल बजाउन थाले । मिठो धुन सुनेर चौतारीमा अरू मानिस पनि भेला भए ।)

माधव - ल हामीले राघवको इच्छा पूरा गऱ्यौँ । अब राघवले पनि हाम्रो इच्छा पूरा गर्नु पऱ्यो ।

राघव - के इच्छा ?

माधव - हामी अझै धुन बजाउँछौँ । तिमी नाच्नुपर्छ ।

(उनीहरूले धुन बजाए । राघव नाचे । अरूले ताली बजाए )

**(क) मुरली कसले बजायो ?**

**(ख) माधवलाई के बजाउन आउँदो रहेछ ? (ग) तपाईंको विद्यालयमा कुन कुन कला सिकाइन्छ ?**

## क्रियाकलाप ८



(क) विद्यार्थीसँग अनुकरणात्मक शब्दका सन्दर्भमा छलफल गर्नुहोस् । विद्यार्थीलाई एक एकओटा अनुकरणात्मक शब्द भन्न लगाउनुहोस् । आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

(ख) विद्यार्थीलाई अनुकरणात्मक शब्दका पत्तीलाई प्रदर्शन गर्नुहोस् र अर्थगत बोधका लागि वाक्यमा प्रयोग गरेर सुनाउनुहोस् ।

जस्तै : झटपट उठ्नु - घन्टीको आवाजसँगै भाइ झटपट उठ्यो ।

(ग) अनुकरणात्मक शब्द पहिचान र प्रयोगका क्रममा शिक्षकले आंशिक सहयोग गरी सिकाइ सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १०९ को क्रियाकलाप ८ गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

दुईओटा शब्द प्रयोग गरेर वाक्य लेख्नुहोस् :

टलक्क टल्कनु : जस्ताका छाना टलक्क टल्किए ।

हलक्क बढ्नु : .................................................................................

जुरुक्क उठ्नु : .................................................................................

फनक्क घुम्नु : .................................................................................

## क्रियाकलाप ९



(क) विद्यार्थीलाई पाठमा प्रयुक्त शब्दचार्ट प्रदर्शन गर्नुहोस् र शिक्षकले वाचन गरेर सुनाउनुहोस् । वाचन गर्दा पहिलो पटक ढिलो गतिमा र बिस्तारै वाचन गति बढाउनुहोस् ।

(ख) शिक्षकले वाचन गर्दा विद्यार्थीलाई घडी हेर्न लगाउनुहोस् । शिक्षकले सकेसम्म छिटो वाचन गर्नुहोस् । चार्टमा भएका शब्दहरू कति समयमा शिक्षकले वाचन गर्नुभयो, विद्यार्थीलाई सोध्नुहोस् ।

(ग) शिक्षकले वाचन गरे जस्तै विद्यार्थीलाई वाचन लगाएरशिक्षकले समय हेर्नुहोस्। विद्यार्थीले कति समयमा वाचन गर्न सके, समय बताउनुहोस् ।

(घ) स्वयम् सिकाइको अवसर दिन विद्यार्थीको जोडी समूह बनाउनुहोस् । पालैपालो घडी हेर्ने र शब्दचार्टमा भएको शब्द वाचन गर्न लगाउनुहोस्, कसले कति समयमा वाचन पूरा गरे, टिपोट गर्नुहोस् । यसरी प्रतिस्पर्धात्मक तरिकाबाट वाचन गर्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १०९ को क्रियाकलाप ९ गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

छिटो छिटो पढ्नुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| काउली खाउली | ठुला मुला | लायो रायो | डोरी तोरी | लौका मौका | पर्सि फर्सी |

## क्रियाकलाप १०

(क) विद्यार्थीलाई शब्दका सूची प्रदर्शन गर्नुहोस् र उच्चारण गरेर सुनाउन लगाउनुहोस् ।

(ख) शिक्षकले विद्यार्थीलाईप्रदर्शन गरिएका शब्दका अर्थ अनुमान गरेर भन्न लगाउनुहोस् । विद्यार्थीले भनेका शब्दको अर्थ टिपोट गर्नुहोस् ।

(ग) शिक्षकले तयार गरेको अर्थपत्तीका सूची प्रदर्शन गरेर शब्दका अर्थ पहिचान गर्न लगाउनुहोस् । विद्यार्थीले अनुमान गरेको शब्द सूचीसँग मिले नमिलेको तुलना गर्न लगाउनुहोस् । स्वयम् सिकाइको अवसर दिई सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १०९ को क्रियाकलाप १० गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

शब्द र अर्थ बिचमा जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| सही | निर्णय |
| कागज | समय |
| बेला | हस्ताक्षर |
| फैसला | अक्कल |
| बुद्धि | लेख्न र छाप्न प्रयोग गरिने कागत |

## क्रियाकलाप ११

(क) विद्यार्थीलाई अनुच्छेद चार्ट प्रदर्शन गर्नुहोस् र वाक्य उच्चारण गरेर सुनाउन लगाउनुहोस् ।

(ख) विद्यार्थीलाई पटक पटक अनुच्छेद पढ्न लगाउनुहोस् ।

(ग) विद्यार्थीलाई दुई दुई जनाको समूह बनाउनुहोस् र पालैपालो एक जनाले अनुच्छेदको वाक्य भन्ने र अर्को साथीले कापीमा लेख्ने कार्य गर्न लगाउनुहोस् ।

(घ) कापीमा लेखेको अनुच्छेद मिले नमिलेको चार्टमा हेरेर पहिचान गराउनुहोस् ।

(ङ) दौँतरी सिकाइका माध्यमबाट सिकाइको थप अवसर दिनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ११० को क्रियाकलाप ११ गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

**साथीले पढेको सुनेर कापीमा लेख्नुहोस् :**

गाउँको नजिकै एउटा स्याल बस्थ्यो । स्याल बाठो थियो । स्यालले कुखुरा र पाठा खाइदिन्थ्यो । स्यालदेखि गाउँलेहरू दिक्क भएका थिए । एक दिन राती स्याल गाउँमा पस्यो । मानिसहरू 'स्याल आयो ! स्याल आयो !' भनेर कराए । चउरमा पुगेर मानिसहरूले स्याललाई चारैतिरबाट घेरे । उनीहरूले स्याललाई पक्डे । उनीहरूले स्याललाई साङ्लाले बाँधेर जङ्गलतिर लगे । त्यसपछि स्याल गाउँमा आउन छाड्यो ।

## क्रियाकलाप १२

(क) विद्यार्थीलाई पाठमा प्रयुक्त शब्दका पत्तीहरू प्रदर्शन गर्नुहोस् । शब्दलाई कम्तीमा तीन पटक उच्चारण गर्न लगाउनुहोस्। उच्चारणपश्चात् शब्दपत्तीलाई छोपेर राख्नुहोस् ।

(ख) शैक्षणिक पाटीमा शब्दजाल बनाउनुहोस् वा तयारी चार्टलाई प्रदर्शन गर्नुहोस् ।

(ग) शब्दजालमा भएको वर्ण जोडेर विभिन्न प्रकारका शब्द निर्माण गर्न सकिन्छ । ती शब्द के के होलान्, शब्दजाल हेरेर अनुमान गर्न लगाउनुहोस् ।

(घ) शिक्षकले शब्द उच्चारण गर्नुहोस् र शिक्षकले उच्चारण गरेको शब्दलाई शब्दजालमा पत्ता लगाएर गोलो घेरा लगाउन निर्देशन दिनुहोस् । शब्द पत्ता लगाउन साथीको सहयोग लिने अवसर दिनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ११० को क्रियाकलाप १२ गर्न लगाएर र अवलोकन गर्नुहोस् ।

वर्ण जोडी बनेका शब्दमा घेरा लगाउनुहोस् र कापीमा लेख्नुहोस् :

| | | | | | | |
|---|---|---|---|---|---|---|
| क | वि | ता | स | ग | म | ला |
| प | ज | प | ड | सि | ला | इ |
| र्दी | चि | त्र | क | ला | क | ला |
| क | था | भ | टा | बु | ना | इ |
| ना | प | लि | इ | घु | बाँ | गि |
| ट | ना | ब | ल | न | सु | ता |
| क | च | ल | ज | श | री | र |

## क्रियाकलाप १३

(क) दैनिक प्रयोगमा आउने शब्दका पत्तीहरू प्रदर्शन गरी विद्यार्थीलाई शब्दोच्चारण गर्न लगाउनुहोस् ।

शब्दका अर्थ पहिचान गराउन वाक्यमा प्रयोग गरेर शिक्षकले सहजीकरण गर्नुहोस् ।

(ख) शिक्षकले पाठमा प्रयुक्त चित्र प्रदर्शन गर्दै'ड्राइभर र डफल्लो' कथा वाचन गरेर सुनाउनुहोस् । कथा सुनाउँदा आरोह, अवरोह, गति, यति, हाउभाउ र वाचन कलालाई विशेष जोड दिनुहोस् । कथा पठन गरेर सुनाउँदा प्रश्नोत्तर गर्नुहोस् । जसले विद्यार्थीलाई ध्यानपूर्वक कथा सुन्न उत्प्रेरित गर्दछ ।

(ग) विद्यार्थीलाई पालैपालो सस्वर पठन गर्न लगाउनुहोस् । पठन गर्दा उच्चारणमा कठिन भएका शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् र शिक्षकले सहजीकरण गरिदिनुहोस् ।

(घ) विद्यार्थीलाई पाठ सुनाउँदा प्रश्नोतर गर्नुहोस् । विद्यार्थीलाई पनि प्रश्न सोध्न उत्प्रेरित गर्नुहोस् । प्रश्नोत्तरका क्रममा शिक्षकले आंशिक सहयोग गर्नुहोस् ।

(ङ) विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् । समूहमा पाठलाई पालैपालो पढेर प्रश्नोत्तर भन्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ११० को क्रियाकलाप १३मा भएको प्रश्नको उत्तर लेख्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

ड्राइभर र डफल्को

तराईका एक जना ड्राइभरलाई पहाडतिर जान मन लागेछ । उनी आफ्नो डकर्मी भाइलाई लिएर पहाडतिर लागेछन् । घुम्तीमा गाडी चलाउन पनि गा¼ो पर्दो रहेछ । बाटाको चारैतिर डाँडाकाँडा रहेछन् । बारीमा डल्लैडल्ला रहेछन् । मलका थुप्रा पनि रहेछन् । साना बस्तीमा गाईवस्तुका गोठ रहेछन् । गोठको नजिकै मलको डङ्गुर देखिएछ ।

यो देखेर डकर्मी भाइलाई अचम्म लागेछ । उसले ड्राइभर दाइलाई भनेछ, “त्यो थुप्रो के हो ? तराईमा त धानको रास पो यस्तो हुन्थ्यो ।” ड्राइभरले पनि यस्तो देखेको रहेनछ । उसले भनेछ, “पहाडमा कोदो फल्छ । कोदो कुटेर थुपारेको होला नि !”

डकर्मी भाइले चित्त नबुझे पनि केही भनेनछ । उनीहरू नदीको किनारै किनार अगाडि बढेछन् । अलिपर विद्यालयको चउरमा पुगेछन् । चउरमा नाटक मञ्चन हुँदै रहेछ । उनीहरू गाडी रोकी नाटक हेर्न लागेछन् । नाटकमा एउटा ढटुवारे ढ्याङ्ग्रो ठटाउँथ्यो । डाङ्डुङ ढ्याङ्ग्रो बजाउँदा डडाल्नोमा ढोड बोकेकी महिला ढलकढलक नाच्थिन् । ढटुवारेले ढ्यापढ्याप डम्फु बजाउँथ्यो । ढुङ्ग्री लगाएकी महिला डफल्को हल्लाउँदै नाच्थिन् । यो देखेर दाजुभाइ छक्क परेछन् ।

नाटक हेरिसकेपछि उनीहरू उत्तरतिर लागेछन् । नदीमा केही मानिस ढडिया थापेर माछा मार्दै रहेछन् । कोही दहमा डुबुल्की मार्दै रहेछन् । यो देखेर डकर्मी भाइले फेरि सोधेछ, “यो चाहिँ के गरेको दाइ ?” दाइले भनेछन्, “अघि त कोदोको रास भनेर मैले टारेँ । मलाई पनि के थाहा र भाइ ! बरू यहाँका मानिसलाई सोधौँ न ।” गाडी रोकेर सबै पहाडका बारेमा सोध्न थालेछन् ।

(क) कस्तो ठाउँमा गाडी चलाउन गाह्रो पर्दो रहेछ ? ..................................................

(ख) दाजुभाइ किन मक्ख परे ?..........................................................................

(ग) नदीमा मानिस कसरी माछा मार्दै रहेछन् ?...................................................

## क्रियाकलाप १४



(क) विद्यार्थीलाई पाठमा प्रयुक्त शब्दका पत्तीहरू (राम्रो, सफा, फोहोरी, आज्ञाकारी, सन्तोषी, दु:खी, पोसाक, बानी, मन, भाइ, मानिस, विद्यार्थी) प्रदर्शन गर्नुहोस् र ती शब्दका बारेमा छलफल गर्नुहोस् ।

(ख) प्रदर्शन गरिएका मिल्ने मिल्ने शब्दलाई जोड्न लगाउनुहोस् ।

| | | |
|---|---|---|
| जस्तै : राम्रो बानी | सफा पोसाक | फोहोरी मानिस |
| राम्रो मानिस, | सफा मानिस | फोहोरी मन |
| राम्रो विद्यार्थी | सफा भाइ | फोहोरी पोसाक |

(ग) मिल्ने शब्दको जोडा बनाउन विद्यार्थी अलमल परे शिक्षकले आंशिक सहयोगसहित सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १११ को क्रियाकलाप १४गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

उदाहरणमा जस्तै गरी मिल्ने शब्दको जोडा बनाई कापीमा लेख्नुहोस् :

| | | |
|---|---|---|
| जस्तै : राम्रो बानी | राम्रो मानिस | राम्रो विद्यार्थी |
| राम्रो | | पोसाक |
| सफा | | बानी |
| फोहोरी | | मन |
| आज्ञाकारी | | भाइ |
| सन्तोषी | | मानिस |
| दु:खी | | विद्यार्थी |

## क्रियाकलाप १५



(क) विद्यार्थीलाई पदसङ्गतिका बारेमा जानकारी गराएर वाक्य निर्माण गर्न सहजीकरण गर्नुहोस् ।

(ख) पाठमा प्रयुक्त शब्द सूची प्रदर्शन गरेर विद्यार्थीलाई उच्चारण गर्न लगाउनुहोस् ।

(ग) सूचीमा भएका शब्दलाई पदसङ्गतिअनुसार वाक्य बनाएर सुनाउन र लेखेर देखाउन लगाउनुहोस् ।

(घ) कर्ताको लिङ्ग, वचन, आदरअनुसार मिले नमिलेको यकिन गरी शिक्षकले आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ११२ को क्रियाकलाप १५ गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

खाली ठाउँमा मिल्दो शब्द भरी वाक्य पूरा गर्नुहोस् :

| | | |
|---|---|---|
| (क) | ................................. सञ्चै हुनुहुन्छ ? | (तपाईं, तँ, तिमी) |
| (ख) | ..................................फुटबल खेल्छ । | (बहिनी, भाइ, दिदी) |
| (ग) | ..................................कता हिँडेकी ? | (तँ, तपाईं, उहाँ) |
| (घ) | ..................................इमानदार छौ । | (तिमीहरू, उनी, तिनी) |
| (ङ) | ..................................मेला जानुहुन्छ । | (तिमी, तँ, उहाँहरू) |

## क्रियाकलाप १६

(क) पत्रपत्रिका वा किताबको कुनै पृष्ठ स्वतन्त्र रूपमा पढ्न लगाउनुहोस् ।

(ख) पानामा भएको विषयवस्तुका बारेमा विद्यार्थी विद्यार्थीबिच छलफल गर्न लगाउनुहोस् । विद्यार्थीलाई स्वयम् सिकाइको अवसर दिनुहोस् ।

(ग) पढेको पानालाई विद्यार्थीलाई कापीमा राम्रो, सफा र शुद्धसँग लेख्न लगाएर प्रदर्शनी पाटीमा टाँस्न लगाउनुहोस् ।

### मूल्याङ्कन

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ११२ को क्रियाकलाप १६ गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

पत्रपत्रिका वा अन्य किताबबाट एक अनुच्छेद कापीमा सारी शिक्षकलाई देखाउनुहोस् ।

## क्रियाकलाप १७

(क) पाठमा प्रयुक्त शब्दका चार्ट (थारो धारो, चरी झरी, पसिना मसिना, मादल बादल, बाटो भाटो, माया छाया) प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई ध्यानपूर्वक पढ्न लगाउनुहोस् ।

(ख) सुरुको वर्णका कारण उच्चारण र अर्थमा आएको विभिन्नताका बारेमा छलफल गर्नुहोस् ।

(ग) विद्यार्थीलाई दुई दुई जनाको समूहमा विभाजन गर्नुहोस् । दुई जनामध्ये एक जनालाई केही पनि नहेरी लेख्न र अर्कोलाई शब्दचार्टका शब्द हेरेर लेख्न लगाउनुहोस् । यसपछि तुलना गर्न लगाउनुहोस् । दौँतरी सिकाइका माध्यमबाट सिकाइ सहजीकरण क्रियाकलाप अगाडि बढाउनुहोस् ।

### मूल्याङ्कन

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ११२ को क्रियाकलाप १७ गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

साथीलाई पढ्न लगाई कापीमा लेख्नुहोस् :

| | | |
|---|---|---|
| थारो धारो | चरी झरी | पसिना मसिना |
| मादल बादल | बाटो भाटो | माया छाया |

## क्रियाकलाप १८

(क) चङ्गा वा चङ्गाको चित्र प्रदर्शन गर्नुहोस् । चङ्गा बनाउन चाहिने कुराहरूका बारेमा छलफल गर्नुहोस् ।

(ख) चङ्गा बनाउने तरिका सिकाउनुहोस् र विद्यार्थीलाई बनाउन लगाउनुहोस् । चङ्गा बनाउन आवश्यक सहजीकरण गर्नुहोस् ।

(ग) चङ्गाका बारेमा छलफल गराई अनुच्छेद तयार गर्न उत्प्रेरित गर्नुहोस् । स्वयम् सिकाइका प्रशस्त अवसरहरू प्रदान गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ११२ को क्रियाकलाप १८गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

**चङ्गाको चित्र बनाई यसका बारेमा एक अनुच्छेद लेख्नुहोस् :**

.........................................................................................

.........................................................................................

.........................................................................................

.........................................................................................

निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

(क) पढेर सुनाउनुहोस् :

कछाड बेरी कान्छाबा रुख चढे कटहरको
बाटो थियो खाल्टाखुल्टी पाङ्ग्रा गुड्यो मोटरको
गोलभँडाको बोटमुनि गम्की बस्यो गँगटो
छुनुमुनु गर्दै आयो चकटीमा छुचुन्द्रो ।

(ख) दिएका शब्दका वर्ण छुट्याएर लख्नुहोस् :

| कचेरा | | | कम्पास | | | खटिरा | | | चुट्किला | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क | चे | रा | | | | | | | | | |

(ग) वाक्यमा प्रयोग गर्नुहोस् :

डल्लैडल्ला : .........................................................................................

टिमिक्क : .........................................................................................

डङ्गुर : .........................................................................................

छेस्काछेस्की : .........................................................................................

(घ) उस्तै उस्तै सुनिने शब्द लेख्नुहोस् :

(अ) कोड्डो .................. .................. ..................

(आ) घारघुर .................. .................. ..................

(इ) ढलक्क .................. .................. ..................

(ङ) जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| कमिज | जनावर |
| बकाइनो | तरकारी |
| घोरल | पोसाक |
| चिचिन्डो | बिरुवा |

(च) मिल्ने शब्द राखेर वाक्य पूरा गर्नुहोस् :

(अ) किसानहरूले मकै ...................................... । (गोड्ने छन्, गोड्छे, गोड्छस्)

(आ) हजुरआमा मन्दिर ...................................... । (जान्छिन्, जानुहुने छ, जान्छे)

(इ) भाइ विद्यालय .............................................. । (आउनुहुने छ, आउनुभयो, आउने छ)

(छ) सुन्नुहोस् र उत्तर लेख्नुहोस् :

ढोकाअगाडि ठाहिँलो ठिङ्ग उभियो । ठट्यौलो पाराले काकासँग ठाहिँलाले जिलेबी माग्यो । उसलाई जिलेबी र दही असाध्यै मन पर्छ । काकाले कचौरामा जिलेबी र दही थपक्क दिनुभयो । त्यति बेलै डकर्मी दाइ आउनुभयो । उहाँ गनगन गर्न थाल्नुभयो । गनगन सुनेर काका ठुस्सिन थाल्नुभयो । काका जुरुक्क उठ्नुभयो । उहाँको टाउको दलिनमा ठोक्कियो । टाउकामा टुटिल्को उठ्यो । त्यतिबेला काकी टुप्लुक्क आइपुग्नुभयो । टाउकामा छपक्क तेल लगाएर सेकिदिनुभयो ।

(अ) ढोकाअगाडि को उभियो ? ............................................................

(आ) ठाहिँलालाई के के मन पर्छ ? ............................................................

(इ) काकाको टाउकामा के भयो ? ............................................................

(ई) तपाईं टुटिल्को उठेमा के गर्नुहुन्छ ?............................................................

(ज) तलको कथा पढ्नुहोस् र बाँकी पूरा गर्नुहोस् :

खडेरीले अन्नबाली फलेन । गाउँमा भोकमरी चल्यो । गाउँमा एक जना जमिनदार थिए । उनको नाम हर्कबहादुर थियो । उनको घरमा अन्न टनाटन थियो ।

..............................................................................................................................

..............................................................................................................................

..............................................................................................................................

शिक्षकको हस्ताक्षर : ............. अभिभावकको हस्ताक्षर : .................

# ७. रुचि र बानी

**कार्यघण्टा : १५**

## परिचय

**'रुचि र बानी'**मेरो नेपाली रMy Englishविषयभित्र बहुविषयक ढाँचामा एकीकृत गरिएको विषयक्षेत्र हो । यस विषयक्षेत्रमा विद्यार्थीका रुचि वा इच्छाका आधारमा भाषिक कार्य गर्छन् । दैनिक भाषिक प्रयोगको बानीलाई थप सुदृढ गर्दै व्यवहारकुशल सिपको विकास गराउन यस विषयक्षेत्रका क्रियाकलापले मदत गर्ने अपेक्षा छ । समान र असमान ध्वनि भएका शब्दको ध्वनि सचेतीकरण, संयुक्त वर्ण संरचना भएका शब्दको लेख्यवर्ण सचेतीकरण, सम्मानबोधक शब्दको प्रयोग, पठन प्रवाह, पठनबोध, लेखाइ र कार्यमूलक व्याकरणका क्रियाकलाप गर्दै यस विषयक्षेत्रले अधिकाधिक शब्दभण्डार वृद्धिमा जोड दिएको छ । धेरै शब्द जानेमा अभिव्यक्ति र सञ्चारका क्रममा आत्मविश्वास र प्रवाह हुन्छ । प्रारम्भिक कक्षाका विद्यार्थीसँग सीमित मात्रामा शब्दभण्डार रहने भएकाले जानेका शब्दकै अधिकाधिक उपयोग गरी आत्मविश्वास र प्रवाहका साथ अभिव्यक्ति र सञ्चार गर्नु सान्दर्भिक हुन्छ ।

यसविषयक्षेत्रभित्र दुईओटा पाठ रहेका । ती पाठमा प्रयुक्त समान र असमान ध्वनि भएका शब्दहरू पहिचान गरी उच्चारण गर्न, अनुच्छेद सुनी मुख्य मुख्य शब्द पहिचान र उच्चारण गर्ने पक्षलाई जोड दिइएको छ । सञ्चारका क्रममा प्रचलित आकृति, रङ र सङ्केत चिह्नको प्रयोग गर्न दिइएका सामग्रीका आधारमा विषयवस्तुको बोध गरी हाउभाउसहित वर्णन गर्ने विषयवस्तु राखिएका छन् । संयुक्त वर्ण संरचना भएका शब्दका सुरु र अन्त्यका वर्ण छुट्याएर र जोडेर पढ्ने तथा लेख्ने, वस्तु र चित्रका नाम भन्ने र लेख्ने उद्देश्य राखिएको छ । आफ्नो परम्परा र रीतिरिवाजको वर्णन गर्न र सम्मानबोधक शब्द प्रयोग गरी वाक्य भन्न र लेख्न, हाउभाउ, गति र शुद्धतासहित गद्य रचनाको सस्वर र द्रुत पठन गर्न, हाउभाउ, गति, यति, लय र शुद्धतासहित पद्य रचनाको सस्वर, युगल, सामूहिक, स्वतन्त्र र द्रुत पठन गर्ने विषयवस्तुमा जोड दिइएको छ । पात्र परिवर्तन गरी पाठ पुनर्लेखन गर्न, पाठगत सन्दर्भ पहिचान गरी लिखित अभिव्यक्ति दिन, तथ्य, सन्दर्भ, सूचना र पूर्वज्ञानमा आधारित भई मौखिक र लिखित उत्तर दिन तथा पाठका आधारमा घटना वर्णन, अनुभव वर्णन, बुँदा लेखन र अनुच्छेद लेखन गर्न विद्यार्थीलाई उत्प्रेरित गर्ने विषयवस्तुमा केन्द्रित छ । पाठमा आधारित प्रश्नको उत्तर लेख्न, आफ्नो परम्परागत मूल्यमान्यता बुझाउने विषयवस्तु छनोट गरी अनुच्छेद लेख्न लिङ्ग, वचन, पुरुष र आदरको सङ्गति मिलाई मौखिक तथा लिखित अभिव्यक्ति दिन, पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, विस्मयादिबोधक र उद्धरण चिह्नको प्रयोग गरी लिखित अभिव्यक्ति दिन तथा क्रियाका कालअनुसारका वाक्यको प्रयोग गरी मौखिक तथा लिखित अभिव्यक्ति दिने विषयवस्तु समावेश गरिएको छ ।

विषयक्षेत्रको अन्त्यमा पाठ्यक्रममा आधारित भई ध्वनि सचेतीकरण, श्रव्य/दृश्यबोध, लेख्यवर्ण सचेतीकरण, शब्दभण्डार, पठन प्रवाह, पठनबोध, लेखाइ र कार्यमूलक व्याकरणसँग सम्बन्धित मूल्याङ्कन क्रियाकलापसमेत समावेश गरिएको छ । यी क्रियाकलापले सिकारुको रुचि र सिकाइ गति एवम् सिकारुको सक्रिय सहभागितामा सिकाइ क्रियाकलाप चयन र कार्यान्वयन गर्दैविद्यार्थीलाई सुधारात्मक सिकाइ प्रक्रियाद्वारा थप सिकाइको अवसर प्रदान गर्ने छ ।


# पाठ १४

## (क) सिकाइ सहजीकरण योजना

| क्र. स. | विषयवस्तु | व्यवहारकुशल सिप | अनुमानित घन्टी | पाठ्य तथा पाठ्यपुस्तकको सम्बन्धित पृष्ठसङ्ख्या |
|---|---|---|---|---|
| १. | शब्दमा ध्वनि जोड्ने र छुट्याउने | • प्रयोग सिप (S1.1)<br>• निर्णय तथा समस्या समाधान सिप (S1.5)<br>• सञ्चार सिप (S3.1)<br>• सहकार्य सिप (S3.2)<br>• दृश्य साक्षरता सिप (S4.3) | ७ | ११५,११६,११७,११८, ११९,१२०,१२१ |

## (ख) सिकाइ क्रियाकलापका आधार

यस पाठको सिकाइ सहजीकरण गर्नुपूर्व निम्नानुसारको पूर्वतयारी गर्नुहोस् :

| पठन तत्त्व | क्रियाकलापको आधार | क्रियाकलापको सङ्केत र क्रम | सिकाइ सामग्री |
|---|---|---|---|
| १. ध्वनि सचेतीकरण | शिक्षकको पूर्ण सहयोग |  १ | शब्दमा ध्वनि जोड्ने र छुट्याउने खालका शब्दपत्ती (कपाल, कहिले, झगडालु, कम्मर) |
| २. दृश्यबोध | शिक्षकको आंशिक सहयोग |  २ | १. शब्दचित्रपत्ती, वाक्यपत्ती |
| ३. शब्दभण्डार | दौँतरी सिकाइ |  ३ | १. शब्दपत्ती, अर्थपत्ती (फेद-टुप्पो, साह्रो-गिलो...) |
| ४. लेख्यवर्ण सचेतीकरण | स्वयम् सिकाइ |  ४ | १. शब्दमा ध्वनि जोडेर र छुट्याएर राखिएका शब्दपत्ती |
| ५. पठनबोध | शिक्षकको आंशिक सहयोग |  ५ | १. शब्दपत्ती, वाक्यपत्ती, चित्रपत्ती, प्रश्नोत्तरपत्ती<br>२. श्रव्यदृश्य सामग्री (मोबाइल वा अन्य कुनै माध्यमबाट रेकर्ड गरिएको सामग्री |
| ६. लेखाइ | दौँतरी सिकाइ |  ६ | १. शब्दपत्ती, वाक्यपत्ती, अनुच्छेद चार्ट |

| | | | |
|---|---|---|---|
| ७. शब्दभण्डार | शिक्षकको आंशिक सहयोग | ७ | १.शब्दपत्ती, वाक्यपत्ती (धुपौरो, निगालो, पाउजु, बाँसुरी, तरबार) |
| ८. शब्दभण्डार | स्वयम् सिकाइ | ८ | १. शब्दपत्ती, वाक्यपत्ती (नक्सा, नौरङ्गी, न्याउली, घान्द्रुक, बगैँचा, माया) |
| ९. शब्दभण्डार | स्वयम् सिकाइ | ९ | १. शब्द, वाक्यपत्ती (धर्ती-पर्ती, पँधेरो-अँधेरो, तिर्खा-गिर्खा...) |
| १०. कार्यमूलक व्याकरण | शिक्षकको आंशिक सहयोग | १० | १. शब्दपत्ती, वाक्यपत्ती |
| ११. लेखाइ | दौँतरी सिकाइ | ११ | १ श्रव्य सामग्री (मोबाइल वा अन्य कुनै माध्यमबाट रेकर्ड गरिएको सामग्री |
| १२. लेखाइ | शिक्षकको आंशिक सहयोग | १२ | १. वाक्यपत्ती, अनुच्छेद चार्ट |
| १३. पठन प्रवाह | दौँतरी सिकाइ | १३ | १. वाक्यपत्ती, अनुच्छेद चार्ट |
| १४. शब्दभण्डार | दौँतरी सिकाइ | १४ | १. शब्दपत्ती, अर्थपत्ती |
| १५. लेखाइ | स्वयम् सिकाइ | १५ | १. शब्दपत्ती, वाक्यपत्ती<br>२. दैनिक कार्यतालिकाको चार्ट |
| १६. लेखाइ | स्वयम् सिकाइ | १६ | १. वाक्यपत्ती, अनुच्छेदपत्ती |
| १७. कार्यमूलक व्याकरण | शिक्षकको आंशिक सहयोग | १७ | १. शब्दपत्ती, वाक्यपत्ती |

## (ग) सिकाइ क्रियाकलाप

क्रियाकलाप १

(क) कक्षामा उत्प्रेरणा जगाउँदै 'सानी सानी नानी' कवितामा प्रयुक्त चित्र वा पोस्टर प्रदर्शन गरेर छलफल गर्नुहोस् । चित्रमा सानी नानी के गर्दै होलिन् ? जस्ता प्रश्नोत्तर गरेर विषयवस्तुको सुरुआत गर्नुहोस् । विद्यार्थीले भनेका कुरा शैक्षणिक पाटीमा लेख्नुहोस् र छलफल गराउनुहोस् ।

(ख) शिक्षकले तयार पारेका शब्द जोडी पत्तीहरूप्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई ती शब्द उच्चारण गर्न लगाउनुहोस् ।

(ग) पाठ्यपुस्तकमा रहेको 'सानी सानी नानी' कवितावा त्यसको कविता चार्ट वा

पाठ्यपुस्तकको सम्बन्धित पृष्ठ प्रदर्शन गर्दै शिक्षकले गति, यति, लय र हाउभाउसहित गाएर सुनाउनुहोस् । त्यसपछि विद्यार्थीलाई आफूसँगै गाउन लगाउनुहोस् ।

(घ) लयबद्ध वाचनमा समस्या भएका विद्यार्थीलाई उपयुक्त चिह्न, सङ्केत र क्रियाकलापको उपयोग गरी थप सिकाइको अवसर प्रदान गर्नुहोस् । यस क्रममा क्रमिक सिकाइ रणनीति (शिक्षकले गरेर देखाउने, शिक्षक र विद्यार्थीले सँगसँगै गर्ने, विद्यार्थी विद्यार्थीसँगै अभ्यास गर्ने र विद्यार्थीलाई व्यक्तिगत रूपमा गर्न लगाउने) लाई उपयोग गर्नुहोस् ।

(ङ) कविता गाउँदा शिक्षकले प्रदर्शन गरेको शब्दपत्तीका शब्द 'सानी सानी नानी' कवितामा खोजी शब्दमा रेखाङ्कन गर्न लगाउनुहोस् र रेखाङ्कित शब्द पुनः उच्चारण गर्नु लगाउनुहोस् ।

(च) कविता वाचनको अन्त्यमा राम्रा बानी के के हुन् ?कस्ता बानी हटाउनुपर्छ? जस्तापाठगत प्रश्नोत्तर गर्नुहोस् । विद्यार्थीलाई उत्तर पहिचानको अवसर प्रदान गर्नुहोस् । ध्वनि जोड्ने र छुट्याउन मिल्ने शब्दका बारेमा सहजीकरण गर्नुहोस् ।ध्वनि सचेतीकरणका क्रममा शिक्षकले पूर्ण सहयोग गर्नुहोस् ।

**मूल्याङ्कन**

१. विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ७३ को 'सानी सानी नानी'कविता गति, यति र लय हालेर वाचन गर्न लगाउनुहोस् ।

लय मिलाएर गाउनुहोस् :

सानी सानी नानी

आमासँगै छिटै उठ्छिन् सानी सानी नानी
आफ्नो जिउ सफा गर्ने कति राम्रो बानी
नाक कान सफा राख्ने नङ पनि काट्ने
दुई चुल्ठी मिलाएर कपाल पनि बाट्ने ।

दाँत माझ्ने, गोडा धुने लुगा सफा राख्ने
भोक लागे आमासित खानेकुरा माग्ने
झगडालु चिच्याउने र रुने बानी छैन
खानेकुरा फोहोर हातले छुने बानी छैन ।

फोहोर कतै देखिन् भने ठिक ठाउँमा फाल्ने
फोहोर छुँदा हरेकचोटि हात धोइहाल्ने
कहिले मिठो गीत गाउने कहिले चाहिँ नाच्ने
कहिले हात हल्लाउने कहिले कम्मर भाँच्ने ।

हाँसिराख्ने सबैसित मिठो बोली बोल्ने
साथीसित मिलीजुली भाँडाकुटी खेल्ने
कापी किताब लुगा जुत्ता सबै जतन गर्ने
कति राम्रा यिनका बानी सबलाई मन पर्ने ।

२. कवितामा प्रयोग भएका शब्दमा ध्वनि जोड्न र छुट्याउन मिल्ने शब्दमा सिसाकलमले घेरा लगाउन भन्नुहोस् ।

## क्रियाकलाप २

(क) विद्यार्थीलाई पाठमा प्रयुक्त चित्र तथा पोस्टर प्रदर्शन गरेर चित्रमा भएका कुरा अनुमान, पूर्वानुमान गरी वर्णन गर्न लगाउनुहोस् ।

(ख) चित्र वर्णन गर्दा वातावरणसँग सम्बन्धित शब्दको प्रयोग गरी के, किन, कति, कस्तो, कसरी जस्ता प्रश्नका आधारमा चित्रका बारेमा अनुमान, पूर्वानुमान र कल्पना गरेर भन्न लगाउनुहोस्

(ग) पाठमा प्रयोग भएका चित्रसँग मिल्दाजुल्दा समूह वा पारिवारिक वातावरण देखिने चित्र वा पोस्टर प्रदर्शन गरी सिकाइको थप अवसर प्रदानगर्नुहोस् । यस क्रममा शब्द, चित्रपत्तीको प्रयोग र शब्दबोध गर्ने अवसर पनि प्रदान गर्नुहोस् ।

(घ) विद्यार्थीलाई चित्र हेरी छलफल गराउँदा धेरैभन्दा धेरै शब्दमा ध्वनि जोड्न र छुट्याउन मिल्ने शब्दहरू उत्तर आउने गरी प्रश्नोत्तर गर्नुहोस् ।

(ङ) शिक्षकले आंशिक सहयोग गरी प्रश्नोत्तर तथा छलफलपश्चात् चित्रमा भएका मानिस तथा वस्तुलाई पात्र बनाएर शब्दमा ध्वनि जोड्न र छुट्याउन मिल्ने शब्दलाई प्रयोग गर्दै पाँच वाक्यमा चित्र वर्णन गर्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ११५ को क्रियाकलाप २ को चित्र प्रदर्शन गरी वर्णन गर्न लगाउनुहोस् ।

चित्रका बारेमा पाँच वाक्य लेख्नुहोस् :



## क्रियाकलाप ३

(क) पाठ्यपुस्तकमा भएका शब्द र उक्त शब्दले दिने उल्टो अर्थ राखी शब्दपत्ती प्रदर्शन गर्नुहोस् । शब्दपत्ती र उल्टो अर्थ दिने अर्थपत्ती अलग अलग बनाउनुहोस् । यसरी बनाएका शब्दपत्ती विद्यार्थीलाई वितरण गर्नुहोस् । त्यसपछि शब्द उच्चारण गराउँदै मिल्ने अर्थसँग जोडा मिलाउन लगाउनुहोस् ।

(ख) पाठ्यपुस्तकको क्रियाकलापमा फेद, साह्रो, ठोस, सानो, माथि, वर शब्द पहिचान गरी त्यहीँ दिइएका उल्टो अर्थ दिने शब्दसँग जोडा मिलाउने अभ्यास गराउनुहोस् ।

(ग) दौँतरी सिकाइका माध्यमबाट थप सिकाइका लागि प्रशस्त अभ्यास गराउनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ११६ को क्रियाकलाप ३गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।
उल्टो अर्थ दिने शब्दसँग जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| फेद | उकालो |
| साह्रो | तल |
| ओरालो | ठुलो |
| ठोस | टुप्पो |
| सानो | पर |
| माथि | गिलो |
| वर | तरल |

## क्रियाकलाप ४



(क) विद्यार्थीलाई आफ्नो नाम भन्न लगाउनुहोस् र विद्यार्थीले भनेका नाम शिक्षकले शैक्षणिक पाटीमा लेख्दै जानुहोस् । ती शब्दमा कुन कुन वर्ण प्रयोग भएका छन्, छलफल चलाउनुहोस् । वर्ण मिलेर अक्षर र अक्षर मिलेर शब्द बन्ने कुरा बुझाउनुहोस् ।


(ख) शिक्षकले पाठमा प्रयुक्त शब्दहरू प्रदर्शन गर्नुहोस् । ती शब्दमा प्रयोग भएका वर्ण र मात्रा पहिचान गराउनुहोस् र शब्द उच्चारण गर्न लगाउनुहोस् ।

(ख) मात्रा लागेर बनेका थप शब्दहरूको शब्दपत्ती प्रदर्शन गर्नुहोस् । विद्यार्थीहरूको समूह बनाई वर्णहरू बाँडिदिनुहोस् । विद्यार्थीहरूले प्रदर्शन गरेका वर्णहरू जोडेर शब्द बनाउने खेल खेलाउनुहोस् ।

(ग) विद्यार्थीले उच्चारण गरेका शब्दलाई शैक्षणिक पाटीमा लेख्नुहोस् । विद्यार्थीलाई ती शब्दमा भएका वर्ण गनेर भन्न लगाउनुहोस् । विद्यार्थीले गनेर भनेका शब्दका वर्णलाई छुट्याएर लेख्न सहजीकरण गर्नुहोस्, जस्तै : थपक्क शब्दलाई थ पक् क, दियालो शब्दलाई दि या लो बनाउन सहजीकरण गर्नुहोस् । विद्यार्थीलाई स्वयम् सिकाइको प्रशस्त अवसर दिनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तककोपृ.स. ११६ को क्रियाकलाप ४ मा वर्ण छुट्याएर लेख्न लगाई मूल्याङ्कन गर्नुहोस् ।




तलका शब्दलाई उदाहरणमा दिइए जस्तै छुट्याएर लेख्नुहोस् :

## क्रियाकलाप ५



(क) विद्यार्थीलाई पाठमा प्रयुक्त ध्वनि जोड्न र छुट्याउन मिल्ने शब्दपत्ती प्रदर्शन गर्नुहोस् र उच्चारण गर्न लगाउनुहोस् ।

(ख) शब्दमा ध्वनि जोड्न र छुट्याउन नौरङ्गी, दाबिलो, न्याउली, तगारो, सरल आदि शब्द शब्दपत्ती प्रदर्शन गरी उच्चारण गराउनुहोस् । त्यसपछि वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ग) शिक्षकले पाठमा प्रयुक्त चित्र प्रदर्शन गर्दै 'न्याउली करायो' कथा वाचन गरेर सुनाउनुहोस् । कथा सुनाउँदा आरोह, अवरोह, गति, यति, हाउभाउ र वाचन कलालाई विशेष जोड दिनुहोस् ।

(घ) कथा पठन गरेर सुनाउँदा प्रश्नोत्तर पनि गर्नुहोस् ।

(ङ) विद्यार्थीलाई पालैपालो सस्वर पठन गर्न लगाउनुहोस् । यस क्रममा उच्चारण गर्नकठिन भएका शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् र शिक्षकले सहजीकरण गरिदिनुहोस् ।

(च) शिक्षकले आंशिक सहयोग गरी पाठमा भएका प्रश्नका उत्तर पाठमा नै पहिचान गर्न लगाउनुहोस् र प्रश्नोत्तर गर्न थप सहजीकरण गर्नुहोस् ।

## मूल्याङ्कन

विद्यार्थीलाई पाठ्यपुस्तककोपृ.स. ११७ को क्रियाकलाप ४ 'न्याउली करायो' पाठ पढी प्रश्नोत्तर लेख्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

न्याउली करायो

तीर्थ ग्यालिन बोकेर पँधेरातिर लागे । बाटामा नौरङ्गी फूल फुलेका थिए । पहेँलो सयपत्री र सेतो कमलले मनै लोभ्याउँथ्यो । बाटाका किनारामा गुलाफका फूलहरू फुलेका थिए । तिनीहरू स्वागत गर्न बसे झैँ देखिन्थे । तीर्थ रमाउँदै धारामा पुगे । उनले ग्यालिनभरि पानी भरे ।

“नमस्कार है तीर्थ ! आज त बिहानै पँधेरामा आएछौ त ! पानी नल्याई आमाले पकौडा दिनुभएन कि क्या हो ?” तीर्थाले परैबाट भनिन् । उसकै कक्षामा पढ्ने तीर्था आएकी रहिछन् । वार्षिकोत्सवमा तृतीय पुरस्कार पाएकी तीर्था पढाइ र खेलकुद दुवैमा अब्बल थिइन् । उनलाई देखेर तीर्थले पनि नमस्कार गरे । तीर्थाले सानो हतरमा पानी भरिन् । दुवै गफ गर्दै घरतिर लागे ।

उनीहरू गफ गर्दै थिए । निगालाघारी छेउको काफलका रुखमा बसेर न्याउली करायो । न्याउलीको आवाज सुनेर तीर्थाले हाँस्दै भनिन्, “तीर्थ ! सुन त न्याउली......।”

गत वर्षको वार्षिकोत्सवमा उनीहरू ‘न्याउली करायो’ भन्ने गीतमा नाचेका थिए । नाचमा तीर्थले थोत्रो कोट लगाएका थिए । तीर्थाले तरबार र दाबिलो देखाएर हँसाएकी थिइन् । तीर्थाले साइकलको पाङ्ग्रा घुमाएर नाच्दा दर्शक खुब रमाएका थिए । यो सम्झेर तीर्था पनि मुस्कुराइन् । दुवै घर पुगे । गाईवस्तु पस्लान् भनेर तीर्थाको आँगनछेउमा तगारो लगाइएको थियो । तगारो खोलेर तीर्था भित्र पसिन् । तीर्थ पनि ग्यालिन बोकेर घरतिर लागे ।

(क) तीर्थ कहाँ पुगे ? ..........................................................................................

(ख) उनीहरू कुन गीतमा नाचेका थिए ? ......................................................................

(ग) दर्शक किन रमाए ? ..............................................................................

## क्रियाकलाप ६



(क) शिक्षक विद्यार्थीलाई दौँतरी समूहमा आफूले जाने सुनेका गाउँखाने कथामा बारेमा छलफल गराउनुहोस् । छलफलका क्रममा पाठ्यपुस्तकको पृ.स. ११८ को पहिलो क्रियाकलापमा केन्द्रित भएर शिक्षकले अभ्यास गराउनुहोस्।

(ख) विद्यार्थीलाई आफूले सुनेका यस्तै खाउँखाने कथा सुनाउन प्रेरित गर्नुहोस् । पाठ्यपुस्तकमा भएको उक्त क्रियाकलाप गर्दा आफूले जानेका कुरा समेटी कापीमा लेख्न लगाउनुहोस् । यसरी अभ्यास गर्न लगाउँदा निम्न किसिमका प्रश्नमा आधारित हुनुहोस् :

(अ) जति ताछ्यो उति ठुलो हुने वस्तु के हो ?

(ग) विद्यार्थीले साथी साथीबिच छलफल गरी तयार गरेका गाउँखाने कथा कक्षामा प्रस्तुत गरी सुनाउन लगाउनुहोस् । यसरीसुनाउँदा मोबाइलफोनमा पनि रेकर्ड गर्नुहोस् । रेकर्ड सुनाउँदा शब्दमा ध्वनि जोड्न र छुट्याउन मिल्ने शब्दलाई ध्यान दिन लगाउनुहोस् । ती शब्द पटक पटक उच्चारण गरी सुनाउनुहोस् ।

(घ) विद्यार्थीलाई गाउँखाने कथा सोध्न र उत्तर भन्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीले उच्चारण

गर्न नसकेका शब्द भन्न लगाई टिपोट गर्नुहोस् । टिपोट गरेका शब्द जनाउने चित्र वा ठोस वस्तु प्रदर्शन गर्न सम्भव भएमा चित्रपत्ती वा ठोस वस्तु प्रदर्शन गर्दै शब्दको सँगसँगै उच्चारण गराउनुहोस् । राम्ररी उच्चारण गर्न नसकेसम्म अभ्यास गराइरहनुहोस् ।

(ङ) प्रियङ्का र रामावतार बनेर गाउँखाने कथालाई लयबद्ध वाचन गर्नुहोस् । वाचन र उत्तर पहिचानका क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ११६ को क्रियाकलाप ४ समूहमा वाचन गराएर प्रश्नोत्तर गर्नुहोस् र विद्यार्थीको सिकाइको मूल्याङ्कन गर्नुहोस् ।

पालैपालो पढ्नुहोस् र बुझेका कुरा आफ्नै वाक्यमा कापीमा लेख्नुहोस् :

प्रियङ्का
झन् जति ताछ्यो झन् उति ठुलो देखिन्छ बढेको
नताछेसम्म जस्ताको त्यस्तै त्यो हुन्छ रहेको
के होला त्यस्तो ? कुन चाहिँ वस्तु ? भनिदेऊ मलाई
नभनेदेखि मै भनिदिन्छु गाउँ देऊ मलाई ।

रामावतार
अनौठो लाग्यो यो तिम्रो प्रश्न सुन्दैमा मलाई
झन् ताछ्यो भने झन् ठुलो हुने उल्टो छ भनाइ
तैपनि सोची गमेर भन्छु के चाहिँ रहेछ
अनौठो होइन सामान्य कुरा खाल्डो पो रहेछ ।

## क्रियाकलाप ७

(क) शिक्षकद्वारा तयार पारिएको एउटा शब्दको शब्दपत्ती र त्यसको नमुना वाक्य भएको वाक्य पत्ती प्रदर्शन गर्नुहोस् । शब्द र वाक्यको उच्चारण अभ्यास गराई कर्ता, कर्म र क्रियापद पहिचानका लागि छलफल गराउनुहोस् । वाक्य बनाउन कर्ता र क्रियापद चाहिने कुरा विद्यार्थीलाई सुनिश्चित गराउनुहोस् ।

(ख) पाठ्यपुस्तकभित्रका शिक्षकले तयार पारेका धुपौरो, निगालो, पाउजु, बाँसुरी, तरबार .. जस्ता शब्दका शब्दपत्ती प्रदर्शन गर्नुहोस् र ती शब्दहरू उच्चारण गर्न लगाउनुहोस् । विद्यार्थीलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । विद्यार्थीले सुनाएका वाक्यलाई शैक्षणिक पाटीमा लेख्नुहोस् ।

(ग) विद्यार्थीले बनाएका वाक्यहरूका कर्ता र कर्मबिचको सङ्गति मिले नमिलेको छलफल गराउनुहोस् । विद्यार्थीलाई वाक्यमा प्रयोग भएका कर्ताको लिङ्ग, वचन र पुरुषका आधारमा क्रियापद परिवर्तन हुने तरिकाबारे सहजीकरण गर्नुहोस् ।

(घ) शिक्षकले सिकाइका क्रममा आंशिक सहयोग गरी विद्यार्थीलाई समूहमा विभाजन गरी कार्यपुस्तकमा दिइएका र त्यस्तै थप शब्द दिई वाक्य निर्माण गर्न लगाउनुहोस् । विद्यार्थीले तयार पारेका शब्दहरू प्रस्तुत गर्ने अवसर प्रदान गर्नुहोस् र शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ११८ को क्रियाकलाप ७गर्न लगाई मूल्याङ्कन गर्नुहोस् ।

तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

धुपौरो : ..............................................................................................

निगालो : ..............................................................................................

पाउजु : ..............................................................................................

बाँसुरी : ..............................................................................................

तरबार : ..............................................................................................

## क्रियाकलाप ८

(क) पाठमा दिइएको चित्र प्रदर्शन गरी छलफल गर्नुहोस् ।

(ख) शिक्षकले पाठ्यपुस्तकको पृ.स. ११८ को क्रियाकलाप ८ पाठ सस्वरवाचन गर्न लगाउनुहोस् ।रातो रङमा भएका शब्दहरू शैक्षणिक पाटीमा टिपोट गर्न लगाउनुहोस् ।

(ग) शिक्षकले तयार पारेकानक्सा, नौरङ्गी, न्याउली, घान्द्रुक, बगैँचा, माया जस्ता शब्दका शब्दपत्ती प्रदर्शन गरीबारम्बार उच्चारण अभ्यास गराउनुहोस् ।

(घ) पाठमा अन्य नयाँ लागेका शब्द हुन सक्छन् । ती नयाँ शब्द पहिचान गर्न लगाई भन्न लगाउनुहोस् । शब्द उच्चारण गर्ने क्रममा नधकाई बोल्ने विद्यार्थीलाई स्याबास दिनुहोस् । बोल्न लाज मान्ने विद्यार्थीलाईबोल्न उत्प्रेरित गर्नुहोस् । विद्यार्थीलाई स्वयम् सिकाइको प्रशस्त अवसर प्रदान गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ११८/११९ को क्रियाकलाप ८ गर्न लगाउनुहोस् र शिक्षकले अवलोकन गर्नुहोस् ।

पाठ पढेर शब्द भन्नुहोस् :

मीनाका बुबा सिङ्गापुरमा बस्छन् । उनी सिङ्गापुरमा नै काम गर्छन् । मीना पनि बुबासँग सिङ्गापुरमा नै बस्छिन् । उनी नेपालको नक्सा हेर्दै आफ्नो जन्मघर कास्कीको घान्द्रुक सम्झिरहन्छिन् । उनलाई सिङ्गापुरको सहरिया वातावरण त्यति राम्रो लाग्दैन । मीनालाई नेपाली गाउँले वातावरण नै मन पर्छ । उनी सानो छँदा साथीसँग खेलेका खेल सम्झिन्छिन् ।उनलाई नेपालका नौरङ्गी डाँफे र न्याउली मन पर्छ । उनी नेपालका सुन्दर बगैँचा र ताजा फलफूल सम्झिन्छिन् । उनलाई गाउँको रोदी नाच र चाडपर्व मन पर्छ । उनी नेपाल आउँदै छिन् । उनी नेपाल आउने दिन गनेर बसेकी छिन् । उनी नेपाललाई माया गर्ने नेपालकी छोरी हुन् ।

| | | | | | |
|---|---|---|---|---|---|
| नक्सा | नौरङ्गी | न्याउली | घान्द्रुक | बगैँचा | माया |

## क्रियाकलाप ९ 

(क) शिक्षकले पाठ्यपुस्तकको सम्बन्धित पृष्ठमा भएका उस्तै ध्वनि भएका जस्तै : धर्ती पर्ती, पँधेरो अँधेरो, तिर्खा गिर्खा ताल साल, साथी माथि, जीव शिव, खोलो चोलो, बर्सने पर्सने शब्द उच्चारण गर्न लगाउनुहोस् । विद्यार्थीहरूलाई उस्तै ध्वनि भएका शब्द पढ्न लगाउनुहोस्र यस्तै शब्द खोजी खाली ठाउँमा भर्ने अभ्यास गराउनुहोस् ।

(ख) शिक्षकले उस्तै ध्वनि भएका शब्द जस्तै : गाता गाथा, तिन तीन, उर्दी सर्दीका शब्दपत्ती प्रदर्शन गरी प्रशस्त अभ्यास गराउनुहोस् । स्वयम् सिकाइका लागि यस्ता अभ्यासका कार्यपत्तीसमेत बनाएर गृहकार्य वा कक्षाकार्य दिनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ११९ को क्रियाकलाप ९ गर्न लगाउनुहोस् र परीक्षण गर्नुहोस् ।

उस्तै ध्वनि भएका शब्द पढ्नुहोस् र लेख्नुहोस् :

| | | | |
|---|---|---|---|
| धर्ती पर्ती | पँधेरो अँधेरो | तिर्खा गिर्खा | ताल साल |
| साथी माथि | जीव शिव | खोलो चोलो | बर्सने पर्सने |
| ................... | ................... | ................... | ................... |
| ................... | ................... | ................... | ................... |

## क्रियाकलाप १० 

(क) पाठ्यपुस्तकाको पृ. स. ११९ को अन्तिम क्रियाकलाप गर्न उत्प्रेरित गर्नुहोस् । यहाँदिइएका कर्तासँग बजार शब्द जोड्दै सोअनुसार मिल्ने क्रियापदबिचजोडा मिलाउन लगाई उच्चारण अभ्यास गराउनुहोस् ।

(ख) जोडा मिलाइएका वाक्यलाई कापीमा लेख्न लगाउनुहोस् ।

(ग) यसका लागि शिक्षकले नमुना प्रस्तुत गर्नुहोस् जस्तै : तिमी, बजार, जान्छौं लाई तिमी बजार जान्छौं भनी अन्य अभ्यासगर्न प्रेरित गर्नुहोस् ।

(घ) शिक्षकको आंशिक सहयोगसहित शब्द पहिचान गर्न लगाउनुहोस् र जोडा मिलाउन समस्या भएमा आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. ११९ को क्रियाकलाप १० गर्न लगाउनुहोस् र परीक्षण गर्नुहोस् ।

जोडा मिलाएर पढ्नुहोस् र कापीमा लेख्नुहोस् :

| | | |
|---|---|---|
| म | | जानुहुन्छ । |
| तँ | | जान्छिन् । |
| तिमी बजार | बजार | जान्छस् । |
| तपाईं | | जान्छौ । |
| उनी | | जान्छु । |

## क्रियाकलाप ११

(क) 'मिठो मह' पाठमा आधारित चित्र प्रदर्शन गरी छलफल गर्नुहोस् ।

(ख) विद्यार्थीलाई दुइओटासमूहमा विभाजन गर्नुहोस् । यसपछि एक जनालाई'मिठो मह' पाठ पढ्न र अर्कोलाई सुनेर लेख्न लगाउनुहोस् । त्यसैगरी पढेर सुनाउने समूहले लेख्ने र लेख्ने समूहले पढेर सुनाउने दौँतरी सिकाइका क्रियाकलाप गराउनुहोस् ।

(ग) विद्यार्थीले लेखेको विषयवस्तु परीक्षण गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १२० को क्रियाकलाप ११गराएर परीक्षण गर्नुहोस् ।

साथीले पढेको सुनेर कापीमा लेख्नुहोस् :

मिठो मह

कमलले दीपकको घाउमा मलम लगाइदिएछन् । जनकले जगत्को जग्गा किनेछन् । पाठकले पापड किनेर पपीलाई दिएछन् । घनेन्द्रको घरमा घडी थिएन । त्यसैले उनले घाम हेरेर घाँस काटेछन् । माथिल्लो घरका माहिला मङ्गलबार बिहानै मादल बजाउँदै मेलातिर लागेछन् । फापरबारीमा फुलेको फूलमा फल नलागेपछि त्यसै झरेछ । भमराहरू भिरालो भिरमा भन्भन् गरेछन् । मौरीले मौका मिलाएर माटाका भाँडामा मह जम्मा गरेछन् । मौरीले मुरली बजाउने महेशलाई मिठो मह दिएछन् । महेशको मन मज्जाले रमाएछ ।

## क्रियाकलाप १२

(क) विद्यार्थीलाई खाली ठाउँमा मिल्ने वाक्य लेखीशारदा र हजुरबुबाबिचको कुराकानी पूरा गर्न लगाउनुहोस् ।

(ख) अभ्यास गराउँदा साथी साथीबिचमा शारदा र हजुरबुबा बनी कुराकानी गर्नेअवसर प्रदान गर्नुहोस् ।

(ग) विद्यार्थीलाई व्यक्तिगत रूपमा अभ्यास गराउँदा संवादमा आएको खाली ठाउँमा उपयुक्त शब्द राखी वाक्य पूरा गर्न लगाउनुहोस् । यसका लागि शिक्षकले आंशिक सहयोगसहित शब्दपत्ती वा वाक्यपत्ती उपयोग गरी सही शब्द भरणको अभ्यास गराउनुहोस् ।

(घ) अभ्यासका थप क्रियाकलापको कार्यपत्ती तयार गरी विद्यार्थीलाई कक्षाकार्य वा गृहकार्यका रूपमा दिएर थप अभ्यास गराउनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १२० को क्रियाकलाप १२ गराएर मूल्याङ्कन गर्नुहोस् ।

तलको संवाद पूरा गर्नुहोस् :

शारदा : ..........................................................................................................
हजुरबुबा : नमस्ते नानी ! सन्चै छ तिमीलाई ?
शारदा : सन्चै छ । अनि हजुरलाई नि ?
हजुरबुबा : ..........................................................................................................
शारदा : खाना खानुभयो हजुरबुबा ?
हजुरबुबा : ..........................................................................................................
शारदा : त्यसो भए हजुर आराम गर्नुहोस् । म पल्लो घर पुगेर आउँछु है ।
हजुरबुबा : भोक लागेको होला । हजुरआमाले तिमीलाई मिठो लाग्ने खानेकुरा पकाएकी छन् । छिट्टै आऊ है ।
शारदा : ..........................................................................................................

## क्रियाकलाप १३



(क) शिक्षकले तयार पारेका शब्दपत्ती प्रदर्शन गरी उच्चारण अभ्यास गराउनुहोस् ।

(ख) विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १२१ को पहिलो क्रियाकलाप साथी साथीको समूह बनाई समूहमापठन लगाउनुहोस् । पाठ पढेपछि रोशनी र सरोजले जस्तै मिल्ने साथी समूहमा आफ्ना र साथीका रुचिका विषयमा आपसी छलफल गराउनुहोस् । आफ्नाआनीबानी र रुचि समेटी साथीलाई सुनाउने अवसर प्रदान गर्नुहोस् । दौँतरी सिकाइको प्रशस्त अवसर दिनुहोस् ।

(ग) विद्यार्थीले बताएका आधारमा प्रत्येक विद्यार्थीका आनी, बानी र रुचि समेटेर रुचि र बानी चार्ट बनाई कक्षामा प्रदर्शन गर्न निर्देशन दिनुहोस् । शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १२१ को क्रियाकलाप १३ गर्न लगाई परीक्षण गर्नुहोस् ।

साथी साथी मिलेर पढ्नुहोस् र आफ्ना रुचि र बानी बताउनुहोस् :
रोशनी : सरोज तिमीलाई के के मन पर्छ ?
सरोज : मलाई हजुरआमा र हजुरबुबाले भनेका कथा सुन्न मन पर्छ । साथीहरूसँग क्रिकेट खेल्न मन पर्छ । तिमीलाई नि ?
रोशनी : मलाई रमाइला कथाका किताब पढ्न मन पर्छ । चित्र बनाउन पनि मन पर्छ ।
सरोज : मलाई पनि नयाँ नयाँ चित्र कोर्न मन पर्छ ।
रोशनी : अँ, मलाई त भलिबल र बास्केटबल खेल्न मन पर्छ । त्यति मात्र होइन मलाई त आमाबुबासँग घुम्न जान पनि मन पर्छ ।
सरोज : मलाई त कविता लेख्न पनि मन पर्छ ।
रोशनी : मलाई पनि साथीहरूसँग लुकामारी खेल खेल्न मन पर्छ ।
सरोज : हाम्रा रुचि पनि फरक फरक हुँदा रहेछन् है रोशनी ?
रोशनी : हो त नि ! सबैका बानी र रुचि फरक फरक हुन्छन् ।

## क्रियाकलाप १४



(क) शिक्षकले विद्यार्थीलाई पृ.स. १२१ को दोस्रो क्रियाकलापबारे छलफल गर्न लगाउनुहोस् । छलफलका क्रममा विद्यार्थीसँग तरबार, दाबिलो, दुधालु, पाउजु, निगालो शब्द र यसकाअर्थका बारेमा छलफल गर्नुहोस् । विद्यार्थीसँग छलफल भएका शब्द र मिल्ने अर्थ शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ख) शब्द र अर्थबिच जोडा मिलाउने अभ्यास गराउनुहोस् । यसका लागि शब्दपत्ती र अर्थपत्ती उपयोग गर्नुहोस् ।

(ग) शब्द र तिनले दिने अर्थलाई छ्यासमिस गरेर राख्नुहोस् । विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् । ती छ्यासमिस गरिएका अर्थपत्तीबाट शब्दसँग मिल्ने अर्थ पत्ता लगाउन भन्नुहोस्।

(घ) विद्यार्थी अभ्यस्त नभएसम्म बारम्बार अभ्यास गराउनुहोस् ।दौँतरी सिकाइका माध्यमबाट सिकाइको थप अवसर प्रदान गर्नुहोस् ।

### मूल्याङ्कन

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १२१ को क्रियाकलाप १४ गराएर परीक्षण गर्नुहोस् ।

शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| तरबार | पनिउँको काम गर्ने एक प्रकारको काठको साधन |
| दाबिलो | हतियार |
| दुधालु | खुट्टामा लगाउने गहना |
| पाउजु | बाँस जस्तै वनस्पति |
| निगालो | धेरै दुध दिने |

## क्रियाकलाप १५



(क) शिक्षकले विद्यार्थीलाई पृ.स. १२१ को तेस्रो क्रियाकलापका सम्बन्धमा छलफल गर्न लगाउनुहोस् । छलफलका क्रममा विद्यार्थीलाई आफूले घरमा गर्ने काम के के छन् भनी छलफल गराउनुहोस् । यस क्रममा विद्यार्थीले भनेका कुरा शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ख) प्रत्येक विद्यार्थीलाई आफूले घरमा गर्ने कामका सम्बन्धमा लेख्न लगाउनुहोस् । यसरी लेख्न लगाउनुपूर्व शिक्षकले यस्तो एउटा तालिका बनाइदिएर सहयोग गर्नुहोस् ।स्वयम् सिकाइको अवसर दिएर बाँकी काम आफैँ पूरा गर्न लगाउनुहोस् ।

| क्र.स. | विहान | दिउँसो | बेलुका |
|---|---|---|---|
| १. | ६ बजे उठेर मुख धुने | विद्यालयमा पढ्ने, लेख्ने | खाजा खाएर गृहकार्य गर्ने |
| २. | | | |
| ३. | | | |


(ग) विद्यार्थीले बनाएको कामको तालिका परीक्षण गरी आवश्यक सहजीकरण गर्नुहोस् । विद्यार्थीले तयार पारेको तालिका कक्षाकोठामा टाँस्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १२१ को क्रियाकलाप १५ गराएर परीक्षण गर्नुहोस् ।

तपाईंलाई गर्न मन पर्ने कामको सूची बनाई शिक्षकलाई देखाउनुहोस् ।

## क्रियाकलाप १६



(क) तपाईंलाई कस्ता कस्ता बानी मन पर्छ ?तपाईंलाई के के गर्न मन लाग्छ ?जस्ता प्रश्न गरी छलफल अगाडि बढाउनुहोस् । विद्यार्थीले भनेका कुराहरू शैक्षणिक पाटीमा लेख्दै जानुहोस् ।

(ख) विद्यार्थीलाई बिहान के के गर्नुहुन्छ ? खाना खानुभन्दा अगाडि के गर्नुहुन्छ ? घरका कस्ता कस्ता काम गर्नुहुन्छ ? जस्ता प्रश्न सोधी छलफलको अवसर दिनुहोस् ।

(ग) विद्यार्थीलाई स्वयम् सिकाइको अवसर दिँदै आआÇना असल बानी भन्न लगाउनुहोस् र तालिकामा लेख्दै जानुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १२१ को क्रियाकलाप १६ गराएर परीक्षण गर्नुहोस् ।

तपाईंका असल बानी के के हुन, लेख्नुहोस् ।

## क्रियाकलाप १७



(क) विद्यार्थीसँग वर्तमान काल बुझाउने शब्दका शब्दपत्ती प्रदर्शन गरी वर्तमान कालका बारेमा छलफल गर्नुहोस् ।

(ख) पाठमा प्रयुक्त वर्तमान काल जनाउने क्रियापदका शब्द सूची प्रयोग गरेर शब्दका रूप परिवर्तनका बारेमा छलफल गर्नुहोस् ।

(ग) विद्यार्थीलाई वाक्यपत्ती वितरण गर्नुहोस् । खाली ठाउँमा मिल्ने शब्द भर्न लगाउनुहोस् । विद्यार्थीको अवस्था पहिचान गरी आवश्यकताअनुसार शिक्षकले आंशिक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १२१ को क्रियाकलाप १३ गर्न लगाई मूल्याङ्कन गर्नुहोस् ।

खाली ठाउँमा मिल्दो शब्द भर्नुहोस् :

(क) म गीत ............................................ । (गाउँछु, गायो)

(ख) साथी साथी मिली चङ्गा ............................................ । (उडाउँछौं, उडायो)

(ग) उसलाई बाँसुरीको धुन ............................................ । (मनपर्छ, मन परायो)

(घ) आमाबुबाले खेतबारीमा काम गर्न .............................. । (मन पराउनुहुन्छ, मन पराउँछ)

# पाठ १५

## (क) सिकाइ सहजीकरण योजना

| क्र. स. | विषयवस्तु | व्यवहारकुशल सिप | अनुमानित घन्टी | पाठ्य तथा पाठ्यपुस्तकको सम्बन्धित पृष्ठसङ्ख्या |
|---|---|---|---|---|
| १. | शब्दमा ध्वनि जोड्न र छुट्याउन | • प्रयोग सिप (S1.1)<br>• निर्णय तथा समस्या समाधान सिप (S1.5)<br>• सञ्चार सिप (S3.1)<br>• सहकार्य सिप (S3.2)<br>• दृश्य साक्षरता सिप (S4.3) | ७ | पृष्ठ १२३ देखि १२८ सम्म |
| २. | विषयक्षेत्रगत मूल्याङ्कन | | १ | पृष्ठ १२९ र १३० |

## (ख) सिकाइ क्रियाकलापका आधार

यस पाठको सिकाइ सहजीकरण गर्नुपूर्व निम्नानुसारको पूर्वतयारी गर्नुहोस् :

| पठन तत्त्व | क्रियाकलापको आधार | क्रियाकलापको सङ्केत र क्रम | सिकाइ सामग्री |
|---|---|---|---|
| १. ध्वनि सचेतीकरण | शिक्षकको पूर्ण सहयोग |  १ | १. शब्दमा ध्वनि जोड्ने र छुट्याउनेशब्दपत्ती(भेडीगोठ, ठाकुर, तरुल, भिरपाखा, रहर, रकेट)<br>२. चित्र वा पोस्टर<br>३. श्रव्य वा श्रव्यदृश्य सामग्री (मोबाइल वा अन्य कुनै माध्यमबाट रेकर्ड गरिएको गीत वा कविता) |
| २. दृश्यबोध | शिक्षकको आंशिक सहयोग |  २ | १. शब्दचित्रपत्ती |
| ३. लेख्यवर्ण सचेतीकरण | स्वयम् सिकाइ |  ३ | १. वर्णपत्ती, शब्दपत्ती (भेडीगोठ, भोगटे, युवक, रकेट, रसिलो..) |
| ४. श्रुतिबोध | शिक्षकको पूर्ण सहयोग |  ४ | १.शब्दपत्ती, वाक्यपत्ती, चित्रपत्ती, प्रश्नोत्तरपत्ती<br>२. प्रवेशको चङ्गा पाठको श्रव्यदृश्य सामग्री (मोबाइल वा अन्य कुनै |

| | | | |
|---|---|---|---|
| | | | माध्यमबाट रेकर्ड गरिएको सामग्री |
| ५. शब्दभण्डार | दौँतरी सिकाइ | ५ | २. शब्दपत्ती<br>(अनुहार, रबर, रश्मी, मीना, नाति, तितेकरेला, लामा, माला, लामो....) |
| ६. पठन प्रवाह | स्वयम् सिकाइ | ६ | १. शब्दयुग्मपत्ती<br>(त्याक-त्याल, मित-सित..) |
| ७. शब्दभण्डार | शिक्षकको आंशिक सहयोग | ७ | १. शब्दपत्ती<br>(अँध्यारो, रङ, अगेनो, गुराँस, रातो)<br>२. वाक्यपत्ती, शब्दचित्रपत्ती |
| ८. लेखाइ | स्वयम् सिकाइ | ८ | १. शब्दपत्ती<br>२. चित्रपत्ती |
| ९. कार्यमूलक व्याकरण | दौँतरी सिकाइ | ९ | १. शब्दपत्ती, वाक्यपत्ती |
| १०. पठनबोध | शिक्षकको आंशिक सहयोग | १० | १.शब्दपत्ती, वाक्यपत्ती, चित्रपत्ती, प्रश्नोत्तरपत्ती<br>२. श्रव्यदृश्य सामग्री (मोबाइल वा अन्य कुनै माध्यमबाट रेकर्ड गरिएको सामग्री शब्दपत्ती |
| ११. शब्दभण्डार | स्वयम् सिकाइ | ११ | १. शब्दपत्ती, अर्थपत्ती<br>(याक-भाले चौरी, राउटे -एक जाति...) |
| १२. शब्दभण्डार | शिक्षकको आंशिक सहयोग | १२ | १. शब्दपत्ती<br>२. वाक्यपत्ती |
| १३. लेखाइ | स्वयम् सिकाइ | १३ | १.विभिन्न क्षेत्रका शब्दका शब्दपत्ती |
| १४. लेखाइ | स्वयम् सिकाइ | १४ | १. चित्रपत्ती, अनुच्छेदपत्ती |
| १५. कार्यमूलक व्याकरण | शिक्षकको पूर्ण सहयोग | १५ | १. वाक्यपत्ती |
| १६. लेखाइ | शिक्षकको आंशिक सहयोग | १६ | १. वाक्यपत्ती<br>२. सूचना चार्ट |
| १७. लेखाइ | स्वयम् सिकाइ | १७ | १. शब्दपत्ती, वाक्यपत्ती, अनुच्छेदपत्ती |
| विषयक्षेत्रगत मूल्याङ्कन | | | पाठ्यपुस्तक |

## (ग) सिकाइ क्रियाकलाप

क्रियाकलाप १ 

(क) विद्यार्थीहरूलाई 'हाम्रो पढ्ने ठाउँ'पाठमा भएको चित्र प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई चित्र वर्णन गर्न लगाउनुहोस् ।

(ख) 'हाम्रो पढ्ने ठाउँ'कविता चार्टप्रदर्शन गर्नुहोस् । गति, यति, लय र हाउभाउसहित गाएर सुनाउनुहोस् । त्यसपछि विद्यार्थीसँगै गाउनुहोस् । लयबद्ध वाचनमा समस्या भएका विद्यार्थीलाई उपयुक्त चिह्न, सङ्केत र क्रियाको उपयोग गरी थप सिकाइको अवसर प्रदान गर्नुहोस् । यस क्रममा क्रमिक सिकाइ रणनीति (शिक्षकले गरेर देखाउने, शिक्षक र विद्यार्थीले सँगसँगै गर्ने, विद्यार्थी विद्यार्थीसँगै अभ्यास गर्ने र विद्यार्थीलाई व्यक्तिगत रूपमा गर्न लगाउने) उपयोग गर्नुहोस् ।

(ग) ध्वनि जोड्न र छुट्याउन मिल्ने खालका शब्दहरूमा केन्द्रित भएर भेडीगोठ, भ्याकुर, खोजीमेली, भिरपाखा, रमाइलो जस्ता शब्द सुनाउनुहोस् ।

(घ) कविता वाचनको अन्त्यमा हाँसो कहाँ हुन्छ ? रकेट चढ्ने रहर कसरी पूरा भयो ? जस्ता प्रश्नोत्तर गरी पाठमा प्रयुक्त शब्दमा ध्वनि जोड्न र छुट्याउन मिल्ने खालका शब्द विद्यार्थीबाट नै उच्चारण गर्ने वातावरण तयार गर्नुहोस् ।

(ङ) ध्वनि सचेतीकरणका क्रममा शिक्षकले पूर्ण सहयोग गर्नुहोस् ।

**मूल्याङ्कन**

१. विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १२२ को 'हाम्रो पढ्नेठाउँ'कविता गति, यति र लय हालेर वाचन गर्न लगाउनुहोस् ।

लय मिलाएर गाउनुहोस् :

हाम्रो पढ्ने ठाउँ

हाम्रो भेडीगोठमा हाँसो सधैँ ओठमा
भेडा हेर्न जानु छ भात पकाई खानु छ
भोक लाग्यो भनेर ठाकुर आए कुदेर
खोजीमेली दिउँला आलु तरुल पोलेर ।
माला बनाई हिउँको मोती भनी लाउँछौँ
मेला भर्दा मुरली मादलसँगै गाउँछौँ
खेल्छौँ हामी माटामा मच्ची मच्ची बाटामा
मौरी बनी जुट्दछौँ खोल्सा भिरपाखामा ।

यातायात चल्दैनन् हिँड्दा खुट्टा चल्दै छन्
भारी बोकी नुनको याक अघि बढ्दै छन्
यार्सागुम्बा खोज्नु छ हिउँ पर्ने ठाउँमा
विद्यालय खुल्नेछन् हाम्रो यहीं गाउँमा ।
    हिमाल चढ्दा पूरा भो रकेट चढ्ने रहर
    हिमालका हाम्रा गाउँ भोलि बन्लान् सहर
    कापी कलम बोकेर साना साना हातमा
    विद्यालय गएर पढौं सबले साथमा ।

२. प्रयुक्त शब्दमा ध्वनि जोड्न र छुट्याउन मिल्ने खालका शब्द शब्दमा सिसाकलमले घेरा लगाउन भन्नुहोस् ।

## क्रियाकलाप २

(क) विद्यार्थीलाई रेडियो देखेका छौ भनी छलफल गराउनुहोस्, छलफलका क्रममा पाठमा प्रयुक्त चित्र तथा पोस्टर प्रदर्शन गरेर अनुमान, पूर्वानुमान गरी चित्र वर्णन गर्न लगाउनुहोस् ।

(ख) विद्यालयसँग सम्बन्धित शब्दको प्रयोग गरी को, को, किन, कस्तो, कसरी जस्ता प्रश्नहरूका आधारमा चित्रका बारेमा भन्न लगाउनुहोस् । चित्रलाई विद्यालयको परिवेशसँग जोडेर वर्णन गराउनुहोस् ।

(ग) शिक्षक आंशिक सहयोग गरी पाठमा प्रयोग भएका चित्रसँग मिल्दाजुल्दा वातावरण देखिने चित्र वा पोस्टर प्रदर्शन गरेर सिकाइको थप अवसर प्रदानगर्नुहोस् । यस क्रममा शब्द चित्रपत्तीको प्रयोग र शब्दबोध गर्ने अवसरप्रदान गर्नुहोस् ।

### मूल्याङ्कन

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १२२ को क्रियाकलाप २ को चित्र प्रदर्शन गरी वर्णन गर्न लगाउनुहोस् ।

चित्र हेरेर वर्णन गर्नुहोस् :



## क्रियाकलाप ३

(क) विद्यार्थीलाई पाठ्यपुस्तकको पृ. स. १२३ को पहिलो क्रियाकलापमा भएका भेडीगोठ, भोगटे, युवक, रकेट रसिलो राउटे, वकिल, वरिपरि, वास, वायु, साबुदाना, सुन्तला शब्दका शब्दपत्ती प्रदर्शन गर्नुहोस् र उच्चारण अभ्यास गराउनुहोस् ।

(ख) प्रत्येक शब्दको ठिक तल खाली ठाउँमानिर्देशनमा दिइएका शब्द पढ्दै लेखन अभ्यास गराउनुहोस् ।

(ग) यस्तै प्रकृतिका अन्य कार्यपत्ती बनाएर विद्यार्थीको समूहमा प्रशस्त अभ्यास गराउनुहोस् । यसका लागि पाठ्यपुस्तकका यस्ता क्रियाकलापको थप अभ्यास गराउनुहोस् ।स्वयम् सिकाइको अवसर दिनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १२३ को क्रियाकलाप ३ गर्न लगाई मूल्याङ्कन गर्नुहोस् ।

पढ्नुहोस् र लेख्नुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| भेडीगोठ | भोगटे | युवक | रकेट | रसिलो | राउटे |
| .............. | .............. | .............. | .............. | .............. | .............. |
| वकिल | वरिपरि | वास | वायु | साबुदाना | सुन्तला |
| .............. | .............. | .............. | ............. | .............. | .............. |

## क्रियाकलाप ४

(क) पाठमा प्रयुक्त चित्र प्रदर्शन गर्नुहोस् । चित्रमा के के भएको देखिन्छ, छलफल गर्नुहोस् ।

(ख) शिक्षकले तयार गरेका 'भेडीगोठ, लेकाली, चन्द्रमा, गफाडी, प्रवेश' आदि शब्दका शब्दपत्ती प्रदर्शन गर्नुहोस् र ती शब्द उच्चारण गर्न लगाउनुहोस् । ती शब्द उच्चारणसँगै अर्थ भन्न र वाक्यनिर्माण गर्न सहजीकरण गर्नुहोस् ।

(ग) 'प्रवेशको चङ्गा'रेकर्ड गरिएको पाठ विद्यार्थीलाई सुनाउनुहोस् । विद्यार्थीले चित्र वर्णन गर्दा भनेका कुरा र मोबाइलमा सुनेका कुरा के के मिले भनेर छलफल गर्नुहोस् ।

(घ) शिक्षकले पाठ्यपुस्तकमा भएको 'प्रवेशको चङ्गा' पाठ सस्वरवाचन गर्नुहोस् । त्यसपछि विद्यार्थीलाई पाठको अनुवाचन तथा सहवाचन गर्न लगाउनुहोस् ।यस क्रममा विद्यार्थीले उच्चारण गर्न नसकेका शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् । रेखाङ्कन गरिएका शब्द जनाउने चित्र वा ठोस वस्तु प्रदर्शन गर्दै सँगसँगै शब्द उच्चारण गराउनुहोस् । राम्ररी उच्चारण गर्न नसकेसम्म अभ्यास गराउनुहोस् ।

(ङ) पाठमा प्रयोग भएका वाक्यका वाक्यपत्ती बनाउनुहोस् । ती वाक्यपत्तीलाई छ्यासमिस गरी

विद्यार्थीका समूहमा वितरण गर्नुहोस् र उक्त वाक्यपत्तीलाई पाठमा प्रयोग गरिए जसरी क्रमशः मिलाएर पढ्न लगाउनुहोस् । सहजीकरणका क्रममा शिक्षकले आंशिक सहयोग गर्नुहोस् ।

(च) शिक्षकले पाठगत प्रश्नको उत्तर खोज्ने तरिकाबारे छलफल गर्नुहोस् । पाठ पढिसकेपछि कुनै एउटा 'के को' प्रश्नसँग सम्बन्धित उत्तर बताइदिनुहोस् । त्यसैअनुरूप विद्यार्थीलाई पनि अभ्यास गराउनुहोस् । विद्यार्थीलाई पाठ्यपुस्तकमा भएका अन्य सान्दर्भिक प्रश्न सोधी उत्तर भन्न लगाउनुहोस् । यदि विद्यार्थी समर्थ पाइएमा कसरी र कहाँ जस्ता प्रश्न निर्माण गरी सोध्नुहोस् ।

(छ) बोध प्रश्नोत्तरका क्रममा शिक्षकले पूर्ण सहयोग गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १२३ को 'प्रवेशको चङ्गा' पाठ पढेर प्रश्नको उत्तर भन्न लगाउनुहोस् ।

सुन्नुहोस् र उत्तर भन्नुहोस् :

प्रवेशको चङ्गा

प्रवेश घरभन्दा माथिको भेडीगोठ डाँडामा गए । त्यस लेकाली सेरोफेरोमा याक चरिरहेका थिए । उनका हातमा लट्टाई, धागो र चङ्गा थियो । प्रवेश चङ्गा उडाउन लागे । जुनु पनि हातमा रातीगेडी खेल्दै खेल्दै त्यहीँ आइपुगिन् । "प्रवेश मलाई पनि एक छिन चङ्गा उडाउन देऊ न ।", जुनुले हात थाप्दै भनिन् । "पख पख, एकछिन मैले उडाएको हेर त ! मेरो चङ्गाले चन्द्रमा टिपेर ल्याउँछ रे ! के गर्दोरहेछ हेरौँ न ।", प्रवेशले लट्टाई तलमाथि गर्दै भने । "तिमीलाई पनि उडन्ते गफ गर्न खुब आउँछ । त्यसैले त शिक्षकले तिमीलाई गफाडी भन्नुहुन्छ ।" जुनुले हाँस्दै भनिन् । केको गफाडी नि जुनु म त वकिल पो बन्ने हो त ।
"तिमी पनि त कहिले कापी माग्छ्यौ । कहिले सिसाकलम माग्छ्यौ । कहिले चङ्गा माग्छ्यौ । तिमीलाई के मगन्ते भनौँ त !", प्रवेशले भने ।
"भो भो तिम्रो चङ्गा चाहिँदैन ।", जुनु ठुस्स परिन् ।
"ल ल चङ्गा उडाऊ !" जुनुको भनाइ नसकिँदै प्रवेशले जुनुलाई लट्टाई दिए । "नरिसाऊ न ठट्टा पो गरेको त ।", प्रवेशले फेरि भने । जुनु मुसुक्क हाँसिन् । उनी खुसी हुँदै चङ्गा उडाउन लागिन् ।

(क) याक कहाँ चरिरहेका थिए ? (ख) जुनु किन मुसुक्क हाँसिन् ?
(ग) तपाईँलाई के के खेल्न मन पर्छ ?

**क्रियाकलाप ५**

(क) विद्यार्थीलाई गोलो घेरा वा आमनेसामने हुने गरी राख्नुहोस् । शब्द खेल खेल्ने तरिका सिकाउनुहोस् । छलफलका क्रममा शब्दाक्षरी खेलका बारेमा परिचित गराउनुहोस् ।

(ख) विद्यार्थीका दुई समूह बनाउनुहोस् । एक समूहले प्रयोग गरेको शब्दको अन्तिम वर्णबाट अर्को समूहले शब्द बनाउने गरी शब्दपत्ती शैक्षणिक पाटीमा प्रस्तुत गर्न लगाउनुहोस् ।

(ग) पाठ्य तथा कार्य पुस्तकका सम्बन्धित पृष्ठको तोकिएको क्रियाकलापका शब्द जस्तै : अनुहार, रबर, रश्मी, मीना, नाति, जस्ता शब्दाक्षरी शब्दपत्ती वितरण गर्नुहोस् । दौँतरी सिकाइको अवसर दिनुहोस् ।

((घ) यसरी शब्दको अन्तिममा प्रयोग हुने वर्णबाट शब्द बनाउन अभ्यस्त नभएसम्मका लागि अभ्यास गराउनुहोस् । दौँतरी सिकाइका क्रममा कुनै कठिनाइ भए आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १२४ को क्रियाकलाप ५ गर्न लगाई मूल्याङ्कन गर्नुहोस् ।

अन्तिम वर्णबाट बनेका शब्द पढेर साथीलाई सुनाउनुहोस् :

अनुहार रबर रश्मी मीना नाति तितेकरेला लामा माला लामो

## क्रियाकलाप ६



(क) शिक्षकले राँको राँगो, रोटी लोटी, मित सित, राम लाम, राँको राँगो जस्ता शब्दका शब्दपत्ती प्रदर्शन गरी छलफल गराउनुहोस् । दिइएका शब्दयुग्मको उपयुक्त गतिमा शुद्धताका साथ आंशिक संरचना मिल्ने शब्द, जस्तै : राँको राँगो, रोटी लोटी शब्दयुग्म पटक पटक पढ्ने अवसर प्रदान गर्नुहोस् । यसरी पठन अभ्यास गराउँदा दौँतरी समूहमा पढ्ने वातावरण बनाउनुहोस् ।

(ख) विद्यार्थीलाई पढ्न समस्या भएमा पठन क्षमता राम्रो भएको विद्यार्थीलाई पालैपालो उक्त शब्दयुग्मपढ्न लगाउनुहोस् ।

(ग) विद्यार्थीको पठन गति वृद्धि गर्ने यस्ता खालका अभ्यासका लागि शिक्षकले कार्यपत्ती बनाई वितरण गरेर स्वयम् सिकाइको प्रशस्त अभ्यास गराउनुहोस् । कुनै विद्यार्थीलाई कुनै कठिनाइ भएमा आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १२४ को क्रियाकलाप ६ गर्न लगाई मूल्याङ्कन गर्नुहोस्।

छिटो छिटो पढ्नुहोस् :



## क्रियाकलाप ७

(क) विद्यार्थीलाई 'गुराँसको रङ'पाठमा प्रयोग भएको चित्रका बारेमा के कुन प्रश्नसँग सम्बन्धित भई छलफल गराउनुहोस् ।

(ख) विद्यार्थीलाई छलफलका क्रममा पाठमा प्रयुक्त अँध्यारो, जङ्गल, अगेनो, गुराँस, रातो जस्ता शब्द उच्चारण गर्न लगाउनुहोस् । यस क्रममा श्रव्यदृश्य (मोबाइल वा अन्य कुनै माध्यमबाट रेकर्ड गरिएको) सामग्री) उपयोग गर्नुहोस् । त्यसपछि 'गुराँसको रङ'पाठ सस्वरवाचन गरी सुनाउनुहोस् ।

(ग) शिक्षकले 'गुराँसको रङ'पाठ सस्वरवाचन गरी मोबाइल फोनमा रेकर्ड गर्नुहोस् । रेकर्ड सुनाउँदा शब्दमा ध्वनि जोड्न र छुट्याउन मिल्ने शब्दलाई मुख्य शब्द हुन् भन्नुहोस् । ती शब्द पटक पटक उच्चारण गरी सुनाउनुहोस् । त्यसपछि विद्यार्थीलाई पाठको अनुवाचन गर्न लगाउनुहोस् ।

(घ) विद्यार्थीले उच्चारण गर्न नसकेका शब्द भन्न लगाई टिपोट गर्नुहोस् । टिपोट गरेका शब्द जनाउने चित्र वा ठोस वस्तु प्रदर्शन गर्न सम्भव भएमा चित्रपत्ती वा ठोस वस्तु प्रदर्शन गर्दै शब्दको सँगसँगै उच्चारण गराउनुहोस् । राम्ररी उच्चारण गर्न नसकेसम्म अभ्यास गराइरहनुहोस् ।

(ङ) आंशिक सहयोगसहित सिकाइको थप अवसर प्रदान गर्नुहोस् ।

### मूल्याङ्कन

विद्यार्थीलाई 'गुराँसको रङ'पाठ सहवाचनसहित शब्दोच्चारण गराएर मूल्याङ्कन गर्नुहोस् ।

कविता पढेर दिएका शब्द उच्चारण गर्नुहोस् :

गुराँसको रङ

अँध्यारामा तारा हेरेँ
टाढा टाढा छ
सुगाको रङ हेर साथी
गाढा गाढा छ ।
अगेनामा आगो तापेँ
तातो तातो छ
गुराँसको रङ हेरेँ
रातो रातो छ ।

| | | | | |
|---|---|---|---|---|
| अँध्यारो | रङ | अगेनो | गुराँस | रातो |

## क्रियाकलाप ८

(क) शिक्षकले बाखो, चन्द्रमा, पुतली, बिरुवा शब्द र चित्र प्रदर्शन गरी शब्द र चित्रबिच छलफल गराउनुहोस् ।

(ख) विद्यार्थीलाई चार समूहमा विभाजन गर्नुहोस् । चित्र बनाउन आवश्यक सामग्री उपयोग गरी समूह एकलाई बाखो, दुईलाई चन्द्रमा, तीनलाई पुतली र चारलाईबिरुवाको चित्र बनाउन लगाउनुहोस्। विद्यार्थीलाई स्वयम् सिकाइको प्रशस्त अवसर दिनुहोस् ।

(ग) चित्र कोर्न र उयपुक्त रङ संयोजन गर्न सहजीकरण गर्नुहोस् र चित्र बनाई कक्षाकोठामा टाँस्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १२४ को क्रियाकलाप ८ गर्न लगाई मूल्याङ्कन गर्नुहोस्।

तलका शब्द जनाउने चित्र कापीमा बनाउनुहोस् :

| | | | |
|---|---|---|---|
| बाखो | चन्द्रमा | पुतली | बिरुवा |

## क्रियाकलाप ९



(क) पाठमा प्रयुक्त शब्द सूची प्रदर्शन गरेर विद्यार्थीलाई उच्चारण गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीलाई पदसङ्गतिका बारेमा जानकारी गराई खाली ठाउँमा उपयुक्त शब्द भरेको वा नभरेको सुनिश्चित गर्नुहोस् । जस्तै :

| | |
|---|---|
| भाइ खेल खेल्छिन् । | मिलेन |
| दाइ खेल खेल्छिन् । | मिलेन |
| बहिनी खेल खेल्छिन् । | मिल्यो |

(ग) दौँतरी सिकाइको अवसर दिनुहोस् । सूचीमा भएका शब्दलाई पदसङ्गतिअनुसार वाक्य बनाएर सुनाउन र लेखेर देखाउन लगाउनुहोस् । आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १२५ को क्रियाकलाप ९ गर्न लगाई मूल्याङ्कन गर्नुहोस्।

खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् :

(क) ........................................... खेल खेल्छिन् । (बहिनी, भाइ, दाइ)

(ख) ...........................................पाठशाला जान्छन् । (दिदी, बहिनी, भाइ)

(ग) .............................. हामीलाई बोलाउनुहुन्छ । (काकाले, भाइले, बहिनीले)

(घ) ....................................... ले कथा सुनाउनुभयो । (गुरु, साथी, कान्छो)

(ङ) ........................................... पुस्तक पढ् । (तिमी, तँ, तपाईं)

## क्रियाकलाप १० 

(क) पाठमा प्रयुक्त चित्र वा अन्य सान्दर्भिक चित्र प्रदर्शन गर्नुहोस् । के, को, कहाँ आदि प्रश्न गरी चित्रमा भएका कुराहरूलाई मौखिक प्रश्नोत्तर गराउँदै विषय प्रवेश गर्नुहोस् ।

(ख) शिक्षकले तयार पारेका पाठमा प्रयुक्त शब्दका शब्दपत्तीहरू प्रदर्शन गर्नुहोस् र ती शब्दहरू पाठमा कहाँ छन् भनेर प्रश्न गर्दै शब्द खोज्न लगाई शब्द रेखाङ्कन गर्न लगाउनुहोस् । ती शब्दका बारेमा प्रश्नोत्तर गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ग) पाठमा प्रयुक्त चित्र वर्णन गर्न लगाउनुहोस् । विद्यार्थीले वर्णन गरेका कुराहरूलाई कथात्मक बनाइदिनुहोस् । 'राजासँग वकिलको भेट' कथा वाचन गरेर सुनाउनुहोस् । कथा सुनाउँदा आरोह, अवरोह, गति, यति, हाउभाउ र वाचनकलालाई विशेष जोड दिनुहोस् । जसबाट विद्यार्थीलाई कथा सुनिरहूँ जस्तो लागोस् ।

(घ) कथामा भएका पात्रहरूको नाम भन्न लगाउनुहोस् र पात्रको स्वभावका बारेमा छलफल गर्नुहोस् ।

(ङ) विद्यार्थीलाई पालैपालो सस्वर पठन गर्न लगाउनुहोस् । पठन गर्दा उच्चारणमा कठिन भएका शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् र शिक्षकले सहजीकरण गरिदिनुहोस् ।

(च) शिक्षकले पाठगत प्रश्नको उत्तर खोज्ने तरिकाबारे छलफल गर्नुहोस् । पाठ पढिसकेपछि कुनै एउटा 'के को' प्रश्नसँग सम्बन्धित उत्तर बताइदिनुहोस् ।

(छ) पाठमा भएका प्रश्नका उत्तर पाठमा पहिचान गर्न लगाउनुहोस् र प्रश्नोत्तर गर्न शिक्षकले आंशिक सहयोगसहित सहजीकरण गर्नुहोस् ।

### मूल्याङ्कन

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १२५ क्रियाकलाप १० मा भएको 'राजासँग वकिलको भेट' पाठ पढी प्रश्नोत्तर लेख्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

राजासँग वकिलको भेट

राउटे घुमन्ते जाति हुन् । उनीहरू जङ्गलमा बस्न रुचाउँछन् भनी काकाले पत्रिकामा पढ्नुभयो । वकिल काकालाई राउटे बस्ती हेर्न मन लाग्यो । उहाँ राउटे बस्तीमा जानुभयो । वकिल काका हातमा लौरो बोकेर राउटेको बास खोज्न जङ्गलतिर जानुभयो । जङ्गलको बिचमा धुवाँ उडिरहेको देखियो । वकिल काका त्यहीं पुग्नुभयो ।

जङ्गलका बिचमा खुला चउर थियो । चउरमा तिसपैंतिस छाप्रा थिए । छाप्रा स्याउला र कपडाले बारिएका थिए । वरिपरि जङ्गल र बिचमा छाप्रा भएको बस्ती देखिन्थ्यो । जङ्गलको सेरोफेरो सुन्दर नै लाग्थ्यो ।

एक जना राउटे काठको कोसी बनाउँदै थिए । अर्का एक जना सन्दुक बनाउँदै थिए । वकिल काकाले उनीहरूलाई नमस्कार गर्नुभयो । उनीहरू कोही पनि बोलेनन् । केटाकेटी छाप्राभित्र पसे । सिउँदोमा सिन्दूर

लगाएकी महिला पनि हतार हतार भित्र पसिन् । एकजना महिला ताप्केमा च्याउ पकाउँदै थिइन् । ती पनि भित्र पसिन् । यो देख्दा वकिल काकालाई अचम्म लाग्यो । उहाँ कोसी बनाउने पुरुषका छेउमा जानुभयो । उनी राउटेका मुखिया रहेछन् । उनले भने, "यसरी सूचना नगरी सुटुक्क आउनेसँग हामी बोल्दैनौं । हामी त जङ्गलका राजा पो त ! यहाँ सूचना गरेर मात्र आउनुपर्छ ।" जङ्गलका राजासँग वकिलको केही लागेन । उहाँ लुरुक्क परेर घरतिर फर्किनुभयो ।

(क) राउटे कहाँ बस्न रुचाउँछन् ?

........................................................................................................

(ख) राउटेका परिवारले के के गर्दै थिए ?

........................................................................................................

(ग) राउटेका परिवारले वकिल काकासँग किन कुरा गरेनन् ?

........................................................................................................

........................................................................................................

## क्रियाकलाप ११

(क) शिक्षकले तयार पारेकाशब्दपत्ती प्रदर्शन गरी उच्चारण अभ्यास गराउनुहोस् । शब्दको अर्थ के हुन सक्छ भनेर पूर्वज्ञानका आधारमा भन्न लगाउनुहोस् । विद्यार्थीले भनेका शब्द शैक्षणिक पाटीमा टिप्नुहोस् ।

(ख) शिक्षकले अर्थपत्ती प्रदर्शन गरेर शब्दको अर्थ खोज्न लगाउनुहोस् । यसका लागि शब्दपत्ती र अर्थपत्ती उपयोग गर्नुहोस् । विद्यार्थीले खोजेर तयार पारेका शब्द र अर्थ प्रस्तुत गर्ने अवसर दिनुहोस् ।

(ग) पाठ्यपुस्तकको क्रियाकलाप ११ मा दिइएका शब्द तिनले दिने अर्थलाई छ्यासमिस गरेर राख्नुहोस् । विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् ।ती छ्यासमिस गरिएका अर्थपत्तीबाट शब्दसँग मिल्ने अर्थ पत्ता लगाउन भन्नुहोस्।विद्यार्थी अभ्यस्त नभएसम्म बारम्बार अभ्यास गराई स्वयम् सिकाइको अवसर दिनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १२६ को क्रियाकलाप ११ गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| याक | एक जाति |
| राउटे | भाले चौरी |
| लेकाली | हावा |
| वायु | चारैतिर |
| सेरोफेरो | लेकमा बस्ने |

## क्रियाकलाप १२

(क) विद्यार्थीसँग पृ. स. १२६ को अन्तिम क्रियाकलापका बारेमा छलफल गराउनुहोस् । तालिकामा दिइएका शब्द उपयोग गरी वाक्य बनाउन लगाउनुहोस् ।यस क्रममा शब्दपत्ती र आवश्यकतानुसार वाक्यपत्ती उपयोग गर्नुहोस् ।

(ख) शब्द राखी वाक्य बनाउने क्रममा पाठ्यपुस्तकमा दिइएको सम्बन्धित क्रियाकलाप जस्तै : रकेट : मैले रकेट आकाशमा उडेको देखेँ ।रसिलो : उखु साह्रै रसिलो रहेछ । जस्ता वाक्य बनाएर शैक्षणिक पाटीमा लेख्नुहोस् । विद्यार्थीलाई ती वाक्य पढ्दै मा सार्न लगाउनुहोस् । कर्ता र क्रियाबिचको सङ्गति मिलेको वाक्य रचनाका क्रममा शिक्षकले विद्यार्थीलाई आंशिक सहयोग गर्नुहोस् ।

(ग) वाक्य बनाई लेख्न समस्या भएका विद्यार्थी पहिचान गरी एकल वा समूहमा पटक पटक अभ्यास गराउनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १२६ को क्रियाकलाप १२ गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

तलका शब्द प्रयोग गरी वाक्य बनाउनुहोस् :

रकेट : ...........................................................................................

रसिलो : ...........................................................................................

लोखर्के : ...........................................................................................

सिन्दूर : ...........................................................................................

सूचना : ...........................................................................................

## क्रियाकलाप १३

(क) विद्यार्थीलाई आफूलाई मन पर्ने विभिन्न क्षेत्रका बारेमा व्यक्तिगत रूपमा भन्ने अवसर दिनुहोस् । मन पर्ने फूल कुन हो भनेर फूलको नाम लेखिएका शब्दपत्ती वा चित्र प्रदर्शन गर्नुहोस् । शब्दलाई उच्चारण अभ्यास गराउनुहोस् । फूल मन पर्नुको कारणका बारेमा छलफल चलाउनुहोस् ।

(ख) प्रश्नोत्तर गरी खेलको नाम, घरपालुवा जनावरको नाम, कपडाको नाम सम्झन लगाउनुहोस् । यस्ता शब्दलाई व्यक्तिगत रूपमा उच्चारणसमेत गराउनुहोस् ।

(ग) विद्यार्थीलाई आफुलाई मन पर्ने फलफूलको कुनै चारओटा नाम, मन पर्ने खेलका चारओटा नाम, घरपालुवा जनावरका चारओटा नाम र आफूलाई मन पर्ने कपडाका चारओटानाम लेख्न लगाई

अलग अलग क्षेत्रका शब्दको अलग अलग शब्दसूची लेख्न लगाई कक्षामा टाँस्न लगाउनुहोस् ।विद्यार्थीलाई स्वयम् सिकाइको अवसर दिनुहोस् ।

(घ) अभ्यासमा समस्या भएमा आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १२७ को क्रियाकलाप १३ गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

तपाईंलाई के के मन पर्छ, लेख्नुहोस् :

फलफूलका नाम : ................ .................. .................. ......................

खेलका नाम : ..................... .................. ...................... ......................

.घरपालुवा जनावरका नाम : ......................... .......................... ....................

कपडाका नाम : .................... .................... ..................... ........................

फूलका नाम : ....................... ........................... ................ .....................

## क्रियाकलाप १४

(क) पाठमा प्रयुक्त चित्र प्रदर्शन गरी छलफल गर्नुहोस् ।

(ख) शिक्षकले अनुलेखनका लागि तयार पारिएको अनुच्छेद चार्ट प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ग) सस्वरवाचनपछि शिक्षकले विद्यार्थीलाई पृ.स. ७९ क्रियाकलाप १६ जस्ताको तस्तै सार्ने अनुलेखनको अभ्यास गराउनुहोस् । लेखन प्रक्रियाका चरणहरूको अनुसरण गर्न लगाउनुहोस्, जस्तै :

(अ) सिसाकलम र सम्बन्धित अनुच्छेद दिनुहोस् ।

(आ) विद्यार्थीलाई कापीको हारमा डिका सिधा दिएर अक्षरको आकार सिधा र बान्की मिलाएर लेख्न सिकाउनुहोस् ।

(इ) विद्यार्थीलाई शुद्ध, सफा र बान्की मिलाएर लेख्न सिकाउनुहोस् ।

(ई) विद्यार्थीलाई पाठ्यपुस्तकमा भएको अनुच्छेदको अनुच्छेदपत्ती देखाउनुहोस् । त्यहाँ भएकावाक्य उच्चारण गर्ने अभ्यास गराउनुहोस् । आवश्यक परेमा विद्यार्थीलाई सहयोग गर्नुहोस् ।

(घ) पाठ्यपुस्तकका अतिरिक्त थप अभ्यासका लागि अनुच्छेदको कार्यपत्ती बनाएर विद्यार्थीलाई अनुलेखनको प्रशस्त अभ्यास गराई स्वयम् सिकाइको अवसर दिनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स.१२७ को क्रियाकलाप १४ को अनुलेखन शुद्ध, सफा र बान्की मिले नमिलेको मूल्याङ्कन गर्नुहोस् ।

तलको पाठ कापीमा सार्नुहोस् :

“ए स्वरूप ! स्वरूप !” बुबाले गोठबाट चिच्याएर बोलाएको स्वरूपले सुन्यो । उसले पिँढीबाट भन्यो, “हजुर ।” बुबाले भन्नुभयो, “ढुङ्ग्रो लिएर झट्टै गोठमा आऊ न छोरा ।” स्वरूपले घरभित्र गएर ढुङ्ग्रो खोज्यो । दराजमा थाल र गिलासहरू मात्र रहेछन् । उसले पर भित्तामा ढुङ्ग्रो झुन्ड्याएको देख्यो । ढुङ्ग्रामा त मस्याङ पो रहेछ । उसले त्यो मस्याङलाई नाङ्लामा खन्यायो । त्यसपछि ढुङ्ग्रालाई सफा पानीले पखाल्यो । गोठमा गएर बुबालाई ढुङ्ग्रो दियो । माली गाईले बाच्छी पाएको रहेछ । बुबाले गाई दुहुनुभयो । स्वरूप बिगौती खान पाइने भयो भनी खुसीले उफ्रिन थाल्यो ।

## क्रियाकलाप १५ 

(क) म कथा पढ्छु ।हामी कथा पढ्छौँ । जस्ता वाक्यपत्ती प्रदर्शन गरेर छलफल गर्नुहोस् । ती वाक्य उच्चारण गर्न लगाउनुहोस् । म-हामी, पढ्छु-पढ्छौँ शब्दमा आएको परिवर्तनका बारेमा छलफल गराउनुहोस् । म शब्दले एक जना र हामी शब्दले धेरै जनाको बोध गराउने कुरा विद्यार्थीलाई सुनिश्चित गराउनुहोस् ।

(ख) विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १२८ को क्रियाकलाप १५ को उदाहरणमा दिइएको वाक्य पढ्न लगाउनुहोस् । एकवचन र बहुवचनको अवधारणा थप स्पष्ट पार्नुहोस् ।

(ग) निम्नानुसारका तरिका उपयोग गरी खेल खेलाउनुहोस् :

(अ) विद्यार्थीको सङ्ख्याका आधारमा समूह बनाउनुहोस् ।

(आ) समूहका बिचमा शिक्षकले तयार पारेका वाक्यपत्तीलाई लहरमा घोप्ट्याएर राख्नुहोस् ।

(इ) समूहबाट कसले पहिला खेल्ने भनी पालो निर्धारण गर्नुहोस् ।

(ई) पहिला खेल्ने विद्यार्थीलाई एउटा वाक्यपत्ती उल्टाउन लगाउनुहोस्, जस्तै : ‘म पाठ पढ्छु’ । अर्को विद्यार्थी समूहलाई ‘हामी पाठ पढ्छौँ’ लेखिएको वाक्यपत्ती उल्टाउन लगाउनुहोस् । पहिलो समूहसँग भएको वाक्यको कर्ता र क्रियापाद बदलेर दोस्रो वाक्य बनेको कुरा प्रस्ट पार्नुहोस् । यसरी नै ‘म आमाबुबालाई सघाउँछु’ वाक्यलाई ‘हामी आमाबुबालाई सघाउँछौँ’ बनाउने अभ्यास गराउँदै जानुहोस् ।

(घ) यसैगरी पाठ्यपुस्तकमा भएका वाक्यहरूको कर्ता र क्रियापद बदलेर वाक्य बनाउने अभ्यास गराउनुहोस् । आवश्यकता भएका विद्यार्थीलाई शिक्षकको पूर्ण सहयोगसहित थप सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स.१२८ को क्रियाकलाप १५ गराएर अवलोकन गर्नुहोस् ।

उदाहरणमा दिइए जस्तै वाक्य परिवर्तन गर्नुहोस् :

एकवचन ञबहुवचन

| | |
|---|---|
| उदाहरण : म पाठ पढ्छु । | हामी पाठ पढ्छौँ । |
| (क) म आमाबुबालाई सघाउँछु । | ............................................................ |
| (ख) तिमी कविता लेख्छयौ । | ............................................................ |
| (ग) उनी असल छन् । | ............................................................ |
| (घ) ऊ सधैँ विद्यालय जान्छ । | ............................................................ |

## क्रियाकलाप १६

(क) विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १२८ को क्रियाकलाप १६ छलफल गराउनुहोस् । छलफलमा दिइएको सूचनाको नमुना राम्ररी याद गरी यस्तै अर्को सूचना तयार गर्न निर्देशन दिनुहोस् ।

(ख) विद्यार्थीलाई आफूलाई मन पर्ने कुनै पनि विषयको सूचना लेख्न लगाउनुपूर्व यस्ता क्रियाकलाप गराउनुहोस्, जस्तै :

**राम्रो पुस्तक अध्ययनबारेको सूचना!**

विद्यालयको कक्षा तीनको पुस्तक कुनामा विभिन्न किसिमका बालकथा, बालकविताको सङ्कलन गरिएको छ । ती कथा र कविताविद्यार्थीका लागि अत्यन्त उपयोगी छन् । सबै साथीहरूलाई ती पुस्तक पढ्न सूचित गरिन्छ ।

(ग) यसरी प्रत्येक विद्यार्थीलाई उनीहरूलाई मन पर्ने विषय उल्लेख गरी पाठ्यपुस्तकको सूचनाको नमुना पढी यस्तै सूचनाको नमुना लेख्न लगाउनुहोस् ।

(घ) नमुना सूचना लेखनका क्रममा शिक्षकले आंशिक सहयोग गर्दै अन्य राम्रो सूचनालाई मोबाइल फोनमा रेकर्ड गरी सुनाउनुहोस् । अरू विद्यार्थीलाई पनि यसैगरी लेख्न उत्प्रेरित गर्दै राम्रो लेख्ने विद्यार्थीलाई स्याबासी दिनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स.१२८ को क्रियाकलाप १६ गराएर मूल्याङ्कन गर्नुहोस् ।

तलको सूचना पढ्नुहोस् र शिक्षकको सहयोगले यस्तै नमुना सूचना लेख्नुहोस् :

सूचना

वराहक्षेत्र, सुनसरीमा बस्ने, १० वर्षको समीर यादव नाम गरेको, रातो कमिज र निलो सुरुवाल लगाएको बालक मिति २०७७।०५।२२ गते पाटनको कृष्णमन्दिर घुम्न जाँदा हराएकाले भेट्नुहुने महानुभावले नजिकको प्रहरी चौकीमा खबर गरिदिनुहुन अनुरोध छ ।

रोशन यादव

## क्रियाकलाप १७

(क) शिक्षकले पाठ्यपुस्तकको पृ.स. १२८ को अन्तिम क्रियाकलापका सम्बन्धमा विद्यार्थीसँग छलफल गराउनुहोस् ।

(ख) विद्यार्थीलाई तपाइँ कुन कुन पर्व मनाउनुहुन्छ भनी प्रश्न गर्नुहोस् । विद्यार्थीबाट आउने चाडवाडका नाम शैक्षणिक पाटीमा लेख्नुहोस् र उच्चारण अभ्यास गराउनुहोस् ।

(ग) शिक्षकले तयार पारेका चाडपर्वका नाम प्रदर्शन गर्नुहोस् । ती चाडपर्वका बारेमा छलफल गराउनुहोस् ।

(घ) चाडपर्व मन पर्ने कारण पनि सोध्नुहोस् । विद्यार्थीले भनेका कुराहरूको सूची बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

(ङ) विद्यार्थीलाई मन पर्ने चाडका बारेमा चार वाक्य लेख्न लगाउनुहोस् ।यसपछि पढ्न लगाउनुहोस् । विद्यार्थीलाई स्वयम् सिकाइको प्रशस्त अवसर दिनुहोस् ।

(च) लेखनमा समस्या हुने विद्यार्थी पहिचान गरी अभ्यस्त नभएसम्म आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स.१२८ को क्रियाकलाप १७ गर्न लगाई मूल्याङ्कन गर्नुहोस् ।

तपाईंलाई मन पर्ने चाडका बारेमा पाँच वाक्यमा लेख्नुहोस् :

.................................................................................................................................

.................................................................................................................................

.................................................................................................................................

.................................................................................................................................

.................................................................................................................................


निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

(क) पढेर सुनाउनुहोस् :

दसैंमा देवीको दर्शन गर्न दक्षिणा दमक गइन् । दमकमा उनकी मनीषा नामकी साथी थिइन् । मङ्सिरसम्म उनी दमकमा नै बसिन् । एक दिन मध्याह्नका बेला पल्लो गाउँतिर लागिन् । मनीषा त मुसुमुसु हाँस्दै मामाघर पो गइन् । मनीषालाई मारुनी नाच धेरै मन पर्छ । तल्लो घरमा बेलुका मारुनी नाच देखाउने अरे ! राम्रो नाच देखाउनेलाई पुरस्कार पनि दिने अरे । जब साँझ पर्न थाल्यो । बासुले बाँसुरी बजाउन थाले । बहिनी बारुले कम्मर भाँचेर नाँच्नलाई बुर्कुसी मार्न थालिन् । पहेँलो पोसाक र पाउजु लगाइन् । बहिनी पनि धेरै बेरसम्म मारुनीसँग नाचिन् ।

(ख) अलग अलग भएका वर्ण जोडेर शब्द लेख्नुहोस् :

**अलग अलग भएका वर्ण जोडेर शब्द लेख्नुहोस् :**




(ग) वाक्यमा प्रयोग गर्नुहोस् :

भेडीगोठ ..................................................................................................

बिचल्ली ..................................................................................................

मैदान ..................................................................................................

पकौडा ..................................................................................................

(घ) वाक्यमा मिल्ने चिह्न प्रयोग गरी लेख्नुहोस् :

। , ! “ ”

(अ) लेकमा याक डाँफे र मुनाल पाइन्छन्

..................................................................................................................

(आ) लौन बस त छुटिहाल्यो नि

..................................................................................................................

(इ) गुरुले भन्नुभयो विद्यार्थी विद्यालयका गहना हुन् ।

..................................................................................................................

(ङ) उस्तै ध्वनि सुनिने शब्दमा जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| तिर्खा | दैलो |
| जीव | अँधेरो |
| मैलो | गिर्खा |
| पँधेरो | निब |

(च) शुद्ध शब्द चिनेर लेख्नुहोस् :

(अ) सेरोफेरो शेरोफेरो ....................................................................................

(आ) भूजुरि भुजुरी ..........................................................................

(इ) रिकपी रिकापी ..........................................................................

(ई) जङ्गल जंगल ..........................................................................

(छ) पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

भेषराजलाई भोगटे साँधेर खान मन लाग्यो । उनले यो कुरा आमालाई भने । आमाले भोगटे टिप्न भाजुरामलाई भन्नुभयो । भाजुराम फटाफट बगैंचामा गए । पाकेको पहेँलो भोगटेको दाना टिपेर ल्याए । भेषराजले कलमा गएर भोगटे पखाले । धारिलो हसियाले भोगटे ताछे । भोगटेका केस्रालाई भुजुरी जस्तै बनाएर थालमा राखे । आमाले नुन, खुर्सानी, मसला र दही राखेर भोगटेलाई साँध्नुभयो । जेठको चर्को घाममा साँधेको भोगटे मिठो भयो ।

(अ) भेषराजलाई के खान मन लाग्यो ?..................................................................

(आ) कसले भोगटे टिपे ?..........................................................................

(इ) भोगटे साँध्न के के सामग्री चाहिदो रहेछ ?.........................................................

(ज) तपाईंले हेरेको मेला वा जात्राका बारेमा पाँच वाक्य भन्नुहोस् ।

शिक्षकको हस्ताक्षर : .............. अभिभावकको हस्ताक्षर : ..................

---

# ८. हाम्रो संस्कृति

**कार्यघण्टा : १५**

## परिचय

**'हाम्रो संस्कृति'**मेरो नेपाली,My English र हाम्रो सेरोफेरो विषयभित्र बहुविषयक ढाँचामा एकीकृत गरिएको विषयक्षेत्र हो । यस विषयक्षेत्रले सिकारुको भाषा, धर्म, चाडपर्व, चालचलन र जीवन व्यवहारलाई उजागर गर्छ । संस्कृति आफैँमा आफ्नो पहिचान हो । सांस्कृतिक र सामाजिक मूल्यमान्यतातर्फ जोड दिँदै भाषाका माध्यमबाट ध्वनि सचेतीकरण, श्रव्य/दृश्यबोध, लेख्यवर्ण सचेतीकरण, पठन प्रवाह, पठनबोध, लेखाइ र कार्यमूलक व्याकरणका क्रियाकलापमा जोड दिएको छ । स्वसिकाइ र अनुभवका आधारमा दौँतरी,ससाना समूह र अन्य व्यक्तिसँग कुराकानी तथा छलफल, देखे, सुनेका र अनुभव गरेका विषयवस्तुको स्वमूल्याङ्कनसहित मौलिक वाक्यमा लिखित तथा मौखिक वर्णनलगायतका कार्य गर्ने उद्देश्य राखिएको छ । यस विषयक्षेत्रमा आफ्नो समुदाय, भाषा, संस्कृति तथा राष्ट्रिय पहिचानप्रति सजक रही सम्मान गर्ने र अपनत्वको अनुभव गर्ने क्षमता विकासमा जोड दिइएको छ ।

यस विषयक्षेत्रमा दुईओटा पाठ रहेका छन् । ती पाठभित्र अनुच्छेद सुनी मुख्य मुख्य शब्द पहिचान र उच्चारण गर्न, प्राकृतिक तथा सामाजिक परिवेशका चित्रका आधारमा वर्णन गर्न, सम्मानबोधक शब्द सुनी उच्चारण गर्न, दिइएका सामग्रीका आधारमा विषयवस्तुको बोध गरी हाउभाउसहित वर्णन गर्नुका साथै सञ्चारका क्रममा प्रचलित आकृति, रङ र सङ्केत चिह्नको प्रयोग गर्न जोड दिइएको छ । यस विषयक्षेत्रमा शब्दहरूको अर्थबोध गरी पढ्न र लेख्न, शब्दका वर्ण छुट्याएर र वर्ण जोडेर पढ्न र लेख्न, शब्दहरूको अर्थबोध र प्रयोग गर्न, दुई शब्द वा शब्द समूह जोडेर अर्थबोध र प्रयोग गर्ने उद्देश्य राखिएको छ । हाउभाउ, गति र शुद्धतासहित गद्य रचनाको सस्वर र द्रुत पठन गर्न, हाउभाउ, गति, यति, लय र शुद्धतासहित पद्य रचनाको एकल, युगल, सामूहिक वाचन गर्न र द्रुत पठन गर्न, निर्धारित विषयवस्तुका आधारमा छलफल र प्रश्नोत्तर गर्न तथा चरित्र, परिवेश र घटनाको वर्णन गर्ने पक्षमा जोड दिइएको छ । लेखाइका क्रममा भावविस्तार, शब्दभरण र सार लेखन गर्न स्थानीय परिवेश, सन्दर्भ तथा विषयवस्तु झल्किने शीर्षक वा विषयवस्तु छनोट गरी अनुच्छेद लेख्न, लिङ्ग, वचन, पुरुष र आदरको सङ्गतिसहित मौखिक तथा लिखित अभिव्यक्ति दिन, पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, विस्मयादिबोधक र उद्धरण चिह्नको प्रयोग गरी लिखित अभिव्यक्ति दिन, क्रियाका काल मिलाएर वाक्य प्रयोग गरी मौखिक तथा लिखित अभिव्यक्ति दिन खालका क्रियाकलापलाई आधार बनाइएको छ ।

विषयक्षेत्रको अन्त्यमा पाठ्यक्रममा आधारित भई ध्वनि सचेतीकरण, श्रव्य/दृश्यबोध, लेख्यवर्ण सचेतीकरण, शब्दभण्डार, पठन प्रवाह, पठनबोध, लेखाइ र कार्यमूलक व्याकरणसँग सम्बन्धित मूल्याङ्कन क्रियाकलापसमेत समावेश गरिएको छ । यी क्रियाकलापले विद्यार्थीलाई स्वमूल्याङ्कन तथा प्रतिविम्बन गर्न र सिकाइ सुधारको आवश्यकतानुसार योजना तय गर्दै विद्यार्थीलाई सुधारात्मक सिकाइ प्रक्रियाद्वारा थप सिकाइको अवसर प्रदान गर्ने छ ।

## पाठ १६

### (क) सिकाइ सहजीकरण योजना

| क्र. स. | विषयवस्तु | व्यवहारकुशल सिप | अनुमानित घन्टी | पाठ्य तथा कार्यपुस्तकको सम्बन्धित पृष्ठसङ्ख्या |
|---|---|---|---|---|
| १. | दुई शब्द जोडेर अर्थबोध र प्रयोग गर्न | • प्रयोग सिप (S1.1)<br>• निर्णय तथा समस्या समाधान सिप (S1.5)<br>• सञ्चार सिप (S3.1)<br>• सहकार्य सिप (S3.2)<br>• दृश्य साक्षरता सिप (S4.3)<br>• बहुसांस्कृतिक साक्षरता (S4.5) | ७ | पृष्ठ १३१ देखि १३६ |

### (ख) सिकाइ क्रियाकलापका आधार

यस पाठको सिकाइ सहजीकरण गर्नुपूर्व निम्नानुसारको पूर्वतयारी गर्नुहोस् :

| पठन तत्व | क्रियाकलापको आधार | क्रियाकलापको सङ्केत र क्रम | सिकाइ सामग्री |
|---|---|---|---|
| १. ध्वनि सचेतीकरण | शिक्षकको पूर्ण सहयोग |  १ | १. दुई शब्द जोडेर बनेका सिङ्गो शब्दका शब्दपत्ती (हजुरबुबा, तोतेबोली, नातागोता...),<br>२. चित्रपत्ती,कवितापत्ती<br>३. श्रव्य वा श्रव्यदृश्य सामग्री (मोबाइल वा अन्य कुनै माध्यमबाट रेकर्ड गरिएको गीत वा कविता) |
| २. लेख्यवर्ण सचेतीकरण | स्वयम् सिकाइ |  २ | १. शब्दपत्ती (खोलानाला, डाँडापारि, गाउँबेँसी, भिरपाखा, वनपाखा, घाँसपात) |
| ३. दृश्यबोध | शिक्षकको आंशिक सहयोग |  ३ | १.चित्रपत्ती<br>२. शब्दपत्ती |
| ४. लेख्यवर्ण सचेतीकरण | स्वयम् सिकाइ |  ४ | १. शब्दपत्ती<br>२.श्रव्य वा श्रव्यदृश्य सामग्री (मोबाइल वा अन्य कुनै माध्यमबाट रेकर्ड शब्द |

| | | | |
|---|---|---|---|
| ५. शब्दभण्डार | दौँतरी सिकाइ | ५ | १. शब्दपत्ती<br>२. शब्दचार्ट |
| ६. पठनबोध | दौँतरी सिकाइ | ६ | १. शब्दपत्ती<br>२.श्रव्य वाश्रव्यदृश्य सामग्री (मोबाइल वा अन्य कुनै माध्यमबाट रेकर्ड गरिएको संवादात्मक पाठ |
| ७. शब्दभण्डार | दौँतरी सिकाइ | ७ | १.शब्दपत्ती |
| ८. शब्दभण्डार | शिक्षकको आंशिक सहयोग | ८ | १. शब्दपत्ती, अर्थपत्ती |
| ९. कार्यमूलक व्याकरण | शिक्षकको पूर्ण सहयोग | ९ | १. वाक्यपत्ती, अनुच्छेद चार्ट |
| १०. पठन प्रवाह | स्वयम् सिकाइ | १० | १. शब्दपत्ती |
| ११. कार्यमूलक व्याकरण | स्वयम् सिकाइ | ११ | १. शब्दपत्ती, वाक्यपत्ती |
| १२.पठन प्रवाह | स्वयम् सिकाइ | १२ | १. शबदपत्ती, वाक्यपत्ती<br>२. अनुच्छेद चार्ट |
| १३. पठनबोध | शिक्षकको आंशिक सहयोग | १३ | १. शब्दपत्ती, अनुच्छेद चार्ट<br>२. प्रश्नोत्तरपत्ती<br>३. श्रव्य वा श्रव्यदृश्य सामग्री (मोबाइल वा अन्य कुनै माध्यमबाट रेकर्ड गरिएको पाठ |
| १४. लेखाइ | शिक्षकको आंशिक सहयोग | १४ | १. शब्दपत्ती, अनुच्छेद चार्ट |
| १५. लेखाइ | स्वयम् सिकाइ | १५ | १. वाक्यपत्ती, अनुच्छेद चार्ट |
| १६. लेखाइ | स्वयम् सिकाइ | १६ | १. शब्दपत्ती, वाक्यपत्ती, अनुच्छेद चार्ट |

(ग) सिकाइ क्रियाकलाप

**क्रियाकलाप १**

(क) विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १३१ को 'घरै विद्यालय' कविताका भएका चित्रका बारेमा अनुमान गर्न लगाउनुहोस् । विद्यार्थीको समूहमा 'घरै विद्यालय' पाठका बारेमा छलफल गराउनुहोस्। चित्र

वर्णन र छलफल गर्दा दुई शब्द जोडेर बनेका शब्द जस्तै : दाजुदिदी, बुढापाका, काकाकाकी, हजुरबुबा, नातागोता, भान्जाभान्जी शब्द प्रयोग हुने गरी अभ्यास गराउनुहोस् ।

(ख) 'घरै विद्यालय' कवितापत्ती प्रदर्शन गर्नुहोस् ।शिक्षकले गति, यति, लय र हाउभाउसहित गाएर सुनाउनुहोस् । त्यसपछि विद्यार्थीसँगै गाउनुहोस् । लयबद्ध वाचनमा समस्या भएका विद्यार्थीलाई उपयुक्त सङ्केत र क्रियाकलापको उपयोग गरी थप सिकाइको अवसर प्रदान गर्नुहोस् । यस क्रममा क्रमिक सिकाइ रणनीति

(शिक्षकले गरेर देखाउने, शिक्षक र विद्यार्थीले सँगसँगै गर्ने, विद्यार्थी विद्यार्थीसँगै अभ्यास गर्ने र विद्यार्थीलाई व्यक्तिगत रूपमा गर्न लगाउने) उपयोग गर्नुहोस् ।

(ग) कविता वाचन गर्दा कवितामा प्रयुक्त दुई शब्द जोडेर बनेका शब्द जस्तै : दाजुदिदी, बुढापाका, काकाकाकी, हजुरबुबा, नातागोता, भान्जाभान्जीलाई लक्षित गरी बारम्बार उच्चारण गराउनुहोस्।

(घ) कविता वाचन गरेपछि बाटो देखाउने को हो ? मायाका खानी कसलाई भनिएको छ ? बुढापाकालाई के भनिएको छ ? तपाईँलाई घर कस्तो लाग्छ ? जस्ता प्रश्नोत्तर गर्नुहोस् ।

(ङ) ध्वनि सचेतीकरणका क्रममा शिक्षकले पूर्ण सहयोग गर्नुहोस् ।

## मूल्याङ्कन

१. विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १३१ को 'घरै विद्यालय' कविता गति, यति र लय हालेर वाचन गर्न लगाउनुहोस् ।

लय मिलाएर गाउनुहोस् :

घरै विद्यालय

हजुरबुबा जीवनको बाटो देखाउने
हजुरआमा तोतेबोली बोल्न सिकाउने
भन्नुहुन्छ बुबा सधैँ राम्रो पढ्नु पर्छ
भन्नुहुन्छ आमा सधैँ अघि बढ्नु पर्छ ।

दाजुदिदी काकाकाकी मायाका हुन् खानी
तिनैबाट ज्ञान लिई बन्नुपर्छ ज्ञानी
बुढापाका किताब हुन् ज्ञान दिने राम्रो
नातागोता शिक्षक हुन् ख्याल गर्ने हाम्रो ।

छोराछोरी भान्जाभान्जी विद्यार्थी हुन् प्यारा
परम्परा संस्कृतिमा ज्ञान हुन्छ सारा
आफ्नै घरबाट राम्रो बानी सिक्न सके
घरै हाम्रो विद्यालय ज्ञान झिक्न सके ।

२. 'घरै विद्यालय' कवितामा प्रयोग भएका मुख्य शब्दलाई कापीमा लेख्न लगाउनुहोस् ।

## क्रियाकलाप २

(क) विद्यार्थीलाई पाठ्यकार्यपुस्तकको सम्बन्धित पृष्ठको क्रियाकलाप दुईमा दिइएका खोलानाला, डाँडापारि, गाउँबेँसी, भिरपाखा, गाउँपाखा जस्ता शब्दका बारेमा छलफल गराउनुहोस् । छलफलका शब्दपत्ती प्रदर्शन गर्नुहोस् ।


(ख) विद्यार्थीलाईखोलानाला, डाँडापारि, गाउँबेँसी, भिरपाखा र गाउँपाखा शब्द उच्चारण गर्न लगाउनुहोस् ।

(ग) विद्यार्थीहरूको समूह बनाई शब्दहरू बाँडिदिनुहोस् । विद्यार्थीहरूले प्रदर्शन गरेका शब्लहरूछुट्याएर अलग अलग शब्द बनाउने खेल खेलाउनुहोस् । विद्यार्थीलाई सिकाइको प्रशस्त अवसर दिनुहोस् ।

(घ) विद्यार्थीलाई शब्द शब्द छुट्याएर लेख्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तककोपृ.स. १३१ को क्रियाकलाप २लेख्न लगाई मूल्याङ्कन गर्नुहोस् ।




शब्द छुट्याएर लेख्नुहोस् :

## क्रियाकलाप ३

(क) विद्यार्थीसँग पाठमा प्रयुक्त चित्रका बारेमा प्रश्नोत्तर र छलफल गर्नुहोस् । छलफलसँगै शिक्षकले तयार गरेको चित्रपत्ती देखाउनुहोस् । चित्र वर्णन गर्दा रातो, कालो, पहेँलो र होली शब्द प्रयोग गर्नुहोस् ।

(ख) सिकाइ सहजीकरणका क्रममा निम्नानुसारका प्रश्नका आधारमा विद्यार्थीलाई सिकाइ र अभिव्यक्तिको अवसर प्रदान गर्नुहोस् :

(अ) चित्रमा के के छन् ?                (आ) चित्रमा देखिएका मान्छेले के गरिरहेका होलान् ?

(इ) तपाइँहरूले होली खेल्नुभएको छ ? (उ) मान्छेको अगाडि बाटा किन राखिएको होला ?

(ग) पाठमा प्रयोग भएका चित्रसँग मिल्दाजुल्दा समूह वा पारिवारिक वातावरण देखिने चित्र वा पोस्टर प्रदर्शन गरी सिकाइको थप अवसर प्रदानगर्नुहोस् । यस क्रममा शब्द, चित्रपत्तीको प्रयोग र शब्दबोध गर्ने अवसर पनि प्रदान गर्नुहोस् ।सिकाइका क्रममा शिक्षकले आंशिक सहयोग गर्दै जानुहोस् ।

(घ) अनुमान, पूर्वानुमान गर्न लगाएर चित्र वर्णन गराउनुहोस् । यस क्रममा सामान्य वाक्य गठन, पदसङ्गति मिले नमिलेकोसम्बन्धमा विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १३२ को क्रियाकलाप ३ को चित्र वर्णन गर्न लगाउनुहोस् ।

चित्रमा के गरिरहेका होलान्, अनुमान गररे भन्नुहोस् :



**क्रियाकलाप ४**



(क) शिक्षकले तयार पारेका शब्दपत्ती प्रदर्शन गरी उच्चारण गर्न लगाउनुहोस् ।


(ख) दिइएका पिनह्विलमा भएका शब्द जोडीको उच्चारण गर्दा समस्या भएमा साथीले गरेको उच्चारण सुन्न लगाउनुहोस् । साथीले गरेजस्तै गरी शब्दको उच्चारण गर्न लगाउनुहोस् ।

(ग) यसरी एक जनाले शब्द पढ्दा अर्को साथीलाई समय हेर्न लगाउनुहोस् ।शब्द पढ्न कति समय लाग्यो, समय टिपोट गर्न लगाउनुहोस् । यो अभ्यास कक्षाका सम्पूर्ण विद्यार्थीलाई गराउनुहोस् । विद्यार्थीलाई स्वयम् सिकाइको प्रशस्त अवसर दिनुहोस् ।

(घ) विद्यार्थीलाई शब्दको उच्चारणमा समस्या भएमा र पात र पाखा शब्दसँग शब्द जोडर नयाँ शब्द बनाउन शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १३२ को क्रियाकलाप ४ गर्न लगाएर परीक्षण गर्नुहोस् ।




शब्द शब्द जोडी कापीमा लेख्नुहोस् र पढ्नुहोस् :

## क्रियाकलाप ५

(क) विद्यार्थीलाई दिइएको अभ्यासमा प्रयोग भएकापरिवार, शरीर र सरसामानसँग सम्बन्धित शब्दहरू पहिचान गरी लेख्न उत्प्रेरित गर्नुहोस्, जस्तै :

| क्र.स. | पारिवारिक शब्द | शरीर बुझाउने शब्द | सरसामान |
|---|---|---|---|
| १. | दाजुभाइ | हातमुख | थालकचौरा |
| २. | आमाबुबा | नाककान | बालामुन्द्री |
| ३ | दिदीबहिनी | हातखुट्टा | थालकचौरा |

(ख) विद्यार्थीले लेखेका शब्दलाईउच्चारण गर्न लगाउनुहोस् ।

(ग) यसरी शब्द पहिचान गरी लेख्न गर्ने क्रममा परिवार, शरीर र सरसामानसँग सम्बन्धित शब्दहरूको छुट्टाछुट्टै तालिका बनाई लेख्न लगाउनुहोस् । दौँतरी सिकाइको अवसर प्रदान गर्नुहोस् ।

(घ) विद्यार्थीलाई शब्दको उच्चारणमा समस्या भएमा र समूह मिलाएर शब्द टिपोट गर्न समस्या भएमाशिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् । आवश्यकताअनुसार थप क्रियाकलाप गराउनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १३२ को क्रियाकलाप ५ लेख्न लगाएर परीक्षण गर्नुहोस् ।

तलको जस्तै तालिका बनाई त्यसमा पर्ने शब्द कापीमा लेख्नुहोस् :

आमाबुबा, दिदीभाइ, दाजुभाइ, दिदीबहिनी, आमाछोरी, बाबुछोरा, हातखुट्टा, नङमासु, हातमुख, नाककान, कापीकिताब, चुरापोते, बालामुन्द्री, भाँडावर्तन, काँटाचम्चा, डाडुपनिउँ, थालकचौरा, सियोधागो, मन्जनबुरुस

| परिवार | शरीरका अङ्ग | सरसामान |
|---|---|---|
| आमाबुबा | हातखुट्टा | कापीकिताब |

## क्रियाकलाप ६



(क) विद्यार्थीलाई पन्चेबाजा पाठको चित्र प्रदर्शन गरीछलफल गराउनुहोस् । विद्यार्थीलाई पालैपालो हेमा र गुरुआमाको कुराकानीलाई   दाजु र बहिनी बनेर कुराकानी गर्न लगाउनुहोस् ।

(ख) शिक्षकले 'पन्चेबाजा'संवादलाई नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् । सस्वरवाचन गर्दा शब्द, वाक्य र अनुच्छेद देखाउँदै पढेर सुनाउनुहोस् । पढेर सुनाउँदा आरोह अवरोह र गति,यतिलाई ध्यान दिएर सुनाउनुहोस् ।

(ग) कक्षाका विद्यार्थीसँग मिलेर कुराकानीलाई सस्वरवाचन गरी सुनाउनुहोस् । यस क्रममा सम्भव भएसम्म श्रव्य सामग्री तथा मल्टिमिडियाको उपयोग पनि गर्नुहोस् । मल्टिमिडियाको उपयोग गर्दाबालबालिकाको स्वरमा रेकर्ड गराई कक्षामा सुनाउनुहोस् ।

(घ) विद्यार्थीलाई 'पन्चेबाजा' पाठमा भएका हेमाका ठाउँमा दाजु र गुरुआमाका ठाउँमा बहिनी बनाई लेख्न लगाउनुहोस् । दौँतरी सिकाइका माध्यमबाट थप सिकाइको अवसर दिनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १३२ को क्रियाकलाप ६ 'पन्चेबाजा' संवाद दाजु र बहिनी बनाई लेख्न लगाउनुहोस् ।

पालैपालो पढ्नुहोस् :

पन्चेबाजा

(गुरुआमा र हेमा घरबाट विद्यालयतिर जाँदै छन् ।)

हेमा : नमस्कार ! गुरुआमा ।

गुरुआमा : नमस्कार ! तिमी हिजो किन विद्यालय नआएकी हेमा ?

हेमा : हिजो मामाका छोराको बिहेमा गएकी थिएँ । त्यसैले विद्यालय आउन सकिनँ, गुरुआमा !

गुरुआमा : बिहेमा त सा1/4 रमाइलो भयो होला है ?

हेमा : हो गुरुआमा सा1/4 रमाइलो भयो । पन्चेबाजाको तालमा सबै जना नाच्यौं ।

गुरुआमा : तिमीलाई पन्चेबाजाका बारेमा जानकारी थियो त ?

हेमा : पन्चेबाजाका बारेमा सुनेकी त थिएँ । हिजो देख्ने अवसर पनि पाएँ, गुरुआमा ! हिजो बुबाले यसका बारेमा मलाई धेरै कुरा बताउनुभयो ।

गुरुआमा : ती बाजालाई किन पन्चेबाजा भनिएको रहेछ त ?

हेमा : पाँचओटा बाजाहरूलाई एकै पटक बजाइने भएकाले पन्चेबाजा भनिएको रहेछ ।

गुरुआमा : ती बाजाहरूमा कुन कुन बाजा पर्दा रहेछन् त ?

हेमा : दमाहा, झ्याली, ट्याम्को, ढोलक र सहनाई पर्दा रहेछन् । यी बाजा धार्मिक कार्यमा पनि बजाउने चलन छ रे ।

गुरुआमा : हो त, पन्चेबाजा विवाह, व्रतबन्ध, चाडबाड, जात्रा र रोपाइँ जस्ता अवसरमा पनि बजाउने गरिन्छ । पन्चेबाजा हाम्रो संस्कृतिसँग सम्बन्धित भएकाले यसको संरक्षण गर्नु आवश्यक छ ।

## क्रियाकलाप ७

(क) विद्यार्थीलाई चार समूहमा विभाजन गरी छलफल गराउनुहोस् । छलफलका क्रममा शब्दचार्ट वितरण गर्नुहोस् :

समूह (अ) वनपाखा घासपात झारपात आमाबुबा

समूह (आ) काकाकाकी भिरपाखा पतिपत्नी आमाबुबा

समूह (इ) गोलभेँडा मेचीकाली आलुप्याज काँडाफर्सी

समूह (ई) बाख्रापालन पशुपालन माछापालन गाउँबेँसी

(ख) शिक्षकले प्रत्येक समूहलाई उस्तै प्रकृति र क्षेत्रका तथा समूहमा नमिल्नेशब्द पहिचान गर्न लगाउनुहोस् । यस्ता शब्दको पटक पटक उच्चारण अभ्यास गराउनुहोस् । विद्यार्थीले भनेका सही उत्तर शैक्षणिक पाटीमा टिप्नुहोस् ।

(ग) छलफलबाट प्राप्त शब्द टिपोट गर्दा समूह (अ) मा आमाबुबा, समूह (आ) मा भिरपाखा, समूह (इ) मा मेचीकाली र समूह (ई) मा गाउँबेँसी अरूभन्दा फरक रहेको भन्ने उत्तर विद्यार्थीका उत्तरको अपेक्षा गर्नुहोस् । दौँतरी सिकाइको अवसर दिनुहोस् ।विद्यार्थीको धारणा स्पष्ट नभएसम्म कार्याकलाप सञ्चालन गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १३३ को क्रियाकलाप ७ गराएर मूल्याङ्कन गर्नुहोस् ।

समूहमा नमिल्ने शब्द चिनेर पढ्नुहोस् र घेरा लगाउनुहोस् :

| | | | |
|---|---|---|---|
| (क) वनपाखा | घाँसपात | झारपात | आमाबुबा |
| (ख) काकाकाकी | भिरपाखा | पतिपत्नी | बुबाआमा |
| (ग) गोलभेँडा | मेचीकाली | आलुप्याज | काँङ्गाफर्सी |
| (घ) बाख्रापालन | ञपशुपालन | माछापालन | गाउँबेँसी |

## क्रियाकलाप ८

(क) विद्यार्थीलाई उनीहरूको जाति र चाडपर्वबारे छलफल गराउनुहोस् । छलफलपछि विभिन्न जाति र उनीहरूले मनाउने पर्वको चार्ट प्रदर्शन गर्न लगाउनुहोस् ।

(ख) पर्वको चार्ट हेरेपछि जाति र चाडपर्वमा भएका शब्दको उच्चारण अभ्यास गराउनुहोस् । सिकाइका क्रममा शिक्षकले आंशिक सहयोग गर्दै जानुहोस् ।

(ग) पाठ्यपुस्तकको अभ्यास निम्नानुसार जोडा मिलाउन लगाउनुहोस् :

| जाति | पर्व |
| --- | --- |
| बाहुन/छेत्री | जनैपूर्णिमा |
| थारू | माघी |
| मियाँ/खान | इद |
| शाक्य | गाईजात्रा |
| झा/यादव | छठ |

(घ) निर्दिष्ट जोडा मिलाउने अभ्यास सहज तरिकाले गर्न नसकेसम्मअभ्यास गराउनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १३२ को क्रियाकलाप ८ जोडा मिलाउने क्रियाकलाप गराएर परीक्षण गर्नुहोस् ।

जोडा मिलाउनुहोस् :

| | |
| --- | --- |
| जाति | चाडपर्व |
| श्रेष्ठ | छठ |
| तामाङ | इद |
| थारू | जनैपूर्णिमा |
| झा/यादव | गाईजात्रा |
| मियाँ/खान | ल्होसार |
| बाहुन/क्षेत्री | माघी |

**क्रियाकलाप ९** 

(क) शिक्षकले पूर्णविराम, प्रश्नवाचक र उद्गार चिह्न प्रयोग वाक्य प्रदर्शन गरी विद्यार्थीसँग छलफल गर्नुहोस् ।

(ख) शिक्षकले प्रस्तुत गरेका नमुना वाक्यपत्तीहरू उच्चारण गर्न लगाउनुहोस् । चिह्नको प्रयोगअनुसार वाक्य उच्चारण गर्न सहजीकरण गर्नुहोस् ।

(ग) पूर्णविराम, प्रश्नवाचक र उद्गार चिह्नको प्रयोग कस्ता कस्ता वाक्यमा गर्न सकिन्छ भन्ने कुरा विद्यार्थीलाई स्पष्ट पार्नुहोस् ।

(घ) एउटा वाक्य लेखेर उपयुक्त चिह्न भर्ने अभ्यास गराउनुहोस् ।

(ङ) शिक्षकको सहयोगबाट विद्यार्थीलाई खाली ठाउँमा उपयुक्त चिह्न भर्न लगाई कथा पूरा गर्न लगाउनुहोस् । समस्या भए थप सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १३४ को क्रियाकलाप ९ गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

सही चिह्न राखी कथा पूरा गर्नुहोस् :

। , ! “ ” ?

घमन्ड

खैरेनी खोलामा साँघु थियो । त्यही साँघुबाट गाई ..... गोरु, घोडा जस्ता प्राणी खोला तर्थे । एक दिन साँघु तर्ने क्रममा साँघुका बिचमा भेडा र बाखाको भेट भयो ..... बाखाले भेडालाई भन्यो, ..... तिमी साना छौ, फर्केर पारि जाऊ । ..... भेडाले बाखाको कुरा मानेन । “म किन फर्कने ..... बरु तँ नै फर्केर पारि जा ..... ”, भेडाले बाखालाई उल्टै झपाऱ्यो । यसपछि दुवै हानाहान गर्न थाले । ऐया ! आत्था ..... गर्दै जुधिरहे । जुध्दाजुध्दै केहीबेरमा भेडा र बाखा

## क्रियाकलाप १०

(क) शिक्षकले वृक्षचित्रमामातापिता, खातापाता, भिरपाखा, वनपाखा.. जस्ता शब्दका शब्दपत्ती प्रदर्शन गरी छलफल गराउनुहोस् । दिइएका समस्त शब्दको उपयुक्त गतिमा शुद्धताका साथ आंशिक संरचना मिल्ने शब्द जस्तै : मातापिता, खातापाता पटक पटक पढ्ने अवसर प्रदान गर्नुहोस् । यसरी पठन अभ्यास गराउँदा दौँतरी समूहमा पढ्ने वातावरण बनाउनुहोस् ।

(ख) विद्यार्थीलाई पढ्न समस्या भएमा पठन क्षमता राम्रो भएकोविद्यार्थीलाई पालैपालो उक्त शब्दपढ्न लगाउनुहोस् ।

(ग) विद्यार्थी शब्दपत्ती पढ्दा शिक्षकले घडी हेर्नुहोस् । कुनविद्यार्थीले छिटो वा ढिलो पढे, टिपोट गर्नुहोस् ।

(घ) पठन गति छिटो हुने विद्यार्थीलाई स्याबासी दिनुहोस् । स्वयम् सिकाइको प्रशस्त अवसर दिनुहोस् । पठनमा अलमल हुने विद्यार्थी पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(ङ) विद्यार्थीको पठन गति वृद्धि गर्ने यस्ता खालका अभ्यासका लागि शिक्षकले कार्यपत्ती बनाई वितरण गरेर प्रशस्त अभ्यास गराउनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १३४ को क्रियाकलाप १०गर्न लगाई मूल्याङ्कन गर्नुहोस्।

छिटो छिटो पढ्नुहोस् :




## क्रियाकलाप ११

(क) पाठमा प्रयुक्त क्रियापद शब्द प्रदर्शन गरेर विद्यार्थीलाई उच्चारण गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीलाई पदसङ्गतिका बारेमा जानकारी गराएर वाक्य निर्माण गर्न सहजीकरण गर्नुहोस् ।

(ग) शिक्षकले पाठमा प्रयुक्त वाक्य शैक्षणिक पाटीमा लेख्नुहोस् र विद्यार्थीलाई पढ्न लगाउनुहोस् । विद्यार्थीसँग वाक्यका बारेमा प्रश्नोत्तर गर्नुहोस् । के यो वाक्य पूरा छ ? हिट एन्ड ट्रायल विधिबाट क्रियापद (किन्लिन्, किन्नुहुने छ) राखेर उपयुक्त वाक्य बनाउन लगाउनुहोस् ।

| | | |
|---|---|---|
| जस्तै : | आमाले फलफूल किन्लिन्। | मिलेन |
| | आमाले फलफूल किन्नुहुने छ। | मिल्यो |

(घ) यस विधिबाट वाक्य पूरा गर्न लगाउँदा विद्यार्थीमा आत्मविश्वास बढ्ने छ । यसरी नै विद्यार्थीलाई स्वयम् सिकाइको अवसर दिँदै जानुहोस् ।

(ङ) यसैगरी बाँकी वाक्य पूरा गर्न लगाउनुहोस् । खाली ठाउँमा उपयुक्त शब्दावली भरेमा स्याबासी दिनुहोस् । खाली ठाउँ भर्न अलमल हुने विद्यार्थी पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १३५ को क्रियाकलाप ११गर्न लगाई मूल्याङ्कन गर्नुहोस्।

खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् :

| | |
|---|---|
| (क) आमाले फलफूल .................................. । | (किन्लिन्, किन्नुहुने छ) |
| (ख) भाइले पेडा ......................................... । | (खाने छ, खानुहुने छ) |
| (ग) हजुरआमाले घाम ................................। | (ताप्ली, ताप्नुहुने छ) |
| (घ) दिदी विद्यालय ................................ । | (जानुहुने छ, जालिस्) |

## क्रियाकलाप १२

(क) विद्यार्थीलाई 'तपाइँ भए के गर्नुहुन्थ्यो?' अनुच्छेद पढ्न लगाउनुहोस् । पालैपालो उत्तर भन्न लगाउनुहोस् । विद्यार्थीका उत्तरको स्तरलाई ध्यान दिनुहोस् ।

(ख) मामाघर जाँदा र मामाघर पुगेपछि के के गर्नुहुन्छ ? पाठको 'म पात्र' भएको भएमामाले पसलबाट झिकेर नयाँ कलम दिनुभयो भने पैसा तिर्नुहुन्छ ? जस्ता प्रश्नको उत्तर भन्न लगाउनुहोस् ।विद्यार्थीलाई स्वयम् सिकाइको अवसर दिनुहोस् ।

(ग) साथी साथीबिच छलफल गर्न लगाएर आआफ्ना विचार भन्न लगाउनुहोस् । बोल्न लजाउने विद्यार्थीका लागि थप उत्प्रेरणा प्रदान गर्दै आवश्यक सहजीकरणगर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १३५ को क्रियाकलाप १२गर्न लगाएर परीक्षण गर्नुहोस् ।

तपाइँ भए के गर्नुहुन्थ्यो, भन्नुहोस् :

म आमासँग बस चढेर मामाघर गएँ । बसमा बस्ने सिट खाली थिएन । आमाले उभिएर माथिको डन्डी समाउनुभयो । म आमाको नजिकै उभिएँ । हामीलाई गर्मी भयो । मैले हातमा लगाएको पन्जा खोलेँ । चालक दाइले पङ्खा चलाइदिनुभयो । गाडी गुड्दा यता र उता हल्लायो । म सुटुक्क चालक दाइको छेउमा गएँ । उहाँले मलाई बस्ने सिट मिलाइदिनुभयो । बल्लबल्ल मामाघर पुगियो । मामा त पसलमा हुनुहुँदो रहेछ । उहाँले किताब र कापी बिक्री गर्नुभयो । मलाई राम्रो कलम दिनुभयो । अब मैले पैसा दिनुपर्ला कि नपर्ला ?

## क्रियाकलाप १३

(क) पाठमा प्रयुक्त चित्र प्रदर्शन गर्नुहोस् । चित्रमा के के भएको देखिन्छ, छलफल गर्नुहोस् ।

(ख) विद्यार्थीलाई शब्दपत्ती प्रदर्शन गरेर पालोपालो उच्चारण गर्न लगाउनुहोस् । त्यसपछि शब्दपत्तीका शब्दलाई छुट्याएर र जोडेर लेख्ने अभ्यास गराउनुहोस् । जस्तै : गोलभेडा   गोल भेडा ।

(ग) विद्यार्थीलाई 'माघीको रमाइलो' रेकर्ड गरिएको पाठ सुनाउनुहोस् । विद्यार्थीले चित्र वर्णन गर्दा भनेका कुरा र मोबाइलमा सुनेका कुरा के के मिले, छलफल गर्नुहोस् ।

(घ) शिक्षकले कार्यपुस्तकमा भएको 'माघीको रमाइलो' पाठ सस्वरवाचन गरी सुनाउनुहोस् । त्यसपछि विद्यार्थीलाई पनि पाठकोअनुवाचन तथा सहवाचन गर्न लगाउनुहोस् ।

(ङ) पाठ वाचनका क्रममा विद्यार्थीलाई उच्चारण गर्न कठिनाइ भएका शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् । रेखाङ्कन गरिएका शब्द जनाउने चित्र वा ठोस वस्तु प्रदर्शन गर्दै उच्चारण अभ्यास गराउनुहोस् ।

(च) शिक्षकले पाठगत प्रश्नको उत्तर खोज्ने तरिकाबारे छलफल गर्नुहोस् । पाठ पढिसकेपछि कुनै एउटा 'के को' प्रश्नसँग सम्बन्धित उत्तर बताइदिनुहोस् । सिकाइ सहजीकरणका क्रममा शिक्षकले आंशिक सहयोग गर्दै जानुहोस् ।

(छ) प्रश्नका उत्तर पाठमा पहिचान गर्न लगाउनुहोस् र प्रश्नोत्तर गर्न सहजीकरण गर्नुहोस् ।

### मूल्याङ्कन

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १३५ को 'माघीको रमाइलो पाठ पढेर प्रश्नको उत्तर लेख्न लगाउनुहोस् ।

पढ्नुहोस् र लेख्नुहोस् :

माघीको रमाइलो

आज पुस महिनाको अन्तिम दिन हो । भोलि हामी सबै जना मिलेर माघी मनाउँछौं । आज बिहान म आमासँग नजिकको बजार गएँ । आमाले गोलभेडा, आलु र प्याज किन्नुभयो । हामी अर्को पसल पुग्यौं । त्यहाँ हामीले घिउतेल, काङ्गा, फर्सी र फलफूल किन्यौं । सागपात पनि किन्यौं । यसपाली अन्नबाली राम्रो नभएकाले अन्नपात पनि किन्नुपर्‍यो ।

घर फर्केपछि आमाले ढिकरी बनाउनुभयो । बुबाले माछा र मासु पनि ल्याउनुभयो । आज हामी सखियै हो भन्ने घमार गाउँछौं । हाम्रो संस्कृतिमा मघौटा नाच निकै लोकप्रिय छ । खाना खाएर रातभरजसो हामी नाचगान गर्छौं ।

माघे सङ्क्रान्तिका दिन खोलामा नुहाउने चलन छ । यसलाई हामी माघ लहान भन्छौं । यस दिन दाल, चामल र नुन छोएर ठुलालाई ढोग गर्नुपर्छ । यस दिन मिठो परिकार खाने चलन छ । हामी यस दिनलाई खिचरहवा भन्छौं । हामी खिचडी खाएर रमाउँछौ । यस

दिन चेलीबेटीलाई दाल, चामल र पैसा उपहार दिइन्छ । यसलाई हामी निसराउ भन्छौं । यस दिन आगामा तिल हालेर ताप्ने चलन पनि छ ।

माघी नुहाएर दालचामल छोएपछि आशीर्वाद लिने चलन छ । यसलाई हामी सेवा सलाम लगना भन्छौं । हामी गाउँभरि गएर मान्यजनलाई सेवाढोग गर्छौं । माघी आफन्तबिच सम्बन्ध राम्रो पार्ने चाड हो ।

(क) माघी कहिले मनाइन्छ ? ....................................................................................

(ख) थारु समुदायमा माघी कसरी मनाइन्छ ? .......................................................................

(ग) तपाईं माघ १ गते के के गर्नुहुन्छ ? ..............................................................................

## क्रियाकलाप १४

(क) शिक्षकले अभ्याससँग सम्बन्धित भूतकालिक क्रियापदका शब्दपत्ती प्रदर्शन गरी छलफल गर्नुहोस् । विद्यार्थीसँग कुनै घटनासहित भूतकालीन क्रियापदबारे छलफल गर्नुहोस् ।

(ख) विद्यार्थीलाई दुई दुई जनाको समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई अनुच्छेदपत्ती वितरण गर्नुहोस् र साथीसँग छलफल गरी खाली ठाउँमाभूत कालको क्रियापद भर्न लगाउनुहोस् ।

(ग) प्रत्येक समूहलाई कथा पूरा गरेपछि कक्षा प्रस्तुतीकरण गर्न लगाउनुहोस् । समस्या भएका विद्यार्थीलाई शिक्षकले आंशिक सहयोग गर्दै सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १३६ को क्रियाकलाप १४ गराएर परीक्षण गर्नुहोस् ।

उपयुक्त क्रियापद राखी कथा पूरा गर्नुहोस् :

छमन मामासँग पोखरा ........................ । उनी डुङ्गा चढेर फेवाताल ........................ । फेवातालमा माछापुच्छ्रेको आकृति ........................ । छमन खुसी ........................ । तालवाराही मन्दिरमा लाइन बसेर पूजा ........................ । त्यहाँ भएका परेवालाई चामल आहारा ........................ । त्यहाँबाट उनीहरू सङ्ग्रहालय घुम्न ........................ । सङ्ग्रहालयमा धेरै कुरा ........................ । त्यसपछि उनी महेन्द्रगुफा हेर्न ........................ । गुफाभित्र बत्ती बालेर घुम्दा दङ्ग ...................... ।

## क्रियाकलाप १५

(क) शिक्षकले अनुलेखनका लागि तयार पारिएको अनुच्छेद चार्ट प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई पटक पटक सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ख) सस्वरवाचनपछि शिक्षकले विद्यार्थीलाई पृ.स. १३६ क्रियाकलाप १५ जस्ताको तस्तै सार्ने अनुलेखनको अभ्यास गराउनुहोस् । लेखन प्रक्रियाका चरणहरूको अनुसरण गर्न लगाउनुहोस्, जस्तै :

(अ) सिसाकलम र सम्बन्धित अनुच्छेद दिनुहोस् ।

(आ) विद्यार्थीलाई कापीको हारमा डिका सिधा दिएर अक्षरको आकार सिधा र बान्की मिलाएर लेख्न सिकाउनुहोस् ।

(इ) विद्यार्थीलाई शुद्ध, सफा र बान्की मिलाएर लेख्न सिकाउनुहोस् ।

(ई) विद्यार्थीलाई पाठ्यपुस्तकमा भएको अनुच्छेदको अनुच्छेदपत्ती देखाउनुहोस् । त्यहाँ भएकावाक्य उच्चारण गर्ने अभ्यास गराउनुहोस् । विद्यार्थीलाई स्वयम् सिकाइको अवसर दिनुहोस् ।


(ग) पाठ्यपुस्तकका अतिरिक्त थप अभ्यासका लागि अनुच्छेदको कार्यपत्ती बनाएर विद्यार्थीलाई अनुलेखनको प्रशस्त अभ्यास गराउनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १३६ को क्रियाकलाप १५ को अनुलेखन शुद्ध, सफा र बान्की मिले नमिलेकोमूल्याङ्कन गर्नुहोस् ।

जस्ताको त्यस्तै कापीमा सार्नुहोस् :

तिब्बती पात्रोअनुसार नयाँ वर्षको पहिलो दिनलाई ल्होसार भनिन्छ । यो दिनलाई विशेष पर्वका रूपमा मनाउने गरिन्छ । प्रायः हिमाली प्रदेशमा बस्ने जातजातिहरूले प्रत्येक वर्ष उत्साहका साथ यो पर्व मनाउँछन् । शेर्पा, गुरुङ, तामाङ, थकाली, मगर र अन्य जातिले मनाउने पर्व ल्होसार हो । नेपालमा तमु, सोनाम र ग्याल्बो ल्होसार मनाउने गरिन्छ । तिब्बती पात्रोअनुसार पशुबाट वर्षको गणना हुन्छ । प्रत्येक बाह्रै वर्षमा यो क्रम दोहोरिन्छ । त्यसैले कहिले मुसा वर्ष त कहिले गाई वर्ष भनेर ल्होसार मनाइन्छ । सुँगुर, बाँदर, मुसा, गाई, बाघ, बिरालो, गरुड, घोडा, भेडा, सर्प, चरा र कुकुरका नामबाट नयाँ वर्ष प्रारम्भ हुन्छ ।

## क्रियाकलाप १६ 

(क) शिक्षकले विभिन्न चाडपर्वसँग सम्बन्धित चित्र प्रदर्शन गर्नुहोस् । कुन पर्व मन पर्छ ?चाडपर्व किन मनपर्छ ?भनेर छलफल गर्नुहोस् ।

(क) विद्यार्थीको उत्तर समान नहुन सक्छ । सबै खाले उत्तरलाई सम्मान गर्नुहोस् । यसका लागि शिक्षकले

एउटा अनुना अनुच्छेद चार्ट बनाएर प्रस्तुत गर्नुहोस्, जस्तै :

थारू जातिको प्रमुख चाड माघी हो । माघे सङ्क्रान्तिलाई थारू जातिले माघी भन्दछन् । उनीहरू माघीलाई नयाँ वर्षका रूपमा मनाउँछन् । माघीका दिन खोला, पोखरी, तलाउमा गई नुवाइधुवाइ गरिन्छ । यसलाई 'माघ लहान' भनिन्छ । नुहाइसकेपछि घर गएर दाल, चामल र नुन छोएर आफूभन्दा ठुलालाई ढोग गरी आशीर्वाद लिइन्छ । यस दिन तिलको आगो ताप्ने चलन पनि छ । यसो गर्दा वर्षभरि गरिएका पाप पखालिन्छ भन्ने विश्वास छ । राति घरमा मुढा बालेर धुनी जगाउँछन् ।'सखियै हो माघीक पिली गुरी जाँर' गीत गाउँदै नाचगान गरिन्छ । माघीमा नाचिने नाचलाई मघौटा भनिन्छ । यस पर्वमा खाइने मुख्य खानेकुरामा खिचडी, माछामासु आदि पर्छन् । माघ १ गतेबाट सुरु हुने यो पर्व पाँचौँ दिनसम्म लगातार चल्दछ । अन्तिम दिनमा भोज गरेर माघी समापन हुन्छ । यो पर्व अरू जातिले पनि मनाउँछन् ।

(ख) विद्यार्थीलाई व्यक्तिगत रूपमा आफूलाई मनपर्ने चाडपर्वका बारेमा एक अनुच्छेद लेख्न लगाउनुहोस् । अनुच्छेद लेखनका क्रममा विद्यार्थीलाई स्वयम् सिकाइको प्रशस्त अवसर दिनुहोस् ।

(ग) उनीहरूले लेखेका अनुच्छेदलाई कक्षा प्रस्तुतीकरण गर्न लगाउनुहोस् । आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १३६ को क्रियाकलाप १६ गर्न लगाएर परीक्षण गर्नुहोस् ।

**तपाई‘‘लाई मन पर्ने चाडपर्वका बारेमा एक अनुच्छेद कापीमा लेखी सुनाउनुहोस् ।**

# पाठ १७








## (क) सिकाइ सहजीकरण योजना

| क्र. स . | विषयवस्तु | व्यवहारकुशल सिप | अनुमानित घन्टी | पाठ्य तथा पाठ्यपुस्तकको सम्बन्धित पृष्ठसङ्ख्या |
|---|---|---|---|---|
| १. | दुईओटा शब्द जोडेर सिङ्गो शब्द निर्माण | • प्रयोग सिप (S1.1)<br>• निर्णय तथा समस्या समाधान सिप (S1.5)<br>• सञ्चार सिप (S3.1)<br>• सहकार्य सिप (S3.2)<br>• दृश्य साक्षरता सिप (S4.3)<br>• बहुसांस्कृतिक साक्षरता (S4.5) | ७ | पृष्ठ १३७ देखि १४४ |
| २. | विषयक्षेत्रगत मूल्याङ्कन | | १ | पृष्ठ १४५, १४६ |

## (ख) सिकाइ क्रियाकलापका आधार

यस पाठको सिकाइ सहजीकरण गर्नुपूर्व निम्नानुसारको पूर्वतयारी गर्नुहोस् :

| पठन तत्त्व | क्रियाकलापको आधार | क्रियाकलापको सङ्केत र क्रम | सिकाइ सामग्री |
|---|---|---|---|
| १. ध्वनि सचेतीकरण | शिक्षकको पूर्ण सहयोग |  १ | १. शब्दपत्ती (सुखदुःख, जन्ममृत्यु, मातृस्नेह ...)<br>२. चित्रपत्ती<br>३. श्रव्य वा श्रव्यदृश्य सामग्री (मोबाइल वा अन्य कुनै माध्यमबाट रेकर्ड गरिएको गीत वा कविता) |
| २. दृश्यबोध | शिक्षकको आंशिक सहयोग |  २ | १. शब्दचित्रपत्ती |
| ३. लेख्यवर्ण सचेतीकरण | स्वयम् सिकाइ |  ३ | १.शब्दपत्ती<br>(नाच, गान, लोक, गीत, चाड, पर्व, जन्म, मृत्यु, जन्म, दिन, पूजा, पाठ, पुष्प, गुच्छा, जन्म, स्थान) |
| ४. शब्दभण्डार | दौँतरी सिकाइ |  ४ | १.शब्दपत्ती<br>(यताउता, मनतातो, रातदिन, हिजोआज, जसोतसो, हरदिन, बिनाकाम, चुलोचौका, |

| | | | |
|---|---|---|---|
| | | | यमराज) |
| ५. श्रुतिबोध | **शिक्षकको पूर्ण सहयोग** |  ५ | १. शब्दपत्ती<br>२. श्रव्य वा श्रव्यदृश्य सामग्री (मोबाइल वा अन्य<br>कुनै माध्यमबाट रेकर्ड गरिएको पाठ)<br>३. प्रश्नोत्तरपत्ती |
| ६.लेख्यवर्ण सचेती करण | **स्वयम् सिकाइ** |  ६ | १. पिनह्विल शब्दपत्ती |
| ७. श्रुतिबोध | **शिक्षकको आंशिक सहयोग** |  ७ | १. शब्दपत्ती, चित्रपत्ती<br>२. सूचना पाठको नमुना |
| ८. शब्दभण्डार | **शिक्षकको आंशिक सहयोग** |  ८ | १.शब्दपत्ती<br>२. वाक्यपत्ती |
| ९. पठन प्रवाह | **दौँतरी सिकाइ** |  ९ | १. शब्दपत्ती<br>(चिसोपानी, तातोपानी, घामपानी, रुगाखोकी)<br>२. वाक्यपत्ती<br>३. अनुच्छेद चार्ट |
| १०. कार्यमूलक व्याकरण | **शिक्षकको पूर्ण सहयोग** |  १० | १. शब्दपत्ती<br>२. वाक्यपत्ती |
| ११. दृश्यबोध | **शिक्षकको आंशिक सहयोग** |  ११ | १. शब्दपत्ती<br>२. चित्रपत्ती |
| १२. पठनबोध | **शिक्षकको आंशिक सहयोग** |  १२ | १. शब्दपत्ती<br>(झाडापखाला,साबुनपानी,खानेकुरा,सरसफाइ)<br>२. वाक्यपत्ती<br>३. प्रश्नोत्तरपत्ती |
| १३. कार्यमूलक व्याकरण | **शिक्षकको पूर्ण सहयोग** |  १३ | १. वाक्यपत्ती |
| १४. कार्यमूलक व्याकरण | **स्वयम् सिकाइ** |  १४ | १. शब्दपत्ती<br>२. वाक्यपत्ती |
| १५. लेखाइ | **स्वयम् सिकाइ** |  १५ | १. अनुच्छेद चार्ट |
| १६. लेखाइ | **शिक्षकको आंशिक सहयोग** |  १६ | १. शब्दपत्ती<br>२.भित्तेपात्रोको नमुना |
| १७. लेखाइ | **स्वयम् सिकाइ** |  १७ | १. अनुच्छेदपत्ती |

(ग) सिकाइ क्रियाकलाप

**क्रियाकलाप १**

(क) विद्यार्थीलाई 'हाम्रो सम्पत्ति' पाठमा भएका चित्र प्रदर्शन गरी चित्र वर्णन गराउनुहोस् ।

(ख) शिक्षकले तयार पारेका शब्दहरूप्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई ती शब्द उच्चारण गर्न लगाउनुहोस् ।

(ग) कवितापत्तीप्रदर्शन गर्नुहोस् । शिक्षकले गति, यति, लय र हाउभाउसहित गाएर सुनाउनुहोस् । त्यसपछि विद्यार्थीसँगै गाउनुहोस् । लयबद्ध वाचनमा समस्या भएका विद्यार्थीलाई उपयुक्त चिह्न, सङ्केत र क्रियाकलापको उपयोग गरी थप सिकाइको अवसर प्रदान गर्नुहोस् । यस क्रममा क्रमिक सिकाइ रणनीति (शिक्षकले गरेर देखाउने, शिक्षक र विद्यार्थीले सँगसँगै गर्ने, विद्यार्थी विद्यार्थीसँगै अभ्यास गर्ने र विद्यार्थीलाई व्यक्तिगत रूपमा गर्न लगाउने) उपयोग गर्नुहोस् ।

(घ) कविता वाचन गर्दा विद्यार्थीलाई ताली बजाएर उत्प्रेरणा गाउनुहोस् र सँगसँगै गाउनुहोस् ।

(ङ) कविता गाउँदा शिक्षकले प्रदर्शन गरेको शब्दपत्तीका शब्द 'हाम्रो सम्पत्ति' कवितामा खोजी शब्दमा रेखाङ्कन गर्न लगाउनुहोस् र रेखाङ्कित शब्द पुनः उच्चारण गर्नु लगाउनुहोस् ।

(च) कविता वाचनपश्चात् मन शान्त भए के मिल्छ ? कसरी स्वागत गर्छौं ? जस्ता प्रश्नोत्तर गरी पाठमा प्रयुक्त शब्द भन्ने र उच्चारण गर्ने अभ्यास गराउनुहोस् ।

(छ) ध्वनि सहजीकरणका क्रममा शिक्षकले पूर्ण सहयोग गर्नुहोस् ।

**मूल्याङ्कन**

१. विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १३७ को 'हाम्रो सम्पत्ति' कविता गति, यति र लय हालेर वाचन गर्न लगाउनुहोस् ।

लय मिलाएर गाउनुहोस् :

हाम्रो सम्पत्ति

- चक्रपाणि चालिसे

सुखदुःख पापपुण्य कहाँ पाइन्छ
जन्ममृत्यु बुझ्ने ज्ञानी जहाँ पाइन्छ
धनलक्ष्मी खोज्न थाले दुःख भेटिन्छ
मन शान्ति भए मात्र दुःख मेटिन्छ ।
    मातृस्नेह साथ भए घरै मन्दिर
    गुरुदेव ! भोगाइ हो जीवन सुन्दर
    जन्मदिन प्यारो हुन्छ चाडपर्व झैँ
    वर्ष बित्यो हर्ष छायो आज सबेरै ।
लोकगीत बनेको छ हाम्रो चिनारी
नाचगानसँगै आउँछ नयाँ बिहानी

शुभप्रभात भन्दै उठ्छौं जाँगर बोकेर
शुभरात्रि भन्दै सुत्छौं भोलि सोचेर ।
पुष्पगुच्छा हात लिई गर्छौं स्वागत
हर्षसाथ निम्तो गर्छौं झुकाई माथ
पूजाआजा पसिनाको गर्छौं रमाई
संस्कृति र परम्परा हाम्रो कमाइ ।

२. 'शुद्ध वातावरण' कवितामा प्रयोग भएका मुख्य शब्दलाई कापीमा लेख्न लगाउनुहोस् ।

## क्रियाकलाप २

(क) विद्यार्थीलाई मन्दिर, हिमाल आदिका बारेमा छलफल गराउनुहोस्, छलफलका क्रममा पाठमा प्रयुक्त चित्र तथा पोस्टर प्रदर्शन गरेर अनुमान, पूर्वानुमान गरी चित्र वर्णन गर्न लगाउनुहोस् ।

(ख) प्राकृतिक तथा सांस्कृतिकसँग परिवेशसँग सम्बन्धित शब्दको प्रयोग गरी को, को, किन, कस्तो, कसरी जस्ता प्रश्नहरूका आधारमा चित्रका बारेमा भन्न लगाउनुहोस् । चित्रलाई उपयुक्त परिवेशसँग जोडेर वर्णन गराउनुहोस् ।


(ग) शिक्षकले आंशिक सहयोग गर्दै पाठमा प्रयोग भएका चित्रसँग मिल्दाजुल्दा वातावरण देखिने चित्र वा पोस्टर प्रदर्शन गरी सिकाइको थप अवसर प्रदानगर्नुहोस् । यस क्रममा शब्द चित्रपत्तीको प्रयोग र शब्दबोध गर्ने अवसरप्रदान गर्नुहोस् ।

(घ) शिक्षकले वाक्य गठन र पदसङ्गति मिले नमिलेको ख्याल गरी आवश्यक सहजीकरण प्रक्रिया अवलम्बन गर्नुहोस् ।

### मूल्याङ्कन

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १३७ को क्रियाकलाप २ को चित्र प्रदर्शन गरी वर्णन गर्न लगाउनुहोस् ।

चित्र हेरेर वर्णन गर्नुहोस् :



## क्रियाकलाप ३

(ख) शिक्षकले पाठमा प्रयुक्त शब्दहरू प्रदर्शन गर्नुहोस् । ती जोडी शब्द उच्चारण गर्न लगाउनुहोस् ।

(ख) जोडी शब्दबाट बनेका नाचगान, लोकगीत, चाडपर्व जस्ता शब्दहरूको शब्दपत्ती प्रदर्शन गर्नुहोस् । विद्यार्थीहरूको समूह बनाई शब्द शब्द बाँडिदिनुहोस् । विद्यार्थीहरूले प्रदर्शन गरेका शब्दहरू जोडेर नयाँ शब्द बनाउने खेल खेलाउनुहोस् ।

(ग) विद्यार्थीलाई अभ्यासमा दिइए जस्तै थप शब्दहरू दिनुहोस् । दुई दुई शब्द जोडेर तिनै शब्दको तल बाकसमा लेख्न लगाउनुहोस् । यसरी बनेका सिङ्गो शब्द पटक पटक उच्चारण गराउनुहोस् ।विद्यार्थीलाई स्वयम् सिकाइको अवसर दिनुहोस् ।

(घ) राम्रोसँग उच्चारण गर्ने विद्यार्थीलाई स्याबासी दिनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १३८ को क्रियाकलाप ३गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।




शब्द शब्द जोडेर लेख्नुहोस् र पढ्नुहोस् :

## क्रियाकलाप ४

(क) विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १३८ को क्रियाकलाप ४ का सम्बन्धमा साथी साथीबिच छलफल गर्ने अवसर दिनुहोस्, ।यसका लागि आवश्यकतानुसार समूह बनाउनुहोस् । यस क्रममा शब्द जालभित्र रहेका वर्ण वर्ण जोडेर शब्द बनाउन लगाउनुहोस्, जस्तै : मनतातो, रातदिन, हिजोआज ।दुईशब्द जोडेर सिङ्गो शब्द बनाउने गरी १० ओटा शब्द पत्ता लगाई गोलो घेरा लगाउन निर्देशन

दिनुहोस् ।

(ख) यसका लागि शब्दजाल चार्ट शैक्षणिक पाटीमा लेख्नुहोस् वा कार्यपत्ती बनाएर विद्यार्थीको समूहमा वितरण गर्नुहोस् ।

(ग) विद्यार्थीलाई सबैभन्दा पहिला शब्द पत्ता लगाउनेसमूह विजयी हुने खेलको नियम बताउनुहोस् । विजयी बन्ने आशाले विद्यार्थी कार्यप्रति उत्प्रेरित हुन्छन् । सबैभन्दा पहिला धेरैशब्द खोज्न सक्नेसमूहलाई विजयी बनाउनुहोस् ।दौँतरी सिकाइमार्फत सिकाइको थप अवसर दिनुहोस् ।

(घ) विद्यार्थीलाई शब्द पहिचानमा समस्या भएमा आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १३८ को क्रियाकलाप ४ गर्न लगाएर परीक्षण गर्नुहोस् ।

दशओटा शब्द चिनेर घेरा लगाउनुहोस् र लेख्नुहोस् :

| | | | | |
|---|---|---|---|---|
| य | म | रा | ज | हि |
| ता | न | त | सो | जो |
| उ | ता | दि | त | आ |
| ता | तो | न | सो | ज |
| ह | र | दि | न | भ |
| बि | ना | का | म | न |
| द | चु | लो | चौ | को |

.............................................. ..............................................

.............................................. ..............................................

.............................................. ..............................................

.............................................. ..............................................

## क्रियाकलाप ५

(क) पाठमा प्रयुक्त चित्र प्रदर्शन गर्नुहोस् । चित्रमा के के भएको देखिन्छ, छलफल गर्नुहोस् ।

(ख) विद्यार्थीलाई दुई शब्दले बनेका सिङ्गा शब्दका शब्दपत्ती वितरण गर्नुहोस् । ती शब्दलाई पालैपालो उच्चारण गर्न लगाउनुहोस् । त्यसपछि अर्थ खुल्ने गरी वाक्य निर्माण गर्न सहजीकरण गर्नुहोस् ।

(ग) 'छठ'रेकर्ड गरिएको पाठसुनाउनुहोस् । विद्यार्थीले चित्र वर्णन गर्दा भनेका कुरा र मोबाइलमा सुनेका कुरा के के मिले, छलफल गर्नुहोस् ।

(घ) शिक्षकले कार्यपुस्तकमा भएको 'छठ'पाठ बिस्तारै सस्वरवाचन गरी सुनाउनुहोस् । त्यसपछि

विद्यार्थीलाई पाठको अनुवाचन तथा सहवाचन एवं एकल वाचन गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीले उच्चारण गर्न नसकेका शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् । रेखाङ्कन गरेका शब्द जनाउने चित्र वा ठोस वस्तु प्रदर्शन गरी सँगसँगै शब्द उच्चारण गराउनुहोस् । राम्ररी उच्चारण गर्न नसकेसम्म अभ्यास गराउनुहोस् ।

(ङ) पाठमा प्रयोग भएका वाक्यपत्तीलाई छ्यासमिस गरी विद्यार्थीको समूहमा वितरण गर्नुहोस् । ती वाक्यपत्तीलाई पाठमा प्रयोग गरिए जसरीक्रमशः मिलाएर पढ्न लगाउनुहोस् ।

(च) बोधात्मक प्रश्नोत्तरका क्रममा शिक्षकले पूर्ण सहयोग गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १३९ को क्रियाकलाप ५ मा दिइएको पाठ पढेर प्रश्नको उत्तर भन्न लगाई मूल्याङ्कन गर्नुहोस् ।

सुन्नुहोस् र उत्तर भन्नुहोस् :

छठ

छठ नेपालमा मनाइने पर्व हो । मुख्य रूपमा यो पर्व मिथिला क्षेत्रमा श्रद्धाभावका साथ मनाइन्छ । अहिले यो पर्व देशैभरि नै मनाउन थालिएको छ । काठमाडौं उपत्यकामा समेत यो पर्व धुमधामले मनाइन्छ । व्रतालुहरूका भाकल वा मनकामना पूरा गर्न यो व्रत बस्ने गरिन्छ । यस पर्वमा सूर्यको उपासना र आराधना गरे मनोकामना पूरा हुने विश्वास गरिन्छ । यस पर्वमा भगवतीको पूजा हुन्छ । व्रतालुहरूले यस पर्वमा परिवारका सबैको कल्याणको कामना गरी व्रत बस्छन् । यस पर्वमा महिला र पुरुष दुवैले श्रद्धा एवम् भक्तिपूर्वक व्रत बस्ने गर्दछन् । प्रत्येक वर्ष कार्तिक शुक्ल पक्षको पञ्चमीका दिनदेखि व्रत आरम्भ हुन्छ । पञ्चमीको दिन शुद्ध भई व्रतका लागि तयार हुन्छन् । षष्ठीको दिन निराहार व्रत बस्ने गर्दछन् । साँझमा अस्ताउँदो सूर्यलाई अर्घ दिने गरिन्छ । सूर्यलाई अर्घ दिँदा जलाशयमा उभिएर अर्घ दिने प्रचलन छ । रातमा भजनकीर्तन गर्ने र जाग्राम बस्ने प्रचलन छ । सप्तमीको दिन बिहान सूर्योदय हुनु पहिले नै तलाउमा गई सूर्य पूजा हुन्छ । उदाउँदो सूर्यलाई अर्घ दिएपछि पूजा समापन हुन्छ । पर्वका चारै दिन (चौथी, पञ्चमी, षष्ठी र सप्तमी) प्रसाद वितरण गर्ने र खाने प्रचलन छ ।

**(क) छठमा केको पूजा गरिन्छ ?**
**(ख) यो पूजा किन गरिन्छ ?**
**(ग) छठ पूजा कसरी समापन हुन्छ ?**
**(घ) छठ जस्तै तपाईंको समुदायमा कुन कुन पर्व मनाइन्छन् ?**

क्रियाकलाप ६ 

(क) विद्यार्थीलाई पाठको क्रियाकलापका सम्बन्धमा व्यक्तिगत रूपमा स्वपहिचान गर्ने अवसर दिनुहोस्। यसका लागि पाठ्यपुस्तकको निर्दिष्ट पृष्ठमा रहेका दुई शब्द जोडेर शब्द बनाउने, उक्त शब्द पढ्ने र लेख्ने क्रियाकलापकोशब्द पिनह्विल चार्टमा देखाउनुहोस् ।

(ख) यसका लागि पिनह्विल चार्टमा औंलाका नाम र बारका नाम बन्ने गरी शब्द राखिएको कुरा विद्यार्थीले पहिचान गर्ने छन् ।विद्यार्थीबाट कान्छीऔंला चोरऔंला, माझीऔला, बुढीऔंला, सोमबार,

बुधबार, बिहीबार र शनिबार उत्तर आउने शब्दको अपेक्षा गर्नुहोस्।विद्यार्थीलाईस्वयम् सिकाइको अवसर दिनुहोस् ।

(घ) विद्यार्थीलाई शब्द पहिचानमा समस्या भएमाआवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १४० को क्रियाकलाप ६ गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।







शब्द शब्द जोडेर पढ्नुहोस् र लेख्नुहोस् :

**क्रियाकलाप ७**



(क) पाठको चित्र प्रदर्शन गरी चित्रबारे छलफल गराउनुहोस् ।

(ख) छलफलका क्रममा शिक्षकले आफूले तयार गरेको समाचारको नमुना प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई वाचन गर्न लगाउनुहोस् ।

(ग) विद्यार्थीलाई पालैपालो समाचारको नमुना पढ्न लगाउनुहोस् । यस क्रममा श्रव्यदृश्य (मोबाइल वा अन्य कुनै माध्यमबाट रेकर्ड गरिएको) सामग्रीउपयोग गर्नुहोस् ।

(घ) विद्यार्थीलाई समाचारको नमुना पाठ सफा र शुद्धसँग लेख्न लगाउनुहोस् ।

(ङ) थप समाचारको नमुना पठन र अनुलेखनमा शिक्षकले आंशिक सहयोग गर्दै जानुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १४० को क्रियाकलाप ७मा दिइएको समाचारको नमुना पढ्न र लेख्न लगाउनुहोस् ।

दिइएको समाचार पढेर सुनाउनुहोस् र कापीमा लेख्नुहोस् :

समाचारको नमुना

नमस्कार, साँझको ५ बजेको छ । अब सुन्नुहोस्, बालसमाचार । म हुँ ऋग्शिखा गौतम ।

आज २०७७ साल कात्तिक १५ गते शनिबार हो । आज नमुना आधारभूत विद्यालय, चिसापानी, रामेछापले अभिभावक दिवस मनाएको छ । कार्यक्रममा विद्यार्थीहरूले लोकगीत गाएर नाचगान गरे । सो अवसरमा प्रमुख अतिथि गाउँपालिका अध्यक्ष हुनुहुन्थ्यो । उहाँले विद्यालयका लागि खेलकुद सामग्री वितरण गर्नुभएको थियो । उक्त गाउँपालिका अध्यक्षले विद्यालयलाई निरन्तर सहयोग गर्ने वाचा पनि गर्नुभयो । हवस् त, बाल समाचार पूरा भएको छ । बेलुकी सात बजेको बालसमाचार सुन्न नभुल्नु होला, नमस्कार ।

## क्रियाकलाप ८

(क) शिक्षकद्वारा तयार पारिएको एउटा शब्दको शब्दपत्ती र त्यसको नमुना वाक्य भएको वाक्य पत्ती प्रदर्शन गर्नुहोस् । शब्द र वाक्यको उच्चारण अभ्यास गराई कर्ता, कर्म र क्रियापद पहिचानका लागि छलफल गराउनुहोस् । वाक्य बनाउन कर्ता र क्रियापद चाहिने कुरा विद्यार्थीलाई सुनिश्चित गराउनुहोस् ।

(ख) पाठ्यपुस्तकभित्रका शिक्षकले तयार पारेका नाचगान,चाडपर्व, जन्मदिन,कुलपूजा जस्ता शब्दका शब्दपत्ती प्रदर्शन गर्नुहोस् र ती शब्दहरू उच्चारण गर्न लगाउनुहोस् । विद्यार्थीलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । विद्यार्थीले सुनाएका वाक्यलाई शैक्षणिक पाटीमा लेख्नुहोस् ।

(ग) विद्यार्थीले बनाएका वाक्यहरूका कर्ता र कर्मबिचको सङ्गति मिले नमिलेको छलफल गराउनुहोस् । विद्यार्थीलाई वाक्यमा प्रयोग भएका कर्ताको लिङ्ग, वचन र पुरुषका आधारमा क्रियापद परिवर्तन हुने तरिकाबारे सहजीकरण गर्नुहोस् ।

(घ) विद्यार्थीलाई समूहमा विभाजन गरी पाठ्यपुस्तकमा दिइएका र त्यस्तै थप शब्द दिई वाक्य निर्माण गर्न लगाउनुहोस् । विद्यार्थीले तयार पारेका शब्दहरू प्रस्तुत गर्ने अवसर प्रदान गर्नुहोस् । शिक्षकको आंशिक सहयोगमार्फत सिकाइ सहजीकरण गरिदिनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १४० को क्रियाकलाप ८ गर्न लगाई मूल्याङ्कन गर्नुहोस् ।

वाक्यमा प्रयोग गर्नुहोस् :

नाचगान : ..........................................................................................

चाडपर्व : ..........................................................................................

जन्मदिन : ..........................................................................................

कुलपूजा : ..........................................................................................

## क्रियाकलाप ९

(क) पाठमा भएको चित्र प्रदर्शन गरी छलफल गराउनुहोस् । त्यसपछि पाठ छिटो छिटो पढेर साथीलाई सुनाउन लगाउनुहोस् । यसरी पढ्दा आफूले घडी हेरेर कसले कति समय लगाएर पाठ पढ्यो, अवलोकन गर्ने कुरा शिक्षकले पहिले नै बताउनुहोस् ।

(ख) पाठ पढ्ने क्रममा एकले अर्को साथीलाई पढेर सुनाउने कुरा बताउनुहोस् । साथीलाई सुनाउन पाउँदा विद्यार्थीले उत्सुकतासाथ पाठ पढ्छन् । पाठ पढ्दा दुई शब्दले बनेका शब्द पहिचान

गर्दै पढ्न लगाउनुहोस् ।

(ग) कुन विद्यार्थीले कसरी पढेको छ, कसलाई कठिन भएको छ, सूक्ष्म रूपमा अध्ययन गरी पढ्न कठिन भएकाविद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।दौँतरी सिकाइमार्फत थप सिकाइको अवसर दिनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १४१ को क्रियाकलाप ९ गराएर मूल्याङ्कन गर्नुहोस् ।

छिटो छिटो पढेर साथीलाई सुनाउनुहोस् :

अचार

सानो भाइ चिसोपानीमा खेलिरहेको थियो । आमाले भन्नुभयो, "चिसोपानीमा धेरै नखेल है छोरा । बिरामी परिन्छ । जाडो बढ्दै छ । जाडोको समयमा चिसोपानी होइन, तातोपानी पिउनुपर्छ ।" भाइले भन्यो, "नाइँ के, म त खेल्छु ।" आमाले सम्झाउँदै भन्नुभयो, "जिद्दी नगर न बाबु ! तातोचिसो भएर तिमीलाई रुगाखोकी लाग्यो भने ? घामपानीको तरिका मिलेन भने बिरामी भइन्छ । यता आइहाल । त्यो तौलिया लिएर जिउ पुछ । बरु म तिमीलाई अमिलो अचार खान दिउँला ।" अचारको नाम सुनेर भाइको मुखमा पानी आयो । उसले कराएर सोध्यो, "पक्का हो आमा ? मलाई अचार दिने हो त ?" "हो भन्या ! ल आइहाल ।" आमाले भन्नुभयो । अचार खान पाइने भयो भनेर भाइ खुसी भयो । ऊ चिसो पानीमा खेल्न छाडेर आयो र भन्यो, "खै, दिनु न अचार ।" "ल ल, दिइहाल्छु । एकछिन पख ।" भन्दै आमा घरभित्र पस्नुभयो ।

## क्रियाकलाप १०



(क) शिक्षकले बनाएका वाक्यपत्ती प्रदर्शन गर्नुहोस् । त्यहाँ प्रयोग भएका पूर्णविराम, प्रश्नवाचक र उद्गार चिह्न प्रयोगका बारेमा विद्यार्थीसँग छलफल गर्नुहोस् ।

(ख) शिक्षकले प्रस्तुत गरेका नमुना वाक्यपत्तीहरू उच्चारण गर्न लगाउनुहोस् । चिह्नको प्रयोगअनुसार वाक्य उच्चारण गर्न सहजीकरण गर्नुहोस् ।

(ग) पूर्णविराम, प्रश्नवाचक र उद्गार चिह्नको प्रयोग कस्ता कस्ता वाक्यमा गर्न सकिन्छ भन्ने कुरा विद्यार्थीलाई स्पष्ट पार्नुहोस् ।

(घ) एउटा वाक्य लेखेर उपयुक्त चिह्न भर्ने अभ्यास गराउनुहोस् ।

(ङ) विद्यार्थीलाई खाली ठाउँमा उपयुक्त चिह्न भर्न समस्या भए शिक्षकको पूर्ण सहयोगसहित सिकाइ सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १४१ को क्रियाकलाप १० गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

सही चिह्न लेखी वाक्य बनाउनुहोस् :

।   ,   "   "   ?

(क) भाइले भन्यो, ...... मलाई सबै चाडपर्व मन पर्छ । ......
(ख) पवन ........ जीवन र मोहन जात्रा हेर्न गए ।
(ग) तिमीलाई कुन चाडपर्व मन पर्छ .........
(घ) आज मेरो जन्मदिन हो .........

## क्रियाकलाप ११

(क) शिक्षकले विद्यार्थीसँगकार्यपुस्तककोअभ्यासका सम्बन्धमा छलफल गर्नुहोस् । छलफलका क्रममा पाठ्यपुस्तकमा रहेका चित्रको चित्रपत्ती तयार गरी शैक्षणिक पाटीमा टाँस्नुहोस् ।

(ख) चित्रपत्ती देखाउँदै छलफल गर्दा दुवै चित्र हेरी अनुमान गर्न लगाउनुहोस् । छलफलका क्रममा के, किन, कति, कसरी जस्ता प्रश्नमा केन्द्रित भएर चित्र वर्णन गर्न लगाउनुहोस् ।


(ग) दुई चित्रमा के के कुरा मिल्छन् र के के कुरा मिल्दैनन्, चित्र हेरी तुलना गर्न लगाउनुहोस् ।

(घ) विद्यार्थी विद्यार्थीबिचमा चित्र तुलना गर्न लगाउनुहोस् । तुलना गर्न समस्या भएमा शिक्षकले आंशिक सहयोगसहित सिकाइ सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १४२ को क्रियाकलाप ११ गर्न लगाई मूल्याङ्कन गर्नुहोस् ।

दुई चित्रका मिल्ने र नमिल्ने विषयवस्तु भन्नुहोस् :





## क्रियाकलाप १२

(क) विद्यार्थीलाई सूचनाका सम्बन्धमा छलफल गराउनुहोस् । छलफलका क्रममा गर्मी महिनामा फैलन सक्ने हैजा, झाडापखाला, टाइफाइड, डेङ्गु जस्ता रोगबाट आफू पनि बचौँ र अरूलाई पनि बचाऔँ । सरुवा रोगबाट बच्नका लागि तलका कुरालाई ध्यान दिऔँ भन्ने सूचना चार्ट तयार गरी शैक्षणिक पाटीमा टाँस्नुहोस् ।

(ख) छलफलमा के, किन, कसरी प्रश्नसँग सम्बन्धित भएर पाठगत प्रश्नोत्तर गर्नुहोस् ।

(ग) विद्यार्थीलाई सरसफाइसम्बन्धी जानकारीका लागि विभिन्न पत्रपत्रिकाका सामग्रीलाई पनि उपयोग गर्नुहोस् ।

(घ) शिक्षकको आंशिक सहयोगसहित सूचना पढी सोधिएका प्रश्नको उत्तर लेख्न लगाउनुहोस् । उत्तर लेख्न गाह्रो भएमा आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १४२ को क्रियाकलाप १२ प्रश्नोत्तर लेख्न लगाई मूल्याङ्कन गर्नुहोस् ।

तलको सूचना पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

सूचना ! सूचना !! सूचना !!!

गर्मी महिनामा फैलन सक्ने हैजा, झाडापखाला, टाइफाइड, डेङ्गु जस्ता रोगबाट आफू पनि बचौँ र अरूलाई पनि बचाऔँ ।

सरुवा रोगबाट बच्नका लागि तलका कुरालाई ध्यान दिऔँ ।

- खाना खानुअघि र फोहोर वस्तु छोएपछि साबुनपानीले हात धुने गरौँ ।
- पानी उमालेर मात्र पिउने गरौँ ।
- फलफूल र तरकारी जस्ता खानेकुरालाई सफा पानीले राम्ररी पखालेर मात्र खाने गरौँ ।
- सम्भव भएसम्म बजारका तयारी खानेकुरा नखाऔँ ।
- व्यक्तिगत सरसफाइमा ध्यान दिने गरौँ ।
- स्वास्थ्य समस्या भएमा नजिकैको स्वास्थ्य केन्द्रमा गएर सल्लाह लिने गरौँ ।

नेपाल सरकार

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

(क) यो सूचना केसँग सम्बन्धित छ ?

(ख) गर्मी महिनामा फैलन सक्ने रोगहरू के के हुन् ?

(ग) हामी कसरी स्वस्थ बन्न सक्छौँ ?

(घ) स्वास्थ्य समस्या भएमा किन स्वास्थ्य केन्द्र जानुपर्ने रहेछ ?

## क्रियाकलाप १३ 

(क) विद्यार्थीलाई भोलि गरिने कामका बारेमा प्रश्नोत्तर गर्दै सामान्य भविष्यत् कालका वाक्यका नमुना बताउनुहोस् ।

(ख) शिक्षकले वाक्यपत्ती प्रदर्शन गरी वाक्य परिवर्तन गर्न सिकाउनुहोस् ।

(ग) विद्यार्थीलाईकार्यपुस्तकको वाक्य परिवर्तनसम्बन्धी अभ्यास लेख्न लगाउनुहोस् ।

(घ) वाक्य परिवर्तन गर्नसमस्या भएमा थप वाक्यपत्ती प्रयोग गरी अभ्यास गराउनुहोस् । वाक्य परिवर्तन गर्न नसके शिक्षकले पूर्ण सहयोग गरी सिकाइ सहजीकरण गर्नुहोस्।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १४३ को क्रियाकलाप १३गराएर मूल्याङ्कन गर्नुहोस् ।

उदाहरणमा दिइए जस्तै वाक्य मिलाई लेख्नुहोस् :

| | |
|---|---|
| तिमी छिटो आयौ । | तिमी छिटो आउने छौ । |
| (क) फुपू घर आउनुभयो । | ........................................................ |
| (ख) आमाले कविता पढ्नुभयो । | ........................................................ |
| (ग) गगन गीत गाउँछन् । | ........................................................ |
| (घ) भाइ ठुलो हुन्छ । | ........................................................ |
| (ङ) हामी घर सफा गर्छौं । | ........................................................ |

## क्रियाकलाप १४ 

(क) शिक्षकले वचन र लिङ्गबोधक शब्द प्रदर्शन गरी छलफल गर्नुहोस् । विद्यार्थीलाई पढेर साथीलाई सुनाउने अभ्यासका बारेमा जानकारी गराउनुहोस् । तालिकामा भएका प्रत्येक शब्दलाई पालैपालो शुद्धसँग पढ्न लगाउनुहोस् ।

(ख) को, का, की, रो, रा, री जस्ता विभक्तिले वचन र लिङ्गमा पार्ने प्रभावका बारेमा छलफल गर्नुहोस् ।

(ग) शब्दपत्तीका सहायताले विद्यार्थीलाई एकवचन, स्त्रीलिङ्ग र बहुवचनका रूपमा शब्दको परिवर्तित रूप देखाउनुहोस्, जस्तै :

| एकवचन | स्त्रीलिङ्ग | बहुवचन |
|---|---|---|
| सेतो | सेती | सेता |
| मेरो | मेरी | मेरा |
| उसको | उसकी | उसका |

(घ) विद्यार्थीलाई स्वयम् सिकाइको अवसर दिनुहोस् । विद्यार्थीलाई निर्देशनअनुसार शब्दको रूप परिवर्तनगर्न असजिलो भएमा आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १४३ को क्रियाकलाप १४गर्न लगाई मूल्याङ्कन गर्नुहोस् ।

पढेर साथीलाई सुनाउनुहोस् :

| एकवचन | स्त्रीलिङ्ग | बहुवचन |
|---|---|---|
| हाम्रो | हाम्री | हाम्रा |
| मेरो | मेरी | मेरा |
| सेतो | सेती | सेता |
| उसको | उसकी | उसका |
| तिम्रो | तिम्री | तिम्रा |
| उनको | उनकी | उनका |

## क्रियाकलाप १५



(क) शिक्षकले अनुलेखनका लागि तयार पारिएको अनुच्छेद चार्ट प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ख) सस्वरवाचनपछि शिक्षकले विद्यार्थीलाई पृ.स. १४३ क्रियाकलाप १५ जस्ताको त्यस्तै सार्ने अनुलेखनको अभ्यास गराउनुहोस् । लेखन प्रक्रियाका चरणहरूको अनुसरण गर्न लगाउनुहोस्, जस्तै :

(अ) सिसाकलम र सम्बन्धित अनुच्छेद दिनुहोस् ।

(आ) विद्यार्थीलाई कापीको हारमा डिका सिधा दिएर अक्षरको आकार सिधा र बान्की मिलाएर लेख्न सिकाउनुहोस् ।

(इ) विद्यार्थीलाई शुद्ध, सफा र बान्की मिलाएर लेख्न सिकाउनुहोस् ।

(ई) विद्यार्थीलाई पाठ्यपुस्तकमा भएको अनुच्छेदको अनुच्छेदपत्ती देखाउनुहोस् । त्यहाँ भएकावाक्य उच्चारण गर्ने अभ्यास गराउनुहोस् । स्वयम् सिकाइको प्रशस्त अवसर दिनुहोस् ।

(ग) पाठ्यपुस्तकका अतिरिक्त थप अभ्यासका लागि अनुच्छेदको कार्यपत्ती बनाएर विद्यार्थीलाई अनुलेखनको प्रशस्त अभ्यास गराउनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १४३ को क्रियाकलाप १५ को अनुलेखन शुद्ध, सफा र बान्की मिले नमिलेकोमूल्याङ्कन गर्नुहोस् ।

जस्ताको त्यस्तै कापीमा सार्नुहोस् :

हिजो म गुरुआमासँग विद्यालयबाट वनभोज गएँ । मेरा साथी सीताराम, रामलखन र सीतामाया पनि सँगै

गएका थिए । वनभोज गएको ठाउँ डाँडामाथि थियो । वनभोज गएको ठाउँ डाँडामा भएकाले हावाहुरी चल्ने रहेछ । पानी पनि धेरै चिसो रहेछ । मैले वनभोजमा खानेकुरा र फलफूल धेरै खाएँ । मैले साथीसँग नाचगान गरेँ । वनभोजमा धेरै रमाइलो भयो । रमाइलो गर्दागर्दै दिन बितेको पत्तै भएन ।

## क्रियाकलाप १६ 

(क) भित्तो पात्रो प्रदर्शन गर्दै साल, महिना, गते र बारका बारेमा छलफल गर्नुहोस् ।

(ख) विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् ।भित्ते पात्रोको नमुना दिएर बार, महिना र गते लेख्न लगाउनुहोस् । यस क्रममा शिक्षकले आंशिक सहयोग गर्दै जानुहोस् ।

(ग) विद्यार्थीले समूहमा छलफल गरीभित्तेपात्रो तयार गरेको अवलोकन गर्नुहोस् र आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

(घ) प्रत्येक समूहले तयार पारेको भित्ते पात्रो प्रदर्शनी पाटीमा टाँस्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १४४ को क्रियाकलाप १६गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

| २०... | | | / | 20... | | |
|---|---|---|---|---|---|---|
| आइतबार Sunday | सोमबार Monday | मङ्गलबार Tuesday | बुधबार Wednesday | बिहीबार Thursday | शुक्रबार Friday | शनिबार Saturday |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**अहिले कुन महिना हो, भित्ते पात्रो बनाउनुहोस् :**

## क्रियाकलाप १७ 

(क) शिक्षकले जात्राका बारेमा भिड हुने कुरा बताउनुहोस् । यस्तो भिडभाडमा केटाकेटीहरू हराउन सक्ने कुरा बताउनुहोस् ।

(ख) विद्यार्थीलाई तपाइँ जात्रा हेर्न जानुभएको छ ?जात्रा हेर्न जाँदा हराउनुभयो भने के गर्नुहुन्छ? भनी प्रश्न गर्नुहोस् । स्वयम् सिकाइको प्रशस्त अवसर दिनुहोस् । विद्यार्थीबाट आउने फरक फरक उत्तरको सम्मान गर्नुहोस् । विद्यार्थीलाई जात्रामा हराउँदा के गर्ने भन्ने बारेमा लेख्न लगाउनुहोस् ।

(ग) विद्यार्थीले लेखेका कुरा कक्षामा पालैपालो सुनाउन लगाउनुहोस् । लेख्न र सुनाउन समस्या हुने विद्यार्थी पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १४४ को क्रियाकलाप १७ गर्न लगाएर परीक्षण गर्नुहोस् ।
तपाइँ जात्रा हेर्न जाँदा हराउनुभयो भने के गर्नुहुन्छ, लेख्नुहोस् र कक्षामा सुनाउनुहोस् :

.......................................................................................................................
.......................................................................................................................
.......................................................................................................................
.......................................................................................................................
.......................................................................................................................
.......................................................................................................................

निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

(क) पढेर सुनाउनुहोस् :

गौरीशङ्कर हिमालको फेदमा मार्बु नाम गरेको सुन्दर बस्ती छ । यहाँका मानिसहरू हरेक दिन गाउँबेँसी र वनपाखा गर्छन् । यहाँबाट वारिपट्टि गौरीशङ्कर हिमाल र पारिपट्टि कालिञ्चोकको मनमोहक दृश्य देख्न पाइन्छ । छङछङ गर्ने नदीनाला, फुलैफूलले सजिएका भिरपाखा, सुखदु:खमा रमाउने बुढापाका भेट्न पाउँदा नातागोता पनि खुसी हुन्छन् । गाउँका युवायुवतीहरू आफ्ना मातापिता र गुरुदेवलाई श्रद्धा गर्छन् । जन्मदिनमा पूजाआजा गर्छन् । पुष्पगुच्छा चढाउँछन् । गाउँका जेठाबाठा मानिसहरू बिनाकाम बस्दैनन् । हिजोआज धेरैले बाखापालन, पशुपालन र माछापालन गर्न थालेका छन् । चाडपर्वमा सबै भेला हुन्छन् र नाचगान गरी दु:खसुख साटासाट गर्छन् ।

(ख) दुईओटा शब्द जोडेर सिङ्गो शब्द बनाउनुहोस् :

+= पति पत्नी += जडी बुटी
+= काँक्रो फर्सी += घाम पानी
+= घिउ तेल

(ग) वाक्यमा प्रयोग गर्नुहोस् :

अन्नपात : ..........................................................................................
जान्नेसुन्ने : ..........................................................................................
चिठीपत्र : ..........................................................................................

(घ) मिल्ने शब्दसँग जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| ब्राह्मण/क्षेत्री | ल्होसार |
| श्रेष्ठ | माघी |

तामाङ जनैपूर्णिमा
थारु गाईजात्रा

(ङ) मिल्ने शब्द राखी वाक्य लेख्नुहोस् :

(अ) मामाघरबाट ....................................आउनुभयो । (मितमितिनी, मामामाइजू, साथीभाइ)

(आ) दोकानदारले दुई किलो............................ दिनुभयो । (आलुप्याज, अन्नबाली, पूजाआजा)

(इ) उनीहरूले बिहेमा धुमधामसँग ................ बजाए । (पन्चेबाजा, गितारबाजा, मुरलीबाजा)

(च) आजको ठाउँमा भोलि राखेर वाक्यमा परिवर्तन गर्नुहोस् :

आज भाइ राजधानी जान्छ । आज बहिनीले गृहकार्य गर्छिन् ।
आज आमाबुबा मन्दिर जानुहुन्छ ।

(छ) पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

हामी मौसमअनुसार विभिन्न चाडबाड मनाउँछौं । जनैपूर्णिमा, साउने सङ्क्रान्ति, गाईजात्रा, वर्षायाममा पर्दछन् । दसैंतिहार वर्षा र हिउँदयाम बिचको समयमा पर्दछ । ल्होसार, माघी, पर्व जाडोयाममा पर्दछन् । इद अन्य समयमा पनि पर्न सक्छ । मौसमअनुसारका चाडसँगै खानपान पनि त्यस्तै प्रकारका हुन्छन् । माघी पर्वमा तिलको लड्डु, घिउ, चाकु, तरुल र खिचडी खाइन्छ । यस दिनमा घाममा बसी शरीरमा तेल लगाउने चलन पनि छ । बिहान सबेरै उठेर नदी तलाउ वा धारामा गई नुहाइधुवाइ गर्नुपर्छ । त्यसपछि आफूभन्दा ठुलालाई ढोग गरी आशीर्वाद लिने चलन पनि प्रख्यात छ । यस दिनबाट थारु जातिको नयाँ वर्ष पनि सुरु हुन्छ ।

(अ) वर्षायाममा कुन कुन चाडपर्व पर्दछन् ?.........................................................................

(आ) माघीपर्वमा के के खाना खाइन्छ ?..................................................................................

(इ) माथिको अनुच्छेदमा कतिओटा वाक्य छन् ?

..........................................................................................................

(ई) तपाईंले मनाउने चाडपर्वका नाम लेख्नुहोस् ।

..........................................................................................................

(ज) शब्द पहिचान गरी छुट्याएर लेख्नुहोस् :

योरेडियोनेपालहो । अबबालसमाचारसुन्नुहोस् ।
विद्यालयमाबालबालिकालेनाटकदेखाएका छन् ।
कलाकारभाइबहिनीहरूअभिनयगर्नसिपालुथिए ।
समाचारपूराभयो । भोलिआठबजेपुन:भेट्नेछौं ।

..........................................................................................................................
..........................................................................................................................
..........................................................................................................................

शिक्षकको हस्ताक्षर : .............. अभिभावकको हस्ताक्षर : ..................

# ९. सञ्चार प्रविधि र बजार

**कार्यघण्टा : १५**

## परिचय

**'सञ्चार प्रविधि र बजार'**मेरो नेपाली,My English, मेरो गणित र हाम्रो सेरोफेरो विषयभित्र बहुविषयक ढाँचामा एकीकृत गरिएको विषयक्षेत्र हो । सामाजिक अन्तरक्रिया, अभिप्रेरणा, ज्ञान, बोध र प्रयोगका सन्दर्भमा आधारभूत विद्युतीय सञ्चार सिपको प्रयोग गरिन्छ । बजार भाषिक प्रयोगको अर्को माध्यम हो, जहाँ दैनिक जीवन व्यवस्थापन गर्ने योग्यता प्रदर्शन गरिन्छ । यस विषय क्षेत्रमा विद्यार्थीले समुदायमा कुराकानी र छलफलका माध्यमले स्वतन्त्र रूपमा भाषिक अभ्यास गर्छन् । भाषिक अभ्यासका क्रममा समुदायमा घुलमिल भई शब्दभण्डार ग्रहण गरी मौखिक तथा लिखित अभिव्यक्ति वृद्धि गर्छन् । यस क्रममा सिकारुसँग भएको शब्दभण्डारको उपयोग गर्दै कार्यबोध, शब्दबोध र वाक्यमा प्रयोग, कुराकानी, छलफल र प्रश्नोत्तर, श्रव्यदृश्य बोध जस्ता कार्य सम्पादन गर्दा उपयुक्त भाषाको प्रयोग गर्ने क्रियाकलापले विशेष प्राथमिकता पाउँछन् । यस विषयक्षेत्र ध्वनि सचेतीकरण, श्रव्य/दृश्यबोध, लेख्यवर्ण सचेतीकरण, पठन प्रवाह, पठनबोध, लेखाइ र कार्यमूलक व्याकरणका क्रियाकलापमा जोड दिएको छ । यसका साथै यस विषयक्षेत्रबाट भाषिक सञ्चार, प्रविधिको समुचित प्रयोग र बजारमा गरिने दोहोरो सञ्चार तथा यससँग सम्बन्धित शब्दभण्डारको विकासमा जोड दिएको छ ।

यस विषयक्षेत्रभित्र रहेका दुईओटा पाठमा शब्द शब्द जोडेर सिङ्गो शब्द निर्माण गर्न, अनुमान र कल्पना गरी मौखिक वर्णन गर्न, सञ्चारका क्रममा प्रचलित आकृति, रङ र सङ्केत चिह्नको प्रयोग गर्न, निर्धारित पाठ्यसामग्री, चित्र र पत्रपत्रिका पढी बोध गर्न, पाठ सुनी विषयवस्तु वर्णन गर्ने विषयवस्तुमा आधारित छ । दुईओटा शब्द जोडेर वा छुट्याएर शब्द भन्न र लेख्न शब्दहरूको उच्चारणसहित पढ्न र लेख्न, उही तथा उल्टो अर्थ दिने शब्दहरूको अर्थबोध र प्रयोग गर्न तथा बाल शब्दकोशको प्रयोग गर्ने पक्षमा जोड दिइएको छ । पठन गति वृद्धिका लागि निर्धारित समयमा तोकिएको पाठ वा अनुच्छेद पढ्न, पाठमा दिइएका शब्दको परिभाषा, उदाहरण, तुलनाबोधक शब्द र विपरीत अर्थबोधक शब्द बुझेर पढ्न, विषयवस्तुका आधारमा प्रश्नोत्तर गर्न, चिठी, निवेदन, साइन बोर्ड, पोस्टर, सूचना र अन्य विवरणहरू पढी अर्थबोध गर्ने जस्ता क्रियाकलाप समावेश गरिएको छ । पाठसँग सम्बन्धित भई प्रश्नोत्तर गर्न, दिइएका बुँदाका आधारमा अनुच्छेद लेख्न, स्वतन्त्र रूपमा विभिन्न प्रकारका रचना गर्न तथा लिङ्ग, वचन, पुरुष र आदरको सङ्गति मिलाई मौखिक तथा लिखित अभिव्यक्ति दिन, पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, विस्मयादिबोधक र उद्धरण चिह्नको प्रयोग गरी लिखित अभिव्यक्ति दिन, क्रियाका कालअनुसारका वाक्यको प्रयोग गरी मौखिक तथा लिखित अभिव्यक्ति दिने विषयवस्तुमा केन्द्रित छ ।

विषयक्षेत्रको अन्त्यमा पाठ्यक्रममा आधारित भई ध्वनि सचेतीकरण, श्रव्य/दृश्यबोध, लेख्यवर्ण सचेतीकरण, शब्दभण्डार, पठन प्रवाह, पठनबोध, लेखाइ र कार्यमूलक व्याकरणसँग सम्बन्धित मूल्याङ्कन क्रियाकलापसमेत समावेश गरिएको छ । पठनतत्त्वअनुसारको मूल्याङ्कनबाट विद्यार्थीको सिकाइको लेखाजोखा, एकअर्काका कार्यको मूल्याङ्कन गरी अपेक्षित सिकाइ उपलब्धि हासिल गरेका वा नगरेका यकिन गर्दै ज्ञान, बुझाइ र प्रयोगको स्तरवृद्धिका लागि विद्यार्थीलाई सुधारात्मक सिकाइ प्रक्रियाद्वारा थप सिकाइको अवसर प्रदान गर्ने छ ।

## पाठ १८

### (क) सिकाइ सहजीकरण योजना

| क्र.स. | विषयवस्तु | व्यवहारकुशल सिप | अनुमानित घन्टी | पाठ्यपुस्तकको सम्बन्धित पृष्ठसङ्ख्या |
|---|---|---|---|---|
| १. | सिङ्गो शब्द छुट्याएर दुईओटा शब्द निर्माण | • प्रयोग सिप (S1.1)<br>• समय व्यवस्थापन सिप(S2.4)<br>• सञ्चार सिप (S3.1)<br>• सहकार्य सिप (S3.2)<br>• दृश्य साक्षरता सिप (S4.3)<br>• विविधताको सम्मान र अन्तरसांस्कृतिक बुझाइ सिप (S5.2)<br>• राष्ट्रिय पहिचान र अपनत्वका अनुभूति (S5.5) | ७ | **पृष्ठ १४७ देखि १५४ सम्म** |

### (ख) सिकाइ क्रियाकलापका आधार

यस पाठको सिकाइ सहजीकरण गर्नुपूर्व निम्नानुसारको पूर्वतयारी गर्नुहोस् :

| पठन तत्त्व | क्रियाकलापको आधार | क्रियाकलापको सङ्केत र क्रम | सिकाइ सामग्री |
|---|---|---|---|
| १. ध्वनि सचेतीकरण | **शिक्षकको पूर्ण सहयोग** |  १ | १. शब्दपत्ती, कवितापत्ती<br>२. पाठमा प्रयुक्त चित्र वा पोस्टर<br>३. श्रव्य वा श्रव्यदृश्य सामग्री (मोबाइल वा अन्य कुनै माध्यमबाट रेकर्ड गरिएको गीत वा कविता) |
| २. दृश्यबोध | **शिक्षकको आंशिक सहयोग** |  २ | १. चित्रपत्ती<br>२. वाक्यपत्ती |
| ३. लेख्यवर्ण सचेतीकरण | **शिक्षकको पूर्ण सहयोग** |  ३ | १. शब्दपत्ती (मिठोमसिनो, घिउचाकु, फूलबारी, तातोपिरो, साँचोभुटो..) |
| ४. पठनबोध | **शिक्षकको आंशिक सहयोग** |  ४ | १. शब्दपत्ती, सूचना चार्ट<br>२. प्रश्नोत्तरपत्ती<br>२. श्रव्य वा श्रव्यदृश्य सामग्री (मोबाइल वा अन्य<br>कुनै माध्यमबाट रेकर्ड गरिएको सूचना) |
| ५. श्रुतिबोध | **शिक्षकको पूर्ण सहयोग** |  ५ | १. चित्रपत्ती<br>२. शब्दपत्ती |

| | | | |
|---|---|---|---|
| | | | ३.श्रव्य वा श्रव्यदृश्य सामग्री (मोबाइल वा अन्य कुनै माध्यमबाट रेकर्ड गरिएको सूचना कथा |
| ६. पठन प्रवाह | **स्वयम् सिकाइ** | ६ | १. पाठ्यपुस्तक<br>२. लयात्मक शब्दपत्ती<br>(गाडी, छाडी, झाडी, पाडी, माडी ...) |
| ७. शब्दभण्डार | **दौँतरी सिकाइ** | ७ | १. शब्दपत्ती<br>(घिउचाकु, सेलरोटी, मासुभात, खिरपुरी, दुधभात, कर्दचक्कु, डाडुपनिउँ, काँटाचम्चा, थालकचौरा, हँसियानाम्लो) |
| ८. कार्यमूलक व्याकरण | **शिक्षकको पूर्ण सहयोग** | ८ | १. वाक्यपत्ती |
| ९. लेखाइ | **दौँतरी सिकाइ** | ९ | १. शब्दपत्ती (सुनकेशरी, हाँसखेल, नाचगान, सारीचोलो..)<br>२. चित्रपत्ती<br>३. श्रव्य वा श्रव्यदृश्य सामग्री |
| १०. शब्दभण्डार | **शिक्षकको आंशिक सहयोग** | १० | १. शब्दपत्ती<br>(फलफूल, दुधभात, राडीपाखी, सेलरोटी, खिरपुरी, घिउचाकु)<br>२. वाक्यपत्ती |
| ११. शब्दभण्डार | **स्वयम् सिकाइ** | ११ | १. शब्दार्थपत्ती (बल-शक्ति, अँगार-गोल, जिउ-शरीर, कोसेली-उपहार, दम्पत्ती-पतिपत्नी) |
| १२. शब्दभण्डार | **शिक्षकको आंशिक सहयोग** | १२ | १. अनुच्छेद चार्ट<br>२. शब्दपत्ती<br>३.श्रव्य वा श्रव्यदृश्य सामग्री (मोबाइल वा अन्य कुनै माध्यमबाट रेकर्ड गरिएको कथा |
| १३. कार्यमूलक व्याकरण | **शिक्षकको आंशिक सहयोग** | १३ | १. शब्दपत्ती<br>२. वाक्यपत्ती |
| १४. पठनबोध | **शिक्षकको आंशिक सहयोग** | १४ | १. चित्रपत्ती<br>२. शब्दपत्ती<br>२. अनुच्छेदपत्ती |
| १५. शब्दभण्डार | **दौँतरी सिकाइ** | १५ | १. शब्दपत्ती |
| १६. लेखाइ | **स्वयम् सिकाइ** | १६ | १. शब्दपत्ती<br>२. वाक्यपत्ती<br>३. अनुच्छेद चार्ट |
| १७. लेखाइ | **स्वयम् सिकाइ** | १७ | १. अनुच्छेद चार्ट |

## (ग) सिकाइ क्रियाकलाप

क्रियाकलाप १

(क) विद्यार्थीलाई 'हाम्रो पालामा'पाठमा भएको चित्र प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई चित्र वर्णन गर्न लगाउनुहोस् ।

(ख) शिक्षकले तयार पारेका पत्रपत्रिका, अनलाइन, टेलिभिजन, फेसबुक जस्ता शब्दका शब्दपत्तीहरूप्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई ती शब्द उच्चारण गर्न लगाउनुहोस् ।

(ग)ध्वनि जोड्न र छुट्याउन मिल्ने खालका शब्दहरूमा केन्द्रित भएर कालोपाटी, सेतोपाटी, आमाबुबा, योगफल भागफल जस्ता शब्द सुनाउनुहोस् र ध्वनि जोड्न र छुट्याउने खेल खेलाउनुहोस् ।

(घ) पाठ्यपुस्तकमा रहेको 'हाम्रो पालामा' कविताको कविता चार्ट वा पाठ्यपुस्तकको सम्बन्धित पृष्ठ प्रदर्शन गर्दै शिक्षकले गति, यति, लय र हाउभाउसहित गाएर सुनाउनुहोस् । मोबाइल वा कुनै विद्युतीय साधनमा कविता रेकर्ड गराएर विद्यार्थीलाई सुनाउनुहोस् । शिक्षकले युट्युब वा पावर प्वाइन्टको प्रयोग पनि गर्न सक्नुहुने छ । त्यसपछि विद्यार्थीसँगै समूहमा गाउनुहोस् । यस क्रममा क्रमिक सिकाइ रणनीति (शिक्षकले गरेर देखाउने, शिक्षक र विद्यार्थीले सँगसँगै गर्ने, विद्यार्थी विद्यार्थीसँगै अभ्यास गर्ने र विद्यार्थीलाई व्यक्तिगत रूपमा गर्न लगाउने) लाई उपयोग गर्नुहोस् । लयबद्ध वाचनमा समस्या भएका विद्यार्थीलाई उपयुक्त चिह्न, सङ्केत र क्रियाकलापको उपयोग गरी थप सिकाइको अवसर प्रदान गर्नुहोस् ।

(ङ) कविता वाचन गर्दा विद्यार्थीलाई दुई समूहमा बाँड्नुहोस् । एक समूहका विद्यार्थीलाई आधा हरफ र अर्को समूहका विद्यार्थीलाई अर्को बाँकी आधा हरफ गाउन लगाई रमाइलो तरिकाले गाउन सिकाउनुहोस् । समूहमा कविता वाचन गर्दा कुन समूहले राम्रोसँग लय मिलाएर गाउन सक्छन्, अवलोकन गर्नुहोस् । दुवै समूहलाई एउटै लयमा मिलाएर गाउन उत्प्रेरणा दिनुहोस् ।

(च) कविता गाउँदा शिक्षकले प्रदर्शन गरेको शब्दपत्तीका शब्द 'हाम्रो पालामा' कवितामा खोजी शब्दमा रेखाङ्कन गर्न लगाउनुहोस् र रेखाङ्कित शब्द पुनः उच्चारण गर्न लगाउनुहोस् । ध्वनि सचेतीकरणका क्रममा शिक्षकले पूर्ण सहयोग गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १४७ को 'हाम्रो पालामा' कविता लयबद्ध वाचन गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

**सञ्चार प्रविधि र बजार**

लय मिलाएर गाउनुहोस् :

हाम्रो पालामा

पहिले पहिले कटवाल आई खबर दिन्थे रे<br>
अलि पछि हुलाकीले चिठी दिन्थे रे<br>
आवा आउँदा सबै खुसी हुन्थे गाउँमा

यस्ता कुरा कथा बने हाम्रा पालामा ।
पहिले रेडियोभित्र मान्छे हुन्छन् ठान्थे रे
टेलिभिजन पछि मान्छे हेर्न जान्थे रे
पेजर आयो घुरघुर गर्दै केही सालमा
मोबाइल अनि के के के के हाम्रा पालामा ।
कति धेरै एफएम रेडियो टिभी कति हुन्
पत्रपत्रिका र अनलाइन आज कति धेरै हुन्
फेसबुक, ट्विटर, भाइबर सबै हात हातमा
विश्व एउटा गाउँ बन्यो हाम्रा पालामा ।

## क्रियाकलाप २



(क) विद्यार्थीलाई सान्दर्भिक चित्र प्रदर्शन गरी यो कुन ठाउँको चित्र होला ? जस्ता प्रश्न गर्दै छलफल अगाडि बढाउनुहोस् । विद्यार्थीले भनेका कुरा शैक्षणिक पाटीमा लेख्नुहोस् ।

(ग) पाठमा प्रयोग भएको चित्र प्रदर्शन गरी छलफल गराउनुहोस् । तपाईंले चित्रमा के के देख्नुभयो ? चित्रमा कति जना मानिस छन् ? चित्रमा को को के के गर्दै छन् ? जस्ता प्रश्नका आधारमा चित्र वर्णन गर्न लगाउनुहोस् । चित्र वर्णन गर्दा परिवेश र वातावरणसमेत समेट्न लगाउनुहोस् ।

(घ) पाठमा प्रयोग भएका चित्रसँग मिल्दाजुल्दा वा पारिवारिक वातावरण देखिने चित्र वा पोस्टर प्रदर्शन गरी सिकाइको थप अवसर प्रदान गर्नुहोस् । शिक्षकको आंशिक सहयोगसहित नयाँ शब्द, चित्रपत्तीको प्रयोग गरी छलफल गराउनुहोस् र शब्दबोध गर्ने अवसर पनि प्रदान गर्नुहोस् ।

(ङ) अनुमान, पूर्वानुमान गर्न लगाएर चित्र वर्णन गराउनुहोस् । यस क्रममा सामान्य वाक्य गठन, पदसङ्गति मिले नमिलेको सम्बन्धमा विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

(च) चित्र वर्णन गर्न समस्या परेका विद्यार्थी पहिचान गरी आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १४७ को क्रियाकलाप २ को चित्र प्रदर्शन गरी वर्णन गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

चित्र हेरेर वर्णन गर्नुहोस् :



## क्रियाकलाप ३

(क) विद्यार्थीहरूलाई दुई समूहमा विभाजन गर्नुहोस् ।

(ख) शिक्षकले मिठो मसिनो, घिउ चाकु, फूल बारी, नयाँ पुरानोजस्ता शब्दपत्ती दिएर दुई शब्द जोडी सिङ्गो शब्द बनाउने अभ्यास गराउनुहोस् । यसका लागि शिक्षकले 'सबैभन्दा पहिले म गर्छु' सिकाइ रणनीति उपयोग गरी शब्द निर्माण गरी देखाउनुहोस् ।

(ग) समूहलाईखेल खेल्ने पालो सुनिश्चित गर्नुहोस् । प्रत्येक समूहलाई दुई शब्द जोडेर सिङ्गो शब्द बनाई प्रस्तुत गर्न लगाउनुहोस् ।

(घ) सबैभन्दा पहिले कसले क्रियाकलाप पूरा गऱ्यो, अवलोकन गर्नुहोस् । तोकिएअनुसार सबैभन्दा राम्रोसँग कार्य गर्ने विद्यार्थीलाई स्याबासी दिनुहोस् । सिकाइमा समस्या हुने विद्यार्थी पहिचान गरी शिक्षकले पूर्ण सहयोग गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १४८ को क्रियाकलाप ३ को दुई शब्द जोडी सिङ्गो शब्द बनाउन लगाई परीक्षण गर्नुहोस् ।

खाली ठाउँमा मिल्दो शब्द भरेर नयाँ शब्द बनाउनुहोस् :

| | | |
|---|---|---|
| उदाहरण : ............कोट | (काली, हरियो) | = कालीकोट |
| (क) मिठो ............ | (ठुलो, मसिनो) | = .................................... |
| (ख) ............चाकु | (चर्को, घिउ) | = .................................... |
| (ग) ............बारी | (फूल, वन) | = .................................... |
| (घ) तातो............ | (पिरो, अमिलो) | = .................................... |

| | | | |
|---|---|---|---|
| (ङ) साँचो........... | (झुटो, हल्ला) | = | ................................. |
| (च) ...........पुरानो | (नौलो, नयाँ) | = | ................................. |
| (छ) ...........कार्य | (घर, गृह) | = | ................................. |
| (ज) जीव........... | (जन्तु, जोत) | = | ................................. |
| (झ) चिनी........... | (पात, पानी) | = | ................................. |

## क्रियाकलाप ४

(क) पाठमा दिइएको सूचना प्रदर्शन गरी छलफल गराउनुहोस् ।

(ख) शिक्षकले तयार पारेका आदरणीय, अभिभावक, निम्नलिखित, कार्यक्रम जस्ता शब्द प्रस्तुत गरी उच्चारण अभ्यास गराउनुहोस् ।

(ग) विद्यार्थीलाई पालौपालो अनुच्छेदपत्ती पढ्नलगाउनुहोस् ।

(घ) विद्यार्थीलाई के, कुन, कहिले आदि सन्दर्भ जोडेर प्रश्न गर्नुहोस् ।

(ङ) शिक्षकले आंशिक सहजीकरण गरी विद्यार्थीलाई प्रश्नपत्ती देखाउँदै उत्तर भन्न लगाउनुहोस् । सिकाइमा समस्या हुने विद्यार्थी पहिचान गरी थप अभ्यास गराउनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १४८ को क्रियाकलाप ४ गर्न लगाई मूल्याङ्कन गर्नुहोस् ।

मिति : २०७७।०८।०३

आदरणीय अभिभावकज्यू,

यस विद्यालयको अभिभावक दिवस निम्नलिखित मिति, समय र स्थानमा सम्पन्न हुँदै छ । उक्त दिनको कार्यक्रममा सहभागी भई बालबालिकाहरूको हौसला बढाइदिनुहुन अनुरोध छ ।

कार्यक्रम
मिति : २०७६।११।१०
स्थान : विद्यालयको प्राङ्गण
समय : दिनको ११ बजे

प्रधानाध्यापक
तथा
विद्यालय परिवार
श्री नेपाल आधारभूत विद्यालय
दुनै, डोल्पा

तलको सूचना पढेर सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

**(क) यो सूचना कुन मितिमा लेखिएको हो ?**

**(ख) कार्यक्रम कुन स्थानमा हुने रहेछ ?**

**(ग) केका अवसरमा कार्यक्रम राखिएको रहेछ ?**

## क्रियाकलाप ५

(क) पाठको चित्र प्रदर्शन गरेर किनमेलबारे छलफल गराउनुहोस् । छलफलका क्रममा किनमेल, थालकचौरा, डाडुपनिउँ, सेलरोटी, फलफूल, बाबुछोरा जस्ता दुई शब्दले बनेका शब्दका शब्दपत्ती प्रस्तुत गर्नुहोस् र शब्दोच्चारण गर्न लगाउनुहोस् ।

(ख) गति, यति मिलाएर पाठ पढ्न लगाउनुहोस् । पाठगत सन्दर्भ जोड्दै के, किनसँग सम्बन्धित प्रश्नोत्तर गराउनुहोस् ।यसका लागि सिकाइको क्रमिक रणनीति (शिक्षकले गरेर देखाउने, शिक्षक र विद्यार्थीले सँगसँगै गर्ने, विद्यार्थी विद्यार्थीसँगै अभ्यास गर्ने र विद्यार्थीलाई व्यक्तिगत रूपमा गर्न लगाउने) उपयोग गर्नुहोस् ।

(ग) कार्यपुस्तकमा दिइएका गाढा शब्दमा केन्द्रित भएर औँलाले देखाउँदै पढ्न उत्प्रेरित गर्नुहोस् र प्रश्नोत्तर पनि गर्नुहोस्,जस्तै : बुबाले घरका लागि के के किन्नुभयो ?

महिलाहरू कहाँ हिँडेका हुन् ? बुबाले कस्ता खानेकुरा खानु हुँदैन भन्नुभयो ?

(घ) विद्यार्थीले भनेका उत्तरलाई शैक्षणिक पाटीमा लेख्नुहोस् ।

(ङ) शिक्षकको पूर्ण सहयोगमा अलमलमा परेका विद्यार्थीलाई सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १४९ को क्रियाकलाप ५ गर्न लगाई मूल्याङ्कन गर्नुहोस् ।

सुन्नुहोस् र उत्तर भन्नुहोस् :

किनमेल

म आज बुबासँग बजार गएँ । बजारमा बुबाले घरका लागि चाहिने डाडुपनिउँ, काँटाचम्चा र थालकचौरा किन्नुभयो । बुबाले किनेका सामान बोक्न मैले सघाएँ । किनमेल सकेपछि मैले बुबालाई खाजा खाऔँ भनेँ । बुबाले बजारिया खानेकुरा खानुहुँदैन भन्नुभयो । मैले सेलरोटी खान्छु भनेँ । बुबाले बरु फलफूल खाऔँ भन्नुभयो । उहाँले मलाई स्याउ किनेर पखाल्न दिनुभयो । बाबुछोराले बाँडीचुँडी स्याउ खायौँ । मैले टाउकामा कलश राखेर हिँडेका महिलाहरूको लस्कर देखेँ । मलाई यो देखेर अचम्म लाग्यो । बुबालाई सोधेँ, “बुबा यिनीहरू कस्ता मानिस हुन् ?” बुबाले भन्नुभयो, “यिनीहरू कलशयात्रामा हिँडेका महिलाहरू हुन् ।” मैले आज बजारमा नयाँ कुरा देख्न पाएँ । त्यसपछि एक घण्टाको उकालो बाटो पार गर्दै हामी घर आइपुग्यौँ ।

(क) बुबाले बजारमा के के किन्नुभयो ?

(ख) बुबाले के खानुहुँदैन भन्नुभयो ?

(ग) महिलाहरूले किन टाउकामा कलश राखेर हिँडेका होलान् ?

## क्रियाकलाप ६

(क) पाठमा प्रयुक्त शब्दचार्ट प्रदर्शन गर्नुहोस् र शिक्षकले वाचन गरेर सुनाउनुहोस् । पहिलो पटक ढिलो गतिमा वाचन गर्नुहोस् र बिस्तारै वाचन गति बढाउनुहोस् ।

(ख) विद्यार्थीलाई घडी हेर्न लगाउनुहोस् र शिक्षकले सकेसम्म छिटो वाचन गर्नुहोस् । चार्टमा भएका शब्द कति समयमावाचन गरेर पूरा गर्नुभयो, विद्यार्थीलाई सोध्नुहोस् ।

(ग) शिक्षकले वाचन गरे जस्तै विद्यार्थीलाई वाचन गराउनुहोस् ।विद्यार्थीले कति समयमा वाचन गर्न सके, समय बताइदिनुहोस् । स्वयम् सिकाइको अवसर दिनुहोस् ।

(घ) विद्यार्थीलाईजोडी समूहमा विभाजन गर्नुहोस् । प्रत्येक जोडी समूहलाईपालैपालो घडी हेरी शब्दचार्टमा भएका शब्द उच्चारण गराउनुहोस् । कसले कति समयमा वाचन पूरा गरे, टिपोट गर्नुहोस् । यसरी प्रतिस्पर्धात्मक तरिकाले शब्दहरू उच्चारण गराउनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १४९ को क्रियाकलाप ६ वाचन गर्न लगाएर पठन प्रवाहको सन्दर्भमा मूल्याङ्कन गर्नुहोस् ।

छिटो छिटो पढ्नुहोस् :




## क्रियाकलाप ७

(क) अभ्यासका शब्दपत्ती प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई पालैपालो उच्चारण अभ्यास गराउनुहोस् ।

(ख) विद्यार्थीलाई दुई दुई जनाको समूहमा विभाजन गर्नुहोस् । यी शब्द घिउचाकु, सेलरोटी, मासुभात, खिरपुरी, दुधभात, चक्कुखुर्पा, डाडुपनिउँ, काँटाचम्चा, थालकचौरा, कर्दकैँची पालैपालो एकले पढ्न र अर्कोले सुनेर लेख्ने अभ्यास गराउनुहोस् । दौँतरी सिकाइको अवसर दिनुहोस् ।

(ग) विद्यार्थीले लेखेको विषयवस्तु परीक्षण गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १४९ को क्रियाकलाप ७गराएर परीक्षण गर्नुहोस् ।

साथीले पढेको सुनेर कापीमा लेख्नुहोस् :

| | | | | |
|---|---|---|---|---|
| घिउचाकु | सेलरोटी | मासुभात | खिरपुरी | दुधभात |
| कर्दचक्कु | डाडुपनिउँ | काँटाचम्चा | थालकचौरा | हँसियानाम्लो |

## क्रियाकलाप ८



(क) शिक्षकले बनाएका वाक्यपत्ती प्रदर्शन गर्नुहोस् । त्यहाँ प्रयोग भएका पूर्णविराम, प्रश्नवाचक र उद्गार चिह्न प्रयोगका बारेमा विद्यार्थीसँग छलफल गर्नुहोस् ।

(ख) शिक्षकले प्रस्तुत गरेका नमुना वाक्यपत्तीहरू उच्चारण गर्न लगाउनुहोस् । चिह्नको प्रयोगअनुसार वाक्य उच्चारण गर्न सहजीकरण गर्नुहोस् ।

(ग) पूर्णविराम, प्रश्नवाचक र उद्गार चिह्नको प्रयोग कस्ता कस्ता वाक्यमा गर्न सकिन्छ भन्ने कुरा विद्यार्थीलाई स्पष्ट पार्नुहोस् ।

(घ) एउटा वाक्य लेखेर उपयुक्त चिह्न भर्ने अभ्यास गराउनुहोस् ।

(ङ) विद्यार्थीलाई खाली ठाउँमा उपयुक्त चिह्न भर्न समस्या भए शिक्षकको पूर्ण सहयोगमा सिकाइ सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १५० को क्रियाकलाप ८ गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।
मिल्दो चिह्न राखेर तलका वाक्य पूरा गर्नुहोस् :

(क) म बहिनीलाई माया गर्छु .................. ( । , ? )
(ख) तिमी कहिले आयौ ................................ ( ! , ? )
(ग) आत्था.................. कति तातो पानी । ( ! । ? )
(घ) म..................बुबा, भाइ र मामा मेला हेर्न गयौं । ( । , ? )

## क्रियाकलाप ९



(क) पाठको चित्र प्रदर्शन गरेर छलफल गर्नुहोस् ।

(ख) विद्यार्थीलाई वनमान्छे र सुनकेशरी बनेर कुराकानी गर्न लगाउनुहोस् ।

(ग) पाठ पढ्दा चित्र र सोको सन्दर्भ पहिचान गराउनुहोस् ।के, किन, कति, कसरी जस्ता चित्रका सन्दर्भका बारेमा प्रश्नोत्तरसमेत गराउनुहोस् ।

(घ) पाठमा आएका चामलपिठो, सागपात, आमाछोरी, नाचगान जस्ता दुई शब्द मिलेर बनेका शब्दको पहिचान र उच्चारणसमेत गराउनुहोस् । दौँतरी सिकाइमार्फत थप उच्चारण अभ्यास गराउँदै जानुहोस् ।

(ङ) अन्त्यमा साथी साथीबिच छलफल गर्दै पाठमा के के घटना रहेका छन् भनी लेख्न लगाउनुहोस्, अवलोकन गर्नुहोस् । आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १५० को क्रियाकलाप ९ गर्न लगाई मूल्याङ्कन गर्नुहोस् । गर्नुहोस् ।

पालैपालो कुराकानी गर्नुहोस् र के के भयो, कापीमा लेख्नुहोस् :

| | | |
|---|---|---|
| वनमान्छे | : | सुनकेशरी आऊ, हामी वनभोज जाऔँ । |
| सुनकेशरी | : | हुन्छ, म आउँछु । चामलपिठो र सागपात पनि लैजानुपर्छ कि ? टाढाको बाटामा के पर्छ के ? |
| वनमान्छे | : | हुन्छ नि त । सबै छिमेकीलाई पनि बोलाऔँ । हाँसखेल र नाचगान गर्दै जाऔँला । ( सुनकेशरीले सबैलाई बोलाइन् । सबै नाचगान गर्दै उकालो लागे । उकालामा जाँदाजाँदै एउटी महिला रुँदै ओरालो झरिन् ।) |
| महिला | : | लौन नि ! मेरी छोरी हराई । कसैले देख्नुभयो कि ? |
| सुनकेशरी | : | दिदी के भयो ? छोरी कत्री थिइन् ? के लगाएकी थिइन् ? |
| महिला | : | उनी सानी थिइन् । उनले रहर गरिन् । मैले सारीचोलो लगाइदिएकी थिएँ । उनले गाजल टिकी पनि लगाएकी थिइन् । आजै कति राम्री पारेकी थिएँ ! आजै छोरी हराइन् । |
| सुनकेशरी | : | हाम्रा साथीसँग आएकी छन् कि ? सोध्नुहोस् न । |
| महिला | : | हजुरका साथीले कानमा मुन्द्री लगाउनुभएको छ । हातमा भाला बोक्नुभएको छ । मलाई त उहाँहरूलाई हेर्दा नै डर लाग्छ । |
| सुनकेशरी | : | डराउनुपर्दैन । म पनि भनौँ त । |
| महिला | : | हुन्छ बहिनी । |
| | | (सुनकेशरी नाचगान भएतिर लागिन् । सानी नानी त त्यहीँ नाच्दै रहिछिन् । सुनकेशरीले नानी बोकेर आइन् ।) |
| सानी | : | आमा ! म यहाँ छु । |
| | | (महिलाले आँसु पुछिन्।) |
| महिला | : | (नानीलाई अँगालो हाल्दै) धन्यवाद । तपाईंहरू धेरै असल हुनुहुँदो रहेछ । म तपाईंहरूलाई कहिल्यै बिर्सने छैन । |

## क्रियाकलाप १०

(क) विद्यार्थीसँग पृ. स. १५१ को अन्तिम क्रियाकलापका बारेमा छलफल गराउनुहोस् । तालिकामा दिइएका शब्द उपयोग गरी वाक्य बनाउन लगाउनुहोस् ।यस क्रममा शब्दपत्ती र आवश्यकतानुसार वाक्यपत्ती उपयोग गर्नुहोस् ।

(ख) शब्द राखी वाक्य बनाउने क्रममा पाठ्यपुस्तकमा दिइएको सम्बन्धित क्रियाकलाप, जस्तै : फलफूल : भाइलाई फलफूल मन पर्छ। यसरी वाक्य बनाएर शैक्षणिक पाटीमा लेख्नुहोस् । प्रत्येक विद्यार्थीलाई पालैपालो त्यस्तै वाक्य बनाएर भन्न लगाउनुहोस् ।

(ग) विद्यार्थीलाई ती वाक्य कापी लेख्न लगाउनुहोस् । सङ्गति नमिलेको वाक्यमा शिक्षकले आंशिक सहयोग गर्दै जानुहोस् ।

(ग) वाक्य बनाई लेख्न समस्या भएका विद्यार्थी पहिचान गरी एकल वा समूहमा पटक पटक अभ्यास गराउनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १५० को क्रियाकलाप १० गर्न लगाएर परीक्षण गर्नुहोस् ।
तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

| | |
|---|---|
| फलफूल | : ........................................................................................ |
| दुधभात | : ........................................................................................ |
| राडीपाखी | : ........................................................................................ |
| सेलरोटी | : ........................................................................................ |
| खिरपुरी | : ........................................................................................ |
| घिउचाकु | : ........................................................................................ |

## क्रियाकलाप ११

(क) शिक्षकले विद्यार्थीलाई पृ.स. १५२ को दोस्रो क्रियाकलापबारे छलफल गर्न लगाउनुहोस् । छलफलका क्रममा विद्यार्थीसँग बल, अँगार, जिउ, कोसेली, मुलुक, दम्पती शब्द र यसका अर्थका बारेमा छलफल गर्नुहोस् । विद्यार्थीसँग छलफल भएका शब्द र मिल्ने अर्थ शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ख) शब्द र अर्थबिच जोडा मिलाउने अभ्यास गराउनुहोस् । यसका लागि शब्दपत्ती र अर्थपत्ती उपयोग गर्नुहोस् ।स्वयम् सिकाइको अवसर दिनुहोस् ।

(ग) शब्द र तिनले दिने अर्थलाई छ्यासमिस गरेर राख्नुहोस् । विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् ।ती

छ्यासमिस गरिएका अर्थपत्तीबाट शब्दसँग मिल्ने अर्थ पत्ता लगाउन भन्नुहोस्।विद्यार्थी अभ्यस्त नभएसम्म बारम्बार अभ्यास गराउनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १५२ को क्रियाकलाप ११ गर्न लगाएर परीक्षण गर्नुहोस् ।

**मिल्ने अर्थसँग जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| बल | पतिपत्नी |
| अँगार | शक्ति |
| जिउ | राष्ट्र |
| कोसेली | गोल |
| मुलुक | उपहार |
| दम्पती | शरीर |

## क्रियाकलाप १२



(क) पाठमा प्रयोग भएको चित्र प्रदर्शन गर्नुहोस् र छलफल गराउनुहोस् ।

(ख) विद्यार्थीलाई पालैपालो गति, यति मिलाएर पाठ पढ्न लगाउनुहोस् । पढाइमा विद्यार्थीलाई कठिनाइ भए आवश्यक सहजीकरण गर्नुहोस् ।

(ग) पाठमा प्रयुक्त रातो रङ लगाइएका शब्द कापीमा लेख्न लगाउनुहोस् ।

(घ) कापीमा टिपोट गरिएका शब्दहरूको उच्चारण अभ्यास गराउनुहोस् ।

(ङ) अनुच्छेद पठन, रातो रङ लगाइएको शब्दको अनुलेखन र उच्चारणमा समस्या भए शिक्षकले आंशिक सहयोग गरी सिकाइ सहजीकरण अगाडि बढाउनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १५२ को क्रियाकलाप १२ गर्न लगाई मूल्याङ्कन गर्नुहोस् ।

**पढ्नुहोस् र बोल्ड गरिएका शब्द कापीमा लेख्नुहोस् :**

**रामलाल** विद्यालयबाट घर पुगे । उनले पोसाक फेरे । आजको खाजा के होला भनेर **भान्सातिर** हेरे । डेक्चीभरि भुटेको **मकैभटमास** देखे । त्यसलाई कचौरामा हालेर **कुरुमकुरुम** खाए । आँगनमा **कल्याङमल्याङ** आवाज सुने । झ्याल खोलेर हेर्दा उसका मिल्ने **साथीभाइ** छिरिङ र प्रहरलाई देखे । रामलालको **बोलीवचन** असाध्यै राम्रो छ । उनी आफूसँग भएका **मिठोमसिनो** खानेकुरा बाँडेर खान्छन् । उनका यस्ता **आनीबानी**लाई घर र विद्यालय दुवैतिर प्रशंसा गर्छन् । रामलालले दुवै जना साथीलाई **चियाखाजा** खुवाए । त्यसपछि उनीहरू चउरतिर खेल्न हिँडे ।

## क्रियाकलाप १३

(क) विद्यार्थीलाई पदसङ्गतिका बारेमा जानकारी गराई खाली ठाउँमा मिल्ने शब्द राखेर वाक्य पूरा गर्ने अभ्यास गराउनुहोस् ।

(ख) शिक्षकले पाठमा प्रयुक्त वाक्य शैक्षणिक पाटीमा लेख्नुहोस् र विद्यार्थीलाई पढ्न लगाउनुहोस् । विद्यार्थीसँग वाक्यका बारेमा प्रश्नोत्तर गर्नुहोस् । के यो वाक्य पूरा छ ? हिट एन्ड ट्रायल विधिबाट क्रियापद (किन्लिन्, किन्नुहुने छ) राखेर उपयुक्त वाक्य बनाउन लगाउनुहोस् ।

जस्तै : तँ सन्चै हुनुहुन्छ ? मिलेन

तिमी सन्चै हुनुहुन्छ ? मिलेन

तपाईं सन्चै हुनुहुन्छ ? मिल्यो

(ग) यस विधिबाट वाक्य पूरा गर्न लगाउँदा विद्यार्थीमा आत्मविश्वास बढ्ने छ ।

(घ) यसैगरी बाँकी वाक्य पूरा गर्न लगाउनुहोस् । खाली ठाउँमा उपयुक्त शब्दावली भरेमा स्याबासी दिनुहोस् । खाली ठाउँ भर्न अलमल हुने विद्यार्थी पहिचान गरी आंशिक सहयोगसहित सिकाइ सहजीकरण गर्नुहोस् ।

### मूल्याङ्कन

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १५२ को क्रियाकलाप १३ गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

**खाली ठाउँमा मिल्दो शब्द भरेर वाक्य पूरा गर्नुहोस् :**

(क) ................................................ सन्चै हुनुहुन्छ ? (तपाईं, तँ, तिमी)

(ख) ................................................ फुटबल खेल्छिन् । (बहिनी, भाइ, दिदी)

(ग) ................................................ कता हिँडेकी ? (तँ, तपाईं, उहाँ

(घ) ................................................ इमानदार छौ । (तिमीहरू, उनी, तिनी)

(ङ) ................................................ बजार जानुहुन्छ । (तिमी, तँ, उहाँहरू)

## क्रियाकलाप १४

(क) पाठमा प्रयुक्त चित्र प्रदर्शन गर्नुहोस् । चित्रमा के के भएको देखिन्छ, छलफल गर्नुहोस् ।

(ख) विद्यार्थीलाई दुई शब्दले बनेका सिङ्गा शब्दका शब्दपत्ती वितरण गर्नुहोस् । ती शब्दलाई पालैपालो उच्चारण गर्न लगाउनुहोस् । त्यसपछि अर्थ खुल्ने गरी वाक्य निर्माण गर्न सहजीकरण गर्नुहोस् ।

(ग) 'टेलिभिजनमा दृश्य'रेकर्ड गरिएको पाठ सुनाउनुहोस् । विद्यार्थीले चित्र वर्णन गर्दा भनेका कुरा र मोबाइलमा सुनेका कुरा के के मिले, छलफल गर्नुहोस् ।

(घ) शिक्षकले कार्यपुस्तकमा भएको 'टेलिभिजनमा दृश्य'पाठ बिस्तारै सस्वरवाचन गरी सुनाउनुहोस् । त्यसपछि विद्यार्थीलाई पाठको अनुवाचन तथा सहवाचन गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीले उच्चारण गर्न नसकेका शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् । रेखाङ्कन गरेका शब्द जनाउने चित्र वा ठोस वस्तु प्रदर्शन गरी सँगसँगै शब्द उच्चारण गराउनुहोस् । राम्ररी उच्चारण गर्न नसकेसम्म अभ्यास गराउनुहोस् ।

(ङ) शिक्षकको आंशिक सहयोगसहित पाठमा भएका प्रश्नका उत्तर पाठमा नै पहिचान गर्न लगाउनुहोस् र प्रश्नोत्तर गर्न सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १५३ को "टेलिभिजनमा दृश्य' पाठ पढेर प्रश्नको उत्तर भन्न लगाउनुहोस् ।

**टेलिभिजनमा दृश्य**

मैले विद्यालयबाट फर्केपछि हातमुख धोएर खाजा खाएँ । एकछिन गृहकार्य गरेँ । मलाई टेलिभिजन हेर्न मन लाग्यो । मैले टेलिभिजन खोलेँ । टेलिभिजनमा नेपालको एउटा गाउँको दृश्य देखियो । गाउँका मानिसहरू नयाँनौला थिए । बालबच्चा आँगनमा खेल्दै थिए । केही मानिस बारीमा वरिपरि बसेर हाँसखेल गर्दै थिए ।

हेर्दाहेर्दै एक जना पाका मानिस देखिए । उनी हाँसखेल गर्दै गरेका मानिस भएतिर गए । उनी मुढामा टुसुक्क बसे । उनी भन्न थाले, "हेर बाबु हो ! मानिसले समय खेर फाल्नु हुँदैन । मितव्ययी बन्नुपर्छ । जोकोही दीन-दुःखीलाई सेवा गर्नुपर्छ ।

पाको मानिसका कुरा सुनेपछि ती मानिस हाँस्न छोडे । उनीहरू उनका कुरा सुन्न नजिकिए । उनी फेरि भन्न थाले, "बाबु हो ! हामीले साँचोझुटो छुट्याउन सक्नुपर्छ । साँचो बोल्ने सफल हुन्छ । झुटो बोल्नेले दुःख पाउँछ । हामीले राम्रा काम गरेर यो गाउँ सुन्दर बनाएका हौँ । तिमीहरूले यसलाई अझ सुन्दर बनाउनुपर्छ । गफ गरेर दिन नबिताओ है !"

मानिसहरू सचेत देखिए । टेलिभिजनमा हिमाल, पहाड र नदी देखिए । अन्नबाली, सागपात र हरिया जङ्गल देखिए । गाईवस्तु चराचुरुङ्गी देखिए । साँच्चै सुन्दर गाउँ देखियो । मेरो गृ हकाय ँ बाँ की न ै थिया ँ । म पनि टे लिभिजन बन्द गरे रपढ् ने को ठातिर लागेँ ।

**(क) टेलिभिजनमा के देखियो ?** ........................................................................................

**(ख) हामीले के के गर्नुपर्छ ?** ..........................................................................................

**(ग) म पात्र किन कोठातिर लागे ?** ........................................ ........................................

**(घ) गृहकार्य, दृश्य, आँगन, पाको, मितव्ययी शब्दको अर्थ शब्दकोशबाट खोजेर कापीमा लेख्नुहोस् ।**

## क्रियाकलाप १५

(क) शब्दपत्ती प्रदर्शन गर्दै विद्यार्थीलाई ६ समूहमा विभाजन गरी छलफल गराउनुहोस् ।

(ख) शिक्षकले प्रत्येक समूहलाई उस्तै प्रकृतिका तथा समूहमा नमिल्नेशब्द पहिचान गर्न लगाउनुहोस् । यस्ता शब्दको पटक पटक उच्चारण अभ्यास गराउनुहोस् । विद्यार्थीले भनेका सही उत्तर शैक्षणिक पाटीमा टिप्नुहोस् । दौँतरी सिकाइको अवसर दिनुहोस् ।

(ग) छलफलबाट प्राप्त शब्द टिपोट गर्दा समूह (अ) मा सुनचाँदी, समूह (आ) मा गहुँगोरा, समूह (इ) मा सागपात, समूह (ई) मा चारपाँच, (उ) मा नङमासु र (ऊ) मा आनीबानी अरूभन्दा फरक रहेको भन्ने उत्तर आउने कुरा विद्यार्थीबाट अपेक्षा गर्नुहोस् ।विद्यार्थीको धारणा स्पष्ट नभएसम्म कार्याकलाप सञ्चालन गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १५४ को क्रियाकलाप १५ गराएर मूल्याङ्कन गर्नुहोस् ।

**समूहमा नमिल्ने शब्द चिनेर गोलो घेरा लगाउनुहोस् र पढ्नुहोस् :**

| | | | |
|---|---|---|---|
| घामपानी | तातोपानी | सुनचाँदी | खानेपानी |
| अमिलोपिरो | तितोपिरो | गहुँगोरो | तातोपिरो |
| सेतोकालो | कालोनिलो | रातोसेतो | सागपात |
| हातपाउ | हाडछाला | चारपाँच | नङमासु |
| छसात | आठनौ | दुईतीन | तलमाथि |
| केटाकेटी | पतिपत्नी | आनीबानी | भालेपोथी |

## क्रियाकलाप १६



(क) 'अर्ती र बुद्धि' पाठमा आधारित चित्र प्रदर्शन गरी छलफल गर्नुहोस् ।

(ख) विद्यार्थीलाई दुई दुई जनाको समूहमा विभाजन गर्नुहोस् । यसपछि एक जनालाई'अर्ती र बुद्धि' पाठ पढ्न र अर्कोलाई सुनेर लेख्न लगाउनुहोस् । विद्यार्थीलाई प्रशस्त स्वयम् सिकाइको अवसर दिनुहोस् ।

(ग) विद्यार्थीले लेखेको विषयवस्तु परीक्षण गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १५४ को क्रियाकलाप १६गर्न लगाई मूल्याङ्कन गर्नुहोस्।

## क्रियाकलाप १७



(क) शिक्षकले सञ्चारका साधन (रेडियो, टेलिभिजन, पत्रपत्रिका) का बारेमा बताउनुहोस् ।

(ख) सञ्चारका साधनको उपयोगिताको नमुना देखाउनुहोस् । विद्यार्थीलाई स्वयम् सिकाइको अवसर दिनुहोस् ।

(ग) विद्यार्थीलाई आफूलाई मन सञ्चारका साधनका बारेमा लेख्न लगाउनुहोस् । लेखेका कुरा कक्षामा पालैपालो सुनाउन लगाउनुहोस् । लेख्न र सुनाउन समस्या हुने विद्यार्थी पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १५४ को क्रियाकलाप १७ गराएर परीक्षण गर्नुहोस् ।

**तपाईंलाई सञ्चारका साधनमध्ये कुन साधन मन पर्छ र किन, कापीमा लेख्नुहोस् ।**






# पाठ १९

## (ख) सिकाइ क्रियाकलापका आधार

यस पाठको सिकाइ सहजीकरण गर्नुपूर्व निम्नानुसारको पूर्वतयारी गर्नुहोस् :

| क्र. स. | विषयवस्तु | व्यवहारकुशल सिप | अनुमानित घन्टी | पाठ्य तथा पाठ्यपुस्तकको सम्बन्धित पृष्ठसङ्ख्या |
|---|---|---|---|---|
| १. | दुईओटा शब्द जोडी सिङ्गो शब्द निर्माण वा शब्द छुट्याउन | • प्रयोग सिप (S1.1)<br>• समय व्यवस्थापन सिप(S2.4)<br>• सञ्चार सिप (S3.1)<br>• सहकार्य सिप (S3.2)<br>• दृश्य साक्षरता सिप (S4.3)<br>• विविधताको सम्मान र अन्तरसांस्कृतिक बुझाइ सिप (S5.2)<br>• राष्ट्रिय पहिचान र अपनत्वका अनुभूति (S5.5) | ७ | पृष्ठ १५५ देखि १६२ सम्म |
| २ | विषयक्षेत्रगत मूल्याङ्कन | | १ | पृष्ठ १६३ र १६४ |

| पठन तत्त्व | क्रियाकलापको आधार | क्रियाकलापको सङ्केत र क्रम | सिकाइ सामग्री |
|---|---|---|---|
| १. ध्वनि सचेतीकरण | **शिक्षकको पूर्ण सहयोग** |  १ | १.पाठमा प्रयुक्त शब्दका शब्दपत्तीहरू (घरबारी, बाँसघारी, मेलापात ...)<br>२. पाठमा प्रयुक्तचित्र वा पोस्टर<br>३. तोकएको कविता लेखिएको चार्ट<br>४.श्रव्य वा श्रव्यदृश्य सामग्री (मोबाइल वा अन्य कुनै माध्यमबाट रेकर्ड गरिएको गीत वा कविता) |
| २. दृश्यबोध | **दौँतरी सिकाइ** |  २ | १. तेल, बिस्कुट आदिको खोल<br>२. शब्दचित्रपत्ती |
| ३. लेख्यवर्ण सचेतीकरण | **स्वयम् सिकाइ** |  ३ | १. पाठमा प्रयुक्त र अन्य शब्दका शब्दपत्तीहरू<br>(फेलपास, हारजित, किनमेल, घरदैलो) |
| ४. पठनबोध | **शिक्षकको आंशिक सहयोग** |  ४ | १.शब्दचित्रपत्ती<br>२. मोबाइल वा अन्य माध्यमबाट रेकर्ड गरिएको पाठ<br>३. प्रश्नोत्तरपत्ती |

| | | | |
|---|---|---|---|
| ५. लेख्यवर्ण सचेतीकरण | **शिक्षकको आंशिक सहयोग** |  ५ | १. शब्दपत्ती<br>२. शब्द तालिका |
| ६. कार्यमूलक व्याकरण | **शिक्षकको आंशिक सहयोग** |  ६ | १. शब्दपत्ती<br>२. वाक्यपत्ती |
| ७. शब्दभण्डार | **दौंतरी सिकाइ** |  ७ | १. शब्दपत्ती |
| ८. शब्दभण्डार | **शिक्षकको आंशिक सहयोग** |  ८ | १.शब्दपत्ती<br>२. वाक्यपत्ती |
| ९. लेखाइ | **शिक्षकको आंशिक सहयोग** |  ९ | १. शब्दपत्ती<br>२. वाक्यपत्ती<br>३. शुभकामना कार्ड |
| १०. कार्यमूलक व्याकरण | **शिक्षकको आंशिक सहयोग** |  १० | १. शब्दपत्ती<br>(खन्, खन्छ, खन्यो, खन्ने छ .....) |
| ११. लेखाइ | **स्वयम् सिकाइ** |  ११ | १.वाक्यपत्ती<br>२. अनुच्छेद चार्ट |
| १२. कार्यमूलक व्याकरण | **शिक्षकको पूर्ण सहयोग** |  १२ | १. चिह्नपत्ती, शब्दपत्ती<br>२. नमुना वाक्यपत्ती |
| १३. पठनबोध | **शिक्षकको आंशिक सहयोग** |  १३ | १. शब्दपत्ती<br>२. नमुना प्रश्नोत्तरपत्ती<br>३. पाठमा प्रयुक्तचित्र वा पोस्टर<br>४. मोबाइल वा अन्य माध्यमबाट रेकर्ड गरिएको पाठ |
| १४. शब्दभण्डार | **शिक्षकको आंशिक सहयोग** |  १४ | १. शब्दपत्ती (मलजल, हावाहुरी, तलमाथि, तातोपानी, घामपानी, चिसोपानी)<br>२. वाक्यपत्ती |
| १५. लेखाइ | **स्वयम् सिकाइ** |  १५ | १. वाक्यपत्ती<br>२. अनुच्छेद चार्ट |
| १६. शब्दभण्डार | **दौंतरी सिकाइ** |  १६ | १. शब्दपत्ती<br>२. कवितापत्ती |
| १७. लेखाइ | **शिक्षकको आंशिक सहयोग** |  १७ | १. शब्दपत्ती<br>२. वाक्यपत्ती<br>३. अनुच्छेद चार्ट |
| **विषयगत मूल्याङ्कन** | |  | पाठ्यपुस्तक |

## (ग) सिकाइ क्रियाकलाप

### क्रियाकलाप १

(क) पाठमा प्रयुक्त चित्र वा पोस्टर प्रदर्शन गरी छलफल गर्नुहोस् । चित्रमा के के छन् ? यस्तो चित्र कतै देख्नुभएको छ ?चित्रमा कतिओटा जनावर छन् ? जस्ता प्रश्नोत्तर गरेर विषयवस्तु सुरु गर्नुहोस् । विद्यार्थीले भनेका कुरा शैक्षणिक पाटीमा लेख्नुहोस् ।

(ख) शिक्षकले तयार पारेका शब्दपत्ती प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई शब्द उच्चारण गर्न लगाउनुहोस् ।

(ग) शिक्षकले 'यही हो नेपाल' कवितापत्ती प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई गति, यति, लय र हाउभाउसहित गाएर सुनाउनुहोस् । त्यसपछि विद्यार्थीसँगै गाउनुहोस् । लयबद्ध वाचनमा समस्या भएका विद्यार्थीलाई उपयुक्त चिह्न, सङ्केत र क्रियाकलापको उपयोग गरी थप सिकाइको अवसर प्रदान गर्नुहोस् । यस क्रममा क्रमिक सिकाइ रणनीति (शिक्षकले गरेर देखाउने, शिक्षक र विद्यार्थीले सँगसँगै गर्ने, विद्यार्थी विद्यार्थीसँगै अभ्यास गर्ने र विद्यार्थीलाई व्यक्तिगत रूपमा गर्न लगाउने)उपयोग गर्नुहोस् ।

(घ) शिक्षकले प्रदर्शन गरेका शब्दपत्ती कापीमा लेख्नुहोस् र उच्चारण गर्नुहोस् ।दुई शब्द जोडेर बनेका सिङ्गो शब्द जानकारी गराउँदै छलफल गराउनुहोस्। यसैगरी दुई शब्द जोडेर सिङ्गो शब्द निर्माण गर्न र उक्त शब्द छुट्याएर भन्ने अभ्यास गराउनुहोस् ।

(ङ) ध्वनि सचेतीकरणका क्रममा शिक्षकले पूर्ण सहयोग गर्नुहोस् ।

**मूल्याङ्कन**

१. पाठ्यपुस्तकको पृ.स. १५५ को 'यही हो नेपाल' कविता गति, यति र लय हालेर सुनाउन लगाउनुहोस् ।

**यही हो नेपाल**

हात्ती र गैंडा खेल्दछन् रमाई सौराहा वनमा
डाँफे र मैना नाच्दछन् सधैँ आनन्दी मनमा
जे रोपे पनि फल्दछ साथी यो घरबारीमा
श्रमकै गीत गाउँछन् चरा त्यो बाँसघारीमा ।

मेलापात जाँदा गुन्जिन्छ गीत लैबरी भाकामा
खनजोत गर्दा लाइन्छ मित ती वनपाखामा
मानिस यहीँ जीवजन्तु यहीँ एउटै छ वासस्थान
बाघ र भालु मिलेर गर्छन् जङ्गलको गुणगान ।

लाग्दैन रोग लाग्दैन भोक फूलबारी डाक्टर
नुनचिनी पानी खाएमा भाग्छ सामान्य बिमार
हिमाल टिभी रेडियो हावा नदी छन् विशाल
सुगा र मैना बसेर गाउँछन् यही हो नेपाल ।

२. 'यही हो नेपाल' कवितामा प्रयोग भएका मुख्य शब्दलाई कापीमा लेखेर देखाउन लगाउनुहोस् ।

## क्रियाकलाप २



(क) शिक्षकले ल्याएका बिस्कुट, तेल, साबुन आदिका खोल प्रदर्शन गरी छलफल गर्नुहोस् । विद्यार्थीलाई विद्यालय नजिकैको कुनै पसलबाट बिस्कुटको खोल वा अन्य यस्तै कुनै रङ्गिन कागजको खोल खोजेर ल्याउन लगाउनुहोस् ।

(ख) विद्यार्थी ल्याएका खोलमा के लेखिएको रहेछ ? पालैपालो पढेर भन्न लगाउनुहोस् । दौँतरी सिकाइको अवसर दिनुहोस् ।

(ङ) अनुमान, पूर्वानुमान गर्न लगाएर चित्र वर्णन गराउनुहोस् । यस क्रममा सामान्य वाक्य गठन, पदसङ्गति मिले नमिलेकोसम्बन्धमा विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १५५ को क्रियाकलाप २ को चित्र प्रदर्शन गरी वर्णन गर्न लगाउनुहोस् ।
**नजिकको पसलबाट कुनै एउटा सामान राखेको रङ्गीन पोकाको (तेल, बिस्कुट वा अन्य कुनै) खोल ल्याउनुहोस् । त्यसमा लेखिएका कुराका बारेमा कक्षाका साथीलाई बताउनुहोस् ।**

## क्रियाकलाप ३



(क) शिक्षकले तयार पारेका शब्दपत्ती प्रदर्शन गरी उच्चारण गर्न लगाउनुहोस् ।

(ख) दिइएका पिह्नविलमा भएका फेलपास, नाफानोक्सान, हारजित, किनबेच, घरदैलो, आँटपिठो, डाँडामाथि, पाखापखेरा जस्ता शब्द जोडीको उच्चारण गर्दा समस्या भएमा साथीले गरेको उच्चारण सुन्न लगाउनुहोस् । साथीले गरे जस्तै गरी शब्दको उच्चारण गर्न लगाउनुहोस् ।


(ग) यसरी एक जनाले शब्द पढ्दा अर्को साथीलाई समय हेर्न लगाउनुहोस् । शब्द पढ्न कति समयलाग्यो, समय टिपोट गर्न लगाउनुहोस् । यो अभ्यासकक्षाकासम्पूर्ण विद्यार्थीलाई गराई स्वयम् सिकाइको अवसर दिनुहोस् ।

(घ) विद्यार्थीलाई शब्दको उच्चारणमा समस्या भएमा तथानाफा वा नोक्सान, हार वा जित झैँ शब्द शब्द छुट्याएर लेख्न शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १५५ को क्रियाकलाप ३ गर्न लगाएर परीक्षण गर्नुहोस् ।

**पढ्नुहोस् र शब्द शब्द छुट्याएर लेख्नुहोस् :**




## क्रियाकलाप ४

(क) पाठको चित्र प्रदर्शन गर्नुहोस् र छलफल गराउनुहोस् ।

(ख) 'रेडियो र टेलिभिजन' पाठमा दुई शब्द मिलेर बनेका सिङ्गो शब्दका बारेमा छलफल गर्न लगाउनुहोस् । यस क्रममा श्रव्यदृश्य (मोबाइल वा अन्य कुनै माध्यमबाट रेकर्ड गरिएको श्रव्यदृश्य सामग्री) को पनि उपयोग गर्नुहोस् । त्यसपछि 'रेडियो र टेलिभिजन' पाठ सस्वरवाचन गरी सुनाउनुहोस् ।

(ग) शिक्षकले 'रेडियो र टेलिभिजन' पाठ सस्वरवाचन गरी मोबाइल फोनमा रेकर्ड गरी सुनाउँदा दुई शब्द मिलेर बनेका सिङ्गोशब्दलाईपटक पटक उच्चारण गरी सुनाउनुहोस् । शब्दबाट शब्द शब्द छुट्याउने अभ्यास पनि गराउनुहोस् ।

(घ) विद्यार्थीलाई पाठको अनुवाचन गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीले उच्चारण गर्न नसकेका शब्द भन्न लगाई टिपोट गर्नुहोस् । सम्भव भएमा टिपोट गरेका शब्द जनाउने चित्र प्रदर्शन गर्दै शब्द सँगसँगै उच्चारण गराउनुहोस् ।

(ङ) शिक्षकले 'रेडियो र टेलिभिजन'पाठ पढिसकेपछि कुनै एउटा 'के, किन, कसरी' जस्ता प्रश्नोत्तर गर्नुहोस् । प्रश्नको उत्तर बताउन नसक्ने विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

(च) 'रेडियो र टेलिभिजन' पाठ पढ्न लगाई पाठगत प्रश्नोत्तर गर्ने क्रममा शिक्षकले आंशिक सहयोग गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १५६ को क्रियाकलाप ४ गर्न लगाई मूल्याङ्कन गर्नुहोस् ।

**पढ्नुहोस् र उत्तर भन्नुहोस् :**

**सञ्चारका साधन**

देशविदेशका घटनालाई जानकारी दिने माध्यमलाई सञ्चार भनिन्छ । सञ्चार माध्यममा पत्रपत्रिका, रेडियो, टेलिभिजन आदि पर्छन् । हामीले पत्रपत्रिकाका समाचार पढेर जानकारी लिन्छौँ । हामीले रेडियोमा समाचार सुनेर जानकारी लिन्छौँ । टेलिभिजनमा चाहिँ सुन्ने र हेर्ने दुवै काम हुन्छ । हामी सबैले रेडियो र टेलिभिजन देखेकै छौँ । रेडियो टेलिभिजनभन्दा सानो हुन्छ । रेडियोमा मानिस बोलेको मात्र सुनिन्छ । टेलिभिजनमा बोल्ने मानिसहरूलाई देख्न पनि पाइन्छ । रेडियो र टेलिभिजनबाट प्रसारण गरिने कार्यक्रममा समानता पनि हुन्छन् । रेडियो र टेलिभिजन दुवैमा समाचार, गीत, नाटक जस्ता कार्यक्रम प्रसारण हुन्छन् । नाच जस्ता दृश्यसँग सम्बन्धित कार्यक्रम चाहिँ टेलिभिजनबाट मात्र प्रसारण

गर्न सकिन्छ । विद्युत् सेवा पुगेका ठाउँमा टेलिभिजनको प्रसारण पुऱ्याउन सकिन्छ । रेडियोका लागि सामान्य ब्याट्री मात्र भए पनि पुग्छ । रेडियो र टेलिभिजनका मुख्य फरक यिनै हुन् ।
(क) हामी के पढेर जानकारी लिन्छौं ?
(ख) टेलिभिजनबाट कसरी सूचना पाउन सकिन्छ ?
(ग) रेडियो किन सबैतिर पुगेको छ ?

## क्रियाकलाप ५



(क) शिक्षकले रातदिन, साँझबिहान जस्ता शब्द प्रदर्शन गरी उच्चारण अभ्यास गराउनुहोस् । रात शब्दका पछाडि, बिहान शब्दका अगाडि खाली ठाउँ राखेर शब्द थपी समस्त शब्द लेख्ने अभ्यास गराउनुहोस् ।

(ख) विद्यार्थीलाई कार्यपुस्तकको पृ.स. १५६ को खाली ठाउँमा मिल्ने शब्द थपेर पूरा गर्न निर्देशन दिनुहोस् ।

(ग) विद्यार्थीलाई यसका लागि खाली ठाउँमा मिल्ने शब्द राखी बनाएका शब्दपत्ती दिएर अभ्यास गराउनुहोस्,
जस्तै : सुनचाँदी, निलोकालो, जाडोगर्मी तातोचिसो, चिनीपानी, कलशयात्रा, गाईजात्रा, हिजोआज र रातदिन । यी शब्दलाई पटक पटक उच्चारण गर्दै लेख्न लगाउनुहोस् ।

(घ) विद्यार्थीले खाली ठाउँमा उपयुक्त शब्द लेखे नलेको अवलोकन गर्नुहोस् । आवश्यक परेमा आंशिक सहयोगसहित सिकाइ सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १५६ को क्रियाकलाप ५ गर्न लगाई मूल्याङ्कन गर्नुहोस् ।

**मिल्ने शब्द थपेर लेख्नुहोस् र पढ्नुहोस् :**
तातोपिरो ..................चाँदी ..................कालो ..................चिसो .................गर्मी
.................पानी ................. यात्रा ................. जात्रा .................. आज ..................दिन

## क्रियाकलाप ६



(क) पाठ्यपुस्तकको पृ. स. १५७ को क्रियाकलाप ६ गर्न उत्प्रेरित गर्नुहोस् । यहाँदिइएका कर्तासँग खाना शब्द जोड्दै सोअनुसार मिल्ने क्रियापदबिचजोडा मिलाउन लगाई उच्चारण अभ्यास गराउनुहोस् ।

(ख) जोडा मिलाइएका वाक्यलाई कापीमा लेख्न लगाउनुहोस् ।

(ग) यसका लागि शिक्षकले नमुना प्रस्तुत गर्नुहोस् जस्तैः तैंले, खाना, खाइस् लाई तैंले खाना खाइस् भनी अभ्यासगर्न प्रेरित गर्नुहोस् । यस्तै, अन्य अभ्यास गर्न प्रेरित गर्नुहोस् । विद्यार्थीलाई आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

(घ) वाक्यका प्रयोग भएका पूर्णविराम र प्रश्न चिह्नका बारेमा छलफल गर्नुहोस् । विद्यार्थीले बनाएका उत्तर मिले नमिलेको परीक्षण गर्नुहोस् । वाक्य निर्माणमा समस्या भएमा शिक्षकले आंशिक सहयोग गरी सिकाइ सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १५७ को क्रियाकलाप ६ गर्न लगाउनुहोस् र परीक्षण गर्नुहोस् ।

**तलको तालिकाबाट वाक्य बनाउनुहोस् र लेख्नुहोस् :**

| | | |
|---|---|---|
| तैंले | | खाइस् ? |
| मैले | | खायौं । |
| बहिनीले | | खायौ ? |
| तिमीहरूले | खाना | खाएँ । |
| आमाले | | खाइन् । |
| हामीले | | खानुभयो । |

## क्रियाकलाप ७



(क) विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १५७ को अन्तिमक्रियाकलापका बारेमा स्वअनुमान गर्न लगाउनुहोस् । थोरै बुझाउने र धेरै बुझाउने शब्दको समूह बनाई शब्दपत्ती प्रदर्शन गर्नुहोस् ।

(ख) शिक्षकले निर्दिष्ट शब्दका शब्दपत्ती देखाउँदै उच्चारण गर्न लगाउनुहोस् । उच्चारणका क्रममा धेरै र थोरै बुझाउने शब्दको सूची तयार गर्न लगाउनुहोस् ।

(ग) यहाँ नमुनाका रूपमा मात्र शब्द दिइएकाले बाँकी अभ्यास दौंतरी सिकाइमार्फत नै गराउनुहोस् । विद्यार्थी स्पष्ट नभएसम्म आवश्यक सहजीकरण गर्नुहोस् ।

| **थोरै बुझाउने** | **धेरै बुझाउने** |
|---|---|
| कलम | चराहरू |
| यो | केटाहरू |

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १५७ को क्रियाकलाप ७ गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

**दिइएका शब्दहरू तालिकामा भर्नुहोस् :**

कलम, कलमहरू, यो, यिनीहरू, किसान, हामी, हामीहरू, तिमीहरू, युवक, युवकहरू, ठिटो, ठिटाहरू, सेतो, सेता, रातो, राता, पिपल, किताब, किताबहरू

| थोरै बुझाउने | धेरै बुझाउने |
|---|---|
| चरो | चराहरु |
| | |

## क्रियाकलाप ८

(क) शिक्षकले उस्तै अर्थ आउने शब्द प्रयोग भएको अनुच्छेद चार्ट प्रदर्शन गरी सस्वर पठन गराउनुहोस् । उस्तै उस्तै अर्थ आउने शब्द खोज्न लगाई उच्चारण अभ्यास गर्न लगाउनुहोस् ।

(ख) पाठ्यपुस्तकको पृ.स. १५७ को क्रियाकलाप ८ मा रातो रङमा दिइएका शब्द पहिचान गरी उच्चारण गर्न लगाउनुहोस् ।

(ग) शिक्षकले उस्तै अर्थ दिने शब्दार्थपत्ती पनि शैक्षणिक पाटीमा देखाउनुहोस् ।

(घ) उस्तै अर्थ दिने शब्दको पनि उच्चारण गरी लेख्न लगाउनुहोस् । शब्दभण्डार सिकाइका क्रममा शिक्षकले आंशिक सहयोग गर्नुहोस् ।

(ङ) शिक्षकले क्रियाकलापामा रहेका उस्तै अर्थ दिने शब्दपत्ती (समय : बेला,वन : जङ्गल, खोलो : नदी, राम्रो : सुन्दर, आमाबुबा : मातापिता, खुसी : सुखी)प्रदर्शन गर्नुहोस् । विद्यार्थीमा उस्तै अर्थ दिने शब्दको धारणा स्पष्ट नभएसम्म अभ्यास गराउनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १५८ को क्रियाकलाप ८ को अभ्यास गराएरमूल्याङ्कन गर्नुहोस् ।

**बोल्ड अक्षरमा लेखिएका शब्दका उस्तै अर्थ आउने अर्को शब्द लेख्नुहोस् :**

पूर्णिमा तीन कक्षामा पढ्छिन् । उनलाई फुर्सद भएको **समय**मा घुम्न मन पर्छ । शनिबारको दिन उनी **बगैँचा**मा डुल्थिन् । उनी कहिले **फूलबारी**तिर पनि पुग्थिन् । आफूभन्दा ठुला मान्छेसँग मात्र हिँड्डुल गर्ने उनको **राम्रो** बानी छ । आफ्नी छोरीको जिज्ञासुपन देखेर उनका **आमाबुबा** पनि **खुसी** हुनुहुन्छ ।

समय ................................... वन ...................................

खोलो ................................... राम्रो ...................................

आमाबुबा .............................. खुसी ...................................

## क्रियाकलाप ९

(क) विद्यार्थीलाई पाठ्यपुस्तकमा निर्दिष्ट क्रियाकलापको स्वपहिचान गर्न लगाउनुहोस् ।

(ख) शिक्षकले पाठमा भएको शुभकामना पढ्न उत्प्रेरित गर्नुहोस् । यसका लागि पाठ्यपुस्तकको शुभकामना वा अन्य कुनै विषयमा लेखिएको शुभकामना प्रस्तुत गर्नुहोस् र छलफल गराउनुहोस् ।

(ग) विद्यार्थीलाई शुभकामनामा पुनर्लेखन गरी नयाँ वर्षमा दिइने शुभकामनाको नमुना तयार गर्न लगाउनुहोस् । शुभकामना कार्ड निर्माणका क्रममा शिक्षकले आंशिक सहयोग गर्नुहोस् ।

(घ) विद्यार्थीले तयार गरेको शुभकामना कक्षामा टाँस्नुहोस् । राम्रो शुभकामना लेखेर ल्याउने विद्यार्थीलाई स्याबासी दिनुहोस् । लेखनमा अलमलमा परेका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १५८ को क्रियाकलाप ९ गर्न सके नसकेकोमूल्याङ्कन गर्नुहोस् ।

**हार्दिक शुभकामना**

श्री पवन परियारज्यू,

म्याङलुङ, तेह्रथुमविजयादशमी २०७८ को सुखद उपलक्ष्यमा यहाँ र यहाँको परिवारको सुख, स्वास्थ्य, समृद्धि एवम् प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

**हिमाल मावि परिवार**म्याङलुङ, तेह्रथुम

## क्रियाकलाप १०



(क) शिक्षकले हलन्त लागेका धातुहरू लेखेका शब्दपत्ती प्रदर्शन गरी उच्चारण अभ्यास गराउनुहोस् । वाक्यपत्तीका माध्यमबाट धातुबाट बनेका क्रियापदका बारेमा छलफल गराउनुहोस् ।

(ख) छलफलका क्रममा अहिलेको समय, बितेको समय र आउने समयसँग सम्बन्धित सन्दर्भ बताउँदै क्रियाकलापसँग जोड्नुहोस् ।

(ग) विद्यार्थीलाई पालैपालो 'खन्' धातुबाटखन्छ,खन्यो, खन्ने छ, भए झैं दिइएका धातुबाट क्रियापद बनाउने अभ्यास गराउनुहोस् । क्रियापद बनाउन असहज भए शिक्षकले आंशिक सहयोग गर्नुहोस् ।

(घ) विद्यार्थीले भनेका क्रियापदलाई शैक्षणिक पाटीमा लेखेर देखाउनुहोस् ।

| धातु | अहिलेको समय | बितेको समय | पछि हुने समय |
|---|---|---|---|
| रोप् | रोप्छ | रोप्यो | रोप्ने छ |
| गोड् | गोड्छ | गोड्यो | गोड्ने छ |
| उखेल् | उखेल्छ | उखेल्यो | उखेल्ने छ |
| पखाल् | पखाल्छ | पखाल्यो | पखाल्ने छ |

(ङ) शैक्षणिक पाटीमा टिपिएका शब्दले अहिलेको समय, बितेको समय र पछि आउने समयलाई सङ्केत गर्ने विषयमा छलफल गर्नुहोस् । कुनै विद्यार्थीलाई कुनै समस्या परे आवश्यक थप सिकाइ रणनीति अवलम्बन गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १५८ को क्रियाकलाप १० गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

**खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् :**

| खन् | खन्छ | खन्यो | खन्ने छ |
|---|---|---|---|
| रोप् | ...................... | .......... ........... | ............. .......... |
| गोड् | ....................... | ....................... | ........................... |
| पढ् | ....................... | ....................... | ........................... |
| पखाल् | ....................... | ....................... | ........................... |

## क्रियाकलाप ११

(क) पाठको चित्र प्रदर्शन गरी विद्यार्थीलाई छलफल गराउनुहोस् । पाठमा प्रयुक्त शब्दका शब्दपत्ती प्रदर्शन गरी उच्चारण गर्न लगाउनुहोस् ।

(ख) सिद्धको सिको पाठ गति, यति मिलाएर नमुना वाचन गर्नुहोस् र विद्यार्थीलाई पनि पालैपालो पढ्न लगाउनुहोस् ।

(ग) पाठमा रहेको पात्र बुद्धका ठाउँ तपाईं हुनुभएको भए सिद्धले भनेको मान्नुहुन्थ्यो ? जस्ता प्रश्न सोध्नुहोस् । विद्यार्थीलाई आफ्ना विचार लेख्न लगाउनुहोस् ।स्वयम् सिकाइको अवसर दिनुहोस् ।

(घ) विद्यार्थीले लेखेका स्वतन्त्र विचार फरक फरक हुने भएकाले सबैको उत्तरलाई ख्याल गर्दै उत्तर भन्न प्रोत्साहन गर्नुहोस् । लेख्न लगाएर अवलोकन गर्दै लेख्न गाह्रो पर्ने विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १५९ को क्रियाकलाप ११ गर्न लगाई मूल्याङ्कन गर्नुहोस् ।

**बुद्धको ठाउँमा तपाईं भएको भए के गर्नुहुन्थ्यो, कापीमा लेख्नुहोस् :**

**सिद्धको सिको**

बुद्ध र सिद्ध मिल्ने साथी हुन् । उनीहरू च्याउ खेती गर्थे । बुद्धले सिद्धलाई मित्र भनी बोलाए । सिद्धले बुद्धलाई हिँड जाऔँ भने । सिद्धले भने, “मित्र च्याउ बेचौँ । त्यो पैसाले कुखुराका चल्ला किनौँ । चल्ला ठुला हुन्छन् । तिनीहरूलाई बेचौँ । बाख्राका पाठा किनौँ । पाठा ठुला भएपछि बेचौँ । गाईको बाच्छी किनौँ । बाच्छी ठुलो भएपछि त्यसले अरू बाच्छीहरू पाउँछ । बाच्छी ठुला भएपछि ती पनि बेचौँ । त्यति गर्दा हामी पनि ठुला हुन्छौँ । हामीले पैसा बैङ्कमा जम्मा गरौँ । हुन्न त ?” बुद्धले सिद्धको सिको गर्लान् कि नगर्लान् ?

## क्रियाकलाप १२

(क) शिक्षकले बनाएका वाक्यपत्ती प्रदर्शन गर्नुहोस् । ती वाक्य लेख्य चिह्नलाई ख्याल गरी उच्चारण गर्न लगाउनुहोस् । त्यहाँ प्रयोग भएका पूर्णविराम, प्रश्नवाचक र उद्गार चिह्न प्रयोगका बारेमा विद्यार्थीसँग छलफल गर्नुहोस् ।

(ख) शिक्षकले प्रस्तुत गरेका नमुना वाक्यपत्तीहरू पुनः उच्चारण गर्न लगाउनुहोस् । चिह्नको प्रयोगअनुसार वाक्य उच्चारण गर्न सहजीकरण गर्नुहोस् ।

(ग) पूर्णविराम, प्रश्नवाचक र उद्गार चिह्नको प्रयोग कस्ता कस्ता वाक्यमा गर्न सकिन्छ भन्ने कुरा विद्यार्थीलाई थप उदाहरण दिई स्पष्ट पार्नुहोस् ।

(घ) केही वाक्य लेखेर उपयुक्त चिह्न भर्ने अभ्यास गराउनुहोस् ।

(ङ) विद्यार्थीलाई खाली ठाउँमा उपयुक्त चिह्न भर्न समस्या भए शिक्षकले पूर्ण सहयोग गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १५९ को क्रियाकलाप १२ गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

**मिल्दो चिह्न राखेर तलका वाक्य पूरा गर्नुहोस् :**

(क) आहा ...... कति रमाइलो मेला लागेछ । ( । , ! )

(ख) यो तिम्रो कलम हो ............ ( । , ? )

(ग) दिनेश ...... रमा र कला बजार गए । ( ! , ? )

(घ) मेरो घरमा कम्प्युटर छ ............. ( ! । ? )

## क्रियाकलाप १३

(क) पाठमा प्रयुक्त चित्र वा अन्य सान्दर्भिक चित्र प्रदर्शन गर्नुहोस् । के, को, कहाँ आदि प्रश्न गरी चित्रमा भएका कुराहरूलाई मौखिक प्रश्नोत्तर गराउँदै विषय प्रवेश गर्नुहोस् ।

(ख) शिक्षकले तयार पारेका साँझबिहान, केटाकेटी, आमाबाबा, घामपानी, जूनतारा जस्ता दुई शब्दले बनेका शब्दका शब्दपत्ती प्रस्तुत गर्नुहोस् र ती शब्दहरू पाठमा कहाँ छन् भनेर प्रश्न गर्दै शब्द खोज्न लगाई शब्द रेखाङ्कन गर्न लगाउनुहोस् । शब्दोच्चारण गर्न लगाई ती शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ग) पाठमा प्रयुक्त चित्र वर्णन गर्न लगाउनुहोस् । विद्यार्थीले वर्णन गरेका कुराहरूलाई कथात्मक बनाइदिनुहोस् । 'हावाले झन्डा उडाउन सकेन' कथा वाचन गरेर सुनाउनुहोस् । कथा सुनाउँदा आरोह, अवरोह, गति, यति, हाउभाउ र वाचनकलालाई विशेष जोड दिनुहोस् । जसबाट विद्यार्थीलाई कथा सुनिरहूँ जस्तो लागोस् ।

(घ) कथामा भएका पात्र र परिवेशका बारेमा भन्न लगाउनुहोस् र भन्न असमर्थ भए सहजीकरण गरिदिनुहोस् ।

(ङ) विद्यार्थीलाई पालैपालो सस्वर पठन गर्न लगाउनुहोस् । पठन गर्दा उच्चारणमा कठिन भएका शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् र शिक्षकले सहजीकरण गरिदिनुहोस् ।

(च) शिक्षकले पाठगत प्रश्नको उत्तर खोज्ने तरिकाबारे छलफल गर्नुहोस् । पाठ पढिसकेपछि कुनै एउटा 'के को' प्रश्नसँग सम्बन्धित उत्तर बताइदिनुहोस् ।

(छ) पाठमा भएका प्रश्नका उत्तर पाठमा पहिचान गर्न लगाउनुहोस् र प्रश्नोत्तर गर्न आंशिक सहयोगसहित सिकाइ सहजीकरण गर्नुहोस् ।

(ज) 'हावाले झन्डा उडाउन सकेन' पाठमा राम्रा लागेका कुरा बुँदागत टिपोट गर्न लगाई टिपोट गरिएका कुराहरू कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १६० क्रियाकलाप १३ मा भएको 'हावाले झन्डा उडाउन सकेन' पाठ पढी प्रश्नोत्तर लेख्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

**पढ्नुहोस् र उत्तर लेख्नुहोस् :**

### हावाले झन्डा उडाउन सकेन

पहाडमा एउटा सुन्दर गाउँ थियो । मानिसहरू साँझबिहान काम गथे ं । उनीहरू उकालो ओ र ालो गथे ं । ले कबे ँसी धाउनु उनीहरूको दिनचर्या थियो । के टाके टी पनि आमाबुबासँग तलमाथि गर्न गा1/4l सा1/4l मान्दै नथे ।

सुमन पनि त्यही गाउँको जूनतार ा आधार भूत विद्यालयमा पढ्थ्यो । उसका गाउँमा थुप्रै खो लानाला थिए । घामपानीमा हो स् वा हावाहुर ीमा हो स्, ऊ उकालो ओ र ालो गरि र हन्थ्यो ।

ऊ जङ्गलको बाटो विद्यालय जान्थ्यो । चर ाहरू चिर ंचिर ं कर ाउँथे । मृगका बच्चाहरू उफ्रे र बाटो काट्थे । सुमन रुखको फे ददे खि टुप्पासम्महे थ्यो ं । कहिले काहीँ गुँडमा चिर ंचिर ं गरि र हे का बचे र ा दे खिन्थे । जङ्गलमा घामछाया पथ्र्यो ं । त्यसै ले उसलाई साथीहरूसँग जङ्गलमा डुल्न र माइलो लाग्थ्यो । आज पनि सुमन विद्यालय जाँदै थियो । विद्यालय नपुग्दै हावाहुर ी आयो । एक्कासि ठुलो पानी पर्‍यो । खो लानाला बढे र बाढी आयो । ऊ बर्सादी ओ ढे र विद्यालय गयो । के ही साथीहरू अघि नै आइसके का थिए । हावाहुर ी चलि नै र हे को थियो । पानी पर्दै ं थियो । हे र्दाहे र्दै ं हावाले उत्तिसको हाँगा भाँच्यो । खाजाघर छे उको ढिस् को लड्यो । विद्यालयको छानाको एउटा टिन उक्कियो । विद्यालयको चउर मा भल बग्यो । हावापानीले उत्पात मच्चायो तर चउर मा गाडिएको चन्द्रसूर्य झन्डा भने उडाउन सके न ।

**(क) सुमन कहाँ पढ्थ्यो ?** ... ... ... ... ... ... ... ... ... .... ... .... ... ... ... ... ... ... ... ... ...

**(ख) सुमनलाई जङ्गलमा डुल्न किन रमाइलो लाग्थ्यो ?** ... .... .... .... .... ... ... ... ... ... ... ... ...

**(ग) हावापानीले के के गर्‍यो ?** ... ... .... .... .... .... .... .... ..... .... ... ... .... ... ... ... ... ... ...

क्रियाकलाप १४



(क) शिक्षकद्वारा तयार पारिएको एउटा शब्दको शब्दपत्ती र त्यसको नमुना वाक्य भएको वाक्य पत्ती प्रदर्शन गर्नुहोस् । शब्द र वाक्यको उच्चारण अभ्यास गराई कर्ता, कर्म र क्रियापद पहिचानका लागि छलफल गराउनुहोस् । वाक्य बनाउन कर्ता र क्रियापद चाहिने कुरा विद्यार्थीलाई सुनिश्चित गराउनुहोस् ।

(ख) पाठ्यपुस्तकभित्रका शिक्षकले तयार पारेका मलजल, हावाहुरी, तलमाथि, तातोपानी, घामपानी, चिसोपानी जस्ता शब्दका शब्दपत्तीहरू प्रदर्शन गर्नुहोस् र ती शब्दहरू उच्चारण गर्न लगाउनुहोस् । विद्यार्थीलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । विद्यार्थीले सुनाएका वाक्यलाई शैक्षणिक पाटीमा लेख्नुहोस् ।

(ग) विद्यार्थीले बनाएका वाक्यहरूका कर्ता र कर्मबिचको सङ्गति मिले नमिलेको छलफल गराउनुहोस् । विद्यार्थीलाई वाक्यमा प्रयोग भएका कर्ताको लिङ्ग, वचन र पुरुषका आधारमा क्रियापद परिवर्तन हुने तरिकाबारे सहजीकरण गर्नुहोस् ।

(घ) विद्यार्थीलाई समूहमा विभाजन गरी कार्यपुस्तकमा दिइएका र त्यस्तै थप शब्द दिई वाक्य निर्माण गर्न लगाउनुहोस् । विद्यार्थीले तयार पारेका शब्दहरू प्रस्तुत गर्ने अवसर प्रदान गर्नुहोस् । वाक्य बनाउन समस्या भएका विद्यार्थी पहिचान गरी आंशिक सहयोगसहित एकल वा समूहमा पटक पटक अभ्यास गराउनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १६१ को क्रियाकलाप १४ गर्न लगाई मूल्याङ्कन गर्नुहोस् ।

**तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

मलजल : ........................................................................................................

हावाहुरी : ......................................................................................................

तलमाथि : ....................................................................................................

तातोपानी : ....................................................................................................

घामपानी : ......................................................................................................

चिसोपानी : ....................................................................................................

## क्रियाकलाप १५



(क) विद्यार्थीलाई अनुच्छेद चार्ट प्रदर्शन गर्नुहोस् र वाक्य उच्चारण गरेर सुनाउन लगाउनुहोस् ।

(ख) विद्यार्थीलाई पालैपालो अनुच्छेद पढ्न लगाउनुहोस् ।

(ग) विद्यार्थीलाई दुई दुई जनाको समूह बनाउनुहोस् र पालैपालो एक जनाले अनुच्छेदको वाक्य भन्ने र अर्को साथीले कापीमा लेख्ने कार्य गर्न लगाउनुहोस् ।

(घ) पालैपालो दुवै साथीले लेखिसकेपछि एकले लेखेको कापी अर्कोले चार्ट हेरेर परीक्षण गर्न लगाएर कापीमा लेखेको अनुच्छेद मिले नमिलेको चार्टमा हेरेर पहिचान गराउनुहोस् । आफ्नो गल्ती हेरेर सुधार गर्न लगाई स्वयम् सिकाइको प्रशस्त अवसर दिनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १६१ को क्रियाकलाप १५ गराई मूल्याङ्कन गर्नुहोस् ।

**साथीले पढेको सुनेर लेख्नुहोस् :**

म आमासँग मामाघर गएँ । हामी मामाघरमा पुग्दा हजुरबुबा पिँढीमा बस्नुभएको रहेछ । मैले उहाँलाई नमस्कार गरेँ । एकछिनपछि माइजू आउनुभयो । मैले उहाँलाई दिदीहरू खोइ त भनेर सोधेँ । उहाँले भन्नुभयो, “बजार गएका छन्, एकछिनमा आउँछन् ।” एकछिनपछि दिदीहरू आउनुभयो । मलाई देखेर दिदीहरू खुसी हुनुभयो । उहाँहरूले बजारबाट रङ ल्याउनुभएको रहेछ । दिदी र म बसेर चित्र बनायौँ । निकैबेर गफ गरेर सुत्यौँ ।

## क्रियाकलाप १६

(क) शिक्षकले असल, हातमुख, बाबुराम, कति, मिलिजुली, आफैँ जस्ता शब्द प्रदर्शन गरी उच्चारण गराउनुहोस् ।

(ख) विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १६२ को पहिलो क्रियाकलापमा भएको कविता अंशप्रदर्शन गर्नुहोस् ।

(ग) खाली ठाउँमा उपयुक्त शब्द भर्न लगाउनुहोस् । विद्यार्थी अलमल भएमा आवश्यक सहजीकरण गर्नुहोस् ।

(घ) विद्यार्थीलाई पालैपालो कविता वाचन गर्न लगाउनुहोस् । दौँतरी सिकाइमार्फत सहजीकरण क्रियाकलाप गराउनुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १६२ को क्रियाकलाप १६ गर्न लगाई मूल्याङ्कन गर्नुहोस् ।

**१६. खाली ठाउँमा मिल्ने शब्द लेखी कविता पूरा गर्नुहोस् :**

| | | | | | |
|---|---|---|---|---|---|
| असल | हातमुख | बाबुनानी | कति | मिलिजुली | आफैँ |

कति जाती कति ....................................... हाम्रा बाबुनानी
....................................... आफैँ धुने कति राम्रो बानी ।
हँसिला छन् रसिला छन् हाम्रा .......................................
मिठोचोखो बाँडी खाने ....................................... राम्रो बानी ।
....................................... काम गर्छन् हाम्रा बाबुनानी
आफैँ पढ्छन् ....................................... लेख्छन् कति राम्रो बानी ।

## क्रियाकलाप १७

(क) विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १६२ को अन्तिम क्रियाकलापका सम्बन्धमा छलफल गराउनुहोस् । छलफलका क्रममा प्रश्नमा दिइएका बुँदा पढ्न लगाउनुहोस् ।

(ख) यसरी दिइएका फरक फरक बुँदा राखी माटो र ढुङ्गो शीर्षकमा एक अनुच्छेद लेखनको नमुना प्रदर्शन गर्नुहोस् :

**माटो र ढुङ्गो**

ढुङ्गो माटो घर बनाउन प्रयोग गरिन्छ । पाटीपौवा, मन्दिर, चौतारो बनाउन पनि ढुङ्गो माटो प्रयोग गरिन्छ । रुखबिरुवा जोगाउन माटो चाहिन्छ ।सबै अन्न फलाउन पनि माटो आवश्यक छ ।पृथ्वी नै ढुङ्गा माटाले बनेको छ । पानी, आगो, हावा, ढुङ्गा माटो नभए कुनै प्राणी बाच्न सक्दैनन्। वनस्पति बाँच्न पनि ढुङ्गा माटो चाहिन्छ । त्यसैले प्राणीका लागि ढुङ्गो माटोको महत्त्व धेरै छ ।

(ग) विद्यार्थीलाई माथिको नमुनाका आधार माटो र ढुङ्गो शीर्षकमा एक अनुच्छेद लेख्न लगाउनुहोस् । विद्यार्थीको लेखन कलाप्रति प्रोत्साहन गर्दै लेख्न गाह्रो पर्ने विद्यार्थीलाई आंशिक सहयोगसहित सिकाइ सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

विद्यार्थीलाई पाठ्यपुस्तकको पृ.स. १६२ को क्रियाकलाप १७गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

**तलका बुँदाका आधारमा ढुङ्गो र माटो शीर्षकमा एक अनुच्छेद लेख्नुहोस् :**
ढुङ्गो/माटो : घर पाटीपौवा, मन्दिर, चौतारो बनाउन, रुखबिरुवा जोगाउन, सबै अन्न फलाउन, माटो आवश्यक, पृथ्वी नै ढुङ्गा माटाले बनेको, पानी, आगो, हावा, ढुङ्गा माटो नभए कुनै प्राणी, वनस्पति बाँच्न नसक्ने

# १०. हाम्रा क्रियाकलाप

**कार्यघण्टा : १५**

## परिचय

**'हाम्रा क्रियाकलाप'** नेपाली विषयभित्र मात्र रहेको विषयक्षेत्र हो । परिवार, स्थानीय परिवेश, सामूहिक कार्य र वातावरणसँग सम्बन्धित पक्ष प्रारम्भिक कक्षाका बालबालिकाहरूका क्रियाकलापका मुख्य आधार हुन् । यसले कक्षाकोठाभित्र र बाहिरको सिकाइलाई सन्तुलित रूपमा उपयोग गर्न सहयोग गर्छ । भाषा सिकाइ प्रयोगमूलक र व्यावहारिक हुने भएकाले हाम्रा भाषिक क्रियाकलाप पनि तदअनुरूप विकास हुन्छन् । सर्गपरक ध्वनि जोड्ने, शब्दमा प्रयोग भएका रूपविन्यासगत पहिचान गरी जोड्न र छुट्याउने, अनुमान, कल्पना, सिर्जना र समस्या समाधानसहित विषयवस्तुको वर्णन, दृश्य सामग्रीका आधारमा विषयवस्तु सामान्य रूपमा वर्णन र शीर्षक पहिचान, परिभाषा, उदाहरण, तुलना र विपरीतताका सन्दर्भमा आधारित पाठ पठन, चिठी, निवेदन, साइनबोर्ड, पोस्टर, साधारण सूचना र अन्य विवरणको पढी अर्थबोध र सन्दर्भगत प्रयोग, विभिन्न प्रकारका रचनात्मक लेखन अभ्यास, समानार्थी तथा विपरीतार्थक शब्दको अर्थबोध, बाल शब्दकोशको प्रयोग, मौखिक तथा लिखित अभिव्यक्तिलगायत कार्य गर्ने छन् । यसका साथै यस विषयक्षेत्रमा सिकारुको सिकाइ अनुगमन, पूर्व ज्ञानमा आधारित विषयवस्तु छनोट र परिचालन गर्दै व्यवहारकुशल सिपको विकासमा जोड दिइएको छ ।

यस विषयक्षेत्रमा दुईओटा पाठ रहेका छन् । ती पाठमा हाउभाउ, गति, यति लय र शुद्धतासहित कविता पढ्ने, दृश्यवर्णन गर्ने, शब्दका अगाडि एवम् पछाडि आएका सर्ग छुट्याउने तथा जोडेर शब्द बनाउने, निर्धारित पाठ्यसामग्री, चित्र र पत्रपत्रिका पढी बोध गर्ने, पाठका सुरु, बिच र अन्त्यका मुख्य मुख्य घटना बताउने, शब्दका अगाडि एवम् पछाडि आएका ध्वनि जोडेर र छुट्याएर भन्ने, निर्धारित समयमा तोकिएको पाठ वा अनुच्छेद पढ्ने, विपरीत अर्थबोधक शब्द बुझेर पढ्ने, निर्धारित पाठका मुख्य मुख्य बुँदा टिपोट गरी भन्ने तथा लेख्ने, पाठगत प्रश्नोत्तर गर्ने, गति, यति र हाउभाउसहित अनुच्छेद पढ्ने, दोहोरो सञ्चार गर्ने, लेख्य चिह्नको प्रयोग गरी लिखित अभिव्यक्ति दिने तथा लिङ्ग, वचन, पुरुष, आदर र काल मिलाई बोल्ने र लेख्ने, रुचिका विषयक्षेत्र वा शीर्षकमा आधारित भई स्वतन्त्र लेखन गर्ने जस्ता क्रियाकलाप निर्धारण गरिएका छन् ।

विषयक्षेत्रको अन्त्यमा पाठ्यक्रममा आधारित भई ध्वनि सचेतीकरण, श्रव्य/दृश्यबोध, लेख्यवर्ण सचेतीकरण, शब्दभण्डार, पठन प्रवाह, पठनबोध, लेखाइ र कार्यमूलक व्याकरणसँग सम्बन्धित मूल्याङ्कन क्रियाकलापसमेत समावेश गरिएको छ । यी क्रियाकलापले सिकाइको वर्तमान अवस्था वा स्तर पत्ता लगाउने, कसरी अपेक्षित सिकाइ स्तर प्राप्त गर्ने भनी योजना तय गर्ने र विद्यार्थीको क्षमता, स्तर र पाठ्यवस्तुसँग मिल्दा विद्यार्थीले गरेका कार्यको प्रदर्शन गर्दै उनीहरूलाई सुधारात्मक सिकाइ प्रक्रियाद्वारा थप सिकाइको अवसर प्रदान गर्ने छ ।

# पाठ २०

## (क) सिकाइ सहजीकरण योजना

| क्र. स. | विषयवस्तु | व्यवहारकुशल सिप | अनुमानित घन्टी | पाठ्य तथा कार्यपुस्तकको सम्बन्धित पृष्ठसङ्ख्या |
|---|---|---|---|---|
| १. | शब्दका अगाडि एवम् पछाडि आएका ध्वनि जोड्ने र छुट्याउने | • प्रयोग सिप (S1.1)<br>• निणर्य तथा समस्या समाधान (S1.5)<br>• सञ्चार सिप(S3.1)<br>• सहकार्य सिप (S3.2)<br>• साक्षरता सिप (S4.3)<br>• लोकतान्त्रिक, सहभागितात्मक र समतामूलक मूल्य सिप (S5.3) | ७ | १६५ देखि १७३ सम्म |

## (ख) सिकाइ क्रियाकलापका आधार

यस पाठको सिकाइ सहजीकरण गर्नुपूर्व निम्नानुसारको पूर्वतयारी गर्नुहोस् :

| पठन तत्त्व | क्रियाकलापको आधार | क्रियाकलापको सङ्केत र क्रम | सिकाइ सामग्री |
|---|---|---|---|
| ध्वनि सचेतीकरण । | **शिक्षकको पूर्ण सहयोग** |  १ | १. पाठमा प्रयुक्त चित्र वा पोस्टर<br>२. दैनिक प्रयोगमा आउने शब्दका शब्दपत्ती (अनपढ, अनगिन्ती, अनमेल, अनपत्यार, अनकन्टार, अनुशासन, अनुहार, अनुरूप, अनुच्छेद, अनुमान, अनुवाद)<br>३. 'अनौठो इच्छा' कविता चार्ट |
| लेख्यवर्ण सचेती करण | **स्वयम् सिकाइ** |  २ | १ पाठमा प्रयुक्त शब्दका शब्दपत्तीहरू (अपुग, अहित, अमन, आदेश, आकृति, आचार, सुपुत्र, सुमार्ग, सुदूर, सुयोग, नुनिलो) |
| दृश्यबोध | **शिक्षकको आंशिक सहयोग** |  ३ | १. पाठमा प्रयुक्त चित्र तथा पोस्टर |
| शब्दभण्डार | **स्वयम् सिकाइ** |  ४ | १. वर्तमान कालका पुलिङ्ग र स्त्रीलिङ्ग क्रियापदका शब्दपत्तीहरू<br>(पढ्छ, लेख्छ, भन्छ, हिँड्छ, खान्छ, सुत्छ, गर्छ, सर्छ, गन्छ, खेल्छ, पढ्छे, लेख्छे, भन्छे, हिँड्छे, खान्छे, सुत्छे, गर्छे, सर्छे, गन्छे, खेल्छे) |
| शब्दभण्डार | **शिक्षकको आंशिक सहयोग** |  ५ | १ सही शब्द र वर्ण उल्टोपाल्टो भएका अर्थ नलाग्ने शब्दका पत्तीहरू<br>(चामल - मलचा, बेसार - सारबे, मटर - |

| | | | |
|---|---|---|---|
| | | | टरम, विद्यालय - लयद्यावि) |
| पठन प्रवाह | **स्वयम् सिकाइ** |  ६ | १. पाठमा प्रयुक्त चित्रपत्ती<br>२. पाठमा प्रयुक्त शब्दका पत्तीहरू<br>(जोतारो, मगन्ते, बोलक्कड, फुलमान, जुवा, ट्याक्टर, इस्टकोट, छुटकारा) |
| शब्दभण्डार | **दौँतरी सिकाइ** |  ७ | १. पाठमा प्रयुक्त शब्द<br>(गाउँले, लेकमा, मादीले, लेख्दै) |
| लेखाइ | **स्वयम् सिकाइ** |  ८ | १. अनुच्छेद लेखिएको चार्ट<br>२. नमुना वाक्यपत्तीहरू |
| शब्दभण्डार | **दौँतरी सिकाइ** |  ९ | १. उल्टो अर्थ दिने शब्दका पत्तीहरू<br>(सुकर्म, सजीव, फोहोर, सुरक्षा, असुरक्षा, सफा, निर्जीव, कुकर्म) |
| पठनबोध | **शिक्षकको आंशिक सहयोग** |  १० | १. पाठमा प्रयुक्त चित्र तथा पोस्टर<br>२. दैनिक प्रयोगमा आउने शब्दका शब्दपत्तीहरू<br>(अपमान, अपशब्द, अपराध, अपवाद, अपहरण, सुपुत्र, सुनाम, सुदूर, सुयोग, सुविचार, सुमार्ग)<br>३. 'बाँदर र गोही' रेकर्ड गरेको डिभाइस |
| शब्दभण्डार | **शिक्षकको आंशिक सहयोग** |  ११ | १. लेख्य चिह्न (पूर्णविराम र प्रश्नवाचक) प्रयोग भएका वाक्यपत्तीहरू<br>२. शब्द स्लाइडर |
| लेखाइ | **शिक्षकको आंशिक सहयोग** |  १२ | १ शिक्षकले गर्ने साप्ताहिक कामको सूची<br>२. न्युज प्रिन्ट पेपर, सानो साइनपेन |
| लेखाइ | **स्वयम् सिकाइ** |  १३ | १. दैनिक प्रयोगमा आउने शब्दका शब्दपत्तीहरू<br>(नत्रभने, कक्षाकोठा, दायाँबायाँ, फलफूल, खानेकुरा, कसिलो, चखिलो, चम्किलो, हँसिलो, स्वादिलो, नुनिलो, गुनिलो, पकाउँदै, बसाउँदै, खुवाउँदै, नुहाउँदै, कन्याउँदै)<br>२. पाठमा प्रयुक्त अनुच्छेद चार्ट |
| लेखाइ | **शिक्षकको आंशिक सहयोग** |  १४ | १. दुईओटा शब्द जोडिएर बनेका शब्दका सूची (बर र पिपल = बरपिपल, गाउँ र घर = गाउँघर, बोट र बिरुवा = बोटबिरुवा, जून र तारा = जूनतारा)<br>२. 'मलाई मन पर्छ' कविताको चार्ट |

| | | | |
|---|---|---|---|
| शब्दभण्डार | **दौँतरी सिकाइ** |  १५ | १. पाठमा प्रयुक्त शब्दका पत्तीहरू<br><br>(भक्तपुरे, धुलिखेले, कालिकोटे, धराने, सल्याने)<br>भक्तपुरे = भक्तपुरमा बस्ने मानिस<br>धुलिखेले = धुलिखेलमा बस्ने मानिस<br>पर्वते = पर्वतमा बस्ने मानिस |
| पठन प्रवाह | **दौँतरी सिकाइ** |  १६ | १. पाठमा प्रयुक्त चित्र तथा पोस्टर<br>२. पाठमा सम्बन्धित शब्दका शब्दपत्तीहरू<br>३. 'अनिसाको अलमल' रेकर्ड गरेको डिभाइस |
| कार्यमूलक व्याकरण | **स्वयम् सिकाइ** |  १७ | १. सङगति मिलेका नमुना वाक्यपत्तीहरू<br>२. पाठमा प्रयुक्त शब्दका सूची<br>(हुनुहुन्छ, छस्, आऊ, आइन्, बोलाउनुभयो, बोलायो, जाऔँ, गए)) |
| लेखाइ | **स्वयम् सिकाइ** |  १८ | १. पाठमा प्रयुक्त अनुच्छेद चार्ट |
| लेखाइ | **शिक्षकको आंशिक सहयोग** |  १९ | १.पाठमा प्रयुक्त शब्दपत्तीहरू (जात्रा, ढोले, थपडी, रमिते, पसले)<br>२. शब्दकोश |
| लेखाइ | **स्वयम् सिकाइ** |  २० | १.दैनिक रूपमा गरिने क्रियाकलापमा आधारित वाक्यपत्तीहरू |

## (ग) सिकाइ क्रियाकलाप

क्रियाकलाप १ 

(क) शिक्षकले कक्षाका विद्यार्थीलाई अभिवादन गरी विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

(ख) पाठमा प्रयुक्त चित्र वा पोस्टर प्रदर्शन गर्दै को, के, कहाँ, किन, कसरी जस्ता प्रसङ्ग जोडेर छलफल गर्नुहोस् ।

(ग) पाठमा प्रयुक्त शब्दका शब्दपत्ती प्रदर्शन गर्नुहोस् र उच्चारण गर्न लगाउनुहोस् । उच्चारणका क्रममा शब्दका अगाडि जोडिएका टुक्रा देखाउँदै शब्द संरचना बुझाउनुहोस् । जस्तै :अनु + मान = अनुमान, :सु + पुत्र = सुपुत्र

(ग) विद्यार्थीलाई शब्दपत्ती वितरण गर्नुहोस् । पालैपालो शब्दलाई उच्चारण गरी शब्दपत्तीमा भएका शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(घ) 'अनौठो इच्छा' कविता चार्ट प्रदर्शन गर्नुहोस्। कविता गति, यति, लय र हाउभाउसहित गाएर सुनाउनुहोस् । त्यसपछि विद्यार्थीसँगै गाउनुहोस् । यस क्रममा क्रमिक सिकाइ रणनीति ( शिक्षकले गरेर देखाउने, शिक्षक र विद्यार्थीले सँगसँगै गर्ने, विद्यार्थी विद्यार्थीसँगै अभ्यास गर्ने र विद्यार्थीलाई व्यक्तिगत रूपमा गर्न लगाउने) उपयोग गर्नुहोस् । लयबद्ध वाचनमा समस्या भएका विद्यार्थीलाई उपयुक्त चिह्न, सङ्केत र क्रियाकलापको उपयोग गरी थप सिकाइको अवसर प्रदान गर्नुहोस् ।

**मूल्याङ्कन**

१. पाठ्यपुस्तकको पृ.स. १६५ को 'अनौठो इच्छा' कवितागति, यति, लय हालेर सुनाउन लगाउनुहोस् ।

**लय मिलाएर गाउनुहोस् :**

**अनौठो इच्छा**

अनगिन्ती अङ्गुर छन् खानै पर्ने छ
अनुभवले लक्ष्यसम्म जानै पर्ने छ
अनुमान हैन जीवन साँच्चै यस्तो हो
अनुहार ऐनाभित्र देखे जस्तो हो ।

सुपुत्रले सुदूर गई नाम कमाए
सुमार्गमा हिँडेर सुयोग बनाए
पोसिलो र नुनिलो खाना खान्छन् रे
फलफूल खोज्नलाई वन जान्छन् रे ।

बाचुन्जेल खाने हो स्वस्थ भएर
सिकुन्जेल सिक्ने हो पढ्न गएर
सकुन्जेल लेख्ने हो हुन्न थकावट
बसुन्जेल हेर्ने हो घरको बनावट ।

**क्रियाकलाप २**

(क) विद्यार्थीसँग केही शब्दपत्तीका सहायताले शब्दका पहिलो वर्ण झिकेर बन्ने नयाँ शब्दका बारेमा छलफल गर्नुहोस् । विद्यार्थीले भनेका शब्द टिपोट गर्नुहोस् र सुरुको वर्णलाई छोपेर नयाँ शब्दबारे छलफल गर्न लगाउनुहोस्।

(ख) शिक्षकले नमुना शब्दपत्ती प्रदर्शन गर्नुहोस् र उच्चारण गर्न लगाउनुहोस् । प्रदर्शन गरिएका शब्दका पहिलो वर्ण झिक्दा बन्ने नयाँ शब्द उच्चारण गर्न लगाउनुहोस् । शब्दका अर्थगत बोधका लागि वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । जस्तै : अपुग - पुग, अहित - हित

(ग) विद्यार्थीलाई शब्दपत्ती दिनुहोस् र सुरुको वर्ण झिकेर नयाँ शब्द निर्माण गर्न लगाउनुहोस् । विद्यार्थीलाई नयाँ शब्द खोज्न वा शब्द निर्माण गर्न समस्या परे आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १६५ को क्रियाकलाप २ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**शब्द अगाडिको वर्ण झिकेर लेख्नुहोस् र भन्नुहोस् :**

अपुग

अहित

अमन

आदेश

आकृति

आचार

## क्रियाकलाप ३

(क) विद्यार्थीलाई पाठमा प्रयुक्त चित्र तथा पोस्टर प्रदर्शन गर्नुहोस् । चित्रमा भएको कुरा अनुमान, पूर्वानुमान गरी वर्णन गर्न लगाउनुहोस् ।

(ख) खेलकुदसँग सम्बन्धित भएर को, के, किन, कति, कस्तो, कसरी जस्ता प्रश्न सोधी तिनका आधारमा चित्र वर्णन गर्न लगाउनुहोस् ।

(ग) चित्र वर्णन गर्दा प्रश्नोत्तर गरी विद्यालयमा खेलिने खेलकुदको परिवेश समेट्न लगाउनुहोस् ।

(घ) पाठमा प्रयोग भएका चित्रसँग मिल्दाजुल्दा वातावरण देखिने चित्र वा पोस्टर प्रदर्शन गरी सिकाइको थप अवसर प्रदानगर्नुहोस् ।

(ङ) पाठमा प्रयुक्त प्रश्नका उत्तर भन्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १६६ को क्रियाकलाप ३ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**चित्र हेरेर उत्तर भन्नुहोस् :**



(क) यो चित्रमा के भइरहेको छ ?

(ख) तिनीहरू को होलान् ?

(ग) चित्रमा खेलेको खेलको नाम के हो ?

(घ) यहाँ कति जना मान्छे छन् ?

## क्रियाकलाप ४

(क) विद्यार्थीसँग वर्तमान कालका केही वाक्य प्रदर्शन गरी पुलिङ्ग र स्त्रीलिङ्ग जनाउने वाक्यका बारेमा छलफल गर्नुहोस् । यसपछि वाक्यमा भएको क्रियापद पहिचान गर्न लगाउनुहोस् ।

(ख) पुलिङ्ग जनाउने वाक्यलाई स्त्रीलिङ्ग वाक्यमा रूपान्तरण गर्न सहजीकरण गर्नुहोस् ।

(ग) वाक्य रूपान्तरण गर्दा परिवर्तन भएका शब्दका बारेमा छलफल गर्नुहोस् ।

(घ) विद्यार्थीलाई क्रियापदका शब्दपत्ती प्रदर्शन गरेर वाक्य निर्माण गर्न सहजीकरण गर्नुहोस् ।

(ङ) प्रदर्शन गरिएको क्रियापदलाई पुलिङ्ग भए स्त्रीलिङ्ग र स्त्रीलिङ्ग भए पुलिङ्गमा परिवर्तन गर्न लगाउनुहोस् ।


(च) क्रियापद शब्दलाई जोडेर देखाउनुहोस् । जस्तै :पढ् + छ= पढ्छ, पढ् + छे = पढ्छे। यसैगरी शब्दका पछाडि टुक्रा गाँसेर शब्द निर्माण गर्ने अभ्यास गराउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १६६ को क्रियाकलाप ४ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**जोडेर लेख्नुहोस् :**




## क्रियाकलाप ५

(क) सर्वप्रथम पाठमा प्रयुक्त शब्दका शब्दपत्ती प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई शब्दपत्तीमा भएका शब्दको भिन्नताबारे छलफल गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीलाई एक एकओटा शब्दपत्ती वितरण गर्नुहोस् ।

(ग) विद्यार्थीसँग भएका शब्दपत्तीका शब्द ठिक छन् वा छैनन् भन्न लगाउनुहोस् ।

(घ) शैक्षणिक पाटीमा तालिका बनाउनुहोस् र विद्यार्थीले भनेका शब्दलाईएकातिर शुद्ध शब्द र अर्कातिर अशुद्ध शब्द लेख्नुहोस् ।

(ङ) विद्यार्थीलाई शब्दपत्ती प्रदर्शन गरेर उच्चारण गर्न लगाउनुहोस् । सही र अर्थपूर्ण शब्द पहिचान गर्न लगाउनुहोस् । कुनै विद्यार्थीलाई कठिनता भए आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १६७ को क्रियाकलाप ५ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**सही शब्द चिनेर गोलो घेरा लगाउनुहोस् :**

| | | | |
|---|---|---|---|
| अहित | हितअ | छेहिँड् | हिँड्छे |
| मनअ | अमन | छेपढ् | पढ्छे |
| चारअ | अचार | लसर | सरल |

## क्रियाकलाप ६

(क) विद्यार्थीलाई पाठमा प्रयुक्त चित्रपत्ती प्रदर्शन गरी छलफल गर्न लगाउनुहोस् ।

(ख) मानिसले काँधमा के बोकेको छ ?उनीहरू के गर्दै छन् ? जस्ता प्रश्न गरेर चित्रलाई विषयवस्तुसँग जोड्नुहोस् ।

(ग) पाठमा प्रयुक्त लक्षित शब्दका शब्दपत्ती प्रदर्शन गरी उच्चारण अभ्यास गराउनुहोस् ।

(घ) लक्षित शब्दका अर्थगत बोधका लागि वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ङ) पाठलाई सस्वरवाचन गराउनुहोस् र शब्दपत्तीमा भएको शब्द पाठमा खोजेर रेखाङ्कन गर्न लगाउनहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १६७ को क्रियाकलाप ६ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**पाठ पढेर दिएका शब्दको उच्चारण गर्नुहोस् :**

पहिला अहिलेको जस्तो ट्याक्टर प्रयोग हुँदैनथ्यो । खेत जोत्न गोरुकै भर पर्नुपर्थ्यो । फुलमान हलो र जुवा बोकेर बाहिर निस्किए । जुवामा जोतारो थिएन । उनी फेरि भित्र गए र जोतारो लिएर आए । बाहिर एक जना मगन्ते आएका रहेछन् । उनले मगन्तेलाई इस्टकोटको खल्तीबाट पाँच रुपियाँ दिन खोजे । मगन्तेले थोरै भयो भनी लिन मानेनन् । मगन्ते बोलक्कड रहेछन् । अनेक कुरा गरेर फुलमानलाई अल्मल्याउन थाले । फुलमानलाई खेतमा जान हतार भइरहेको थियो । मगन्तेबाट छुटकारा पाउन थप पाँच रुपियाँ दिए । मगन्ते खुसी भए । फुलमान गोरु फुकाएर खेततिर लागे ।

| | | | | | |
|---|---|---|---|---|---|
| जोतारो | मगन्ते | बोलक्कड | फुलमान | खल्ती | जुवा |

## क्रियाकलाप ७

(क) विद्यार्थीलाई गोलो घेरामा वा आमनेसामने हुने गरी राख्नुहोस् र शब्द खेल खेल्ने कुरा जानकारी गराउनुहोस् ।

(ख) शिक्षकले देखाएका वा भनेका शब्दको अन्तिम वर्णबाट बन्ने नयाँ शब्द पालैपालो भन्दै जानुपर्ने कुरा विद्यार्थीलाई जानकारी गराउनुहोस् । उदाहरणका लागि शब्दपत्ती (गाँउले, लेकमा, मादीले, लेख्दै) प्रदर्शन गर्नुहोस् ।

(ग) विद्यार्थीलाई शब्द खेल खेलाउनुहोस्। नयाँ शब्द भन्न कठिनभएको अवस्थामा शिक्षकले सहजीकरण गर्नुहोस् ।

(घ) खेल खेल्ने क्रममा विद्यार्थीले भनेका शब्द शैक्षणिक पाटीमा टिप्दै जानुहोस् र विद्यार्थीलाई पनि कापीमा टिप्न लगाउनुहोस् ।

(ङ) यस्तै शब्द खेल खेलाएर सिकाइको थप अवसर प्रदान गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १६७ को क्रियाकलाप ७ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**अन्तिमको वर्ण प्रयोग गरेर नयाँ शब्द लेख्नुहोस् :**

| गाउँले | लेकमा | मादीले | लेख्दै | दैलेख | खरायो |
|---|---|---|---|---|---|
| ........... | ............... | .............. | ................... | ................. | ............... |
| ........... | ............... | .............. | ................... | ................. | ............... |

## क्रियाकलाप ८

(क) विद्यार्थीलाई अनुच्छेद लेखिएको चार्ट प्रदर्शन गर्नुहोस् र चार्टमा भएको वाक्य पढ्न लगाउनुहोस् । अनुच्छेद पढ्दा गुञ्ज आवाजमा पढ्न लगाउनुहोस् ।

(ख) नमुना वाक्यपत्ती प्रदर्शन गर्नुहोस् । यस क्रममा शब्द, वर्णविन्यास, लेख्यचिह्नलाई ख्याल गरी लेख्नुपर्ने र डिका सिधा दिनुपर्ने तरिका सहजीकरण गर्नुहोस् ।

(ग) विद्यार्थीलाई अनुच्छेद पढी कापीमा बान्की मिलाएर सफा र शुद्धसँग लेख्ने अभ्यास गराउनुहोस् ।

(घ) लेखाइकला अवलोकन गरी आवश्यकताअनुसार उपयुक्त सिकाइ रणनीति अपनाएर सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १६८ को क्रियाकलाप ८ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**जस्ताको त्यस्तै कापीमा सार्नुहोस् :**

निमेष आवाज निकालेर पढ्छन् । साथीहरू उनलाई घोकन्ते भन्छन् । धनेश प्रायः गाउँ घुमिरहन्छन् । साथीहरूले धनेशलाई घुमन्ते भन्छन् । प्रणेश साथीहरूसँग बसेर पढिरहन्छन् । त्यसैले साथीहरूले उनको नाम पढन्ते राखिदिएका छन् । त्यसो त उनी घुमफिर पनि गर्छन् । कसै कसैले उनलाई फिरन्ते पनि भन्छन् । यस्ता नाममा उनीहरू खुसी नै छन् ।

## क्रियाकलाप ९ 

(क) विद्यार्थीसँग केही उल्टो अर्थ बुझाउने शब्दका शब्दपत्ती प्रदर्शन गरी उल्टो अर्थ दिने शब्दका बारेमा छलफल गर्नुहोस् ।

(ख) विद्यार्थीलाई पाठ वा अभ्यासमा प्रयुक्त उल्टो अर्थ दिने शब्दका पत्तीहरू प्रदर्शन गर्नुहोस् र उच्चारण गर्न लगाउनुहोस् ।

(ग) शिक्षकले प्रदर्शन गरेका उल्टो अर्थ दिने शब्द भन्नलगाउनुहोस् ।

(घ) विद्यार्थीलाई उल्टो अर्थ दिने शब्दका पत्तीहरू छ्यासमिस गरेर दिनुहोस् । विद्यार्थीलाई पालैपालोउल्टो अर्थ दिने शब्द जोडी बनाउन लगाउनुहोस् । शिक्षकले अवलोकन गरेर सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १६८ को क्रियाकलाप ९ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**साथीसँग छलफल गरेर उल्टो अर्थ दिने शब्दसँग जोडा मिलाएर कापीमा लेख्नुहोस् :**

| | |
|---|---|
| सुकर्म | असुरक्षा |
| सजीव | सफा |
| फोहोर | निर्जीव |
| सुरक्षा | कुकर्म |

## क्रियाकलाप १० 

(क) पाठमा प्रयुक्त चित्रपत्ती प्रदर्शन गरी छलफल गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीलाई पाठमा प्रयुक्त विभिन्न जनावरका नाम र तिनका बासस्थानसम्बन्धी चित्र/शब्दपत्तीहरूप्रदर्शन गरी छलफल गर्न लगाउनुहोस् ।

(ग) पाठमा प्रयुक्त शब्दका शब्दपत्ती प्रदर्शन गरी शब्दोच्चारण अभ्यास गराउनुहोस् । शब्दपत्तीका शब्दका बारेमा प्रश्नोत्तर गरीवाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(घ) शिक्षकले पाठमा प्रयुक्त चित्र प्रदर्शन गर्दै 'बाँदर र गोही' कथा वाचन गरेर सुनाउनुहोस् । कथा सुनाउँदा आरोह, अवरोह, गति, यति, हाउभाउ र वाचन कलालाई विशेष जोड दिनुहोस् । कथा

वाचनका क्रममा प्रश्नोत्तर गर्नुहोस् ।

(ङ) विद्यार्थीलाई पालैपालो सस्वर पठन गर्न लगाउनुहोस् । पठन गर्दा उच्चारणमा कठिन भएका शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् र शिक्षकले सहजीकरण गरिदिनुहोस् ।

(च) पाठमा भएका प्रश्नका उत्तर पाठमा नै पहिचान गर्न लगाउनुहोस् र ती प्रश्नका उत्तर लेख्न लगाउनुहोस् । शिक्षकले अवलोकन गरी आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १६८ र १६९को क्रियाकलाप १० का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**पढ्नुहोस् र उत्तर लेख्नुहोस् :**

(क) बाँदर र गोही कहाँ कहाँ बस्थे ? ..........................................................................

(ख) गोहीले कोसँग अङ्गुर माग्यो ? ..........................................................................

(ग) गोहीले मनमनै के विचार गऱ्यो ? ......................................................................

(घ) गोहीले पिठिउँमा राखेर बाँदरलाई कता लग्यो ? ....................................................

(ङ) 'बाँदर र गोही' कथाले कस्तो सन्देश दिएको छ ? ...................................................

## क्रियाकलाप ११



(क) विद्यार्थीलाई पूर्णविराम र प्रश्नवाचक चिह्न प्रयोग भएका एकै किसिमका दुईओटा वाक्य लेखेर देखाउनुहोस् र पढ्न लगाउनुहोस् । जस्तै : ऊ घर गयो ?ऊ घर गयो ।

(ख) विद्यार्थीले वाक्य पठन गरेपछि दुवै वाक्यबिचको अन्तरका बारेमा विद्यार्थीलाई सोध्नुहोस् । कक्षामा छलफल गर्दै आवश्यक सहजीकरण गर्नुहोस् ।

(ग) विद्यार्थीलाई दुई दुई जनाको समूहमा विभाजन गर्नुहोस् र छलफल गरी तालिकाबाट वाक्य बनाउन लगाउनुहोस् । विद्यार्थीको क्रियाकलाप हेरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(घ) विद्यार्थीलाई शब्द स्लाइडर प्रदर्शन गरी लेख्य चिह्न प्रयोग गरेर फरक फरक वाक्य निर्माण गर्ने अभ्यास गराउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १७०को क्रियाकलाप ११ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**तलको तालिकाबाट वाक्य बनाउनुहोस् :**

| | | | |
|---|---|---|---|
| तिमी | के | खान्छन् | |
| म | फलफूल | खान्छ | |
| तपाईं | | खान्छौँ | ? |
| हामी | | खान्छौ | |
| ऊ | | खानुहुन्छ | । |
| उनीहरू | | खान्छु | |

## क्रियाकलाप १२

(क) बिहानदेखि के के काम गर्नुभयो ?भनेर प्रश्न सोध्नुहोस् रदैनिकरूपमा गरिने कामका बारेमा छलफल गर्नुहोस् ।

(ख) विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् । शिक्षकले आफूले गर्ने कामको साप्ताहिक सूची प्रदर्शन गरी समूहका विद्यार्थीलाई पालैपालो बारअनुसार गरिने कामका बारेमा भन्न लगाउनुहोस् ।

(ग) बिहान उठेदेखि बेलुका सुत्ने बेलासम्म गरिने कामको सूची तयार गर्न लगाउनुहोस् ।

(घ) विद्यार्थीलाई समूहमा एक हप्ताको योजना तयार गर्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १७०को क्रियाकलाप १२ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**तपाईंले बिहानमा गर्ने सातै दिनको कामको सूची बनाएर शिक्षकलाई देखाउनुहोस् :**

| बार | समय | | |
|---|---|---|---|
| | बिहान ५-६ बजे | ०६-०७ बजे | ०७-०८ बजे |
| आइतबार | उठ्ने<br>हातमुख धुने | चियानास्ता खाने<br>पत्रपत्रिका पढ्ने<br>रेडियो सुन्ने<br>टिभीमा समाचार हेर्ने | गृहकार्य पूरा गर्ने<br>आज पढाइ हुने<br>पाठ पढ्ने |

## क्रियाकलाप १३

(क) पाठमा प्रयुक्त चित्र प्रदर्शन गर्नुहोस् । चित्रमा के के भएको देखिन्छ, छलफल गर्नुहोस् ।

(ख) 'ठिमीलेको जात्रा' रेकर्ड गरिएको पाठसुनाउनुहोस् । विद्यार्थीले चित्र वर्णन गर्दा भनेका कुरा र मोबाइलमा सुनेका कुरा के के मिले, छलफल गर्नुहोस् ।

(ग) शिक्षकले पाठ्यपुस्तकमा भएको 'ठिमीलेको जात्रा' पाठ बिस्तारै सस्वरवाचन गरी सुनाउनुहोस् । त्यसपछि विद्यार्थीलाई पाठको अनुवाचन तथा सहवाचन गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीले उच्चारण गर्न नसकेका शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् । रेखाङ्कन गरेका शब्द जनाउने चित्र वा ठोस वस्तु प्रदर्शन गरी सँगसँगै शब्द उच्चारण गराउनुहोस् । राम्ररी उच्चारण गर्न नसकेसम्म अभ्यास गराउनुहोस् ।

(घ) शिक्षकले 'ठिमीलेको जात्रा' पाठ पढेर सुनाउनुहोस् र विद्यार्थीलाई श्रुतिलेखन गराउनुहोस् ।

(ङ) श्रुतिलेखनपश्चात् साथी साथीमा कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । पुनः आफ्नो कापी लिन लगाएर गल्ती भए सच्याउन लगाएर शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १७० का क्रियाकलाप १३ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

सुन्नुहोस् र लेख्नुहोस् :

**ठिमीको जात्रा**

ठिमीमा जात्रा देखाउने दिन थियो । ठिमीको जात्रा अनौठो थियो । जात्राको नाम जिब्रो छेड्ने जात्रा थियो । जात्रा हेर्न भक्तपुरे आए । धुलिखेले पनि आए । साँखुबाट साँखुले आए । गाउँ गाउँबाट गाउँले आए । नगरकोटबाट नगरकोटे पनि आए । थानकोटबाट थानकोटे आए । ढोलेहरूले ढोल बजाए । पसलेहरूले विभिन्न सामान बेचे । एक जना मानिसले ठुलो सियोले जिब्रो छेडे । धेरै रमिते आएका थिए । तिनले थपडी बजाए । जात्रा रमाइलो भयो । सबै जना खुसी भए

## क्रियाकलाप १४

(क) शिक्षकले कक्षाका विद्यार्थीलाई अभिवादन गरी विषयवस्तुमा प्रवेश गर्नुहोस् र पाठको चित्रपत्ती प्रदर्शन गरी छलफल गर्न लगाउनुहोस् ।

(ख) दुईओटा शब्द जोडिएर बनेका शब्दका सूची प्रदर्शन गर्नुहोस् । विद्यार्थीसँग शब्दका बारेमा छलफल गर्नुहोस् ।

(ग) विद्यार्थीलाई के के कुरा मन पर्छ, प्रश्नोत्तर गर्नुहोस् र विद्यार्थीलाई मन पर्ने कुरा शैक्षणिक पाटीमा लेख्नुहोस् ।

(घ) शिक्षकले आफूलाई पनि धेरै कुरा मन परेको बताउँदै 'मलाई मन पर्छ' कविताको चार्ट प्रदर्शन गर्नुहोस् ।

(ङ) शिक्षकले कविता गति, यति र लयबद्ध वाचन गरेर सुनाउनुहोस् । कवितामा भएका मन पर्ने कुरा बताउनुहोस् । विद्यार्थीलाई पनि कविता वाचन गरेर आफूलाई मन पर्ने कुरा भन्न लगाउनुहोस् ।

(च) कवितामा भएका दुईओटा शब्द जोडिएर बनेका शब्द पहिचान गरी रेखाङ्कन गर्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १७१को क्रियाकलाप १४ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**कविता पढ्नुहोस् र ककसलाई के के गर्न मन पर्छ, भन्नुहोस् :**

**मलाई मन पर्छ**

चौतारीको पिपल अनि बर मन पर्छ
मलाई मेरो गाउँ अनि घर मन पर्छ
उकाली र ओरालीको बाटो मन पर्छ
फूल फुल्ने अन्न फल्ने माटो मन पर्छ ।

खेतबारी बगैँचा र गोठ मन पर्छ
वरिपरि बिरुवा र बोट मन पर्छ
आकाशका जूनतारा घाम मन पर्छ
मानिसका राम्रा राम्रा काम मन पर्छ ।

पशुपन्छी वनफाँट खोला मन पर्छ
कापी किताब बोक्ने मेरो झोला मन पर्छ
शीतल शीतल हावा अनि पानी मन पर्छ
हामी सबै नेपालीको बानी मन पर्छ ।

## क्रियाकलाप १५



(क) विद्यार्थीलाई उनीहरूको गाउँ र उनीहरूले थाहा पाएका कम्तीमा पाँचओटा गाउँका नाम भन्न लगाउनुहोस् । उक्त गाउँका नाम शिक्षकले शैक्षणिक पाटीमा लेख्नुहोस् ।

(ख) शैक्षणिक पाटीमा लेखिएका गाउँमा बस्ने मानिसलाई के भनिन्छ ? भन्न लगाउनुहोस् । यस क्रममा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

(ग) विद्यार्थीलाई पाठमा प्रयुक्त शब्दका पत्तीहरू प्रदर्शन गर्नुहोस् र उच्चारण गरेर सुनाउन लगाउनुहोस् ।
जस्तै: भक्तपुरे = भक्तपुरमा बस्ने मानिस
धुलिखेले = धुलिखेलमा बस्ने मानिस
पर्वते = पर्वतमा बस्ने मानिस

(घ) विद्यार्थीलाई दुई जनाको समूहमा विभाजन गर्नुहोस् र छलफल गरी जोडा मिलाउन निर्देशन दिनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १७१ को क्रियाकलाप १५ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| दुवाकोटे | धुलिखेलमा बस्ने |
| भक्तपुरे | दुवाकोटमा बस्ने |
| धुलिखेले | कालिकोटमा बस्ने |
| कालिकोटे | पर्वतमा बस्ने |
| नगरकोटे | थानकोटमा बस्ने |
| थानकोटे | नगरकोटमा बस्ने |
| पर्वते | भक्तपुरमा बस्ने |

## क्रियाकलाप १६ 

(क) पाठमा प्रयुक्त चित्र प्रदर्शन गरी चित्रका बारेमा छलफल गर्न लगाउनुहोस् ।

(ख) शिक्षकले 'अनिसाको अलमल' वाचन गरेर सुनाउनुहोस् । घटनाको अन्त्यमा के भयो होला ? के हुन्थ्यो होला ? तपाईँ भए के गर्नुहुन्थ्यो होला ? जस्ता प्रश्न गरेर विद्यार्थीको विचारलाई घटनासँग जोडेर कथावस्तुलाई विस्तार गर्नुहोस् ।

(ग) विद्यार्थीले भनेका मुख्य मुख्यघटनालाई शैक्षणिक पाटीमा लेखेर छलफल गर्नुहोस् ।

(घ) पूर्णविराम, अल्पविराम, प्रश्नवाचक र उद्धरण चिह्नप्रयोग भएका नमुना वाक्यपत्ती प्रदर्शन गरेर लेख्य चिह्नको प्रयोगअनुसार वाक्य उच्चारण आरोह, अवरोह रध्वनि प्रवाहको बारेमा विद्यार्थीसँग छलफल गर्नुहोस् । नमुना वाक्य उच्चारण गरेर स्पष्ट पार्नुहोस् ।

(ङ) विद्यार्थीलाई 'अनिसाको अलमल' पाठ कम्तीमा तीन पटक (फड्के पढाइ, गहन पढाइ र रुजु पढाइ) पढ्न लगानुहोस् त्यसपछि पालैपालो आआफ्ना तर्क सुनाउन लगाउनुहोस् । यस क्रममा आवश्यकता पहिचान गरी सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १७२ को क्रियाकलाप १६ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

## क्रियाकलाप १७ 

(क) म' कर्ता प्रयोग भएको वाक्य प्रदर्शन गर्नुहोस् । त्यसपछि तँ, तिमी, तपाईँ, ऊ, उनीका वाक्य प्रदर्शन गर्नुहोस् र कर्तासँगै क्रियापद परिवर्तन हुने कुरामा छलफल गर्नुहोस् ।

(ख) विद्यार्थीलाई आदरका आधारमा पदसङ्गतिका बारेमा जानकारी गराएर वाक्य पूरा गर्न सहजीकरण गर्नुहोस् ।

(ग) पाठमा प्रयुक्त शब्दपत्ती प्रदर्शन गरेर विद्यार्थीलाई उच्चारण गर्न लगाउनुहोस् ।

(घ) शब्दपत्तीमा भएका शब्दलाई पदसङ्गतिअनुसार वाक्य पूरा गर्न लगाउनुहोस् ।

आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १७३ को क्रियाकलाप १७ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**खाली ठाउँमा सही शब्द लेख्नुहोस् :**

(क) तपाईं सन्चै ................................................ ? (हुनुहुन्छ, छस्)

(ख) तिमी यता ................................................ । (आऊ, आइन्)

(ग) उसले मलाई ................................................ । (बोलाउनुभयो, बोलायो)

(घ) हामी घुम्न ................................................ । (जाऔँ, गए)

## क्रियाकलाप १८



(क) विद्यार्थीलाई गोलो घेरामा वा आमनेसामने हुने गरी राख्नुहोस् । सबै विद्यार्थीले देख्ने गरी अनुच्छेदपत्ती प्रदर्शन गर्नुहोस् ।

(ख) शिक्षकले अनुच्छेद सस्वरवाचन गरेर सुनाउनुहोस् । विद्यार्थीलाई पनि समूहमा गुञ्ज आवाजका साथ सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ग) शिक्षकले अनुच्छेदमा भएको 'मुनाल' पात्रको सट्टामा 'म' राखी पढेर सुनाउनुहोस् ।

(घ) विद्यार्थीलाई पालैपालो एक जनालाई एक वाक्य हुने गरी 'मुनाल'को सट्टामा 'म' राखी वाक्य सुनाउने अभ्यास गराउनुहोस् । सबै विद्यार्थीले अभ्यास गरेपछि कापीमा लेख्न सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १७३ को क्रियाकलाप १८ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**'मुनाल' को सट्टा 'म' बनाएर कापीमा सार्नुहोस् र शिक्षकलाई देखाउनुहोस् :**

मुनालको घर सहरमा छ । घरनजिकै विद्यालय छ । मुनाल तीन कक्षामा पढ्छन् । उनी सबै काम ठिक समयमा गर्छन् । उनलाई आफ्नो काम गर्न अरूले सिकाउनु पर्दैन । मुनाल बिहानै उठेर हातमुख धुन्छन् । कुर्सीमा बसेर पढ्छन् । उनी पढिसकेर किताब झोलामा राख्छन् । उनी हाँसेर बोल्छन् । उनी नाचेर रमाइलो गर्छन् । हकारेर बोलेको उनी मन पराउँदैनन् । उनी सबैसँग मिठो बोल्छन् ।

## क्रियाकलाप १९

(क) विद्यार्थीलाई शब्दकोश देखाउँदै छलफल गराउनुहोस् ।

(खं) शब्दकोशमा नेपाली भाषामा प्रयोग हुने सबै शब्द, शब्दका अर्थ, शब्द उच्चारण आदि हुने कुरा बताउनुहोस् ।

(ग) शब्दकोशमा शब्दका अर्थ खोज्ने तरिका र वर्णको क्रमबारे छलफल गरी स्पष्ट पारिदिनुहोस् ।

(घ) विद्यार्थीलाई पाठमा प्रयुक्त शब्दपत्ती प्रदर्शन गरी उच्चारण अभ्यास गराउनुहोस् ।

(ङ) शब्दपत्तीमा प्रयुक्त शब्दका अर्थ शब्दकोशबाट खोजेर लेख्न सिकाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १७३ को क्रियाकलाप १९ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**जात्रा, ढोले, थपडी, रमिते, पसले शब्दका अर्थ शब्दकोशबाट खोजेर कापीमा लेख्नुहोस् ।**

## क्रियाकलाप २०

(क) विद्यार्थीले दैनिक रूपमा गर्ने कामका बारेमा छलफल गराउनुहोस् ।

(ख) शिक्षकले आफ्नो दैनिक कामका बारेमा लेखिएको अनुच्छेद चार्ट प्रदर्शन गरी सस्वरवाचन गर्नुहोस् र विद्यार्थीलाई पनि वाचन गर्न लगाउनुहोस् ।

(ग) विद्यार्थीलाई दैनिक रूपमा गरिने कामका बारेमा भन्न लगाई छलफल गराउनुहोस् । त्यसपछि पाँच वाक्य लेख्न लगाउनुहोस् । यस क्रममा लेखाइकला, वाक्य गठन तथा पदसङ्गतिबारे अवलोकन गर्दै आवश्यक सहजीकरण गरी पृष्ठपोषण दिनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १७३को क्रियाकलाप २० का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**तपाईंले दैनिक रूपमा गर्ने क्रियाकलाप पाँच वाक्यमा लेख्नुहोस् :**

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

# पाठ २१

## (क) सिकाइ सहजीकरण योजना

<table>
<tr><th>क्र. स .</th><th>विषयवस्तु</th><th>व्यवहारकुशल सिप</th><th>अनुमानित घन्टी</th><th>पाठ्य तथा कार्यपुस्तकको सम्बन्धित पृष्ठसङ्ख्या</th></tr>
<tr><td>१.</td><td>शब्दका अगाडि एवम् पछाडि आएका ध्वनि जोड्ने र छुट्याउने</td><td rowspan="2">• प्रयोग सिप (S1.1)<br>• निणर्य तथा समस्या समाधान (S1.5)<br>• सञ्चार सिप(S3.1)<br>• सहकार्य सिप (S3.2)<br>• साक्षरता सिप (S4.3)<br>• लोकतान्त्रिक, सहभागितात्मक र समतामूलक मूल्य सिप (S5.3)</td><td>७</td><td>१७४ देखि १८० स म्म</td></tr>
<tr><td>२.</td><td>विषयक्षेत्रगत मूल्याङ्कन</td><td>१</td><td>१८१ र १८२</td></tr>
</table>

## (ख) सिकाइ क्रियाकलापका आधार

यस पाठको सिकाइ सहजीकरण गर्नुपूर्व निम्नानुसारको पूर्वतयारी गर्नुहोस् :

| पठन तत्त्व | क्रियाकलापको आधार | क्रियाकलापको सङ्केत र क्रम | सिकाइ सामग्री |
|---|---|---|---|
| ध्वनि सचेती करण | **शिक्षकको पूर्ण सहयोग** |  १ | १. पाठमा प्रयुक्त चित्र वा पोस्टर<br>२. दैनिक प्रयोगमा आउने शब्दका शब्दपत्तीहरू (बनावट, थकावट, मिसावट, सजावट, मिलावट, खाउन्जेल, सकुन्जेल, हिडुन्जेल, पढुन्जेल, लेखुन्जेल, बसुन्जेल, तताएर, पकाएर, केलाएर, सुकाएर, बनाएर, कुटाएर, थुनुवा, डुलुवा, घुमुवा, खन्चुवा, सुतसवा, हरूवा)<br>३. 'परिश्रम' कविता चार्ट<br>४. कविता वाचन गरिएको अडियो तथा भिडियो |

| | | | |
|---|---|---|---|
| दृश्यबोध | **शिक्षकको आंशिक सहयोग** |  २ | १. पाठमा प्रयुक्त चित्र तथा पोस्टर<br>२. सान्दर्भिक थप चित्र |
| लेखाइ | **स्वयम् सिकाइ** |  ३ | १. चित्र तयार गर्न चाहिने आधारभूत सामग्रीहरू : फोटोकपी पेपर, मैन रङ, सिसाकलम, इरेजर, कटर<br>२. नमुना चित्रहरू |
| शब्दभण्डार | **स्वयम् सिकाइ** |  ४ | १. पाठमा प्रयुक्त चित्रपत्ती<br>२. दैनिक प्रयोगमा आउने शब्दका पत्तीहरू (नेपाली, बनेपाली, दुम्जाली, हेम्जाली, सिँजाली, रोल्पाली, कलकली, झलझली, भलभली, थरथरी, परपरी, खनखनी, उपद्रयाहा, रिसाहा, पिसाहा, हेपाहा, मिचाहा, अघिल्लो, पछिल्लो, वल्लो, पल्लो, तल्लो, माथिल्लो)<br>३. 'नम्रताको दैनिकी'अनुच्छेद चार्ट |
| लेख्यवर्ण सचे तीकरण | **स्वयम् सिकाइ** |  ५ | १. पाठमा प्रयुक्त शब्दका पत्तीहरू (बनेपाली, दुम्जाली, हेम्जाली, सिँजाली, रोल्पाली, झापाली, काभ्रेली, दोलखाली, बाराली, राम्चेली, यामुनाली, माम्खाली) |
| शब्दभण्डार | **शिक्षकको आंशिक सहयोग** |  ६ | १ पाठमा प्रयुक्त शब्दका शब्दपत्तीहरू (तताएर, अगिल्ला, डुलुवा, कलकली)<br>२. नमुना वाक्यका पत्तीहरू |
| कार्यमूलक व्याकरण | **शिक्षकको आंशिक सहयोग** |  ७ | १. प्रथम, द्वितीय र तृतीय पुरुष जनाउने शब्दपत्तीहरू<br>२. पुरुष शब्दसँग मिल्ने क्रियापद शब्दका पत्तीहरू<br>३. शब्द स्लाइडर |
| बोध | **दौँतरी सिकाइ** |  ८ | १. भौगोलिक दृश्य देखिने पहाडको चित्र<br>२. पहाडको वर्णन सूची |
| लेखाइ | **स्वयम् सिकाइ** |  ९ | १. अनुच्छेद लेखिएको चार्ट<br>२. नमुना वाक्यपत्तीहरू |
| शब्दभण्डार | **दौँतरी सिकाइ** |  १० | १. पाठमा प्रयुक्त शब्द (सुनाइ, इनार, रहर, रबर, रमिता) |

| | | | |
|---|---|---|---|
| पठनबोध | **शिक्षकको आंशिक सहयोग** |  ११ | १. पाठमा प्रयुक्त चित्र तथा पोस्टर<br>२. 'नेपाली कागज' पाठमा सम्बन्धित शब्दका शब्दपत्तीहरू<br>३. 'नेपाली कागज' रेकर्ड गरेको डिभाइस |
| शब्दभण्डार | **दौँतरी सिकाइ** |  १२ | १. शब्दजालमा भएकाशब्दका सूची (जुनार, आलु, रोटी, खिर, केरा, नास्पाती, अमला, स्याउ, बेल, सुन्तला, दाल, भात, तरकारी, पानी, कुराउनी)<br>२. शब्दजाल चार्ट |
| शब्दभण्डार | **स्वयम् सिकाइ** |  १३ | १. माना र पाथीका एकाइ विवरण चार्ट<br>४ चौथाइको १ माना<br>८ माना को १ पाथी<br>२० पाथीको १ मुरी |
| लेखाइ | **दौँतरी सिकाइ** |  १४ | १. पाठमा प्रयुक्त अनुच्छेद चार्ट |
| शब्दभण्डार | **स्वयम् सिकाइ** |  १५ | १. शब्द र अर्थका पत्तीहरू (कलकली, लुरुलुरु, थरथरी, कुपुकुपु, खनखनी, हिँड्नु, पिउनु, खानु, गन्नु, काम्नु) |
| लेखाइ | **दौँतरी सिकाइ** |  १६ | १. पाठमा प्रयुक्त गर्न हुने र नहुने कामका बारेमा लेखिएको अनुच्छेद चार्ट |
| **विषयक्षेत्रगत मूल्याङ्कन** | |  | पाठ्यपुस्तक |

## (ग) सिकाइ क्रियाकलाप

क्रियाकलाप १ 

(क) शिक्षकले कक्षाका विद्यार्थीलाई अभिवादन गरी विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

(ख) पाठमा प्रयुक्त चित्र वा पोस्टर प्रदर्शन गर्दै को, के, कहाँ, किन, कसरी जस्ता प्रसङ्ग जोडेर छलफल गर्नुहोस् ।

(ग) पाठमा प्रयुक्त शब्दका शब्दपत्ती प्रदर्शन गर्नुहोस् र उच्चारण गर्न लगाउनुहोस् । उच्चारणका क्रममा शब्दका पछाडि जोडिएका टुक्रा देखाउँदै शब्द संरचना बुझाउनुहोस् । जस्तै :परिश्रम + ई = अनुमान,उद्यम + ई = उद्यमी, पौरख + इ = पौरखी ।

(ग) विद्यार्थीलाई शब्दपत्ती वितरण गर्नुहोस् । पालैपालो शब्दलाई उच्चारण गरी शब्दपत्तीमा भएका शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(घ) ‘परिश्रम’ कविता चार्ट प्रदर्शन गर्नुहोस्। कविता गति, यति, लय र हाउभाउसहित गाएर सुनाउनुहोस् । त्यसपछि विद्यार्थीसँगै गाउनुहोस् । लयबद्ध वाचनमा समस्या भएका विद्यार्थीलाई उपयुक्त चिह्न, सङ्केत र क्रियाकलापको उपयोग गरी थप सिकाइको अवसर प्रदान गर्नुहोस् । यस क्रममा क्रमिक सिकाइ रणनीति (शिक्षकले गरेर देखाउने, शिक्षक र विद्यार्थीले सँगसँगै गर्ने, विद्यार्थी विद्यार्थीसँगै अभ्यास गर्ने र विद्यार्थीलाई व्यक्तिगत रूपमा गर्न लगाउने)उपयोग गर्नुहोस् ।

**मूल्याङ्कन**

१. पाठ्यपुस्तकको पृ.स. १७४ को ‘परिश्रम’ कवितागति, यति, लय हालेर सुनाउन लगाउनुहोस् ।

**परिश्रम**

तिमी भए परिश्रमी
हुँदैन काममा कमी
हलो कुटो चले अनि
मनुष्य बन्छ है धनी ।

हुँदैन खिन्न उद्यमी
मरेर जान्न पौरखी
सुकर्म बन्छ ईश्वर
मनुष्य बन्छ पूजक ।

हुने छ भूमि उर्बर
गरे सधैँ परिश्रम
धुलो हुने छ पत्थर
छरे सधैँ परिश्रम ।

२. शब्दपत्तीमा भएका शब्द ‘परिश्रम’ कवितामा खोज्न लगाई ती शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् ।

## क्रियाकलाप २

(क) विद्यार्थीलाई पाठमा प्रयुक्त चित्र तथा पोस्टर प्रदर्शन गरेर चित्रमा भएको कुरा अनुमान, पूर्वानुमान गरी वर्णन गर्न लगाउनुहोस् ।

(ख) को, के, किन, कति, कस्तो, कसरी जस्ता प्रश्नका आधारमा चित्र वर्णन गर्न लगाउनुहोस् ।

(ग) चित्र र परिवेशलाई जोडेर वर्णन गराउनुहोस् ।

(घ) पाठमा प्रयोग भएका चित्रसँग मिल्दाजुल्दा वातावरण देखिने चित्र वा पोस्टर प्रदर्शन गरी सिकाइको थप अवसर प्रदानगर्नुहोस् ।

(ङ) पाठमा प्रयुक्त प्रश्नका उत्तर भन्न लगाउनुहोस्। यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १७४ को क्रियाकलाप २ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**चित्र छलफल गरेर तलका प्रश्नको उत्तर दिनुहोस् :**



(क) चित्रमा कसले के गर्दैछन् ?
(ख) चित्रमा कति जना मानिस छन् ?
(ग) चित्रमा कुन कुन वस्तु देखिन्छन् ?

## क्रियाकलाप ३



(क) विद्यार्थीसँग चित्र निर्माणका बारेमा छलफल गर्नुहोस् । शैक्षणिक पाटीमा आफूलाई मन पर्ने चित्र बनाएर देखाउनुहोस् ।

(ख) विद्यार्थीलाई चित्र बनाउन आवश्यक पर्ने सामग्री वितरण गर्नुहोस् र चित्र बनाउन सहजीकरण गर्नुहोस् ।

(ग) चित्र बनाइसकेपछिचित्रमा रङ भर्न सहजीकरण गर्नुहोस् ।

(घ) विद्यार्थीले तयार पारेका चित्र प्रदर्शनी पाटीमा टाँस्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १७५ को क्रियाकलाप ३ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**कापीमा चित्र बनाउनुहोस् र रङ भर्नुहोस् :**

| | | | |
|---|---|---|---|
| भाले | कान | मुख | घडी |

## क्रियाकलाप ४



(क) पाठमा प्रयुक्त चित्र प्रदर्शन गरी छलफल गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीलाई दैनिक प्रयोगमा आउने शब्दका पत्तीहरू प्रदर्शन गरेर शब्दोच्चारण गर्न लगाउनुहोस् । अर्थगत बोधका लागि वाक्यमा प्रयोग गरेर सहजीकरण गर्नुहोस् ।

(ग) शब्दमा भएका वर्ण पहिचान गरेर वर्णलाई छुट्याउने र जोड्ने अभ्यास गराउनुहोस् ।

(घ) 'नम्रताको दैनिकी'अनुच्छेद चार्ट प्रदर्शन गरी सस्वरवाचन गरेर सुनाउनुहोस् रविद्यार्थी समूहलाई पनि

वाचन गर्न लगाउनुहोस् ।

(ङ) नम्रताले कुन समयमा के काम गरिन्, प्रश्नोत्तर गर्नुहोस् ।

(च) पाठमा प्रयुक्त दुई शब्द जोडिएर बनेका सिङ्गो शब्द पहिचान गर्न लगाएर ती शब्दलाई कापीमा लेख्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १७५ को क्रियाकलाप ४ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**पढ्नुहोस् र बोल्ड गरिएका शब्द कापीमा लेख्नुहोस् :**

**नम्रताको दैनिकी**

नम्रता हरेक दिन बिहान ६ बजे उठ्छिन् । शौचालयमा गई **दिसापिसाब** गर्छिन् । **साबुनपानी**ले **हातमुख** धुन्छिन् । ६:३० बजे आमाले उनलाई दुध दिनुहुन्छ । उनी दुध पिउँछिन् । त्यसपछि २ घण्टा पढ्ने लेख्ने काम गर्छिन् । ८:३० बजे खाना खान्छिन् । ९ बजे विद्यालय पोसाक लगाउँछिन् । कापी, कलम र किताब झोलामा हाल्छिन् । ९:३० बजे विद्यालय जान्छिन् । १० बजे प्रार्थना सभामा **सहभागी** हुन्छिन् । १०:१५ बजे पहिलो कक्षा सुरु हुन्छ । १:३० बजे खाजा समय हुन्छ । उनी खाजा खान्छिन् । **एकछिन** खेल्छिन् । दिउँसो ४ बजे बिदा हुन्छ । उनलाई लिन बुबा पुग्नुहुन्छ । उनी बुबासित घर फर्कन्छिन् । ४:३० बजे घरमा खाजा खान्छिन् । खाजा खाएपछि १ घण्टा खेल्छिन् । ५:३० बजेदेखि **गृहकार्य** गर्न सुरु गर्छिन् । ६:३० बजे टेलिभिजनमा आफूलाई मन पर्ने बाल कार्यक्रम हेर्छिन् । ७ बजे रातिको खाना खान्छिन् । केही समय **आमाबुबा**सँग **कुराकानी** गर्छिन् । ८:३० बजे सुत्छिन् ।

क्रियाकलाप ५ 

(क) विद्यार्थीलाई पाठमा प्रयुक्त शब्द प्रदर्शन गर्नुहोस् र छलफल गर्न लगाउनुहोस् ।

(ख) शिक्षकले प्रदर्शन गरेका शब्दमा भएको दुई अलग अलग शब्द अनुमान गरेर विद्यार्थीलाई भन्न लगाउनुहोस् । यस क्रममा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् । जस्तै : बनेपा + ली = बनेपाली, झापा + ली = झापाली, गाउँ + ले = गाउँले, साँखु + ले = साँखुले ।

(ग) यस्ता खालका शब्द विद्यार्थीलाई पनि खोजी गर्न लगाउनुहोस् र शब्दलाई छुट्याउने र जोड्ने अभ्यास गराउनुहोस् ।

(घ) विद्यार्थीलाई क्रियाकलाप ५ बाट शब्द भन्न र लेख्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १७५ को क्रियाकलाप ५ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**उदाहरण हेरी जोडेर भन्नुहोस् र लेख्नुहोस् :**

| | | | |
|---|---|---|---|
| रोल्पा + ली | पाल्पा + ली | झापा + ली | बनेपा + ली |
| रोल्पाली ........... | ......... ...... | .................. | ........................... |
| भादगाउँ + ले | ठिमी + ले | गाउँ + ले | साँखु + ले |
| .................... | .................... | .......................... | ............................ |

## क्रियाकलाप ६

(क) वाक्य निर्माण गर्नुपर्ने शब्दका शब्दपत्ती प्रदर्शन गर्नुहोस् र ती शब्दलाई उच्चारण गर्न लगाउनुहोस् ।

(ख) शिक्षकले नमुना वाक्यपत्ती प्रदर्शन गर्नुहोस् । वाक्य संरचनाका बारेमा अभ्यास गराउनुहोस् । विद्यार्थीलाई पालैपालो वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ग) वाक्यमा प्रयोग भएका लिङ्ग, वचन, पुरुषका आधारमा क्रियापद परिवर्तन हुने तरिका विद्यार्थीलाई सहजीकरण गर्नुहोस् । जस्तै : भाइले पानी तताएर खायो । बहिनीले पानी तताएर खाई ।

(घ) विद्यार्थीलाई समूहमा राख्नुहोस् र थप शब्द दिएर वाक्य निर्माण गर्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १७६को क्रियाकलाप ६ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

तताएर : .............................................................................................

नेपाली : .............................................................................................

अगिल्ला : .............................................................................................

गृहकार्य : .............................................................................................

कलकली : .............................................................................................

## क्रियाकलाप ७

(क) विद्यार्थीसँग म, हामी, तँ, तिमी, तिमीहरु, ऊ, यनी, उनीहरू, आदि शब्दका शब्दपत्ती प्रदर्शन गरी प्रथम, द्वितीय र तृतीय पुरुष जनाउने शब्दका बारेमा छलफल गर्नुहोस् । यस क्रममा एकवचन र बहुवचनको प्रसङ्गलाई पनि जोड्नुहोस् ।

(ख) विद्यार्थीलाई संरचना मिलेका वाक्यपत्ती प्रदर्शन गरेर सहजीकरण गर्नुहोस् ।

(ग) कर्ता, कर्म र क्रियापद शब्दका शब्दपत्ती प्रदर्शन गरीशब्द जोडर वाक्य निर्माण गर्न सहजीकरण गर्नुहोस् ।

(घ) वाक्यमा पुरुष परिवर्तन हुँदा क्रियापद शब्द पनि परिवर्तन हुने कुरा शब्द स्लाइडर प्रयोग गरेर सहजीकरण गर्नुहोस् ।

(ङ) कर्ता, कर्म र क्रियापद जोडेर वाक्य बनाउन समस्या परेका विद्यार्थीलाई आवश्यक सहयोग गर्दै थप अभ्यास गराउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १७६ को क्रियाकलाप ७ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**दिइएको तलिकाबाट वाक्य बनाउनुहोस् :**

| | | |
|---|---|---|
| उनीहरू | अस्पतालमा | जाऊ । |
| म | विद्यालय | जान्छु । |
| तिमी | गोठालो | उपचार गर्दै छन् । |

## क्रियाकलाप ८



(क) विद्यार्थीलाई पहाड वा पहाडको चित्र प्रदर्शन गरी छलफल गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीले भनेका कुरा टिपोट गरी पहाडको वर्णन गरिएको अनुच्छेद सस्वरवाचन गरेर सुनाउनुहोस् ।

(ग) विद्यार्थीलाई पहाडको वर्णनका क्रममा पहाडको नाम, पहाडको विशेषता, पहाडमा पाइने बोटबिरुवा आदिका बारेमा प्रश्नोत्तर गर्नुहोस् ।

(घ) पहाडको वर्णन गरिएको भिडियो देखाउनुहोस् ।

(ङ) विद्यार्थीलाई आफ्नो परिवेशको कुनै पहाडका बारेमा भन्न लगाउनुहोस् ।विद्यालयबाट पहाड देख्न सकिने अवस्था छैन भने शिक्षकलाई वा पहाडका बारेमा जानकारी भएका स्थानीय व्यक्तिलाई सोधेर वर्णन गर्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १७६को क्रियाकलाप ८ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**तपाईंले पहाड देख्नुभएको छ ? चित्र मात्र देख्नुभएको छ कि साँच्चिकै देख्नुभएको छ ? चित्रसमेतको सहयोग लिई कक्षाका साथीलाई पहाडको वर्णन गरेर सुनाउनुहोस् ।**

## क्रियाकलाप ९



(क) विद्यार्थीलाई अनुच्छेद लेखिएको चार्ट प्रदर्शन गर्नुहोस् र गुञ्ज आवाजमा चार्टमा भएका वाक्य पढ्न लगाउनुहोस् ।

(ख) शैक्षणिक पाटीमा वर्ण, शब्द, डिका र लेख्य चिह्नलाई ख्याल गरी नमुना वाक्य लेखेर देखाउनुहोस् ।

(ग) विद्यार्थीलाई अनुच्छेद हेरेर कापीमा बान्की मिलाएर सफा र शुद्धसँग अनुच्छेद सार्न लगाउनुहोस् ।

(घ) अनुच्छेद लेखिसकेपछि साथी साथीबिच कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । पुनः आफ्नो आफ्नो कापी लिन लगाई कुनै त्रुटि भए सच्याउन लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १७६को क्रियाकलाप ९ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**जस्ताको त्यस्तै कापीमा सार्नुहोस् :**

मेरो नाम विजया हो । म आमाबुबासँगै काठमाडौँमा बस्छु । मेरो जन्मघर भोजपुर जिल्लामा पर्छ । त्यही रमाइलो ठाउँमा म जन्मेकी हुँ । मलाई मेरो जन्मथलो असाध्यै मन पर्छ । यस वर्ष भाइ र म दसैं बिदामा गाउँ गयौं । त्यहाँको स्वच्छ वातावरणमा घुम्न पाउँदा मन प्रसन्न भयो । गाउँमा झाडापखाला फैलिएको रहेछ । धेरैलाई खोकी पनि लागेको रहेछ । मानिसहरू किन बिरामी परे भनेर खोजी गऱ्यौं । उनीहरूलाई स्वास्थ्य चौकीमा गएर जँचाउन सल्लाह दियौं । पानी उमालेर मात्र खान भन्यौं । उमालेको पानी ढकनीले छोपेर राख्न लगायौं । हामीले भनेको गाउँका सबै जनाले मान्नुभयो । झाडापखाला फैलन पाएन । बिरामीहरूको खोकी पनि कम भयो । हामीले दसैं रमाइलोसँग मनायौं । दसैं सकिएपछि हामी गाउँबाट काठमाडौं फर्कियौं ।

## क्रियाकलाप १०

(क) विद्यार्थीलाई गोलो घेरामा वा आमनेसामने हुने गरी राख्नुहोस् र शब्द खेल खेल्ने कुरा जानकारी गराउनुहोस् ।

(ख) शिक्षकले देखाएका वा भनेका शब्दको अन्तिम वर्णबाट बन्ने नयाँ शब्द पालैपालो भन्दै जानुपर्ने कुरा विद्यार्थीलाई जानकारी गराउनुहोस् । उदाहरणका लागि शब्दपत्ती (सुनाइ, इनार, रहर, रबर, रमिता, ताजा, जामा, मामा) प्रदर्शन गर्नुहोस् ।

(ग) विद्यार्थीलाई शब्द खेल खेलाउनुहोस्। नयाँ शब्द भन्न कठिनभएको अवस्थामा शिक्षकले सहजीकरण गर्नुहोस् ।

(घ) खेल खेल्ने क्रममा विद्यार्थीले भनेका शब्द शैक्षणिक पाटीमा टिप्दै जानुहोस् र विद्यार्थीलाई पनि कापीमा टिप्न लगाउनुहोस् ।

(ङ) यस्तै शब्द खेल खेलाएर सिकाइको थप अवसर प्रदान गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १७७ को क्रियाकलाप १० का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**अन्तिममा आउने वर्णबाट शब्द बनाउँदै जानुहोस् :**

| सुनाइ | इनार | रहर | रबर | रमिता | ताजा | जामा | मामा |
|---|---|---|---|---|---|---|---|
| .......... | ............. | ............. | ............ | .......... | ....... ..... | ..... | ...... |
| .......... | ............. | ............. | ............ | .......... | ....... ..... | ..... | ...... |

## क्रियाकलाप ११

(क) पाठमा प्रयुक्त चित्रपत्ती प्रदर्शन गरी छलफल गर्न लगाउनुहोस् ।

(ग) पाठमा प्रयुक्त शब्दका शब्दपत्ती प्रदर्शन गरी शब्दोच्चारण अभ्यास गराउनुहोस् । शब्दपत्तीका शब्दका बारेमा प्रश्नोत्तर गरीवाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(घ) शिक्षकले पाठमा प्रयुक्त चित्र प्रदर्शन गर्दै 'नेपाली कागज' पाठ वाचन गरेर सुनाउनुहोस् । पाठ सुनाउँदा आरोह, अवरोह, गति, यति, हाउभाउ र वाचन कलालाई विशेष जोड दिनुहोस् । पाठ वाचनका क्रममा प्रश्नोत्तर गर्नुहोस् ।

(ङ) विद्यार्थीलाई पालैपालो सस्वर पठन गर्न लगाउनुहोस् । पठन गर्दा उच्चारणमा कठिन भएका शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् र शिक्षकले सहजीकरण गरिदिनुहोस् ।

(च) पाठमा भएका प्रश्नका उत्तर पाठमा नै पहिचान गर्न लगाउनुहोस् र ती प्रश्नका उत्तर लेख्न लगाउनुहोस् । शिक्षकले अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १७७ र १७८ को क्रियाकलाप ११ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

(क) लोकतो वनस्पतिबाट के बनाइन्छ ? ..............................................................

(ख) नेपाली कागजबाट के के बनाइन्छ ? ..................................................................

(ग) नेपाली कागज कसरी तयार गरिन्छ ? .............................................................

## क्रियाकलाप १२

(क) विद्यार्थीलाई कोठेपद चार्ट प्रदर्शन गर्नुहोस्र चार्टमा प्रयोग भएका वर्णलाई पालैपालो भन्न लगाउनुहोस् ।

(ख) विद्यार्थीलाई दुईतीन जनाको समूहमा विभाजन गर्नुहोस् र कोठेपदबाट खानेकुराका नाम शब्द चिनेर घेरा लगाउन सिकाउनुहोस् ।

(ग) विद्यार्थीलाई खानेकुराका नामका शब्दपत्ती प्रदर्शन गरी उच्चारण गर्न लगाउनुहोस् ।

(घ) विद्यार्थीलाई कोठेपदमा चिनो लगाइएका खानेकुराका नाम कापीमा लेख्न लगाउनुहोस् र कुनै विद्यार्थीलाई शब्द पहिचान गर्न र लेख्न कठिनाइ भए आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १७८को क्रियाकलाप १२ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**तलको कोठेपदबाट दशओटा खानेकुराको नाम खोजेर कापीमा लेख्नुहोस् :**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| रो | पी | जु | ना | र | अ | भा | त |
| को | टी | मा | सु | स्या | जा | सु | र |
| आ | लु | बे | ते | उ | र | न्त | का |
| खि | दु | दा | ल | अ | म | ला | री |
| र | ध | क | भ | ट | मा | स | सा |
| के | मो | चि | घि | ख | छ्या | ग | पा |
| रा | मो | जि | उ | कु | रा | उ | नी |
| ना | स | पा | ती | रा | ग | द | ही |

क्रियाकलाप १३ 

(क) विद्यार्थीलाई माना, कुरुवा र पाथीको चित्र प्रदर्शन गरी छलफल गराउनुहोस् ।

(ख) चित्रमा देखिएका सामान के कामका लागि प्रयोग गरिन्छ ? भन्न लगाउनुहोस् ।

(ग) विद्यार्थीलाई मानापाथीको एकाइ विवरण चार्ट प्रदर्शन गर्नुहोस्।

(घ) कस्ता वस्तुलाई माना पाथीमा भर्न मिल्छ ? छलफल गर्नुहोस् ।

(ङ) मानापाथीका विभिन्न समस्या दिनुहोस् र समाधान गर्न सहजीकरण गर्नुहोस् । जस्तै : एक कुरुवामा कति माना हुन्छ ? एक पाथीमा कति माना हुन्छ ? एक मुरीमा २० पाथी भए ३ मुरीमा कति पाथी हुन्छ ? ५ पाथी र ७ मानामा कुनचाहिँ धेरै हुन्छ ?

(च) पाठमा प्रयुक्त शब्द चार्ट प्रदर्शन गरी धेरैबाट थोरैको क्रममा लेख्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १७९को क्रियाकलाप १३ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**१३. तलको तालिका हेरेर धेरैबाट थोरैको क्रम मिलाएर लेख्नुहोस् :**

कोदो : २५पाथी ...............................................................................

मकै : १५ पाथी ...............................................................................

| | | |
|---|---|---|
| तोरी | : | २० पाथी ........................................................................................... |
| गहत | : | ४ पाथी ........................................................................................... |
| चना | : | २० माना ........................................................................................... |
| गहुँ | : | ४ मुरी ........................................................................................... |
| रहर | : | ३ मुरी ........................................................................................... |

## क्रियाकलाप १४



(क) विद्यार्थीलाई रेकर्ड गरिएको अनुच्छेद सुनाउनुहोस् । त्यसपछि अनुच्छेदका बारेमा भन्न लगाउनुहोस् ।

(ख) शिक्षकले पाठ्यपुस्तकमा प्रयुक्त अनुच्छेद बिस्तारै सस्वरवाचन गरी सुनाउनुहोस् । त्यसपछि विद्यार्थीलाई पाठको अनुवाचन तथा सहवाचन गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीले उच्चारण गर्न नसकेका शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् । रेखाङ्कन गरेका शब्द जनाउने चित्र वा ठोस वस्तु प्रदर्शन गरी सँगसँगै शब्द उच्चारण गराउनुहोस् । राम्ररी उच्चारण गर्न नसकेसम्म अभ्यास गराउनुहोस् ।

(घ) शिक्षकले अनुच्छेद पढेर सुनाउनुहोस् र विद्यार्थीलाई श्रुतिलेखन गराउनुहोस् ।

(ङ)श्रुतिलेखनपश्चात् साथी साथीमा कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । त्यसपछि पुन: जसको कापी हो उसैलाई लिन लगाएर कुनै त्रुटि फेला परे सच्याउन लगाउनुहोस् । यस क्रममा शिक्षकले आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १७९ को क्रियाकलाप १४ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**सुनेर कापीमा लेख्नुहोस् :**

नदीनाला हाम्रा सम्पत्ति हुन् । नदीमा ढुङ्गा, गिट्टी र बालुवा हुन्छन् । हामीलाई घर बनाउन ढुङ्गा, गिट्टी र बालुवा चाहिन्छ । यस्ता वस्तुहरू हामी नदीबाट ल्याउँछौँ । आजभोलि नदी किनारमा क्रसर उद्योग नै खोलेर मान्छेहरूले जथाभावी ढुङ्गा, गिट्टी र बालुवा निकाल्ने गरेका छन् । यसरी नदीबाट ढुङ्गा, गिट्टी र बालुवा धेरै झिक्दा नदी भासिन्छ । नदीमा बस्ने माछाहरू हराउँछन् । बाढी जान्छ । खेती गर्ने जमिनको माटो बग्छ । नदी किनारमा बनेका घरहरू भत्किन्छन् । यसले हाम्रो वरपरको वातावरणलाई बिगार्छ । त्यसैले हामीले नदीनालाहरूमा क्रसर उद्योग खोलेर जथाभावी ढुङ्गा, गिट्टी र बालुवा झिक्नु हुँदैन । हामीलाई चाहिने जति मात्र झिक्नुपर्छ । झिक्दा पनि एकै ठाउँबाट झिक्नु हुँदैन । नदी किनारमा रुख रोप्नुपर्छ । हाम्रा नदीनालाहरू जोगाउनु हामी सबैको कर्तव्य हो ।

## क्रियाकलाप १५

(क) विद्यार्थीलाई क्रमशः गरेर शब्दपत्ती प्रदर्शन गर्नुहोस्। शब्दपत्तीमा भएका शब्द उच्चारण गर्न लगाउनुहोस् । शब्द उच्चारणसँगैअर्थगत बोधका लागि शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ख) शब्दपत्तीमा भएका अनुकरणात्मक शब्दसँग मिल्ने क्रिया पहिचान गर्न लगाउनुहोस् । विद्यार्थीलाई नमुनाका लागि ‘कलकली’ शब्दसँग ‘पिउनु’, ‘लुरुलुरु’ शब्दसँग ‘हिड्नु’ क्रिया शब्द जोडेर सहजीकरण गर्नुहोस् ।

(ग) विद्यार्थीलाई एक एकओटा शब्दपत्ती वितरण गर्नुहोस् । विद्यार्थीलाई आफूसँग भएको शब्दसँग क्रियापद मिल्ने शब्द लिएका साथीसँग जोडी बनाउन लगाएर जोडी शब्द उच्चारण गरी प्रदर्शन गर्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १७९ को क्रियाकलाप १५ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**तलका शब्दलाई मिल्ने शब्दसँग जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| कलकली | हिँड्नु |
| लुरुलुरु | पिउनु |
| थरथरी | खानु |
| कुपुकुपु | गन्नु |
| खनखनी | काम्नु |

## क्रियाकलाप १६

(क) विद्यार्थीसँग कामका बारेमा छलफल गरीके के काम गर्नुहुन्छ ? के के काम गर्नु हुँदैन ?जस्ता प्रश्नोत्तरगरेर विद्यार्थीको विचार टिपोट गर्नुहोस् ।

(ख) पाठमा प्रयुक्तबुँदा चार्ट प्रदर्शन गर्नुहोस् र सस्वरवाचन गरेर सुनाउनुहोस् । शिक्षकले वाचन गरेपछि विद्यार्थीलाई पनि कम्तीमा तीन पटक वाचन गर्न लगाउनुहोस् ।

(ग) तालिकामा प्रस्तुत गरिएका बुँदाका बारेमा प्रश्नोत्तर गर्नुहोस् ।

(घ) विद्यार्थीलाई गर्न हुने र गर्न नहुने कामका बुँदालाई जोडेर अनुच्छेद लेख्न सहजीकरण गर्नुहोस् ।

(ङ) विद्यार्थीले लेखेको अनुच्छेदलाई पढेर सुनाउन लगाउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १८०को क्रियाकलाप १६ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**तलको तालिकाका आधारमा गर्न हुने र नहुने काम समेटी एक अनुच्छेद लेख्नुहोस् :**

| गर्न हुने काम | गर्न नहुने काम |
|---|---|
| • आफ्ना सरसामान मिलाएर राख्ने<br>• घरायसी काममा सहयोग गर्ने<br>• सबैलाई आदर सम्मान गर्ने<br>• समूहमा मिलेर काम गर्ने<br>• कक्षाकार्य र गृहकार्य समयमा गर्ने<br>• खेल खेल्दा नियम पालना गर्ने<br>• नयाँ नयाँ कुरा सिक्ने र सिकेका<br>• कुरा अरूलाई पनि सिकाउने<br>• छलफल गरी समस्या समाधान गर्ने | • अल्छी हुने<br>• झगडा गर्ने<br>• विद्यालय नियमित रूपमा नजाने<br>• फोहोर गर्ने<br>• पालो नपर्खने<br>• अभिभावकले भनेको नमान्ने<br>• नियम पालना नगर्ने<br>• होहल्ला गरी अशान्ति मच्चाउने<br>• घरमा आएका पाहुनालाई सम्मान नगर्ने<br>• अरूलाई आदर नगर्ने |

# ११. हाम्रो वरपरको संसार

**कार्यघण्टा : १५**

## परिचय

**'हाम्रो वरपरको संसार'** नेपाली र हाम्रो सेरोफेरो विषयभित्र बहुविषयक ढाँचामा एकीकृत गरिएको विषयक्षेत्र हो । बालबालिकाका लागि आफ्नो टोल, समुदाय र वरिपरिको वातावरण सिकाइका लागि महत्त्वपूर्ण हुन्छ । सिकाइका क्रममा वरपरको प्राकृतिक वातावरण, मौसम र विभिन्न प्रकारका मौसमअनुकूल गरिने कार्यव्यवहारलाई समेत आफ्नो वरपरको संसारभित्र समेटिन्छ । यसर्थ वरपरको संसार विषयक्षेत्रमा आधारित सर्गपरक ध्वनि छुट्याउने भाषिक क्षेत्र र पाठगत विषयवस्तुका माध्यमबाट भाषिक कार्य सम्पादनमा जोड दिइएको छ । यस्ता सन्दर्भमा विद्यार्थीको भाषिक प्रयोगको आधार सान्दर्भिक र प्रयोगपरक बन्ने देखिन्छ । अतः निर्दिष्ट विषयक्षेत्रमा आधारित भई भाषा प्रयोग र सञ्चारका क्रममा विद्यार्थीले सर्गपरक ध्वनि छुट्याउन, पठन तथा लेखन, निर्धारित पाठका आधारमा बोधगत अभ्यास, शब्दहरूको उच्चारणसहित पठन र लेखन, दैनिक प्रयोग हुने शब्द, शीर्ष शब्द र विषयक्षेत्रगत शब्दको समुचित प्रयोग, शिष्टता र मर्यादाबोधक शब्दको प्रयोग, परिवेशगत, पात्रगत र घटनागत सन्दर्भ पहिचान र तुलना, निर्धारित विषयवस्तुको पदसङ्गति, कालका पक्ष र चिह्न प्रयोगको सचेततासहितको मौखिक तथा लिखित अभिव्यक्तिलगायत कार्य गर्ने छन् ।

यो विषयक्षेत्रमा दुईओटा पाठ रहेका छन् । ती पाठमा हाउभाउ, गति, यति लय र शुद्धतासहित कविता पढ्ने, दृश्यवर्णन गर्ने, शब्दका अगाडि एवम् पछाडि आएका सर्ग छुट्याउने तथा जोडेर शब्द बनाउने, निर्धारित पाठ्यसामग्री, चित्र र पत्रपत्रिका पढी बोध गर्ने, पाठका सुरु, बिच र अन्त्यका मुख्य मुख्य घटना बताउने, शब्दका अगाडि एवम् पछाडि आएका ध्ननि जोडेर र छुट्याएर भन्ने, निर्धारित समयमा तोकिएको पाठ वा अनुच्छेद पढ्ने, पाठमा दिइएका शब्दको परिभाषा, उदाहरण, तुलनाबोधक शब्द र विपरीत अर्थबोधक शब्द बुझेर पढ्ने, निर्धारित पाठका मुख्य मुख्य बुँदा टिपोट गरी भन्ने तथा लेख्ने, पाठगत प्रश्नोत्तर गर्ने, गति, यति र हाउभाउसहित अनुच्छेद पढ्ने, दोहोरो सञ्चार गर्ने, लेख्य चिह्नको प्रयोग गरी लिखित अभिव्यक्ति दिने तथा लिङ्ग, वचन, पुरुष, आदर र काल मिलाई बोल्ने र लेख्ने, रुचिका विषयक्षेत्र वा शीर्षकमा आधारित भई स्वतन्त्र लेखन गर्ने जस्ता क्रियाकलाप निर्धारण गरिएका छन् ।

विषयक्षेत्रको अन्त्यमा पाठ्यक्रममा आधारित भई ध्वनि सचेतीकरण, श्रव्य/दृश्यबोध, लेख्यवर्ण सचेतीकरण, शब्दभण्डार, पठन प्रवाह, पठनबोध, लेखाइ र कार्यमूलक व्याकरणसँग सम्बन्धित मूल्याङ्न क्रियाकलापसमेत समावेश गरिएको छ । यी क्रियाकलापले सिकारुको रुचि र सिकाइ गति एवम् सिकारुको सक्रिय सहभागिता तथा सिकाइ क्रियाकलाप चयन र कार्यान्वयन गर्दै विद्यार्थीलाई सुधारात्मक सिकाइ प्रक्रियाद्वारा थप सिकाइको अवसर प्रदान गर्ने छ ।


# पाठ २२

## (क) सिकाइ सहजीकरण योजना

| क. स. | विषयवस्तु | व्यवहारकुशलसिप | अनुमानित घन्टी | पाठ्य तथा कार्यपुस्तकको सम्बन्धित पृष्ठसङ्ख्या |
|---|---|---|---|---|
| १. | शब्दका अगाडि एवम् पछाडि आएका ध्वनि जोड्ने र छुट्याउने | • प्रयोग सिप(S1.1)<br>• निर्णय तथा समस्या समाधान(S1.5)<br>• सहकार्य सिप(S3.2)<br>• दृश्य साक्षरतासिप(S4.3)<br>• सहनशीलता र खुलापन सिप(S4.3) | ७ | १८३ देखि १८९ |

## (ख) सिकाइक्रियाकलापकाआधार

यस पाठको सिकाइ सहजीकरण गर्नुपूर्व निम्नानुसारको पूर्वतयारी गर्नुहोस् :

| पठन तत्त्व | क्रियाकलापको आधार | क्रियाकलापको सङ्केत र क्रम | सिकाइ सामग्री |
|---|---|---|---|
| ध्वनिसचेतीकरण | **शिक्षकको पूर्ण सहयोग** |  १ | १. पाठमा प्रयुक्त चित्र वा पोस्टर<br>२. दैनिक प्रयोगमा आउने शब्दका शब्दपत्ती (अभिनय, अभिरुचि, अनिकाल, अनुलेखन, अनुपठन, सहमति, सहयोग, सहकार्य, सहपठन, सहवाचन))<br>३. 'भन्नुहुन्छ मिसले' कविता चार्ट |
| दृश्यबोध | **शिक्षकको आंशिक सहयोग** |  २ | १. पाठमा प्रयुक्त चित्र तथा पोस्टर |
| कार्यमूलक व्याकरण | **शिक्षकको आंशिक सहयोग** |  ३ | १ पाठमा प्रयुक्त शब्दका शब्दपत्तीहरू (अनुमान, अनुलेखन, अनुपठन, बेवास्ता, बेखबर, बेहाल) |
| पठन प्रवाह | **दौँतरी सिकाइ** |  ४ | १. 'हाम्रो देश' संवाद लेखिएको अनुच्छेद चार्ट<br>२. पाठमा प्रयुक्त चित्रपत्ती |
| लेख्यवर्ण सचेतीकरण | **स्वयम् सिकाइ** |  ५ | १. शब्दको सुरुमा सु, सह वर्ण आउने शब्दका शब्दपत्ती<br>(<br>सुयोग्य, सुशील, सुविचार, सुनौलो, सहकार्य, सह |

| | | | |
|---|---|---|---|
| | | | मति,सहलेखन, सहयोग) |
| शब्दभण्डार | **स्वयम् सिकाइ** |  ६ | १. पाठमा प्रयुक्त शब्दपत्ती<br>(विजित, विजय, विजया, विहार, विदेश, विमानस्थल, विमान)<br>२. 'अब विदेश जान्नँ' पाठ लेखिएको चार्ट |
| शब्दभण्डार | **शिक्षकको आंशिक सहयोग** |  ७ | १ हिज्जे मिलेका सही शब्द र हिज्जे नमिलेका तथा फरक वर्ण भएका अर्थ नलाग्ने शब्दका शब्दपत्तीहरू<br>(पालपा पाल्पा, लेखेको नेखेको, उपहार उपहर)) |
| लेखाइ | **स्वयम् सिकाइ** |  ८ | १. दैनिक प्रयोगमा आउने शब्दका शब्दपत्तीहरू<br>(सुशील, सुयोग्य, सुयश, सुकीर्ति, सुविचार, भारी, पढी, लेखी, कुदी, बसी, उडी, उठी)<br>२.'उमाको उपचार' अनुच्छेद लेखिएको चार्ट<br>३. नमुना वाक्यपत्तीहरू |
| शब्दभण्डार | **स्वयम् सिकाइ** |  ९ | १. पाठमा प्रयुक्त शब्द पत्तीहरू<br>(प्रदेश, प्रकार, प्रचार, प्रयोग, अनुमति, अनुमान, अनुहार, अनुसार, खाएर, गरेर, बसेर, सुनेर, पढेर, हाँसेर, उठेर, नाचेर) |
| पठनबोध | **शिक्षकको आंशिक सहयोग** |  १० | १. पाठमा प्रयुक्त चित्र तथा पोस्टर<br>२. दैनिक प्रयोगमा आउने शब्दका शब्दपत्तीहरू<br>(घुमाइ, सुताइ, हिडाइ, लेखाइ, सुनाइ, हेराइ, पराइ, लेखन्ते, लेखोट, लेखेर, लेख्दै, लेख्थ्यो, लेख्न, लेख्ने लेखी)<br>३. 'सुन्दर भाइ' रेकर्ड गरेको डिभाइस |
| शब्दभण्डार | **शिक्षकको आंशिक सहयोग** |  ११ | १ पाठमा प्रयुक्त शब्दका शब्दपत्तीहरू<br>(प्रयोग, अनुहार, उठेर, नाचेर)<br>२. नमुना वाक्यका पत्तीहरू |
| शब्दभण्डार | **दौँतरी सिकाइ** |  १२ | १. पाठमा प्रयुक्त सर्गपरक शब्दका पत्तीहरू<br>(अभिनय, अभिरुचि, अनिकाल, अनुलेखन, अनुपठन, सहमति, सहयोग, सहकार्य, सहपठन, सुशील, सुयोग्य, सुयश, सुकीर्ति, सुविचार)<br>२. सर्ग छुट्याइएको तालिका |
| पठन प्रवाह | **दौँतरी सिकाइ** |  १३ | १. दैनिक प्रयोग मा आउने शब्दका शब्दपत्तीहरू<br>(गर्थ्यो - गर्थी, लेख्थ्यो - लेख्थी, पढ्थ्यो - पढ्थी, हिँड्थ्यो - हिँड्थी, बस्थ्यो - बस्थी, गाउँथ्यो -गाउँथी, भन्थ्यो - भन्थी, खान्थ्यो - खान्थी)<br>२. 'रमेशको रहर' पाठमा प्रयुक्त अनुच्छेद चार्ट |

| | | | |
|---|---|---|---|
| कार्यमूलक व्याकरण | **शिक्षकको पूर्ण सहयोग** |  १४ | १.अर्थगत वाक्य संरचना भएको र नभएको वाक्यपत्ती |
| पठनबोध | **शिक्षकको आंशिक सहयोग** |  १५ | १. पाठमा प्रयुक्त चित्र तथा पोस्टर<br>२. दैनिक प्रयोगमा आउने शब्दका शब्दपत्तीहरू (परेर, पर्दै, पर्छ, पर्थ्यो, पर्न, पर्ने, परी, परुन्जेल, परेको, हिँड्दै, हिँड्छ, हिँड्थ्यो, हिँड्न हिँड्ने, हिँडी, हिँडुन्जेल, हिँडेका)<br>३. 'लेखन्ते पण्डित' रेकर्ड गरेको डिभाइस |
| लेखाइ | **स्वयम् सिकाइ** |  १६ | १. दैनिक प्रयोगका सामग्रीहरू<br>२. अडियो र भिडियो |

## (ग) सिकाइ क्रियाकलाप

### क्रियाकलाप १ 

(क) शिक्षकले कक्षाका विद्यार्थीलाई अभिवादन गरी विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

(ख) पाठमा प्रयुक्त चित्र वा पोस्टर प्रदर्शन गर्दै को, के, कहाँ, किन, कसरी जस्ता प्रसङ्ग जोडेर छलफल गर्नुहोस् ।

(ग) पाठमा प्रयुक्त शब्दका शब्दपत्ती प्रदर्शन गर्नुहोस् र उच्चारण गर्न लगाउनुहोस् । उच्चारणका क्रममा शब्दका पछाडि जोडिएका टुक्रा देखाउँदै शब्द संरचना बुझाउनुहोस् । जस्तै :पढ् + अन्ते= पढन्ते,घोक् + अन्ते = घोकन्ते, सिप + आलु = सिपालु ।

(ग) विद्यार्थीलाई शब्दपत्ती वितरण गर्नुहोस् । पालैपालो शब्दलाई उच्चारण गरी शब्दपत्तीमा भएका शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(घ) 'भन्नुहुन्छ मिसले' कविता चार्ट प्रदर्शन गर्नुहोस्। कविता गति, यति, लय र हाउभाउसहित गाएर सुनाउनुहोस् । त्यसपछि विद्यार्थीसँगै गाउनुहोस् । लयबद्ध वाचनमा समस्या भएका विद्यार्थीलाई उपयुक्त चिह्न, सङ्केत र क्रियाकलापको उपयोग गरी थप सिकाइको अवसर प्रदान गर्नुहोस् । यस क्रममा क्रमिक सिकाइ रणनीति (शिक्षकले गरेर देखाउने, शिक्षक र विद्यार्थीले सँगसँगै गर्ने, विद्यार्थी विद्यार्थीसँगै अभ्यास गर्ने र विद्यार्थीलाई व्यक्तिगत रूपमा गर्न लगाउने)उपयोग गर्नुहोस् ।

**मूल्याङ्कन**

१. पाठ्यपुस्तकको पृ.स. १८३ को 'भन्नुहुन्छ मिसले' कवितागति, यति, लय हालेर सुनाउन लगाउनुहोस् ।

**भन्नुहुन्छ गुरुमा**

बन्नुपर्छ पढन्ते हुनुहुन्न घोकन्ते
हुन्न बन्नू घुमन्ते नबन्नू है मगन्ते
असर गर्छ शङ्काले सताए झैँ विषले
भन्नुहुन्छ गुरुमा दुःख दिन्छ रिसले ।

गुरुमा छन् हँसिली साँच्चै कत्ति रसिली
नाच्न गाउन सिपालु जून जस्तै चम्किली
पढाउने तरिका सिक्नुपर्छ रसैले
जूनतारा तिमी हौ भन्नुहुन्छ सबैले ।

खेली खेली पढ्ने हो सधैं अघि बढ्ने हो
यिनै साना खुट्टाले सगरमाथा चढ्ने हो
ईर्ष्या गर्नु विष हो सुख दिन्न जीवनमा
सन्तोष नै अमृत हो भन्नुहुन्छ गुरुमा ।

२. शब्दपत्तीमा भएका शब्द 'भन्नुहुन्छ मिसले' कवितामा खोज्न लगाई ती शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् ।

**क्रियाकलाप २**

(क) विद्यार्थीलाई पाठमा प्रयुक्त चित्र तथा पोस्टर प्रदर्शन गरेर चित्रमा भएको कुरा अनुमान, पूर्वानुमान गरी वर्णन गर्न लगाउनुहोस् ।

(ख) चित्र वर्णनका क्रममा विद्यालयमा गरिने क्रियाकलापको बारेमासम्बन्धित भएर को, के, किन, कति, कस्तो, कसरी जस्ता प्रश्नहरूमा केन्द्रितहुन सिकाउनुहोस् ।

(ग) पाठमा प्रयोग भएको चित्रसँग मिल्दोजुल्दोवातावरण देखिने चित्र वा पोस्टर प्रदर्शन गरी सिकाइको थप अवसर प्रदानगर्नुहोस् । बोल्न लजाउने र भाषिक अभिव्यक्ति क्षमता कमजोर भएका विद्यार्थीलाई थप हौसला प्रदान गर्नुहोस् ।

(घ) चित्र वर्णन गर्दा वाक्य गठन, पदसङ्गति मिले नमिलेको ख्याल गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १८३को क्रियाकलाप २ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**चित्र हेरेर वर्णन गर्नुहोस् :**



क्रियाकलाप ३

(क) विद्यार्थीसँग शब्दको पहिलो टुक्रा झिकेर बन्ने सानो शब्दका बारेमा छलफल गर्नुहोस् । विद्यार्थीले भनेका शब्द टिपोट गर्नुहोस् र सानो शब्दबारे छलफल गर्न लगाउनुहोस्।

(ख) शिक्षकले नमुना शब्दपत्ती प्रदर्शन गर्नुहोस् र उच्चारण गर्न लगाउनुहोस् । प्रदर्शन गरिएका शब्दका सुरुको टुक्राझिक्दा बन्ने सानो शब्द उच्चारण गर्न लगाउनुहोस् । शब्दका अर्थगत बोधका लागि वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । जस्तै : अनुमान - अनु मान, अनुलेखन - अनु लेखन ।

(ग) विद्यार्थीलाई शब्दपत्ती दिनुहोस् र शब्दको सुरुको टुक्रा झिकेर सानो शब्द निर्माण गर्न लगाउनुहोस् । विद्यार्थीलाई सानो शब्द खोज्न समस्या परेमा आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १८४ को क्रियाकलाप ३ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**शब्द छुट्याएर भन्नुहोस् र लेख्नुहोस् :**

जस्तै :

| | | | |
|---|---|---|---|
| अनुमान. | | अनु | मान |
| अनुलेखन | ...................... | ....................... | ......................... |
| अनुपठन | ...................... | ....................... | ......................... |
| बेवास्ता | ...................... | ....................... | ......................... |
| बेखबर | ...................... | ....................... | ......................... |
| बेहाल | ...................... | ....................... | ......................... |

## क्रियाकलाप ४



(क) पाठमा प्रयुक्त चित्रपत्ती प्रदर्शन गरेर चित्रका बारेमा छलफल गर्नुहोस् । चित्रमा कति जना मानिस छन् ? तिनीहरू के के गर्दै छन् ? के के कुरा गर्दै होलान् ? जस्ता विषयवस्तुमा विद्यार्थीसँग कुराकानी गर्नुहोस् ।

(ग) विद्यार्थीलाई संवाद लेखिएको चार्ट प्रदर्शन गर्नुहोस् र संवादलाई नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् । सस्वरवाचन गर्दा शब्द, वाक्य र अनुच्छेद देखाउँदै आरोह अवरोह, गति र यतिलाई ध्यान दिनुहोस् ।

(घ) कक्षाका विद्यार्थीसँग मिलेर कुराकानीलाई सस्वरवाचन गरी सुनाउनुहोस् । यस क्रममा सम्भव भएसम्म श्रव्य सामग्री तथा मल्टिमिडियाको उपयोग पनि गर्नुहोस् । मल्टिमिडियाको उपयोग गर्दाविद्यार्थीको स्वरमा रेकर्ड गराई कक्षामा सुनाउनुहोस् ।

(ङ) कुनै विद्यार्थीको सहयोग लिई कुराकानीलाई पपेटका माध्यमबाट अभिनयात्मक कथन गर्नुहोस् ।यसका लागि शिक्षकले थप नमुना प्रदर्शन गर्नुहोस् ।

(च) विद्यार्थीको जोडी समूह बनाई रिजन र रमिलाको भूमिकामा कुराकानी गर्न लगाउनुहोस् ।


(छ) विद्यार्थीलाई आफू घुम्न गएको ठाउँका बारेमा पालैपालो भन्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १८४को क्रियाकलाप ४ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**पालैपालो पढ्नुहोस् र आफू घुम्न गएको ठाउँका बारेमा छोटकरीमा बताउनुहोस् :**

## क्रियाकलाप ५



(क) पाठमा प्रयुक्त उपसर्गयुक्त शब्दपत्ती र वर्णपत्ती प्रदर्शन गरी ती वर्ण र शब्द जोडिएर बन्ने शब्दका बारेमा छलफल गर्नुहोस् ।

(ख) उपसर्गयुक्त वर्ण र शब्द जोडिएर बन्ने शब्दका शब्दपत्तीहरूप्रदर्शन गर्नुहोस् । जस्तै : सु + योग्य = सुयोग्य, सु + विचार = सुविचार ।

(ग) विद्यार्थीलाई शब्द उच्चारण गर्न लगाएर मौखिक रूपमा वाक्यमा प्रयोग गर्न सहजीकरण गर्नुहोस् ।


(घ) विद्यार्थीलाई वर्ण जोडेर शब्द लेख्न लगाउनुहोस् ।


(ङ) शिक्षकले उपसर्गबाट निर्मित थप शब्द प्रदर्शन गरी विद्यार्थीलाई उच्चारण गर्न लगाउनुहोस् र सिकाइको थप अवसर प्रदान गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १८५को क्रियाकलाप ५ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**जोडेर शब्द बनाई कापीमा लेख्नुहोस् :**




## क्रियाकलाप ६

(क) विद्यार्थीलाई पाठमा प्रयुक्त चित्रपत्ती प्रदर्शन गरी छलफल गर्न लगाउनुहोस् ।

(ख) मानिसले काँधमा के बोकेको छ ? उनीहरू के गर्दै छन् ? जस्ता प्रश्न गरेर चित्रलाई विषयवस्तुसँग जोड्नुहोस् ।

(ग) पाठमा प्रयुक्त लक्षित शब्दका शब्दपत्ती प्रदर्शन गरी उच्चारण अभ्यास गराउनुहोस् ।

(घ) लक्षित शब्दका अर्थगत बोधका लागि वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ङ) पाठलाई सस्वरवाचन गराउनुहोस् र शब्दपत्तीमा भएको शब्द पाठमा खोजेर रेखाङ्कन गर्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १८५ को क्रियाकलाप ६ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**पाठ पढेर शब्द भन्नुहोस् :**

**अब विदेश जान्नँ**

**विजय** र **विजया** आमा विजितासँग बस्छन् । उनीहरूको घर बौद्ध**विहार** नजिकै छ । विजयका बुबा **विजित** **विदेश**मा हुनुहुन्छ । एक दिन उहाँले फोन गर्नुभयो । उहाँ नेपाल आउने हुनुभयो । विजय, विजया र विजितलाई लिन **विमानस्थल** गए । बुबा ठुलो **विमान** चढेर आउनुभयो । विजितले विजयालाई बोकेर हिँड्नुभयो । कहिल्यै नदेखेको बुबालाई विजयाले चिनिनन् । उनी रुन थालिन् । विजितलाई छोरी रोएको नराम्रो लाग्यो । विजितले भने, “अब विदेश जान्नँ ।” यो सुनेर सबै खुसी भए ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **विजित** | **विजय** | **विजया** | **विहार** | **विदेश** | **विमानस्थल** | **विमान** |

## क्रियाकलाप ७ 

(क) सर्वप्रथम पाठमा प्रयुक्त शब्दका शब्दपत्ती प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई शब्दपत्तीमा भएका शब्दको भिन्नताबारे छलफल गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीलाई एक एकओटा शब्दपत्ती वितरण गर्नुहोस् ।

(ग) विद्यार्थीसँग भएका शब्दपत्तीका शब्द ठिक छन् वा छैनन् भन्न लगाउनुहोस् ।

(घ) शैक्षणिक पाटीमा तालिका बनाउनुहोस् र विद्यार्थीले भनेका शब्दलाई एकातिर शुद्ध शब्द र अर्कातिर अशुद्ध शब्द लेख्नुहोस् ॥

(ङ) विद्यार्थीलाई शब्दपत्ती प्रदर्शन गरेर उच्चारण गर्न लगाउनुहोस् । सही र अर्थपूर्ण शब्द पहिचान गर्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १८५ को क्रियाकलाप ७ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**सही शब्दमा गोलो घेरा लगाउनुहोस् :**

| | | | | |
|---|---|---|---|---|
| पालपा<br>पाल्पा | कूदेको<br>कुदेको | दोलखाली दोल्खाली | नेखेको<br>लेखेको | फढेकी<br>पढेकी |
| खेलने छ<br>खेल्ने छ | भनने छ<br>भन्ने छ | उपहर<br>उपहार | निबन्ध<br>नीबन्ध | निवास<br>नीवास |

## क्रियाकलाप ८ 

(क) पाठमा प्रयुक्त चित्र प्रदर्शन गर्नुहोस् । चित्रमा के के भएको देखिन्छ, छलफल गर्नुहोस् ।

(ख) 'सहयोगी साथी' रेकर्ड गरिएको पाठसुनाउनुहोस् । विद्यार्थीले चित्र वर्णन गर्दा भनेका कुरा र मोबाइलमा सुनेका कुरा के के मिले, छलफल गर्नुहोस् ।

(ग) शिक्षकले पाठ्यपुस्तकमा भएको 'सहयोगी साथी' पाठ बिस्तारै सस्वरवाचन गरी सुनाउनुहोस् । त्यसपछि विद्यार्थीलाई पाठको अनुवाचन तथा सहवाचन गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीले उच्चारण गर्न नसकेका शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् । रेखाङ्कन गरेका शब्द जनाउने चित्र वा ठोस वस्तु प्रदर्शन गरी सँगसँगै शब्द उच्चारण गराउनुहोस् । राम्ररी उच्चारण गर्न नसकेसम्म

अभ्यास गराउनुहोस् ।

(घ) विद्यार्थीलाई 'सहयोगी साथी' पाठ प्रदर्शन गर्नुहोस् र गुञ्ज आवाजमा चार्टमा भएका वाक्य पढ्न लगाउनुहोस् ।

(ङ) शैक्षणिक पाटीमा वर्ण, शब्द, डिका र लेख्य चिह्नलाई ख्याल गरी नमुना वाक्य लेखेर देखाउनुहोस् ।

(च) विद्यार्थीलाई पाठ हेरेर कापीमा बान्की मिलाएर सफा र शुद्धसँग अनुच्छेद सार्न लगाउनुहोस् ।

(छ) पाठ लेखिसकेपछि साथी साथीबिच कापी साटेर परीक्षण गर्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १८६ को क्रियाकलाप ८ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**जस्ताको त्यस्तै कापीमा सार्नुहोस् :**

**सहयोगी साथी**

उमा, डोमा र दिव्या तीनै जना एउटै कक्षामा पढ्ने साथी हुन् । उनीहरू विद्यालयको छात्राबासमा सँगै बस्छन् । उमाको घर पहाडमा हो । निमाको घर हिमाली भेगमा पर्छ । दिव्याको घर तराईमा हो । उमाका घरमा गाई, भैँसी, कुखुरा र बाखा पालेका छन् । निमाका घरमा चौरी गाई, घोडा, खच्चर र भेडा पालेका छन् । दिव्याका घरमा राँगा, मुर्रा भैँसी र जर्सी गाई पालेका छन् । निमा घरबाट आउँदा साथीहरूलाई छुर्पी ल्याइदिन्छिन् । उमा र दिव्याले घिउ ल्याउँछन् । उनीहरू सँगै बस्दा आआफ्ना गाउँघरका कुराहरू साटासाट गर्छन् । एकअर्काका कुरा सुनेर उनीहरू दङ्ग पर्छन् । रमाइलो पनि मान्छन् । त्यसैले तीनै जना साथीहरू सबैको गाउँघरमा घुम्न जाने योजना बनाएका छन् ।

**क्रियाकलाप ९**

(क) पाठमा प्रयुक्त शब्दचार्ट प्रदर्शन गर्नुहोस् र शिक्षकले उच्चारण गरेर सुनाउनुहोस् ।

(ख) विद्यार्थीलाईशब्दचार्टमा भएका शब्दहरू पढ्न लगाउनुहोस् ।

(ग) विद्यार्थीलाईजोडी समूहमा विभाजन गर्नुहोस् । प्रत्येक जोडी समूहलाईपालैपालो शब्दचार्टमा भएका शब्द उच्चारण गराउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १८६को क्रियाकलाप ९ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**साथीले सुन्ने गरी पढ्नुहोस् :**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| प्रदेश | प्रकार | प्रचार | प्रयोग | अनुमति | अनुमान | अनुहार | अनुसार |
| खाएर | गरेर | बसेर | सुनेर | पढेर | हाँसेर | उठेर | नाचेर |

## क्रियाकलाप १०

(क) विद्यार्थीलाई पाठमा प्रयुक्त शब्दपत्तीहरूप्रदर्शन गर्नुहोस् र उच्चारण गर्न लगाउनुहोस् ।

(ख) शिक्षकले पाठमा प्रयुक्त चित्र प्रदर्शन गर्दै 'राम्रो भाइ' पाठवाचन गरेर सुनाउनुहोस् । पाठ सुनाउँदा आरोह, अवरोह, गति, यति, हाउभाउ र वाचन कलालाई विशेष जोड दिनुहोस् ।

(ग) पाठको सस्वर पठनका क्रममा बिच बिचमा अनुमान, पूर्वानुमान र प्रसङ्गअनुसारको प्रश्नोत्तर गर्नुहोस् ।

(घ) विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् र पालैपालो सस्वर पठन गर्न लगाउनुहोस् । सस्वर पठन गर्दा उच्चारणमा कठिन भएका शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् र शिक्षकले सहजीकरण गरिदिनुहोस् ।

(ङ) पाठमा भएका प्रश्नका उत्तर पाठमा नै पहिचान गर्न लगाउनुहोस् र उत्तर भन्न सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १८६ र १८७ को क्रियाकलाप १० का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**पढ्नुहोस् उत्तर भन्नुहोस् :**

**राम्रो भाइ**

आज यशोदाको भाइ जन्मियो । हजुरआमाले भाइलाई काखमा लिनुभयो । यशोदाले भाइलाई हेरिन् । यशोदा मनमनै कल्पना गर्न थालिन्, भाइ बामे सर्ने छ । भाइ टुकुटुकु हिँड्ने छ । ऊ तलमाथि कुद्ने छ । ऊ हलक्क बढ्ने छ । ऊ विद्यालयमा पढ्ने छ । ऊ राम्रा अक्षर लेख्ने छ । ऊ सबैसँग मिलेर खेल्ने छ । ऊ राम्रो काम गर्ने छ । ऊ दायाँ बायाँ हेर्ने छ । ऊ मिठो कथा भन्ने छ । भाइ मेरो साथी बन्ने छ । मेरी साथी रूपा पनि भाइको साथी बन्ने छिन् । हामीसँग मिलेर पढ्ने छिन् । हाम्रो बेन्चमा बस्ने छिन् । रमाइलो हुने छ । यशोदालाई हजुरआमाले सोध्नुभयो, "तिमीलाई के भयो ?" यशोदाले भनिन्, "केही पनि भएको छैन ।" हजुरआमाले फेरि सोध्नुभयो, "भाइ कस्तो छ ?" यशोदाले भनिन्, "भाइ राम्रो छ ।"

(क) भाइलाई कसले काखमा लिनुभयो ?

(ख) रूपा कसरी यशोदाको भाइको साथी बन्ने छिन् ?

(ग) यशोदाले भाइलाई किन राम्रो भनिन् होला ?

## क्रियाकलाप ११

(क) वाक्य निर्माणका लागि शब्दपत्ती प्रदर्शन गर्नुहोस् र ती शब्दलाई उच्चारण गर्न लगाउनुहोस् ।

(ख) शिक्षकले नमुना वाक्यपत्ती प्रदर्शन गर्नुहोस् । वाक्यमा कर्ता र क्रियापद पहिचान गराउनुहोस् ।

(ग) विद्यार्थीलाई वाक्यमा प्रयोग भएका लिङ्ग, वचन र पुरुषका आधारमा क्रियापद परिवर्तन हुने तरिका सहजीकरण गर्नुहोस् ।

(घ) विद्यार्थीलाई समूहमा राख्नुहोस् र थप शब्द दिएर वाक्य निर्माण गर्न लगाउनुहोस् । आवश्यकताअनुसार शिक्षकले सहजीकरण गरिदिनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १८७को क्रियाकलाप ११ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**तलका शब्द प्रयोग गरेर वाक्य लेख्नुहोस् :**

प्रयोग : ...........................................................................................

अनुहार : ...........................................................................................

उठेर : ...........................................................................................

नाचेर : ...........................................................................................

## क्रियाकलाप १२



(क) विद्यार्थीसँग अभिनय, अभिरुचि, अनिकाल, अनुलेखन, जस्ता शब्दका शब्दपत्ती र तिनका बनोटका शब्दपत्ती प्रदर्शन गर्दै उपसर्गपरक शब्दका बारेमा छलफल गर्नुहोस् ।

(ख) विद्यार्थीले भनेका शब्द शैक्षणिक पाटीमा टिपोट गरी धारणा स्पष्ट पार्नुहोस् ।

(ग) विद्यार्थीलाई शब्दपत्ती प्रदर्शन गर्नुहोस् र शब्दोच्चारण गर्न लगाउनुहोस् । अर्थगत बोधका लागि वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(घ) विद्यार्थीलाई एक एकओटा शब्दपत्ती दिनुहोस् । शब्दपत्तीमा भएको शब्द उच्चारण गरेर सुनाउन लगाउनुहोस् । विद्यार्थीलाई आफूसँग भएको शब्द हेरेर पालैपालो तालिकाको मिल्ने कोठामा राख्न लगाउनुहोस् ।

| अभि | सह | सु |
|---|---|---|
| | | |

(ङ) विद्यार्थीले गरेका कार्यको अवलोकन गरी सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १८७ को क्रियाकलाप १२ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**मिल्ने समूहमा राख्नुहोस् :**

अभिनय, अभिरुचि, अनुमान, अनुलेखन, अनुपठन, सहमति, सहयोग, सहकार्य, सहपठन, सुशील, सुयोग्य सुयश, सुकीर्ति, सुविचार

| अभि | सह | सु | अनु |
|---|---|---|---|

| अभिनय | सहमति | सुशील | अनुमान |
|---|---|---|---|
| | | | |

## क्रियाकलाप १३ 

(क) पाठमा प्रयुक्त चित्र प्रदर्शन गर्नुहोस् । चित्रमा के के भएको देखिन्छ, छलफल गर्नुहोस् ।

(ख) रेकर्ड गरिएको पाठसुनाउनुहोस् । विद्यार्थीले चित्र वर्णन गर्दा भनेका कुरा र मोबाइलमा सुनेका कुरा के के मिले, छलफल गर्नुहोस् ।

(ग) शिक्षकले पाठ्यपुस्तकमा भएको पाठ बिस्तारै सस्वरवाचन गरी सुनाउनुहोस् । त्यसपछि विद्यार्थीलाई पाठको अनुवाचन तथा सहवाचन गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीले उच्चारण गर्न नसकेका शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् । रेखाङ्कन गरेका शब्द जनाउने चित्र वा ठोस वस्तु प्रदर्शन गरी सँगसँगै शब्द उच्चारण गराउनुहोस् । राम्ररी उच्चारण गर्न नसकेसम्म अभ्यास गराउनुहोस् ।जस्तै : गर् थ्यो - गर्थ्यो, गर् थी - गर्थी।

(घ) शिक्षकले पाठ पढेर सुनाउनुहोस् र विद्यार्थीलाई श्रुतिलेखन गराउनुहोस् ।

(ङ) श्रुतिलेखनपश्चात् साथी साथीमा कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १८८ को क्रियाकलाप १३ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**साथीसँग पाठ पढ्नुहोस् र अन्तिममा रमेशले के गर्छ होला, अनुमान गर्नुहोस् :**

रमेश अरूको नक्कल गर्थ्यो । रूपा कथा लेख्थी । रमेश पनि कथा लेख्थ्यो । रूपा कविता पढ्थी । रमेश पनि कविता पढ्थ्यो । रूपा बिस्तारै हिँड्थी । रमेश पनि बिस्तारै हिँड्थ्यो । रूपा कुद्थी । रमेश पनि कुद्थ्यो । रूपा बस्थी । रमेश पनि बस्थ्यो । रूपा गीत गाउँथी । रमेश पनि गीत गाउँथ्यो । रूपाले जे जे भन्थी रमेशले त्यही त्यही भन्थ्यो । आज रूपालाई ज्वरो आएको छ । उसको टाउको दुखेको छ । रूपाले जाउलो र तातो पानी खाई । आमासँग औषधी मागेर खाई । त्यसपछि रूपा ओछ्यानमा सुती । अब रमेश के गर्छ होला ?

## क्रियाकलाप १४ 

(क) विद्यार्थीलाई अर्थगत संरचना भएको वाक्यपत्ती प्रदर्शन गर्नुहोस् र वाक्य संरचनाको बारेमा छलफल गर्नुहोस् ।

(ख) विद्यार्थीलाई अर्थगत संरचना नमिलेको वाक्यपत्ती प्रदर्शन गर्नुहोस् र वाक्यमा नमिलेको शब्द पहिचान गर्न लगाउनुहोस् । नमिलेको शब्दमा कुन शब्द हुनुपर्थ्यो भन्ने बारेमा प्रश्नोत्तर गर्नुहोस् ।

(ग) विद्यार्थीलाई वाक्यमा लिङ्ग, वचन र आदरअनुसारको क्रियापद रहने कुरा सहजीकरण गर्नुहोस् ।

(घ) शिक्षकले नमिलेको वाक्य लेखेर देखाउनुहोस् र छलफल गर्नुहोस्, जस्तै : दिदी घर गयो । यस वाक्यमा नमिलेको कुरा के होला ? मिल्नको लागि दिदी घर जानु भयो । यसरी सहजीकरण गर्नुहोस् ।

(ङ) विद्यार्थीलाई वाक्य सच्याएर कापीमा लेख्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १८८को क्रियाकलाप १४ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**वाक्य मिलाएर लेख्नुहोस् :**

| **नमिलेका वाक्य** | **मिलेका वाक्य** |
|---|---|
| दिदी घर गयो । | दिदी घर जानुभयो । |
| भाइले किताब पढी । | ..................................................... |
| तपाईंहरू कहिले आयो ? | ..................................................... |
| सीता र गीता आई । | ..................................................... |
| मधेसमा धेरै उब्जनी हुनुहुन्छ । | ..................................................... |
| बुबाले फुपूलाई बोलायो । | ..................................................... |

## क्रियाकलाप १५ 

(क) पाठमा प्रयुक्त चित्र प्रदर्शन गर्नुहोस् । चित्रमा के के भएको देखिन्छ, छलफल गर्नुहोस् ।

(ख) क्रमशः शब्दपत्ती प्रदर्शन गरेर उच्चारण गर्न लगाउनुहोस् । ती शब्दका अगाडि/पछाडि आएका ध्वनि जोड्न र छुट्याउन सहजीकरण गर्नुहोस् । जस्तै : पर्‌एर - परेर, पर्‌दै - पर्दै । यस्ता खालका शब्द विद्यार्थीलाई पनि खोज्न लगाएर छुट्याएर र जोड्न सहजीकरण गर्नुहोस् ।

(ग) ‘लेखन्ते पण्डित’ रेकर्ड गरिएको पाठ विद्यार्थीलाई सुनाउनुहोस् । विद्यार्थीले चित्र वर्णन गर्दा भनेका कुरा र मोबाइलमा सुनेका कुरा के के मिले ? छलफल गर्नुहोस् ।

(घ) शिक्षकले कार्यपुस्तकमा भएको ‘लेखन्ते पण्डित’ पाठ बिस्तारै सस्वरवाचन गरी सुनाउनुहोस् । त्यसपछि विद्यार्थीलाई पाठको अनुवाचन तथा सहवाचन गर्न लगाउनुहोस् ।यस क्रममा विद्यार्थीले

उच्चारण गर्न नसकेका शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् । रेखाङ्कन गरिएका शब्द जनाउने चित्र वा ठोस वस्तु प्रदर्शन गर्दै शब्द सँगसँगै उच्चारण गराउनुहोस् । राम्ररी उच्चारण गर्न नसकेसम्म अभ्यास गराउनुहोस् ।

(ङ) 'लेखन्ते पण्डित' पाठ सस्वरवाचन गर्दा बिच बिचमा प्रश्नोत्तर गर्नुहोस् । विद्यार्थीलाई पनि प्रश्न सोध्न उत्प्रेरित गराउनुहोस् ।

(च) पाठमा प्रयुक्त प्रश्नका उत्तर लेख्न लगाउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १८८ र १८९ को क्रियाकलाप १५ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**पढ्नुहोस् र उत्तर लेख्नुहोस् :**

**लेखन्ते पण्डित**

गुरुले दैनिकी लेख्न लगाउनुभएको थियो । म पुस्तकालयमा बसेर लेख्दै थिएँ । पुस्तकालय आमाबुबाले बनाउनुभएको थियो । यहाँ हजुरबुबाले पढेका पुस्तक थिए । कथा लेख्ने उहाँको कलम थियो । उहाँले लेखेर छोडेका कथा थिए । उहाँ लेखन्ते हुनुहुन्थ्यो रे !

एक दिन उहाँले दश मिनेटमा कथा लेखी सबैलाई सुनाउनुभयो रे ! त्यस दिनदेखि गाँउलेले उहाँलाई लेखन्ते पण्डित भन्न थाले रे ! आजभोलि पनि हामीलाई लेखन्ते कुल भन्छन् ।

पुस्तकालयमा एउटा लेखोट भेटियो । यसमा हजुरबुबाको हस्ताक्षर थियो । यो उहाँले आफ्ना साथीहरूका बारेमा लेख्नुभएको रहेछ । यसमा लेखिएको थियो, "शशीको हिँडाइ राम्रो छ । शान्तिको हेराइ राम्रो छ । कुसुमको लेखाइ राम्रो छ । पुष्प पनि राम्रा कथा लेख्थ्यो । तर ऊ देशविदेश घुमाइमा लाग्यो । आजभोलि उसले लेख्नै छाड्यो । शिव राम्रा कविता लेख्छ । कसैको सुनाइ क्षमता राम्रो हुन्छ । सुनेका कुरा जस्ताको त्यस्तै सुनाउन सक्छन् । खै, आफ्नो त सुताइ क्षमता मात्रै राम्रो छ जस्तो लाग्छ । खालि निद्रा मात्र लागिरहन्छ ।"

लेखोटमा यसपछि मसी छर्किएका केही थोपा थिए । यो देखेर मलाई पनि हाँसो उठ्यो । मैले मनमनै भनेँ, "लेखन्ते हजुरबुबा ! मेरो पनि सुताइ राम्रो छ । खै दैनिकी लेख्नै आएन !"

(क) कसले पुस्तकालय बनाउनुभएको थियो ? ..........................................................................

(ख) पण्डितलाई किन लेखन्ते भन्न थालिएको हो ? ..........................................................................

(ग) म पात्रलाई किन हाँसो उठ्यो ? ..........................................................................

**क्रियाकलाप १६**



(क) विद्यार्थीसँग देश विदेशका खबर के केको माध्यमबाट सुन्न सकिन्छ ? ती खबरहरूरेडियो तथा टेलिभिजनमा कतिबजे प्रसारण हुन्छन्? जस्ता प्रश्नोत्तर गरेर विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

(ख) विद्यार्थीले सुनेका देश विदेशका घटना सुनाउन लगाउनुहोस् ।

(ग) विद्यार्थीले भनेका मुख्य मुख्य घटनालाई शैक्षणीक पाटीमा टिपोट गर्नुहोस् र समाचारका कुरा बुझ्न लगाउनुहोस् ।

(घ) समाचार रेकर्ड गरिएको अडियो वा भिडियो कक्षामा सुनाएर/प्रदर्शन गरी छलफल गराउनुहोस् । समाचारमा भनिएका मुख्य मुख्य घटना शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ङ) विद्यार्थीलाई समाचारका मुख्य घटना लेख्न सहजीकरण गर्नुहोस् ।

(च) रेडियोमा बिहान सात बजेको समाचार सुनेरदेश विदेशमा भएका मुख्य घटना लेख्न गृहकार्यदिनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १८९ को क्रियाकलाप १६ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**रेडियोमा बिहान सात बजे प्रसारित हुने समाचार सुनी देश तथा विदेशमा के के भएको रहेछ, कापीमा लेख्नुहोस् ।**


# पाठ २३

## (क) सिकाइ सहजीकरण योजना

| क्र. स. | विषयवस्तु | व्यवहारकुशलसिप | अनुमानित घन्टी | पाठ्य तथा कार्यपुस्तकको सम्बन्धित पृष्ठसङ्ख्या |
|---|---|---|---|---|
| १. | शब्दका अगाडि एवम् पछाडि आएका ध्वनि जोड्ने र छुट्याउने | • प्रयोग सिप(S1.1)<br>• निर्णय तथा समस्या समाधान(S1.5)<br>• सहकार्य सिप(S3.2)<br>• दृश्य साक्षरतासिप(S4.3)<br>• सहनशीलता र खुलापन सिप(S4.3) | ७ | १९० देखि १९८ |
| २. | विषयक्षेत्रगत मूल्याङ्कन | | १ | १९९ र २०० |

## (ख) सिकाइ क्रियाकलापका आधार

यस पाठको सिकाइ सहजीकरण गर्नुपूर्व निम्नानुसारको पूर्वतयारी गर्नुहोस् :

| पठन तोव | क्रियाकलापको आधार | क्रियाकलापको सङ्केत र क्रम | सिकाइ सामग्री |
|---|---|---|---|
| ध्वनि सचेतीकरण | **शिक्षकको पूर्ण सहयोग** |  १ | १. पाठमा प्रयुक्त चित्र वा पोस्टर<br>२. दैनिक प्रयोगमा आउने शब्दका शब्दपत्तीहरू<br>(पढेको, हिँडेको, कुदेको, खेलेको, लेखेको, भनेको, थुनेको, बुनेको, पढेकी, हिँडेकी, कुदेकी, नेपाली, धनी, जापानी, ज्ञानी, नगरी, हारी, सुनी)<br>३. 'पौरखी' कविता चार्ट |
| दृश्यबोध | **शिक्षकको आंशिक सहयोग** |  २ | १. पाठमा प्रयुक्त चित्र तथा पोस्टर |
| लेख्यवर्ण सचेतीकरण | **स्वयम् सिकाइ** |  ३ | १. पाठमा प्रयुक्त शब्दपत्तीहरू<br>(मायालु, दुधालु, घुमन्ते) |
| पठन प्रवाह | **स्वयम् सिकाइ** |  ४ | १. करण र अकरणका नमुना वाक्यहरू |

| | | | |
|---|---|---|---|
| शब्दभण्डार | **स्वयम् सिकाइ** | ५ | १. शब्दको सुरुमा उप, नि वर्ण आउने शब्दका शब्दपत्ती<br>(उपहार, उपकार, उपदेश, उपचार, निबन्ध, नियम, निवास, निसाफ) |
| शब्दभण्डार | **शिक्षकको आंशिक सहयोग** | ६ | १ हिज्जे मिलेका सही शब्द र हिज्जे नमिलेका तथा फरक वर्ण भएका अर्थ नलाग्ने शब्दका शब्दपत्तीहरू<br>(कुद्‌थी, कुद्‌थि, लेख्थिन्, लेख्चिन्) |
| पठन प्रवाह | **दौँतरी सिकाइ** | ७ | १. पाठमा प्रयुक्त शब्दका पत्तीहरू<br>२. 'मनेको चकचक'अनुच्छेद चार्ट |
| शब्दभण्डार | **शिक्षकको आंशिक सहयोग** | ८ | १ पाठमा प्रयुक्त शब्दका शब्दपत्तीहरू<br>(खेल्ने छ, लेख्ने छ, भन्ने छ, थुन्ने छ, बुन्ने छ, गर्ने छ, हेर्ने छ)<br>२. नमुना वाक्यका पत्तीहरू |
| श्रुतिबोध | **शिक्षकको पूर्ण सहयोग** | ९ | १. पाठमा प्रयुक्तचित्र तथा पोस्टर<br>२. दैनिक प्रयोगमा आउने शब्दका पत्तीहरू<br>(<br>संसार, संयोग, संवाद, संहार, संरक्षण, संवर्धन , दुर्जन, दुर्घटना, दुर्गन्ध, दुर्गुण, दुर्गति, दुर्भावना)<br>३. 'असल मानिस'रेकर्ड गरेको डिभाइस |
| बोध | **स्वयम् सिकाइ** | १० | १. भित्तेपात्रो |
| लेखाइ | **स्वयम् सिकाइ** | ११ | १. दैनिक प्रयोगमा आउने शब्दका शब्दपत्तीहरू<br>२. 'प्रभाको यात्रा' अनुच्छेद लेखिएको चार्ट<br>३. नमुना वाक्यपत्तीहरू |
| लेखाइ | **शिक्षकको आंशिक सहयोग** | १२ | १.नमुना शुभकामना कार्डहरू<br>२. विद्यार्थी सङ्ख्याअनुसार फोटोकपी पेपर<br>३. मैनकलर १ पाकेट, सिसाकलम, इरेजर र स्केल, सानो साइनपेन |
| पठनबोध | **शिक्षकको आंशिक सहयोग** | १३ | १. पाठमा प्रयुक्त चित्र तथा पोस्टर<br>२. दैनिक प्रयोगमा आउने शब्दका शब्दपत्तीहरू<br>(राखेर, राख्छ, राख्थ्यो, राख्ने, राख्न, राखी, राखुन्जेल, राखेको, छानेर, छान्दै, छान्छ, छान्यो, छान्न, छान्यो, छानी, छानुन्जेल, छानेको, आहार, विहार, प्रहार, संहार, अनुहार, उपहार) |

| | | | |
|---|---|---|---|
| | | | ३. 'वर्षाको उपहार' रेकर्ड गरेको डिभाइस |
| शब्दभण्डार | **दौँतरी सिकाइ** | १४ | १. शब्दजालमा भएकाशब्दका सूची<br>(गणेश, विष्णु, लक्ष्मी, शिव, पार्वती, सरस्वती, कृष्ण, राधा, दुर्गा, राम, सीता, महाकाली, हनुमान, )<br>२. शब्दजाल चार्ट |
| कार्यमूलक व्याकरण | **शिक्षकको पूर्ण सहयोग** | १५ | १. प्रथम, द्वितीय र तृतीय पुरुष शब्द प्रयोग भएर बनेका वाक्यपत्तीहरू |
| लेखाइ | **शिक्षकको आंशिक सहयोग** | १६ | १. दैनिक प्रयोगमा आउने शब्दका शब्दपत्तीहरू<br>(पढ्नु, लेख्नु, नडराउनु, खेल्नु, कुदुनु, थुन्नु, लगाउनु, भन्नु, गर्नु)<br>२. 'अनुपमा खुसी भइन्' पाठमा प्रयुक्त अनुच्छेद चार्ट |
| कार्यमूलक व्याकरण | **शिक्षकको पूर्ण सहयोग** | १७ | १. पाठमा प्रयुक्त नमुना वाक्यपत्तीहरू |
| लेखाइ | **शिक्षकको आंशिक सहयोग** | १८ | १. पाठमा प्रयुक्त घटनाक्रममा लेखिएको चार्ट<br>२. कथाको शीर्षक |
| **विषयक्षेत्रगत मूल्याङ्कन** | | | पाठ्यपुस्तक |

### (ग) सिकाइ क्रियाकलाप

क्रियाकलाप १

(क) शिक्षकले कक्षाका विद्यार्थीलाई अभिवादन गरी विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

(ख) पाठमा प्रयुक्त चित्र वा पोस्टर प्रदर्शन गर्दै को, के, कहाँ, किन, कसरी जस्ता प्रसङ्ग जोडेर छलफल गर्नुहोस् ।

(ग) पाठमा प्रयुक्त शब्दका शब्दपत्ती प्रदर्शन गर्नुहोस् र उच्चारण गर्न लगाउनुहोस् । उच्चारणका क्रममा शब्दका अगाडि र पछाडी जोडिएका टुक्रा देखाउँदै शब्द संरचना बुझाउनुहोस् । जस्तै :वि + हार= विहार,प्र+ हार= प्रहार, नेपाल + ई= नेपाली, पौरख + ई = पौरखी

(ग) विद्यार्थीलाई शब्दपत्ती वितरण गर्नुहोस् । पालैपालो शब्दलाई उच्चारण गरी शब्दपत्तीमा भएका शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(घ) 'पौरखी' कविता चार्ट प्रदर्शन गर्नुहोस्। कविता गति, यति, लय र हाउभाउसहित गाएर सुनाउनुहोस् ।

त्यसपछि विद्यार्थीसँगै गाउनुहोस् । लयबद्ध वाचनमा समस्या भएका विद्यार्थीलाई उपयुक्त चिह्न, सङ्केत र क्रियाकलापको उपयोग गरी थप सिकाइको अवसर प्रदान गर्नुहोस् । यस क्रममा क्रमिक सिकाइ रणनीति (शिक्षकले गरेर देखाउने, शिक्षक र विद्यार्थीले सँगसँगै गर्ने, विद्यार्थी विद्यार्थीसँगै अभ्यास गर्ने र विद्यार्थीलाई व्यक्तिगत रूपमा गर्न लगाउने)उपयोग गर्नुहोस् ।

**मूल्याङ्कन**

१. पाठ्यपुस्तकको पृ.स. १९० को 'पौरखी' कवितागति, यति, लय हालेर सुनाउन लगाउनुहोस् ।

**पौरखी**

खानुलाई भन्छन् आहार साथी घुम्नुलाई विहार
गर्नुलाई नाश संहार भन्छन् पिट्नुलाई प्रहार
राम्रो छ गुण राम्रो छ बानी राम्रो छ बेहोरा
अप्ठेरो पर्दा असल मान्छे मै दिन्छु सहारा ।

श्रममा रम्ने सिपमा जम्ने पौरखी नेपाली
होहल्ला सुनी लाग्दैनन् पछि ज्ञानी र पौरखी
मनका धनी सबै छन् कोही घमन्ड गर्दैनन्
हाँसी र खुसी भएर बस्छन् भ्रममा पर्दैनन् ।

बिहान उठी खेतमा जान्छन् जोसिला किसान
पढी र लेखी घरमा आउँछन् तिनैका सन्तान
दिनभर कुदी घरैमा बसी बेकम्मा हुँदैनन्
चन्द्रमा उडी छुन्छु म भन्छन् ती हार मान्दैनन् ।

हिँडाइ हेर्दा बाघको जस्तो हेराइ सिंहको
सुनाइ चङ्ख कुकुर जस्तो सुताइ घोडाको
घुमाइ व्यर्थ हुँदैन कहिल्यै कोही छैनन् पराइ
लेखाइ हेर्दा छापेका अक्षर क्या राम्रो पढाइ !

२. शब्दपत्तीमा भएका शब्द 'पौरखी' कवितामा खोज्न लगाई ती शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् ।

**क्रियाकलाप २**

(क) विद्यार्थीसँग वरिपरिको परिवेशका बारेमा छलफल गरी उनीहरूले भनेका कुरा शैक्षणिक पाटीमा लेख्नुहोस् ।

(ख) विद्यार्थीलाई पाठमा प्रयुक्त चित्र तथा पोस्टर प्रदर्शन गरेर चित्रमा भएका कुरा अनुमान, पूर्वानुमान गरी वर्णन गर्न लगाउनुहोस् ।

(ग) चित्र वर्णन गर्दा को, के, किन, कति, कस्तो, कसरी जस्ता प्रश्नका आधारमा चित्रका बारेमा भन्न लगाउनुहोस् । चित्रमा भएको परिवेश समेटेर चित्र वर्णन गराउनुहोस् ।


(ग) पाठमा प्रयोग भएका चित्रसँग मिल्दाजुल्दा वातावरण देखिने चित्र वा पोस्टर प्रदर्शन गरी सिकाइको थप अवसर प्रदानगर्नुहोस् । यस क्रममा शब्द चित्रपत्तीको प्रयोग र शब्दबोध गर्ने अवसर पनि प्रदान गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १९० को क्रियाकलाप २ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**चित्रमा के भइरहेको छ, अनुमान गर्नुहोस् :**



**क्रियाकलाप ३** 

(क) विद्यार्थीलाई प्रत्यययुक्त शब्दपत्ती प्रदर्शन गर्नुहोस् र ती शब्द उच्चारण गर्न लगाउनुहोस् ।

(ख) प्रदर्शन गरिएका शब्द संरचनाका बारेमा छलफल गरेर ती शब्दमा भएका वर्णलाई जोडेर उच्चारण गर्न सिकाउनुहोस् । जस्तै : मा या लु - मायालु, दु धा लु - दुधालु

(ग) विद्यार्थीले उच्चारण गरेका शब्दलाई शिक्षकले वर्ण संरचनाका आधारमा जोडेर देखाउनुहोस् । त्यसपछिविद्यार्थीलाई वर्ण जोडेर लेख्न र भन्न निर्देशन दिनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १९१ को क्रियाकलाप ३ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**जोडेर लेख्नुहोस् र भन्नुहोस् :**

| | | | |
|---|---|---|---|
| मा | मा | मा | → मायालु |
| धु | धा | लु | → |
| घु | म | न्ते | → |

**क्रियाकलाप ४**

(क) पाठमा प्रयुक्त चित्र प्रदर्शन गरी चित्रका बारेमा छलफल गर्न लगाउनुहोस् ।

(ख) शिक्षकले 'म के बन्ने होला ?' पाठ वाचन गरेर सुनाउनुहोस् । पाठको अन्त्यमा के भयो होला ?तपाईँ के बन्नुहुन्थ्यो होला ? जस्ता प्रश्न गरेर विद्यार्थीको विचारलाई घटनासँग जोडेर कथावस्तुलाई विस्तार गर्नुहोस् ।

(ग) विद्यार्थीले भनेका मुख्य मुख्यविचारलाई शैक्षणिक पाटीमा लेखेर छलफल गर्नुहोस् ।

(घ) पूर्णविराम, विस्मयादिबोधक र प्रश्नवाचक चिह्नप्रयोग भएका नमुना वाक्यपत्ती प्रदर्शन गरेर लेख्य चिह्नको प्रयोगअनुसार वाक्य उच्चारण आरोह, अवरोह रध्वनि प्रवाहको बारेमा विद्यार्थीसँग छलफल गर्नुहोस् । नमुना वाक्य उच्चारण गरेर स्पष्ट पार्नुहोस् ।

(ङ) विद्यार्थीलाई 'म के बन्ने होला ?' पाठ कम्तीमा तीन पटक (फड्के पढाइ, गहन पढाइ र रुजु पढाइ) पढ्न लगानुहोस् त्यसपछि पालैपालो आआफ्ना विचार सुनाउन लगाउनुहोस् । यस क्रममा आवश्यकता पहिचान गरी सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १९१ को क्रियाकलाप ४ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**पाठ पढ्नुहोस् र आफ्नो विचार भन्नुहोस् :**

**म के बन्ने होला ?**

किरणले कथा पढेको छ । कृपाले कथा पढेकी छैन । पवन वनको बाटो हिँडेको छ । पूजा वनको बाटो हिँडेकी छैन । मुनाले मूर्ति कुँदेकी छ । मदनले मूर्ति कुँदेको छैन । डिुसले ड्रिकेट खेलेको छ । कृसाले ड्रिकेट खेलेकी छैन । सुधाले सुइटर बुनेकी छ । सुदनले सुइटर बुनेको छैन । रूपकले चित्र कोरेको छ । दीपाले चित्र कोरेकी छैन । लखनले खेत खनेको छ । खुमाले खेत खनेकी छैन । किन मानिसले फरक फरक काम गरेका होलान् ? फुपूलाई डाक्टर बन्न मन छ । दाजु शिक्षक बन्छु भन्नुहुन्छ । काका म त किसान हुन्छु भन्नुहुन्छ । दिदी मन्त्री बन्ने रे ! हरेक मानिसका फर रुचि हुँदा रहेछन् । म पो के बन्ने होला ?

## क्रियाकलाप ५

(क) पाठमा प्रयुक्त उपसर्गयुक्त शब्दपत्ती र वर्णपत्ती प्रदर्शन गरी ती वर्ण र शब्द जोडिएर बन्ने शब्दका बारेमा छलफल गर्नुहोस् ।

(ख) उपसर्गयुक्त वर्ण र शब्द जोडिएर बन्ने शब्दका शब्दपत्तीहरूप्रदर्शन गर्नुहोस् । जस्तै : उप + चार = उपचार, नि + साफ = निसाफ ।

(ग) विद्यार्थीलाई शब्द उच्चारण गर्न लगाएर मौखिक रूपमा वाक्यमा प्रयोग गर्न सहजीकरण गर्नुहोस् ।

(घ) विद्यार्थीलाई वर्ण जोडेर शब्द लेख्न लगाउनुहोस् ।

(ङ) शिक्षकले उपसर्गबाट निर्मित थप शब्द प्रदर्शन गरी विद्यार्थीलाई उच्चारण गर्न लगाउनुहोस् र सिकाइको थप अवसर प्रदान गर्नुहोस् ।

### मूल्याङ्कन

पाठ्यपुस्तकको पृ.स. १९१ को क्रियाकलाप ५ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।




## क्रियाकलाप ६

(क) सर्वप्रथम पाठमा प्रयुक्त शब्दका शब्दपत्ती प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई शब्दपत्तीमा भएका शब्दको भिन्नताबारे छलफल गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीलाई एक एकओटा शब्दपत्ती वितरण गर्नुहोस् ।

(ग) विद्यार्थीसँग भएका शब्दपत्तीका शब्द ठिक छन् वा छैनन् भन्न लगाउनुहोस् ।

(घ) शैक्षणिक पाटीमा तालिका बनाउनुहोस् र विद्यार्थीले भनेका शब्दलाई एकातिर शुद्ध शब्द र अर्कातिर अशुद्ध शब्द लेख्नुहोस् ।

(ङ) विद्यार्थीलाई शब्दपत्ती प्रदर्शन गरेर उच्चारण गर्न लगाउनुहोस् । सही र अर्थपूर्ण शब्द पहिचान गर्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १९२ को क्रियाकलाप ६ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**सही शब्दमा गोलो घेरा लगाउनुहोस् :**

| | | | |
|---|---|---|---|
| कुद्थि<br>कुद्थी | लेख्थिन्<br>लिख्थिन् | चारउप<br>उपचार | बन्छीन्<br>बन्छिन् |
| दूधालु<br>दुधालु | मागन्ते<br>मगन्ते | पढ्छिन्<br>पढ्छीन् | थुनछन्<br>थुन्छन् |

## क्रियाकलाप ७

(क) ‘मनेको चकचक’ पाठको चित्र प्रदर्शन गरी छलफल गराउनुहोस् ।

(ख) विद्यार्थीलाई पाठमा प्रयुक्त शब्दका पत्तीहरू प्रदर्शन गरेर शब्दोच्चारण गर्न लगाउनुहोस् । अर्थगत बोधका लागि वाक्यमा प्रयोग गरेर सहजीकरण गर्नुहोस् ।

(ख) ‘मनेको चकचक’ पाठको चार्ट प्रदर्शन गर्नुहोस् र शिक्षकले वाचन गरेर विद्यार्थीलाई सुनाउनुहोस् । वाचन गर्दा पहिलो पटक ढिलो गतिमा वाचन गर्नुहोस् र बिस्तारै वाचन गति बढाउनुहोस् ।

(ग) शिक्षकले अनुच्छेद वाचन गर्दा विद्यार्थीलाई घडी हेर्न लगाउनुहोस् र शिक्षकले सकेसम्म छिटो वाचन गर्नुहोस् । चार्टमा भएका वाक्य कति समयमावाचन पूरा गर्नुभयो ?विद्यार्थीलाई सोध्नुहोस् ।

(घ) शिक्षकले वाचन गरे जस्तै विद्यार्थीलाई वाचन गर्न लगाउनुहोस् र शिक्षकले समय हेर्नुहोस् । विद्यार्थीले कति समयमा वाचन गर्न सके, समय बताउनुहोस् ।

(ङ) विद्यार्थीको जोडी समूह बनाउनुहोस् । पालैपालो घडी हेरी ‘मनेको चकचक’ पाठ वाचन गर्न लगाउनुहोस् । कसले कति समयमा वाचन पूरा गरे, टिपोट गर्नुहोस् । यसरी प्रतिस्पर्धात्मक तरिकाबाट अनुच्छेद वाचन गर्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १९२ को क्रियाकलाप ७ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**पाठ छिटो छिटो पढेर साथीलाई सुनाउनुहोस् :**

**मनेको चकचक**

मने आज पहिलो दिन आमासित चर्न गयो । उसको हिँडाइ गजबको थियो । उसको कुदाइ फुर्तिलो थियो । उसको उफ्राइ झनै हेर्न लायक थियो । उसको रोजाइ खानेकुरा मात्र थिएन । ऊ चर्नभन्दा उफ्रन थाल्यो । उसले चकचक गरिरह्यो । आमाले म्याँ गरेर बोलाउँदा उसले ध्यान दिएन । उसले कुदाइ र उफ्राइमा मात्र ध्यान दियो । घर फर्कने बेलामा उसलाई धेरै थकाइ लाग्यो । ऊ हिँड्नै सकेन । उसको हिँडाइ ढिलो थियो । उसको खुट्टाको दुखाइ बढ्यो । उसले आफूले गरेको चकचक सम्झियो । अब यस्तो नगर्ने निधो गऱ्यो ।

## क्रियाकलाप ८

(क) वाक्य निर्माणका लागि शब्दपत्ती प्रदर्शन गर्नुहोस् र ती शब्दलाई उच्चारण गर्न लगाउनुहोस् ।

(ख) शिक्षकले नमुना वाक्यपत्ती प्रदर्शन गर्नुहोस् । वाक्यमा कर्ता र क्रियापद पहिचान गराउनुहोस् ।

(ग) विद्यार्थीलाई वाक्यमा प्रयोग भएका लिङ्ग, वचन र पुरुषका आधारमा क्रियापद परिवर्तन हुने तरिका सहजीकरण गर्नुहोस् ।

(घ) विद्यार्थीलाई समूहमा राख्नुहोस् र थप शब्द दिएर वाक्य निर्माण गर्न लगाउनुहोस् । आवश्यकताअनुसार शिक्षकले सहजीकरण गरिदिनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १९२, १९३ को क्रियाकलाप ८ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

खेल्ने छ : ..........................................................................................................

लेख्ने छ : .........................................................................................................

भन्ने छ : ..........................................................................................................

थुन्ने छ : ..........................................................................................................

बुन्ने छ : ..........................................................................................................

गर्ने छ : ...........................................................................................................

हेर्ने छ : ...........................................................................................................

## क्रियाकलाप ९

(क) पाठमा प्रयुक्त चित्र प्रदर्शन गर्नुहोस् । चित्रमा के के भएको देखिन्छ, छलफल गर्नुहोस् ।

(ख) विद्यार्थीलाई पाठमा प्रयुक्त शब्दका शब्दपत्ती प्रदर्शन गरेर शब्द उच्चारण गर्न लगाउनुहोस् ।

(ग) वाक्यपत्ती प्रदर्शन गरी वाक्य निर्माण गर्न सहजीकरण गर्नुहोस् ।

(घ) 'असल मानिस' रेकर्ड गरिएको पाठ विद्यार्थीलाई सुनाउनुहोस् । विद्यार्थीले चित्र वर्णन गर्दा भनेका कुरा र मोबाइलमा सुनेका कुरा के के मिले,छलफल गर्नुहोस् ।

(ङ) शिक्षकले पाठ्यपुस्तकमा भएको 'असल मानिस' पाठ बिस्तारै सस्वरवाचन गरी सुनाउनुहोस् । त्यसपछि विद्यार्थीलाई पाठको अनुवाचन तथा सहवाचन गर्न लगाउनुहोस् ।यस क्रममा विद्यार्थीले उच्चारण गर्न नसकेका शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् । रेखाङ्कन गरेका शब्द जनाउने चित्र वा ठोस वस्तु प्रदर्शन गर्दै शब्द सँगसँगै उच्चारण गराउनुहोस् । राम्ररी उच्चारण गर्न नसकेसम्म अभ्यास गराउनुहोस् ।

(च) पाठमा प्रयोग भएको वाक्यपत्तीलाई छ्यासमिस गरी विद्यार्थीको समूहमा वितरण गर्नुहोस् र ती

वाक्यपत्तीमा भएका वाक्यलाई पाठमा प्रयोग गरिए जसरी क्रमशः मिलाएर पढ्न लगाउनुहोस् ।

(छ) पाठको अन्त्यमा भएका प्रश्नका उत्तर भन्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १९३ को क्रियाकलाप ९ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**सुन्नुहोस् र उत्तर भन्नुहोस् :**

**असल मानिस**

“असल मानिस कसलाई भन्छन् ?” शिक्षकले कक्षामा सोध्नुभयो । कसैले उत्तर दिएनन् । शिक्षक आफैं बताउन थाल्नुभयो, “मान्छे जन्मँदा सबै साना हुन्छन् । मान्छे बिस्तारै बढ्छन् । ताते गर्दै हिँड्छन् । यताउता कुद्छन् । कहिले लड्छन्, कहिले उठ्छन् । अलि ठुला हुन्छन् । विद्यालय जान्छन् । खेल्छन्, पढ्छन् र लेख्छन् । मनमा लागेका कुरा भन्छन् । मिहिनेत गर्छन् । त्यसपछि असल मानिस बन्छन् ।” शिक्षकले राजुको नजिकै गएर भन्नुभयो, “बुझ्यौ राजु ! तिमी पनि असल मानिस हुन्छौ । तिम्री आमा खुसी हुनुहुन्छ । मक्ख पर्नुहुन्छ । रमाएर बस्नुहुन्छ । छिमेकीलाई तिम्रा बारेमा भन्नुहुन्छ ।” शिक्षकको कुरा सुनेर राजुलाई खुसी लाग्यो । राजुले आफूलाई मनमनै सोध्यो, “के म साँच्चै असल मानिस बन्छु होला ?”

(क) शिक्षकको प्रश्नको उत्तर कसले दियो ?

(ख) कस्ता मानिस असल बन्छन् ?

(ग) राजु किन खुसी भयो ?

**क्रियाकलाप १०**

(क) भित्तेपात्रो प्रदर्शन गरेर भित्तेपात्रोका बारेमा छलफल गर्नुहोस् ।

(ख) विद्यार्थीलाई साल, महिना, गते, बारर चाडपर्वका बारेमा जानकारी गराउने साधनका बारेमा प्रश्नोत्तर गर्नुहोस् ।

(ग) विद्यार्थीलाई भित्तेपात्रोका बारेमा जानकारी गराउनुहोस् र भित्तेपात्रो प्रदर्शन गरी विद्यार्थीलाई समूहमा राखेर फरक फरक महिनामा पर्ने चाडपर्व र मितिको सूची तयार गर्न लगाउनुहोस् । आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

(घ) विद्यार्थीले तयार गरेका विवरण प्रदर्शन गरी मौखिक प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १९४ को क्रियाकलाप १० का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**विद्यालयमा रहेको भित्तेपात्रो हेरी चलिरहेको महिनाका बारेमा वर्णन गरी साथीलाई सुनाउनुहोस् ।**

## क्रियाकलाप ११

(क) पाठमा प्रयुक्त चित्र प्रदर्शन गर्नुहोस् । चित्रमा के के भएको देखिन्छ, छलफल गर्नुहोस् ।

(ख) 'प्रभाको यात्रा' रेकर्ड गरिएको पाठसुनाउनुहोस् । विद्यार्थीले चित्र वर्णन गर्दा भनेका कुरा र मोबाइलमा सुनेका कुरा के के मिले, छलफल गर्नुहोस् ।

(ग) शिक्षकले पाठ्यपुस्तकमा भएको 'प्रभाको यात्रा' पाठ बिस्तारै सस्वरवाचन गरी सुनाउनुहोस् । त्यसपछि विद्यार्थीलाई पाठको अनुवाचन तथा सहवाचन गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीले उच्चारण गर्न नसकेका शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् । रेखाङ्कन गरेका शब्द जनाउने चित्र वा ठोस वस्तु प्रदर्शन गरी सँगसँगै शब्द उच्चारण गराउनुहोस् । राम्ररी उच्चारण गर्न नसकेसम्म अभ्यास गराउनुहोस् ।

(घ) विद्यार्थीलाई 'प्रभाको यात्रा' पाठ प्रदर्शन गर्नुहोस् र गुञ्ज आवाजमा चार्टमा भएका वाक्य पढ्न लगाउनुहोस् ।

(ङ) शैक्षणिक पाटीमा वर्ण, शब्द, डिका र लेख्य चिह्नलाई ख्याल गरी नमुना वाक्य लेखेर देखाउनुहोस् ।

(च) विद्यार्थीलाई पाठ हेरेर कापीमा बान्की मिलाएर सफा र शुद्धसँग अनुच्छेद सार्न लगाउनुहोस् ।

(छ) पाठ लेखिसकेपछि साथी साथीबिच कापी साटेर परीक्षण गर्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १९४ को क्रियाकलाप ११ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**जस्ताको त्यस्तै कापीमा सार्नुहोस् :**

**प्रभाको यात्रा**

प्रभा हिमाली प्रदेशमा गइन् । भिन्न भिन्न प्रकारका लुगा बोकिन् । उनलाई बालअधिकारको प्रचार गर्नु थियो । उनले धेरै पर्चा बोकेकी थिइन् । उनी गाउँ गाउँमा प्रचार गर्दै हिँडिन् । उनीसँग गाउँले खुसी भए । उनलाई गाउँमै बस्ने अनुमति पनि दिए । गाउँमा उनलाई राम्रो अनुभव भयो । प्रभाको अनुहार उज्यालो भयो । प्रभाले भनेअनुसार गाउँलेले ठाउँ ठाउँमा पर्चा टाँसे । प्रभाले अनुमान गरिन्, "अब गाउँगाउँमा बालअधिकारको चर्चा चल्ने छ ।"

## क्रियाकलाप १२

(क) विद्यार्थीलाई नमुना शुभकामना पत्र प्रदर्शन गरी पढेर सुनाउनुहोस् । कुन कुन कार्य गर्दा शुभकामना पत्र वितरण गरिन्छ ? शुभकामना पत्रमा के के कुरा लेखिएको हुन्छ ? शुभकामना पत्रका बारेमा छलफल गर्नुहोस् र छलफलमा आएको कुरा शैक्षणिक पाटीमा लेखेर देखाउनुहोस् ।

(ख) शिक्षकले कुनै विषय छनोट गरी शैक्षणिक पाटीमा शुभकामना पत्रको नमुना लेखेर देखाउनुहोस् ।

(ग) विद्यार्थीलाई नमुना शुभकामना पत्र तयार गर्नु पर्ने कुरा जानकारी गराउनुहोस् र आवश्यक सामग्रीवितरण गर्नुहोस् ।

(घ) फोटोकपी पेपरलाई आधा हुने गरी पट्याउन सिकाउनुहोस् ।

(ङ) पट्याइएको पेपरको किनाराको चारैतिर२ सेमिको बोर्डर रेखा तानेर मैन रङ भर्न लगाउनुहोस् । आयातकार चारै कुनामा फूलबुट्टा बनाउन लगाउनुहोस् ।

(च) विद्यार्थीलाई क्रियाकलाप १४ मा प्रयुक्त निर्देशनका आधारमा शुभकामना लेख्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १९४ को क्रियाकलाप १२ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**दिइएको शुभकामना पढी जन्मोत्सवको सट्टा कुनै चाडमा दिइने शुभकामना राखी पुनर्लेखन गर्नुहोस् :**

## जन्मोत्सवका उपलक्ष्यमा शुभकामना

प्यारी साथी ललिता

तिमी आज वैशाख ५ गते सात वर्ष पूरा गरी आठ वर्षमा प्रवेश गरेको उपलक्ष्यमा तिम्रो सुस्वास्थ्य, उन्नति एवम् दीर्घ जीवनको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौँ ।

**कक्षा ३ का सम्पूर्ण विद्यार्थी**

क्रियाकलाप १३



(क) पाठमा प्रयुक्त चित्रपत्ती प्रदर्शन गरी छलफल गर्न लगाउनुहोस् ।

(ग) पाठमा प्रयुक्त शब्दका शब्दपत्ती प्रदर्शन गरी शब्दोच्चारण अभ्यास गराउनुहोस् । शब्दपत्तीका शब्दका बारेमा प्रश्नोत्तर गरीवाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(घ) शिक्षकले पाठमा प्रयुक्त चित्र प्रदर्शन गर्दै 'वर्षाको उपहार' पाठ वाचन गरेर सुनाउनुहोस् । पाठ सुनाउँदा आरोह, अवरोह, गति, यति, हाउभाउ र वाचन कलालाई विशेष जोड दिनुहोस् । पाठ वाचनका क्रममा प्रश्नोत्तर गर्नुहोस् ।

(ङ) विद्यार्थीलाई पालैपालो सस्वर पठन गर्न लगाउनुहोस् । पठन गर्दा उच्चारणमा कठिन भएका शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् र शिक्षकले सहजीकरण गरिदिनुहोस् ।

(च) पाठमा भएका प्रश्नका उत्तर पाठमा नै पहिचान गर्न लगाउनुहोस् र ती प्रश्नका उत्तर लेख्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १९५ को क्रियाकलाप १३ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**पढ्नुहोस् र उत्तर लेख्नुहोस् :**

**वर्षाको उपहार**

वर्षाको समय थियो । आकाशमा बादल लागेको थियो । गड्याङगुडुङ पनि गर्दै थियो । एक्कासि मुसलधारे पानी पर्‍यो । बाटामा हिँडिरहेका मानिस भिजे । गाउँका भूमिलालसँग ओढ्ने थिएन । उनी पनि भिजे । पानीले धेरै नभिजाओस् भनी उनी हतार हतार दौडिए ।

भूमिलाल दौडिएको धनीलालले देखे । धनीलाल उरन्ठेउला स्वभावका मानिस थिए । अरूलाई उल्लु बनाएर आफू आनन्द लिन्थेँ । भूमिलाललाई देखेर धनीलालले भने, "हेर वर्षाको पानीमा भिज्न छाडेर दौडेको ! वर्षाको पानी त वरदान हो नि ! भिज्नुपर्छ । आफूलाई त रुगा लागेर पो, नत्र यो वरदान म पनि लिन्थे ।" सोझो भूमिलालले धनीलालका कुरा विश्वास गरे । उनी दौडन छाडेर भिजे । घरको पालीमा उभिएको धनीलाललाई खुब आनन्द लाग्यो ।

अर्को दिन भूमिलाल छाता बोकेर बाहिर निस्के । आज पनि एक्कासि पानी पर्‍यो । उनी छाता ओडेर बिस्तारै हिँड्दै थिए । अस्ति पानीमा भिजेकाले उनलाई रुगा लागेको थियो । धनीलाल दौडँदै आएर भूमिलालसँग ठोक्किए । उनको छाता भुइँमा खस्यो । धनीलाल दौडेको देखेर भूमिलालले भने, "ए धनीलालजी ! अस्ति त वरदान लिन पानीमा भिज्नुपर्छ भन्थ्यौ । आज किन यसरी दौडेको ?" धनीलालले भने, "म कहाँ डराएर भागेको हुँ र ! म त यो उपहारमा रमाएको पो त !" भूमिलालले वास्तविक कुरा बुझ्नै सकेनन् ।

(क) बाटामा हिँडेका मानिस किन भिजे ? ..............................................................................

(ख) धनीलाल कस्ता स्वभावका मानिस थिए ? ...................................................................

(ग) वर्षाको पानीमा भिज्नुहुन्छ कि हुँदैन, किन ? ..............................................................

**क्रियाकलाप १४**

(क) विद्यार्थीलाई कोठेपद चार्ट प्रदर्शन गर्नुहोस्र चार्टमा प्रयोग भएका वर्णलाई पालैपालो भन्न लगाउनुहोस् ।

(ख) विद्यार्थीलाई समूहमा विभाजन गरी कोठेपदबाट नाम शब्द चिनेर घेरा लगाउन लगाउनुहोस् ।

(ग)विद्यार्थीले गोलो घेरा लगाएका शब्द शैक्षणिक पाटीमा टिपी उच्चारण गर्न लगाउनुहोस् । विद्यार्थीलाई नामका शब्दपत्ती प्रदर्शन गरी पुन: उच्चारण गर्न लगाउनुहोस् ।

(घ) विद्यार्थीलाई कोठेपदमा चिनो लगाइएका नाम कापीमा लेख्न लगाउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १९६ को क्रियाकलाप १४ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**तलको कोठेपदबाट नाम खोज्नुहोस् र भन्नुहोस् :**

| | | | | | |
|---|---|---|---|---|---|
| ग | पा | ल | क्ष्मी | कृ | ष्ण |
| णे | र्व | रा | रा | म | स |
| श | ती | धा | म | हा | र |
| शि | वि | दु | सी | का | स्व |
| व | ष्णु | र्गा | ता | ली | ती |
| ह | नु | मा | न | स | ती |

क्रियाकलाप १५ 

(क) विद्यार्थीलाई प्रथम, द्वितीय र तृतीय पुरुष शब्द प्रयोग भएर बनेका वाक्यपत्तीहरू प्रदर्शन गरेर वाक्यलाई पढ्नलगाउनुहोस् ।

(ख) वाक्यमा कर्ताअनुसार क्रियापद रहने कुरा बुझाउनुहोस् ।

(ग) प्रथम पुरुषका शब्द प्रयोग भएर बनेका वाक्यलाई द्वितीय र तृतीय पुरुषमा परिवर्तन गर्न विद्यार्थीलाई अभ्यास गराउनुहोस् ।

(घ) पाठ्यपुस्तकामा भएको क्रियाकलापलाई आधार मानेर अभ्यास गराउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १९६ को क्रियाकलाप १५ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**उदाहरणमा दिइए जस्तै गरी वाक्य लेख्नुहोस् :**

(क) श्यामले भन्यो, "नराम्रो बाटामा लाग्दिनँ ।" (श्यामको सट्टा म)

**जस्तै : मैले भनेँ, "नराम्रो बाटामा लाग्दिनँ ।"**

(ख) गोपी र ध्रुवले भने, "हामी मिलेर समाजमा चेतना फैलाऔँ ।"

(गोपी र ध्रुवको सट्टा हामी) ..................................................................................................

(ग) पासाङले दोर्जेलाई भन्यो, "तँ यसपालि पक्कै राम्रो गर्छस् ।"

(दोर्जेको सट्टा तिमी) ..........................................................................................................

(घ) हर्कमानले राममानलाई भने, "तिमी प्रतिभाशाली रहेछौ ।"

(राममानको सट्टा तपाईँ) ......................................................................................................

(ङ) सरिताले सोनामलाई भनिन्, "तपाईं त अति राम्रो कविता लेख्नुहुँदो रहेछ ।"

(सोनामको सट्टा तँ) ..............................................................................................................

## क्रियाकलाप १६



(क) पाठमा प्रयुक्त चित्र प्रदर्शन गर्नुहोस् । चित्रमा के के भएको देखिन्छ, छलफल गर्नुहोस् ।

(ख) 'अनुपमा खुसी भइन्' रेकर्ड गरिएको पाठसुनाउनुहोस् । विद्यार्थीले चित्र वर्णन गर्दा भनेका कुरा र मोबाइलमा सुनेका कुरा के के मिले, छलफल गर्नुहोस् ।

(ग) शिक्षकले पाठ्यपुस्तकमा भएको पाठ बिस्तारै सस्वरवाचन गरी सुनाउनुहोस् । त्यसपछि विद्यार्थीलाई पाठको अनुवाचन तथा सहवाचन गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीले उच्चारण गर्न नसकेका शब्दलाई रेखाङ्कन गर्न लगाउनुहोस् । रेखाङ्कन गरेका शब्द जनाउने चित्र वा ठोस वस्तु प्रदर्शन गरी सँगसँगै शब्द उच्चारण गराउनुहोस् । राम्ररी उच्चारण गर्न नसकेसम्म अभ्यास गराउनुहोस् ।जस्तै :पढ् नु- पढ्नु, लेख् नु- लेख्नु, कुद् नु - कुद्नु।

(घ) शिक्षकले 'अनुपमा खुसी भइन्' पाठ पढेर सुनाउनुहोस् र विद्यार्थीलाई श्रुतिलेखन गराउनुहोस् ।

(ङ) श्रुतिलेखनपश्चात् साथी साथीमा कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १९७ को क्रियाकलाप १६ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**सुनेर कापीमा लेख्नुहोस् :**

**अनुमा खुसी भइन्**

तिमी घरमा बस्नुपर्छ है । एकछिन पढ्नू नि । राम्रा अक्षर लेख है । तिमी नडराउनू है । पढाइ र लेखाइ सकिएपछि एकछिन खेल्नू पनि । कुखरालाई डोकाभित्र थुन्नू । अचेल जाडो छ सुइटर लगाउनू । केही पऱ्यो भने हजुरआमालाई भन्नू । मैले भनेअनुसारका सबै काम गर्नू । हामी हाटबाट छिट्टै घर आउँछौँ । तिमीलाई मिठो पेडा ल्याइदिउँला । आमाले अनुमालाई यति कुरा भनी सम्झाउनुभयो । अनुमा खुसी भइन् ।

## क्रियाकलाप १७

(क) विद्यार्थीलाई पाठमा प्रयुक्त म, तँ र ऊ शब्द प्रयोग गरेर तयार गरिएको नमुना वाक्य तालिका प्रदर्शन गरी वाक्य संरचनाका बारेमा छलफल गर्नुहोस् ।

(ख) विद्यार्थीलाई प्रथम, द्वितीय र तृतीय पुरुषका नमुना वाक्यपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

(ग) विद्यार्थीलाई पालैपालो प्रथम, द्वितीय र तृतीय पुरुषका वाक्य दिनुहोस् र ती वाक्यलाई परिवर्तन गरेर लेख्न लगाउनुहोस् । यस क्रममा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १९७ को क्रियाकलाप १७ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**उदाहरणमा दिइए जस्तै गरेर वाक्य परिवर्तन गरी लेख्नुहोस् :**
**मैले भुसुक्कै बिर्सें । तैले भुसुक्कै बिर्सिस् । उसले भुसुक्कै बिर्सियो ।**

............................................ ............................................ ऊ चौतारीमा बस्यो ।
............................................ तैले उकालो चढिस् । ............................................
............................................ ............................................ ऊ विद्यालय गयो ।
म घरभित्र पसेँ । ............................................ ............................................
मैले उज्यालो देखाएँ । ............................................ ............................................
............................................ तँ कहाँ पुगिस् ? ............................................
............................................ तैंले बल्ल बुझिस् । ............................................

## क्रियाकलाप १८

(क) विद्यार्थीलाई रमाइलो लागेको कथा सुनाउन लगाउनुहोस् ।

(ख) विद्यार्थीले सुनाएका मुख्य मुख्य घटना शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र घटनालाई जोडेर कथा लेख्न सिकाउनुहोस् ।

(ग) विद्यार्थीलाई कथाका घटनागत वाक्यपत्तीहरू पटक पटक पढेर सुनाउन लगाउनुहोस् ।

(घ) घटनाक्रम बुझेर कोष्ठकमा १, २, ३, ४............. लेख्न सिकाउनुहोस् ।

(ङ) विद्यार्थीलाई कथाका घटनाक्रम जोडेर कथा लेख्न लगाई शीर्षकसमेत लेख्न सहजीकरण गर्नुहोस् ।

(च) कथा लेखिएको नमुना चार्ट प्रदर्शन गरी सस्वरवाचन गरेर सुनाउनुहोस् । विद्यार्थीले घटनाअनुसार लेखेको कथासँग तुलना गर्न लगाउनुहोस् ।

**मूल्याङ्कन**

पाठ्यपुस्तकको पृ.स. १९८ को क्रियाकलाप १८ का आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**वाक्यहरूलाई घटनाक्रमअनुसार बायाँपट्टि १, २ अङ्क लेखेर कथा बनाउनुहोस् र शीर्षक पनि दिनुहोस् :**

( ) बिरालालाई भोक लाग्यो ।
( ) अझै केही पाउने आसामा कुनातिर गयो ।
( ) ऊ भोक मेट्न पाइने आशामा खुसी भयो ।
( ) उसले घरमा खाना खोज्यो ।
( ) केही पाएन ।
( ) मुसो पनि के कम ।
( ) बिरालाले मुसालाई देख्यो ।
( ) बिरालो रिसले चुर भयो ।
( ) उसले भन्यो, "बिरालो दाइ तपाईंको घाँटीको घन्टी मन पर्‍यो ।"
( ) 'ल हुन्छ ।' मुसाले भन्यो ।
( ) मलाई दिनु न ।
( ) मलाई खाना देऊ न त ।
( ) म तिमीलाई घन्टी दिन्छु ।
( ) मुसाले बिरालालाई आँखा चिम्लन लगायो ।
( ) उता मुसो बिरालाको धन्दा हेरिरहेको थियो ।
( ) सोझो बिरालाले आँखा चिम्लेको बेला मुसाले बिरालाको घन्टी काटिदियो ।
( ) बिरालाले आँखा नहेर्दै मुसो भाग्यो ।
( ) बिरालो हिस्स पर्‍यो ।